CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मसूत्रम्



प्रकाशक
जयतु संस्कृतम्

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतम् संस्थाको तेह्रौं पुष्प - १३

ब्रह्मसूत्रम्

(शाङ्करभाष्यानुसारि नेपाली विवरणसहितम्)

अनुवादक

प्रा.डा. दीर्घराज घिमिरे

सम्पादक

प्रा.डा. विष्णुप्रसादशर्मा देवकोटा

प्रकाशक

जयतु संस्कृतम्

काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुस्तकनाम	:	ब्रह्मसूत्रम्
Book Name	:	Bramhasutram
प्रकाशक	:	जयतु संस्कृतम् (दूरभाष : ४-२३०३७१)
Publisher	:	*Jayatu Sanskritam* *Anamanagar, Kathmandu*
संस्करण	:	प्रथम
Edition	:	*First, 2068 (2012)*
पुस्तकसङ्ख्या	:	१,००० प्रति
Printed Copies	:	*1,000 copies*
प्रकाशनवर्ष	:	वि.सं. २०६९
Publication Year	:	2068
पुनःप्रकाशनाधिकार	:	लेखकमा
©	:	*Authors*
अनुवादक	:	प्रा.डा. दीर्घराज घिमिरे
Translator	:	Pro. Dr. Deergharaj Ghimire
सम्पादक	:	प्रा.डा. विष्णुप्रसादशर्मा देवकोटा
Editor	:	Pro. Dr. Vishnuprashad Sharma Devokota
टङ्कण	:	विन्दु पौडेल
Type Setting	:	Bindu Poudel, 9849323493
मुद्रक	:	किशोर अफसेट प्रेस, काठमाडौँ, नेपाल।
Printed	:	*Kishor Offset Press (P.) Ltd.,* *Kathmandu, Nepal*
मूल्य	:	रू. ४५०/-
Price	:	Rs. 450/-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पादकीय

ज्ञानको साधनलाई विद्या भनिन्छ। 'विद्यते = ज्ञायते यया सा' विद्या हो। विद्यालाई शास्त्र पनि भनिन्छ। हाम्रो संस्कृत-वाङ्मयमा चतुर्दश विद्याहरू प्रसिद्ध छन्। ती हुन्- चार वेद, शिक्षा, व्याकरण, निरुक्त, छन्द, कल्प र ज्योतिष, अनि धर्मशास्त्र, पुराण, मीमांसा–शास्त्र एवं न्यायशास्त्र। ती चतुर्दश विद्यालाई यसरी पद्यवद्ध गरिएको छ-

षडङ्गमिश्रिता वेदा, धर्मशास्त्रं पुराणकम्।
भीमांसा तर्कशास्त्रञ्च विद्या ह्येताश्चतुर्दश॥

शास्त्र शब्दको शासन र शंसन अर्थ हुन्छ। आज्ञापक भएकाले धर्मशास्त्र आदि शास्त्र हुन् भने शंसन एवं स्तुतिपरक या परमात्मा आदि पदार्थका साधक वेदान्त आदि शंसन अर्थमा शास्त्र हुन्। मानवजीवनलाई नियमित पार्न र ज्ञानवान् बनाउन दुवै अर्थमा शास्त्रहरूको आवश्यकता पर्दछ। अर्को वाक्यमा शासनशास्त्र प्रक्रियापरक हुन्छ भने शंसनशास्त्र ज्ञानपरक। भगवान् कृष्णले 'नहि ज्ञानेन सदृशं पवित्रमिह विद्यते' भन्नु भएकाले ज्ञान पवित्रताका कारण अवलम्वनीय हुन्छ- उपार्जनीय हुन्छ। पवित्र भनेको 'पविरिवत्रायते' हो- इन्द्रको वज्रले इन्द्रको रक्षा गरे झैं ज्ञानले मानिसको रक्षा गर्ने भएकाले ज्ञान मानव-जीवनका लागि अत्यावश्यक छ। यही ज्ञानप्रद शास्त्र हो- वेदान्त। वेदान्त शब्दले उपनिषद्हरूको नै मुख्य रूपमा बोध गराउँछ। उपनिषदहरू र गीतामा छरिएर रहेका ब्रह्मसम्बन्धी विचारहरूलाई नै वादरायण व्यासले ब्रह्मसूत्रका रूपमा रचित र व्यवस्थापित गरेका हुन्। यसरी वेदान्तभित्र तीन प्रस्थानहरू अन्तर्भूत हुन्छन्- उपनिषद्, गीता र ब्रह्मसूत्र। यिनैलाई प्रस्थानत्रयी पनि भनिन्छ। विद्वान् प्राध्यापक दीर्घराज घिमिरेज्यूद्वारा शाङ्करभाष्यमा आधारित ब्रह्मसूत्रको नेपाली भाषामा लिखित विवरण या अनुवाद हो। अद्वैत विदान्तको दार्शनिकतालाई संस्कृत भाषाको ज्ञान नहुनेहरूका लागि यस विवरणले सुगम वनाएको छ। कुनै विषयका लागि प्रयोग भएको संस्कृतमूललाई सुगम बनाउनु पनि हाम्रो लक्ष्य हो। यसबाट संस्कृतमूलमा पनि आकर्षण बढ्नेछ।

दर्शन भनेको आत्मा, परमात्मा, ब्रह्म र परमतत्त्वलाई चिनाउने साधन हो। आत्मज्ञान र तत्वज्ञान यिनीहरूबाट नै हुन्छ। हाम्रो पूर्वीय दर्शनका घटकहरू हुन्- कणादको आरम्भवाद, गौतमको परमाणुवाद, सांख्यको परिणामवाद र वेदान्तको ब्रह्मवाद वा विवर्तवाद। पूर्वीय दर्शन शाङ्कर वेदान्तमा पर्यवसित छ। आत्मदर्शनका लागि नै सबै दर्शनहरूको प्रादुर्भाव भएको हो। आत्मदर्शन नै दुःखनिवृत्तिमा कारण भएकाले दुःखनिवृत्ति नै मानव मात्रको लक्ष्य हो। दुःखनिवृत्ति भनेको पूर्वीय दर्शनअनुसार मोक्ष, हो। मोक्ष पुरुषार्थ मध्येको अन्तिम र मुख्य पुरुषार्थ हो। 'पुरुषैरर्थ्यते =

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम्यते' यस व्युत्पत्ति अनुसार पुरुषार्थशव्द वन्दछ। पुरुष शव्दले यहाँ स्त्री र पुरुष दुवैलाई व्यक्त गर्दछ। पुरुषशब्दको अर्थ आत्मा पनि हुन्छ। आत्मा त दुवैमा एकै प्रकारको हुने भएकाले स्त्रीहरूको पनि पुरुष शव्दबाट ग्रहण हुन्छ नै। दुवै पुरुषका कामनाका विषय धर्म, अर्थ, काम र मोक्ष हुन्। धर्मा विरुद्ध अर्थ र काम पनि सेवनीय हुन्। अर्थ र काम पुरुषार्थ भएका कारण नै संसारको संसरण र त्यसमा मानव-जीवन सहज र सुकर भएको छ। कामसुख र मोक्षसुख समान होइनन्। सातिशय सुख कामसुख हो भने, निरतिशय सुख मोक्ष हो। काम सुखभन्दा ठूला सुख अरू पनि छन् तर, मोक्ष सुखभन्दा ठूलो सुख कुनै छैन। यसै कारण काम सुख सातिशय (क्षणिक) हो भने मोक्षसुख निरतिशय हो, दिगो सुख हो। यसरी वेदान्त दर्शनवाट आत्मज्ञान र आत्मज्ञानवाट मोक्ष प्राप्त हुने भएकाले त्यो पठनीय छ, ज्ञेय छ र व्यवहरणीय छ। यसैका लागि प्रकृत नेपाली विवरण हो।

उपनिषद्हरू अनेक छन्। तिनीहरूका मतमा पनि अनेकता छ। उपनिषद्हरूका तिनै मतभिन्नताहरूको परिहार गर्न या एउटै तत्त्व तिनीहरूद्वारा प्रतिपादित छ भन्ने कुरा देखाउन व्यासद्वारा ब्रह्मसूत्र लेखिएको हो। यसको लेखनकाल ई.पू.६०० मानिन्छ। व्यासकर्तृक ब्रह्मसूत्रलेखन महावैयाकरण पाणिनिभन्दा पूर्वको मानिन्छ। ब्रह्मसूत्रलाई पाणिनिले "भिक्षुसूत्र" भनेका छन्- "पाराशर्यशिलालिभ्यां भिक्षुनटसूत्रयोः" (४।३।११०)। भिक्षुत्वसम्पादक सूत्र नै "भिक्षुसूत्र हो"। वास्तविक भिक्षु वा संन्यासी ब्रह्मसूत्र नपढिकन हुन नसक्ने भएकाले नै मनुले लेखेका छन्- 'वेदान्तान् विधिवच्छ्रुत्वा संन्यसेदनृणो द्विजः'। ब्रह्मसूत्रका व्याख्याभेदले गर्दा वेदान्तमा पनि धेरै शाखाहरू बनेका छन् ती हुन् अद्वैतमत, भेदाभेद प्रतिपादकमत, विशिष्टाद्वैतमत, द्वैतमत, द्वैताद्वैतमत, शैवविशिष्टाद्वैतमत, वीरशैवविशिष्टाद्वैतमत, शुद्धाद्वैतप्रकाशकमत, अविभागाद्वैतवादप्रकाशकमत र अचिन्त्यभेदाभेदवोधकमत। शाङ्करवेदान्तको प्रतिपाद्य हो- ब्रह्म नै सत्य हो र जगत् चाहिँ मिथ्या। परमार्थ सत्ता ब्रह्मको मात्रै छ। अर्थात् ब्रह्ममा पारमार्थिकी सत्ता छ, जगत्को सत्ता व्यावहारिक मात्र हो। शुक्ति रजतादि चाहिँ प्रातिभासिक हुन् भन्दछ।

ब्रह्मसूत्रका व्याख्याता शङ्कराचार्यको मतमा ज्ञानवाट नै मुक्ति हुन्छ र उपासना आदि कर्म चित्तशुद्धिका लागि हुन्। शङ्कराचार्यले 'तत्त्वमसि' र 'अहं ब्रह्मास्मि' आदि वाक्यद्वारा जीवलाई ब्रह्म मानेर धेरै माथि उचालेका छन्। जीवलाई प्रोत्साहित गरेर आत्मिक उन्नति र भौतिक उन्नतिमा पनि उकाल्ने उनको प्रयास छ। शुद्ध विचार आदर्श क्रिया र तल्लीनतावाट जस्तो पनि र जसको पनि लौकिक र पारलौकिक उन्नति हुन सक्ने भएकाले देश, समाज र घरको पनि उन्नति र शान्ति सम्भव छ।

आद्यगुरु शङ्कराचार्यले ७८८ सालपछि ब्रह्मसूत्र-भाष्य लेखेका हुन्। यस भाष्यको नाम हो- शारीरकभाष्य। यसमा चार अध्यायहरू छन्। प्रत्येक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्यायहरूमा चार-चार पाउ छन्। प्रथम अध्यायमा चालीस अधिकरणहरू, द्वतीयमा सतचालीस, तृतीयमा सतसट्ठी र चतुर्थमा अठतीस अधिकरणहरू छन्। यस्तै प्रथमाध्यायमा पनि एक सय पैंतीस, द्वतीयमा एक सय सन्ताउन्न, तृतीयमा एक सय र चतुर्थ अध्यायमा अठहत्तर सूत्रहरू गरेर जम्मा पाँच सय पचपन्न या छपन्न सूत्रहरू व्याख्यात छन्। शाङ्करभाष्यको व्याख्या र सम्पूर्ण ब्रह्मसूत्रहरूको आशयलाई समेट्ने गरी नेपाली भाषा बुझ्ने तत्वजिज्ञासुहरूको जिज्ञासालाई शान्त पार्न योग्य प्रकृत नेपाली अनुवाद वा विवरण हो। विवरण भनेको खुलासा र स्पष्टीकरण हो। वेदान्तविद्या र संस्कृतवाङ्मयका नै विशिष्ट विद्वान् प्रा. घिमिरेज्यूले लेख्नुभएकाले यो ब्रह्मसूत्रको विवरण प्रामाणिक र विषयबोधक छ। विवरणको भाषा र शैली अवश्य पनि प्रौढ र शास्त्रीय छ। वाक्यहरूमा क्रियापदहरूको प्रयोग धेरै ठाउँमा आवर्तनीय र अध्याहार्य छ। सूत्रहरूको शाङ्करभाष्य दिएर विवरण या अनुवाद नभएकोमा कारण चाहिँ श्रमसाध्यता, व्ययसाध्यता र समयाभाव नै हुन्। सत्य चाहिँ के हो भने यसबाट विषय बुझिन्छ, शाङ्करभाष्यको शास्त्रार्थ होइन। जिज्ञासु र संस्कृतको संस्कार राख्नेहरूका लागि प्रकृत नेपाली विवरणले संस्कृत मूल बुझ्न सहयोग चाहिँ अवश्य गर्नेछ। नेपाली भाषामा विषयको चारु र स्वादु प्रतिपादनबाट संस्कृतको मूलपाठ प्रति आकर्षण जगाउनु हाम्रो उद्देश्य हो, जसबाट संस्कृत भाषाको पठनीयता र अत्यावश्यकता ज्ञात र व्यवहृत हुन सकोस्।

नेपाल र नेपालीलाई एकसूत्रमा बाँध्ने तत्त्व संस्कृत-वाङ्मय, संस्कृत भाषा र यसमा निबद्ध विषयवस्तुहरूमा छन्। सरल संस्कृत र यसमा प्रचुरमात्रामा रहेको नैतिकशिक्षा आदि विषयको पठनपाठन हिमाल, पहाड र तराईबासी सबै नेपालीका लागि आवश्यक छ। हाम्रो संस्कृत-वाङमय, हाम्रो दर्शन, धर्म, संस्कृति र परम्पराहरूको स्रोत भएकाले सनातनधर्मी, बुद्धधर्मी र जैनधर्मी आदि सबैका लागि संस्कृत भाषा पठनीय र मननीय छ।

विश्वमा विभिन्न धर्म, संस्कृति र परम्परामा जीवनयात्रा चलाउने मानिस छन्। तिनका ती प्राचीन र महान् व्यक्तिहरूद्वारा ती, ती मूल ग्रन्थमा विभिन्न जीवनदर्शनका सिद्धान्त र जीवन-कला लेखिएका छन्। जीवनदर्शनका सिद्धान्तहरू, अन्य व्यावहारिक तथ्यहरू र दर्शनहरू जुन मूलभाषामा लेखिएका हुन्छन् त्यही मूलभाषाको पाठ पढ्नु आवश्यक र व्यावहारिक मानिन्छ। अन्यथा त्यसको वास्तविक आशय र मर्म बुझ्न, त्यसको आत्मालाई आत्मसात् गर्न सकिन्न। यसैकारण, बाइबलको जीवन-दर्शनमा हिंड्न चाहने वा हिंड्ने व्यक्ति बाइबललाई उसकै मूलभाषा हिब्रूमा पढ्न चाहन्छ र पढ्छ पनि, कुरानको जीवनदर्शनवाला कुरानकै मूल भाषा अरबीमा पढ्न चाहन्छ। त्यस्तै अवेस्ताको जीवनदर्शनवाला व्यक्ति पर्शियन भाषामा नै लेखिएको "अवेस्ता" पढ्न चाहन्छ यस्तै वेद, पुराण र गीताको जीवनदर्शन- कलामा हिंड्न चाहने व्यक्ति संस्कृत भाषामा लेखिएका वेद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराण र गीता नै पढ्न चाहन्छन् र पढ्छन् पनि । मूलभाषा संस्कृतमा लेखिएका ती ग्रन्थहरू न पढेर तिनको आधुनिक भाषाको अनुवाद पढेर के कसैले सन्तुष्टि लिन सक्ला या सन्तुष्टि लिन सकिन्छ ? अर्थात् सकिन्न । यस कारण, संस्कृत मूलभाषामा लिपिवद्ध ती ग्रन्थहरूको अध्ययन गरेर लाभ लिन संस्कृतको सामान्य जानकारी सबै नेपालीहरूलाई चाहिन्छ नै । ती ग्रन्थको मूलपाठ पढेर सन्तुष्टि लिन सकून् भनेर र तिनका विषयवस्तुहरूको आकर्षणका लागि पनि व्रह्मसूत्रको नेपाली भाषाको विवरण (अनुवाद) जस्ता कार्यहरू 'जयतु संस्कृतम्' संस्थाले गर्न लागेको हो ।

२००४ सालमा 'जयतु संस्कृतम्' आन्दोलनको रूपमा जन्मिएको हो । यस आन्दोलनका उद्देश्यहरू शैक्षिक र राजनीतिक दुवै थिए । देखावटी रूपमा शैक्षिक र आन्तरिकरूपमा राजनीतिक आन्दोलन हो यो । २०५५ साल भाद्र २९ गते वधिवित् 'जयतु संस्कृतम्' संस्था दर्ता भएको हो । यसका प्रमुख उद्देश्यहरू हुन्-

१. संस्कृत-वाङ्मय र संस्कृतिको आवश्यकता एवं महत्त्व देशव्यापी रूपमा बोध गराउने, प्रचार-प्रसार र संरक्षण एवं सम्वर्धन गर्ने, गराउने ।

२. सान्दर्भिक सामग्रीहरू संस्कृतवाट नेपालीमा तथा अन्य भाषाहरूवाट संस्कृत भाषामा अनुवाद गर्ने/गराउने आदि ।

यिनै उद्देश्यहरूको परिपूर्तिमा आस्तिक र नास्तिक दर्शनहरूको अनुवाद गराउने निर्णय 'जयतु संस्कृतम्' को केन्द्रीय संस्थाले गरेको हो । यसै निर्णय अनुसार यस चरणमा चार्वाकदर्शन, न्यायदर्शन, वुद्धदर्शन र वेदान्तदर्शनका सूत्रहरूको अनुवाद भएको हो । अन्य दर्शनहरूको अनुवादको प्रक्रिया पनि चालू छ । यस अनुवाद कार्यमा यस संस्थाका वर्तमान अध्यक्ष प्रा. विद्यानाथ उपाध्यायज्यूको विशेष प्रोत्साहन र सक्रियता रहेको छ । प्रोत्साहन र सक्रियताका साथै उहाँले एकलाख रूपैयाँ समेत यस कार्यका लागि प्रदान गर्नु भएकाले उहाँ प्रति हामी कृतज्ञ छौं ।

व्रह्मसूत्रको यस नेपाली विवरणको प्रूफसंशोधनमां यथामति मैले पनि समय र श्रम खर्चेकाले यसमा रहन गएका त्रुटिहरूका लागि क्षमायाचना गर्दै सुझाव, निर्देशन र किटानी प्राप्त भएमा आगामी संस्करणमा सुधार र संशोधन गरिने वाचा गर्दै लेखनीलाई विश्राम दिन्छु ।

प्रा.डा. विष्णुप्रसादशर्मा देवकोटा
जयतु संस्कृतम् संस्था
काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आमुखम्

'तत्' पद परोक्ष अर्थको निर्देशक हो, निर्दिश्यमान वस्तु चेतना वा आत्मा अर्थात् आफू स्वयं हो। स्वयं के हो र कुन प्रक्रियाबाट बुझ्नुपर्छ नबुझ्दा हानि हुन्छ बुझ्दा दुःखको समूल नाश हुन्छ, यसबारे यथार्थ निरूपण गर्ने उपनिषत् शास्त्र हुन्। परोक्षनिर्दिष्ट आत्माको अपरोक्षता-निर्देश गर्छन् उपनिषत् नै। परोक्षनिर्दिष्ट आत्माको अपरोक्षता निर्देश किन गर्छन् त ? आत्माको परोक्षतामा निःश्रेयस् हुँदैन अपरोक्षता हुनैपर्छ अनिमात्र दुःखको समूल उच्छेद हुन्छ त्यसैले गर्छन् अपरोक्षता-निर्देश।

उपनिषत्को यथाश्रुत अर्थाकलनको भरमा वेदान्त बुझेको संझनु साहस हो, घृष्टता हो, त्यस्तो हिसाबले अपरोक्ष कहिले पनि हुन सम्भव छैन बरु त्यसले अनर्थगर्त्तमा पुऱ्याउँछ, त्यसो न हुन न्यायानुसार अर्थ बुझ्नुपर्छ। न्याय भन्नु अर्थानुसन्धान हो, अनुसन्धान गर्दै जाँदा उपनिषत्को अर्थ आत्मा हो त्यो आफैं हो भन्नेमा टुङ्गिन्छ अनुसन्धेय तथा अनुसन्धाता दुवै आफैं हुन पुग्छ। अनुसन्धानप्रक्रियानिर्देशक शास्त्र हो 'शारीरक-मीमांसा' ब्रह्मसूत्र नामले प्रसिद्ध छ।

प्रतीत हुन सक्ने शास्त्रगत यथाश्रुत कतिपय अर्थ अतदर्थ हुन्छन् भ्रमात्मक हुन्छन्। युक्तिप्रमाण निष्पन्न तदर्थ हो प्रमात्मक हो, प्रमात्मक अर्थ-निरूपण शास्त्रको उद्देश्य हो, उक्त उद्देश्यानुगत छन् सूत्र भाष्यादि। न्यायधारा वा न्यायप्रस्थान यसलाई भन्छन्, यसबाहेक श्रुति र स्मृति प्रस्थान छन् तीन प्रस्थान समुच्चित वेदान्तदर्शन हो, श्रुति स्मृतिको अर्थ विशुद्धीकरण न्यायप्रस्थानको प्रयोजन हो।

बादरायण वेदव्यासद्वारा सूत्रप्रणयन भएको हो, चार अध्याय, सोह्र पाद र पाँचसय पचपन्न सूत्र क्रमिकरूपमा निबद्ध छन्। यसभित्र एकसय एकान्नब्बे प्रधानसूत्र छन् भने तीनसय चौंसठी गौणसूत्र छन्। सूत्र-संख्याबारे सम्प्रदायभेदेन संख्या भेद छ, त्यो चर्चा यहाँ अनावश्यक छ।

शास्त्रको उपक्रम भाष्यकारले अध्यासनिरूपणबाट गरेका छन्, अध्यासलाई अद्वैत वेदान्तदर्शनमा अभ्यर्हित मानिएको छ, नत्र त द्वैतमिथ्यात्व सिद्ध हुँदैन त्यो नभए आत्मैकत्वज्ञान सम्भव हुँदैन शास्त्र प्रवृत्तिको उद्देश्य रहँदैन, त्यसै हुँदा आत्मैकत्वज्ञानमा द्वैतमिथ्यात्वसिद्धि द्वार हुन पुगेको छ र शाङ्करभाष्यमा अध्यासनिरूपणले प्राथम्य पाएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब शास्त्रगत प्रक्रिया-

चार अध्यायको यो शास्त्र हो र प्रति अध्यायमा चार चार पाद रहेका छन् । अध्यायगत मूलविषय चारै छन्, प्रतिमूलका पादभेदेन अवान्तर विषय समेत वर्गीकृत छन् ।

प्रथम समन्वयाध्याय हो । श्रुतिसमन्वय- प्रदर्शन यो अध्यायको काम हो ।

प्रथमपाद- स्पष्ट ब्रह्मलिङ्गपाद, स्पष्टब्रह्मनिरूपक श्रुतिसमन्वय पद्धति यस पादमा प्रदर्शन छ ।

द्वितीय- अस्पष्टब्रह्म विषयपाद, अस्पष्ट ध्येयब्रह्मा लिङ्गश्रुतिसमन्वय यसमा रहेको छ ।

तृतीय- यो अस्पष्ट ब्रह्मलिङ्ग पाद हो, ज्ञेय ब्रह्मप्रतिपादक अस्पष्ट श्रुतिसमन्वय यस पादमा भएको छ ।

चतुर्थ- सन्दिग्धपदसमन्वय, अव्यक्त आदि सन्दिग्ध पदको अर्थनिर्णय गर्दै समन्वय देखाइएको छ । यसरी विविध विधावाट समन्वयप्रदर्शन प्रथम अध्यायमा भएको छ ।

द्वितीय- यो अविरोधाध्याय हो ।

प्रथमपाद- यो तर्कपाद हो, समन्वयविरोध परिहार, विशेषतः साङ्ख्ययोग कणादादि प्रयुक्त तर्कपरिहार यहाँ भएको छ ।

द्वितीय- यो परमतनिराकारण पाद हो, दुष्टत्वनिरूपण गर्दै साङ्ख्यादि मतपरिहार यहाँ भएको छ ।

तृतीय- यो वियत्पाद हो, जीवश्रुतिविरोधपरिहारमा यस पादको प्रवृत्ति छ ।

चतुर्थ- यो प्रमाणपाद हो, लिङ्गशरीरश्रुतिविरोध-परिहार गर्ने काम यस पादको देखिएको छ ।

यसप्रकार समन्वय-विरोध-परिहारमा द्वितीय अध्यायको समापन भएको छ ।

तृतीय- यो साधनाध्याय हो ।

प्रथमपाद- वैराग्यपाद, गत्यागतिनिरूपणद्वारा भोगमा वैरांग्यनिरूपण यहाँ छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्वितीय- विवेकपाद, त्वम्पदार्थशोधन गर्ने प्रक्रिया यस पादमा रहेको छ ।

तृतीय- गुणोपसंहारपाद, परापरविद्यागुणोपसंहार-विधिनिरूपण यो पादले गरेको छ ।

चतुर्थ- अङ्गपाद, निर्गुणविद्यामा बहिरङ्ग-अन्तरङ्गभाव विचारमा यो पाद चलेको छ । विविध विधाको साधन निरूपणपरक तृतीय अध्याय समाप्त भएको छ ।

चतुर्थ- यो फलाध्याय हो ।

प्रथमपाद- साधनशेषपाद-कतिपय अधिकारण साधनशेषमा रहेका छन् । तदनन्तर जीवन्मुक्तिविवेक रहेको छ ।

द्वितीय- उत्क्रान्तिपाद, उत्क्रान्ति गतिनिरूपण यहाँ भएको छ ।

तृतीय- गतिपाद, सगुण विद्यावान्को उत्तरमार्ग हुने प्रक्रिया यहाँ निर्दिष्ट छ, उत्तरमार्ग सम्वन्धी गतिभेददिग्दर्शन पनि रहेको छ ।

चतुर्थ- मुक्तिपाद, ब्रह्मप्राप्ति, ब्रह्मलोक-स्थिति आदिको प्रदर्शन यस पादमा भएको छ । विशेषतः सगुण विद्याफल निरूपणमा चतुर्थ अध्यायको समापन भएको देखिन्छ ।

शाङ्करभाष्यको संक्षिप्त अर्थ निरूपणपरक प्रस्तुत कृति हो, शाङ्करभाष्यमा उपन्यस्त कुनै विषयवस्तु यहाँ छुटेका छैनन् । शास्त्रप्रवेशद्वारता रहेकाले अध्यासभाष्य समग्र नै नेपालीमा रूपान्तरित भएको छ । बाँकी भाष्यको आशय संक्षिप्ततामा सङ्गृहीत छ । सूत्र सबै यथावत् राखिएका छन्, अधिकरण र अधिकरणसूत्र सूत्रभाष्यकै शैलीमा छन् । नेपालीमा भाष्यार्थसमाकर्षण सजिलो काम होइन, स्थलविशेषको भाष्यगत क्लिष्टता स्वभावतः अभिव्यक्त हुन्छ नै, त्यो नहोस् भन्नेमा भरसक प्रयत्न छ । विषयस्पष्टता र सुबोधताका निमित्त गोविन्दानन्दको भाष्यरत्नप्रभा, आनन्द गिरिको न्याय-निर्णय र वाचस्पतिमिश्रको भामती टीका तथा प्रौढदेव रायको ब्रह्मसूत्रवृत्तिबाट सहायता लिइएको छ त्यसो हुँदा केही मात्रामा भए पनि सुबोध भएको होला भन्ने मेरो धारणा छ । अवच्छेदवादमा भामती र प्रतिविम्ववादमा अन्य टीका रहे पनि सबैको आकर शाङ्कर भाष्य नै हो । अतः वादानुसारी अर्थ गर्नुपर्ने वा बुझ्नु पर्ने बाध्यता यहाँ छैन ।

'जयतु संस्कृतम्' र त्यसका अध्यक्ष प्रा. विद्यानाथ उपाध्याय भट्टज्यूको प्रेरणाले शाङ्करभाष्यको संक्षेपीकरण नेपालीमा भएको हो । सानो भए पनि महत्त्वपूर्ण कृति संस्कृत भाषामा सहसा गति नभएका जिज्ञासुका निमित्त पुनःस्थापित भएको छ, तदर्थ मेरा अनन्यमित्र विद्वान् प्रा. भट्टजू प्रति कृतज्ञता ज्ञापन गर्दछु । कार्यान्तरव्यस्तता रहँदारहदै पनि प्रा.डा. विष्णुप्रसाद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवकोटाज्यूवाट सम्पादन भएको छ, तदर्थ प्रा. देवकोटाज्यू र पुस्तकप्रकाशनार्थ आ-आफ्नो स्थानवाट संयोजन गर्ने जयतु संस्कृतम्का पदाधिकारी महानुभाव तथा अन्य सम्बन्धित सवैमा प्रस्तुत प्रकाशनको श्रेयोभागिता रहेकै छ। उल्लिखित टीकापुस्तक आफैसँग भए पनि पूर्णता थिएन, वाल्मीकि विद्यापीठका उपप्रा. केशवशरण अर्यालवाट ब्रह्मसूत्रवृत्ति प्राप्त भएको हो, अनि पूर्णता आएको हो सामग्रीमा । तदर्थ उपप्रा. अर्याल धन्यवादार्ह छन् ।

श्रेयः कार्यसम्वन्धी प्रयासमा सबैको वुद्धिको उन्मेष भएको छ हुँदैरहनेछ, यो कार्य सवै अन्तर्यामी प्रत्यग्रूप उमाधव पशुपतिवाट भएको हो । अतः उनैमा नतिपूर्वक प्रार्थना गर्दै लेखनीलाई विश्राम गर्दछु इति ॐ तत्सत्

चावहिल, काठमाडौं
शुक्ल वैशाख एकादशी
२०६९।१।२०

विद्वज्जन विधेयः
दीर्घराज घिमिरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

प्रथम अध्याय : समन्वयाध्याय, श्रुतिसमन्वय-प्रदर्शन **१-६४**

प्रथमपाद : स्पष्टव्रह्म-लिङ्गपाद, स्पष्टव्रह्मनिरूपक श्रुतिसमन्वयपद्धति १

द्वितीयपाद : अस्पष्टव्रह्म-विषयपाद, अस्पष्ट ध्येयव्रह्म-लिङ्गश्रुति-समन्वय १८

तृतीयपाद : अस्पष्टव्रह्म-लिङ्गपाद, ज्ञेय व्रह्मप्रतिपादक अस्पष्ट श्रुति-समन्वय ३०

चतुर्थपाद : सन्दिग्धपद-समन्वय, अव्यक्त आदि सन्दिग्ध पदार्थनिर्णय । ५१

द्वितीय अध्याय : अविरोधाध्याय **६५-१३८**

प्रथमपाद : तर्कपाद, समन्वयविरोधपरिहार, साङ्ख्ययोग-कणादादि-प्रयुक्त तर्कपरिहार । ६५

द्वितीयपाद : परमतनिराकारण पाद, दुष्टत्वनिरूपण, साङ्ख्यादिमतपरिहार ८४

तृतीयपाद : वियत्पाद, जीवश्रुतिविरोधपरिहार १०३

चतुर्थपाद : प्रमाणपाद, लिङ्गशरीर-श्रुतिविरोधपरिहार १२७

तृतीय अध्याय : साधनाध्याय **१३९-२५१**

प्रथमपाद : वैराग्यपाद, गत्यागतिनिरूपण, भोगवैराग्यनिरूपण १३९

द्वितीयपाद : विवेकपाद, त्वम्पदार्थशोधनप्रक्रिया १५२

तृतीयपाद : गुणोपसंहारपाद, परापरविद्यागुणोपसंहार-विधिनिरूपण १७३

चतुर्थपाद : अङ्गपाद, निर्गुणविद्यामा वहिरङ्ग-अन्तरङ्गभावविचार २२१

चतुर्थ अध्याय : फलाध्याय **२५२-३०२**

प्रथमपाद : साधनशेषपाद, जीवन्मुक्तिविवेक २५२

द्वितीयपाद : उत्क्रान्तिगतिनिरूपण २६६

तृतीयपाद : गतिपाद, सगुणविद्यावान् उत्तरमार्ग गतिभेददिग्दर्शन २७८

चतुर्थपाद : मुक्तिपाद, व्रह्मप्राप्ति, व्रह्मलोकस्थिति र सगुण विद्याफल- निरूपण । २८७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्मसूत्रको शङ्करभाष्यानुसारी दीर्घराज घिमिरेकृत नेपाली विवरण प्रारम्भ हुन्छ-

शारीरक-मीमांसा-भाष्यको प्रथम अध्याय

प्रथमपादः

समन्वयः

अथ प्रथम वर्णकम्

ॐ नमो गुरुभ्यः । श्रीगणेशाय नमः । श्रीवाग्देवतायै नमः ।

अध्यास-

शारीरकमीमांसाभाष्यको उपोद्घातरूपमा अध्यासभाष्य छ । सर्वप्रथम अध्याससम्वन्धी पूर्वोत्तरपक्ष यहाँ उपस्थापित छन्-

पूर्वपक्ष

युष्मत्को अर्थ विषय र अस्मत्को अर्थ विषयी हो । विषय भन्नाले अनात्मा अर्थात् शरीरदेखि वुद्धिसम्मका जडप्रपञ्च र विषयी भन्नाले सधैं चेतनै भइरहने अहम् (म) भन्ने प्रतीतिमा वुझिने आत्मांश सम्झनुपर्छ, ती दुवै अँध्यारो, उज्यालो जस्तै आफू-आफूमा विरोधी छन्, त्यस्ताको आफू-आफूमा हेलमेल हुनै सक्तैन, परस्परमै हेलमेल हुन नसक्नेको एक अर्कामा आफू-आफू र एक अर्काका धर्मको साटासाट कसरी होला ? आत्मामा अनात्मधर्मको अध्यास हुन नसके पनि अनात्मामा आत्मा र आत्मधर्मको अध्यास किन नहुने ? भन्न पनि मिल्दैन किनभने, अस्मत् अर्थज्ञानको विषय चिदात्मा र युस्मत् अर्थज्ञानको विषय जड प्रपञ्च दुवै सर्वथा भिन्न छन् । यस्ता भिन्न वस्तुको परस्परमा अध्यास हुन्छ भन्ने कुनै आधार छैन, यस हेतु कहीँ कुनै वस्तुको कुनैमा अध्यास हुन्छ भन्नु ठीक होइन ।

उत्तरपक्ष

लोकव्यवहार नै अध्यासबाट चलेको छ, परस्परमा भेदज्ञान नहुँदा जड-चेतनको परस्परमा उल्टो ज्ञान तथा जडधर्मको आरोप चेतनमा र चेतनधर्मको आरोप जडमा हुने गर्छ, वास्तवमा ती दुवै धमी भिन्नै हुन् धर्मीमा पनि भिन्नै अर्थात् अर्को धर्मीमा नरहने अत्यन्त भिन्न धर्मी र धर्ममा यस्तो व्यवहारको कारण एकमात्र मिथ्या ज्ञान हो, त्यसको प्रभावले सत्य र अनृत् एकीकृत हुन्छन्, अनि चल्छ म र मेरो भन्ने व्यवहार, यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवहार अनादि र लोकसिद्ध छ। स्वरूपत: यही हो अध्यास। अव के हो त अध्यासको लक्षण ? पहिले वुझेका विषयवस्तु जस्तै पछिको हो भन्ने सम्झनु अध्यास हो। यो अर्थनिरूपक भाष्य 'स्मृतिरूप: परत्र पूर्वदृष्ट्यावभास:' हो।

यसका प्रकार भिन्न-भिन्न छन्। अर्को धर्मीमा अर्को धर्मको आरोप मान्ने अन्यथाख्यातिवादी र आत्मख्यातिवादी हुन्, अख्यातिवादी भने जहाँ अध्यास हुन्छ ती दुईमा परस्पर भेद ग्रहण नभएर त्यसो भएको हो भन्छन्। शून्यवादी वौद्धमतमा धर्मीमा विपरीतधर्म अर्थात् अत्यन्त असत् धर्मको आरोप हुन्छ। उक्त सवै मान्यतामा एकमा अर्काको अवभास अध्यास हो भन्ने कुरा कहीँ फरक परेन। लोकमा पनि त्यस्तै अनुभव छ, शिपी, चाँदी जस्तो लाग्नु। एकको भ्रम अर्कोमा हुन्छ भन्ने लोकसिद्ध भए पनि अभिन्न आत्मामा भेदभ्रम कसरी ? त्यो लोकसिद्ध छैन भन्ने पनि होइन, एकै वस्तुमा पनि दुई हो भन्ने भ्रम हुन्छ। एक चन्द्र दुई जस्तो देखिन्छ आदि।

शिपीमा चाँदीको अध्यास भए पनि आत्मामा अध्यास हुन्छ भन्न सकिँदैन, यस्तो आशङ्काको अभिप्राय छ प्रत्यगात्मा अर्थात् आफैंभित्रको आत्मा विषय होइन, अविषय आत्मामा विषय र विषयधर्मको अध्यास हुन्छ भन्नु उचित होइन। किन होइन ? प्रत्यगात्मा आफैं प्रकाशित छ, अर्को प्रकाशक चाहिँदैन, त्यसैले अविषय हो, जुन स्वयंप्रकाश छैन त्यसलाई प्रकाशित हुन अर्काको सहायता चाहिन्छ, त्यस्तो नै विषय हुन्छ। अध्यास हुन अगाडि रहेको हुनुपर्छ, चक्षुरादि इन्द्रियवाट वुझिने हुनुपर्छ, आत्मा त्यस्तो हुँदैन। इन्द्रियग्राह्य नहुनाले प्रत्यगात्मा विषय होइन भन्ने मान्यता सिद्धान्तीको नै छ, अव कसरी हुन्छ अविषय आत्मामा विषय र विषयधर्मको अध्यास ? अर्थात् हुँदैन।

यस्तो पूर्वपक्षको समाधान गर्दै शङ्काराचार्य भन्छन्- 'नायमेकान्तेनाविषय:।' सर्वथा अविषय आत्मा होइन, त्यसो भए त आत्माको ज्ञान भन्ने स्थिति नै आउँदैन। ज्ञेय हुन विषय हुनुपर्छ त्यसैले अस्मत् (हामी) प्रत्ययको विषय आत्मा मानिने अनादि परम्परा छ। अनादिरूपको परम्परा भए पनि अध्यास भए अस्म्त्प्रत्ययको विषय हुने, अस्मत्प्रत्ययको विषय भए अध्यास हुने स्थितिले उक्त उत्तर चित्त वुझ्दो हुन सक्तैन भन्ने मान्यतामा आत्माको विषयतया ज्ञानको अर्को हेतु छ अपरोक्षत्व। अर्थात् कुनै पनि प्राणीलाई आफैं हुँ कि होइन भन्ने भ्रम हुँदैन त्यसले पनि आत्मा विषय हो भन्ने वुझाएकै छ। आत्मामा अपरोक्षता न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्नेका निमित्त अर्को हेतु छ प्रत्यगात्मप्रसिद्धिः। यसले आत्मामा स्वप्रकाशत्वको उद्घोष कण्ठतः भएकै छ। अगाडि रहेका वस्तुमा नै अध्यास हुने हो, न रहेकामा होइन, भन्ने पूर्वपक्षीको भनाइ पनि युक्तिसङ्गत छैन, किनभने, यसबारे त्यस्तो कुनै नियम छैन, अप्रत्यक्ष आकाश अज्ञका दृष्टिमा प्रत्यक्ष छ, प्रत्यक्ष भएकैले नीलो भनिन्छ। यसैः किसिमबाट प्रत्यगात्मामा अनात्माध्यास हुन सक्छ। लक्षण र स्वरूपसिद्ध उक्त प्रकारको अध्यास विद्वान्का दृष्टिमा अविद्या हो, लक्षण र स्वरूपको विवेक अर्थात् लक्षणको लक्ष्यभूत अध्यासमा घट्ने कुरा बुझी त्यस आधारमा वस्तुस्वरूपको टुङ्गो लगाउनु विद्या हो।

उक्त प्रकारले विद्या र अविद्याबारे राम्ररी बुझेपछि, जहाँ अध्यास हुन्छ अध्यस्तको गुण वा दोष अधिष्ठानमा पटक्कै जाँदैन। अर्थात् अशनायादिरूप अन्तःकरणदोषले चिदात्मा र चैतन्यानन्दादिरूप चिदात्माका गुणले अन्तःकरणभूत बुद्ध्यादि प्रभावित हुँदैनन्। माथि वर्णित साक्षिप्रत्यक्षसिद्ध अविद्या भनिने आत्मा र अनात्माको परस्पराध्यासद्वारा नै लौकिक, कर्मशास्त्रीय मोक्षशास्त्रीय तीनै प्रकारका र सबै प्रमाण-प्रमेय व्यवहार प्रवृत्त छन्। त्यस्तै विधिनिषेधपरक ऋग्वेदादि कर्मशास्त्र, विधिनिषेधशून्य प्रत्यगात्मपरक मोक्षशास्त्र अर्थात् वेदान्तवाक्य पनि प्रवृत्त छन्।

पुनः शङ्का छ- अविद्यावद्विषयप्रत्यक्षादि कसरी प्रमाण हुन सक्छन् ? अर्थात् आश्रयदोषयुक्तमा प्रामाण्य मान्न मिल्दैन, त्यस्तै आश्रयदोषद्वारा शास्त्र पनि ग्राह्य नहुने स्थिति आउला। किनभने, अविद्याप्रतिपक्षीको रूपमा पुरुषहितानुशासक शास्त्र हुन्छन्, यसको समाधान गर्दै भाष्यकार भन्छन् उच्यते-प्रमाण र शास्त्रमा अविद्यावद्विषयत्व यसरी सिद्ध हुन्छ- प्रमाताको प्रवृत्तिबाट सिद्ध हुने प्रमाण हो, अभिमानशून्य केवलआत्मामा प्रमातृत्व रहँदैन, अभिमानको निमित्त हो अहम् (म) र मम 'मेरो' अहम्बुद्धि बुद्धिआदि सङ्घातमा मान्नुपर्छ एकलमा सम्भव छैन, इन्द्रिय र विषयसम्बन्धहरू बिना प्रत्यक्ष र यथोचित विषयसम्बन्ध बिना अनुमानादिप्रमाण व्यवहार हुन सक्तैनन्। इन्द्रिय निराधार हुँदैनन् अधिष्ठानसापेक्ष हुन्छन् अर्थात् शरीराश्रित हुन्छन् अनिमात्र हुन्छन् सबै व्यवहार। अध्यास न भएको आत्मा कुनै देहमा बसेर काम गर्दैन। उपर्युक्त सबै विषय नहुने हुन् भने स्वतः असङ्ग आत्मा प्रमाता हुन्छ भन्न सकिँदैन, प्रमाता न भए प्रमाणप्रवृत्ति हुनैसक्तैन। त्यसकारण, प्रत्यक्षादि प्रमाण र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्र सवै अविद्यावद् विषय हुन् भनी अनुमान र अर्थायत्ति प्रदर्शन भएका छन् ।

अविवेकीको व्यवहार अध्यासात्मक भए पनि विवेकीको व्यवहार त्यस्तो नहुनुपर्ने भन्न मिल्दैन, व्यवहार सवैको उस्तै हो, पशुको भन्दा फरक देखिँदैन । पशु पनि शव्द सुन्छन्, सुनेपछि अर्थ वुझेर अनुकूलमा प्रवृत्त र प्रतिकूलमा निवृत्त हुन्छन् । जस्तै लठ्ठी लिने मान्छे सामुन्नेमा देखेपछि मलाई कुट्न आँट्यो भन्ने ठानी भाग्न लाग्छन् । हरियो घाँस लिएको देखेमा नजिक आउँछन् । चलाख मान्छे पनि खड्ग आदि हतियार लिएको रिसाहा मान्छेदेखि पर जान्छन् र असल मान्छेको नजिक पुग्ने प्रयास गर्छन् । यस हेतु मान्छे र पशुको प्रमाण-प्रमेय व्यवहार उस्तै हो । पशुको प्रत्यक्षादिव्यवहार अविवेकवाटै हुन्छ भन्ने प्रसिद्धि छ । त्यस्तैखाले व्यवहार विवेकीको पनि देखिने भएकाले पश्वादि र विवेकीको व्यवहार तत्काल अर्थात् अध्यासकालमा समान हो भन्ने निश्चय भएको छ ।

लौकिक व्यवहार जस्तै शास्त्रीय व्यवहार पनि अध्यासवाटै हुन्छ । हुन त शास्त्रीय व्यवहार आत्मा र अनात्मा वुझेर हुने गर्छ आत्माले परलोकमा भोग प्राप्त गर्छ भनेर नै यज्ञादि गरिन्छन् तथापि, आत्मा भोक्ता होइन भन्ने तिनले वुझेका हुँदैनन् वेदान्तवाट वुझ्न सकिने आत्मामा ब्रह्म र क्षेत्र आदि भेद हुँदैन, अशना, पिपासा हुँदैन, संसारित्व रहँदैन भन्ने वुझ्ने अध्येतामात्र आत्मतत्त्व ज्ञानको अधिकारी हुन्छ । त्यस्ता अधिकारीका निमित्त भोक्ता कर्ता आत्मा हो भन्ने जान्नुको कुनै उपयोग छैन । उक्त तरिकावाट भएको आत्मज्ञानभन्दा पहिलेको प्रवृत्ति वा शास्त्रीय व्यवहार शास्त्र सवै अविद्यावद् विषयभन्दा वाहिर जाँदैनन् । प्रत्यक्ष अनुमान र अर्थापत्ति अध्यासमा प्रमाण भए जस्तै आगम प्रमाण उदाहरणद्वारा प्रस्तुत छ । तथाहि- 'ब्राह्मणो यजेत' ब्राह्मणले यज्ञ गरोस्, यस्ता खाले शास्त्र वर्ण, आश्रम, उमेर अवस्था विशेषको अध्यास आत्मामा हुँदा चल्ने हुन्, नहुँदा चल्दैनन् ।

अध्यास अनर्थ- हेतु हो भन्ने प्रपञ्चनका निमित्त पहिलेको अध्यासलक्षण स्मरण गराउँदै भाष्यकार लेख्दछन्- 'अध्यासो नाम अतस्मिँस्तद्वुद्धि' रिति । अर्थात् अतद्मा तद्वुद्धि अध्यास हो । यो पहिले भनिसकिएकै छ । त्यो कसरी भन्नेमा उदाहरण, भार्या, पुत्र आदि आफ्नो देहभन्दा भिन्नै हुन् । त्यसो हुँदा हुँदै पनि तिनको सफलतामा आफ्नो सफलता, तिनको विफलतामा आफ्नो विफलता ठान्ने देखिन्छ, यो हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाहिरी धर्मको अध्यास आफूमा गरेको, नत्र भने पुत्र भर्यादिको राम्रो न राम्रो आफ्नू ठान्ने आधारै छैन। त्यस्तै देहधर्म मोटो छ दुब्लो छ, गोरो छ, वस्छ, हिँड्छ, नाघ्छ, आदिको आरोप आत्मामा हुने गर्छ यो पनि हुनु नपर्ने नै हो। यसैप्रकार इन्द्रिय धर्म लाटो, कानु, नपुंसक, बहिरो, अन्धो आदि पनि आत्मामा आरोपित गरिन्छन्। काम, सङ्कल्प, विचिकित्सा, अध्यवसायआदि अन्तःकरणधर्मको पनि आत्मामै आरोप गरिने प्रसिद्धै छ। यहाँसम्म धर्माध्यासको चर्चा भएको हो।

धर्मको आधार धर्मी हो। धर्मी अध्यासबारे भाष्यकारको भनाइ छ- 'एवमहंप्रत्ययिनमित्यादि'। धर्मी यहाँ दुई छन्- अहंप्रत्ययी र प्रत्यगात्मा। अहंप्रत्ययीको अध्यास अन्तःकरणप्रचारसाक्षी प्रत्यगात्मामा भएको छ, प्रत्यगात्मा स्वतः उदासीन र चेतन हो, त्यस्तो हुँदाहुँदै पनिं उक्त अध्यासवाट कर्तृत्व र भोक्तृत्व प्रत्यगात्मामा छ, भनिन्छ। यहाँसम्मको कुरा हो आत्मामा अनात्मा र अनात्मधर्मको अध्यास बारे।

अब अनात्मामा पनि आत्मा र आत्मधर्मको अध्यास चर्चा कसरी हुन्छ त्यस्तो ? यसरी हुने लोकसिद्ध छ–

सर्वसाक्षी प्रत्यगात्माको अध्यास अनात्मभूत अन्तःकरणादिमा हुन्छ, त्यसैले वुद्ध्यादिमा चैतन्यप्रतीति भएको मानिन्छ, नत्र भने, अन्तःकरणादि अचेतन हुन् आत्मा चेतन हो, अचेतन र चेतनको अध्यास हुन नसक्ने स्थिति हुन्थ्यो, तथापि यहाँ अध्यास भएकै छ भन्ने सिद्धवत्अर्थको प्रदर्शन शङ्कराचार्यबाट भएको हो- तद्विपर्ययेणान्तःकरणादिष्वध्यस्यति। यसै क्रमले वुद्धिदेखि शरीरसम्म चेतन हुन् भन्ने लोकचलन छ। अर्थात् सर्वप्रथम अज्ञानको संसर्ग आत्मामा हुन्छ अनि अज्ञानोपहित आत्मा मनःसंसर्गी हुन्छ, त्यसपछि मनःउपहित आत्मा देहसम्बन्धी भएर उक्त प्रकारले शरीरसम्म चेतनको उपपत्ति हुने गरेको हो। चेतनको उपपत्ति भए पनि चेतन भने वुद्धि होइन, त्यस्तै आत्मामा हुने कर्तृत्व उपपत्तिले आत्मा कर्ता हुँदैन। आत्मामा बुद्धचादिको अध्यासबाट कर्तृत्व आत्माको र बुद्धचादिमा आत्माको अध्यासवाट बुद्धिको चैतन्य भन्ने लोक बुझाइ हो। यस प्रकार अनादि अविद्यात्मक हुनाले कार्याध्यास अनादि हो, अध्यासबाट संस्कार, संस्कारबाट अध्यासक्रम कहिले पनि टुङ्गिदैन, यस भङ्गीले अध्यासको उपादानता र निमित्तता दुवै बुझिन्छ। उक्त अध्यास स्वरूपतः मिथ्या हो सर्वलोकले बुझेको कर्तृत्व र भोक्तृत्व बुद्धि अध्यासकै उपज हुन्, अर्थात् प्रमाण र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमाणकार्यमा दुविधा छैन भनेर साक्षिप्रत्यक्ष अध्यास हो भन्ने सूचित भएको छ ।

वर्णित अध्यास अनर्थको बीज हो, अनर्थनाश सबैको इष्ट हुन्छ, अनर्थनाशको उपाय चाहिन्छ, त्यो उपाय हो आत्मैकत्वज्ञान, त्यसमा कारण हुन्छ वेदान्तशास्त्रको ज्ञान । यसै अर्थ आरम्भ हुन्छ सबै वेदान्तको । जसरी हुन्छ वेदान्तशास्त्रबाट आत्मैक्यज्ञान, त्यसका लागि चाहिन्छ प्रमाण र युक्तिगर्भित प्रक्रिया, त्यो प्रक्रिया प्रस्तुत शारीरकमीमांसा शास्त्रमा देखाइने छ ।

इति प्रथमवर्णकम् ।

अथ द्वितीयवर्णकम्

पूर्वमीमांसाबाट गतार्थ हुनाले वेदान्तविचारशास्त्रारम्भ आवश्यक छैन, भन्ने शङ्काको समाधान सूत्रैबाट भएको छ ।

इति द्वितीयवर्णकम् ।

जिज्ञासाधिकरणम् १

अयातो ब्रह्मजिज्ञासा ।१।

अथ शब्दको अर्थ यहाँ आनन्तर्य हो, मङ्गल होइन, आनन्तर्यको निमित्त प्रयोग भएको अथ शब्दले मङ्गलसूचना गरे पनि कुनै असजिलो पर्दैन । आनन्तर्यपूर्ववर्ती के हो ? धर्मजिज्ञासानन्तरमा तत्पूर्वको अपेक्षा भए जस्तै यहाँ पनि हुनु पर्‍यो, स्वाध्यायानन्तर भन्ने त दुवैतिर फरक नपर्ने कुरा हो । यहाँ जिज्ञास्यअनुकूल आनन्तर्य मिल्ने चाहिन्छ । अतः केको आनन्तर्य हुने ? समाधान यस्तो छ- साधनचतुष्टयसम्पत्ति अनन्तर नित्यानित्यवस्तुविवेकः, इहामुत्रार्थभोगविरागः, शमदमादिसाधनसम्पत् र मुमुक्षुत्व समेत चारले सम्पन्न ब्रह्मजिज्ञासाको अधिकारी हुन्छ । 'अतः' शब्द हेतु अर्थमा हो । अर्थात् कर्मशास्त्रबाट आत्यन्तिक दुःख निवृत्ति हुँदैन, तदर्थ वेदान्तमा जिज्ञासा हुनुपर्छ । वेदान्तज्ञानोत्तर नै अज्ञाननाश भएर दुःखनाश हुने बुझ्नु पर्छ । जिज्ञास्य ब्रह्म हो, अग्रिमसूत्रमा त्यसको निर्देश हुनेछ । ब्रह्मजिज्ञासा ब्रह्मणो जिज्ञासा हो, कर्म अर्थमा षष्ठी हो, शेषअर्थमा होइन । त्यसआधारमा सर्वथा जिज्ञास्यत्व ब्रह्ममा आउँछ । जान्ने इच्छा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जिज्ञासा हो । त्यस्तो इच्छा त्यतिखेर नै पूर्ण हुन्छ जव ब्रह्मवारे जान्ने कुरा वाँकी रहँदैन । जिज्ञासा प्रवृत्तिको मूल हो, विना जिज्ञासा उपदेश हुँदैन, उपदेशविना शास्त्र वुझिन्न, कथञ्चित् वुझे पनि तेजस्वित्व रहँदैन । यस हेतु जिज्ञासा माध्यमले शास्त्रज्ञान उपयोगी हुन्छ भन्ने यस अधिकरणको सार हो ।

इति जिज्ञासाधिकरणम्

जन्माद्यधिकरणम् २

जन्माद्यस्य यतः ।२।

प्रथम सूत्रले शास्त्रारम्भको प्रतिज्ञा गरेको छ । अब आरम्भ पूर्वसूत्र सूचित जिज्ञास्य ब्रह्मको हो । त्यसको लक्षण-वाधक प्रस्तुत सूत्र हो । जन्मादिको आदिपदले स्थिति र भङ्ग वुझाउँछ । जन्म, स्थिति र प्रलय जहाँबाट हुन्छ त्यो ब्रह्म हो, सर्वज्ञ सर्वशक्ति हो, सर्वप्रपञ्च कारण हो । यस अतिरिक्त अचेतन प्रकृति वा परमाणु आदि जगत्का कारण हुन सक्तैनन् । जडकारणतावाद र चेतनकारणतावाद दुई धार दर्शनका छन् । जडकारणतावादको उपेक्षा गर्दै चेतनकारणतावादको स्थापन यस अधिकरणले गरेको छ ।

इति जन्माद्यधिकरणम् ।

शास्त्रयोनित्वाधिकरणम् ३

शास्त्रयोनित्वात् ।३।

जगत्कारण हुनाले मात्र ब्रह्म सर्वज्ञ होइन, शास्त्रअनुसार पनि सर्वज्ञ हो । अर्थात् ऋग्वेदादि सर्वशास्त्रको कारण ब्रह्म हो । अनि कसरी सम्भव छ सर्वशास्त्रको कारण असर्वज्ञ ? अतः सर्वज्ञ ब्रह्म कारण हो ।

इति प्रथम वर्णकम् ।

शास्त्रयोनित्वको अर्थ शास्त्रप्रमाण भन्ने हो यस आधारले पनि ब्रह्म सर्वज्ञ र सर्वशक्तिमान् हो भन्ने सिद्ध छ । पूर्वसूत्रले यो कुरा गतार्थ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन, त्यहाँ शास्त्रोल्लेख नहुनाले अनुमानबाट ब्रह्म बुझिने रहेछ भन्ने भ्रम हुन सक्छ सो निराकणार्थ यो सूत्र चाहिन्छ ।

इति द्वितीयवर्णकम् ।

लोकसिद्ध वस्तु शास्त्रबाट प्रमाणित हुनुपर्ने तथ्योद्घाटन गर्नु यस अधिकरणको काम हो ।

इति शास्त्रयोनित्वाधिकरणम् ।

समन्वयाधिकरणम् ४

शास्त्रको उद्गमस्थान वा ब्रह्म शास्त्रैबाट बुझिने कसरी हुन्छ ? भन्ने आशङ्का संमाधान गर्दै सूत्र- प्रणयन भएको छ-

तत्तु समन्वयात् ।४।

तत्को अर्थ प्रसङ्गागत ब्रह्म हो। हेतुले पूर्वपक्षको अस्वीकार देखाउँछ। प्रसङ्गगत ब्रह्म शास्त्रसमन्वयबाट बुझ्नुपर्छ। स्पष्ट वा अस्पष्ट जस्तो प्रतिपादन भए पनि शास्त्रतात्पर्य ब्रह्ममा पुग्नुपर्छ। नपुगे ब्रह्ममा समन्वय हुँदैन । जस्तै 'सत् एकमात्र पहिले थियो' (छा.उ.६।२।१), 'यो आत्मा पहिले थियो' (ऐ.२।१।१), 'यो आत्मा ब्रह्म हो' जुन सबैले अनुभव गर्दछन् (मुण्ड.२।२।११) इत्यादि श्रुतिले सोझै निर्देश गरेको आत्मा हो भन्ने बुझिने स्थिति छ । यसप्रकार, शास्त्रसमन्वय आत्मामा छँदैछ । आत्मा अनुमानगम्य होइन, अनुमानमा त अन्यत्र प्रसिद्ध दृष्टान्त चाहिन्छ। यस हेतु शास्त्रप्रमाणक ब्रह्म हो भन्ने सिद्ध छ। समन्वयबारे विविध आक्षेप तथा तत्समाधान भाष्यकारले ऊहापोहपूर्वक देखाएका छन्, त्यो यहाँ सम्भव छैन ।

इति समन्वयाधिकरणम् ।

इति चतुःसूत्री

ईक्षत्यधिकरणम् ५

'तत्त्वमसि' वाक्यको तत् पदको अर्थ जगत्कारण ब्रह्म हो भन्न सकिँदैन, किनभने, जगत्कारणता प्रधान अर्थात् प्रकृतिमा रहन्छ भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साङ्ख्यपक्षको निराकरण गर्दै ब्रह्ममै जगत्कारणत्व छ भन्नका निमित्तमा अधिकरणको प्रवृत्ति भएको हो ।

ईक्षतेर्नाशब्दम् ।५।

'तदैक्षत बहुस्यां प्रजायेय' यहाँ तत् पदको अर्थ ब्रह्म होइन निर्गुण ब्रह्म जगत्कारण हुन सक्तैन, प्रधान हुन सक्छ त्यो नै ज्ञानशक्ति र क्रियाशक्तिरूपमा परिणत हुनसक्ने परिणामी हो, अतः जीव ब्रह्मको एकताप्रतिपादनमा उक्त श्रुतिको सामर्थ्य छैन भन्ने पूर्वपक्ष सिद्धान्त यस्तो छ- श्रुतिको 'तत्' को अर्थ प्रधान हुन सक्तैन, श्रुतिसिद्ध अर्थ त्यो होइन, श्रुतिमा ईक्षणको कुरा छ, त्यो काम प्रधानमा सम्भव छैन, चेतन आत्मामा नै सम्भव छ । ज्ञान शक्ति र क्रियाशक्तिको सङ्गति माया सम्वन्धले चेतनमा हुन सक्तछ ।

गौणश्चेन्नात्मशब्दात् ।६।

अचेतन प्रधानमा ईक्षितृत्व गौणरूपमा मान्न सकिन्छ, पर्खाल ढल्न आँट्यो भन्ने व्यवहार हुने गरेकै छ, भने जस्तो पनि हुँदैन । 'अनेन जीवेनात्मानुप्रविश्य' इत्यादि श्रुति आत्मपदघटित छ । आत्मरूपमा प्रवेश गरेर नामरूप चलाउँछु भन्ने देवताको सङ्कल्प छ, त्यो सम्भव अचेतनमा हुँदैन । अतः गौणरूपमा अचेतनलाई ईक्षिता मान्न मिल्दैन, चेतन आत्मा नै ईक्षिता हो भन्ने सिद्ध हुन्छ ।

तन्निष्ठस्य मोक्षोपदेशात् ।७।

भूतात्मा, इन्द्रियात्मा यसरी अचेतनमा पनि आत्मशब्दको प्रयोग हुन्छ । यसहेतु प्रधान पनि आत्मन्शब्दबाट बुझ्नु ठीक छ भन्ने पक्ष निराकरणार्थ आएको छ- 'तन्निष्ठस्य' यो सूत्र । अर्थात् श्रुतिले मोक्षोपदेश चेतनकै हुने निर्देश गरेको छ । सत् अणिमा जुन हो, त्यो आत्मा हो भनेर । 'तस्य तावदेव चिरं यावन्न विमोक्षे अथ सम्पत्स्ये' सत्सम्पन्नता पछि तुरुन्तै मुक्ति हुन्छ, ढिलो हुँदैन, यस रूपमा निरूपण 'तत्त्वमसि' प्रकरणमा भएकै छ, यस्तो श्रुतिस्वारस्य समेत जडभूतप्रधानमा छैन, चेतनमै छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हेयत्वावचनाच्च ।८।

आत्मशब्दको अर्थ अचेतन हुने भए आत्मालाई हेय र प्रधानलाई ग्राह्य भन्नुपर्थ्यो, त्यसो भनिएको छैन। साथै सूत्रमा परेको 'च' शब्दले भोक्ता जीवात्मा प्रधानविकार होइन र साथै एक विज्ञानले सवै जानिने श्रुतिप्रतिज्ञा काम नलाग्ला भन्ने अर्थ पनि सूचित गरेको छ, यसवाट पनि अचेतन प्रधानका निमित्त आत्मशब्दको प्रयोग होइन भन्ने सुवोध छ।

स्वाप्ययात् ।९।

सत् भन्नु प्रधान होइन भन्ने देखाउनु यो सूत्रको काम हो। 'स्व' शब्दको अर्थ यहाँ आत्मा हो। सत् त्यही हो, सुषुप्ति अवस्थामा जीवलय त्यहीँ हुन्छ भनिन्छ, त्यस स्थितिलाई जाग्रत्मा जस्तो विशेषज्ञान नहुनाले लय भनिएको हो। त्यस बेलामा आत्माका उपाधि विलीन हुन्छन् त्यसैले बाहिरी भित्री कुनै ज्ञान सुषुप्त व्यक्तिलाई हुँदैन आत्मामात्र स्वस्वरूपभावमा रहन्छ। यसले पनि जगत्कारण प्रधान होइन भन्ने सन्देश दिन्छ।

गतिसामान्यात् ।१०।

सवै वेदान्त चेतन कारणतावादमा विश्वास गर्छन् चेतन आत्मा हो, प्रधान होइन, यस हेतु पनि आत्मशब्दवाच्य ब्रह्म हो, ब्रह्ममा नानात्व छैन। तार्किक दर्शन जस्तो नानाकारणतावादी दर्शन वेदान्तदर्शन होइन, एककारणतावादी हो।

श्रुतत्वाच्च ।११।

श्रुति चेतनकारणतावादमैं समर्पित छ, 'स कारणंकारणाधिपः' जस्ता श्रुति यसमा साक्षी छन्। अतः अचेतनप्रधान तार्किकपरिकल्पित परमाणु जस्ता कुनैमा जगत्कारणता छैन, पूर्वोक्त रीतिले जगत्कारणता चेतन आत्मामानै सिद्ध हुन्छ।

इति ईक्षत्यधिकारणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्दमयाधिकरणम् ६

आनन्दमयोऽभ्यासात् ।१२।

'जन्माद्यस्य यतः' देखि 'श्रुतत्वाच्च' सम्मका सूत्रभाष्यले अध्यारोप, अपवाद न्यायका आधारमा आत्मा वा ब्रह्म एकै हो, नाना होइन, भन्ने प्रतिपादन भएको छ। यसैबाट अङ्गभूत सृष्ट्यादिवाक्यको तात्पर्य ब्रह्मैकत्वमा छ भन्ने पनि सूचित भएको छ। अबको प्रसङ्ग ब्रह्मस्वरूप-प्रदर्शन हो। अपेक्षित उपाधिसम्बन्ध र निरस्तोपाधिसम्बन्धका हिसाबले उपास्यत्व र ज्ञेयत्व दुवै स्थिति ब्रह्मको हो अर्थात् सोपाधिक उपास्यको हो भने निरूपाधिक ज्ञेय।

सगुणोपासकको क्रममुक्ति हुन्छ यसबाट ब्रह्मैकत्वमा हानि पुग्दैन, मुक्तिको स्थिति गन्तव्यादि केही नरहने हो। ब्रह्म सर्वकारण हो प्रधान आदि होइनन्, यो कुरा गतिसामान्य सूत्रबाट निरूपण भएकै छ। अब प्रस्तुत सूत्रको अर्थ निरूपण गरिन्छ-

तैत्तिरीयकश्रुति अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय पञ्चकोशमध्ये पूर्वपूर्वापेक्षया उत्तरोत्तरलाई भित्री भन्दै सबैभन्दा भित्रको आत्मा हो र त्यो आनन्दमयमा टुङ्गिन्छ। अतः आनन्दमय आत्मा हो भन्छन् पूर्वपक्षवादीहरू। सिद्धान्तका हिसाबले विचार गर्दा आनन्दमय पनि विकारी हुनाले ब्रह्म हुनसक्ने थितिमा छैन, मोद, प्रमोदादि प्रतिजीवमा फरक हुन्छन्। यस हिसाबले जीवान्तर्वर्ती आनन्दमय ब्रह्म हो भन्न सकिन्न।

पुनश्च 'ब्रह्मपुच्छं प्रतिष्ठा' यस श्रुति अनुसार आनन्दमयको अवयव ब्रह्म भन्ने ? अथवा पुच्छ ब्रह्म नै मुख्य भन्ने ? यस्तो संशयको उत्थापन हुन्छ। यसमा आनन्दमय ब्रह्मवारे पूर्वोक्त पूर्वपक्ष हो। अब छ श्रुतिको यथाश्रुत अर्थ सिद्धान्तमुखेन-

'आनन्दमयोऽभ्यासात्'। आनन्दमय भन्दा उता 'ब्रह्मपुच्छं प्रतिष्ठा' श्रुति आउँछ। पुच्छ श्रुति प्रधानरूपमा ब्रह्मोपदेशक नै मान्नुपर्छ। किन ? 'असन्नेव' स भवति' यो उपसंहारात्मक श्रुतिमा ब्रह्मपदको अभ्यास छ। आनन्दमय यहाँको मयट्प्रत्यय विकारबोधक पनि हुन सक्छ, यस स्थितिमा त विकृत ब्रह्म बुझिन आउँछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि 'आनन्दस्य मीमांसा भवति' बाट विचार उत्थापन गरी 'आनन्दमयमात्मानमुपसङ्क्रामति' अर्थात् आनन्दमय भन्दा भित्रको आत्मा चर्चित छ। यस हेतु आनन्दमय शुद्ध ब्रह्म होइन भन्नेमा श्रुत्यर्थ टुङ्गिएको छ।

प्राचुयार्थविवक्षामा मयट्प्रत्यय भएको मान्यतामा थोरैको अपेक्षामा प्राचुर्य अर्थात् धेरै भनिने हो। अतः दुःखको असम्बन्ध ब्रह्ममा बुझिँदैन, यो कल्पमा पनि विकार कल्पमा जस्तै विकृत ब्रह्म नै बुझिन आउने भयो। आनन्दमयमा ब्रह्मत्वसिद्धि उक्त श्रुतिको अर्थपर्यालोचनबाट हुँदैन। अतः सूत्रकाराभिमत अर्थ ब्रह्म आनन्दमय होइन, आनन्दमय ब्रह्म हो भन्ने मानेमा सोझैं श्रुतिसूत्रको विरोध हुन्छ। जुन कुरा शास्त्रसम्मत होइन।

विकारशब्दान्नेति चेन्न प्राचुर्यात् ।१३।

विकार शब्दको अवयव अर्थ हो। पुच्छ अवयवै हो, त्यसैले पुच्छ श्रुति ब्रह्म बोधक होइन भन्ने पक्ष खण्डित गर्दै सूत्रकार भन्छन् 'प्राचुर्यात्' प्रचुरको अर्थ हो धेरै, शिर आदि धेरै अवयव बुझाउने मयट् प्रत्यय हो, अवयवका आधारमा ब्रह्म प्रधान हुँदैन, अतः पुच्छ वाक्य नै प्रधान हो पुच्छको अर्थ हो प्रतिष्ठा, सबै प्रपञ्च प्रतिष्ठित जहाँ छ, त्यो ब्रह्म हो। आनन्दमय श्रुति त उत्तरोत्तर आनन्दाधिक्यको हिसाबले पनि मिल्न जान्छ। 'सत्यं ज्ञानमनन्तं ब्रह्म' श्रुत्यनुसारी प्रतिष्ठाभूत त पुच्छब्रह्म नै हो।

तद्धेतुव्यपदेशाच्च ।१४।

'इदं सर्वमसृजत यदिदं किञ्च' श्रुतिअनुसार सर्वविकारीको कारण ब्रह्म हो, यस कारण पनि अवयवभावापन्न आनन्दमय ब्रह्म हुन सक्तैन।

मान्त्रवर्णिकमेव गीयते ।१५।

'ब्रह्मविदाप्नोति परम्' ब्रह्मज्ञानले मुक्ति हुन्छ भनिन्छ, 'सत्यं ज्ञानमनन्तं ब्रह्म' यस मन्त्रघटक ब्रह्म त्यही हो, पुच्छवाक्य त्यसै ब्रह्मको बोधक हो, आनन्दमय ब्रह्मबोधक होइन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेतरोऽनुपपत्तेः ।१६।

प्रतिष्ठाभूत पुच्छब्रह्म यहाँको अर्थ हो, आनन्दमय होइन । किन ? 'सोऽकामयत वहुस्यां प्रजायेय' श्रुति निर्दिष्ट सर्वविकार सृष्टि परमात्माबाटै हुन्छ आनन्दमयबाट हुन सक्तैन ।

भेदव्यपदेशाच्च ।१७।

'आनन्दो ब्रह्मेति व्यजानात्' आनन्दमयदेखि भिन्न रूपमा भनिएकाले आनन्द ब्रह्म हो आनन्दमय होइन ।

कामाच्च नानुमानापेक्षा ।१८।

'तस्माद् वा' र 'वहुस्यां' श्रुतिनिर्देश कामयितृत्वमा छ, त्यस्तो कामयितृत्व अचेतनप्रधानमा रहँदैन, प्रकृत आत्मामा कामयितृत्वको श्रवण भएकाले विकृतआनन्दमयमा कामयितृत्व मान्न सकिँदैन ।

अस्मिन्नस्य च तद्योगं शास्ति ।१९।

फेरि पनि प्रधान वा आनन्दमय ब्रह्म होइनन्, आनन्दमय शरीरमा रहने हो । जीवात्मा हो प्रतिबुद्धावस्थामा त्यसैलाई आत्मभावमा पुगेको भनिन्छ, 'तदा ह्येवैष एतस्मिन्' श्रुतिमाध्यमले यसबाट पनि आनन्द अर्थात् आत्मा र आनन्दमय भिन्नै सिद्ध हुन्छन् ।

इति आनन्दमयाधिकरणम् ।

अन्तराधिकरणम् ७

समन्वय सविशेषमा होइन निर्विशेषमा हो भन्ने स्थापित भएको छ । अब अवयवार्थ अधिकरण हो ।

अन्तस्तद्धर्मोपदेशात् ।२०।

आदित्यमण्डलान्तर्वर्ती हिरण्मय पुरुष रूपवत्त्वादि गुणयुक्त हुनाले संसारी हो भन्ने पूर्वपक्षका आधारमा पूर्वोत्तर अधिकरणको दृष्टान्त सङ्गति छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ विषय छ आदित्यमण्डलान्तर्वर्ती हिरण्मय पुरुष। त्यो पुरुष ऐश्वर्यवान् जीव वा परमेश्वर हो भन्ने संशयमा प्रियशिरस्त्वादि धर्मवत्त्व प्रतिपादन हेतु आनन्दमय परमेश्वर भएन त्यसै गरी रूपवत्त्वश्रवणले आन्तर पुरुष परमेश्वर होइन भन्ने पूर्वपक्ष छ। आदित्यमण्डलभित्रको र आँखाभित्रको पुरुष परमेश्वर हो भन्ने सिद्धान्त छ किन हो परमेश्वर ? परमेश्वरधर्मको उपदेश छ त्यसैले। कसरी छ उपदेश ?

क्रमशः सवैपापवाट निर्मुक्त छ, त्यै ऋक् हो र साम पनि हो, यसप्रकारको अक्षिपुरुष परमेश्वर पक्षमा घट्छ। रूपवत्त्वादिश्रवण त परमेश्वरको इच्छामुताविक मायामयरूपमा हुनसक्ने कुरा हो। मायामय परमेश्वर नै उपास्य हुन्छ, केवल उपास्य हुँदैन।

भेदव्यपदेशाच्चान्यः ।२१।

'यः आदित्ये तिष्ठन्' इत्यादि श्रुतिले आदित्य जीव र तदन्तर्यामिपुरुषमा भेद देखाउँछ, यसबाट जीवभन्दा भिन्नै परमेश्वर हो भन्ने बुझ्नुपर्छ। उपास्य त्यही परमेश्वर हुन्छ।

इति अन्तरधिकरणम्।

आकाशाधिकरणम् ८

श्रुतिको अन्यथाभाव लिङ्गबाट हुँदैन भन्ने आशङ्का निराकरणमा सूत्र-

आकाशस्तल्लिङ्गात् ।२२।

यो लोकको के गति हो ? आकाश हो, यो श्रुतिमा आकाशशब्द ब्रह्मवोधक हो कि भूताकाश बोधक हो भन्ने संशयमा रूढिअनुसार भूताकाश हो यस्तो पूर्वपक्षमा सिद्धान्त छ- यहाँ ब्रह्मवोधक आकाश शब्द हो, किनभने, सर्वभूतको उत्पत्ति अकाशबाट हुने निर्देश छ, त्यो निर्देश ब्रह्मको हो। नाम र रूपमा आकाश विवर्त्तित छ, यो श्रुति सोझै आकाश शब्दले ब्रह्म बुझाउन प्रवृत्त छ।

इत्याकाशाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणाधिकरणम् ९

आकाशको अतिदेश

अत एव प्राणः ।२३।

प्रस्ताव कुन हो भन्ने प्रश्नमा प्राण हो भन्ने उत्तर छ। अब संशय हुन्छ प्राणशब्द मुख्यप्राण वुझाउन वा परमेश्वर वुझाउन प्रयोग भएको हो, मुख्यप्राण शब्दको अर्थ पूर्वपक्षको हिसावमा छ। सबैको संवेशन प्राणमा हुन्छ भन्ने श्रुति छ। इन्द्रियसंवेश प्राणमा सम्भव भए पनि सबैको सम्भव छैन, त्यसैले सबैको संवेश परमेश्वरमै हो, यो सिद्धान्त छ। अतः प्राण यहाँ परमेश्वर हो।

इति प्राणाधिकरणम्।

ज्योतिश्चरणाधिकरणम् १०

ज्योतिश्चरणाभिधानात् ।२४।

यहाँ विषय छ- यहाँ भन्दा परको ज्योति, त्यो ज्योति आदित्यादि को हो ? कि ब्रह्म हो ? यसरी उठेको सशंयमा प्राकृतज्योति भएको पूर्व पक्ष छ।

ज्योति ब्रह्म हो भन्नेमा युक्ति छ, चरणाभिधान। अर्थात् चारपाउको ब्रह्म- निर्देश, तीन पाउ द्युलोकंतिर एक यहाँ छ भनिन्छ। प्रसङ्गागतको हानि र अप्रासङ्गिकताको स्वीकार हुने स्थिति, आदित्यादिज्योति ब्रह्म हो भन्ने कुराको बोधक हो, अतः ब्रह्म नै ज्योति हो भन्ने सिद्धान्त छ।

छन्दोऽभिधानान्नेति चेन्न तथा चेतोऽर्पणनिगदात्तथा हि दर्शनम् ।२५।

गायत्रीश्रुतिको अर्थ ब्रह्म होइन, गायत्रीच्छन्द हो भन्नु ठीक छैन, किनभने, गायत्रीच्छन्दका माध्यमले तदनुगत ब्रह्ममा चित्त लाग्छ यो कुराको प्रदर्शन गायत्री श्रुतिवाट भएको छ। अक्षर सन्निवेशले छन्दसम्पन्न हुने हो, त्यो सर्वात्मा हुँदैन। गायत्री सर्वात्मा हो भन्ने श्रुतिनिर्देश छ, त्यस्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्य श्रुतिको स्थिति पनि हुन सक्छ। अतः ब्रह्मनिर्देश गायत्री श्रुतिबाट भएको हो।

भूतादिपादव्ययदेशोपपत्तेश्चैवम् ।२६।

पुनः भूत-पृथिवी-शरीर-हृदय निर्देशपछि चार पाउयुक्त गायत्री हुन्छ भन्ने कुरा ब्रह्म बाहेक अन्त घट्दैन। यसहेतु पनि पूर्ववाक्य ब्रह्मबोधक भएको सुबोध छ।

'उपदेशभेदान्नेति चेन्नोभयस्मिन्नप्यविरोधात्' ।२७।

'त्रिपादस्यामृतन्दिवि' सप्तमी र 'यदतः परः' पञ्चमी विभक्ति हुन्। उक्त दुईमा उपदेशभेद छ। त्यसैले ब्रह्मबोधक गायत्री विद्या होइन भन्ने पूर्वपक्षमा उत्तर छ।

उक्त दुवै विभक्तिमा विरोध छैन, वृक्ष अगाडि (माथि) पक्षी छ भन्नु र वृक्षको टुप्पोभन्दा पर छ भन्नु एकै हो, त्यस्तै यहाँ पनि हुन्छ अर्थात् विभक्तिभेदले बोधकतामा बाधा पर्दैन।

इति ज्योतिश्चरणाधिकरणम्।

प्रतर्दनाधिकरणम् ११

प्राणस्तथानुगमात् ।२८।

यहाँको विषय हो कौषीतकि ब्राह्मण प्रतर्दनाख्यायिका अन्तर्गत 'प्राणोस्मि प्रज्ञात्मा'। प्राण शब्दका वायु, देवतात्मा, जीव, परब्रह्म गरी चार अर्थ हुन सक्छन्, त्यसैले पहिले जस्तै ब्रह्म हो भन्ने निर्णय हुँदैन बरु प्रसिद्धि अनुसार मुख्य प्राणमा प्राणशब्दको अर्थ मिल्न जान्छ भन्ने पूर्वपक्ष हो। परमात्मा अर्थ प्राण शब्दको हो भन्ने सिद्धान्त छ। श्रुत्यर्थपूर्वापरपर्यालोचन त्यही अर्थमा टुङ्गिन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न वक्तुरात्मोपदेशादिति चेदध्यात्मसम्बन्धभूमा ह्यस्मिन् ।२९।

वक्ता इन्द्र हो प्राणसम्बन्ध त्यसैसँग छ अनि उक्त श्रुति वाक्यको अर्थ ब्रह्म कसरी हुन्छ ? अर्थात् हुँदैन । यो पूर्व पक्ष हो ।

अध्यात्मसम्वन्ध धेरै यहाँको प्रसङ्गले बुझाउँछ । इन्द्रिय, मन, बुद्धि आदि आत्मसम्वन्धले कार्यसमर्थ भएका हुन् प्राणसम्बन्धले होइन । यो शरीर ग्रहण गरी भोगादिमा संलग्न छ । यी सबै विषयको समन्वय प्राणमा हुँदैन प्राणको पनि आधारभूतदेवता अर्थात् आत्मामा हुन्छ ।

त्यसो भए वक्ता इन्द्र स्वयंलाई आत्मा किन भन्छ ? यस्तो भनाइको उत्तरमा सूत्र छ-

शास्त्रदृष्ट्या तूपदेशो वामदेववत् ।३०।

आफैं ब्रह्म हुँ भन्ने आफैंले बुझ्नुपर्ने मर्यादा वेदान्तदर्शनको हो, त्यस आधारमा इन्द्रले आफैंलाई ब्रह्म बुझ भनेका हुन् । वामदेवले मातृगर्भमा रहँदै आफैंलाई सर्वात्मभावमा अनुभव गरेका थिए ।

जीवमुख्यप्राणलिङ्गान्नेति चेन्नोपासात्रैविध्यादाश्रितत्वादिह तद्योगात् ।३१।

कौषीतकि प्राणविद्या प्रसङ्गमा वाक्मा जिज्ञासा न राख बोल्नेलाई वुझ भनिएको छ, यसले जीव बुझाउँछ । प्राण नै प्रज्ञात्मा हो, यसले मुख्य प्राण वुझाउँछ त्यसैले जीव र मुख्य प्राणमध्ये एउटा बुझ्नुपर्छ । प्रज्ञात्मत्व पनि जीवमा कथञ्चित् सिद्ध हुन सक्ला, यस अर्थ सोझै ब्रह्मोपासनाप्रसङ्ग यो होइन भन्ने पूर्वपक्षमा तीन किसिमका उपासनाका निमित्त भनौंला तर त्यो पनि हुँदैन त्यसो गर्दा वाक्यभेद हुन पुग्छ र ब्रह्मबोधक लिङ्गलाई अरू बोधक भन्न पनि हुँदैन । ब्रह्ममैं दशैवटा भूतमात्राको अर्पण हुन्छ तिनको अन्यत्र अर्पणकल्पना हुँदैन । अन्यत्र पनि ब्रह्मलिङ्गको आधारमा प्राणलाई ब्रह्म मानिएको छ, यो सबै शास्त्रगति हेर्दा यहाँ प्रसङ्गानुसार हिततमरूप वाक्यशेषले पनि ब्रह्म नै हो भन्ने वुझिन्छ ।

शरीर चलाउँछ भन्ने प्राणलिङ्गक युक्ति परमेश्वरमै पुग्छ अन्ततः प्राणव्यापार समेत परमेश्वराधीनै हो औपचारिक प्रयोग प्राणमा भएको हो । उपाधिविशेष परित्यागको स्थितिमा जीव ब्रह्म भइनै हाल्छ, तत्सम्बन्धी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जन्मने, लीन हुने, चेष्टा हुने कुराको परमकारणता परमावधिको उपपन्नता ब्रह्म नै हुन्छ। सर्वात्मकब्रह्ममा मनोमयत्वको स्थिति स्वतः सिद्ध नै हुन्छ।

विवक्षित गुणोपपत्तेश्च ।२।

सत्यकाम, सत्यसङ्कल्पादिरूपमा निरूपणको अर्थ ब्रह्मपरिग्रहमा मिल्छ, अन्यथा मिल्दैन, अतः वक्ताको इष्टतात्पर्य ब्रह्ममै छ भन्ने वुझ्नुपर्छ।

अनुपपत्तेस्तु न शारीरः ।३।

जीवमा ब्रह्मभाव ढाकिएको हुनाले सत्यकामत्वादि त्यहाँ मिल्दैनन्, त्यसकारण, शारीर जीवात्मा मनोयत्वादि गुणयुक्त होइन।

कर्मकर्तृव्यपदेशाच्च ।४।

यहाँबाट गएपछि उत्तमभावमा पुग्नेछु, यहाँ कर्मभावको मनोमय उपास्य छ, पुग्नेछ भनेर सङ्कल्प गर्ने कर्ता हो, यसरी कर्मकर्तृभेददर्शन मनोमय जीवात्मा हो भन्नेमा बाधक छ। अतः शरीरमनोमय होइन।

शब्दविशेषात् ।५।

'एवमन्तरात्मन्पुरुषोहिरण्मयः' सप्तम्यन्त अन्तरात्मपद प्रतिपाद्य जीवात्माभन्दा प्रथमान्त पुरुषपद प्रतिपाद्य मनोमय अलग हो त्यही उपास्य हो।

स्मृतेश्च ।६।

ईश्वरः सर्वभूतानाम् स्मृति पनि जीवात्मा र परमात्माको भेद निरूपणमा समर्पित छ। वास्तवमा जीवेश्वरभेद अविद्याकृत उपाधिका आधारमा हो स्वतः त अभेदैछ। नत्र जीवात्मालाई देखाउँदै 'नान्योऽतोस्ति द्रष्टा' किन भनिन्थ्यो ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिमुखीकरणका लागि वक्तालाई बुझ्न भनिएको हो जीवोपासनाका लागि होइन। अतः प्रस्तुत अधिकरण को इन्द्रवाक्य ब्रह्म वाक्य हो भन्ने सिद्ध छ। अथवा उपासात्रैविध्य त्रैविध्य प्राणधर्मेण, प्रज्ञाधर्मेण, स्वधर्मेण हुन्छ। प्रज्ञाधर्म र प्राणधर्मले ब्रह्मको स्वधर्मले ब्रह्मेतरको उपासना शाङ्करभाष्यमा चर्चित छ। तर, यो मत वृत्तिकारको हो भनी भामतीकार उल्लेख गर्छन्।

इति प्रातर्दनाधिकरणम्।

प्रथमाध्यायको स्पष्ट ब्रह्मलिङ्गश्रुतिसमन्वयको पहिलो पाउ सकियो।

अथ प्रथमाध्यायस्य

द्वितीयपादः

गत पहिलो पाउमा 'जन्माद्यस्य यतः' देखि समस्त जगत्जन्मादिको कारण ब्रह्म हो भन्ने निर्धारण भयो। त्यस्तो ब्रह्ममा व्यापकत्व, नित्यत्व, सर्वज्ञत्व, सर्वशक्तिमत्त्व, सर्वात्मत्व जस्ता गुणहरू निरूपित भएकै मानिन्छन्। अर्को अर्थमा प्रसिद्ध केही शब्दको अर्थ ब्रह्मविषयक हेतु प्रदर्शनद्वारा र सन्दिग्ध कतिपय शब्दको अर्थ पनि स्पष्टब्रह्मपरतामा निर्णय भएका छन्। अब अरू वाक्य अस्पष्ट ब्रह्मप्रतिपादक हुनाले संशय हुनु स्वाभाविकै हो, त्यस्ता वाक्यले परब्रह्म प्रतिपादन गर्छन् कि अरू नै कुनै अर्थ, यससम्बन्धी विभिन्न निर्णयका निमित्त द्वितीय र तृतीय पादको आरम्भ हुन्छ।

सर्वत्र प्रसिद्ध्यधिकरणम् १

सर्वत्र प्रसिद्धोपदेशात् ।१।

'शान्त उपासीत' यो श्रुतिले जीवको उपासना-विधान गर्छ वा ब्रह्मको ? यस्तो संशयमा मनोमयत्वादि धर्मयुक्त हुनाले जीवको उपासनाविधान गर्छ भन्ने पूर्वपक्षमा सिद्धान्त छ- उपासना- विधान ब्रह्मको गर्छ, जीवको होइन। किन ? सबै वेदान्तमा प्रसिद्धकै यहाँ वाक्योपक्रममा उपदेश छ। त्यो उपदेश मनोमयत्वादि परब्रह्मको हो। उपास्य त्यही हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्भकौकस्त्वात्तद्व्यपदेशान्नेति चेन्न निचाय्यत्वादेवं व्योमवच्च ।७।

अर्भकको अर्थ हो थोरै । ओकभन्नाले पक्षीको गुण जस्तो सानु ठाउँ । अर्थात् आत्माको भोग गर्ने ठाउँ शरीर थोरै र सानो हो । 'अन्तर्हृदये' भनेर भित्रको थोरै ठाउँ लिइएको छ । त्यस्तै ब्रीहेर्वा श्रुतिले पनि त्यस्तै सानु सीमित स्थानको सङ्केत गरेको छ । त्यस कारण, जीवात्मा यहाँ ध्येय हो भन्छन् पूर्व पक्षानुयायी । सिद्धान्तमा यो कुरा मिल्दैन, किनभने, उपास्य परमेश्वर हो । उपासना त सङ्कोच गरेरै हुन्छ जस्तै- शालग्रामशिलामा विष्णुको उपासना । त्यस्तै व्यापक ब्रह्म पनि हृदय आदि सीमित देशमा उपास्य हुन्छ । आकाश व्यापक हुँदाहुँदै पनि सानुकोठा आदि व्यवहार हुन्छ त्यस्तै यहाँ पनि हो भन्ने बुझ्नुपर्छ ।

सम्भोगप्राप्तिरिति चेन्न वैशेष्यात् ।८।

हृदयादि सम्बन्धले उपास्य हुँदा ब्रह्ममा पनि जीवमा जस्तै सुखदुःख आदिको सम्बन्ध होला ? भन्न मिल्दैन, किनभने, परमेश्वरमा विशेषता छ । के हो त त्यो ? अविद्याका प्रभावले कर्तृत्व, भोक्तृत्वादि अभिमान जीवमा हुन्छ, सर्वपापको अपहति भैसकेको हुनाले ईश्वरमा उक्त अभिमान हुँदैन- अर्थात् ईश्वर कारणोपाधिकमात्र हो भने, जीव कार्यकारण उभयोपाधिक हो ।

इति सर्वत्र प्रसिद्ध्यधिकरणम् ।

अत्त्रधिकरणम् २

अत्ता चराचरग्रहणात् ।९।

ब्रह्मक्षत्र दुवै भात हुन्छ, यस्तो अर्थ श्रुतिको छ, ब्रह्म र क्षत्रको अर्थ हो चराचर जगत् । चराचर जगत्को भोक्ता जीव हो वा परमेश्वर संशयमा पूर्वपक्षी जीव हो भन्छन् तर त्यो होइन परमेश्वरै हो । मृत्युरूप सितन खाइने चराचररूप भात परमेश्वर सिवाय अरूको हुन सक्तैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकरणाच्च ।१०।

अग्नि वा जीव चराचरभोक्ता हुनसक्तैनन्, त्यसो हुन प्रकरणले पनि मिल्दैन, ज्ञानी विद्वान्को जन्ममृत्यु केही हुँदैन भन्ने श्रुति आदेश छ, यी सवै ब्रह्ममा घट्छन् जीव वा अग्निमा घट्तैनन् ।

इति अत्त्रधिकरणम् ।

गुहाप्रविष्टाधिकरणम्-३

गुहां प्रविष्टावात्मानौ हि तद्दर्शनात् ॥११॥

ऋतं विपन्तौ इत्यादि श्रुति कर्मफल भोगका लागि गुहा पसेको भन्ने देखाउँछ। गुहामा पसेका बुद्धि र जीवात्मा हुन् कि जीवात्मा र परमात्मा हुन् यस्तो संशय छ। बुद्धि र जीवात्मा गुहा पसेका हुन् यो पूर्वपक्ष हो। चेतन र आत्मा भएकाले गुहामा पसेका जीवात्मा र परमात्मा हुन् यो हो सिद्धान्त।

सङ्ख्याश्रवण पनि त समानमैं हुन्छ जस्तै मान्छे र गाई दुई जना भनिँदैन, दुई मान्छे दुई गाई यस्तै भनिन्छ। छाया र आतप जस्तै दुवै आत्मा परस्परविरोधी हुन्, विरोधको प्रयोजक हो अविद्या र पारमार्थिकत्व, अविद्यासम्वन्धले संसारित्व र पारमार्थिकत्वले असंसारित्व दुवै आत्मामा घट्छन्।

विशेषणाच्च ।१२।

आत्मालाई रथ बुझ र बुद्धिलाई सारथि भनेर गन्ता जीवलाई भनिएको छ, बाटो पार गर्छ भनेर पुगिने स्थानको रूपमा परमात्मा निर्दिष्ट छ। यसबाट जीवात्मा र परमात्माको प्रवेश गुहामा भएको हो भन्ने बुझिन्छ। वस्तुगतरूपमा हेर्ने हो भने त आत्मामा कुनै भेद छैन अनादि अविद्या प्रभावले अन्त:करणतादात्म्याध्यास हुँदा त्यही आत्मा भोक्ता भनिन्छ। यसहेतु जीवगत भोक्तृत्व उपचारवृत्तिले आत्मामा भएको भनिएको हो, त्यसैले अभोक्ता आत्मामा मिसाएर छत्रिन्यायका आधारमा आत्मा द्विवचनान्त भएको हो, 'ऋतं पिबन्तौ ।'

इति गुहाप्रविष्टाधिकरण् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तराधिकरणम् ४

अन्तर उपपत्तेः ।१३।

आँखा भित्र देखिने पुरुष आत्मा हो । उक्त श्रुति निर्दिष्ट जीवात्मा हो कि परमात्मा ? यसरी संशयोत्थानमा रूपज्ञानार्थ जीवसन्निधान चक्षुमा हुन्छ, अतः जीवात्मा हो भन्ने पूर्वपक्ष छ । आत्मशब्दको मुख्यवृत्ति परमात्मामा हुनाले अक्षिपुरुषआत्मा परमात्मा हो, यो मान्यता सिद्धान्तको छ । अमृतत्व अभयत्व आदि सर्वदोषको असम्बन्ध परमात्मामा मिल्छ । अतः अक्षिपुरुष परमात्मा हो । सर्वदोषअसम्बन्ध अक्षिपुरुषमा कसरी घटछ ? उत्तर छ-

स्थानादिव्यपदेशाच्च ।१४।

अक्षिस्थानमात्र यहाँ निर्दिष्ट होइन । 'यःपृथिव्याम्' इत्यादि अन्तर्यामी ब्राह्मणले अनेकस्थान प्रदर्शन गरेको छ, अतः स्थानप्रदर्शन हुन सक्छ । सूत्रघटक आदि पदले उपासनास्थान वा माध्यम अनेक हुनसक्ने सूचित गरेको छ । निर्गुणब्रह्मको उपासना हुन नसक्ने भएकाले उपासनार्थ 'उदिति नाम' अर्थात् 'उत्' ब्रह्म हो, हिरण्यश्मश्रु ब्रह्म हो, भन्ने निर्देश शास्त्रको छ । अतः पुरुष परमात्मा हो ।

सुखविशिष्टाभिधानादेव च ।१५।

सुखविशिष्ट ब्रह्म जुन हो 'कं ब्रह्म' श्रुतिनिर्दिष्ट अक्षिपुरुष त्यही ब्रह्म हो । प्रसङ्गतः अर्थ बुझ्ने कुरा नै न्याय्य हुन्छ । अतः अक्षिपुरुष परमेश्वर हो ।

श्रुतोपनिषत्कगत्यभिधानाच्च ।१६।

श्रुतिरहस्य- विज्ञाताको उत्तर गति हुने कुरा छ 'उत्तरेण पथा' अग्नि ज्योति आदिद्वारा अक्षिपुरुषवित् को त्यही गति हुन्छ भन्ने निर्धारणले पनि अक्षिपुरुष ब्रह्म हो भन्ने बुझाउँछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनवस्थितेरसम्भवाच्च नेतरः ।१७।

छायात्मा, देवतात्मा र विज्ञानात्मा मध्ये अक्षिपुरुष कुनै पनि होइन, त्यस्तो मान्दा अनवस्था हुन्छ, असम्भव पनि हुन्छ। अक्षिपुरुष छाया हुन सक्तैन, जब कसैले हेर्छ अनिमात्र पुरुषदर्शन हुन्छ सर्वदा हुँदैन। शरीरनाश हुँदा पनि त चक्षु रहँदैन, यस हेतु अनवस्थान हुन्छ। असम्भव पनि छ, किनभने अमृतत्वादि गुणसम्भव जीवमा हुँदैन त्यसो हुँदा त्यो उपास्य हुनसक्तैन। जीवात्मा सर्वशरीरवर्ती हुँदा पनि अक्षिस्थानको उपदेश उपासनार्थ हो अक्षिस्थानमात्र निर्धारणार्थ होइन। अविद्यायुक्तआत्मा नै जीवात्मा हो। विज्ञानात्मा हो। वास्तवमा त्यो ब्रह्म भए पनि अविद्याले छेकिएको छ, त्यसैले जीवात्मा अमृत हुँदैन। देवतात्मा इन्द्रियाधिष्ठातृत्वेन रहे पनि त्यसमा अमृतत्व सम्भव छैन। परमात्माको स्थिति मिल्छ, शालग्राममा विष्णुदर्शनन्याय यहाँ प्रवाहित हुन्छ। अतः परमेश्वरको उपासनार्थ अक्षिस्थान हो भन्ने बुझ्नुपर्छ।

इति अन्तराधिकरणम्।

अन्तर्यामि अधिकरणम् ५

अन्तर्याम्यधिदैवादिषु तद्धर्मव्यपदेशात् ।१८।

'यःपृथिव्यां निष्ठन्' इत्यादि श्रुतिनिर्देशित अन्तर्यामी यहाँ विचारणीय विषय हो। उक्त श्रुतिघटक अन्तर्यामी देवता हो अथवा कुनै सिद्ध हो अथवा परमात्मा हो वा अरू नै केही हो, यसरी उठेको छ संशय। पूर्वपक्ष छ, शरीररूप कार्य र इन्द्रियरूप करण नहुनाले अन्तर्यामी ईश्वर होइन, कार्यकरणाभिमानी कुनै योगी वा जीव मध्ये एक हुनसक्छ।

सिद्धान्ती यो कुरा मान्दैनन्। अधिदैव, अधिलोक, अधिवेद आदिमा जुन निर्दिष्ट छ त्यही अन्तर्यामी हो, परमेश्वर हो। 'यमयति' भनेर ईश्वरलाई नियन्ताकारूपमा राखिएको छ। सर्वविकारकारण त्यसैलाई भनिएको छ। देवता, योगी वा अन्य कुनैमा सर्वकारणता हुँदैन। नियम्य जीवात्मा आफ्नै करणद्वारा नियन्तृभावमा पुग्ने हुनाले कुनै दोषको आशङ्का जीवापेक्षया हुन सक्तैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नच स्मार्तमतद्धर्माभिलापात् ।१९।

ईक्षत्यधिकरणमा निराकरण भए पनि गतिसामान्य निश्चयका लागि प्रधानको अन्तर्यामित्व- निरास पुनः भएको हो । प्रधान अन्तर्यामी हुन सक्तैन, किन ? अतद्धर्मको अभिलाप हुनाले । 'अदृष्टो द्रष्टा' इत्यादि श्रुतिले चेतन धर्मकै आख्यान गरेको छ, जडधर्मको छैन ।

त्यसो भए जीव अन्तर्यामी होला नि त ? त्यो पनि हुँदैन ।

शारीरश्चोभयेऽपि हि भेदेनैनमधीयते ।२०।

पूर्वसूत्रबाट 'न' को अनुवृत्ति भएको छ । शारीर अर्थात् जीवात्मा अन्तर्यामी होइन । किनभने, काण्व र माध्यन्दिनमा यसवारे फरक छ । काण्वपाठमा विज्ञाने तिष्ठन् छ भने माध्यन्दिन पाठमा 'आत्म नितिष्ठन्' छ । काण्वपाठको विज्ञानको तथा माध्यन्दिनपाठको आत्माको अर्थ शरीर हो । सूत्रको 'च' शब्द शारीर पृथिव्यादिको समग्रतामा छ भन्ने सूचनाका लागि हो । उपर्युक्तप्रसङ्गले अन्तर्यामी र शारीरमा भेद नै देखाएको छ । उपाधिकृतभेद हो ता पनि साधनावस्थामा भेद हुन्छ नै । उपासना भेदाधिष्ठानमै हुन्छ अभेदमा त उपास्योपासकभाव नै रहँदैन । अतः अन्तर्यामी परमेश्वर हो ।

इति अन्तर्यामि अधिकरणम् ।

अदृश्यत्वाधिकरणम् ६

अदृश्यत्वादिगुणको धर्मोक्तेः ।२१।

'तदक्षरमधिगम्यते' इत्यादि श्रुतिले अदृश्यत्वादिगुण देखाएको छ, ती गुण कसका हुन् ? प्रधानका हुन् कि जीवका हुन् कि, परमेश्वरका, जसका गुण हुन्छन् त्यो भूतयोनि हुन्छ । अब ती गुण कहाँ छन् ? माकुराको दृष्टान्त अनुसार प्रधानका गुण ती हुन् सक्छन् धर्माधर्मद्वारा प्रयोजनार्थी हुनाले जीवात्मा भूतयोनि हुनसक्छ भन्ने पूर्वपक्ष छ ।

सिद्धान्तमा यो कुरा मिल्दैन । किनभने, भूतयोनि परमेश्वर हो अदृश्यत्वादि गुण त्यसैमा छन् । कसरी छन् ? जुन सर्वज्ञ हुन्छ त्यो सर्ववित् हुन्छ जस्ता परमेश्वरधर्म हुन् यस्ता धर्मको उपपत्ति अचेतन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रधान वा असर्वज्ञ जीवमा उपपन्न हुँदैन। अचेतन शरीर पनि त भूतयोनि हुन्छ भन्न सकिन्न। यहाँ चेतनधर्मको उल्लेख भएको छ। दृष्टान्तदार्ष्टान्तिकमा सर्वथा साम्य हुँदैन। मिल्ने अंशमात्र दृष्टान्तबाट लिनुपर्छ, नत्र त दृष्टान्त-दार्ष्टान्तिकभाव नै लोप हुन्छ। त्यसकारण, अचेतन पृथिव्यादि जस्तै अचेतन भूतयोनि हुने कुरा चेतनाधिष्ठितमै हो, अनधिष्ठितअचेतन भूतयोनि हुँदैन।

विशेषणभेदव्यपदेशाभ्याञ्च नेतरौ ।२२।

पुरुष दिव्य छ, अमूर्त छ इत्यादि विशेषण ईश्वरबाहेक अन्यत्र घट्दैनन्। त्यसैले शारीर जीवात्मा भूतयोनि होइन। 'अक्षरात्परतः परः' अक्षर भन्नाले प्रधान माने पनि त्यो भन्दा पर र त्यो भन्दा पनि पर भन्ने अर्थ बोध हुन्छ, यसबाट सोझै भेदव्यपदेश परमेश्वरमा बुझिन्छ, यस अर्थ पनि भूतयोनि प्रधान होइन। यहाँ त अक्षरवाच्य ब्रह्म हो। त्यो ब्रह्म, अनिर्वाच्य नामरूपरहित बीजशक्तिरूप ईश्वराश्रय हो, यस अतिरिक्त प्रधान नामको स्वतन्त्र वस्तु छैन, यस आधारले पनि प्रधानादिभेद भूतयोनिमा छ। अतः विशेषण र भेदनिर्देशका आधारमा जीव वा प्रधान भूतयोनि हुन सक्तैनन्।

रूपोपन्यासाच्च ।२३।

उक्त भूतयोनिको शिर अग्नि हो र चन्द्र र सूर्य आँखा हुन् भन्ने अभिव्यक्ति सर्वात्मभावको हो। उक्तरूपसम्पत्ति शारीर वा प्रधान कहीं हुनसक्तैन। अतः उक्त दुवै भूतयोनि होइनन्। शरीर-महिमाको जीव कसरी सर्वात्मा होला ? अर्थात् हुँदैन। सर्वभूतात्मा प्रधान पनि हुनसक्तैन सर्वभूतात्मत्वादिरूपले उपपन्न भूतयोनि परमेश्वर नै हो, यो सिद्ध छ।

इति अदृश्यत्वाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैश्वानराधिकरणम् ७

वैश्वानरः साधारणशब्दविशेषात् ।२४।

'वैश्वानरमुपास्ते' यहाँ वैश्वानर जाठराग्नि हो अथवा भूताग्नि हो अथवा कुनै देवता हो अथवा जीव हो वा परमेश्वर हो भनेर पाँच कल्प प्रदर्शित छन् । जाठराग्नि, भूताग्नि, देवतामा आत्मत्व योग नभएको सीमितप्रादेशमात्र भएकोले वैश्वानर जीव हो यस्तो पूर्वपक्षमा-

सिद्धान्त छ- आत्मशब्द र वैश्वानर शब्द दुवै साधारण हुन्, साधारणशब्द विशेषबाट निरूपण भएकाले वैश्वानर परमेश्वर हो । हुन त तीनवटाको वाचक वैश्वानर शब्द र दुईवटाको वाचक आत्मशब्द साधारण हुन् तथापि वैश्वानर आत्मा मूर्धा नै 'सुतेजा' हो इत्यादि सर्वात्मरूपमा निरूपित छ । त्यही अवस्थान्तरमा प्रत्यात्मरूपमा निरूपित छ । किन त ? ध्यानार्थ अर्थात् उपासनार्थ । ध्यान किन ? त्यो सर्वात्मा हो, सर्वकारण हो, कार्यत्वस्थितिमा कारणता अनुवर्तन स्वभावतः हुन्छ नै अनि वैश्वानर आत्माका अवयव द्युलोकादि वैश्वानर व्यवहार हुने स्वतः सिद्ध नै छ ।

यसको पोषण 'वैश्वानरोपासक सर्वभूतमा सर्वलोकमा सर्व आत्मामा कामचारी हुन्छ' भन्ने फलश्रुतिले गरेको छ । यसको समन्वय परमकारणग्रहणमा सम्भव छ, नत्र हुँदैन । त्यस्तै तदुपासकका सबै पाप भाग्छन् भन्ने अर्को फलश्रुति, परमात्मज्ञातामै घट्छ अन्यत्र घटदैन । 'को न आत्मा' भन्ने उपक्रमको आत्मब्रह्मपद- श्रवण पनि परमेश्वरमै घटछ । उपर्युक्त लिङ्गले परमेश्वरै बुझाउँछन्, त्यसकारण, वैश्वानर परमेश्वर हो ।

स्मर्यमाणमनुमानं स्यादिति ।२५।

त्यस्तै जसको मुख अग्नि हो द्यु मूर्धा हो इत्यादि स्मृतिवचनले तन्मूलभूता श्रुतिको हुन्छ अनुमान यस हेतु पनि वैश्वानर परमात्मा हो ।

शब्दादिभ्योऽन्तःप्रतिष्ठाच्च नेति चेन्न तथा दृष्टयुपदेशादसम्भवात्पुरुषमपि चैनमधीयते ।२६।

'एषोऽग्निवैर्श्वानरः' यहाँ अग्निशब्दश्रवण छ । 'हृदयं गार्हपत्यः' इत्यादि अग्नित्रयको कल्पना 'पुरुषेऽन्तःप्रतिष्ठितं वेद' पुरुषमा भित्र प्रतिष्ठित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ भन्ने युक्तिहरू परमेश्वरबोधक होइनन् । अतः जाठराग्नि- बोधक वैश्वानर शब्द हो, यस्तो पूर्वपक्षमा सिद्धान्तमुखेन उत्तर छ- वैश्वानरोपाधिरूपेण परमेश्वरोपासनाको उल्लेख हो। द्युमूर्धादिको सम्भव जाठराग्निमा हुँदैन । 'पुनश्च य एषोऽग्निवैर्श्वानरो यत्पुरुषः' श्रुतिले वैश्वानरलाई नै पुरुष शव्दले बुझाएको छ। वैश्वानर जाठर मात्र हुने भए पुरुषभित्र भनिन्थ्यो, वैश्वानर नै पुरुष भनिँदैन थियो। वैश्वानर नै पुरुष भनिएको छ। अतः वैश्वानरपुरुष परमेश्वर हो।

अत एव न देवता भूतञ्च ।२७।

अत एवको अर्थ हो उक्त हेतुबाट। अग्नि अभिमानिनी देवता र भूताग्नि पनि वैश्वानर होइनन्। उक्त दुवैमा द्युमूर्धाआदित्य र आत्मत्वादिसम्भव छैन भन्नेमा उक्त हेतु नै पर्याप्त छन् ।

साक्षादप्यविरोधं जैमिनिः ।२८।

जाठराग्निप्रतीक जाठराग्निउपाधिक वा परमेश्वर वैश्वानरत्वेन उपास्य हो भन्ने कुरा अन्तःप्रतिष्ठितत्वका हिसावले भएको हो। पहिले प्रतीक तथा उपाधिकल्पना नभए पनि साक्षात् परमेश्वर उपास्य हो भन्न कुनै विरोध छैन भन्छन् जैमिनि आचार्य।

अब विचार छ कसरी साक्षात् उपासना हुन्छ भन्ने बारे। जाठराग्नि परिग्रह नभए अन्तःप्रतिष्ठितत्व र शब्दादिकारणतामा विरोध होला नि त ?

उत्तर छ, विरोध हुँदैन। किन हुँदैन ? पुरुषमा अन्तःप्रतिष्ठा, जाठराभिप्रायेण होइन। त्यसको यहाँ चर्चा नै होइन, शब्दसूचित अर्थ पनि त्यो होइन। त्यसो भए कसरी मूर्धादिचुबुकान्त सङ्घटनजनित पुरुषविध अर्थात् पुरुष जस्तो भयो ? त्यो त वृक्षशाखा वृक्षमा प्रतिष्ठित छ भने जस्तै हो।

अथवा

प्रसङ्गागत जुन परमेश्वर हो त्यो नै अध्यात्म र अधिदैवत भावमा पुरुषविधमा कल्पित हो। त्यसको जुन केवल साक्षिरूप हो त्यसको अभिप्रायले नै 'पुरुषेऽन्तःप्रतिष्ठितम्' भनिएको हो। पूर्वापरशास्त्रपर्यालोचनबाट अर्थनिश्चयोत्तर परमात्मा नै त्यो अर्थ हो भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्ध हुन्छ। वैश्वानर शब्दको उपपन्नता कुनै योगद्वारा परमात्मामै हुनसक्छ। कुन योगले हुन्छ त ? विश्वश्चायं नरश्च्-नेता, विश्वेषां वाऽयं नरः, विश्वे वा नरा अस्य' उक्त तीनै व्युत्पत्ति विश्वानरपदका निष्पादक हुन्। विश्वानर सर्वात्मा हो। विश्वानर नै वैश्वानर हो' तद्धितानन्यार्थ हो राक्षस, वायस जस्तै। अग्निशब्द पनि अग्रणीत्वादि योगाश्रयले परमात्मबोधक नै हुन पुग्छ गार्हपत्यादिकल्पना र प्राणाहुत्यादि कल्पना सर्वात्मक परमात्मामा न मिल्ने कुरा होइनन्। अतः वैश्वानर साक्षात् उपास्य हो।

साक्षात्परमेश्वरपरिग्रहमा प्रादेशश्रुति कसरी मिल्छ ? यसबारे सूत्रैबाट उत्तर छ-

अभिव्यक्तेरित्याश्मरथ्यः ।२९।

अमात्र परमेश्वर प्रादेशमात्र भनिन्छ, अभिव्यक्तिका हिसाबले। उपासकका उपासनाप्रभावले सीमित हृदयादि स्थान विशेषमा विशेषरूपमा अभिव्यक्त हुन्छ। यस आधारले परमेश्वरमा प्रादेशश्रुति मिल्न जान्छ यस्तो मान्यता छ आश्मरथ्य आचार्यको।

अनुस्मृतेर्बादरिः ।३०।

हृदयमा रहने भनेर मनले सम्झनुलाई प्रादेशमात्र भनिन्छ। जस्तै एक पाथी बराबर जौलाई एकपाथी भनिन्छ, त्यस्तै यहाँ हो। हुन त जौको आफ्नै परिमाण पाथीको सम्बन्धले अभिव्यक्त भएको हो। त्यस्तो परिमाण परमेश्वरको हुँदैन, जुन हृदयसम्बन्धले अभिव्यक्त होओस्, तैपनि प्रादेश मात्रको भनाइले कुनै किसिमबाट अनुस्मरणरूप आलम्वन हुनसक्ला भनिन्छ। स्मरणीय परमेश्वर प्रादेशमात्र होइन प्रादेशमात्रत्वेन अनुस्मरणीय हो। प्रादेशमात्रको स्मरण अर्थकारी हुन्छ त्योभन्दा धेरै हुनसके के होला भन्ने स्तुतिमात्र यो हो, अतः प्रादेशश्रुति अनुस्मरणार्थ हो भन्ने मान्यता बादरि आचार्यको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पत्तेरिति जैमिनिस्तथा हि दर्शयति ।३१।

'यस्त्वेतमेवं प्रादेशमात्रमभिविमानम्' श्रुति छ। प्रादेश हो सम्पत्, किन हो ? समानप्रकरण वाजसनेयिब्राहमण द्युप्रभृति पृथिवीसम्म त्रैलोक्यात्मा वैश्वानरका अवयव हुन् भन्ने निर्देश गर्छ। अध्यात्ममूर्धादेखि चुबुकसम्म देहावयवमा मिलान गर्दै परमेश्वरमा प्रादेशमात्र सम्पत्ति-प्रदर्शन गर्छ।

पहिले त्यसबारे प्रतिज्ञा- प्रादेशमात्र पनि यहाँ देवता बुझे सम्पन्न हुन्छ त्यो कुरा अवयवशः म भन्छु र प्रादेशमात्र भए पनि अभिसम्पादन म गर्छु। अब उपदेश द्युलोकादि मूर्धा अतिष्ठा वैश्वानर हो, चक्षु सुतेजा वैश्वानर हो, नासिका पृथग्वर्त्मा वैश्वानर हो, आकाश वहुल वैश्वानर हो, जल रयि वैश्वानर हो र चुबुक प्रतिष्ठा वैश्वानर हो। चुबुक भन्नाले ओठ मुनिको फलक अर्थात् चिउँडो बुझ्नुपर्छ। वैश्वानर शव्दले वैश्वानरका अङ्ग बुझाएको छ।

समानश्रुति बाजसनेयमा द्यौप्रतिष्ठा र आदित्य सुतेजा भनिएको छ। छान्दोग्यमा द्यौ, सुतेजा र आदित्य विश्वरूपगुणक छ, यस्तो फरकले केही हानि हुँदैन, श्रुतिगत प्रादेशत्वको हानि कहीं छैन, सर्वशाखागत अर्थमा एकरूपता नै हुन्छ। अतः प्रादेश श्रुति सम्पत् निमित्तक हो भन्ने अभिमति जैमिनि आचार्य को रहेको छ। प्रादेशश्रुतिसम्मत् निमित्त हो भन्नेमा श्रुत्यन्तर संवादका निमित्त सूत्र-

आमनन्ति चैनमस्मिन् ।३२।

अक्षिमूर्धाचुबुकान्तरालमा परमेश्वरको कल्पना गर्छन् जावालहरू। परमेश्वर अनन्त छ, अव्यक्त छ, आत्मा त्यही हो, अविमुक्तमा प्रतिष्ठित छ। पुनः प्रश्न छ अविमुक्त कहाँ प्रतिष्ठित छ ? वरणा र नासीमा। पुनः प्रश्न वरणा के हो ? नासी के हो ? यही नासिका वरणा हो अर्थात् नासीको निरुक्ति छ, उक्त प्रश्नको निरुक्तिपूर्वक उत्तर छ- वरणा हो भ्रू नासी हो नासिका। इन्द्रियकृत सबै पाप वारण गर्ने हुनाले वरणा र सर्वदोष नाश गर्ने हुनाले नासी नाम भएको हो। यो स्थान कुन होत ? भ्रू र घ्राणको सन्धि यो स्थान हो। त्यही नै स्वर्ग र ब्रह्म लोकको सन्धि हो। यो संवादले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमेश्वरमा प्रादेशश्रुतिको समन्वय भएको स्पष्टै छ। श्रुतिनिर्देशै छ 'स एष द्यौर्लोकस्य परस्य च सन्धिर्भवति' अतः परमेश्वरमा प्रादेशश्रुति उपपन्न छ।

अभिविमान श्रुति चाहिँ प्रत्यगात्माभिप्रायले हो। सबै प्राणीले प्रत्यगात्मरूपमा बुझ्केकै वस्तु आत्मा हो परमेश्वर हो 'अभिगतो वायं प्रत्यगात्मा' यो व्युत्पत्ति उक्तार्थप्रत्यायक मान्नुपर्छ। मानवियोग पनि विमान हो त्यसैले अभिविमिनोति इति अभिविमानम् व्युत्पत्तिलभ्य अर्थ अनुपेक्ष्य छ,। मानवियोग अर्थात् अपमान प्रत्यगात्माकै हुने कुरा लोकप्रसिद्धै छ। 'मीयते वा सर्वंजगत्कारणत्वात्' जगत् कार्य हुनाले तत्कारणको अनुमान हुन्छ, जहाँ कारणता छ त्यो प्रत्यगात्मा हो, त्यही परमेश्वर हो, यसरी तीन व्युत्पतिबाट अभिविमान श्रुति प्रत्यगात्माभिप्रायमा चरितार्थ छ। अतः वैश्वानर परमेश्वर हो भन्ने सिद्ध भएको छ।

इति वैश्वानराधिकरणम्।

प्रथमाध्यायको उपास्यवाचक अस्पष्ट ब्रह्मलिङ्गश्रुति-समन्वयको दोस्रो पाउ सकियो।

प्रथमाध्यायः

तृतीयपादः

गतपादमा सविशेष वस्तुप्रचुर वाक्यको ब्रह्मपरता निरूपण भएको छ। अब निर्विशेष ब्रह्मप्रचुर वेदान्तवाक्यको ब्रह्मपरता-प्रतिपादनार्थ प्रस्तुत पाद आरम्भ भएको हो।

द्युभ्वादि अधिकरणम् १

द्युभ्वाद्यायतनं स्वशब्दात् ।१।

पूर्वाधिकरणमा त्रैलोक्यात्मा वैश्वानर परमात्मा हो भन्ने निरूपण भयो। त्रैलोक्यायतन अरू पनि त होलान् यस्ता विषय समाधानका लागि यो अधिकरण हो।

पृथिवी, द्यु, अन्तरिक्ष सबै इन्द्रियसहित मन जहाँ ओतछन् त्यहीँ एक जानेमा पुग्छ, अमृतसेतु यही हो। यो श्रुत्युक्त विषय पृथिव्यादि अचेतन हुनाले केही ओत अर्थात् आयतन चाहिन्छ। त्यो ओत के हो ? परब्रह्म हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वा अरू केही हो, संशयोपस्थापन भएको छ। अमृतको सेतु भनिएको छ, सेतुको काम हो त्यस माध्यमले पारि जानु। त्यो ब्रह्ममा हुँदैन, 'अनन्तमपारम्' ब्रह्म हो। अरू लिनु पर्दा शास्त्रान्तरप्रसिद्ध प्रधानलाई ओत भन्नुपर्छ, विकारकारण हुनाले द्युभ्वादि आयतन प्रधान हो।

वायुले लोकलोकान्तर सर्वभूतको धारण गर्छ, यस्तो निर्देश श्रुतिले नै गरेको छ, अतः विधारक वायु हो भन्न सकिन्छ।

शरीर द्यु आदिको आयतन हो भन्न सकिन्छ। भोग्यका निमित्त आयतन शरीर हुँदै हो। यसरी तीन कल्पमा उत्थापित छ पूर्वपक्ष।

अब सिद्धान्तानुसारी उत्तर छ, 'द्युभ्वाद्यातनं स्वशब्दात्' द्यौ र भूमा द्वन्द्व समासबाट द्युभुवौ भएको छ। त्यो आदि छ जहाँ भन्दा द्युभ्वादि हुन्छ। निर्दिष्ट श्रुतिवाक्यमा द्यौः, पृथिवी, अन्तरिक्ष, मन, प्राण आदि सबै जगत् ओतरूपमा निर्देशित छन् त्यो सबै ब्रह्म हो। कसरी हो ? 'तमेवैकं जानथ आत्मानम्' भनेर आत्मशब्दद्वारा स्पष्ट गरेको छ। आत्मशब्दले परमेश्वर बुझाउँछ, अरू अर्थ लिँदैन। त्यस्तै सबै प्रजा सत्मूलक हुन् सत्मै रहन्छन् र सत्मै मिल्छन्। यहाँ पनि आत्मवाचक सत्शब्दकै प्रयोग छ। त्यस्तै 'पुरुष' एवेदं सर्वम् ब्रह्मैवेदं पुरस्तात्' जस्ता श्रुति ब्रह्ममै आयतनता निरूपण गर्छन्। वृक्ष अनेकात्मक भए जस्तै आत्मा पनि अनेकरस होला भन्ने आशङ्का निरासका लागि श्रुतिनिर्देश छ- 'तमेवैकं जानथात्मानम्' अनेकरूपमा निर्दिष्ट त्यो आत्मा एकै हो त्यसैलाई जान।

तात्पर्य यस्तो छ- कार्यप्रपञ्चविशिष्ट विचित्र आत्मा जान्नु भन्ने होइन, त्यसो भए के त ? अविद्या जनित कार्य प्रपञ्च हो विद्याद्वारा त्यसको प्रविलापन गर्दै आयतनभूत एकआत्मा एकरस हो भन्ने जान। जस्तै देवदत्त जहाँ बस्छ त्यो ल्याऊभन्दा आसन ल्याए पुग्छ देवदत्त ल्याउनु पर्दैन। त्यस्तै आयतनभूतआत्मा एकरस हो त्यही बुझ्नुपर्छ भनी श्रुतिले उपदेश गरेको हो। कार्यप्रपञ्च विकार अनृतादि दोष युक्त छ। त्यसको त अपवाद गर्नुपर्छ, नत्र दोषश्रवण छः जसले नाना बुझ्छ त्यो मृत्युबाट मृत्युमैं जान्छ अर्थात् नानादर्शी मुक्त हुँदैन।

प्रपञ्चप्रविलापनका लागि सामानाधिकरण्येन 'सर्वं ब्रह्म' सबै ब्रह्म हो भनिन्छ। 'कृत्स्नः प्रज्ञानघनः' सबै ज्ञान हो भने र ब्रह्ममा एकरसता निश्चित गराइन्छ। अतः द्युभ्वादिआयतन ब्रह्म हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेतुश्रुतिको तात्पर्य विधारणमा छ, पारवत्त्वमा छैन, काठ, फलाम आदिको लोकमा भए जस्तो सेतु यो होइन, अतः सेतु यहाँ विधारणमा मात्र हो । व्याकरणको 'षिञ् बन्धने' धातुबाट सेतुपदको निष्पत्ति हुन्छ ।

'एउटै आत्मा जान, अरू कुरा छोड,' यी दुवै अमृतत्व साधन हुन् किनभने, यो अमृतको सेतु भनिएको छ, द्युभ्वादिआयतनलाई सेतु भनिएको छैन । सेतु श्रुतिकै अर्थ द्युभ्वादि आयतन हो भन्नु उपयुक्त होइन भन्ने प्रदर्शनार्थ मतमतान्तर उपस्थापन भएको हो ।

मुक्तोपसृप्यव्यपदेशाच्च ।२।

फेरि पनि द्युभ्वादि आयतन परब्रह्म हो । मुक्तैरूपसृप्यम्=मुक्तले प्रत्यक्त्वेन प्राप्य ब्रह्म हो, यसको चर्चा यहाँ छ, तदर्थ मुक्तोपसृप्य भनिएको हो ।

मुक्त त्यसै हुँदैन तदर्थ प्रक्रिया छ । देहादि अनात्मामा 'म हूँ' भन्ने आत्मवुद्धि अविद्या हो ।

त्यसलाई महत्त्वदिँदा रागको हुन्छ बढोत्तरी, परिभवमा हुन्छ द्वेष । शरीरादि उच्छेदमा हुन्छ भय र मोह, संसारमा अनन्तकालबाट चलेको छ यस्तो कुरा, यही नै हो अर्नथसमूह । यो सबैको निमित्त प्रत्यक्ष छ । कसैले बुझेको छैन । अब अपेक्षा छ तद्विपरीतताको रागद्वेषादि उक्त संसारिकधर्मबाट मुक्ति पछि जानिने हो ब्रह्म भनेर द्युभ्वादिलाई प्रकृत मानेर व्यपदेश छ । कसरी छ ? भिद्यते हृदयगन्थिः, इत्यादि रूपमा छ, अर्थात् उक्त आयतनभूत आत्मा जानेपछि हृदयग्रन्थिभेदन हुन्छ- सबै संशय चुडिन्छन्, सबै कर्म क्षीण हुन्छन् भन्दै पुनः विद्वान् नामरूपबाट मुक्त हुन्छ परभन्दा पर पुरुष अर्थात् स्वयं आत्मा जान्दछ । जब सबै काम निवृत्त हुन्छन्, अनि अमृत हुन्छ स्वयं ब्रह्म हुन्छ भन्छ इत्यादि ।

पुनः अन्य वाक् छोडेर एकै आत्मा जान भन्ने श्रुति आदेश द्युभ्वादिआयतनभूत ब्रह्मकै ज्ञेयत्वमा समर्पित छ । यही अभिप्राय शब्दान्तरद्वारा श्रुत्यन्तरमा निर्दिष्ट छ, धेरै शब्दजालमा न अल्मलिई धीरपुरुष आत्मज्ञानमा अग्रसर हुन्छ यस रूपमा । उपर्युक्त सबै श्रुतिको अभिप्राय द्युभ्वादिआयतन ब्रह्म नै ज्ञेय हो भन्ने छ । अतःद्युभ्वादि आयतन ब्रह्म हो भन्ने सिद्ध छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नानुमानमतच्छब्दात् ।३।

सिद्धान्तप्रदर्शन भएको छ, प्रधान पक्ष निषेधमा सूत्रको प्रवृत्ति छ 'न' इत्यादि । ब्रह्म- प्रतिपादक विशेष हेतु जस्तै प्रधानमा आयतनत्वप्रतिपादक विशेष हेतु छैन, यस अर्थ साङ्ख्यशास्त्रले भने झैं द्युभ्वादि आयतन प्रधान हुन सक्तैन । किन सक्तैन ? तत्शब्द भन्नाले अचेतनप्रधानप्रतिपादक शब्द बुझ्नुपर्छ, जुन तत्शब्द हुँदैन त्यो अतत्शब्द हो । अर्थात् अचेतन प्रधानप्रतिपादक शब्द होइन, भएको भए अचेतनप्रधान कारणरूपमा वा आयतनरूपमा बुझिनुपर्थ्यो त्यस्तो छैन, वरु तद्विपरीत चेतनप्रतिपादक शब्द यहाँ छ- 'यः सर्वज्ञः सर्ववित्' इत्यादि ।

प्राणभृच्च ।४।

प्राणभृत् विज्ञानात्मा आत्मा हो, चेतन हो । भए पनि उपाधिपरिछिन्न हो त्यस्तामा सर्वज्ञत्वादि हुँदैन त्यसैले पूर्वसूत्रको अतत्शब्दन्यायद्वारा प्राणभृत् पनि द्युभ्वादि आयतन हुनसक्तैन । अविभु उपाधिपरिच्छिन्न विज्ञानात्मा प्राणभृत् द्युभ्वादि आयतन ठीकरूपमा हुनसक्तैन । सूत्रान्तरमा जीवात्मामा द्युभ्वादिआयतनत्व निषेध भए पनि सुबोधताका लागि 'प्राणभृच्च' सूत्रोपन्यास हो । द्युभ्वादिआयतन प्राणभृत् किन हुन सक्तैन ? यसको उत्तरमा सूत्र-

भेदव्यपदेशात् ।५।

'तमेवैकं जानथ' त्यही एउटा जान भनेर मुमुक्षु जीवलाई ज्ञातृज्ञेयभावमा उपदेश छ, । यसरी भेदप्रदर्शन भएकाले जीवात्मा द्युभ्वादि आयतन होइन । भेदव्यपदेशः, भेदेन व्यपदेश हो ।

प्रकरणाच्च ।६।

'कस्मिन् नु' इत्यादि प्रकरण अनुसार पनि ब्रह्म द्युभ्वादि आयतन हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थित्यदनाभ्याञ्च ।७।

स्थिति र अदन दुई हेतुले ब्रह्म द्युभ्वादि आयतन हो । 'द्वा सुपार्णा' इत्यादि श्रुतिनिर्देशित दुई पुरुषमध्ये एक कर्मफल भोक्ता त्यसदेखि भिन्न अर्को साक्षिभावमा रहने, यो निरूपण पनि जीव भिन्न ब्रह्म द्युभ्वादि आयतनप्रदर्शनमा समर्पित छ ।

सूत्रकारले सर्वत्र अविद्यासिद्ध जीवब्रह्मभेद मानेर भेदव्यपदेश गरेका छन् । नत्र श्रुतिविरोध हुन जान्छ, किनभने, स्वतः आत्मामा भेद छैन । यसबाट मुण्डक उपनिषद् आत्मामा समन्वित बुझ्नुपर्छ ।

इति द्युभ्वादि अधिकरणम् ।

भूमाधिकरणम् २

भूमा सम्प्रसादादध्युपदेशात् ।८।

जहाँ द्वितीय वस्तु जान्दैन त्यो भूमा हो, इत्यादि श्रुतिघटित भूमा प्राण हो कि परमात्मा ? भन्ने संशय उठ्ता भूमा प्राण हो भन्ने पूर्वपक्ष छ । सिद्धान्त छ- परामात्मा हो, किन ? सम्प्रसाद र अग्रिम उपदेश छ त्यसैले सम्प्रसाद सुषुप्ति स्थान हो, सुषुप्तिमा प्राण जागै हुन्छ । अतः प्राण सम्प्रसाद हो, त्यसभन्दा पर भूमाको उपदेश छ । प्राणभन्दा माथि भूमाको उपदेश कसरी छ ? प्राणसम्मका प्रश्नमा अतिवाद हुँदैन त्यहाँ भन्दा माथि को छ ? यस्तो प्रश्न अतिवाद हुन्छ, अतिप्रश्न हुन्छ, । प्रश्नकर्ता अनतिप्रश्न गर्न योग्य हुनुपर्छ । नत्र आफू अतिवादी भएको स्वीकार्नु पर्छ, नारदले आफूलाई अतिवादी मानेर प्रश्नधारा चलाएका छन् । प्राणभन्दा माथि प्रवाहान्त्यमा उपदेश छ भूमाको । फेरि शङ्का हुनसक्छः- नामदेखि आशा उत्तरोत्तर त्यो भन्दा ठूलो अर्को छ कि भन्ने प्रश्न चले पनि प्राणभन्दा अर्को ठूलो छ कि भन्ने प्रश्न उठाएकाले प्राण नै भूमा हो भन्न सकिन्छ, तर, यो ठीक होइन भूमाविद्यानिरूपणसँग सम्बन्ध छैन, त्यसो गर्दा अर्थान्तरविवक्षा हुन जान्छ, त्यो यहाँ अभिप्रेत होइन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मोपपत्तेश्च ।९।

फेरि पनि युक्ति छ- जहाँ अर्को देख्ने सुन्ने आदि कोही हुँदैन, यस्ता धर्म ब्रह्ममैं उपपन्न हुन्छन् । श्रुत्यन्तरले पनि ब्रह्ममा दर्शनादिव्यापारवारण नै गरेको छ, सत्यत्व र स्वमहिमप्रतिष्ठितत्व धर्म पनि भूमाब्रह्ममैं मिल्छन्, प्राणमा मिल्दैनन् । अतः भूमा ब्रह्म हो परमेश्वर हो । आक्षेपसङ्गतिबाट उठेको पूर्वपक्ष समानाधानार्थ भूमाधिकरण हो ।

इति भूमाधिकरणम् ।

अक्षराधिकरणम् ३

अक्षरमम्बरान्तधृतेः ।१०।

आकाश कहाँ ओतप्रोत छ ? यस प्रकारको गार्गीका प्रश्नको उत्तर छ- अक्षरमा ओतप्रोत छ । यहाँ अक्षरपदले वर्णग्रहण हुन्छ कि परमात्मा ? यस्तो संशयमा पूर्वपक्ष छ, रूढिका आधारमा अक्षरपदले वर्णग्रहण हुन्छ । यसमा उत्तर छ अक्षरपद परमेश्वरग्राहक हो । किन ? आकाशसम्म धारण गर्ने हुनाले, अर्थात् पृथिव्यादि यावत् विकारी वस्तुको धारणसामर्थ्य परमेश्वरातिरिक्तमा हुँदैन । न क्षरति-बिग्रँदैन, पालन वा भोग आफ्ना कार्यको गर्ने हुँदा अक्षर हो । नित्य र व्यापक हुनाले अक्षर हो, अक्षर ब्रह्म हो ।

अक्षरशब्द वर्णवाची न होस् प्रधान त भैहालछ नि, यो पनि मिल्दैन-

सा च प्रशासनात् ।११।

आकाशान्तधारण परमेश्वरकै कर्म हो प्रधानको होइन, किन होइन ? प्रशासनकर्मको श्रवणले, अक्षरकै आधारमा सूर्य र चन्द्र अडेका छन् । यस्तो कर्म ब्रह्म बाहेकमा हुन सक्तैन, अचेतन प्रधान आदिमा कसरी हुन सक्ला ? अतः ब्रह्मकै कर्म उक्त प्रशासन हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्यभावव्यावृत्तेश्च ।१२।

अन्यभावव्यावृत्तिले पनि प्रशासनकर्म ब्रह्म कै हो। के हो अन्यभावव्यावृत्ति ? अन्यको अर्को अर्थ हो ब्रह्मभन्दा अर्को प्रधान हो, अक्षरपनि हो, विधरणरूप अक्षरको कर्म ब्रह्ममा मिल्छ प्रधानमा मिल्दैन। श्रुतिप्रदर्शन यसै अर्थमा छ। अदृष्टं द्रष्टृ, अश्रुतं श्रोतृ अर्थात् अरूले नदेख्ने देख्ने नसुन्ने, सुन्ने इत्यादि। जीवको विधारण पनि त्यो हुनसक्तैन, शारीर जीव हो सोपाधिक हो निरुपाधिक शरीर हुँदैन, 'नान्यदतोस्ति द्रष्टृ' इत्यादि श्रुति पनि आत्मान्तरमा उक्त विधारण न हुने सङ्केत हो। इत्यादि अनेकश्रुतियुक्तिले सिद्ध छ परब्रह्म नै अक्षर हो।

इति अक्षराधिकरणम्।

ईक्षतिकर्माधिकरणम् ४

ईक्षतिकर्म व्यपदेशात्सः ।१३।

त्रिमात्र ओङ्कारले परपुरुषध्यान गर इत्यादि श्रुतिनिर्दिष्ट ब्रह्म अपर हो कि पर संशयोत्थापनपछि, सूर्यमा सम्पन्न हुन्छ भन्ने श्रुतिअनुसार अपरब्रह्म ध्येय हो भन्ने पूर्वपक्ष छ। सिद्धान्तबोधिका श्रुति जीवबाट उठेर परपुरुष हुन्छ, यहाँ हुने जेहो त्यो कर्म हो, परपुरुषमा कर्मता- प्रदर्शन उक्त श्रुतिले गरेको छ। अर्थात् मुक्तजीवव्याहर परपुरुष हो, त्यसैले यहाँ ज्ञेय परब्रह्म हो। क्रममुक्तिका अधिकरीका अपेक्षा भने अपर ब्रह्म ज्ञेय हुनेमा विरोध छैन।

इति ईक्षतिकर्माधिकरणम्।

दहराधिकरणम् ५

दहर उत्तरेभ्यः ।१४।

'अन्तराकाश ब्रह्मपुर दहर हो' श्रुतिनिर्देशित दहराकाश भूताकाश हो कि परब्रह्म हो, त्यसै प्रकरणमा भूताकाशसाम्यप्रतिपादन दहराकाशमा छ। दहर शव्दको अर्थ थोरै पनि हो। यसहेतु दहराकाश भूताकाश हो, पूर्वपक्षमा सिद्धान्त छ। उत्तरगत वाक्यशेषका आधारमा दहर परमेश्वर हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दहराकाश पृथिव्यादिको आश्रय हो पापसम्बन्ध यसमा हुँदैन, यो सम्भव भूताकाशमा छैन, ब्रह्ममैं छ। भूताकाशमा आकाश शब्दको रूढि भए पनि एकै त्यही आकाश उपमान र उपमेय हुन सक्तैन, यस अर्थ पनि भूताकाश दहर हो भन्ने शङ्का उठ्न सक्तैन। अतः दहर परमेश्वर हो।
उत्तर हेतु भनिएको छ। त्यसको विवरण-

गतिशब्दाभ्यां तथाहि दृष्टं लिङ्गञ्च ।१५।

दहरवाक्यशेषमा परमेश्वरप्रतिपादक गति र शव्द छन् 'सवै प्रजा प्रतिदिन ब्रह्ममा जान्छन्, तर ब्रह्म जान्दैनन्' प्रजा भनिने जीवात्मा दिनदिनै दहर भनिने ब्रह्ममा पुग्ने जुन गति छ, त्यसले दहरमा ब्रह्मत्व-सूचित गरेको छ। ब्रह्मलोक- शव्द पनि दहरको ब्रह्मत्वबोधक हो।

त्यस्तै श्रुत्यन्तर छ त्यो बेला सत्सम्पन्न हुन्छ इत्यादिवाट ब्रह्ममा जीव जाने कुरा बुझिन्छ। प्रजाको दिनका दिन ब्रह्मलोकगमन हुन्छ भन्ने श्रुतिभित्रको ब्रह्मशब्द परब्रह्मबोधक हो, अपरब्रह्ममा प्रतिदिन गमन जीवात्माको हुँदैन।

धृतेश्च महिम्नोऽस्यास्मिन्नुपलब्धेः ।१६।

पुनः 'आत्मा लोकभेदन हुन नदिने पुल हो' श्रुति विधृतिरूपधारण महिमाले दहर ब्रह्म हो भन्ने बुझाउँछ। श्रुत्यन्तरले यसैको समर्थन गरेको छ। यो भूतपालक हो, लोकधारकसेतु हो इत्यादि।

प्रसिद्धेश्च ।१७।

'आकाश नामरूपमा आएको छ' श्रुतिघटक आकाशशब्द परब्रह्ममा प्रसिद्ध भए पनि प्रसिद्धिद्वारा नै दहर परमेश्वर हो।

इतरपरामर्शात्स इति चेन्नासम्भवात् ।१८।

'यस शरीरबाट उठेको सम्प्रसाद परज्योति भएर आफ्नो रूपमा अभिव्यक्त हुन्छ' यस श्रुतिले शरीर अतिरिक्त संसारीको समुत्थान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखाएकाले जीवपरामर्श हुन्छ भन्नु ठीक होइन, पापविमुक्तिरूप अपहतपाप्मत्वादि जीवमा सम्भव हुँदैन ।

उत्तराच्चेदाविर्भूतस्वरूपस्तु ।१९।

अक्षिपुरुषमा अपहतपाप्मत्वादि प्रतिपादन उत्तरवाक्यमा छ । अतः दहर जीव हो भन्ने बुझ्नु पर्छ । त्यसो भन्नेलाई उत्तर दिनुपर्छ आत्मस्वरूपमा अभिव्यक्त हुन्छ नि त ? तर, अज्ञाननिवृत्तिपछि । सूत्रको 'तु' शब्द उक्त शङ्का- निराकरणका लागि हो । आविर्भूतस्वरूप भनेर भूतपूर्वगतिद्वारा जीवलाई भनिएको हो, प्रजापतिवाक्यमा जीवै भन्न खोजिएको हो । त्यसै प्रकरणमा स्वप्न र सुषुप्ति प्रतिपादित छन् 'परज्योति भएर आफ्नो रूपमा निष्पन्न हुन्छ' भन्ने छ, यसको तात्पयार्थ हो, जीव नै अज्ञानहटे पछि ब्रह्म हुन्छ भन्ने, जीव र ब्रह्ममा कुनै भेदै छैन भेदनिरूपक अज्ञान हो । अज्ञान सर्वथा निवृत्त भएपछि जीवत्व निवृत्त हुन्छ, अनि केवल ब्रह्म हुन्छ त्यसैले जीवको पारमार्थिकपन ब्रह्म हो । त्यसो भए जीव निरर्थक हो त ? उत्तर छ-

अन्यार्थश्च परामर्शः ।२०।

दहरको व्याख्याप्रसङ्गमा जुन 'सम्प्रसाद' भनेर जीवपरामर्श भएको छ, त्यो जीवको कुरा होइन परमेश्वरको हो भन्नु अनर्थ होला भन्ने शङ्का समाधान यसरी गर्नुपर्छ- जीव बुझाउन यहाँ सम्प्रसाद भनिएको होइन, परमेश्वर बुझाउन हो । कसरी हो ? सम्प्रसादपदवाच्य जीव हो, जागरितादिकालमा अविद्याजालमा फसेको हुन्छ । जागरित र स्वप्नबाट थाकेको विश्रामका लागि उक्त दुवै कालको शरीराभिमान छोडी सुषुप्तावस्थामा आकाश भनिने परज्योति ब्रह्म हुन्छ त्यो बेला विशेषविज्ञान हुँदैन अनि आफ्नो सक्कलीरूपमा आविर्भूत हुन्छ, परब्रह्म नै हुने जुन जीवरूप हो, जुन रूपमा त्यो अभिनिष्पन्न हुन्छ त्यो अपहतपाप्मा हो, त्यही उपास्य हो भनिएको हो । यस वस्तुगत सबै अर्थको बोध होस् भन्नाका लागि जीव बुझाउन सम्प्रसादशब्द प्रयोग भएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अल्पश्रुतेरिति चेत्तदुक्तम् ।२१।

फेरि पनि शङ्का होला 'अन्तर आकाश दहर हो, त्यो सानो छ' यहाँ बुझिएको जुन थोरै हो त्यसले परमेश्वर बुझाउँदैन, जीवै बुझाउँछ यसको उत्तर उपासनार्थ अल्प उपदेशमा भनिएको छ, जुन कुरा 'अर्भकौकस्त्वात्तद्व्यपदेशाच्च नेति चेन्न निचाय्यत्वादेवं व्योमवच्च' ब्र. १।२।७ सूत्रमा स्पष्टै छ। स्पष्टार्थमा बाहिरको आकाश जतिकै आकार भित्रको पनि हो जस्ता श्रुतिस्वरस पनि छ। अतः दहर ब्रह्म हो।

इति दहराधिकरणम्।

अनुकृत्यधिकरणम् ६

अनुकृतेस्तस्य च ।२२।

'त्यसैको प्रकाशपछि प्रकाशित भएर आफू प्रकाशक भएका हुन' श्रुति त्यस्तो त्यो प्रकाशक कुन तेजोधातुविशेष हो ? सूर्यादिविशेष हो वा परमात्मा ? समानस्वभावमा अनुकरण देखिएकाले सूर्यादिजस्तै कुनै तेजोधातु हो। यस्तो पूर्वपक्षको उत्तर छ- प्राज्ञ आत्मा हो तेजोधातुविशेष होइन। पहिलेको जस्तै चम्कने सबै छन्, यस्तो श्रुत्यर्थरूप अनुमान छ त्यो त प्राज्ञ आत्माको मान्नुपर्छ। 'प्रकाशरूप सत्यसङ्कल्प छ' यो श्रुति उक्तार्थमा साक्षी छ। सूत्रको तस्य च पदद्वारा, उही प्राज्ञआत्माका प्रकाशले सम्पूर्ण जगत् प्रकाशित छ भन्ने श्रुति अनुसार सूर्यादितेज प्राज्ञ आत्माकै तेज हो, लोकदृष्टिमा सूर्यादितेजद्वारा प्रकाशित जगत् प्रतिभान मात्र हो भन्ने अर्थ सूचित भएको छ। समानस्वभावैमा अनुकरण हुन्छ भन्ने कुरा पनि सर्वथा मिल्छ भन्न सकिँदैन। किनभने, तातेको फलामे डल्लोले आगोले जस्तै पोल्छ यसबाट भिन्नस्वभावको फलामले पोल्छ भन्ने कुरा प्रत्यक्षदृष्ट नै छ।

अपि च स्मर्यते ।२३।

ब्रह्म स्वयं ज्योतिस्वरूप हो त्यसको प्रतिभानकै अधीनमा जगत्भान हुन्छ यो गीतास्मृतिको उक्ति हो 'न तद्भासयते सूर्यः' इत्यादि।

इति अनुकृत्यअधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमिताधिकरणम् ७

शब्दादेव प्रमितः ।२४।

'अङ्गुष्ठमात्र पुरुष शरीरमध्यमा बस्छ' त्यस्तै 'अङ्गुष्ठमात्रपुरुष धूमरहित ज्योति जस्तो छ भूतभावी जगत्नियन्ता हो । आजभोलि सधैं नै रहन्छ ।' यहाँ अङ्गुष्ठमात्रपुरुष जीवात्मा हो कि परमात्मा, यस प्रकारको संशय छ, । अङ्गुष्ठमात्रादिपरिमाण- श्रवणबाट जीव हो परमेश्वरमा परिमाण हुँदैन, यो छ पूर्वपक्ष । अङ्गुष्ठमात्रपुरुष परमेश्वर हुन सक्छ यो हो सिद्धान्त, कसरी हुन्छ परमेश्वर ? शब्दप्रमाणबाट हुन्छ । कुनै पनि जीवात्मा भूत र आगामी प्राणिवर्गको स्वामी र निरङ्कुश ईश हुन सक्तैन, अतः अङ्गुष्ठमात्रपुरुष परमेश्वर हो ।

त्यसो हो भने परिमाणोपदेश परमात्माको किन भयो ? त्यसको उत्तर दिँदै सूत्रकार-

हृद्यपेक्षा तु मनुष्याधिकारत्वात् ।२५।

आकाश व्यापक हुँदाहुँदै पनि केही परिधिको अपेक्षा कोठा चोटा आदि व्यवहार भए जस्तै सर्वगत आत्मा पनि हृदयमै ज्ञेय हुन्छ भन्ने अभिप्रायले अङ्गुष्ठमात्र भनिएको हो ।

फेरि शङ्का हुन्छ प्राणिभेद अनन्त छ त्यसैले अङ्गुष्ठमात्रत्व अनियत हुन्छ भन्ने कुरा यहाँ होइन शास्त्राधिकार मान्छेलाई छ अरूलाई छैन, लोककल्याणार्थ प्रवृत्तशास्त्र मनुष्यकै लागि हो, किनभने, शास्त्रविहित कर्मानुष्ठानशक्ति मनुष्यमैं हुन्छ अर्थित्व मनुष्यमैं रहन्छ, शास्त्राध्ययनका निमित्त उपनयन गर्ने काम पनि मानिसमैं लागू हुन्छ । मनुष्याधिकारका लागि हृदयापेक्षया अङ्गुष्ठमात्रत्व उपदेश भएकाले त्यो कसरी परमात्मबोधक हुन्छ त ?

यसरी हुन्छ- त्यो आत्मा तिमी हौ भने जस्तै संसारी हुँदाहुँदै अङ्गुष्ठमात्र पुरुष ब्रह्म हो भनेर स्पष्टताका लागि 'ईशानो भूतभव्यस्य' भूत र भविष्यको स्वामी विशेषण दिँदै ब्रह्मको निरूपण भएको हो । अङ्गुष्ठमात्र नै ब्रह्म हो भन्ने निरूपण भएको होइन ।

इति प्रमिताधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवताधिकरणम् ८

तदुपर्यपि बादरायणः सम्भवात् ।२६।

शास्त्रमा अधिकार मनुष्यको छ, अनि देवतालाई ब्रह्मविद्यामा अधिकार छैन त ? हुन त हो यो कुरा, तैपनि मनुष्यलेमात्र ब्रह्मविद्या जान्नुपर्छ भन्ने कुरा होइन, मनुष्यभन्दा माथिका देवादिलाई पनि ब्रह्मविद्या जान्ने अधिकार छ। यो विचार बादरायणको हो। किन छ त अधिकार देवादिको, उत्तर छ सम्भव हुनाले, मुक्तिको इच्छा देवादिलाई पनि हुनसक्छ, मन्त्रार्थवादी अर्थवादीशास्त्रबाट तिनमा विग्रहत्व छ भन्ने सिद्ध छ, अनि सामर्थ्य हुने नै भयो। उपनयन नहुनाले अधिकार नहुने पनि होइन, शास्त्राध्ययनका लागि उपनयन हो उनीहरूमा आफ्नै प्रतिभाले शास्त्रज्ञान सिद्ध छ। अतः उपनयन नभए पनि उनको अधिकारमा बाधा छैन।

विरोधः कर्मणीति चेन्नानेकप्रतिपत्तेर्दर्शनात् ।२७

देवतामा विग्रहवत्ता हुने भए ऋत्विक् यजमानादि जस्तै सन्निधानले यागाङ्ग तिनीहरू हुनुपर्ने। एकै इन्द्र अनेक कर्ममा कसरी विग्रहवान् हुन सक्ला ? यस्तो मान्दा कर्ममा विरोधप्रसङ्ग आउँछ भन्न मिल्दैन, इन्द्रादि एक एक देवता आवश्यकतानुसार अनेकरूपमा बाँडिनसक्छन् अणिमादि ऐश्वर्यको व्यक्ति आफूलाई अनेकरूपमा देखाउन सक्छ भने आजानसिद्धदेवताबारे उक्त शङ्का उठ्न सक्तैन।

यो कसरी सम्भव ? उत्तर छ 'दर्शनात्'। श्रुति र स्मृतिमा देखिन्छ। देवता कति ? यस प्रश्नमा उत्तर छ ३ हजार, ३ सय २६। फेरि ती के के हुन् ? प्रश्नमा उत्तर छ, यो त महिमा हो। देवता त ३३ हुन्। यसरी एकैका अनेकरूप प्रदर्शन भएको छ। 'अनेकप्रतिपत्ते दर्शनात्' को अर्को व्याख्या कर्माङ्गभावको विधिमा अनेकता देखिन्छ, त्यो ठाउँ र वस्तु अनुसार हुन्छ। जस्तै धेरैजनाले एकैचोटी एउटा ब्राह्मणलाई भोजन गराउन सक्तैनन्। कहीं भने एकै विग्रहवान् अनेकद्वारा सम्भव हुनसक्छ जस्तै- धेरै जनाले एउटै ब्राह्मणलाई एकैचोटी नमस्कार गर्न सक्छन्। त्यस्तै यहाँ पनि विग्रहवती देवता एकैलाई उद्देश्य गरेर धरैले आ-आफ्नो द्रव्यत्याग गर्न सक्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द इति चेन्नातः प्रभवात्प्रत्यक्षानुमानाभ्याम् ।२८।

देवतालाई विग्रहवान् मान्दा कर्मविरोध नभए पनि शब्द अर्थात् शास्त्रविरोध त हुनसक्ला नि ? किन हुने विरोध ? शब्द र अर्थको सम्बन्ध औत्पत्तिक हो, त्यसो हुनाले वेदमा प्रामाण्य अनपेक्षरूपमा स्थापित छ त्यो भङ्ग होला। अतः शब्दविरोध हुन्छ। यो हो दोषोद्भावनात्मक पूर्वपक्ष। सिद्धान्तानुसारी उत्तर छ- 'अतः प्रभवात्' वैदिक शब्दबाट देवादि जगत्को हुन्छ उत्पत्ति उक्त पूर्वपक्ष यसैबाट निरस्त भएको छ।
यसको अर्थ यसरी बुझ्नु उपयुक्त हुन्छ-

द्रव्यगुणकर्मका व्यक्ति उत्पन्न हुन्छन्, आकृति उत्पन्न हुँदैनन् शब्दसम्बन्ध आकृतिसित हुन्छ, व्यक्तिसित हुँदैन, अनन्तव्यक्तिमा त्यस्तो सम्बन्ध मान्नु उपपत्तिले मिल्दैन। गवादिको उत्पत्तिपछि नित्य आकृति आदिसँग सम्बन्धित हुने हुन्। त्यस्तै देवादिव्यक्तिको उत्पत्ति माने पनि आकृति नित्यै छ। यस्तो हिसाबले विचार गर्दा वस्वादि देवतामा विग्रहवत्ता भए पनि केही विरोध छैन।

जगत्को उपादान ब्रह्म भए जस्तो अर्थको उपादानकारण शब्द होइन। मीमांसामर्यादामा शब्द नित्य हो वाचक हो, शब्दार्थसम्बन्ध पनि नित्य हो। यस्तो वस्तुगतिमा किन भनिन्छ त शब्दबाट अर्थबोध ? शब्दव्यवहारयोग्य अर्थनिष्पत्तिलाई यहाँ उत्पत्तिशब्दले बुझाउने गरिन्छ। यस हेतु जन्मादि सूत्रविरोध यहाँ भएन।

शब्दबाट अर्थस्वरूप जगत् उत्पन्न हुन्छ। कसरी बुझ्ने यो कुरा ? प्रत्यक्ष र अनुमानप्रमाणबाट बुझ्ने। श्रुति प्रत्यक्ष हो भने स्मृति अनुमान हो, अनपेक्ष्यप्रामाण्य श्रुतिमा छ र स्मृतिमा सापेक्ष्यप्रामाण्य। तिनले देखाउँछन् शब्दपूर्विका सृष्टि- 'एतत्' शब्द सम्झेर देवतासृष्टि, 'असृक्' सम्झेर मनुष्य, असृक् रगत हो मनुष्यशरीर रक्तप्रधान हुन्छ। 'इन्दु' सम्झेर र पितृ, चन्द्रमण्डलमध्यवर्ती पितृ हुन्। 'तिर' सम्झेर ग्रह, 'आशव' सम्झेर स्तोत्र- सृष्टि प्रजापतिले गर्ने हो इत्यादि प्रदर्शन श्रुतिले गरेको छ। स्मृतिले पनि 'वेदशब्देभ्य... निर्ममे' इत्यादि। उपर्युक्त सबै प्रमाण र युक्तिका आधारमा शब्दपूर्विका सृष्टि भएको बुझिन्छ। यसबाट शब्द र शब्दार्थसम्बन्ध नित्य छ भन्ने पनि सिद्ध भएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अत एव च नित्यत्वम् ।२९।

वेदको नित्यत्व दृढीकरणार्थ यो सूत्र हो। नित्य आकृतिका देवता जगत् सबै वेदशव्द पूर्वक उत्पन्न भएका छन्। त्यसो हुनाले वेद नित्य हो। अनित्यवेदबाट जगत्को उत्पत्ति, स्थिति मानिँदैन, वेद उत्पत्तिमत् मान्ने हो भने त्यो पनि सापेक्ष हुन्छ, सापेक्षमा निरपेक्षकारणता हुन सक्तैन। अतः वेद जगत्को उत्पत्ति स्थिति र लय हेतु भएकाले ईश्वरजस्तै नित्य हो। 'यज्ञेन वाचःपदवीम्' इत्यादि श्रुति यसै अर्थको पोषक हो। पूर्वमीमांसामा साधित वेदनित्यत्वकै पुनः प्रपञ्च हो, अपूर्वार्थ होइन।

समाननामरूपत्वाच्चावृत्तावप्यविरोधो दर्शनात्स्मृतेश्च ।३०।

प्रलयमा सबै जगत्प्रपञ्च नाश हुन्छ भन्ने मान्यतामा फेरि सृष्टि पहिले जस्तो न हुन सक्छ, प्रलयकालमा अभिधान अभिधेय सबै उच्छिन्न हुन्छन्, यो स्थिति शव्दार्थसम्वन्ध अनित्यताको सूचक हो। अध्यापकअध्येतृपरम्परा विच्छेद भएपछि केका आश्रयमा वेद रहने ? अर्थात् लुप्त हुनु स्वाभाविक हो। सृष्ट्यन्तर नयाँ कल्पना हो भने सर्व-मर्यादाभङ्ग हुने भयो यस्ता चोद्य प्रश्नका समाधानका लागि यो सूत्रप्रणयन भएको हो। प्रतिसृष्टिमा समाननाम र समानरूपको आवृत्ति हुने भएकाले सर्गप्रलयात्मक जगत् स्वीकारमा कुनै प्रकारवाट पनि शव्दप्रामाण्यमा विरोध हुँदैन। किन हुँदैन ? श्रुतिमा नै समान नामरूप देखिन्छन्। जस्तै- सूर्य र चन्द्रमा धाताले पहिले जस्तै बनायो पृथिवी अन्तरिक्ष र द्यु पनि उस्तै बनायो, इत्यादि। श्रुति र ऋषिका नाम वेदोक्त सृष्टि रात्रि बितेपछि त्यस्तै रूपमा ब्रह्माले फेरि दियो इत्यादि स्मृति।

महाप्रलयमा निरन्वय विनाश हुन्छ भन्ने पनि होइन, अनादिभावरूप अनिर्वाच्यअविद्यामा सूक्ष्म र शक्तिरूपले कर्मविक्षेप अविद्यावासना सहित जगत्को सद्भाव छ, यो मान्यता स्मृतिसिद्ध हो, तमोगुणात्मक अज्ञेय भावमा स्थित सवैतिर सुतेजस्तो भनेर चित्रित भएको छ।

सकल वेदादि- प्रपञ्च- मण्डलको ईश्वरबाट सर्गप्रलय हुने कुरा मान्दा संसार-प्रवाहको अनादित्वाभावमा चल्दैन। यस युक्तिद्वारा संसारको अनादिता सिद्ध हुन्छ। अनादित्व-सिद्धि पछि सिद्ध हुन्छ शव्द र अर्थको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिधान र अभिधेयभाव। अनि परमेश्वरद्वारा अनुगृहीत हिरण्यगर्भादि ईश्वर सुतेर उठेको बेलाझैं कल्पान्त व्यवहारको अनुसन्धानमा सक्षम हुन्छन्। आचार्यबाट छात्रले पढे झैं मायावी परब्रह्मबाट उसैको श्वासप्रास वेद पढ्छन्। अनि प्रलयमा परम्पराविच्छेद भएर वेद लुप्त हुने शङ्का कसरी मिल्छ ? अर्थात् उक्त रीतिले चल्ने हुँदा परम्पराविच्छेद हुँदैन। श्रुति पनि त यसबारे 'यो ब्रह्माणम्' इत्यादि रूपको छँदैछ।

उपर्युक्त विषयप्रञ्चनका आधारमा-

क) प्रत्यग् ब्रह्मबाहेक वेदादि सर्वप्रपञ्च,

ख) नित्य र अनित्य भनिने जाति र व्यक्ति,

ग) नित्य एवं शब्दार्थसम्बन्ध सिद्ध हुन्छन्।

आत्मनिश्चय हुनुभन्दा पहिले अविद्याराज्यभित्रै अनादिवेदान्त वाक्यश्रवणजनित प्रत्यग्ब्रह्म अपरोक्ष हुन्छ, अनि हुन्छ अज्ञाननिवृत्ति, त्यसपछि केही रहँदैन, अर्थात् उक्त सर्वप्रपञ्च जातिव्यक्ति र शब्दार्थ सबै नष्ट हुन्छन्। अवशेष केवल आत्मा। यसै अर्थको श्रुति हो 'एकमेवाद्वितीयं ब्रह्म' एकैछ, अद्वितीय छ। यहाँ केही छैन 'नेह नानास्ति किञ्चन' इति।

मध्वादिष्वसम्भवादनधिकारं जैमिनिः ।३१।

देवादिलाई ब्रह्मविद्यामा अधिकार छैन भन्ने पहिलेको कुरा फेरि आएको छ। मधुविद्यामा जसरी अधिकार मनुष्यको छ त्यसरी देवताको छैन। देवताको देवता नहुने हुँदा मधुविद्यामा अधिकार नभएको हो, यो भनाइ जैमिनि आचार्यको हो। वस्वादिदेवतालाई वसुत्वादि फल नमिल्ने हुँदा तिनको अधिकार ब्रह्मविद्यामा छैन। रुद्रको यसै प्रकारबाट बुझ्नुपर्छ।

ज्योतिषि भावाच्च ।३२।

विद्यामात्रमा अधिकार प्रतिषेध गर्ने सूत्र यो हो। आदित्यादि शब्दप्रयोग र ज्ञान लौकिक हुन्। ज्योतिर्मण्डलका निमित्त प्रयोगज्ञान हुने गरेको छ। मण्डल चेतन होइन अनि के अधिकारको कुरा ? अर्थवादवाक्य हुन् विधिशेषतामा तिनमा प्रामाण्य हुन्छ। विधिशेष भएकैले देवतामा विग्रहवत्ता छैन।

उक्त पूर्वपक्षसूत्रमा सिद्धान्त सूत्र छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावन्तु बादरायणोऽस्ति हि ।३३।

पूर्वपक्ष निराकरणका लागि सूत्रको 'तु' शब्द हो। देवादिलाई ब्रह्मविद्यामा अधिकार छ भन्छन् बादरायण। किन छ ? उत्तर छ- 'अस्ति हि' मधुविद्यामा नभए पनि ब्रह्मविद्यामा अधिकार देवादिको छ। अर्थित्वादि त्यहाँ देखिएको छ, इन्द्रप्रजापतिसंवादमा इन्द्रको अर्थित्व स्पष्टै छ। एकतिरको असम्भवले अरूको असम्भव देखाउँदैन। ब्राह्मणलाई राजसूयमा अधिकार नभएकाले ज्योतिष्टोममा पनि अधिकार छैन भन्न मिल्दैन। त्यस्तै मधुविद्यामा अधिकार नभएकाले ब्रह्मविद्यामा पनि छैन भन्न मिल्दैन। श्रुति पनि 'तद्यो देवानाम्' इत्यादिद्वारा देवादिमा ब्रह्मविद्याधिकारिता- प्रदर्शन गर्नेमा छ।

अचेतन र विग्रहवत्त्वका अभावले देवादिको ब्रह्मविद्यामा अनधिकार हो भन्न मिल्दैन। अर्थवादवाक्यमा विग्रहवत्त्वकै प्रतीति हुन्छ, लम्बोदरः शूलपाणिः इत्यादिमा। यूप आदित्य हो यस्ता वाक्य भने गुणवादरूप अर्थवादमा पर्छन्, जहाँ विधिशेष अर्थवाद वाक्य छ त्यस्ता ठाउँमा प्रमाणान्तर विरोधले गुणवाद हुँदैन। मुख्यार्थमा अर्थ टुङ्गिने स्थितिमा गुणवाद मान्नु हुँदैन। त्यसकारण, देवता विग्रहवत्ता गुणवाद होइन। अतः मन्त्रादिबाट विग्रहवती देवता सिद्ध हुन्छ, अब अर्थित्वादि सम्भव हुनाले देवताको पनि ब्रह्मविद्यामा अधिकार उपपन्न छ। देवादिलाई ब्रह्मविद्याधिकार हुंदा नै देवत्व प्राप्तिद्वारा क्रममुक्तिफल दिने उपासना सार्थक हुन्छन्। त्यो नहुने भए त ज्ञान नहुँदा क्रममुक्त्यर्थी देवादिको उपासनामा प्रवृत्ति न होला। अतः अधिकारनिर्णय भएकाले देवादिको प्रवृत्ति क्रममुक्तिसाधनमा हुन्छ भन्ने सिद्ध छ।

इति देवताधिकरणम्।

अपशूद्राधिकरणम् ९

शुगस्य तदनादरश्रवणात्तदाद्रवणात्सूच्यते हि ।३४।

देवादिलाई स्वयं प्रतिभान हुने भएकाले उपनयन नभए पनि ब्रह्मविद्यामा अधिकार स्थापित भयो त्यस्तै पुस्तकादिको स्वयं पठनादिबाट प्राप्त सामर्थ्य भए शूद्रको पनि अधिकार हुनसक्छ, निखिलदुःखशिथिलीकरणपछि नै आनन्दात्मा ब्रह्म बुझिने हो। त्यस्तोमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिकार बन्देजको स्थिति नहुनुपर्छ। उक्त सुखार्थित्व शूद्रमा पनि हुन्छ। शूद्रको यज्ञमा अधिकार छैन भन्ने शास्त्र जस्तै ब्रह्मविद्यामा शूद्रको अधिकार छैन भन्ने शास्त्र छैन। अतः शूद्रको पनि ब्रह्मविद्यामा अधिकार छ भन्ने भावनिराकरणका निमित्त यो अधिकरण हो।

जानश्रुति क्षत्रियराजालाई गाडीवाल रैक्वले शूद्र भनेका छन्। उनलाई लगेका उपहार फर्काउँदै त्यसो भनेका छन्। त्यो प्रसङ्गको श्रुतिगत शूद्रशब्द प्रसिद्ध शूद्र बुझाउन हो कि क्षत्रियादि अशूद्र बुझाउन हो संशय छ। अवयवार्थभन्दा रूढ अर्थ बलवान् हुन्छ। रूढिले प्रसिद्ध अर्थ बुझाउँछ, सामर्थ्यस्थिति पनि त्यस्तै छ। अतः प्रसिद्ध शूद्रको ब्रह्मविद्यामा अधिकार छ। यो पूर्व पक्ष हो।

सिद्धान्तमा यो मान्य छैन। जानश्रुति राजा धेरै उदार, अतिथिप्रिय र बहुवक्ता थिए। यो सबै क्षत्रियबोधक लिङ्ग हो, प्रकरणले पनि जानश्रुतिलाई शूद्र सिद्ध गर्दैन। रैक्वले राजालाई शूद्र भनेको त अवयववृत्तिका हिसावले हो, रूढि का हिसाबले होइन।

अवयववृत्तिको अभिप्राय शूद्रशब्द हो भन्नेमा युक्ति हंस वाक्य सुनेका जानश्रुतिलाई शोक उब्जियो। ज्ञानको प्रसङ्गमा राजाको निन्दा गर्दै गाडीवाला रैक्वको वढाइ, चढाइ गरेको हाँसको कुरा थियो। त्यही हाँसको कुरावाट दिक्क लागेर ब्रह्मज्ञानका लागि रैक्व- वासस्थानमा राजा पुगे, अनि रैक्वले राजालाई शूद्र के गरेको यो ? भनेर अनादर गरे, त्यस्तो अनादरसूचक शब्द सुनेपछि राजामा हंसवाक्य सुनेर उब्जेको शोक झन् बलियो भयो। अनि के भयो त ?

यसको उत्तर- तदाद्रवणात्। अर्थात् तत्- पदले शुक् (शोक), जानश्रुति (राजा) र रैक्व मध्ये कुनै एक लिने। व्युत्पत्तिभेदले तीनवटै अर्थ यहाँ मिल्छन्। क्रमशः व्युत्पत्ति-

शुचं=शोकम्, अभिदुद्राव=प्राप्तवान्, शुचा स्वयमभिदुद्रुवे अर्थात् शोकले उनै राजालाई आक्रमण गऱ्यो। 'शुचा वा करणभूतया रैक्वं गतवान्' अर्थात् शोकले उनी रैक्वलाई भेट्न गए। उक्त तीनै व्युत्पत्तिगत अर्थ राजालाई भनिएको शूद्रशब्दमा ध्वनित छन्। अवयवार्थ मिल्नै ठाउँमा त्यो छोडी रूढिअर्थ गर्न हुँदैन भन्ने कुरा यही आख्यायिका अन्तर्गतको शूद्रशब्दले सूचना गरेको छ- सूच्यते हि। अतः क्षत्रिय नै शोकयुक्त भएकाले त्यसैलाई शूद्रशब्दप्रयोग भएको हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शूद्राधिकारबारे पूर्वमीमांसामैं व्यापक विचार छ। के छ त ? भने अध्यापनसंस्कृत स्वाध्यायबाट प्रभावशाली फल हुन्छ। कर्म र ब्रह्मबोध त्यो फल हो। तद्द्वारा अभ्युदय वा निश्रेयस् अधिकारानुसार हुन्छन्। यसबाट शूद्रको उपनयन हुँदैन र गुरुमुख अध्ययनादि संस्कार हुँदैनन्। त्यसो नहुँदा आफैं पुस्तक पढेर भएको अर्थबोध फलोत्पादनसमर्थ हुँदैन, अनि कसरी होला ब्रह्मविद्यामा सामर्थ्य ? अर्थात् हुँदैन। मूल आधारै न भएपछि अर्थित्व काम लाग्दैन। अतः शूद्र यज्ञमा अधिकृत नभएजस्तै ब्रह्मविद्यामा पनि अधिकृत हुँदैन। सिद्ध भएकै कुरा फेरि चर्चा गर्दा न्यायपूर्वक हुनुपर्छ। वेदाधिकार नभएको शूद्रलाई ब्रह्मविद्याधिकार छैन भन्ने स्वतः सिद्ध छ।

क्षत्रियत्वगतेश्चोत्तरत्र चैत्ररथेन लिङ्गात् ।३५।

पुनरपि- जानश्रुति जातिशूद्र होइन, प्रकरणार्थनिरूपणले जानश्रुतिलाई क्षत्रिय बुझाँउछ। संवर्गविद्या वाक्यशेषमा चैत्ररथी अभिप्रतारी क्षत्रिय थिए, ब्रह्मचारीले उनैको घरमा भिक्षा मागे। कापेय योगले अभिप्रतारी चैत्ररथी हो भन्ने बुझिन्छ। 'कापेयले चित्ररथलाई यज्ञ गराए' भन्ने श्रुति छ। समानवंशमा प्रायः समानवंशकै याजक हुन्छन्। चैत्ररथिनामको क्षत्रपति जन्मियो। यहाँ क्षत्रपतिशब्द क्षत्रियत्वबोधक हो। त्यही क्षत्रपतिका साथै जानश्रुतिको चर्चा छ। त्यसकारण, जानश्रुति क्षत्रिय हो भन्ने जानिन्छ। क्षत्रियऐश्वर्य सम्बन्ध पनि जानश्रुतिको क्षत्रियत्वसूचक हो। उपर्युक्त विवरणले ब्रह्मविद्याधिकार शूद्रमा छैन भन्ने पक्का हुन्छ।

संस्कारपरामर्शात्तदभावाभिलापाच्च ।३६।

फेरि पनि- ब्रह्मविद्यामा शूद्राधिकार छैन, शास्त्रका ठाउँ-ठाउँमा विद्याका लागि उपनयनादिसंस्कार संस्मरण भएको हुन्छ। शूद्रको संस्कार हुँदैन, बरु संस्काराभाव शूद्रमा देखाइन्छ। 'उनको उपनयन गरे'। 'भगवान्, पढाउनुहोस् भनेर निकट भए' इत्यादि अर्थवाला श्रुति उपनयनको निर्देश गर्छन्। 'शूद्रमा पातकता हुँदैन संस्कार गर्नुपर्दैन' भनेर स्मृतिले निर्देश गरेको छ।

तदभावनिर्धारणे च प्रवृत्तेः ।३७।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यवचन बोलेकाले शूद्र होइन भन्ने निश्चय गरेका छन् गौतम ऋषिले। सत्यकामजावालको उपनयनपूर्वक वेदाध्ययनसंस्कार गौतमले गराएका छन्, अब्राह्मण सत्य बोल्दैन भन्ने गौतमको विचार थियो। गौतमको उक्त प्रवृत्ति शूद्रमा ब्रह्मविद्याधिकराभावको सूचक हो।

श्रवणाध्ययनार्थप्रतिषेधात् स्मृतेश्च ।३८।

वेदश्रवण, वेदाध्ययन र वेदार्थज्ञानको प्रतिषेध हुनाले ब्रह्मविद्याधिकार शूद्रमा छैन। स्मृतिबाट पनि ब्रह्मविद्याधिकार शूद्रमा सिद्ध हुँदैन। 'वेद सुनेमा लाहाले कान थुन्दिनु' यो अध्ययनप्रतिषेध हो। जसको नजिक पढ्नु हुँदैन ऊ कसरी अध्ययन गर्ला ? विनाश्रवण अध्ययन हुँदैन। यसै हुनाले अर्थज्ञान र अनुष्ठानप्रतिषेध अर्थसिद्ध छ। शूद्रलाई मति न दिनु 'द्विज बाहेकलाई न पढाउनु त्यसबाट नपढ्नु' जस्ता स्मृति शूद्रमा ब्रह्मविद्याधिकारको निषेध गर्छन्।

पूर्वसंस्कारप्रभावले ज्ञान प्राप्त गरिसकेका विदुर, धर्मव्याध आदि शूद्रयोनिकाहरूलाई निवारण गर्न मिल्दैन र सकिँदैन पनि। चारवर्णका अध्येतालाई शास्त्र सुनाउन हुन्छ, अग्रपङ्क्तिमा ब्राह्मणलाई राख्नुपर्छ महाभारतको यो उक्ति शूद्रादिलाई ज्ञानाधिकार निषेधक होइन। आफ्नो वर्णानुसारको धर्मकर्मानुष्ठानबाट चित्त शुद्धभएपछि ब्रह्मविद्यामा अधिकार शूद्रलाई पनि छ। त्यसो हो भने निषेध किन त ? वेदपूर्वकताको निषेध हो शास्त्रसामान्यमा निषेध होइन।

इति अपशूद्राधिकरणम्।

कम्पनाधिकरणम् १०

कम्पनात् ।३९।

गत दुई अधिकरणमा प्रसङ्गागत विचार हो। अब प्रकृतविचारमा आगमन भएको छ। सबै जगत् प्राणबाट निष्कन्छ, प्राणकै प्रेरणाले चल्छ महद्ब्रह्म नामले चिनिन्छ, भयरूप त्यो हो बज्र लिएर उद्यत छ। यस श्रुतिघटक प्राणशब्द आध्यात्मिक वायु-बोधक हो, वज्रशब्द अशनि-बोधक हो। 'एजृ कम्पने' धात्वर्थ विचार गर्दा सर्वजगत् प्राणाश्रय हो, कम्पन त्यसैबाट भएको हो भन्ने अर्थबोध हुन्छ। प्राणशब्दबाच्य वस्तु वज्र जस्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महाभयहेतु हो । यो अर्थ पनि यहाँ समन्वित छ । अब यसैबारे विचार छ । के हो त्यो प्राण ? के हो त्यो डरलाग्दो वज्र ? दुवैको प्रतिपत्ति भएको छैन, विचारगर्दा प्रसिद्ध पञ्चवृत्त्यात्मक वायु प्राण हो । प्रसिद्धि अनुसार वज्र अशनि हो, यो सबै वायुकै माहात्म्यसङ्कीर्तन हो । जगत् वायुविकार हो अशनि पनि वायुकै बाहिरी परिणाम हो । यसरी स्थापित भएको छ पूर्वपक्ष-

सिद्धान्तवाट उत्तर वायुसहित जगत्- कम्पन गराउने सामर्थ्य भएकाले प्राण यहाँ परमेश्वर हो, पूर्वापरपर्यालोचनले परमेश्वर सिद्ध गर्छ । पहिले त्यो शुक्र अर्थात् चमकिलो तेज हो भनिएको छ, आउने प्रसङ्गमा यसको डरले अग्नि तापक छ भनिएको छ, त्यही कुरा यहाँ पनि सन्निधानतः जगदुद्भवको कारण हो भन्ने प्रतीत हुन्छ । फेरि श्रुत्यन्तरमा प्राणको प्राण भनेर प्राणशव्दले ब्रह्मकै सङ्केत छ, प्रसिद्धि पनि त्यस्तै छ । उपक्रमगत प्रश्न धर्म र अधर्मदेखि अन्यत्रवाट उठेको छ प्रश्नविषय परमेश्वरै हो भन्ने देखाएकै छ । प्राण, अपान दुवैले कम्पन हुँदैन । फलतः कम्पन गराउने परमेश्वरै हो, भयहेतुता त्यसैमा प्रसिद्ध छ, सूर्यले ताप दिने र इन्द्रले आफ्नो काम गर्ने उसैको डरले हो । वज्रशब्द प्रयोग भयहेतुसूचकै हो, अमृतत्वफलश्रवण ब्रह्मभन्दा अन्त घट्तैन अतः प्राण ब्रह्म हो ।

इति कम्पनाधिकरणम् ।

ज्योतिरधिकरणम् ११

ज्योतिर्दर्शनात् ।४०।

सम्प्रसाद यो शरीरबाट उठेर परज्योतिभएर आफ्नो रूपमा निष्पन्न हुन्छ यो विषय छ । ज्योति यहाँ के हो ? चक्षुको तेज हो कि, परब्रह्म हो संशय छ । रूढिका आधारमा प्रसिद्ध तेज हो, पूर्वपक्ष छ ।

सिद्धान्त छ- ज्योतिर्दर्शनात् । परब्रह्म ज्योतिशब्दको वाच्य हो, ज्योतिः प्रकरणमा यसैको अनुवृत्ति धेरै छ । यो आत्मा हो भनेर त्यसमा कुनै पापसम्बन्ध छैन त्यही खोज्नुपर्छ भन्ने छ । यहाँ विचारणीय त्यही हो । म फेरि भन्ने छु यहाँ पहिलेकै विचार्य वस्तु आवृत्त छ, अनुसन्धान त्यसैको भइरहेको छ । त्यसरी अनुसन्धान भइरहेको जुन हो त्यही ज्योति हो, उत्तमपुरुष त्यही हो । अतः ज्योति परमेश्वर हो ।

इति ज्योतिरधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थान्तरव्यपदेशाधिकरणम् १२

आकारोऽर्थान्तरत्वादिव्यपदेशात् ।४१।

'नामरूपले संसारमा अवतरित आकार हो, ती जसभित्र छन् त्यो ब्रह्म हो । त्यो अमृत हो । त्यही आत्मा हो' यो छ विषय । संशय छ, परब्रह्म आकाशा हो कि भूताकाश हो । यहाँ सृष्टि कर्तृत्वादिको चर्चा छैन त्यसैले भूताकाश हो भन्छन् पूर्वपक्षी ।

सिद्धान्ती उक्तपक्ष मान्दैनन्, भन्छन् आकाश यहाँ परब्रह्म हो । किन हो ? अर्थान्तर व्यपदेश हुनाले, 'नामरूप जसभित्र छन् त्यो ब्रह्म हो' यस्तो भङ्गी नामरूपभन्दा पृथक् अर्थ सूचनका लागि हो । जति छन् विकारजनित सबै नामरूपवाला छन् तीभन्दा अन्य ब्रह्मबाहेक अर्को हुन सक्तैन, अमृतत्वादि ब्रह्ममा हुने हुन् अन्त हुँदैनन्, अर्थात् भूताकाशमा हुँदैनन् । अतः नामरूपभन्दा पृथक् ब्रह्म हो । यो आकाशस्तल्लिङ्गात्को प्रपञ्च हो ।

इति अर्थान्तरव्यपदेशाधिकरणम् ।

सुषुप्त्युत्क्रान्त्यधिकरणम् १३

सुषुप्त्युत्क्रान्त्योर्भेदेन ।४२।

'प्राणमा विज्ञानमय पुरुष छ' श्रुति यो छ । उक्त पुरुष संसारी वा परब्रह्म के हो ? संशयमा पूर्वपक्ष छ 'प्राणेषु' यो जीवलिङ्ग हो, जीवलिङ्गता संसारीमा हुन्छ विज्ञानमय त्यस्तै हुनाले संसारी हो ।

त्यसो होइन परमेश्वर नै हो विज्ञानमय सिद्धान्तमा । यसमा हेतु छ- व्यपदेशात् । व्यपदेशको अनुवृत्ति पूर्वसूत्रबाट भएको छ । सुषुप्ति र उत्क्रान्ति दुवैमा शरीर र परमेश्वरको भेद आख्यान छ । 'प्राज्ञ आत्मामा सम्परिष्वक्त हुँदा बाहिर भित्र केही थाहा पाउँदैन' यो हो सुषुप्ति अवस्थाको भेदप्रदर्शन । 'यो शारीर आत्मा प्राज्ञआत्माले अन्वारूढ हुँदै पहिलेको ठाउँ छोड्दै जान्छ' यो भनाइ हो उत्क्रान्तिवेलामा भेदप्रदर्शनका लागि । जीवलिङ्ग संसारित्वप्रतिपादक हो भन्ने कुरा ठीक होइन । संसारित्वरूपको अनुवाद मात्र हो । त्यसको एकता परब्रह्ममा छ, यहाँ भन्न खोजेको त्यही हो । किन हो त ? ध्यानगरे जस्तो, चञ्चल जस्तो उत्तर श्रुति छ, ती श्रुतिले विज्ञानमयमा संसारित्वधर्मको निराकरण गरेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्यादिशब्देभ्यः ।४३।

विज्ञानमय आत्मा असंसारी हो, त्यसका लागि हेत्वन्तर- 'त्यो आत्मा सबैको वशी (स्वतन्त्र), ईशान- (आफ्ना अधीनकालाई नियन्त्रण गर्न सक्ने), सबैको अधिपति (स्वाधीन, स्वनियम्य सबैको पालन गर्न सक्ने) अर्थात् अन्तर्यामी हो ।' त्यसैले असंसारी हो । 'राम्रो कामले ठूलो र नराम्रो कामले सानो' हुने पन त्यसमा छैन । इत्यादि श्रुतिद्वारा संसारित्वधर्मको निषेध भएकाले असंसारी परमेश्वर नै विज्ञानमय हो ।

इति सुषुप्त्युत्क्रान्तिअधिकरणम् ।

प्रथम अध्यायको तृतीय पाउ सकियो ।

प्रथम अध्यायको चतुर्थपाद

सबै वेदान्तवाक्यबाट बुझिने ब्रह्म हो । त्यही परमकारण हो, प्रधान होइन । वाक्यतः प्रधानकारणता प्रतीत न भए पनि कुनै शाखामा प्रधानसमर्पक पद देखिन्छन् । यो स्थितिले सर्वज्ञ ब्रह्म नै कारण हो भन्ने यथार्थता बिग्रन सक्ला यस्तो शङ्का, प्रधानप्रतिपादकपदको अन्यपरता प्रतिपादन गर्दै, निराकरणार्थ चौथो पाउ आरम्भ हुन्छ ।

आनुमानिकाधिकरणम् १

आनुमानिकमप्येकेषामिति चेन्न शरीररूपकविन्यस्तगृहीतेर्दर्शयति च ।१।

कठवल्लीमा छ- इन्द्रियभन्दा अर्थ पर, अर्थभन्दा मन पर, मनभन्दा बुद्धि पर, वुद्धिभन्दा महत्, महत् भन्दा पर अव्यक्त, त्यसभन्दा पर पुरुष, पुरुषभन्दा पर केही छैन यो विषय । यहाँ सशंय महत् भन्दा परको अव्यक्तबाट प्रधान हो कि शरीर ? के बुझ्ने । उत्तर छ- अनुमानबाट सिद्ध बुझ्ने । अनुमानबाट प्रधानसिद्ध हुन्छ । शब्द जस्तै उपलब्ध हुन्छ कुनै शाखामा प्रधान । किनकि, उक्त श्रुतिभित्रको अव्यक्तपद प्रधानवाचक हो शरीर होइन, शरीर त व्यक्त छ । महत् अव्यक्त पुरुष साङ्ख्यस्मृतिसिद्धान्तका हुन्, यिनकै परापरभावमा प्रतिपादन उक्तश्रुतिबाट भएको हो, प्रत्यभिज्ञान पनि त्यस्तै हुन्छ, यो अभिप्राय पूर्वपक्ष को हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक्त पूर्वपक्षमा दोषदेखाउँदै भन्छन् अर्थात् होइन- 'शरीररूपकविन्यस्तगृहीतेः।' कठवल्ली श्रुतिको अव्यक्तपद प्रधानप्रतिपादक होइन, किनभने, शरीरलाई अव्यक्त भनेर रथभावमा रूपक गरिएको छ, प्रधानलाई छैन, प्रकरण-परिशेषले यो अर्थ बुझ्नुपर्छ।

उक्त कुरा देखाएकैछ, 'दर्शयति च।' अतीत र अनन्तर ग्रन्थपर्यालोचनबाट उक्त प्रसङ्ग सिद्ध छ। आत्मा रथी, शरीर रथ र बुद्धिलाई सारथि मान, लगाम इन्द्रिय, पुग्नेस्थान विषय, इन्द्रियमनयुक्त आत्मा भोक्ता हुन् र यसरी रथकल्पना निश्चित छ। अश्वादिभावमा यहाँ जे जे लिइएका छन् तिनको पनि ग्रहण गर्नुपर्छ। इन्द्रिय, मन, बुद्धि आफ्नै शब्दद्वारा वरपर भावमा सङ्कीर्तित छन्। पुरुष शब्द आत्माका लागि प्रयुक्त छ, बुद्धि र महत् एक रूपमा रथकल्पनाका लागि प्रयुक्त छन् बुद्धि भनेर। भेदकल्पनामा भने हाम्रो बुद्धिका अपेक्षा हिरण्यगर्भ बुद्धि पर हो त्यसका लागि श्रुतिले नै 'महान् परः' भनेकै छ। अब बाँकी रह्यो शरीर, त्यसैलाई बुझाउन यहाँ अव्यक्त शब्द प्रयोग भएको हो। स्मृतिप्रसिद्धि भन्दा श्रुतिप्रसिद्धि शब्दवाक्का लागि सन्निहित हो। अतः साङ्ख्यस्मृतिप्रसिद्ध महदादि अव्यक्तको प्रत्यभिज्ञान सम्भव छैन, अनि प्रधानकारणतावाद सम्भव नहुने स्वतः सिद्ध छ।

प्रकरण र परिशेषका आधारमा अव्यक्त शरीर होला। शरीर त स्पष्ट छ अनि कसरी हुन्छ त्यो अव्यक्त ? यसको उत्तर-

सूक्ष्मन्तु तदर्हत्वात् ।२।

सूत्रको 'तु' ले उक्त शङ्का- व्यावर्तन गर्छ। सूक्ष्म यहाँ कारणात्मना शरीर हो। अव्यक्तशब्दले त्यसको आख्यान हुन्छ। स्थूलशरीर अव्यक्त नभनिए पनि तदारम्भक भूतसूक्ष्म अव्यक्तशब्दबाट जान्न योग्य 'हुन्छ। प्रकृतिशब्द विकारवाची हो, जस्तै 'सोममा गो मिसाओस्' अर्थवाला श्रुति छ। यहाँ गोको अर्थ गोविकार दूध हो। त्यस्तै 'पहिले अव्याकृत थियो 'श्रुतिको अर्थ नामरूपात्मक विकारभावमा नआएको बीजभावमा थियो भन्ने हो, बीजावस्थाका वस्तुलाई अव्यक्त भन्नु असङ्गत होइन। अतः शरीर अव्यक्त हो।

त्यसो भए जगत् पूर्वावस्था प्रधान हो भन्ने माने पनि भयो। अब प्रधानकारणतावाद होइन त ? होइन। सूत्रद्वारा या सूत्रात्मक रूपमा–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदधीनत्वादर्थवत् ।३।

अनभिव्यक्तनामरूप बीजात्मना प्रागवस्थान जगत् कारण हो; तर त्यो साङ्ख्यपरिकल्पित प्रधान जस्तो स्वतन्त्ररूपमा जगदाकारले परिणाम हुँदैन । किन हुँदैन ? तदधीनत्वात् त्यसको अधीन भएकाले । तत् शब्द यहाँ उदाहरणमा आएको पुरुष बुझाउँन हो। अचेतन प्रधानको स्वतः प्रवृत्ति पनि त हुँदैन ।

फेरि स्वतन्त्रमहिमपुरुष प्रकृतिको अपेक्षा नगर्ला, त्यसस्थितिमा अव्यक्त किन ? चाहिए पनि अव्यक्त उपकारी नहोला यसको उत्तरमा सूत्र पर्छ 'अर्थवत्'। अर्थ यहाँ अव्यक्त वा माया हो शक्ति त्यही हो परमेश्वराश्रित नै हुन्छ, पृथक् रहँदैन । माया वा शक्ति नभई कार्यमा प्रवृत्ति हुँदैन । अविद्यात्मिका त्यही बीजशक्ति अव्यक्त शब्दनिर्देश्या परमेश्वराश्रया मायामयी सत्व असत्त्व र सत्त्वासत्वबाट निर्वचन न हुने भावरूपा हो । त्यो अनिर्वचनीया माया अनादि हो, ब्रह्मैकत्व ज्ञानबाट दाह अर्थात् निवृत्ति वा बाध भएपछि संसार निवृत्त हुन्छ । त्यसैले मुक्तात्मा संसारमा जन्मदैन ।

ज्ञेयत्वावचनाच्च ।४।

फेरि पनि अव्यक्तशब्दवाच्य प्रधान होइन, ज्ञेयत्वमा प्रधान परिगणित हुँदैन । साङ्ख्य प्रधान ज्ञेय हो भन्छन्, गुणज्ञान र पुरुषान्तर ज्ञान उनको सिद्धान्तमा कैवल्य हेतु हो । कहीँ भने अणिमादि विभूतिप्राप्तिका लागि प्रधानलाई ज्ञेय मान्नु पर्छ भन्ने छ ।

वदतीति चेन्न प्राज्ञो हि प्रकरणात् ।५।

शब्द- स्पर्श- नरहने श्रुतिवचन प्रधानकै आख्यान गर्छन् । ज्ञेयरूपमा भन्ने छन् तर त्यो होइन, किनभने, यहाँको प्रकरण प्राज्ञको हो त्यसैलाई ज्ञेय निर्देश गर्छ । के छ त प्रकरणमा ? पुरुषभन्दा पर केही छैन भनेर प्राज्ञ आत्माकै विस्तार यहाँ छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रयाणामेव चैवमुपन्यासः प्रश्नश्च ।६।

पुनरपि अव्यक्तशब्दवाच्य प्रधान होइन, ज्ञेय पनि होइन । अग्नि, जीव र परमात्मा तीन वर नचिकेतालाई यमले दिएका छन् र ती मध्ये पहिलो प्रश्न अग्निविषयक छ, दोस्रो जीवविषयक र तेस्रो परमात्मविषयक छ । पहिलाको उत्तर लोकादि अग्नि हो भन्ने छ, दोस्रोको उत्तरमा छ गुह्यब्रह्मोपदेश र तेस्रोको विद्वान् ज्ञानीको जन्ममरण हुँदैन । परमात्मा त्यसदेखि अभिन्न हो भन्ने उत्तर छ । अविद्यापरिकल्पित जीवप्राज्ञभेदापेक्षया सूत्रयोजन गर्नुपर्छ । आत्मा एकै भए पनि संसारावस्थामा भेद निवृत्त हुँदैन, प्रयाणमा देहातिरिक्त आत्मास्तित्वमात्रमा विचिकित्सा रहन्छ त्यसकारण, प्रश्नमा जीवविषयत्व रहने नै भयो उत्तरमा भने धर्मादि असंसर्गी आत्मा भन्नुपर्छ त्यो कुरा प्राज्ञआत्मामा घट्छ अन्यत्र घट्तैन । त्यसैले अग्नि-जीव- परमात्मकल्पना उपयुक्त छ, प्रधान कल्पनामा त वरप्रदान, प्रश्न तथा प्रतिवचन केही मिल्दैन । अतः प्रधानकारणतावादमा विषमता हुन्छ ।

महद्वच्च ।७।

साङ्ख्यले सत्तामात्रमा महत्शब्द प्रयोग गर्छन् वैदिकले पनि त्यसै गर्नुपर्छ भन्ने छैन, बुद्धिभन्दा महान् आत्मा पर छ महान् र विभु आत्मा हो, महापुरुष म जान्दछु इत्यादि श्रुति आत्मशब्दप्रयोगमा समर्पित छन् । त्यस्तै अव्यक्तशब्द वैदिक प्रयोगमा प्रधानवाचक होइन, अतः आनुमानिक अर्थमा शब्द प्रमाण छैन ।

इति आनुमानिकाधिकरणम् ।

चमसाधिकरणम् २

चमसवदविशेषात् ।८।

श्वेताश्वतरश्रुति 'अजा एकै हो' भन्ने छ । साङ्ख्यका आधारमा अजा प्रकृति हो अथवा छान्दोग्यका आधारमा तेज, अन्न, जलात्मिका प्रकृति हो, यो संशयमा लोहितशुक्लकृष्ण अर्थात् सत्त्वरज़स्तमको साम्यावस्थारूप प्रधानको हुन्छ ग्रह, यो छ पूर्वपक्ष ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्त यहाँ साङ्ख्यप्रसिद्ध प्रकृति प्रतीत हुँदैन, किन हुँदैन ? तल प्वाल माथि ठूलो भएको चमस हो 'अर्वाग्विल चमस ऊर्ध्वबुध्न:' यो मन्त्रमा कथञ्चित् अर्वाग्विलको अर्थ बुझे पनि, यो नामको चमस हो भन्ने निश्चय कहीं छैन, अजामन्त्रको स्थिति त्यस्तै हो ।

त्यसो भए अनिश्चयरूप अप्रामाण्य हुने भयो अजामन्त्रमा, तर, त्यस्तो हुँदैन । सूत्र छ-

ज्योतिरुपक्रमा तु तथा ह्यधीयत एके ।९।

परमेश्वरबाट उत्पन्न तेज, जल, पृथिवी चार भूतसमूहको कारणभूता अजा यहाँ बुझ्नु पर्छ । सूत्रको तुशब्द अवधारणार्थ हो, अजा भूतत्रयलक्षणा हो, गुणत्रयलक्षणा होइन । किन होइन ? उत्तर छ, 'तथा ह्यधीयत एके' सामवेदी तेज, जल, अन्नको उत्पत्ति परमेश्वरबाट भएको भन्छन् । तिनकै रोहितादिरूपको चर्चा गर्छन् । रोहितरूप तेजको शुक्ल जलको र कृष्ण अन्नको रूप भनेर अन्यत्र अतिदेश गर्छन् । स्मृतिप्रसिद्ध भए पनि सन्निधान श्रुतिकै हुन्छ । साङ्ख्य- स्मृति दुर्बल हुन्छ श्रुति अपेक्षया । अत: छान्दोग्यवाक्यबाट निर्णय हुन्छ ।

तिनवटाको एकता प्रकृति हुने भयो, अजाकार्य हुँदैमा अजा हुन सक्तैन । त्यस्तै तेज, जल, अन्नमा अजाशब्दको यौगिक अर्थ मिल्दैन । छागमा रूढ पनि छैन, यो पक्षमा अग्रिम प्रसङ्ग छ-

कल्पनोपदेशाच्च महदादिवदविरोध: ।१०।

अजाकृतिनिमित्तक अजाशब्द होइन, यौगिक पनि होइन, सुखबोधका लागि कल्पनोपदेश हो । 'मध्वादिवत्' उदाहरणप्रदर्शन हो । आदित्य देवमधु हो मा आदित्यमा मधुत्वकल्पना छ 'वाक् धेनुको उपासना गर' वाक्मा धेनुत्वको परिकल्पना छ । त्यस्तै यहाँ पनि अनजालाई अजात्व कल्पना हो, अत: तेज, जल, अन्नमा अजाशब्द प्रयोगको विरोध हुँदैन ।

इति चमसाधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सङ्ख्योपसङ्ग्रहाधिकरणम् ३

न सङ्ख्योपसङ्ग्रहादपि नानाभावादतिरेकाच्च ।११।

'यस्मिन् पञ्चजनाः' जहाँ पञ्चजन छन् यो वृहदारण्यकोपनिषद् हो । यहाँ पञ्चजन मन्त्रमा परेका पदार्थ साङ्ख्यशास्त्रोक्त तत्त्व हुन् कि श्रुतिप्रसिद्ध प्राणादि ? यो संशय छ । यहाँ पञ्चशब्द दुई पटक श्रुत छ, पञ्चसङ्ख्याविषयक अरू पञ्चसङ्ख्या अर्थात् पाँचलाई पाँचले गुणन गर्दा आउने अङ्क पच्चीस हुन्छ त्यो सङ्ख्या 'मूल प्रकृति' इत्यादि साङ्ख्योक्त पच्चीस तत्त्व हो । यो छ पूर्वपक्ष ।

सिद्धान्त छ- 'सङ्ख्योपसङ्ग्रहादपि' अर्थात् सङ्ख्याको आधारको निर्णयमा शब्दप्रामाण्य छैन । किन छैन ? नानाभावात् अर्थात् तत्त्वका नानारूप छन् यसको अर्थ यसरी बुझ्नुपर्छ- पाँचलाई पाँचले गुणन गरेर पच्चीस पुऱ्याउने वारे कुनै युक्ति तथा प्रमाण छैन । आत्मा र आकाशदेखि भिन्न भएकाले पच्चीस सङ्ख्या बुझिँदैन । पच्चीस सङ्ख्याको आधार आत्मा हुनुपर्छ । प्रतिष्ठाका प्रति आधारत्वेन निर्देश आत्माको छ । 'यस्मिन्' सप्तमीविभक्ति निर्दिष्ट आत्मानै 'तमेव मन्ये' को 'तम्' ले आत्माकै परामर्श अर्थात् अनुकर्षण हुन्छ । आत्मा पनि पच्चीस तत्त्वभित्रै पर्छ, अर्को आत्मा छैन अब एकै आत्मा आधार र आधेय कसरी हुन सक्छ ? आत्मा अर्को छ भन्ने हो भने अपसिद्धान्त हुन्छ । अतः 'दिक्संख्ये संज्ञायाम्' (२।१।५०) पाणिनि सूत्रानुसार विशेषस्मरणवाट पञ्चजन संज्ञाका पाँच भन्ने सिद्ध छ । ती पाँच संज्ञाका संज्ञी के हुन् ?-

प्राणादयो वाक्यशेषात् ।१२।

प्राण, चक्षु, श्रोत्र, मन र अन्न पञ्चजन हुन् । कसरी हुन् ? 'यस्मिन् पञ्चजना' 'यो वाक्यपछि प्राणस्य प्राणम्' प्राणको पनि प्राण इत्यादि वाक्यशेष हो । जनसम्वन्धले जन भनिएको हो । पञ्चजन वारे पक्षान्तर धेरै छन्, तथापि सूत्र र भाष्यकारको अभिप्राय उक्त प्राणादि पाँचमै वुझिन्छ त्यसैले त प्राणपदघटितसूत्रको प्रणयन भएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्योतिषैकेषामसत्यन्ने ।१३।

एकथरि काण्वशाखी पाँचौं सङ्ख्यामा ज्योति भन्छन् ती पनि पञ्च-जनाः इत्यादि मन्त्रान्तमा 'तं देवाः ज्योतिषां ज्योतिः' पढ्छन् । किन त्यस्तो त ? काण्व र माध्यन्दिन पाठभेदले त्यो हुने हो, काण्वमा पाँचौं ज्योति हो भने माध्यन्दिनपाठमा यथाश्रुत विवरण ठीक छ, अतः कतै विरोध छैन ।

इति सङ्ख्योपसङ्ग्रहाधिकरणम् ।

कारणत्वाधिकरणम् ४

कारणत्वे नचाकाशादिषु यथा व्यपदिष्टोक्तेः ।१४।

प्रधानमा शब्दप्रमाण नभएको निश्चित भए पनि वेदान्तले ब्रह्मबोध गराउँछ भन्ने निश्चित गर्न सकिँदैन, सृष्टिवादी श्रुतिमा परस्पर विरोध देखिन्छ, 'आत्माबाट आकाश भयो' आकाशादि सृष्टि कतै कहीँ भने 'तेज सृष्टि भयो' तेज आदि र ईश्वरले यी लोक सृष्टि गऱ्यो, जस्ता अभिव्यक्ति । यस्तो अन्योलमा सजिलो त प्रधान मान्दा हुन्छ, अतः जगत्कारण प्रधान हो, यो छ पूर्वपक्ष ।

सिद्धान्त छ- आकाशादि सृष्टिमा विमति भए पनि त्यो क्रममात्र हो, सृष्टिकर्तामा कतै विरोध छैन । किन छैन ? कुनै वाक्यमा सर्वज्ञ सर्वेश्वर परमात्मा एक अद्वितीय जगत्कारण हो भन्ने निर्देश छ, अर्को वाक्यमा जगत्कारण त्यस्तै निर्देश भएको हुन्छ । यसबारे सूत्रकार स्वयं नै प्रतीयमान विरोध परिहारमा प्रवृत्त हुनेछन् 'न वियदश्रुतेःसूत्रद्वारा ।

उक्तसूत्रद्वारा कार्यविषयक विमति निराकरण भए पनि कारणविषयक विमति असद् नै पहिले थियो जस्ता वाक्यले उद्बोध गराउँछन्, त्यसको परिहारमा सूत्र-

समाकर्षात् ।१५।

'असत् पहिले थियो' यो प्रसङ्गमा पूर्व प्रकृत जुन सत् थियो त्यसैको हुन्छ समाकर्ष । यसबाट बुझ्नु पर्छ असत् कारण हुँदैन । तैत्तिरीयश्रुति असत् जस्तो हुन्छ 'असत् ब्रह्म बुझ्यो भने त्यसो हुँदा आत्मा सत् हो' छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो श्रुति सत् नै ब्रह्म भन्नेमा अभिप्रेत छ। छान्दोग्यको 'असत् नै पहिले थियो' वाक्यमा उक्त रीतिबाटै अर्थनिष्कर्ष प्रक्रिया समायोजन हुन्छ त्यसो गर्दा पूर्व प्रकृति सत् को नै समाकर्ष हुने हो। असत् शव्दप्रयोग त अव्याकृतकारणत्वाभिप्रायक हो। अतः ब्रह्मकारणतावाद सबै वेदान्त वाक्यको हो।

इति कारणत्वाधिकरणम्।

बालाकि अधिकरणम् ५

जगद्वाचित्वात् ।१६।

कौषीतकिब्राह्मणमा 'यी पुरुषको कर्ता जसको यो कर्म' यो वाक्य छ। यहाँ जान्नुपर्ने के हो ? जीव मुख्यप्राण परमात्मा मध्ये कुनै होला भन्ने संशय छ। परिस्पन्दरूप व्यापार प्राणमा सम्भव छ। तदर्थ जान्नुपर्ने प्राण हो। 'जसको यो कर्म' अनुसार धर्मरूपव्यापार जीवमा सम्भव छ। अतः जीव जान्नुपर्ने हो, यो छ पूर्वपक्ष।

सिद्धान्त छ- परमेश्वर नै पुरुषको कर्ता हो। किन ? उत्तर 'जगद्वाचित्वात्' जगत्कर्ता परमेश्वर हो र जगत् भित्रकै पुरुष पनि हो। 'जसको यो कर्म' यहाँ पनि 'क्रियते इति कर्म' यो व्युत्पत्ति अनुसार कर्म जगद्वाची हो, त्यसैले कर्म चलनात्मक होइन। अपूर्ववाची पनि होइन, पुरुषमात्रको कर्ता हो भन्ने भ्रमनिराकरण गर्न प्रत्यक्ष जगत्कै कर्ता भन्नुपरेको हो। परमेश्वर त सर्वजगत्को कर्ता हो, यो अभिमत सबै वेदान्तको हो।

जीवमुख्यप्राणलिङ्गान्नेति चेत्तद्व्याख्यातम् ।१७।

यसै प्रकरणको वाक्यशेषमा 'यो प्रज्ञात्मा नै कारणद्वारा भोग गर्छ। यो जीवपरक वाक्य हो, 'प्राण सबै एकै हुन्छन्' यो प्राणपरक वाक्य हो। त्यसैले जीव र प्राण यहाँ वेदितव्य हुन् भन्ने पूर्वपक्षमा समाधान छ- 'तद्व्याख्यातम्'। 'नोपासात्रैविध्यादाश्रितत्वादिह तद्योगात्' यहाँ जीव र प्राण वेदितव्य होइनन् भनिएको छ। उपक्रमोपसंहारादि षड्विधअर्थतात्पर्यनिर्णय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिङ्गले जीव वा प्राणमा वेदितव्यता देखाउँदैन, ब्रह्ममा देखाउँछ। वेदितव्यता जान्ने योग्यता हो।

अन्यार्थन्तु जैमिनिः प्रश्नव्याख्यानाभ्यामपि चैवमेके ।१८।

जीवप्रधान यो वाक्य हो वा ब्रह्मप्रधान भनेर विवाद गर्नु आवश्यक छैन। किनभने, 'अन्यार्थ' अर्थात् जीवपरामर्श ब्रह्म बुझ्न हो। उपर्युक्त श्रुति वाक्यमा जीवपरामर्श ब्रह्म बुझ्न हो भन्ने मान्यता जैमिनि आचार्यको छ। पुनश्च एके अर्थात् वाजसनेयिशाखाका प्रश्नप्रति वचन छ सुप्तपुरुषलाई उद्देश्यगरी निदाएको वेला कहाँ थियो' बिउँझेपछि कहाँबाट आयो ? प्रश्नद्वयको उत्तर 'भित्री हृदयमा थियो, त्यहींबाट आयो' भन्नेछ, त्यो ब्रह्म हो। आकाश शव्द ब्रह्मबोधक कसरी हो भन्ने विवेचन दहराधिकरणमा भइसकेको छ।

इति वालाकि अधिकरणम्।

वाक्यान्वयाधिकरणम् ६

वाक्यान्वयात् ।१९।

'वृहदारण्यकश्रुति- 'आत्मदर्शन हुनुपर्छ' भन्ने छ। यहाँ आत्मशव्द जीववाची हो कि परमात्मवाची हो। 'पतिका निमित्त पति प्रिय भएको होइन' इत्यादि वाक्यमा काममूलकप्रियत्व चर्चित छ त्यो संसारमैं हुन्छ। अतः द्रष्टव्य जीवात्मा हो ; यो छ पूर्वपक्ष।

सिद्धान्तले यसलाई परमात्मोपदेश मान्छ। किन परमात्मोपदेश ? वाक्यान्वयात्। प्रकरणगत अर्थ पौर्वापर्यआलोचनबाट आउँछ, आपाततः आउँदैन। पहिले भनिएको छ धनबाट अमृतभावको आशै गर्नुपर्दैन उपक्रम यहींवाट छ। उपसंहार छ 'यतिसम्म त अमृतभाव'। जीवात्मतत्त्वज्ञानबाट अमृतभाव हुँदैन। अतः द्रष्टव्य परमात्मा हो।

पुनरपि प्रियसंसूचित उपक्रमले विज्ञानात्मा द्रष्टव्य हो भन्ने पूर्वपक्षमा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिज्ञासिद्धे लिंङ्गमाश्मरथ्यः ।२०।

'जुन जानेपछि सबै जानिन्छ' यो प्रतिज्ञासिद्धि सूचन गर्छ प्रियसंसूचित आत्मा द्रष्टव्य हो भन्ने सङ्कीर्तनरूपलिङ्गले । विज्ञानात्मा र परमात्माको भेद भए पनि अभेदांश लिई परमात्मामा आफ्नो बुद्धिवृत्ति स्थिर गर्न सक्नुपर्छ, त्यसैले विज्ञानात्माबाट उपक्रम भएको हो । यो विचार आश्मरथ्यको हो ।

उत्क्रमिष्यत एवं भावादित्यौडुलोमिः ।२१।

उपाधिसम्पर्कसन्दूषित विज्ञानात्मा ज्ञानध्यानादिसाधनानुष्ठानबाट सम्प्रसन्न हुन्छ । त्यस्तो जीवात्मा उत्क्रमित हुँदा परमात्मभावमा पुग्छ । पछि हुने अभेदलाई लिई भेदकालमा पनि अभेद उक्ति हो भन्छन् औडुलोमि आचार्य । 'यसबारे 'एष सम्प्रसादः' इत्यादि छान्दोग्य श्रुति र 'परात्परं पुरुषमुपैति दिव्यम्' मुण्डकश्रुति अग्रसारित गर्छन् ।

अवस्थितेरिति काशकृत्स्नः ।२२।

परमात्मा नै विज्ञानात्मभावमा अवस्थित छ । अनि त विज्ञानात्मा र परमात्माको अभेदेन उपक्रम हुनु उपयुक्त हो काशकृत्स्नआर्चायका विचारमा । 'आत्मा नै जीवरूपमा प्रवेश' छान्दोग्य श्रुति उक्त काशकृत्स्नमतको पोषक हो, पुनरपि कार्यकरणन्यायद्वारा भेदाभेद स्वीकार गर्दा विकार वा कार्यकारण सम्बन्धमा लय हुने प्रसङ्ग आउँछ त्यसो हुँदा ज्ञानबाट अमृतत्व घट्नसक्तैन । काशकृत्स्नमतमा त अविद्यासिद्ध भोगाधिकारी आत्मा विज्ञानात्मा हो । त्यसैको अनुवाद गर्दै त्यही विज्ञानात्मा उपाधिविलय पछि ब्रह्म हुन्छ भनिएको छ । त्यसमा अमृतत्वसिद्धि स्वरसतः हुन्छ भन्ने सिद्ध छ । अतः उक्त तीन मतमध्ये काशकृत्स्नमत श्रुत्यनुसारी हो भन्ने बुझिन्छ ।

प्रस्तुत अधिकरण तीन पूर्वपक्ष समाधानार्थ प्रवृत्त छ । तीन पूर्वपक्ष हुन्- जीवात्माबाट उपक्रम, शरीरबाट समुत्थान हुने परमेश्वर हो भन्ने श्रुतिअनुसार जीवपरमात्माको अभेदाभिधान र विज्ञातृशब्दको अर्थविचार । उक्त तीन पक्षमध्ये पहिलो विचार प्रस्तुत भएकै छ । दोस्रोको समाधान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शाङ्करभाष्य 'यदपि उक्तम्' इत्यादिबाट भएको छ। तृतीयपक्ष त्यस्तै पक्षबाट 'यदपि उक्तम्' भन्दै समाधान भएको छ। उक्त तीनैपक्षको समाधान त्रिसूत्रीभाष्यमा स्पष्ट छ, भाष्यरत्नप्रभा र न्यायनिर्णय टीकासमेतको अध्ययन भए अझ सुबोध हुन सक्छ। धेरै विस्तार हुने भयले यहाँ सङ्ग्रह हुन सकेन। विशेषजिज्ञासुका लागि आकरशास्त्र छँदैछन्।

इति वाक्यान्वयाधिकरणम्।

प्रकृत्यधिकरणम् ७

प्रकृतिश्च प्रतिज्ञादृष्टान्तानुपरोधात् ।२३।

जगत्कारणप्रतिपादक जति वेदान्त वाक्य छन् ती सबै यहाँ विषय हुन् जन्माद्यस्यबाट लक्षित ब्रह्म निमित्तकारण हो कि, उपादान, निमित्त दुवै हो ? 'ईक्षण गर्छ' श्रुति अनुसार निमित्त कारण हो, पूर्वपक्षसमाहित छ।

सिद्धान्तपक्षबाट प्रकृति अर्थात् उपादान कारण पनि हो, सूत्रघटक चशब्द- सूचित समुच्चय अर्थ उक्तार्थ निर्धारक हो। त्यति मात्र होइन प्रतिज्ञा र दृष्टान्तका अनुपरोधले पनि ब्रह्ममा उपादानता सिद्ध छ।

प्रतिज्ञा छ- 'जुन जानेपछि अश्रुत श्रुत हुन्छ, अमत मत हुन्छ' हत्यादि। दृष्टान्त छ- 'एउटा माटाको डल्लो जानेपछि सबै माटो जानिन्छ।' अब निमित्तकारण मात्र मान्ने हो भने प्रतिज्ञा र दृष्टान्तको उपरोध होला। उपादेय उपादान जस्तै हुन्छ, कार्यजातको उपादान जानेपछि उपादेय जानिन्छ। सर्वकार्यको उपादानज्ञान ब्रह्मज्ञान प्रक्रियाभित्र पर्छ, ब्रह्म उपादान बुझेपछि प्रतिज्ञा को समर्थन भयो, दृष्टान्तको उपरोध पनि भएन।

ब्रह्म उपादान हो भन्ने माने पनि निमित्तकारण अर्कै माने राम्रो भन्न सकिँदैन, पहिले प्रतिज्ञा र दृष्टान्तको उपरोध हुन्छ। अधिष्ठाता अर्को न हुनाले ब्रह्म निमित्तकारण हो, अधिष्ठाता अर्को नहुनाले नै ब्रह्म कर्ता हो, उपादानान्तरको अभावले ब्रह्म प्रकृति अर्थात् परमकारण हो।
आत्मा कर्ता कसरी होला ? भन्नेमा चार सूत्रहरू-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिध्योपदशाच्च ।२४।

अभिध्योपदेश अर्थात् सृष्टिसङ्कल्प । 'आत्माले कामना गऱ्यो, धेरै हूँ, जन्मियूँ' 'उसको ईक्षण भयो धेरै हूँ, जन्मलिऊँ'। यी आफूखुसी स्वतन्त्ररूपका सङ्कल्प हुन् । उक्त दुवै सङ्कल्पबाट ईक्षणात्मा अभिध्यानको अवगति हुन्छ । 'वहु स्याम्'- धेरै हूँ, यो अभिध्यान प्रत्यगात्मविषयक हो, यहाँ वहुभवन प्रत्यगात्माकै संझनु पर्छ । अतः प्रकृति पनि हो, ब्रह्म पनि हो ।

साक्षाच्चोभयाम्नानात् ।२५।

प्रकृति हो भन्नेमा थप प्रमाण-ब्रह्मलाई साक्षात्कारण भनेर उभयोः प्रभवप्रलययोः अर्थात् उत्पत्ति र प्रलयको चर्चा गरिन्छ । 'सर्वभूतको उत्पत्ति आकाशवाट हुन्छ, आकाशमै विलाउँछन्' । 'जनिकर्तुः प्रकृतिः' (१।४।३०) यस पाणिनिसूत्रानुसार 'आकाशात्'को पञ्चमी विभक्ति उपादान अर्थमा प्रयोग भएको हो । जहाँबाट उत्पन्न हुन्छ, जहाँ लीन हुन्छ, त्यसको त्यही उपादान कारण हुन्छ, यो कुरा प्रसिद्धै छ, जस्तै धान, जौ आदिको पृथिवी । साक्षात् भन्नाले उपादानान्तर छैन भन्ने वुझिन्छ । सर्वभूतको अस्त पनि आकाश उपादानतामा घट्छ ।

आत्मकृतेः परिणामात् ।२६।

'आत्माले स्वयं आत्मा बनायो' यो श्रुति आत्मालाई कर्मकर्ता दुवै भन्नेमा छ । यसबाट पनि आत्मा नै जगत्को प्रकृति हो ।

कर्तृभावको पूर्वसिद्ध वस्तु कसरी हुन्छ कर्म ? उत्तर छ- परिणामात्- आत्मा कूटस्थ नित्य हो, अविद्याप्रभावले परिणामको हुन्छ उपपत्ति, अतः कर्तृकर्मभाव असङ्गत छैन ।

अथवा 'परिमाणात्' पृथक् सूत्र हो । यसबाट पनि प्रकृति ब्रह्मै हुन्छ, 'सत् र त्यत् त्यही भयो', इत्यादि श्रुति ब्रह्मपरिणामका समर्थक हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योनिश्च हि गीयते ।२७

यहाँबाट पनि ब्रह्म नै प्रकृतिसिद्ध हुन्छ । कारण अर्थमा योनिशव्द प्रयोग हुन्छ विपश्चितहरू भूतयोनिलाई राम्ररी देख्छन्' र ओषधि वनस्पतिको योनि पृथिवी हो, यो समेत अन्यान्य शास्त्रवचन उपादानकारणतामा देखिन्छन् । उक्त सबै प्रसङ्ग ईक्षणकर्ता ईश्वर नै प्रकृति हो भन्नेमा कृतार्थ छन् ।

इति प्रकृति अधिकरणम् ।

सर्वव्याख्यानाधिकरणम् ८

एतेन सर्वे व्याख्याता व्याख्याताः ।२८।

'ईक्षतेर्नाशव्दम्' देखि प्रधानकारणतावाद सूत्रद्वारा नै आशङ्कापूर्वक निराकरण गरिएको छ । त्यसै पक्षको पोषक कतिपय लिङ्गाभास वेदान्तमा पनि देखिन्छन् । मन्दमतिका निमित्त ती आभास स्फुरण हुँदैनन्, कार्यकारणानन्यत्वका हिसाबले वेदान्तका प्रत्यासन्न हुन् । अतः प्रधान मल्लनिवर्हणन्यायले अतिदेश भएको हो । त्यो अतिदेश वैशेषिकको परमाणु कारणतावाद र अन्यान्यकारणतावादमा सञ्चरित छ । यहाँको वेदान्त हो विषय, संशय छ ब्रह्ममा जस्तै जगत्कारणत्व परमाणुमा, शून्यादिमा छ त्यो श्रौत हो ? अथवा सर्वत्र कारणता ब्रह्ममा प्रसिद्ध छ ?

छान्दोग्यको महावृक्षगर्भित बटबीज उदाहरणमा आएकाले तत्सदृश परमाणु दार्ष्टान्तिक हुन सक्छन् । परमाणुकारणतावाद यहाँबाट देखिन्छ । 'असद् अग्रकालमा थियो' बाट शून्यकारणतावाद देखिन्छ । 'कसैले स्वभाव, कसैले काल' भन्ने गरेकाले कालकारणतावाद तथा स्वभावकारणतावाद पनि देखिएका छन् । अतः परमाण्वादिमा श्रौतकारणता छ, यहाँसम्म हो पूर्वपक्ष ।

सिद्धान्त एतेन= प्रधानकारणतावादनिराकरणेन, अर्थात् प्रधानकारणतावादको निराकरणबाट परमाण्वादिकारणता आदि सबै वाद निरस्त भएका छन् ।

एकविज्ञानेन सर्वविज्ञानप्रतिज्ञान शून्यादिमतमा मिल्दैन । अजन्य ब्रह्म शून्यविज्ञानबाट विज्ञात हुँदैन । वटबीजदृष्टान्त सूक्ष्ममा घट्छ, सोपाधिक ब्रह्म इन्द्रियगम्य पनि हो । त्यस हेतु परमाणुकारणतावाद मान्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन । असत्शव्द नामरूप अभिव्यक्त नभएका वेलालाई भनिएको हो । यो कुरा 'समाकर्षात्' सूत्रमा विवृत भएको छ ।

स्वभाव र कालपक्ष श्रुतिमैं पूर्वपक्षकारूपमा प्रस्तुत भएका छन् । उपर्युक्त सबै युक्ति र प्रमाणवाट ब्रह्म नै जगत्कारण हो, परमाण्वादि होइनन् । व्याख्याताः पदको अभ्यास, अध्याय परिसमाप्तिको सूचक हो ।

इति सर्वव्याख्यानाधिकरणम् ।

पहिलोअध्यायको चतुर्थ पादको दीर्घराज घिमिरेकृत शाङ्करभाष्यानुसारी विवरण समाप्त भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वितीयाध्याय:

ब्रह्मसूत्रशाङ्करभाष्यानुसारिविवरणम्

अविरोधः

प्रथमपादः

प्रथमअध्यायमा सर्वेश्वर सर्वज्ञ जगत्को उत्पत्तिको कारण हो घटरुचकादि कारण मृत्, सुवर्ण भए जस्तै। उत्पन्न जगत्को नियन्ताकारूपमा स्थितिकारण, जसरी ऐन्द्रजालिकको इन्द्रजाल हुन्छ। चतुर्विधभूतग्रामको पृथिवी जस्तै प्रसारित जगत् फेरि आफैं उपसंहार गरी कारणभावमा रहेको छ। कारणभावको त्यो आत्मा हामीसवैको आत्मा हो, यो कुरा वेदान्तवाक्यको आत्मामा समन्वय प्रतिपादन माध्यमले प्रतिपादन भएको छ। प्रधानकारणतावाद श्रौत न भएकैले निराकरण भएको हो, त्यस्तै अरू वाद पनि।

स्मृति अधिकरणम् १

अब आफ्नो पक्षमा स्मृतिन्यायविरोधपरिहार, प्रधानादिवादमा न्यायाभासोपहितता, प्रतिवेदान्तका सृष्ट्यादिप्रक्रियाको अनिन्दनीयता जस्ता विषयप्रतिपादनका लागि दोस्रो अध्याय आरम्भ हुन्छ। त्यसमध्ये स्मृतिविरोध उद्भावन गर्दै परिहार हुन्छ-

स्मृत्यनवकाशदोषप्रसङ्ग इति चेन्नान्यस्मृत्यनवकाशदोषप्रसङ्गात् ।१।

पूर्वाध्यायमा प्रतिपादित समन्वय विषय हो। साङ्ख्यस्मृतिवाट सङ्कोच छ अथवा छैन भन्ने संशय हुन्छ। सङ्कोच उपयुक्त छ, किन ? स्मृतिको अनवकाश दोषपर्छ त्यसैले। स्मृतितन्त्र हो परमर्षिप्रणीत र शिष्टपरिगृहीत, त्यसैको अनवकाशदोष पर्छ उक्त सङ्कोच नगर्दा, यो हो पूर्वपक्ष।

सिद्धान्त छ- पूर्वपक्ष स्वीकार गरेमा अन्यस्मृतिमा स्मृत्यनवकाशप्रसङ्ग आउँछ। स्मृत्यनवकाश प्रसङ्गदोषले ईश्वरकारणतावाद आक्षिप्त हुने हो भने अरू ईश्वरकारणतावादी मन्वादिस्मृतिहरू अनवकाश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होलान् । 'प्राणिमात्रको अन्तरात्मा क्षेत्रज्ञ भनिन्छ। त्यसैबाट त्रिगुणात्मक अव्यक्त उत्पन्न भयो'जस्ता प्रत्यक्ष वेदमूलक ब्रह्मकारणतावादिप्रबलमन्वादि स्मृतिबाट साङ्ख्यस्मृति बाधित हुन्छ। प्रत्यक्षश्रुतिविरोधमा स्मृतिको मूलभूत श्रुतिको अनुमान गर्न मिल्दैन। त्यस्ता स्मृतिमा प्रामाण्य स्थापित हुँदैन। त्यसैले अनवकाश अप्रयोजक हुन जान्छ। अतः ब्रह्मसमन्वित वेदान्तवाक्य हुन् साङ्ख्यस्मृतिमा सङ्कोच हुँदैन। स्मृत्यनवकाशप्रसङ्ग यहाँ दोषै हुँदैन अर्थात् अप्रयोजक हुन्छ।
किन स्मृत्यनकाशप्रसङ्गदोष हुँदैन ?-

इतरेषाञ्चानुपलब्धेः ।२।

प्रधानबाहेक महदादि कल्पित छन्। तिनको उपलब्धि लोकमा छैन, वेदादि शास्त्रमा पनि छैन, यसै हेतु महदादि प्रतिपादक स्मृति दुर्वल छन्। यसबाट पनि स्मृत्यनवकाशप्रसङ्ग दोष यहाँ छैन भन्ने वुझिन्छ। स्मृतिबाधित तर्कबाध कसरी ? भन्ने समस्यासमाधान 'विलक्षणत्वात्' बाट उत्थान गरी उन्मथन हुनेछ।

इति स्मृति अधिकरणम्।

योगप्रत्युक्ति अधिकरणम् २

एतेन योगः प्रत्युक्तः ।३।

एतेन-साङ्ख्यस्मृतिको प्रत्याख्यानले योगस्मृतिको प्रत्याख्यान भयो भन्ने अतिदेश हो। योगस्मृतिले ब्रह्ममा वेदसमन्वयको सङ्कोच गर्छ वा गर्दैन? यो संशयमा पातञ्जलयोगशास्त्रमा श्वेताश्वतरमन्त्र- प्रतिपाद्ययोग नै प्रतिपादन भएको छ, त्यसैले त्यो वेदमूलक हो। त्यसमा प्रामाण्य छ, यो स्थितिमा योगप्रतिपादित प्रधानकारणतावाद मान्नु पर्छ। यो पूर्व पक्ष हो।

सिद्धान्त छ- साङ्ख्यप्रत्याख्यानले योगप्रत्याख्यान भएको चर्चा भएको छ। योगस्मृति प्रामाणिक भए पनि अवैदिकप्रधानमा प्रमाण हुँदैन, प्रत्यक्ष श्रुतिसिद्ध छैन श्रुतिको तात्पर्य प्रधानमा छैन। योग शास्त्रले त **'अथ योगानुशासनम्, योगश्चित्तवृत्तिनिरोधः'** आदिबाट योग कै उपदेश गर्छ।

इति योगप्रत्युक्ति अधिकरणम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विलक्षणत्वाधिकरणम् ३

न विलक्षणत्वादस्य तथात्वञ्च शब्दात् ।४।

यहाँ सम्म स्मृतिनिमित्तक आक्षेप परिहार भएको छ । अव तर्कनिमित्तकआक्षेपको परिहार हुन्छ-

ब्रह्ममा वेदसमन्वय कार्यकारणसालक्षण्यनियमादि तर्कविरोधले वाधित हुन्छ वा हुँदैन, यो छ संशय । पूर्ववादीको कुरा यस्तो छ- 'न विलक्षणत्वात्' । चेतनब्रह्म जगत्कारण हुँदैन, किन ? विलक्षण भएकाले, विकारजात संसारको प्रकृति ब्रह्म हो, यो मिल्दैन, ब्रह्म नित्य शुद्ध छ त्यो उपायन हो भनिन्छ त्यसबाट जड अशुद्ध जगत् उत्पन्न भयो भन्नु सुहाँउदैन यी दुईमा विलकुलै फरक छ, यो त माटोबाट रूचकादि गहना हुन्छन् भने जस्तै भयो ।

त्यसो भए उपादान चेतन भएकाले जगत् चेतनै भएकै होला त ? यो पनि मिल्दैन, श्रुतिले नै जगत् अचेतन भनेको छ, यो चर्चित छ तैत्तिरीयमा 'विज्ञान र अविज्ञान' । यहाँ पनि कुनै प्रपञ्चांश अचेतन छ । अतः जगत् ब्रह्मविलक्षण छ ।

फेरि पनि देखिन्छ- 'माटोले भन्यो' 'जलले भन्यो' 'इन्द्रियले आफू ठूलो भनेर विवाद गरे' इत्यादि अचेतनमा पनि चेतनभावश्रवण छ के हो त यो ? भन्ने मा सूत्र-

अभिमानिव्यपदेशस्तु विशेषानुगतिभ्याम् ।५।

सूत्रघटक तुशब्द शङ्काशिथिलीकरणका लागि हो । कसरी हो ? मृदादिअभिमानिनी देवता चेतनव्यवहारद्वारा व्यवहार गरिन्छन्, यसमा हेतु छ 'विशेषानुगति' विज्ञान र अविज्ञान विशेष हो । मृदादिदेवताभिमानित्व मन्त्र अर्थवाद आदिमा श्रवण हुन्छ, त्यसकारण ब्रह्म जगत्विलक्षण छ विलक्षण भएकैले जगत् कारण ब्रह्म होइन ।

'न विलक्षणत्वात्' देखि दुई सूत्रले ब्रह्मकारणतावादमा दोषप्रदर्शन गरेको छ । जगद्विलक्षण भएकैले ब्रह्मप्रकृतिक जगत् होइन यो आक्षेप समाधान गर्दै सिद्धान्ती-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दृश्यते तु ।६।

सौत्र तुशब्द पूर्वपक्षव्यावर्तक हो । विलक्षणत्वले व्रह्मप्रकृतिक जगत् होइन भनियो, त्यो सर्वथा अव्यभिचरित होइन । किन होइन ? पुरुषविलक्षण अर्थात् चेतन भनिने पुरुष भन्दा जड भनिने केशनखादि चेतनपुरुषवाटै जन्मेको कुरा लोकप्रसिद्ध छ । अचेतनगोमयवाट चेतन विच्छी पनि उत्पन्न भएकैछ । 'जहाँ जहाँ कार्यकारणता छ त्यहाँ त्यहाँ सलक्षणता छ'जस्ता व्याप्तिको व्यभिचार वृश्चिकादिमा देखिएको छ । त्यसकारण, विलक्षणत्व हेतु व्रह्ममा वेदसमन्वयवाधक हुँदैन ।

पुनः जगत्मा चेतनकारणता रहे पनि विभावना र अविभावनाका आधारमा चेतन अचेतनविभाग उपपन्न छ । 'विज्ञान र अविज्ञान' यो श्रुति झन् उपपन्न छ । परमकारण परमेश्वर जगदात्मना छ भन्ने श्रुतिको अभिप्राय, त्यसलाई कारण न मान्दा परमात्मामा विरोध देखिन्छ ।

असदिति चेन्न प्रतिषेधमात्रत्वात् ।७।

नित्य शुद्ध चैतन्यरूप व्रह्म तद्विपरीत जगत्कारण हो भने असत् जगदुपकार्य उत्पत्तिपूर्वकालमा थियो कारणात्मा भन्ने वुझिन्छ, सत्कार्यवादी तिम्रानिमित्त यसो हुनु अनिष्ट हो भन्ने पक्षको निरसन गर्दै उत्तर दिन्छन् सिद्धान्ती- उक्त दोषप्रसञ्जन यहाँ हुँदैन ।

यो त प्रतिषेधमात्र हो, प्रतिषेध्य होइन । यो प्रतिषेध उत्पत्तिपूर्वको कार्यसत्तामा पुग्दैन । अहिले जस्तै पहिले पनि कारणव्रह्मव्यतिरेकेण कार्य रहँदैन । उत्पत्तिपूर्वकालमा पनि कारणात्मना सत् जगत् छँदैथियो, अनि कसरी मिल्छ असत्कार्यवादको प्रसङ्ग । त्यसैले उत्पत्तिपूर्व कार्य असत् थियो भन्न सकिँदैन । कार्यकारणानन्यत्ववादमा यो विषय स्पष्ट हुनेछ ।

अपीतौ तद्वत्प्रसङ्गादसमञ्जसम् ।८।

व्रह्मकारणतावाद असमञ्जसयुक्त छ, त्यसैवारे पूर्वपक्षसूत्र हो- अपीतौ.. । स्थौल्य, सावयवत्व, अचेतनत्व, अशुद्धत्वादिधर्मक कार्य व्रह्मकारणक मानेमा प्रलयकालमा मिसिएका कार्यकारण, कार्यधर्मले कारण दूषित हुने स्थितिमा कारणव्रह्म पनि कार्यजस्तै अशुद्धिसर्म्पकमा जान्छ अनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वज्ञ जगत्कारणब्रह्म अशुद्ध हुने स्थिति आउँछ। पहिलो असमञ्जस् औपनिषद दर्शनको हो।

विभिन्नभावका भिन्नाभिन्नै पदार्थ प्रलयमा एकै हुन्छन् अविभागमा पुग्छन्, फेरि उत्पत्ति हुने वेला नियमकारण केही हुँदैनन्, त्यसो हुँदा भोक्तृभोग्यभावमा उत्पति हुनसक्तैन। यो हो औपनिषददर्शनको दोस्रो असमञ्जस्।

भोक्तृवर्ग जति छन् ती सबै परब्रह्ममा एकीभाव हुन्छन्, तिनको अविभाग हुन्छ। कर्मनिमित्तक प्रलयमा पनि फेरि उत्पत्ति हुने व्यवस्था छ त्यो वस्तुगतिले मुक्तको पनि पुन उत्पत्ति हुने कुरा तेस्रो असमञ्जस् औपनिषद दर्शनमा छ। प्रलयकालमा पनि यो जगत् ब्रह्मदेखि विभक्तरूपमा रहन्छ, यो स्थितिले ब्रह्ममा मिल्दैन तर भनिन्छ कारणभन्दा अभिन्नै कार्य हुन्छ। यो हो औपनिषद दर्शनको चौथो असमञ्जस्। उक्त चारै असमञ्जस् समाधानका उद्देश्यले सूत्र हो–

न तु दृटान्तभावात् ।९।

हाम्रो दर्शनमा कुनै प्रकारको असमञ्जस् छैन। कार्यरूप जगत् अशुद्धत्वादि आफ्नो धर्मले कारणभूत ब्रह्मलाई दूषण गर्ला भन्नेमा कुनै दृष्टान्त छैन। तद्विपरीतताामा त कुण्डलादि कार्यधर्मले सुर्वणादिकारणलाई दूषित गर्दैन। अतः यसपक्षमा दृष्टान्त सुलभ छ, यो हो पहिलो असमञ्जस्को समाधान। एवं रीतिले अन्य असमञ्जस् को समाधान विचार गर्न अध्येतृवर्ग स्वयं अर्ह.हुनेछ। अथवा बाँकी समाधान शाङ्करभाष्यबाट अवगत हुनेछ। अतः औपनिषद दर्शन समञ्जस् छ- सङ्गत छ।

स्वपक्षदोषाच्च ।१०।

औपनिषदपक्षमा प्रधानवादीले दोष देलान् तिनको उद्भावना यहाँ अपेक्षित छैन। किन ? कार्यकारण-वैलक्षण्यप्रयुक्त दोष दुवै पक्षमा समान छ, उत्पत्तिपूर्वकालको असत्कार्यवाद र लयकालमा असत्कार्यवादप्रसङ्ग दुवै प्रधान उपादान पक्षकै हुन्, हाम्रा पक्षका होइनन्, यसको उपपादन शिष्टापरिग्रहाधिकरण पूर्वपक्षमा हुनेछ। त्यस्तै 'अपीतौ' सूत्रमा उद्भावित चार असमञ्जस् यहाँ पनि हुन्छन्। ती कार्यमा जस्तै प्रधानमा रूपवत्त्वप्रसङ्गरूप असमञ्जस् दोस्रो- यसको उपादान यो र यसको भोग्यको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने अनियमरूप असमञ्जस्। तेस्रो- बद्धमुक्तव्यवस्था दुर्घटत्वरूप असमञ्जस्, चौथो-व्यवस्थानिम्ति मुक्तका भेद सङ्घातविशेष प्रधानमा विलीन हुन्छन्। बद्धका भेदसङ्घातविशेष भने लीन हुँदैनन् भन्ने हो भने अलीनजतिमा पुरुषजस्तै कार्यत्वव्याघातरूप असमञ्जस्।

पुनरपि -शङ्कोत्थापन छ -कतिपय भेद अविभक्त हुन्छन् र कतिपय हुँदैनन् पनि। यसको उत्तर छ जुन पदार्थ अविभक्त हुँदैनन् ती प्रधानकार्य पनि हुँदैनन् भन्ने जस्ता साधारण दोष अन्यतर पक्षमा उद्भावन हुन सक्छन्, त्यसैले यस्ता दोष दोषपुरस्कारेण उपस्थापित भएका छैनन्। सम्भावितदोषवत्तर्क हुन्छ भने वेदान्तसमन्वय निर्दोष छ। अतः विलक्षणत्वादि तर्क उपस्थापनले ब्रह्मकारणतावाद प्रतिक्षिप्त हुन सक्तैन। त्यसबारे-

तर्काप्रतिष्ठानादप्यन्यथानुमेयमिति चेदेवमप्यविमोक्षप्रसङ्गः ।११।

आगमगम्य अर्थमा तर्कमात्र अघिसार्नु हुँदैन, पुरुषेच्छाले प्रवाहित हुने निरागम तर्क अप्रतिष्ठित हुन्छन्। पुरुषेच्छारूप उत्प्रेक्षा निरङ्कुश हुन्छ। कुशल व्यक्तिद्वारा उत्प्रेक्षित तर्क त्यो भन्दा कुशल अर्कोले आभासीकरण गर्दिन्छ। अझकुशल त्यसको पनि तर्क आभासित गर्न सक्षम हुन्छ। यसरी पुरुषबुद्धिवैभवले चल्ने तर्क प्रतिष्ठित हुनसक्तैनन्। प्रसिद्धमहात्म्यका कपिलवैशेषिककै तर्कमा विरोधै देखिन्छ। त्यसो भए प्रतिष्ठित तर्क हुँदैन त ? अवश्य हुन्छ, तर तर्क अप्रतिष्ठित हो भन्ने पनि तर्कैबाट सिद्ध हुन्छ। कुनै पनि तर्क प्रतिष्ठित न हुने हो भने त लोकव्यवहार नै उच्छेद होला अप्रतिष्ठतत्व तर्कको अलङ्कार हो। त्यसैले सूत्रको उक्ति छ 'अन्यथा अनुमेयम्'। तर्क अप्रतिष्ठित जसरी हुँदैन त्यसरी अनुमान गर्नुपर्छ।

जसरी आभास परित्याग नभए प्रत्यक्ष यथार्थ हुँदैन। त्यसैगरी अनुमान हुन अनुमानाभास परित्यागै हुनुपर्छ। अनि त अनाभास अनुमानले प्रधानकारणता सिद्ध हुने कुरा होला नि त ? त्यस्तो प्रसङ्गले अविमोक्ष होला- 'अविमोक्षप्रसङ्गात्'। कहीं प्रतिष्ठित भए पनि प्रधानबारेको अनुमान अप्रतिष्ठित नै हुन्छ। अतः प्रत्यक्ष वा आगममा प्रतिष्ठित तर्कले नै अनुमान यथार्थ हुन्छ। 'यस्तर्केणानुसन्धत्ते स धर्मं वेद नेतरः' तर्कद्वारा अनुसन्धान गर्न सक्नेले नै धर्म ब्रह्म बुझ्दछ र नसक्नेले बुझ्दैन भन्ने स्मृतिको आदेशै छ।

इति विलक्षणत्वाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिष्टापरिग्रहाधिकरणम् ४

एतेन शिष्टापरिग्रहा अपि व्याख्याताः ।१२।

कतिपय अंशमा अवैदिकत्व भए पनि साङ्ख्यादिदर्शन सामान्यतः वैदिक हुन् वेदान्तदर्शनका प्रत्यासन्न हुन् । शिष्टपरिगृहीत पनि हुन्, तैपनि अवैदिक अंश निराकरण गर्नैपर्छ । प्रधानकारणतावादको निराकरण यसैको पहिलो भाग हो । तर्कनिमित्तक उठेका आक्षेप पनि समाहित भएका छन् । फेरि पनि अणुकारणतावाद आश्रयले मन्दमतिद्वारा तर्कानिमित्तक आक्षेप आशङ्कित हुन्छ । अब अधिकरणस्वरूपमा–

कणादबुद्धादिस्मृति तिनका तर्कबाट समन्वय बाधित हुन्छ वा हुँदैन ? कणाद ऋषि परमाणुबाट जगत् उत्पत्ति हुन्छ भन्छन् । धागोबाट कपडा भए जस्तै परमाणुबाट जगत् हुन्छ भन्नेमा अनुमान प्रमाण मान्छन् । विष्णुअवतारभूत भगवान् बुद्धका मतमा जगत्कारण अभाव हो, सुषुप्तिलाई दृष्टान्त राखेर अभावबाट जगत्साधक अनुमान प्रयोग गर्छन् । त्यसकारण, कणादआदि मतबाट समन्वय बाधित हुन्छ, यो पूर्व पक्ष हो ।

सिद्धान्त छ- एतेन प्रधानकारणतावाद- निराकरणबाट शिष्टले नमानेको परमाणुकारणताआदि सबै वादको निराकरण भएको छ । श्रुतिस्मृति अर्थ करामलकवद् जसलाई छ, ती शिष्ट हुन्- वैदिक शिरोमणि मनु, व्यास आदि । शिष्टले प्रकृतिपुरुषप्रतिपादक साङ्ख्ययोग, स्मृति र वेदान्तापेक्षया दुर्बल भएकाले परित्याग गरे । त्यो प्रमाण मानेनन् । अब सबै शिष्टले परित्याग गरेको कणादादिमत दुर्बल हुने स्वतः सिद्धै छ, अनि कसरी हुन्छ ग्राह्य ? अर्थात् हुँदैन । मन्वादिस्मृति महाभारत ब्राह्मादिपुराणमा द्व्यणुकादि सृष्टि प्रदर्शित छैन । वरु उल्टै हेतु खोज्ने र बकुलाधर्मीसँग बोल्न हुँदैन भनेर निन्दा गरिन्छ । मूलबाटै आरम्भ हुने नियम विवर्त्तवादमा छैन, विवर्त्तवाद त भ्रम हो, टाढाको पर्वतशिखरमा बसेकाले ठूलावृक्षलाई ससाना ‘दुवा’ देखेजस्तै हो । बौद्धको अनुमानमा त दृष्टान्त मिल्दैन, सुषुप्ति अभाव होइन अवस्थाविशेष हो । अवस्थावान् आत्मा सत् हो त्यसैले स्वप्न भावपुरःसर नै भएको हुन्छ अभावपुरःसर हुँदैन ।

इति शिष्टापरिग्रहाधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोक्त्रापत्त्यधिकरणम् ५

भोक्त्रापत्तेरविभागश्चेत्स्याल्लोकवत् ।१३।

प्रकारान्तरले ब्रह्मकारणतावाद तर्कद्वारा आक्षेप गर्दै समाधान भएको छ । भोग्य प्रपञ्च परमकारणब्रह्मभन्दा अभिन्न, भोक्ता आत्मा, अब भोक्ता चेतनआत्मा नै भोग्य होला, त्यो भए भोक्ता र भोग्यमा अविभाग हुने भयो । यो कुरा प्रत्यक्ष आदि प्रमाणविरुद्ध छ । अतः ठीक छैन भन्ने आक्षेप छ । आक्षेपको उत्तर छ-

'स्याल्लोकवत्' लोकमा लोकस्थिति अनुसार हुन्छ । लोकदृष्टि अनुसार त हाम्रो पक्षमा पनि विभाग नै छ । तरङ्ग नदीमा जस्तै हो, तरङ्गरूपेण भेद र नदीरूपेण अभेद भएकाले भेदाभेदवादको विरोध छैन । यहाँ पनि ब्रह्मभावेन अद्वैत भोक्तृभोग्यभावेन द्वैत भएकै र सिद्धै कुरा हो ।

इति भोक्त्रापत्त्यधिकरणम् ।

आरम्भणाधिकरणम् ६

तदनन्यत्वमारम्भणशब्दादिभ्यः ।१४।

गत अधिकरणमा व्यावहारिक भोक्तृभोग्यभाव मानेर 'स्यात् लोकवत्' समाधान भयो । भेद र अभेद दुवै सत्य मान्दा अभेदश्रुति उपचरित अर्थमा सीमित हुने स्थिति देखिन्छ । अतः श्रुतिको मुख्यार्थप्रतिपादनमा यो अधिकरण हो ।

प्रत्यक्षसिद्ध भोक्तृयोग्यभेद अद्वैतबाधक हो ? अथवा होइन ? अद्वैतवस्तुमा आकारभेदको प्रतीति हुँदैन, नदीतरङ्गन्यायले भेदाभेदनै प्रतीत हुन्छ तर त्यो ग्रहण हुँदैन । अद्वैतब्रह्मको आकारभेद मानेमा अनित्य हुन आउँछ । त्यसैले भोक्तृ-भोग्य भेदप्रपञ्च अद्वैतको वाधक हो, यो छ पूर्वपक्ष ।

सिद्धान्त छ- भोक्तृयोग्यविभाग पारमार्थिक होइन । किन ? उत्तर छ- तदनन्यत्वात् । अर्थात् कार्य र कारणमा अनन्यत्व छ । कार्य हो आकाशादि जगत्, परब्रह्म कारण हो । त्यसैले कारणदेखि अभिन्न कार्य हो अर्थात् कारण छोडेर कार्यको पृथक् सत्ता छैन । कसरी छैन ? 'आरम्भणशव्दादिभ्यः' आरम्भणशव्द हो एकविज्ञानेन सर्वविज्ञानप्रतिज्ञा । त्यो सिद्धिमा दृष्टान्त छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक मृत्तिकापिण्ड जानेपछि सबै माटो हो भन्ने जानिन्छ, केवल वागारम्भ हो- विकार नाम हो, सत्यवस्तु माटो हो ।

यसको अभिप्राय-ब्रह्मज्ञानबाट सबै जगत्को वास्तविक ज्ञान भयो भने जगत् ब्रह्मतत्त्व हो भन्ने ठहरिने भयो । जस्तै डोरीसर्पभ्रमा डोरीको ज्ञान भएपछि सर्पको यथार्थता जानेकै हुन्छ । रज्जु सर्पतत्त्व हो- सर्पज्ञान हो, ज्ञानभन्दा अन्य तत्त्वज्ञान हो, ज्ञानान्य भएकाले मिथ्याज्ञान हो । जस्तै- एउटै मृत्पिण्डबाट परमार्थतः मृदात्मना जानेपछि सबै मृण्मय घट, शराव, बाटा, आरी आदि मृदात्मताबाट फरक बुझिँदैनन्, मृत्तिका नै बुझिन्छन् । त्यस्तै आकाशादि कार्य ब्रह्मव्यतिरिक्त हुन्, सत्त्व र असत्त्वदेखि अनिर्वाच्य हुन्, ब्रह्म तत्त्व नै हुन् ।

फेरि शङ्का हुन्छ मृत्कारणदेखि कार्यभूतघटादिभेदज्ञान हुन्छ, त्यो हुँदा हुँदै अब कसरी आरोपित हुन्छ कार्यमा कारणानन्यत्व ? त्यसबारे श्रुति- 'वाचारम्भणम्' इत्यादि । यसको अर्थ-वचनले छ भनेर आरम्भ गर्छ विकार हो घट, शराव, आरी आदि, यहाँ वस्तुका हिसाबले विकार छैन । विकार भन्नु नाममात्र हो, अनृत हो, मृत्तिका मात्र सत्य हो ।

पुनः शङ्का- प्रत्यक्षसिद्ध भोक्तृभोग्यभेद अद्वैतबाधक हो, उत्तर छ-यस्तो होइन । प्रमाण दुई किसिमका छन् सांव्यावहारिक र तत्त्वावेदक, सुरुको प्रवृत्ति सांव्यावहारिक प्रमाणका आधारमा हुन्छ, विचारपरिपाक भएपछि पहिलेको ज्ञान तत्त्वावेदक प्रमाणबाट बाधित हुन्छ । जस्तै- 'इदं रजतम्' यो ज्ञान 'नेदं रजतम्' ज्ञानद्वारा बाधित हुन्छ । श्रुति र युक्तिका आधारमा युक्तिबाधित भएको छ । अतः सर्वथा समञ्जस् छ, अद्वैत भन्ने सिद्ध भएको छ ।

भावे चोपलब्धेः ।१५।

पुनश्च-कारण भए नै कार्यको उपलब्धि हुन्छ, नत्र हुँदैन, यसले कारणानन्वत्व कार्यमा छ । जस्तै- मृत्तिका भए घट हुन्छ, तन्तु भए पट हुन्छ । गाईदेखि अन्य घोडा कहिले पनि गाई हुँदैन । 'भावाच्चोपलब्धेः' यस्तो पनि सूत्र छ भन्छन् । कार्यकारणको अनन्यत्व शास्त्रमामात्र होइन प्रत्यक्षतः पनि कार्यकारणमा अनन्यत्व छ । जस्तै-तन्तुसंस्थानै पट हो । पटमा तन्तु छोडेर केही उपलब्धि हुँदैन । तन्तु नै कार्यात्मना पट भनिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो। धागाको तनोट बनोंट नै प्रत्यक्ष थाहा पाइन्छ। त्यस्तै यहाँ पनि प्रत्यक् स्वरूप ब्रह्म नै सर्वत्र छ भन्ने वुभ्नुपर्छ।

सत्त्वाच्चावरस्य ।१६।

पछि हुने कार्यकारणभावमा पहिले छ भन्ने आख्यान श्रुतिवाट बुझिन्छ। त्यसवाट पनि कारणमैं कार्य छ भन्ने वुझ्नुपर्छ,। 'सदेव सोम्य' 'आत्मा' 'वा' इत्यादि। यसवाट पनि कारणानन्यत्व कार्यमा बुझ्नुपर्छ।

असद्व्यपदेशान्नेति चेन्न धर्मान्तरेण वाक्यशेषात् ।१७।

असत्को पनि त व्यपदेश श्रुतिले गरेकै छ। यसले उत्पत्तिपूर्वकालमा असत् नै थियो भन्ने जनाउँछ। यसो भन्न सकिँदैन। किनभने, अत्यन्त असत्त्वका हिसाबले असत्त्व भनिएको होइन। के हो त ? धर्मान्तरेण व्यपदेश भएको हो। व्याकृत नामरूप भन्दा अव्याकृत नामरूप धर्मान्तर हो। त्यही धर्मान्तरले असत् भनिएको हो, उत्पत्तिपूर्व कारणमा भएकै कार्यलाई असत् भनिएको मात्र हो। नामरूपमा व्याकृतवस्तु लोकमा सत् भनिन्छ, अव्याकृत असत्। कसरी बुझ्ने यो कुरा ?

युक्तेः शब्दान्तराच्च ।१८।

फेरि त्यही कुरा-युक्ति र शव्दान्तरवाट उत्पत्तिपूर्व कार्यसत्ता बुझिन्छ। युक्ति छ- उत्पत्तिपूर्व कार्य नहुने भए दध्यर्थीको प्रवृत्ति दूधमा नहुनुपर्ने घटार्थीको प्रवृत्ति मृत्तिकामा न हुनुपर्ने हो, असत् नै कार्य हुने भए जेबाट जे पनि बन्नुपर्ने, त्यो हुँदैन।

दूधमा दहीरूप अतिशय, मृत्तिकामा घटरूप अतिशयको कल्पनामा पनि कुरो पुग्दैन। अतिशय धर्म भएकाले धर्मीबिना धर्म रहन सक्तैन। यसले असत्कार्यवादको हानि तथा सत्कार्थवादको सिद्धि भएको छ।

त्यसो भए नियमहेतु अतिशय होइन, कार्यमा कारणशक्तिभेद हो, यस्तोमा कार्य नभए पनि कारण हुन्छ भन्ने पक्ष पनि ठीक होइन। कारणशक्ति कार्य र कारणभन्दा पृथक् हो भन्ने मान्यतामा कार्यात्मना रहन्छ भन्न सकिँदैन। त्यो त असत्त्वभन्दा फरक परेन, अन्यत्वभन्दा पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्को भएन। त्यसकारण, कारणकै आत्मभूता शक्ति हो, शक्तिकै आत्मभूत कार्य हो, यही हो तथ्यमा मिल्ने युक्ति।

शब्दान्तर पनि यस वारेमा छ, 'सदेव' इत्यादि। अर्थात् उत्पत्तिपूर्व कार्य सत् थियो। 'सदेव'को एवले अवधारण प्रदर्शन गरेको छ। यो अवधारणशव्दकार्य वाच्यको सत्ता वाचकमा देखाउन हो।

पटवच्च ।१९।

बेरेको कपडा स्पष्ट थाहा हुँदैन- यो कपडा हो वा अन्य कुनै वस्तु ? त्यही कपडा फुकाएर फैलाएपछि पहिले जुन बेरेको थियो त्यही रहेछ कपडा भनेर अभिव्यक्ति भएपछि ग्रहण हुन्छ। त्यस्तै तन्तुरूप कारण रहेको कार्यरूप पट तुरी, वेमा आदि करणव्यापारबाट पटरूप कार्य स्पष्ट अभिव्यक्त हुन्छ। यही न्यायले कारणानन्यत्व कार्यमा छ भन्ने सिद्ध छ।

यथा च प्राणादिः ।२०।

प्राण, अपानादि वस्तु प्राणायामबाट निरुद्ध हुँदा जीवनकार्य गर्दछ, खुम्चने फैलने गर्दैन। प्राणायामबाट निवृत्त भएपछि खुम्चने फैलाउने काम पहिले जस्तै गर्दछ। प्राण अपानादि भेदवाला प्राणभन्दा अन्य होइन, समीरण स्वभावमा भेद प्रतीत हुँदैन। यी सबै युक्ति कारणानन्यत्व कार्यमा व्यापन गर्छन्।

उपर्युक्त प्रमाण र प्रमाणानुगत युक्ति, रज्जुसर्प जस्तै सबै प्रपञ्च ब्रह्ममा आरोपित छन्। ज्ञानद्वारा आरोपनिवर्तनमा उपपत्ति सत्ता र तिनै उपपत्तिबाट अद्वैतसिद्धि भएको छ। त्यसैमा भएको छ् वेदसमन्वय भन्नेमा अनुगत छन्।

इति आरम्भणाधिकरणम्।

इतरव्यपदेशाधिकरणम् ७

प्रकान्तरले ब्रह्मकारणतावादको आक्षेपक पूर्वपक्ष सूत्र यो हो। सूत्र छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इतरव्यपदेशाद्धिताकरणादिदोषप्रसक्तिः ।२१।

जगत्को कारण चेतन स्वीकार गर्दा चेतनरूपपरमेश्वरमा हित नगर्ने जस्ता हुन सक्छन् । किन सक्छन् ? 'इतरव्यपदेशात्' अर्थात् अरू कुरा भनिएकाले, 'स आत्मा तत्त्वमसि' त्यो आत्मा तिमी हौ भनेर ब्रह्मभिन्न जीवात्मालाई ब्रह्म भनिएको छ । त्यो सृष्टि पछि त्यसैमा पस्यो यस्ता अर्थवाला श्रुति परमेश्वरलाई जीव भन्दछन् । के भयो त यसबाट ? परमेश्वर सर्वज्ञ हो त्यस्तो जीवदेखि अभिन्नै हो भनिदिँदा जीवमा हुने हित, अहित पुण्य, अपुण्य त्यसमा पनि रहने भए र यही तात्पर्यार्थ हो ।

समाधान सूत्रैबाट-

अधिकन्तु भेदनिर्देशात् ।२२।

सौत्र तुशब्द पूर्वपक्ष निरसनार्थ हो । जुन सर्वज्ञ, सर्वशक्ति र नित्यमुक्तस्वभावको ब्रह्म छ, त्यो शरीरभन्दा बढी छ, अलग छ, त्यसलाई जगत्सृष्टि गर्ने हामी भन्छौं । ईश्वर सर्वज्ञ हुनाले निर्लेप छ जुन आफैं देख्छ, जीवगत हित र अहितबाट संयोजित हुँदैन । तद्विपरीत हुनाले जीव ती काम गर्नसक्तैन मिथ्यासंसारमा विचरण गर्छ । यसहेतु जीवसंसार मिथ्या हो । कसरी ? उत्तर छ- 'भेदनिर्देशात्' भेदनिर्देश हुनाले । 'त्यसको खोजी गर्नुपर्छ बुझ्नुपर्छ' यसरी कर्ता र कर्मभावमा भिन्नाभिन्नै निर्देश छ । अतः जीव र परमेश्वरमा भेद छ ।

प्रत्येक प्राणीको हृदयमा विराजमान आत्मा प्रत्यग्ब्रह्म हो, प्रत्यगात्मा हो, परमेश्वर त्यही हो, सृष्टिकर्ता त्यही हो जीवस्वरूपमा भने संसारी हो । स्रष्टृत्व र सर्वगतत्व अनादि अज्ञानका आधारमा रहेको हो, स्वतः कारण, कार्य, प्रत्यक् जीव, परमेश्वर केही होइन, आत्मा हो । सम्यग् ज्ञानमात्र समस्त अज्ञान र अज्ञानकार्य- निवर्तक हो । यो हो वस्तुगति, सम्यग् ज्ञानबाट सबै बाधित भएपछि केको सृष्टि ? कसलाई हित र अहित संयोजन ? यस्ता प्रसङ्गको उत्थानै हुँदैन ।

एकै प्रत्यग्ब्रह्मको अविद्याकृत संसारित्वका अपेक्षाले भेदनिर्देश हेतुरूपमा आएको हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्मादिवच्च तदनुपपत्तिः ।२३।

अखण्डब्रह्ममा जीवेश्वर- वैचित्र्य कसरी ? जीवेश्वरकार्य- वैचित्र्य पनि कसरी ? यस्ता अनुपपत्तिपरिहारार्थ यो सूत्र हो। ब्रह्ममा वैचित्र्यप्रतिपादक उदाहरण हीरा, वैदूर्य आदि उत्तमवीर्यका पाषाण देहालङ्कार गहनायोग्य हुन्छन्। अरू सूर्यकान्त मध्यमवीर्यका पाषाण पनि मध्यम आर्थिकस्तरका लागि गहना आदिकै लागि हुन्छन्। अधमवीर्यका सामान्य पाषाण काक, कुकुर धपाउन प्रयोग हुन्छन्। हुन त उपर्युक्त तीनै थरीका पाषाण हुन्। पार्थिवत्वमा केही फरक छैन गुणभेदले कार्यभेद हुने गरेको कुरा लोकप्रसिद्ध छ।

त्यस्तै ब्रह्म एकै हो तापनि जीव, ईश्वर, जगत् अनेक आकृतिमा विवर्तित छ, कार्य फरक पनि त्यसैगरी छ। यिनै युक्तिले सर्वज्ञ अल्पज्ञत्वादिको उपपत्ति हुन्छ। अतः 'तदनुपपत्तिः' जीवेश्वरभेद कसरी ? तिनको कार्यभेद कसरी ? जस्ता दोषको यहाँ अनुपपत्ति छ, अर्थात् ती दोष यहाँ लाग्न सक्तैनन्।

इति इतरव्यपदेशाधिकरणम्।

उपसंहारदर्शनाधिकरणम् ८

उपसंहार दर्शनान्नेति चेन्न क्षीरवद्धि ।२४।

'ब्रह्म एकै छ' श्रुतिअनुसार स्वगत- सजातीय- विजातीयभेद ब्रह्ममा निरस्त भएको छ। अब संशय छ-अद्वितीयब्रह्मबाट सृष्टि हुन्छ अथवा हुँदैन? घटादिकार्य उत्पादनका निमित्त माटो, चक्र, कुलाल, चीवरआदि अनेक सामग्री चाहिन्छन् र देखिन्छन्। त्यसो हुँदा एक्लै ब्रह्मले सृष्टि गर्न सक्तैन, यो छ पूर्वपक्ष। सिद्धान्त छ- दूधजस्तै एक्लै सृष्टि गर्छ ब्रह्मले। जस्तै दूध र पानी दही र हिउँ आफैं हुन्छन् बाहिरी सहायता चाहिँदैन, त्यस्तै यहाँ पनि हो।

तत्त्वतः ब्रह्म निरवयव, अद्वैत, अविकारी, कूटस्थ हो, परिपूर्णशक्तिक हो, त्यो स्थितिमा जगत्कारण हुँदैन। अविद्याका सहायताले ब्रह्म सृष्टिकर्ता हुने हो, श्रुति र युक्तिबाट यो अवगत हुन्छ। ब्रह्मका अनेक शक्ति छन् भनेर श्रुति आख्यान गर्छन् माया 'प्रकृति मायी महेश्वर हो' इत्यादि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमप्रेमास्पद हो, त्यसैले परमसुखरूप हो, दुःखरूपत्वप्रतीति अविद्या परिकल्पित हो जस्ता युक्ति हुन् । अतः ब्रह्म अद्वितीय भए पनि विचित्रशक्ति योगद्वारा दूध आदिबाट जस्तै विचित्र परिणाम हुने कुरा सिद्ध छ ।

ब्रह्म चेतन हो, विनासहाय कार्य गर्छ । यसमा उठेको व्यभिचार शङ्कानिरासका लागि अथवा अचेतनदृष्टान्त चेतनकारणतामा मिल्दैन भनेमा चेतनदृष्टान्तका लागि सूत्र-

देवादिवदपि लोक : ।२५।

लोकमा वुझाई छ देवता, पितृ, ऋषि इत्यादि महाप्रभावका चेतनप्राणीद्वारा वाहिरी साधनको अपेक्षा नराखी ऐश्वर्यविशेषसम्वन्धले अभिध्यानमात्रबाट स्वयं स्वतः नै अनेक संस्थानका शरीर भवन आदि, रथआदि निर्माण गरेका कुरा मन्त्र अर्थवाद इतिहासपुराण प्रमाणवाट वुझ्न सकिन्छ । माकुरो पनि स्वतः आफैं धागो बनाउँछ । पुरुषसम्वन्धविना वलाकाले गर्भ धारण गर्छे । त्यस्तै चेतनब्रह्म वाह्यसाधनको अपेक्षा नगरी स्वतः जगत्- सुष्टि गर्छ । कुलाल र देवादि दुवै चेतन हुन् चैतन्यमा वैषम्य छैन, तथापि, कार्यारम्भमा कुलाल वाह्यसामग्रीको अपेक्षा राख्छ । देवता भने वाह्यसामग्रीको अपेक्षा राख्दैनन् । त्यस्तै ब्रह्मचेतन वाह्य सामग्रीको अपेक्षा राख्दैन । यो देवादि उदाहरणवाट वुझ्नु पर्छ । जसको जुन सामर्थ्य छ त्यसै अनुसार गर्छ, एकको सामर्थ्य जस्तै सवैको हुनुपर्छ भन्न मिल्दैन । अतः कहीं एकान्तेन यो कुरा सर्वत्र लागू हुँदैन ।

इति उपसंहारदर्शनाधिकरणम् ।

कृतस्नप्रसक्तिअधिकरणम् ९

कृत्स्नप्रसक्तिर्निरवयवत्वशब्दकोपो वा ।२६।

वाह्यसाधननिरपेक्ष परमेश्वर जगत्कारण हो भन्ने स्थिर भएको छ । शास्त्रार्थ-परिशुद्धिका निमित्त आक्षेप सूत्रैद्वारा । पूर्वस्थापित कुरा नै यहाँ मिल्दैन, निरवयव हुनाले ब्रह्म पूर्णरूपेण परिवर्तित हुन्छ भन्नुपर्ने हुन्छ । सावयव हो भने ब्रह्मको केही भाग परिवर्तित हुने र केही नहुने भन्नुपर्‍यो परिणामवादमा । अब संशय छ दधिआदि जस्तै पूर्णरूपेण परिणत हुन्छ कि एकदेशेन ? पूर्ववादी भन्छन् कृत्स्नप्रसक्ति अर्थात् पूर्णरूपमा परिवर्तित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ। यस दोष परिहारका निमित्त सावयव मानौं भन्ने हो भने ब्रह्मको निरवयवत्व ख्यापन गर्ने श्रुति व्यर्थ होलान्। फलतः शब्द अप्रमाण होला, यस्तो छ आक्षेप। उत्तर छ सिद्धान्त सूत्रद्वारा-

श्रुतेस्तु शब्दमूलत्वात् ।२७

सूत्रघटक 'तु' शब्दले पूर्वसूत्रको आक्षेप- निरसन गरेको छ। हाम्रो पक्षमा कुनै दोष छैन, सर्व परिणाम हुने होइन। किन होइन ? जसरी जगदुत्पत्ति ब्रह्मबाट हुन्छ भन्ने श्रुति छ त्यसैगरी कुनै विकार न भई ब्रह्म रहन्छ भन्ने पनि श्रुति छ। 'यो जीवरूपमा पसेर नामरूप चलाउँछु' 'सर्वभूत त परमेश्वर को एक पाउ हो। तीन पाउ अमृत हुन् द्युमा छन्।' जस्ता श्रुति परिणामस्वीकार गर्दैनन्। निरवयत्वको व्याकोप पनि उक्तश्रुतिबाट निरसन भएको छ।
उक्त प्रसङ्गको अभिप्राय यस्तो छ-

'परमेश्वर मायाका आधारमा धेरैरूप मा बुझिन्छ' भन्ने श्रुतिअनुसार ब्रह्मकै मायाशक्तिबाट जगत्‌रूपमा परिणाम हुन्छ भन्ने मान्यता रहिआएको छ, तर; यो वास्तविक होइन नीरूप आकाशमा तलमलिनताभ्रम जस्तै निरवयव ब्रह्ममा जगत्‌रूपपरिणाम भ्रम हो। अतः सबै रूपमा परिणाम हो कि केही भागमा मात्र हो भन्ने विकल्प नै उठ्नु ठीक होइन, परिणाम हो भनेमात्र पुग्छ।

आत्मनि चैवं विचित्राश्च हि ।२८।

एकै ब्रह्म आफ्नो स्वरूप नबिगारी अनेक आकारमा सृष्टि गर्न कसरी सक्ला भन्नेबारे विवादं गर्ने काम छैन। उपर्युक्तसूत्रार्थ जस्तै थप कुरा- एकैआत्मा स्वरूपउपर्मद विना नै विचित्राकारका सृष्टि गर्छ भन्ने श्रुति छन्। लोकमा पनि स्वप्नद्रष्टा एकैआत्मा आफू नबिग्री अनेकआकारमा सृष्टि गर्छ भन्नेछ, 'त्यहाँ रथ र रथ हिंडने मार्ग छैन आफैं सृष्टि गर्छ' भन्ने श्रुति पनि यसमा साक्षी छ। त्यस्तै- देवता र मायावी व्यक्ति पनि त स्वरूप उपमर्दन विनानै हात्ती, घोडा, रथ आदि सृष्टि गर्न सक्छन्, त्यस्तै एकै ब्रह्ममा स्वरूपउपमर्दन विना अनेकाकार सृष्टि हुन सक्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वपक्षदोषाच्च ।२९।

प्रतिवादीसाङ्ख्यपक्षमा उक्तदोषको आपादन गर्नसकिन्छ । जस्तै- प्रधान पनि निरवयव शब्दादिहीन अपरिच्छिन्न हो । त्यसको परिणामस्वीकार गर्दा पहिले जस्तै सर्वात्मना हो कि अवयवशः भन्नेमा दुई दोष देखापर्छन् । ब्रह्मवादीवाट आफ्नो पक्षका दोषनिरसन भएकै छन्, यस्ता दोषपरिहार गर्न साङ्ख्यले सक्तैनन् ।

इति कृत्स्नप्रसक्ति अधिकरणम् ।

सर्वोपेताधिकरणम् १०

सर्वोपेता च तद्दर्शनात् ।३०।

ब्रह्म एकै भए पनि विचित्र माया शक्तिका प्रभावले अनेक सृष्टि विचित्र प्रपञ्च हुन्छ भन्ने प्रतिपादन भयो । अशरीर ब्रह्मको माया हुन्छ वा हुँदैन ? मायावी ऐन्द्रजालिक सशरीर देखिन्छन् लोकमा । अतः अशरीरीको माया हुँदैन भन्ने पूर्वपक्षमा उत्तर छ, सर्वोपेता चेति । परा देवता सर्वशक्तियुत छ । कसरी छ ? तद्दर्शनात् । परादेवता सर्वशक्तियुता हो भन्नेमा श्रुति- 'सर्वकर्मा सर्वकामः सर्वरसः' इत्यादि हो ।

विकरणत्वान्नेतिचेत्तदुक्तम् ।३१।

चक्षु, श्रोत्र, वाक् र मन कुनै पनि इन्द्रिय हुँदैनन् । भनिन्छ परमात्मामा, कार्योत्पादक करणको अभावमा मायाशक्तियोग कसरी हुन्छ ? अर्थात् हुँदैन भन्ने भावको उत्तर 'तदुक्तम्' अर्थात् जे उत्तर दिनुपर्ने हो त्यो पहिले नै भइसकेको छ । जस्तै ऐन्द्रजालिक बाह्यसाधन बिना र लौकिकमायावी पनि साधन बिनानै आ-आफ्नो काम गर्छन् । त्यस्तै ब्रह्म पनि बाह्यसाधन बिना नै काम गर्छ । शरीरनैरपेक्ष्येण ब्रह्मबाट काम हुन्छ भन्नेमा श्रुति छ 'मायिनं तु महेश्वरम्' इत्यादि ।

अथवा 'अपाणिपाद' इत्यादि श्रुतिः अविद्यावशात् अशरीरीआत्मा सर्वशक्तिमान् हो भन्ने आख्यानार्थ हो । अनिर्वचनीय भएकाले माया र अविद्यामा भेद छैन ।

इति सर्वोपेत अधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रयोजनवत्वाधिकरणम् ११

न प्रयोजनवत्त्वात् ।३२।

आफूलाई प्रयोजन नभएकाले परमेश्वर जगत्सृष्टि किन गर्छ ? आक्षेपक पूर्वपक्षसूत्र हो। 'विज्ञानआनन्द ब्रह्म हो' यो श्रुतिसिद्ध नित्यसुखरूपब्रह्म जगत्- सृष्टि गर्छ वा गर्दैन, यो संशयमा पूर्ववादी भन्छन्- सृष्टि गर्दैन। किन ? उत्तर- 'प्रयोजनवत्त्वात्' लोकमा चेतनप्रवृत्ति सप्रयोजन देखिन्छ, यहाँ त्यो कुरा छैन, किनभने, नित्यतृप्त परमेश्वरलाई सृष्टि चाहिएको छैन। जीवको निम्ति त्यसै पनि चाहिएन, परमेश्वरदेखि अभिन्नै जीवात्मा हो, अतः सृष्टि चेतनकार्य होइन।
सिद्धान्ती सूत्रैवाटै उत्तर दिन्छन्-

लोकवत्तुलीलाकैवल्यम् ।३३।

सौत्र तु आक्षेपपरिहारक हो। सुशान्त र समृद्ध राष्ट्रको राष्ट्रपति अथवा राजा काम वा प्रयोजन नभए पनि विहार गर्छ। बाहिरी फलको अपेक्षा नभए पनि उच्छ्वास, प्रश्वास स्वभावतः हुन्छन्। त्यस्तै कुनै प्रयोजन नभए पनि स्वभावतः लीलारूपमा प्रवृत्ति ईश्वरको पनि हुन्छ। ईश्वरको कुनै पनि प्रयोजन श्रुतिबाट अथवा न्यायबाट खोजे पनि फेलापर्दैन। अतः प्रयोजन नभएर नै ईश्वरसृष्टि गर्छ। सृष्टिश्रुति परमार्थविषया होइन, किनभने, अविद्याकल्पित नामरूपात्मक व्यवहारमा चलेको छ। सबै ब्रह्म हो भनेर, बुझाउने त्यस्ता श्रुतिको काम हो। अतः ब्रह्मात्मभावप्रतिपादनपरता श्रुतिमा छ भन्ने विर्सन हुँदैन।

इति प्रयोजनवत्त्वाधिकरणम्।

वैषम्यनैर्घृण्याधिकरणम् १२

वैषम्यनैर्घृण्ये न सापेक्षत्वात्तथाहि दर्शयति ।३४।

पुनरपि-जगत्‌जन्मादिको कारण परमेश्वर हो भन्ने पक्षको आक्षेप छ र समाधान पनि। त्यसैलाई दृढीकरण स्थूणानिखननन्यायद्वारा हुँदैछ। आफूले प्रतिज्ञागरेको अर्थ दृढीकरण हुनुपर्छ। नत्र विचैमा विलोप हुन सक्छ। अब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संशय- जगत्कर्ता ईश्वर वैषम्य र नैर्धृण्य दोषवान् हो वा होइन भन्ने छ। सुखी देवता, दुःखी पशुपक्षी, स्थावर आदि र मध्यमभोगभागी मनुष्य सृष्टिकर्ता हुनाले वैषम्य, नैर्धृण्य परमेश्वरमा छ भन्ने मान्नुपर्छ। यसप्रकारको वैषम्य, नैर्घृण्य आउने हुनाले जगत्कारण परमेश्वर होइन यो छ पूर्वपक्ष, उत्तर छ, वैषम्य र नैर्घृण्य परमेश्वरमा छैन। किन छैन ? उत्तर छ- सापेक्षत्वात्। सर्वथा निरपेक्ष परमेश्वरले सृष्टि गर्ने भए यसप्रकार वैषम्य, नैर्घृण्य हुन्थ्यो होला, निरपेक्षपरमेश्वर सृष्टिकर्ता होइन। सृज्यमानप्राणिकर्म धर्मअधर्मका अपेक्षाले सृष्टि ईश्वरवाट हुने हो। यो ईश्वरको अपराध होइन। वृष्टि जस्तै ईश्वरसृष्टि सबैका निमित्त बराबर छ। धान, जौ आदि फरक किन हुन्छन् त भने, ती ती बीजगतअसाधारण सामर्थ्यगत कारण हुनाले। त्यस्तै परमेश्वरसृष्टि सापेक्ष हुनाले वैषम्यनैर्घृण्यदोष को प्रसक्ति परमेश्वरमा हुँदैन। धर्माधर्मसापेक्षतामा सूत्र 'तथाहि दर्शयति' अर्थात् श्रुतिआज्ञा छ। 'जसलाई उकास्नु छ उसलाई राम्रामा प्रवृत्ति र जसलाई गिराउनु छ उसलाई नराम्रामा' इत्यादि उदाहरण लिन सकिन्छन्।

पुण्यपापनियामक हुनाले पूर्वोक्त दोष बाँकी नै रह्यो भन्न मिल्दैन, किनभने, तत्तद्वस्तुगत शक्तिको व्यवस्था र परिहार नियामकतामा प्रकरणतात्पर्य छ। शक्ति मायामात्रमा रहन्छन्। तिनको उत्पादक ईश्वर होइन। अतः वैषम्यनैर्घृण्यदोष प्रसङ्ग परमेश्वरमा छैन।

न कर्माविभागादिति चेन्नानादित्वात् ।३५।

'सृष्टिको आदिमा सत् थियो' श्रुति अनुसार सृष्टिपूर्व अविभाग को निश्चय छ। कर्म त्यतिबेला थिएन, जुन नभए सृष्टि हुँदैन अनि कसरी मिल्छ सृष्टिसम्बन्धी विषय। यसमा उत्तर छ, 'अनादित्वात्' संसारअनादि हो। प्रथमसृष्टि दोषप्रसक्ति होला नि त ? संसार आदि हो, अनादिको अर्थ हो ब्रह्मविद्या छोडेर अन्यत्रबाट संसार निवृत्त हुँदैन, प्रलयकालमा समेत बीजात्मा अवस्थिति संसारको छ।

कहाँबाट ज्ञान हुन्छ संसार अनादि हो ? यसको उत्तर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपपद्यते चाप्युपलभ्यते च ।३६।

संसार अनादि भन्ने कुरा उपपत्तिसिद्ध छ। आदिमत् भए त संसार अकस्मात् उब्जिदा मुक्त व्यक्तिको पुनः संसार होला। नगरेका कर्मको फल मिल्ने र गरेका कर्मको पल नआउने प्रसङ्ग हुन्छ। संसार आदिमत् होइन अनादि हो भन्नेमा 'सूर्य र चन्द्रमा पहिले जस्तै कल्पना गरे' यो श्रुति र 'जस्तो प्राप्त छ त्यो रूपको संसार होइन, यसको अन्त, आदि र प्रतिष्ठा छैन' जस्ता स्मृति छन्। अतः संसार अनादि हो।

इति वैषम्यनैर्धृण्याधिकरणम्।

सर्वधर्मोपपत्त्यधिकरणम् १३

सर्वधर्मोपपत्तेश्च ।३७।

चेतनब्रह्म जगत्कारण हो, प्रकृति पनि हो, यी दुवै कुरा निश्चित भइसकेका छन्। वेदार्थको टुङ्गो लागेको छ। प्रतिवादीबाट उपक्षिप्त विलक्षणत्वादिदोषपरिहार पनि आचार्यद्वारा भएकै छ। अब परपक्षप्रतिषेध प्रधान अर्थात् परिणाम, आरम्भ र सङ्घातवाद साङ्ख्य-वैशेषिक-बौद्धादि अभिमत, निराकरण गर्ने उद्देश्य राख्दै स्वपक्ष विवर्तवादको उपसंहार भएको छ।

कार्याकारेण विकृति हुने प्रकृति हो। अब ब्रह्म, दूधआदि जस्तै दधिआकारमा परिणत हुने हो कि रज्जुसर्प जस्तै भ्रमाधिष्ठान हो ? भन्नेमा निर्गुण ब्रह्म दूध आदि जसरी परिणामी हुन सक्तैन, सावयव रज्जु भ्रमाधिष्ठान जस्तै निरवयव ब्रह्म भ्रमाधिष्ठान हुन सक्तैन। अतः उभयविध ब्रह्म जगत्कारण हुनसक्तैन भन्ने पूर्वपक्ष छ।

सिद्धान्त छ- 'सर्वधर्मोपपत्तेः' कारण यहाँ प्रत्यग्ब्रह्म हो प्रत्यग्ब्रह्ममा कारणता निश्चित हुने बित्तिकै जीव-ईश्वर, जगत् आदि अनेक आकृतिमा विभक्त भ्रमाधिष्ठानत्वादि उपरिदर्शित प्रकरणबाट सबै कारणधर्म उपपन्न हुन्छन्। जसबाट सर्वज्ञ, सर्वशक्ति र महामायी ब्रह्म हो भन्ने सिद्ध छ।

निगुर्ण ब्रह्म कूटस्थ अविकारी हो त्यस्तो वस्तु परिणामी हुन सक्तैन, तर भ्रमाधिष्ठान हुन सक्छ। रज्वादि दृष्टान्त यसरी हो- रज्जु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविकारी हो कूटस्थतया अवस्थित हो सर्पभ्रमाधिष्ठानमात्र हो, यति अंशमात्र यहाँ दृष्टान्त हो सबै होइन। अतः सावयवत्वनिरवयवत्वादि अप्रयोजक हुन्। निरवयव आकाशमा इन्द्रनीलमणिमयत्व, अवाङ्मुखकटाहभ्रमाधिष्ठानत्व देखिएकै छ। अतः निर्गुणनिरवयव ब्रह्म, अविद्याप्रभावले जगद्विवर्तको उपादान हुने कुरा सिद्ध छ। पहिले उत्थापन भएका अनुपपत्तिशङ्का निरस्त भएका छन्। अतः जगत्कारण ब्रह्म हो, यो सिद्ध भएको छ।

इति सर्वधर्मोपपत्ति अधिकरणम्।

द्वितीय अध्यायको पहिलो पाद सकियो।

अथ द्वितीयाध्यायः
द्वितीय पादः

हुन त यो शास्त्र वेदान्तवाक्यमा ब्रह्मपरता- निरूपणार्थ प्रवृत्त छ। तर्कशास्त्र जस्तो केवल तर्क- बलवाट कुनै सिद्धान्त- साधन वा दूषणका लागि होइन। मुमुक्षु ज्ञानका लागि स्वपक्षप्रतिपादन गर्छन्, गर्नु पनि त्यसै पर्छ, यसअतिरिक्त परद्वेष जगाउने परपक्षनिराकरण उपयुक्त होइन। नभए पनि महर्षि विद्वान् साधकद्वारा रचित युक्तिगर्भित साङ्ख्यादि दर्शन ठीक हुन् कि भन्ने भ्रम सामान्यबुद्धिका व्यक्तिलाई हुन सक्छ त्यस्तो नहोस् भन्नाका लागि, साथै परपक्ष दूषणले मात्र तत्त्वनिर्णय हुँदैन, दूषण नगर्दा पनि तत्त्व निर्णय हुँदैन। तत्त्वनिर्णयका लागि वीतरागले पनि परपक्षदूषण गर्नुपर्ने हुन्छ। परपक्षभएकैले दूषण गर्नु पर्ने भन्ने चाहिँ होइन, वीतरागकथामा पनि पक्षप्रतिपक्षादि माध्यम तत्वनिर्णयार्थ चाहिन्छ। अनिमात्र वीतरागकथा तत्त्वनिर्णयमा टुङ्गिन्छ। त्यसैले त वेदान्तवाक्य विभाग गर्दा सम्यग्दर्शनका प्रतिपक्षभूत साङ्ख्यादिदर्शनको निराकरण गर्नु पर्ने हुन्छ, एतदर्थ दोस्रोपाद हो।

रचनानुपपत्ति अधिकरणम् १

वेदान्तार्थनिर्णय सम्यग्दर्शन हो, त्यही निर्णयमाध्यमले स्वपक्षस्थापना पहिले भएको छ, परपक्ष-प्रत्याख्यानभन्दा त्यो अभ्यर्हित हो। शङ्का हुन सक्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परपक्षपराकरण किन गर्ने ? त्यो काम त परद्वेष हो मुमुक्षुका लागि त्यो सुहाँउदैन । कुरा त ठीकै हो तर महाजन परिगृहीतत्व साङ्ख्यादि दर्शनमा पनि छ, सम्यग् ज्ञानसाधन ती पनि हुन् यस्तो भ्रम पर्न सक्छ मन्दमतिलाई यो वस्तुगति आत्मसात् गरी तिनमा असारता देखाउनु आवश्यक छ, त्यसका निमित्त प्रयत्न हो । यो कुरा त 'ईक्षतेर्नाशव्दम्' 'कामाच्च नानुमानापेक्षा' 'एतेन सर्वे व्याख्याता व्याख्याताः' इत्यादिवाट भएकै छ, किन त्यही पुनरुक्ति गर्ने ? साङ्ख्यले वेदान्तवाक्यको अर्थ आफ्नो सिद्धान्त मिल्ने गरी गरेको व्याख्यान व्याख्यानाभास हो । पहिले भनिएको छ । अहिले वाक्यनिरपेक्ष स्वतन्त्र ती युक्तिको प्रतिषेध गरिन्छ यो फरक छ । अतः पुनरुक्ति वा गतार्थ छैन ।

रचनानुपपत्तेश्च नानुमानम् ।१।

स्वपक्षस्थापन र परपक्षनिराकारणपरक गत अधिकरण यहाँ उपजीव्य -उपजीवकभाव सङ्गतिमान् छ । 'सर्वधर्मोपपत्तेः' बाट ब्रह्ममा कारणधर्म उपपत्ति प्रदर्शित छ । त्यो उपपत्ति प्रधानमा हो कि ? यो आक्षेप गर्दै यहाँ समाधान भएको छ । त्यसैले आक्षेपात्मक अवान्तर सङ्गति पनि यहाँ छ । अब अधिकरणगत विषय- पूर्वपक्षमा साङ्ख्ययुक्तिविरोध छ, अतः समन्वय सिद्ध छैन । सिद्धान्तमा त्यो विरोध नहुनाले समन्वयसिद्ध छ, उभयपक्षभेद यही हो । अचेतनप्रधान जगत्को उपादान हो यो छ साङ्ख्यसिद्धान्त विषय त्यो प्रमाणमूल हो कि भ्रान्तिमूल ? यो छ संशय । जगत् सुखदुःखमोहात्मक वस्तुपादानक हो, सुख दुःख र मोह देखिएको हुनाले, मृत् अनुगतघट जस्तै, यो अनुमानले सुखादियुक्त कार्य त्रिगुणात्मक प्रधानकार्य हो भन्ने बुझिन्छ । अतः साङ्ख्यसिद्धान्त प्रामाणिक हो । यो छ पूर्वपक्ष ।

सिद्धान्त छ- उक्त अनुमानसिद्ध प्रधान जगत्को उपादान होइन । किन ? उत्तर- 'रचनानुपपत्तेः' सृष्टिसम्बन्धी ज्ञान नभएको अचेतन प्रधानबाट अनेकविधविचित्र जगत् रचना हुन्छ भन्नु उपपत्ति मिल्दैन । बुद्धियुक्त कुशलशिल्पीद्वारा विचित्र गृहनिर्माण देखिने गरेको छ । जडबाट निर्माण देखिँदैन । सूत्रघटक 'च' शब्द हेतुले स्वरूपासिद्धिको समुच्चय देखाएको छ । सुखादि आन्तर हुन् जडात्मक जगत्मा सुखान्वितत्व सम्भव छैन । अतः साङ्ख्यसिद्धान्त प्रामाणिक होइन ।
शक्तिबाट प्रवृत्ति हुने साङ्ख्यपक्ष निराकरणार्थ सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवृत्तेश्च ।२।

अचेतन रथादिप्रवृत्ति चेतनाधीन हुने कुरा लोकमा देखिन्छ । साम्यावस्थाप्रच्युतिरूप प्रधानप्रवृत्ति चेतन नभई हुन सक्तैन । उक्त कुरामा व्यभिचार-शङ्कापरिहारमा-

पयोऽम्बुवच्चेत्तत्रापि ।३।

अचेतनको स्वयं प्रवृत्ति हुन्छ, वत्सवृद्धिका निमित्त दूधको प्रवृत्ति हुन्छ । त्यस्तै जल स्वयं बग्छ । त्यस्तै प्रधानको प्रवृत्ति स्वयं हुन्छ, यो कुरा श्रुतिसङ्गत होइन, दूध तथा पानी चेतनाधिष्ठित छन् रथादिको जस्तै प्रवृत्ति त्यसैले भएको हो । 'यः अप्सु तिष्ठन्' इत्यादि श्रुतिसिद्ध अन्तर्यामी जलादिको प्रेरक हो । धेनु चेतन हो, त्यसैले क्षीरप्रवर्तकता चेतनामा छ ।

व्यतिरेकानवस्थितेश्चानपेक्षत्वात् ।४।

साङ्ख्यमान्यतामा तीनगुण समभावमा रहेमा प्रधान भनिन्छ । गुणत्रयबाहेक प्रधानको प्रवर्तक वा निवर्तक बाहिरी केही छैन । पुरुष उदासीन हो प्रवर्तक निवर्तक केही होइन, यसहेतु प्रधान अनपेक्षी कारण हो । अनपेक्षी भएकैले प्रधान कहिले महत्वादिरूपमा परिणत हुने र कहिले नहुने हुन्छ भन्ने कुरा सिद्धान्तसङ्गत होइन । ईश्वर त सर्वज्ञ सर्वशक्ति छ, त्यस्ताको प्रवृत्ति र निवृत्तिमा कुनै असमञ्जस् छैन ।

अन्यत्राभावाच्च न तृणादिवत् ।५।

तृण पालुवाआदिको पानी निमित्तान्तरनिरपेक्ष दुंग्धाकारमा परिणत हुन्छ । त्यसैगरी प्रधान पनि महदादिआकारमा परिणत हुन्छ भन्ने कुरा युक्तिसङ्गत छैन । किन छैन ? उत्तर छ- 'अन्यत्राभावात्' धेनुमहिषीशरीरादिदेखि अन्यत्र वृषभादिमा उपभुक्त तृणादि क्षीररूपमा परिणत हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्युपगमेऽप्यर्थाभावात् ।६।

प्रधानको प्रवृत्ति स्वाभाविकी हो भनौला त्यसमा पनि दोष छ। कसरी छ ? 'अर्थाभावात्' प्रयोजन नभएकाले, प्रधानको प्रवृत्ति भोगार्थ मान्ने कि अपवर्गार्थ ? भोगार्थ हो भने भोगपूर्व कुनै अतिशय पैदा हुनुपर्छ, त्यो हुँदैन, अतः भोगार्थ हुनसक्तैन। त्यसो भए अपवर्गार्थ प्रवृत्ति हुन्छ कि ? त्यसमा पनि प्रश्न छ, अमुक्तका लागि कि मुक्तका लागि ? अमुक्तका लागि हो भने प्रधान प्रवृत्ति भइरहने भएकाले मुक्ति नै नहोला, मुक्तका लागि हो भने पहिले नै मुक्त भइसकेकाले प्रवृत्ति व्यर्थ होला। अतः प्रवृत्ति माने पनि निष्प्रयोजन छ।

पुरुषाश्मवदिति चेत्तथापि ।७।

फेरि पनि प्रधानकारणतावाद उत्थान- कुनै आँखा देख्ने पङ्गु छ, आँखा नदेख्ने असमर्थलाई प्रेरणा गर्न सक्छ। स्वयं अप्रवर्तमान चुम्बक फलामको प्रेरक बन्छ, त्यस्तै पुरुष उदासीन भए पनि प्रधानलाई प्रेरणा गर्छ भन्छन्, तर, त्यो ठीक छैन। उक्त दोष-निर्मुक्ति यसबाट हुँदैन। प्रधानको स्वतन्त्रताहानि एकदोष हो भने पुरुषको औदासीन्यहानि अर्को दोष हो। परमात्मामा यस्ता दोषप्रसङ्गै हुँदैन, स्वरूपाश्रयताका हिसाबले परमेश्वर उदासीन हो र मायाश्रयतामा प्रवर्तक हो।

अङ्गित्वानुपपत्तेश्च ।८।

प्रधानको प्रवृति मान्न पुनरपि मिल्दैन। सत्त्वरजतममा गुणप्रधानभाव छोडेर बराबरस्वरूपमात्रमा रहनु प्रधानको अवस्था हो।

प्रधानावस्था कूटस्थ नित्य हो ? हो भने त्यसको प्रच्युति हुँदैन। सत्त्वादि गुण र प्रधानमा अङ्गाङ्गिभाव हुँदैन, त्यसो हुँदा महदादि उत्पादनका लागि प्रधानको प्रवृत्ति नहुने नै भयो। परिणामी नित्य हो भने बाहिरी कुनै वस्तु क्षोभक हुँदैनन्, त्यो नहुँदा पहिले जस्तै अङ्गाङ्गित्वको अनुपपत्तिले पहिलेकै दोष प्रसङ्ग छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्यथाऽनुमितौ च ज्ञशक्तिवियोगात् ।९।

गुणस्वभाव अनपेक्षी हुन्छ। अतः स्वत : वैषम्य गुणमा छैन भन्नेमा असिद्धि आशङ्का र परिहारमा सूत्र हो 'अन्यथा' इति। 'अन्यथाऽनुमितौ' यति पूर्वपक्ष हो। महदादिकार्योत्पादक हुनाले साम्यावस्थामा पनि विषमकार्योत्पादनयोग्यता रहन्छ भन्ने कुरा मान्दा पूर्वोक्तरचनानुपपत्तिरूप दोष आवृत्त हुन्छन्। ज्ञानशक्तिमत्त्व स्वीकार गर्दा अपसिद्धान्त हुन्छ, प्रतिवादित्व निवृत्त हुन्छ। ब्रह्मवाद मानेको हुन्छ। वैषम्ययुक्तगुण पनि साम्यावस्थामा आफ्नो काम गर्छन् भन्न मिल्दैन। विना निमित्त वैषम्यस्वीकार नगर्ने हो भने सर्वदा वैषम्य भइरहला। सूत्रघटक 'च' शब्दले पूर्वोक्त अङ्गित्वको अनुपपत्ति पनि सूचित भएको छ।

विप्रतिषेधाच्चासमञ्जसम् ।१०।

साङ्ख्यसिद्धान्त परस्पर विरुद्ध छ। कतै सात इन्द्रियको चर्चा छ भने कतै एघार। कहीं महत्बाट तन्मात्रासृष्टि हुने कुरा छ, कतै अहङ्कारबाट। कतै तीन अन्तःकरण त कतै एक। यस्ता सबै ईश्वरकारणवादिनी श्रुतिमा बाभिन्छन्। अर्को कुरा परस्परप्रतिषेधले पनि साङ्ख्यदर्शन समस्याग्रस्त छ।

इति रचनानानुपपत्ति अधिकरणम्।

महद्दीर्घाधिकरणम् २

प्रधानकारणवादनिरसन भएको छ। अब पालो छ परमाणुकारणवादको। त्यसमा पनि प्रथमत अणुवादीले ब्रह्मवादीमा जुन दोषप्रक्षेपण गर्छन् त्यसको समाधान हुन्छ। अणुकारणवाद वैशेषिककै प्रक्रियानुसार व्यभिचारी छ भन्ने प्रदर्शन हुन्छ।

महद्दीर्घवद्वा ह्रस्वपरिमण्डलाभ्याम् ।११।

ब्रह्मविसदृश जगत्को उत्पत्तिमा वैशेषिकाभिमत दृष्टान्त छ कि छैन ? संशय पछि पूर्वपक्ष छ- शुक्लतन्तुबाट शुक्लै पट उत्पन्न हुन्छ यो प्रसिद्ध हो। अतः दृष्टान्त छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तर- दृष्टान्त छ, अणुत्व र ह्रस्वत्व गुणयुक्त द्वयणुकबाट 'महद्दीर्घवत्' महत्व र दीर्घत्वयुक्त चतुरणुक जन्मिन्छ। यो वस्तुगति कार्यकारणमा विसदृशगुणयोगित्वको सूचक हो। अथवा परमाणुद्वयबाट आरब्धद्वचणुक कार्य हो त्यसमा ह्रस्त्व गुण छ, कारणभूतपरमाणुमा पारिमाण्डल्य परिमाणत्व गुण छ। तिनै ह्रस्व र परिमण्डलबाट कार्यकारणमा विसदृशत्वख्यापन भएकै छ। त्यस्तै अचेतन जगत् चेतन ब्रह्मबाट उत्पन्न हुन्छ। वैशेषिक प्रक्रिया- अदृष्ट सचिवपरमाणु सम्पूर्ण जगत्को आरम्भ गर्छन्, कारणका गुण कार्यमा आउँछन्। दुई परमाणु एक द्वचणुकको आरम्भ गर्छन् चारद्वचणुकबाट चतुरणुक आरम्भ हुन्छ, यसैक्रमले हुन्छ जगदुत्पत्ति। साङ्ख्यप्रत्याख्यानबाट अतिदेश भएकै थियो, तापनि वैशेषिकप्रक्रियाअनुसार प्रत्याख्यान भएको थिएन, अतः त्यही प्रक्रियानुसरण गर्दै प्रत्याख्यान भएको हो।

इति महद्दीर्घाधिकरणम्।

परमाणुजगदकारणत्वाधिकरणम् ३

अब परमाणुकारणवादको निराकरण हुन्छ। यसलाई आरम्भवाद पनि भन्छन्।

उभयथापि न कर्मातस्तदभावः ।१२।

संयुक्तपरमाणु जगत् आरम्भ गर्छन् कि गर्दैनन ? यो संशयमा आरम्भ गर्छन् भन्ने छ। पूर्वसिद्ध जगत्प्रलय पछि विलीन हुन्छ। जब महेश्वरको सिसृक्षा हुन्छ, प्राणिकर्मवशात् निखिलपरमाणुमा क्रिया उत्पन्न हुन्छ, अनि अर्को परमाणुसँग संयोजन हुन्छ, अनि हुन्छ द्वचणुक। अनि क्रमैले तीन द्वचणुकवाट त्रसरेणु चार त्रसरेणुबाट चतुरणु एवं क्रमेण महापृथिव्यादि उत्पन्न हुन्छन्, यो प्रक्रियामा कुनै बाधा छैन। अतः संयुक्तपरमाणु जगत्को उत्पादन गर्छन् यो पूर्वपक्ष हो।

सिद्धान्त छ- 'उभयथापि' परमाणुगत आद्य कर्मलाई कारणमाने पनि, नमाने पनि कर्म हुँदैन। अतः 'तदभावः' द्वयणुकादिक्रमले सबैको अभाव छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथवा अदृष्ट द्वचणुकसमवायि हो कि क्षेत्रज्ञसमवायि हो। अदृष्ट अचेतन हो, चेतन अनधिष्ठित अचेतनको प्रवृत्ति हुँदैन 'अतः तदभाव': परमाणुमा आद्यकर्म हुँदैन।

अथवा संयोगोत्पत्तिका निमित्त वा विभागोत्पत्तिका निमित्त (त्यो) मान्ने ? दुवै हुँदैनन् अतः सृष्टिको हेतु संयोग प्रलयहेतु विभाग दुवै नभएकाले 'तदभावः' सर्गप्रलयको अभाव छ, अर्थात् संसार अनादि छ।

उक्त तीन व्याख्यामध्ये प्रथम व्याख्यानमा कारण स्वीकार नगर्दा परमाणुकर्म सर्वदा उत्पन्न भइरहला वा प्रलय होला, कारण स्वीकार गर्दा दृष्टकारण कि अदृष्ट ? प्रयत्न वा अभिघात शरीरोत्पत्ति भन्दा पहिले सम्भव छैन। ईश्वरप्रयत्न कहिले हुने कहिले नहुने आद्यकर्मको नियामक हुन सक्तैन, किनभने नित्य छ।

दोस्रो व्याख्यान अदृष्टकारणवादको हो। त्यो पनि अविचारितरणीय हो, अनुत्पन्नचैतन्य जड हुन्छ, निमित्तकारणतावाट ईश्वराधिष्ठितत्व चेतनअदृष्टपरमाणुमा छ यो कुराको पत्युरसामञ्जस्यात् २।२।३७ मा निराकरण हुनेछ।

त्यस्तो व्याख्यान उक्ततरिकाले अणुमा आद्यकर्म हुँदैन त्यसैले संयोग पनि हुँदैन संयोग नभएकाले विभाग पनि हुँदैन।

समवायाभ्युपगमाच्च साम्यादनवस्थितेः ।१३।

समवायले अणुकारणवाद मिल्दैन। किन ? 'साम्यादनवस्थितेः', दुई अणुबाट हुने द्वचणुक समवायले दुवै परमाणुमा छ। ती दुवै कार्यकारण भन्दा भिन्नै समवाय हो, त्यसो हुँदा समवाय पनि कहीं समवायले रहनुपर्‍यो त्यसको पनि अर्को समवाय हुनुपर्‍यो यस प्रकार अनवस्था हुन्छ।

नित्यमेव च भावात् ।१४।

पुनरपि अणु प्रवृत्तिस्वभाव, निवृत्तिस्वभाव, उभयस्वभाव र अनुभयस्वभावका हुन्। यी मध्ये प्रवृत्तिस्वभाव हो भने सधैं प्रवृत्ति हुनाले प्रलय नहोला, निवृत्तिस्वभाव हो भने प्रवृत्ति कहिलै नहुनाले सृष्टि नहोला, उभयस्वभाव त परस्परविरोधी छ। अनुभयस्वभावमा निमित्तवशात् प्रवृत्ति र निवृत्ति मानिन्छन् अदृष्टादिनिमित्तको नित्यसन्निधानले नित्यप्रवृत्ति होला,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अदृष्टादिलाई प्रयोजक नमान्ने हो भने कहिल्यै पनि प्रवृत्ति नहोला। उपर्युक्त युक्तिबाट परमाणुकारणवाद अनुपपन्न छ।

रूपादिमत्त्वाच्च विपर्ययो दर्शनात् ।१५।

पुनरपि अणुकारणवादमा दोष- परमाणु नित्य छन्, रूपादिमान् छन्, यो मिल्दैन, तिनमा रूपादि भएकैले अणुत्व र नित्यत्व रहँदैन, कसरी ? 'दर्शनात्' लोकमा त्यस्तै देखिन्छ। जुन द्रव्यमा रूप हुन्छ त्यो आफ्नो कारणका अपेक्षा स्थूल र अनित्य देखिएको छ। जस्तै- तन्तुका अपेक्षा पट, यसबाट पनि परमाणुकारणतावाद अनुपपन्न छ।

उभयथा च दोषात् ।१६।

गन्धरसरूपस्पर्श गुण स्थूल पृथिवीमा, रूप-रस-स्पर्श गुण सूक्ष्म जलमा, रूपस्पर्श गुण सूक्ष्मतर तेजमा, स्पर्शगुण सूक्ष्मतमवायुमा घटबढहिसाबले स्थूल-सूक्ष्म-सूक्ष्मतर-सूक्ष्मतम, तरतमभावयुक्त लोकमा देखिन्छन्। त्यस्तै परमाणु पनि उपचितगुणयुक्त हुन् भन्ने कल्पना गर्ने कि नगर्ने ? दुवै पक्षमा दोषमुक्ति छैन। पहिलोपक्षमा परमाणुमूर्तिको उपचय र उपचयले परमाणु अपरमाणु होला। दोस्रो पक्षमा गुणको अपचय र उपचय नहुने भएकाले एकैकमात्र हुनुपर्‍यो त्यस्तो तेजमा स्पर्शको उपलब्धि नहोला, जलमा रूपस्पर्शको र पृथिवीमा रसरूपस्पर्शको उपलब्धि पनि न होला। यसकारण पनि परमाणुकारणतावाद अनुपपन्न छ।

अपरिग्रहाच्चात्यन्तमनपेक्षा ।१७।

पुनरपि-सत्कार्यवादस्वीकारप्रसङ्गमा मन्वादि प्रामाणिक आर्चायद्वारा प्रधानवादको परिग्रह भएको छ। अणुकारणवादको कुनै पनि अंश प्रामाणिक आर्चायवाट परिगृहित छैन, यसबारे विस्तृत शास्त्रार्थपूर्वक शास्त्रार्थनिर्णय भएको छ, विशेषजिज्ञासाशमन भाष्यैबाट हुनसक्छ। उपरिचर्चित अपरिग्रहका आधारमा अणुकारणवाद अग्राह्य भनिएको छ। 'अपरिग्रहाच्च' यो सूत्रवाक्यशेषबाट 'असारतर तर्कको प्रयोग भएकाले, ईश्वरकारणप्रतिपादक श्रुतिविरुद्ध हुनाले, श्रुतिमा निष्ठा राख्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुआदिशिष्टद्वारा अपरिगृहीत भएकाले अत्यन्त अनेपेक्षा परमाणुकारणतावादमा श्रेयोर्थीको हुनुपर्छ' भन्ने प्राप्त छ। अतः भ्रान्तिमूलक वैशेषिकमतका साथ वेदान्ततात्पर्यको विरोध छैन भन्ने सिद्ध भएको छ।

इति परमाणुजगदकारणत्वाधिकरणम्।

समुदायाधिकरणम् ४

वैशेषिकसिद्धान्त दुर्युक्तियोगले वेदविरोधले, शिष्टले परिग्रह नगरेकाले आदर राख्न अपेक्षा गर्नु हुँदैन भन्ने प्रतिपादन भयो। वैशेषिक अर्धवैनाशिक हुन्, तत्समता सर्ववैनाशिकमा रहन्छ अपेक्षा वा सङ्गतिअनुसार वैनाशिकपक्षको उपपादनपूर्वक निरसन हुन्छ-

समुदाय उभयहेतुकेऽपि तदप्राप्तिः ।१८।

सर्ववैनाशिकपक्ष बहुप्रकारको छ, प्रतिपत्तिभेद र विनयभेद प्रकारप्रयोजक हो। तीन थरी वादी छन् सर्वास्तित्ववादी एकथरिछन्, अर्कोथरी विज्ञानास्तित्ववादी र अझ अर्का सर्वशून्यवादी छन्। ती मध्ये सर्वास्तित्ववादी ठान्छन्- दुई समुदाय छन्- वाह्य र आन्तर। तीमध्ये वाह्य भूसमुद्रादि र आन्तर चित्तचैत्यात्मक हुन्। गन्धस्निग्धउष्णचलनस्वभावका पृथिवीजलतेजवायुपरमाणु बाह्यसमुदायका कारण हुन्। रूप-वेदना-विज्ञान-संज्ञा र संस्कार नामका पाँच स्कन्धआन्तरसमुदायका कारण हुन्। चित्तद्वारा निरूपित हुने रूपस्कन्धशब्दस्पर्शादि हुन्। त्यसको अभिव्यक्ति विज्ञानस्कन्ध हो, तज्जनित दुःख वेदानास्कन्ध र देवदत्तादि नाम संज्ञास्कन्धमा पर्छन्। ती सबै स्कन्ध पुञ्जीभूतरूपमा आभ्यन्तरसमुदायको उत्पादन गर्छन्। यो न्हो पूर्वपक्ष।

उत्तरपक्ष छ- 'समुदाय' इति। उभहेतुकसमुदायमा, परमाणुहेतुक समुदायमा, रूपादिस्कन्धहेतुक आन्तरसमुदायमा सङ्घातयिता चेतन कहीं पनि छैन त्यसैले 'तदप्राप्ति': सङ्घात प्राप्ति हुँदैन समुदाय प्राप्ति हुँदैन। तिनको कुनै स्थायी 'चेतनसङ्घात' उपपत्तिकर्ता हुनुपर्छ। क्षणिक स्वयंलब्धात्मक सङ्घात सम्पन्न गर्छ भन्न सकिँदैन। त्यसो भन्दा क्षणिकत्व रहँदैन आफ्नै सिद्धान्तको उपहास हुन्छ, फलतः अपसिद्धान्त हुन पुग्छ। अणुस्कन्ध सबै अचेतन हुन्। अतः समुदायमा उपपत्ति छैन, उपपत्ति नभएकैले तदाश्रय लोकयात्रा पनि लोप हुने स्थिति रहन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इतरेतरप्रत्ययत्वादिति चेन्नोत्पत्तिमात्रनिमित्तत्वात् ।१९।

लोकयात्रालोप हुँदैन- हुन त स्थिरसंहन्ता कुनै चेतन छैन, नभए पनि अर्को अधिष्ठाताबिना जीवको कार्यकरणभाव देखिन्छ त्यस्तै किसिमले अविद्या संस्कारनामरूपादिको 'इतरेतरप्रत्यय' इतरेतरकारण हुने स्थितिमा लोकयात्रा उपपन्न छ, यो पूर्वपक्षको उत्तर दिँदै सिद्धान्ती-

यो हुन सक्तैन । किन सक्तैन ? 'उत्पत्तिमात्रनिमित्तत्वात्' अविद्यादि त पूर्व पूर्वमा उत्तर उत्तरको निमित्तमात्र रहने हो, यत्तिकाभरमा सङ्घात उत्पत्तिको निमित्त भन्न सकिँदैन। नानाहेतु एकीकरणविना जन्मे पञ्चस्कन्धसुमदाय स्थिर चेतनबिना अनेक कारण मिलेको स्थितिबाट उत्पत्ति हुन सक्तैन। नानाकारण एकत्र भए पनि चेतन कुमाल नभई घटोत्पत्ति हुन नसके जस्तै हो। पक्षकोटिमैं परेकाले बीजाङ्कुरन्याय पनि लाग्दैन।

अविद्यादिमा नित्यनैमित्तिकभाव मानेर दोषप्रदर्शन भएको हो। अब उक्त नित्यनैमित्तिकभाव नै घट्दैन, यसबारे-

उत्तरोत्पादे च पूर्वनिरोधात् ।२०।

उत्तरक्षण आउने वित्तिकै पूर्वक्षण नाश हुन्छ। क्षणभङ्गवादमा पूर्वोत्तरक्षणको हेतुफलभाव रहन्छ ? भन्न सकिन्न। रोकिन लागेको वा रोकिएको पूर्वक्षण अभावग्रस्त हो, त्यसैले उत्तरक्षणहेतुता त्यहाँ रहन सक्तैन, यसबाट पनि सौगतमत असङ्गत छ।

असति प्रतिज्ञोपरोधो यौगपद्यमन्यथा ।२१।

हेतु नभए पनि फल हुन्छ भन्ने हो भने प्रतिज्ञाभङ्ग होला, किनभने चार किसिमका हेतु हुन्छन् भनेर चित्तचैत्य उत्पत्ति हुन्छन् भन्ने प्रतिज्ञा बिग्रने भयो। उत्तरक्षण आएसम्म पूर्वक्षण रहन्छ भन्ने स्वीकार्दा हेतु र फलमा यौगपद्य होला, सबैसंस्कार क्षणिक हुन् यो प्रतिज्ञा पनि पीडित होला।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिसङ्ख्याऽप्रतिसङ्ख्यानिरोधाप्राप्तिरविच्छेदात् ।२२।

बौद्धमतमा बुद्धिपूर्वकभावनाश प्रतिसङ्ख्यानिरोध हो, तद्विपरीत अप्रतिसङ्ख्यानिरोध । ती दुई को छ 'अप्राप्तिः' अर्थात् असम्भव । कसरी छ ? 'अविच्छेदात्' । उक्तनिरोध सन्तानगोचर हो कि सन्तानिगोचर ? प्रथमपक्ष अयुक्त छ, सबै सन्तानमा सन्तानिको अविच्छिन्नहेतुफलभाव सम्भव छैन । द्वितीयकल्प पनि ठीक छैन, निरन्वय र निरुपारख्यविनाश हुँदैन, सबै अवस्थामा प्रत्यभिज्ञान सहायताले अन्वयको अविच्छेद नै देखिन्छ । त्यसकारण, परिकल्पितनिरोधद्वय अनुपपन्न छ ।

उभयथा च दोषात् ।२३।

प्रतिसङ्ख्यानिरोधभित्रको अविद्यानिरोध सम्यग् ज्ञानबाट हुन्छ कि स्वयम् ? पूर्वकल्पमा निर्हेतुक विनाश स्वीकारमा बाधा, दोस्रोमा मार्गोपदेश व्यर्थता छ । यसरी उभयथा दोषप्रसङ्गले यो दर्शन असमञ्जस्मा छ ।

आकाशे चाविशेषात् ।२४।

प्रतिसङ्ख्या र अप्रतिसङ्ख्यालाई निरुपाख्य भन्न बौद्धले सक्तैनन्, त्यस्तै आकाश पनि निरुपाख्य हो भन्न सक्तैनन् वस्तुत्वेन ज्ञान आकाशको हुन्छ । 'आत्माबाट आकाश भयो' जस्ता श्रुति यसबारे साक्षी छन् । विप्रतिपन्नका निम्ति भने शब्दगुणबाट आकाशको अनुमान हुन्छ ।

अनुस्मृतेः ।२५।

सबै वस्तु क्षणिक हुन् भन्ने बौद्धले आफूलाई पनि क्षणिक मान्नु पर्‍यो, त्यो मिल्दैन । किन ? 'अनुस्मृतेः' अनुभव=उपलब्धि अनुवादात्मक स्मरण अनुस्मृति हो, त्यो उपलब्धिमा एककर्तृकत्व हुन्छ, अर्थात् एउटाले अनुभव गरेका अर्काले सम्झदैन । यसबाट पनि वैनाशिक पक्ष अनुपपन्न छ । नष्ट बीजबाट अङ्कुरोत्पत्ति हुन्छ बौद्धसमयमा । असत्बाट भावको उत्पत्तिमान्यता त्यो मतमा छ । त्यो अनुपपन्न हो-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नासतोऽदृष्टत्वात् ।२६।

अभाववाट भाव उत्पन्न हुँदैन । सवै अभाव भएकाले कार्यविशेषमा कारणविशेष स्वीकार गर्ने कुरा अनर्थक होला । बीजत्व नष्ट भएको बीज त शशविषाणादि जस्तै हो, त्यो निःस्वभाव हो, अब शशविषणादिबाट नै अङ्कुरोत्पत्ति हुनुपऱ्यो, त्यस्तो देखिँदैन, त्यसो मान्दा सबै लोक आकुल होला ।

उदासीनानामपि चैवं सिद्धिः ।२७

अभाववाट भावोत्पत्ति मान्ने हो भने उदासीन र इच्छा नभएका व्यक्तिको पनि अभिमत सिद्ध होला, अभाव त सुलभै छ। खेतवारीमा मिहिनेत न गरेका कृषकले पनि अन्नबाली तयार गर्लान् मृत्तिका-संस्कारमा वास्ता नगरेका कुमालेमा पनि घटादि पात्र बन्लान्। तनोट बनोट तयार नगरेका तन्तुवायका पनि वस्त्र तैयार होलान्। स्वर्ग तथा अपवर्गका निमित्त कुनै व्यक्ति कुनै पनि साधनामा न लाग्ला । उपर्युक्त कुरा सम्भव छैन, स्वीकार्य पनि छैन । अभाववाट भावोत्पत्ति अनुपपन्न छ ।

इति समुदायाधिकरणम् ।

अभावाधिकरणम् ५

बाह्यार्थअस्तित्ववादी बौद्धमत निराकृत भएको छ। अब विज्ञानवादी बौद्धमतको निराकरणार्थ यों अधिकरण छ ।

नाभाव उपलब्धेः ।२८।

केही शिष्यको बाह्यवस्तु अभिनिवेश बुझेर तिनैका लागि बाह्यार्थवादको प्रक्रिया उपदर्शित भएको हो। वास्तविक अभिप्राय यसमा बौद्धको छैन। उनीहरूको अभिप्राय त विज्ञानस्कन्धवाद एकमा मात्र छ। तदनुसारी प्रक्रिया-

क्षाणिकविज्ञानस्कन्धमात्र मिल्छ वा मिल्दैन ? संशयमा, मिल्छ भन्ने पूर्वपक्ष छ। त्यसोभए व्यवहार नहोला भन्न मिल्दैन, बाह्यवस्तुको अपेक्षा नभएर पनि केवल बुद्धिले स्वप्नव्यवहार चलेको छ, त्यस्तै हो जाग्रद्व्यवहार पनि । अतः विज्ञानस्कन्धमात्र मिल्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्त हिसाबको उत्तर-बाह्यपदार्थको अभावनिश्चय हुन सक्तैन । किन ? 'उपलब्धेः' घटपटादि पदार्थको उपलब्धि बाहिर हुन्छ ।

फेरि शङ्का छ बुद्धिनै घटादि आकारमा अवभासित हो । प्रसिद्धि छ- भित्री जानिने वस्तु बाहिर जस्तो भान भएको हो । यसो हो भने तिम्रो भनाई नै बाह्यार्थ छ भन्ने प्रमाण भयो । बाहिरी पदार्थ नहुने हो भने तद्गत व्युत्पत्ति नै हुँदैन यस स्थितिमा 'वहिर्वत्' बाहिर जस्तै उपमानोक्तिको सङ्गति मिल्दैन । साक्षी र विज्ञानको समविषमतानिरूपण भाष्यमा छ, त्यतैबाट विशेष कुरा बुझ्नसकिन्छ ।

वैधर्म्याच्च न स्वप्नादिवत् ।२९।

अभाववादको स्वप्नदृष्टान्त यहाँ मिल्दैन । किनभने, स्वप्नप्रत्यय जस्ता जाग्रत्प्रत्यय हुँदैनन् । कसरी ? 'वैधर्म्यात्' स्वप्न र जाग्रत्मा वैधर्म्य छ । के छ? बाध र अबाध हो । प्रवोधकालमा स्वाप्निक वस्तु बाधित हुन्छ । जाग्रद्वस्तुको देशविशेष कालविशेषमा बाध हुँदैन । उक्त वैधर्म्य स्वप्न र जागरितको हो अन्यको होइन ।

न भावोऽनुपलब्धेः ।३०।

विनाअर्थ वासनावैचित्र्यबाट ज्ञानवैचित्र्य हुन्छ । यो पक्ष प्रतिक्षेप गर्नुपर्छ । स्वप्नमा अर्थविना वासनावशात् ज्ञानवैचित्र्य थाहा हुन्छ । त्यस्तै वासनावशात् जाग्रत्मा ज्ञानवैचित्र्य हुन्छ अर्थ चाहिँदैन, वासना भए पुग्छ, यो विज्ञानवादी पक्ष उपयुक्त छैन । संस्कारविशेष वासना हो, संस्कार भावको हुन्छ, तिम्रो मान्यतामा वासना भाव होइन । बाह्यार्थ उपलब्धि नहुनाले प्रत्येक अर्थका निमित्त वासनाको सम्भावना हुन सक्तैन ।
आलयविज्ञानलाई वासनाश्रय मानौं न त-

क्षणिकत्वाच्च ।३१।

आलयविज्ञान पनि वासनाश्रय हुनसक्तैन । किन ? 'क्षणिकत्वात्' सर्वत्र अनुगत कालत्रयसम्बन्धी एकवस्तु नभएमा वा सर्वार्थदर्शी कूटस्थ नभएमा, देशकालनिमित्तापेक्ष वासनाको अधीन स्मृतिप्रतिसन्धादिव्यवहार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्भव छैन। स्थिरस्वरूपको आत्मामा आलयविज्ञानको सिद्धान्त-हानि, बाह्यार्थवादमा क्षणिकत्वनिबन्धन 'उत्तरोत्पादन भए पूर्वनिरोध होला' जस्ता दोष क्षणिकत्वसिद्धान्तीमा नै हुनाले विज्ञानवादमा पनि उद्‌भावन हुन्छन्।

यहाँ दुई वैनाशिकपक्ष निराकृत भएका छन्, बाह्यार्थवादिपक्ष र विज्ञानवादिपक्ष, शून्यवादिपक्ष सर्वप्रमाणविप्रतिषिद्ध भएकाले। त्यो निराकरणमा आदर भएन। सर्वप्रमाणसिद्ध लोकव्यवहारको अरू तत्त्व न बुझी उपेक्षागर्न सकिँदैन, अपवाद नभए उत्सर्गको प्रवृत्ति हुन्छ।

सर्वथानुपपत्तेश्च ।३२।

कति धेरै भन्ने, उपपत्तियुक्तताका निमित्त वैनाशिकपक्ष परीक्षित जति हुँदैजान्छ त्यति नै मात्रामा बालुवाको कुवा जसरी बिग्रँदै जान्छ। यहाँ कुनै उपपत्ति छैन। त्यसैले अनुपपन्न छ वैनाशिकशास्त्रको व्यवहार। पुनरपि बाह्यार्थबाट विज्ञानवाद र शून्यवाद गरी तीनै वाद परस्पर विरुद्ध उपदेश गर्छन्, यसलाई आकलन गर्दै बुद्धले स्वयं स्पष्ट गरेका छन्।

कुनरूपमा गरेका छन्? आफ्नो असम्बद्ध प्रलापरूपमा, आँफूबाट उपदिष्ट परस्परविरुद्ध कुराबाट प्रजामा द्वेष फैलियोस् भन्ने भावनामा, त्यसै माध्यमले सबै मोहित होऊन् भन्ने उद्देश्यका रूपमा।

इति अभावाधिकरणम्।

एकस्मिन्नसम्भवाधिकरणम् ६

मुक्तकच्छी सुगतसमयको निरसन भएको छ। विवसन- जैनसमय-निरसनका लागि प्रस्तुत अधिकरण हो।

नैकस्मिन्नसम्भवात् ।३३।

जैनसिद्धान्तका सात पदार्थ जीव, अजीव, आस्रव, संवद, निर्जर, बन्ध र मोक्ष नामका छन्। सङ्क्षेपतः दुई पदार्थ जीव र अजीव, यिनै दुईमा अन्तर्भाव अरूको हुन्छ। यस अतिरिक्त अर्को प्रपञ्च पनि छ। जीवास्तिकाय, पुग्‌दलास्तिकाय, धर्मास्तिकाय, अधर्मास्तिकाय र आकाशास्तिकाय गरी पञ्चास्तिकाय हो यो। उक्त सबैको अवान्तरभेदले जैनपरिकल्पित पदार्थ धेरै हुन्छन्। सर्वत्र सप्तभङ्गीनय प्रयोग गर्छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जैनमतमा सप्तपदार्थी सप्तभङ्गीन्यायबाट सिद्ध हुन्छ कि हुँदैन ? संशयमा, सिद्ध हुन्छ भन्ने पूर्वपक्ष प्राप्त छ। सिद्धिप्रक्रिया जीव, अजीव आदि पूर्वोक्त सप्तपदार्थकै आधारमा हुन्छ। बोधात्मक जीव हो भने, जडवर्ग अजीव। आस्रव= इन्द्रियसङ्घात हो, जीव जहाँबाट स्रवित हुन्छ त्यो आस्रव हो। संवर= अविवेक, विवेक-संवरण गर्ने संवर हो। केशोल्लुञ्छन, तातेको शिलामा चढ्ने आदि तप हुन् निर्जर=शेष नरही जीर्ण हुन्छन् काम, क्रोध आदि जहाँबाट त्यो निर्जर हो। आठ कर्मवाट प्राप्त हुने जरामरणपरम्परासम्बन्ध बन्ध हो। ज्ञानावरणीय, दर्शनावरणीय, मोहनीय र आन्तरायिक चार अघातिकर्म र वेदनीय, नामिक, गोत्रिक र आयुष्क चार गरी आठकर्म जैनले मान्छन्। ती आठै कर्मबाट निस्केको जीवले निरन्तर ऊर्ध्वगतिमा जानु मोक्ष हो।

उक्त सातपदार्थ को व्यवस्थापन सप्तभङ्गीन्यायको आधारमा हुन्छ। 'स्यादस्ति' 'स्यान्नास्ति' 'स्यादस्ति च नास्ति च' 'स्यादवक्तव्य' 'स्यादस्तिचावक्तव्य:' 'स्यान्नास्तिचावक्तव्य:' 'स्यादस्ति नास्ति चावक्तव्य:' यही हो सप्तभङ्गी भनिने न्याय। स्यात्शब्द थोरै भन्ने अर्थ बुझाउने निपात हो। सद्वादी, असद्वादी, सदसद्वादी, अनिर्वचनीयवादी गरी चार प्रतिवादी हुन्। अनिर्वचनीय मत मिश्रित हुँदा सत् आदिमत सात हुन्छन्, यस हिसाबमा प्रतिवादी सातै पुग्छन्। जैनले तिनका निमित्त सातैविधा प्रयोग गर्नुपर्छ।

सद्वादीबाट यो मतमा मोक्ष कसरी हुन्छ ? यस्तो प्रश्न आएमा जैनले उत्तर दिनुपर्छ 'ईषत् अस्ति'। असत्वादीलाई 'ईषन्न स्यात्' उत्तर दिनुपर्छ, सदसद्वादीलाई 'स्यादस्ति च नास्ति च' यस्तो र केवल अनिर्वचनीयवादीलाई 'स्यादवक्तव्य:' उत्तर चाहिन्छ। यस्तै मिश्रअनिर्वचनीय- वादीलाई 'स्यादस्तिचावक्तव्य:' उत्तर दिनुपर्ने हुन्छ। वस्तु सर्वात्मक हो एकैमा सबै कुरा घटन सक्छन्, विरोध कहीं छैन। अत: अनेकान्तवाद नै उपयुक्त छ। यस जैनपक्षको प्रतिक्षेपका निमित्त सूत्र हो-

"नैकस्मिन्नसम्भवात्"

एकै आत्मवस्तुमा परस्परविरुद्ध अस्तित्व र नास्तित्वादिसम्भव हुँदैनन्, अत: अनेकान्तवाद उपयुक्त छैन। सबैमा सर्वात्मकत्व छ यो स्थितिमा विधिनिषेधादि र साधननिराकरणादि उन्मत्तप्रलाप जस्ता हुन जान्छन्। यसैबाट सप्तभङ्गीनयको निरसन भएको छ। साथै सप्तभङ्गी नयमा प्रतिष्ठित जैनमतको पनि निरसन भएको छ। त्यस्तै पुग्दल भनिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अणुबाट सङ्घात हुन्छन् भन्ने कल्पना त्यो पनि अणुकारणवादनिराकरणबाट निराकृत भएको छ। अतः त्यो निराकरणमा पृथक् प्रयत्न आवश्यक छैन। दिगम्बर जैनहरू देहपरिमाणको आत्मा मान्छन्, अब त्यसको दूषण-

एवञ्चात्माऽकार्त्स्न्यम् ।३४।

स्याद्वादमा विरुद्धधर्मको असम्भवरूपदोषप्रसञ्जन भइसकेको छ। देहपरिमाणको आत्मा हो भन्ने मान्यतामा जीवात्माले पूरै शरीर ढाकेर बस्न नसक्ने अर्को दोष आइलागेको छ। यसरी आत्मा परिच्छिन्न भयो। त्यो त घटादि जस्तै अनित्य हुन्छ। देहपरिमाणै हुँदा मनुष्य आत्मा कर्मवशात् हात्तीशरीरमा जानसक्छ, पुतलीशरीरमा जानसक्छ, ती दुवैतिर कतै नपुगेर र कतै न अटाउने जस्ता दोषप्रसक्ति हुन्छ। अनि होला जीवमा अणुमात्रत्वको स्थिति, जुनकुरा सर्वथा मिल्दैन।

अब आत्मा सावयव मान्ने कुरा आएकोछ, त्यो स्थितिमा क्रमेण प्रवेश हुन्छ भन्ने माने पनि त भयो नि, यो शङ्काको उत्तर-

न च पर्यायादप्यविरोधो विकारादिभ्यः ।३५।

क्रमेण पनि अवयवको गमन र आगमनले तत्तत्स्थूल-सूक्ष्म-शरीरपरिमाणको आत्मामा विरोध छैन, भन्न मिल्दैन। किन ? 'विकारादिभ्यः' सावयवआत्मा तत्तत् शरीरमा प्राप्त हुँदा घट्ने बढ्ने हुनसक्छ, त्यसोभएमा विकारी मान्नुपर्छ, विकारी अनित्य हुन्छ, आत्माकै अनित्यतामा बन्धमोक्ष व्यवस्था बाधित हुन्छ, यो पक्ष अनुपपन्न छ। पुनरपि त्यही कुरा-

अन्त्यावस्थितेश्चोभयनित्यत्वादविशेषः ।३६।

अचिन्त्यमोक्षावस्थास्थायी जीवपरिमाण जैनले नित्य मान्छन्। त्यो नित्य हुन्छ भने तत्पूर्वका आद्य र मध्यपरिमाण पनि नित्य नै मान्नुपर्ने हुन्छ। ती परिमाणमा भेदप्रतिपादक केही छैन। उक्त प्रक्रियाले जीव अणु वा महत् मान्नुपर्ने हुन्छ शरीरपरिमाणको हुँदैन। अतः बौद्धको जस्तै जैनमत पनि सङ्गत छैन। यसैहेतु उपेक्षणीय छ।

इति एकस्मिन्नसम्भवाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पत्यधिकरणम् ७

सत्व र असत्त्वको एकत्र स्थिति मिल्दैन, ती दुईमा विरोध छ। अतः उक्त मत ठीक छैन भन्ने पहिले प्रतिपादन भयो। अब उपादान र कर्तृत्वको एकत्र स्थिति पनि विरुद्धै हुन्छ। अतः अधिष्ठातृ ईश्वरकारणवाद अर्थात् जटाधारी शैव मत निरासार्थ यो अधिकरण हो।

पत्युरसामञ्जस्यात् ।३७।

फल पहिले जस्तै हो। केवल अधिष्ठाता ईश्वर जगत्को उपादान होइन, यो माहेश्वरसिद्धान्त हो, विचारणीय पनि यही हो। संशय छ, त्यो सिद्धान्त प्रमाणमूलक हो कि भ्रान्तिमूलक हो। प्रमाणमूलक हो। पूर्वपक्षमा, महेश्वमतमा कार्य, कारण, योग, विधि र दुःखान्त पाँच पदार्थ छन्। पशुपति ईश्वर पशुपाशविमोक्षका लागि उक्त पाँच पदार्थ उपदेश गर्छ, त्यो उपदेशक पशुपति निमित्त कारण हो, यो पक्ष प्रत्याख्यान भएको छ- पत्युरित्यादि सूत्रैबाट।

पति ईश्वर प्रधानपुरुषको अधिष्ठातृत्वेन जगत्निमित्त- कारणमात्र हुन सक्तैन। किन ? 'असामञ्जस्यात्' हीन, मध्यम, उत्तमभावका प्राणिभेदात्मक जगत् सृष्टि गर्न प्रवृत्तहुँदा रागद्वेषादि दोषप्रसङ्गले आसामञ्जस्य होला। त्यो स्थितिले त्यसमा हामीमा जस्तै अनीश्वरत्व आउला। रागादिबाट प्रवृत्ति हुने कुरा लोकमा देखिन्छ, दृष्टानुसार कल्पना हुने स्थितिले उक्त दोषवत्त्व प्रसक्ति हो। पुरुषविशेष ईश्वर हो भन्ने मान्यतामा त्यो पुरुष उदासीन मानिन्छ। अनि हुँदैन कुनै असमञ्जस्। हाम्रो मान्यतामा जगत् अनिर्वचनीय हो, हामी श्रुतिका अनुयायी हौं, अनि कहाँ हुन्छ दोष।

फेरि पनि-

सम्बन्धानुपपत्तेश्च ।३८।

फेरि पनि असमञ्जस् छ, प्रेर्य र प्रेरक बीच कुनै सम्बन्ध हुनुपर्छ, असम्बद्ध प्रेरक हुँदैन। आत्माको सम्बन्ध मान्न मिल्दैन, आत्मा निरवयव छ। युतसिद्धहुनाले संयोग र समवाय जस्ता सम्बन्ध यहाँ उपपन्न हुँदैनन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्तमा त जगत्प्रपञ्चमा अविद्याप्रेरकत्व रहन्छ, त्यहाँ सम्वन्ध पनि कल्पित तादात्म्य हुन्छ । अतः कुनै अनुपपत्ति रहँदैन ।

फेरि पनि-

अधिष्ठानानुपपत्तेश्च ।३९।

तार्किकपरिकल्पित ईश्वर यहाँ अनुपपन्न छ । लोकमा मृदादिप्रेरकत्व कुमालेमा देखिन्छ, त्यसरी प्रधानप्रेरकत्व ईश्वरमा देखिँदैन । प्रधान रूपादिहीन हो त्यसैले ईश्वरको अधिष्ठेय हुनसक्तैन, अनि कसरी गर्छ प्रेरणा ईश्वरले । सिद्धान्तमा त एकमात्र शरण श्रुतिको हो । अतः त्यहाँ दृष्टापेक्षा छैन ।

प्रकारान्तरले आक्षेप र त्यसको समाधान-

करणवच्चेन्न भोगादिभ्यः ।४०।

करणभूत इन्द्रिय अप्रत्यक्ष छन्, तथापि पुरुषबाट प्रेरित हुन्छन् त्यस्तै अप्रत्यक्षप्रधान ईश्वरप्रेर्य हुन सक्छ भन्नु ठीक होइन । किन ? 'भोगादिभ्यः' भनिएकोले जीव भोगार्थ इन्द्रियलाई प्रेरणा गर्छ, ईश्वरले प्रेरणा गर्ने भए त त्यो पनि भोक्ता हुनुपर्‍यो । भाष्यमा 'अधिष्ठानानुपपत्तेः' यो सूत्रको एक व्याख्यान प्रदर्शित छ, त्यहाँ पनि यसै दोषको आपादन गरिएको छ ।

पुनरपि-

अन्तवत्त्वमसर्वज्ञता च ।४१।

प्रधानजीव ईश्वरगतसङ्ख्या, तद्गतपरिमाण यी दुवै ईश्वरबाट परिच्छिन्न हुन् वा होइनन् यो संशयमा, प्रथमपक्ष अङ्गीकार गर्दा उक्त प्रधान, जीव, ईश्वर तीनैवटा परिच्छिन्न सङ्ख्यापरिमाणवत् हुनाले विनाशी होलान् दोस्रो कल्प स्वीकार्दा ईश्वर असर्वज्ञ होला, त्यसबाट पनि तार्किकपरिकल्पित ईश्वरकारणवाद असङ्गत छ र महेश्वरसिद्धान्त पनि भ्रान्तिमूलक हो भन्ने सिद्ध भएको छ ।

इति पत्यधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पत्त्यसम्भवाधिकरणम् ८

पञ्चपदार्थवादिपाशुपतमतको निरासानन्तर चतुर्व्यूहवाद- निरासका निमित्त यो अधिकरण हो। प्रकृति ईश्वर हो भन्ने भागवतमत वेदसङ्गत भएकाले जीवोत्पत्तिअशंमा प्रमाण हुनसक्ला भनेर प्रत्युदाहरणसङ्गति यो अधिकरणमा छ।

उत्पत्त्यसम्भावात् ।४२।

फल पहिले जस्तै, वासुदेव परमात्मा हो जगत् उपादाननिमित्त दुवै हो। त्यसबाट सङ्कर्षण जीवप्रद्युम्नको उदय हुन्छ। त्यसवाट प्रदयुम्न भनिने मन जन्मिन्छ, त्यसबाट अनिरुद्धनामा अहङ्कारको उत्पत्ति हुन्छ, यो हो भागवतमत। यही यस अधिकरणको विचार्य विषय हो। उक्त प्रस्तुति प्रमाणमूलक हो कि भ्रान्तिमूलक ? यो सशंयवाट उठेको पूर्वपक्ष प्रमाणमूलक हो भन्ने छ र कतिपय श्रुत्यंश स्वपक्षमा संयोजन गरेको देखिन्छ।

उक्तपूर्वपक्षको उत्तर सिद्धान्तबाट अविरुद्धअशंमा वेदप्रमाण भए पनि सर्वाशंमा छैन। कुन अंश छैन त ? वेदविरुद्ध जीवोत्पत्ति अशंमा प्रमाण छैन। जीवको उत्पत्ति स्वीकार गरेमा घट जस्तै अनित्य हुन जान्छ, भगवत्प्राप्तिरूप उपमोक्ष तिम्रो मान्यतामा कसको होला ? अतः भागवतसिद्धान्त भ्रान्तिमूलक हो। जीवोत्पत्तिप्रतिनिषेधको प्रसङ्ग 'नात्मा श्रुतेर्नित्यत्वाच्च ताभ्यः' सूत्रभाष्यमा विस्तार हुनेछ।

जीवोत्पत्तिको निरास = खण्डन भएको छ। जीवबाट मनको उत्पत्ति हुन्छ भन्ने मतको निरास अब हुन्छ -

न च कर्तुः करणम् ।४३।

कर्ताबाट करणको उत्पत्ति देखिएको छैन। देवदत्तादिकर्ताबाट कुठारादिकरण जन्मदैनन्। अव कसरी कर्ताबाट करणभूत मनको जन्म हुन सक्ला ? अर्थात् सक्तैन। यस्तो दृष्टान्त छैन, श्रुति पनि छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विज्ञानादिभावे वा तदप्रतिषेधः ।४४।

सङ्कर्षणादि तीनमा वासुदेव जस्तै विज्ञानादिभावे = विज्ञान, ऐश्वर्य, बल, निर्दोष र निरवद्य आदि रूप रहे पनि, जीवादि उत्पत्तिदोष प्रकरान्तरले प्रतिषेध भएको छ ।

पुनश्च वासुदेवादि चारै ईश्वर हुन् ? अथवा सङ्कर्षणादि तीन वासुदेवतुल्य हुन् ? पहिलो कल्प स्वीकार्दा वासुदेव एकमात्र भगवान् मान्ने आफ्नै सिद्धान्त- हानि होला । दोस्रो कल्पमा त पहिलेको उत्पत्ति असम्भवदोष जस्ताको तस्तै रहने भयो ।

फेरि पनि-

विप्रतिषेधाच्च ।४५।

कतै वासुदेवका गुणमा ज्ञान, ऐश्वर्य, बलवीर्यतेज परिगणित छन्, कहीं भने उक्त गुण नै वासुदेव भनिन्छन्, यसरी गुणगुणीको भेद र अभेदको वर्णन गरिन्छ । त्यस्तो भएकाले परस्परविप्रतिषेध गर्ने भागवतमत अप्रामाणिक हो । किन हो त ? वेदविप्रतिषेध भएकोले हो, चारैवेदमा परमश्रेय प्राप्त नभएकाले यस शास्त्रको शाण्डिल्यले अध्ययन गरे, बुझे इत्यादि वेदनिन्दा देखिन्छ ।

अब यहाँसम्म साङ्ख्य, वैशेषिक, बौद्ध, जैन, माहेश्वर र भागवतमतहरू भ्रान्तिमूलक हुन् यो सिद्ध भएको छ । अतः ती मतको निरसन गरी निरवद्य ब्रह्मबाट जगत्सृष्टि प्रतिपादन भएकाले पूर्व निश्चितसमन्वयमा कुनै विरोध छैन, फलतः समन्वयसिद्धि भएको छ ।

इति उत्पत्ति असम्भव अधिकरणम् ।

द्वितीय अध्ययाय
तृतीयपाद

अतिक्रान्त द्वितीयपादमा समन्वयरक्षाका लागि परपक्ष भ्रान्तिमूलक हुन् भन्ने सिद्ध गरिएको छ । फेरि पनि समन्वयस्थिरीकरणकै लागि भूतभोक्तृविषयक सृष्ट्यादिश्रुतिको प्रतीयमान अर्थभेदको निराकरण हुन्छ । वेदान्तमा भिन्नप्रस्थानका उत्पत्तिश्रुति उपलब्ध छन् । कुनैले वायुबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्पत्ति देखाउँछन् र कुनैले आकाशबाट। यी दुवै तैत्तिरीयका प्रस्थानभेद हुन्। अर्भ अर्काथरिले पनि दुवै देखाउँदैनन्, ती छन्दोग हुन्। वाजसनेयी प्राण र जीवको उत्पत्ति हुने कुरा गर्छन् र आथर्वणिक पनि त्यसै गर्छन्।

त्यस्तै कतै आकाशपूर्वक सृष्टि, कतै तेजःपूर्वक देखिन्छ। फेरि कतै लोकसृष्टि र कतै सप्तप्राणको पनि चर्चा छ। यस किसिमको प्रतीत हुने विरोधले वेदान्तगत पक्षमा अनास्था होला, त्यस्तो स्थिति निराकरण हुनुपर्छ। त्यसो हुनसकेमा आस्था जागरित हुन्छ। अतः सर्ववेदान्तगत श्रुतिको अर्थनिर्मलभावमा बुझ्नुपर्छ। अर्थाभासनिरसन माध्यमले अर्थात् तत्त्वप्रतिपादन भए अर्थनिर्मल हुन्छ, नत्र हुँदैन। अर्थनिर्मलतावाट मात्र यथोक्तआशङ्का समाहित हुन सक्छ। उक्त अर्थनिर्मलताका लागि अवका तृतीय र चतुर्थ दुई पाद हुन्।

वियदधिकरणम् १

पूर्वापेक्षया पादान्तर भएकाले पूर्वाधिकरणसङ्गतिको यो अधिकरणले अपेक्षा गर्दैन।

न वियदश्रुतेः ।१।

परस्परविरोध भएकाले श्रुतिअप्रमाण हुन् पूर्वपक्षमा। श्रुत्यर्थमा परस्परविरोध छैन, त्यसैले प्रमाण हुन् सिद्धान्तमा, यो हो फलभेद पूर्वोत्तरपक्षभेदले। यसै किसिमले दुवै पादगत सबै अधिकरणमा पूर्वोत्तरपक्षको फल बुझ्नुपर्छ।

अब सर्वप्रथम सृष्टिवाक्यमा अविरोध देखाउन आकाशका आधारमा अघि बढ्छ।

आकाशको उत्पत्ति हुन्छ वा हुँदैन ? सन्देह छ भने आकाश वायुविना तेजबाट 'तत्तेजोऽसृजत'सृष्टिश्रवण छान्दोग्यमा छ। तैत्तिरीयकमा भने 'आकाशः सम्भूत' आकाशादिक सृष्टि छ, यी दुई वाक्यमा छ विरोध, यो हो पूर्वपक्ष।

एकदेशिमतवाट सिद्धान्त-आकाश उत्पन्न हुँदैन। किन ? अश्रुतेः आकाशको उत्पत्तिबोधक श्रुति छैन। तैत्तिरीय वाक्य 'आकाशः सम्भूतः' छ नि त, त्यो श्रुति गौणी हो, उत्पत्ति प्रतिपादिका होइन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाश उत्पत्ति नहुने पदार्थ भएकोले विरोध छैन भन्ने ग्रन्थाशय नबुझ्नेको शङ्का छ-

अस्ति तु ।२।

'तु' शब्द पक्षान्तरपरिग्रहका लागि हो । छान्दोग्यश्रुतिमा उत्पत्तिश्रवण नभए पनि तैत्तिरीय श्रुतिमा आकाशउत्पत्तिको श्रवण छ । अतः विरोध रह्यो नै, शङ्काकर्ताको यो आशय हो । एकदेशी आफ्नो अभिप्राय प्रकट गर्छन्-

गौण्यसम्भवात् ।३।

तैत्तिरीयकको आकाशोत्पत्तिश्रवण मुख्य होइन, गौणी नै हो, किन हो? 'असम्भवात्' कार्योत्पत्तिमा समवायिकारण चाहिन्छ, आकाशको समवायिकारण हुन सक्ने सामग्री छैन । त्यसमा पनि विभु हो । यस आधारमा आकाशनित्यत्व अनुमानबाट सिद्ध छ ।

शब्दाच्च ।४।

'वायु र आकाश अमृत हुन्' भन्ने अर्थवाला श्रुतिले आकाशमा अमृतत्व आख्यान गर्छन् । अतः आकाश उत्पत्ति हुने वस्तु होइन ।

एकै सम्भूतशब्द गौण र मुख्य हुन सक्छ विरोध छैन, भन्दै पुनः एकदेशी–

स्याच्चैकस्य ब्रह्मशब्दवत् ।५।

यो शङ्कोत्तरसूत्र हो । जस्तै एकै प्रकरणमा विषयभेदले 'अन्नं ब्रह्म' यहाँ ब्रह्मशब्द गौण हो भने 'आनन्दो ब्रह्म' यहाँ मुख्य हो, त्यस्तै यहाँ पनि विषयभेदले एकै शब्द गौण र मुख्य हुनु स्वाभाविक हो ।

यहाँसम्म प्रतिपादित एकदेशिमतको दूषण गर्दै सिद्धान्ती-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिज्ञाऽहानिरव्यतिरेकाच्छब्देभ्यः ।६।

सबै वस्तुजात औपनिषद, ब्रह्मदेखि अव्यतिरेक=अभिन्न हुन् । त्यसैले त एकविज्ञानबाट सर्वज्ञान हुने प्रतिज्ञाको हानि भएन । आकाशको, उत्पत्ति नहुनें भए त उक्तप्रतिज्ञाको हानि होला, त्यही प्रतिज्ञात्मक श्रुतिवचन अनुसार आकाशको उत्पत्ति हुन्छ भन्ने मान्नुपर्छ ।

अर्को हेतु छ 'शव्देभ्यः' शब्दबाट । 'सदेव' इत्यादि र 'ऐतदात्म्यम्' इत्यादि श्रुत्यर्थपर्यालोचनबाट सिद्ध हुन्छ कि उक्त प्रसङ्ग कार्यकारणको अभेदप्रतिपादनमा उपन्यस्त छ । यसबाट उक्त प्रतिज्ञासिद्धि भएको छ भन्ने बुझिन्छ । पुनरपि आकाशोत्पत्ति मान्दा पूर्वोक्त विरोध जस्ताको तस्तै रह्योनि त भन्ने शङ्काको उत्तर छ । छान्दोग्यश्रुतिको अर्थसंयोजन तैत्तिरीयश्रुतिका आधारमा आकाश र वायुको सृष्टिपछि तेजःसृष्टि गऱ्यो श्रुति विपरिणाम गरी मिलाउनु पर्छ । अतः विरोध छैन । आकाशोत्पादक सामग्री छैन भन्ने पक्ष विचारशून्य छ, श्रौतब्रह्म नै आकाशोत्पादक सामग्री हो । विभुत्वेन नित्यत्वको अनुमान हुन्छ भन्ने पक्षको प्रत्याख्यानार्थ अनुमान नै उपस्थापन भएको छ सूत्रद्वारा-

यावद्विकारं तु विभागो लोकवत् ।७।

'तु' शब्द आकाशको उत्पत्तिको असम्भवशङ्काव्यावर्तनका लागि हो । विकार जति जति छन् सबै विभक्तै छन् । अविकारब्रह्ममा विभाग छैन, घटादिविकारकै लोकमा विभाग देखिन्छ, आकाशको पनि त पृथिव्यादिबाट विभाग नै लोकले बुझ्दछ । अर्थात् अनुमानगतिसूचक यो सूत्र हो, अनुमान छ,- आकाशादिः पराधीनसत्ताकः स्वसमानसत्ताकविभागवत्त्वात्, 'घटादिवत्' । घटमा जसरी पराधीनसत्ता छ आकाशादिमा पनि त्यस्तै पराधीनसत्ता छ । आफ्नो समान अर्को सत्तावान् भएकाले । यो अनुमान अनुकूलतर्कयुक्त हो, यसबाट परोक्त अविभक्तत्व हेतुमाअनुकूलतर्कशून्यत्वको सूचन भएको छ, त्यसैले त्यो हेतु असिद्ध छ । अमृतशव्द प्रयोग त आपेक्षिक हो, अतः आकाश ब्रह्मकार्य हो भन्ने सिद्ध भएको छ ।

इति वियत् अधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मातरिश्वाधिकरणम् २

वियदधिकरणन्यायको अतिदेश अन्यत्र पनि भएको छ, त्यही न्याय यहाँ –

एतेन मातरिश्वा व्याख्यातः ।८।

अतिदेश भएकाले पृथक्सङ्गति चाहिएन । वायु उत्पन्न हुन्छ वा हुँदैन ? संशयबाट पूर्वपक्ष- छान्दोग्यमा वायुको उत्पत्ति- श्रवण छैन तैत्तिरीयकमा छ पहिले जस्तै विरोधप्राप्ति यहाँ पनि छ, उक्त विरोध परिहारका लागि उत्पत्ति गौणी मान्नुपर्छ, किनभने, श्रुत्यन्तरले वायुलाई 'अनस्तामिता देवता' भनेको छ, वायुवारे प्रलय पनि चर्चित छैन । अतः वायु उत्पन्न हुँदैन भन्ने छ ।

सिद्धान्त छ अलि लामो आकाशको उत्पत्तिमत्त्व व्याख्यानबाट वायु पनि गतार्थ छ । आकाश जस्तै वायु पनि आकाशले अवच्छिन्न ब्रह्मबाटै उत्पन्न हो । लयप्रतिषेध त आपेक्षिक हो, नत्र त पहिले जस्तै प्रतिज्ञाहानि आदि दोष प्रसञ्जित हुन सक्छन् ।

इति मातरिश्वाधिकरणम् ।

असम्भवाधिकरणम् ३

पहिलाका दुई अधिकरणमा असंभावित उत्पत्तिका आकाश र वायुको उत्पत्ति हुन्छ भन्ने श्रुतिबाट निश्चय भयो । त्यस्तै ब्रह्मान्तरबाट ब्रह्म उत्पन्न हुन्छ भन्ने पनि श्रुतिबाटै सिद्ध हुन सक्ला नि त, यस्तो दृष्टान्त सङ्गतिमा -

असम्भवस्तु सतोऽनुपपत्तेः ।९।

'न कश्चित् जनिता'- जन्मदिने कुनै छैन 'त्वं जातोऽसि विश्वतोमुखः' तिमी सबैतिर रहने गरी जन्मेका छौ, यी दुई श्रुतिको विरोध देखिंदा विरोध छ कि छैन, भन्ने सन्देहमा छ भन्ने पूर्वपक्ष हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदात्मक ब्रह्म उत्पन्न हुँदैन यो सिद्धान्त हो। किन हुँदैन ? 'अनुपपत्तेः' विशेष घटादिको उत्पत्ति मृत्सामान्यबाट देखिन्छ, ब्रह्म त्यस्तो होइन, ब्रह्मको जन्मश्रुति औपाधिक हो स्वतः होइन, अतः ब्रह्म नित्य हो, यसको विरोध कहीं छैन।

इति असम्भवाधिकरणम्

तेजोऽधिकरणम् ४

तेजोऽतस्तथाह्याह ।१०।

तैत्तिरीयकमा वायुबाट अग्नि जन्मिने र छान्दोग्यमा ब्रह्मबाट तेजको सृष्टि-श्रवण छ। उक्त दुई श्रुतिको विरोध छ कि छैन ? सन्देहमा सत्बाट साक्षात्उत्पत्ति तेजको प्रतिपादित छ, सबै प्रजा सन्मूल हुन् भन्ने प्रतिज्ञा पनि छ त्यसैले श्रुतिविरोध छ, यो हो पूर्वपक्ष-

सिद्धान्त छ 'तेजोऽतः' तेजको उत्पत्ति वायुबाट हुन्छ। सूत्रांश छ - 'तथाह्याह' वायुबाट अग्नि हुन्छ भन्ने। ब्रह्मबाट तेज हुन्छ भनेका बेला वायुबाट हुने कुरा बाधित होला। भन्न सकिन्छ कि वायुपछि सत्बाट तेज भयो, कर्मार्थपञ्चमी विभक्तिबाट उक्तअर्थ प्राप्त हो, परन्तु यो भन्न सकिन्न। किन सकिन्न ? 'आत्मन आकाशः' यहाँ अपादानार्था पञ्चमी हो, यसहेतु त्यहाँ कर्मार्था पञ्चमी मान्न मिल्दैन। सत्बाट तेजको उत्पत्ति मान्दा ऊर्ध्वपदको अध्याहारबाट अर्थ मिलाउनु पर्छ, वायुबाट मान्दा पर्दैन। अध्याहारबाट क्रमकल्पना गर्नुभन्दा स्वतः प्राप्त कारकार्थ उपादान मान्नु न्यायसङ्गत हुन्छ, यसबाट तेजको उपादानत्व वायुमैं सिद्ध हुन्छ। त्यसैले उक्त दुवैश्रुतिमा एकवाक्यता छ। वायुरूपापन्न ब्रह्मबाट तेजको हुन्छ उत्पत्ति। अतः तेजमा वायुकार्यत्व साक्षात् छ र परम्परया ब्रह्ममा छँदैछ। उक्त प्रतिज्ञामा बाधा छैन। अनि उक्त श्रुतिद्वयमा विरोध स्वतः नै छैन।

इति तेजोऽधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवधिकरणम् ५

आपः ।११।

पूर्वसूत्रको 'अतस्तथाह्याह' यहाँ अनुवृत्त हुन्छ। यहाँ पनि पहिले जस्तै तेजबाट जलको उत्पत्ति हो कि, ब्रह्मबाट हो, संशयमा पूर्वपक्ष छ बाध्य र बाधकभावका जलतेजमा जन्यजनकत्व रहन सक्तैन यस हेतु ब्रह्मजन्य जल हो ।

सिद्धान्तमा यो कुरा मिल्दैन। किन ? 'अतः' अर्थात् तेजबाटै जलको उत्पत्ति हुन्छ। पञ्चीकरण भएका जल र तेजको विरोध भए पनि अपञ्चीकृत अवस्थामा विरोध हुँदैन। अर्को कुरा ज्यादा गर्मीबाट पसिना आउने कुराले पनि जल र अग्निमा कार्यकारणभाव घटेकै देखिन्छ। अतः तेजोरूपापन्नब्रह्मबाट जलको उत्पत्ति हुने सिद्ध छ।

इति अवधिकरणम्।

पृथिव्यधिकरणम् ६

पृथिव्यधिकाररूपशब्दान्तरेभ्यः ।१२।

'ता अन्नमसृजत' तिनले अन्नसृष्टि गरे, यस श्रुतिको अन्नशब्द धान, जौ आदि अन्नवाचक हो कि पृथिवीवाचक ? यो संशयमा प्रसिद्धिका आधारमा धान, जौ आदिवाचक अन्न शब्द हो पूर्वपक्ष, होइन उत्तरपक्ष, के हो त उसो भए ?

जलबाट जन्मने पृथिवी अन्नशब्दले वुझाउने हो। किन ? 'अधिकाररूपशब्दान्तरेभ्यः'। महाभूतसृष्टिप्रकरणमा पृथिवीलाई अन्नशब्द प्रयुक्त छ। अतः अधिकार यहाँ प्रकरण हो। 'यत्कृष्णं तदन्नस्य' जुन कृष्ण छ त्यो अन्नको, भन्ने अभिप्राय कृष्णरूप भएकोले पृथिवीको अन्नशब्दवाच्यतामा टुङ्गिएको छ। 'अद्भ्यः पृथिवी' जलबाट पृथिवी भन्ने साक्षात् शब्दान्तर पनि पृथिवी अन्नशब्दवाच्यतामा विश्रान्त छ। अन्नहेतुत्वेन पृथिवीमा अन्नशब्द प्रयोग भएको हो। पृथिवीमा अन्नशब्द अधिकारादिबाट बाधित प्रसिद्धि नै लक्षणया वाचक भएको हो।

इति पृथिवी अधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तदभिध्यानाधिकरणम् ७

तदभिध्यानादेव तु तल्लिङ्गात्सः ।१३।

आकाशादि स्वतन्त्ररूपमा काम गर्छन् कि ब्रह्मोपाधिकतामा यो छ संशयं, केवल आफ्नै रूपमा गर्छन् पूर्वपक्षमा-

सिद्धान्तपक्ष यसमा सहमत छैन । उही परमेश्वर पृथिव्यादिरूपमा रहेर तत्तत् विकार सृष्टि गर्दछ। कसरी गर्दछ ? उत्तर छ- 'तल्लिङ्गात्' । जुन पृथिवीमा छ पृथिवी आफैंलाई थाहा छैन पृथिवी भित्रैवाट यमन गर्छ इत्यादि श्रुतिवोध्य ईक्षणपूर्वकको कर्म परमेश्वरमै घट्छ । अतः आकाशादि उपाधिक ब्रह्म नै कारण हो ।

इति तदभिध्यानाधिकरणम्

विपर्ययाधाधिकरणम् ८

विपर्ययेण तु क्रमोऽत उपपद्यते च ।१४।

भूतको लय सृष्टिक्रमेण हुन्छ कि विपरीतक्रमले हुन्छ ? यो संशय छ । पूर्वपक्ष-आकाशादिक्रमबाट सृष्टि भए जस्तै प्रलय पनि त्यसै गरी हुन्छ यही कुरा नियत छ ।

सिद्धान्तमा उक्त कुरा मिल्दैन, विपर्ययक्रमले लय हुन्छ । अतः उत्पत्तिक्रमबाट लय हुने कुरा युक्तियुक्त छ । जस्तै लोकमा देखिन्छ, जुन क्रमले भऱ्याङ् चंढ्छ त्यसदेखि विपरीतक्रमले ओर्लन्छ । मृत्‌बाट आएका घटादि बिग्रेपछि माटै हुन्छन्, जलबाट भएका हिउँ, असिना आदि जलमैं विलीन हुन्छन् अतः विपरीत क्रमले विलीन हुन्छन् भन्नु सर्वथा ठीक छ । जलवाट उत्पन्न पृथिवी स्थितिकालको अवसानमा जलमै पुग्ने हो, यही क्रमले जल तेजमा तेज वायुमा यस हिसावबाट जगत्प्रतिष्ठाभूता पृथिवीको लय जलमा हुन्छ जलको ज्योतिमा ज्योतिको वायुमा भनेर पुराणले प्रतिपादन पनि कण्ठतः गरेका छन् ।

इति विपयर्याधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तराविज्ञानाधिकरणम् ९

अन्तरा विज्ञानमनसी क्रमेण तल्लिङ्गादिति चेन्नाविशेषात् ।१५।

भूतवर्गको उत्पत्ति, प्रलय अनुलोम र प्रतिलोमक्रमले हुन्छ भन्नु ठीक छैन। आत्मादि उत्पत्ति र प्रलय आत्मान्त हो भन्नु पनि उपयुक्त छैन। अब विचार गरौं भूतको उत्पत्तिप्रलयक्रममा बुद्ध्यादि उत्पत्तिको क्रमभङ्ग हुन्छ वा हुँदैन ? संशयमा पूर्वपक्ष 'अर्थभन्दा मन पर, मन भन्दा बुद्धि पर' भन्ने लिङ्गवाट सिद्ध बुद्धि र मन आकाश र आत्माको मध्य जन्मप्रलयको आधारमा बुद्धि र मन् छन्, अतः क्रमभङ्ग छ।

यो कुरा ठीक छैन, किन छैन ? उत्तर छ– अविशेषात् बुद्धि र मन करण हुन् चक्षुरादि जस्तै भौतिक हुन् त्यसैले भूतोत्पत्तिक्रममा बुद्धि र मन पनि समाविष्ट हुन्छन्। प्राण पनि भौतिक हुन् इन्द्रिय पनि भौतिक हुन्। भौतिकत्वमा 'अन्नमयं मनः' अन्नमय मन हो 'आपोमयः प्राणः' जलमय प्राण हो जस्ता श्रुति प्रमाण छन्। ब्राह्मणपरिप्राजकन्यायले भूत र इन्द्रियको चर्चा हो। 'एतस्माद् जायते प्राणः' इत्यादि श्रुतिव्याख्या पनि यसैगरी हो। अतः क्रम-भङ्ग छैन।

इति अन्तराविज्ञानाधिकरणम्।

चराचरव्यपाश्रयाधिकरणम् १०

चराचरव्यपाश्रयस्तु स्यात्तद्व्यपदेशो भाक्तस्तद्भावभावितत्वात् ।१६।

जन्ममरण जीवको हो कि पुरुषको हो ? देवदत्तको जन्म भयो इत्यादि व्यवहार देखिने गर्छ शास्त्रले पनि जातकर्मको विधान गर्छ, अतः जन्ममरण जीवको हो।

यस पूर्वपक्षको उत्तर छ– 'चराचर'। सूत्रको 'तु' शव्द शङ्कानिरासार्थ हो। जीवको उत्पत्तिप्रलय हुँदैन, त्यसो हुँदा अनित्य हुन्छ अनि शास्त्रविहित फल कसले उपभोग गर्ने ? त्यसकारण, जीवको जन्ममरणव्यपदेश भाक्त अर्थात् औपचारिक हो। जीवमा भाक्त हो भने, मुख्य चाहिं कहाँ हुन्छ त ? 'चराचरव्यपाश्रयस्तु स्यात्' स्थावरजङ्गमशरीराश्रय हो जन्ममरण, अतः त्यहीं मुख्य हो। किन हो त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

? 'तद्भावभावित्वात्' शरीरप्रादुर्भाव र तिरोभाव नै जन्ममरणशव्दले वुभिने गरेको छ ।

इति चराचरव्यपाश्रयाधिकरणम् ।

आत्माधिकरणम् ११

नात्माऽश्रुतेर्नित्यत्वाच्च ताभ्यः ।१७।

जीव भनिने आत्मा छ शरीरइन्द्रियसङ्घात पञ्जराध्यक्ष हो, कर्मफलसम्वन्ध त्यसैमा रहन्छ । देहाश्रयजन्ममरणरहित जीवात्मा कल्पादिमा आकाशादि जस्तै उत्पन्न हुन्छ कि हुँदैन ? संशयको स्वरूप छ । अद्वितीयत्वप्रतिज्ञामा विरोध पर्ने हुनाले र पुण्यपापादियुक्त हुँदा अपहतपाप्मत्वरूपब्रह्मरूप हुन नसक्ने भएकाले जन्मादिव्यतिरिक्त जीवात्मा छैन, त्यस्तै श्रुतिमा विस्फुलिङ्ग दृष्टान्तले उत्पत्तिमत्वकथन भएकाले पनि जीवात्मा उत्पन्न हुन्छ भन्ने पूर्वपक्ष छ ।

सिद्धान्त छ 'नात्मा' जीवात्मा कल्पादिमा उत्पन्न हुँदैन । किन ? 'अश्रुतेः' आत्मश्रवण उत्पत्ति- प्रकरणमा छैन । विस्फुलिङ्गदृष्टान्तको उत्पत्तिश्रवण के हो त ? औपचारिक हो । किन हो ? उत्तर छ, 'नित्यत्वाच्च ताभ्यः' अजात्वप्रतिपादक श्रुतिवाट नित्यत्वश्रवण छ, 'स वा एष महानज आत्मा' नजन्मिने आत्मा ठूलो छ । हत्यादि ती श्रुति हुन् । तिनले आत्माको उत्पत्तिवारण गर्छन् । विस्फुलिङ्गश्रुति औपाधिकजन्मका अभिप्रायले प्रवृत्त हो । नत्र त कृतनाश, अकृताभ्यागमप्रसङ्ग आदि दोष आपतन हुन सक्छ ।

फेरि पनि जुन अद्वयव्रह्म छ अविद्याबाट उत्पन्न बुद्धिमा जीवरूपले प्रतिविम्ब जस्तै प्रवेश गर्छ । 'तत्सृष्ट्वा तदेवानुप्राविशत्' सृष्टि गरेर आफैं त्यहीँ पस्यो- श्रुति यसमा प्रमाण छ । उपर्युक्त उपपत्तिबाट अर्थविचार गर्दा प्रतिज्ञाविरोधभयले आकाशादि जस्तै जीवात्मा उत्पन्न हुन्छ भन्न मिल्दैन ।

इति आत्माधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञाधिकरणम् १२

ज्ञोऽत एव ।१८।

प्रस्तुत जीवात्मा जड हो कि चिद्रूप हो, सुषुप्तिमूर्च्छासमाधिमा चैतन्य उपलब्धि न हुनाले र जागरणमा आत्ममनः संयोगजन्य चेतनगुणसम्भव हुनाले आत्मा जड हो, यो छ पूर्वपक्ष ।

सिद्धान्त छ- 'ज्ञः' नित्य चैतन्य आत्मा हो । अतएव यस्मादेव= त्यसैकारण उत्पन्न हुँदैन, परब्रह्म नै अविद्याकृत उपाधि- सम्पर्कबाट जीवभावमा अवस्थित हुन्छ । 'ब्रह्म त' 'विज्ञानमानन्दं ब्रह्म' यस श्रुतिअनुसार ज्ञानरूप हो भन्ने सिद्ध छ । सुषुप्तिमा चैतन्यलोप हुने होइन, सुषुप्तिसाक्षित्वमा आत्मा त छँदैछ, नहुने भए त उठेपछि सुषुप्ति परामर्श न हुनु पर्ने, तर, हुन्छ द्रष्टाको दृष्टि- लोप हुँदैन, श्रुतिले पनि यो स्पष्ट छ, ज्ञानरूप भए पनि गन्धादि विषय परिच्छेदका लागि घ्राणादि इन्द्रिय अपेक्षित हुन्छन् । अतःआत्मा नित्य चैतन्य रूप नै छ भन्ने निश्चय छ ।

इति ज्ञाधिकरणम् ।

उत्क्रान्ति गत्यधिकरणम् १३

आत्मा ब्रह्म हो, स्वप्रकाश हो भन्ने प्रतिपादन भइसकेको छ । अब स्वाभाविक अणुत्व आत्मामा छ भन्ने पक्षनिरास हुन्छ, वस्तुगत रूपमा महत्व र चैतन्यभन्दा केही बाहिरीभावसमेत साधनार्थ उत्क्रान्तिगत्यधिकरणको प्रवृत्ति हो । क्रमैसित दस सूत्रद्वारा पूर्वपक्ष भएको छ ।

उत्क्रान्तिगत्यागतीनाम् ।१९।

प्रस्तुत जीवात्मा अणुपरिमाण हो कि महत्परिमाण ? यो छ संशय, यसमा पूर्ववादीको पक्ष छ 'उत्क्रान्ति गत्यागतीनाम्' उत्क्रान्ति गति र आगतिस्मरणले जीव अणु हो, आत्मा जान, यो शरीरबाट उत्क्रमण गर्छ यो उत्क्रान्ति हो । चन्द्रमामा पुग्छ यो गति हो, त्यो लोकबाट फेरि कर्म निमित्त यही लोकमा आउँछ यो आगति हो । विभु आत्मामा चलन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्क्रान्ति सम्भव छैन, मध्यमपरिमाण माने अनित्यत्वप्रसङ्ग आउँछ, अतः अणुपरिमाणकै आत्मा मान्नु पर्छ ।

स्वात्मना चोत्तरयोः ।२०।

उत्क्रमण मरणमा निरूढ छ । त्यसमा क्रिया नभए पनि देहस्वाम्यनिवृत्ति हुने आधारमा व्यवहार हुने गरेको हो, गति र आगतिका आधारमा होइन, भन्ने भन्न सकिन्न, किनभने गति र आगति पनि चलनमा निरूढ छन् । कर्तृधर्मका रूपमा बुझिन्छन् व्यापकमा त्यो सम्भव छैन, मध्यमपरिमाणात्मक महत्व शरीरमा छ, जसको प्रत्याख्यान अर्हत परीक्षामा भइसकेको छ । गति र आगति महत्परिमाणमा घट्तैनन्, परिशेषतः अणुपरिमाणकै आत्मा हो भन्ने सिद्ध छ । मरण पनि शरीरस्वाम्यनिवृत्ति मात्र होइन, गति र आगतिले आत्मामा प्रदेशिकत्व सिद्ध छ देहवाट अपसपर्ण मरण हो, उक्त सवै युक्ति आत्माका अणुत्वसाधक हुन् । अतः आत्मा अणु हो ।

त्यसो भए सर्वव्यापी सर्वगतत्व श्रुतिविरोध भयो, यो आशङ्का गर्दै समाधान-

नाणुरतच्छ्रुतेरिति चेन्नेतराधिकारात् ।२१।

जीवात्मा अणु होइन, अणुत्वप्रतिपादन गर्ने श्रुति छैनन् अर्थात् श्रुतिले अणु होइन भन्छन् । यो आत्मा महान् छ, आकाश जस्तै सर्वगत छ, जस्ता श्रुति अणुत्वनिषेधक देखिन्छन् भन्ने पक्ष ठीक होइन, किन ? उत्तर छ 'इतराधिकारात्' । उक्त व्यापित्व त जीवभिन्न परमेश्वरमा हो । सबै वेदान्त ज्ञेयत्वेन उपदेश परमेश्वरकै गर्छन्, जीवको गर्दैनन्, त्यसैले सर्वगतत्वश्रुति जीवविषयक होइन । यसले अणुत्वमा विरोध देखाउँदैन ।

जीवमा अणुत्वश्रुति छ नि त ?

स्वशब्दोन्मानाभ्याञ्च ।२२।

'एष अणुरात्मा' यहाँ अणुत्ववाचक एतत्शब्द हो । 'वालाग्रशतभाग' इत्यादि उन्मान हो । स्थूलपरिमाणवाट उचाल्नु उन्मान हो, अत्यन्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपकृष्टपरिमाणसूचन यहाँ भएको छ। उक्त दुई हेतुका आधारमा जीव अणु हो।

आत्माको अणुत्वसम्भव छैन, किनभने, गङ्गाजलशैत्योपलब्धि शरीरव्यापित्वेन हुन्छ, ग्रीष्मको गर्मीको उपलब्धि पनि शरीरव्यापीरूपमै हुने सिद्ध छ, त्यसको होला विरोध-

अविरोधश्चन्दनवत् ।२३।

शरीरको एक देशमा रहेको चन्दन शरीरभरिको सुखजनक हुन्छ, त्यस्तै जीवात्मा शरीरव्यापी शैत्यको उपलब्धता हुन सक्छ।
दृष्टान्तदार्ष्टान्तिकमा वैषम्य आशङ्काको समाधान-

अवस्थितिवैशेष्यादिति चेन्नाभ्युपगमाद्धृदि हि ।२४।

चन्दनको दृष्टान्त यहाँ मिलेन, अवस्थितिमा फरक छ। एकदेशमा चन्दन प्रत्यक्षतः बुझिन्छ, त्यस्तै गरी जीव बुझिँदैन। अतः मिलेन। यो भन्न सकिन्न। किन ? उत्तर छ- 'अभ्युपगमाज्जीवाणुत्वस्य' जीवाणुत्ववाद मानेर यो प्रसङ्ग आएको हो। चन्दन देहैकदेशमा भए जस्तै जीवात्मा पनि शरीरैकदेशमा छ। कसरी छ ? अल्पपरिमाणकै जीवात्मा श्रुतिनिर्दिष्ट छ हृदि हृदयमा छ भनिन्छ। 'हृद्यन्तर्ज्योतिः' हृदयभित्र ज्योति इत्यादि रूपमा। त्यसकारण, जीवको अणुता नै शास्त्र निर्दिष्ट हो, दृष्टान्त-दार्ष्टान्तिक-वैषम्य छैन।

चन्दनबिन्दु सावयव हो, सर्वशरीरव्यापकतामा अनुभूत हुन्छ। अणुजीव सावयव होइन जसबाट शरीरव्यापित्वेन अनुभूत हुनसकोस्। यस्तो असन्तुष्टिबाट पक्षान्तर आएको छ-

गुणाद्वा लोकवत् ।२५।

आत्मा अणुभए पनि तन्निष्ठज्ञानगुण व्यापक हो भन्ने मान्यतामा व्यापिकार्य हुन सक्छ। लोकमा जस्तै घरमा बालेको बत्ती सानु भए पनि प्रभात्मक गुण गृहव्यापि प्रकाशकार्य गर्न समर्थ हुन्छ। त्यस्तै हो यहाँ पनि। गुणीलाई छोडेर गुण अन्यत्र रहन्छ भन्ने मान्न सकिन्न, अब कसरी रहन्छ गुणीलाई छोडेर गुण ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यतिरेको गन्धवत् ।२६।

गन्ध गुण हुँदाहुँदै पनि गुणीलाई छोडेर रहन्छ, पुष्पराखेको पात्रदेखि पर घुमिरहेको व्यक्ति गन्धग्रहण गर्छ, त्यस्तै गुणी नभए पनि ज्ञानगुण रहन सक्छ ।

त्यतिमात्र कहाँ हो र ज्ञानले नै आत्माको देहव्यापिता देखाउँछ, यसवारे श्रुतिप्रदर्शन सूत्रद्वारा

तथा च दर्शयति ।२७।

हृद्यायतन आत्मा हो, अणुपरिमाण हो भन्ने निरूपण गरेर त्यही आत्मा 'आलोमभ्यः' रौं रौं सम्म छ । यसरूपमा समस्तशरीर-व्यापित्व-प्रदर्शन श्रुतिवाटै भएको छ ।

यसैवारे अर्को हेतु-

पृथगुपदेशात् ।२८।

'प्रज्ञया शरीरं समारुह्य प्रज्ञाद्वारा शरीरमा चढेर यसप्रकार कर्ता र करणरूपमा पृथक् उपदेश भएकैले गुणद्वारक शरीरव्यापिता छ भन्ने मान्नुपर्छ । त्यस्तै, 'तदेषां प्राणानां विज्ञानेन विज्ञानमादाय' यो श्रुति कर्ता शरीरभन्दा पृथक् विज्ञानको उपदेशक हो, यो उपदेश पूर्वोक्त अभिप्रायको समर्थक हो, उपर्युक्त प्रभूत युक्ति र प्रमाणका आधारमा आत्मा अणु हो भन्ने सिद्ध भएको छ । यहाँ सम्मको प्रस्तुति पूर्वपक्षको हो ।
अब सिद्धान्त-

तद्गुणसारत्वात्तु तद्व्यपदेशः प्राज्ञवत् ।२९।

सूत्रघटक 'तु' शव्द पूर्वपक्षव्यावृत्तिका निमित्त हो । उत्पत्तिश्रवण नभएकाले परव्रह्मकै प्रवेश- श्रवणले र तादात्म्योपदेशले परव्रह्म नै जीव हो । परव्रह्म नै जीव भए परव्रह्म जस्तो छ त्यस्तै जीव पनि हुनुपर्‍यो । परव्रह्म व्यापक भनिन्छ उस्तै भएकाले जीव व्यापकै छ- "स वा एष महानज आत्मा योऽयं विज्ञानमयः प्राणेषु' आत्मा महान् छ, अज छ, जुन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा विज्ञानमय हो प्राणमा छ। यसबाट जीव विभुत्ववादी श्रुतिस्मृति समर्थित भएका छन् भनेर अनुमानग्राह्य आगमप्रदर्शन भएको छ।

त्यसोभए जीवमा किन अणुत्वव्यपदेश भएको छ? उत्तर छ– तद्गुणसारत्वात्' बुद्धिगुणप्राधान्य जुन जीवमा छ त्यसबाट अणुत्वादि व्यपदेश भएको हो, स्वतः होइन । उदाहरण छ- प्राज्ञवत्, प्राज्ञपरमात्मा सगुणोपासनमा दहरादि उपाधिका हिसाबले अणुत्वादिरूपमा उपदिष्ट छ। त्यस्तै गरी यहाँ अणुत्वादिरूपमा व्यवहृत छ। त्वगिन्द्रिय सर्वशरीरव्यापी हुनाले चन्दनबिन्दुसम्वन्धजनित आनन्द स्वाभाविक हो। अर्को गुण- गुणिसम्वन्धी कुरा छ त्यो पनि त्यस्तै हो। गुणीमा बसेन भने त गुण नै हुँदैन, पुष्पगन्धविस्तार निराधार होइन, आधारभूत परमाणु अतीन्द्रिय भएकाले इन्द्रियवेद्यता नभएको मात्र हो, इत्यादि आधार अणुत्वको होइन, अणुत्वादिव्यपदेश औपाधिकरूपले हुने गर्छ। यसबारे 'बालाग्रशत........ कल्पते' श्रुति अणुत्वआख्यान गर्दै फेरि आनन्त्यचर्चा गर्छ। उभय नै सङ्गत मान्नुपर्छ, किनभने, अणुत्वलाई औपचारिक र आनन्त्यलाई पारमर्थिक भनिएको छ, यस प्रकारका अनन्तश्रुति छन्, तिनको अर्थसंयोजनको रीति यही हो। 'प्रज्ञया शरीरं समारूह्य' श्रुत्यर्थ पनि बुद्धिलाई उपाधि मानेर संयोजन गर्नुपर्छ। अतः बुद्धिगुणसारत्वेन आत्मामा अणुत्वादि व्यपदेश हो, स्वतः होइन, भन्ने सिद्ध भएको छ।

आत्मामा अणुत्वादिसंसारबुद्धि उपाधिजनित हो भने कदाचित् बुद्धिवियोग हुँदा संसार न होला, यसको उत्तर–

यावदात्मभावित्वाच्च न दोषस्तद्दर्शनात् ।३०।

जहिलेसम्म आत्मा संसारी हुन्छ, जहिलेसम्म सम्यक् दर्शनद्वारा संसारित्वनिवृत्ति हुँदैन, तहिलेसम्म आत्मामा बुद्धिसंयोगशमन हुँदैन। जहिलेसम्म यो बुद्धिउपाधिक सम्वन्ध छ, त्यहाँसम्म जीव जीव भनिन्छ, संसारी भनिन्छ। यावत् आत्मभावी बुद्धिसंयोग रहन्छ भन्ने कसरी थाहा हुन्छ ? उत्तर छ- 'तद्दर्शनात्' देहवियोग भए पनि बुद्धिसंयोग आत्मामा रहने कुरा 'स समानः सन्नुभौ लोकावनुसञ्चरति' समानभावमा दुवै लोकको अनुसञ्चरण गर्छ, श्रुतिले नै देखाएको छ। अतः सिद्ध छ यावत्आत्मभावी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धिउपाधिक सम्बन्ध । बुद्धि उपाधिक सम्बन्धमा यावत्आत्मभावित्व कसरी ? सुषुप्तिमा ब्रह्मसम्पत्ति र कार्यनाश हाम्रो मान्यतामा स्वीकार्य छैन । यसको उत्तर-

पुंस्त्वादिवत्तस्य सतोऽभिव्यक्तियोगात् ।३१।

बाल्यकालमा बीजात्मना अवस्थित पुंस्त्वादि बाल्यमा अभिव्यक्त हुँदैनन्, नभएबराबर हुन्छन्, बढ्दै जाँदा यौवनादिमा अभिव्यक्त हुन्छन् । नभएका अभिव्यक्त वा उत्पत्ति भएका होइनन्, त्यसो भए त नपुंसकादिमा पनि अभिव्यक्ति वा उत्पत्ति हुनुपर्थ्यो, त्यस्तो हुँदैन । त्यस्तै यहाँ बुद्धिसम्वन्ध पनि सुषुप्ति र प्रलयमा शक्त्यात्मना विद्यमान छ, त्यही नै प्रवोधसमयमा आविर्भाव वा अभिव्यक्त हुन्छ ।

अब यो भन्न उपयुक्त हुन्छ, आकस्मिकी उत्पत्ति कसैको हुँदैन, त्यसो मान्दा अतिप्रसङ्ग हुनआउँछ । सुषुप्तबाट उत्थान अविद्यात्मक बीजसद्भावले गराएको हो भनेर श्रुतिले नै सत्भएर पनि जान्दैनन् । यहाँ 'व्याघ्रः सिंहो वा' इत्यादिरूपमा देखाएकै छ । अतः यावत्आत्मभावी बुद्ध्युपाधिसम्वन्ध रहन्छ भन्ने सिद्ध भएको छ ।

बुद्धिशब्दले बुझिने गरेको अन्तःकरण छ भन्ने प्रमाण के छ ? जसको प्रभावले संसार चल्छ, यसबारे सूत्र–

नित्योपलब्ध्यनुपलब्धिप्रसङ्गोऽन्यतरनियमो वाऽन्यथा ।३२।

आत्माको उपाधिभूत अन्तःकरण मन, बुद्धि, विज्ञान, चित्त गरी अनेक रूपले ठाउँ ठाउँमा भन्ने गरिन्छ । कहींभने वृत्तिविभागका आधारमा संशयवृत्तिकलाई मन, निश्चयादिक वृत्तिलाई बुद्धि भन्ने पनि चलन देखिन्छ । यो स्थितिको अन्तःकरण अवश्य छ भन्ने मान्नै पर्छ । नमान्ने हो भने, आत्मा बहिरिन्द्रिय विषय जस्ता उपलब्धिसाधनको सन्निधानमा सधैं उपलब्धि भइरहला । हेतु भएकाबेला फल नभए सधैं अनुपलब्धि नै होला । यस्तो देखिँदैन । कुन स्थितिमा देखिन्छ त ? उत्तर छ- 'अन्यतरनियमः' अर्थात् कर्ता (आत्मा) वा मन, संयुक्त इन्द्रियको शक्ति नरोकिएको बेला देखिन्छ । आत्माको शक्ति रोकिने भन्ने हुँदैन, अविक्रिय आत्मामा त्यो सम्भव छैन, इन्द्रियको शक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि रोकिँदैन, पूर्व र उत्तर क्षणमा अप्रतिबद्धशक्तिवाला बीचमा लुप्त शक्ति भन्न मिल्दैनं। त्यसकारण, जसको संलग्नतामा उपलब्धि र असंलग्नतामा अनुपलब्धि हुन्छ, त्यो मन हो। यस अर्थको पोषक 'अन्तै मन भएकाले देखिन, अन्तै मन भएकाले सुनिन' श्रुति नै छ। मनद्वारा देख्छ, मनद्वारा सुन्छ श्रुति पनि त उक्तार्थक हो। काम, सङ्कल्प, विचिकित्सा श्रद्धा, अश्रद्धा, धृति, अधृति, ह्री, भी र धी यस्ता वृत्ति मनैका हुन् भनेर मनको कार्यकारिताको प्रदर्शनश्रुतिबाटै छ। यस हेतु उक्तस्वरूपको अन्तःकरण मान्नुपर्छ, उक्त अर्थगर्भित 'तद्गुणसारत्वात्तद्व्यपदेशः' सूत्र सर्वथा युक्त छ। यही नै हो संसार को मूल आधार त्यो आधार अध्यास हो, यसरी बुद्धिमा आत्माध्यास सकल अनर्थ बीज भन्ने सिद्ध भएको छ।

इति उत्क्रान्ति गति अधिकरणम्।

कर्त्रधिकरणम् १४

तदगुणसारत्वाधिकरण अर्थात् बुद्धितादात्म्याध्यास बलद्वारा अर्को जीवधर्मको विस्तार हुन्छ।

कर्ता शास्त्रार्थवत्त्वात् ।३३।

कर्ता जीव हो कि होइन, यो छ संशय। बुद्धिपरिणामित्वेन क्रियावेश कर्तृत्व हो, आत्मा असङ्ग छ कर्ता हुँदैन। अतः कर्ता जीव होइन, यो साङ्ख्यमतबाट उत्थापित पूर्वपक्ष हो ।

सिद्धान्तबाट उत्तर छ- आत्मा कर्ता हो। किन हो ? 'शास्त्रार्थवत्त्वात्'। आत्माकर्ता भए नै 'यज्ञगरोस्', 'होमगरोस्', दियोस् यस्ता शास्त्र अर्थपूर्ण हुन्छन् नत्र ती शास्त्र अनर्थ नै हुन्छन्। श्रवणविधि सप्रयोजन हुन्छ लौकिककर्म पनि साधार हुन्छन्। बुद्धि करण भएकाले कर्ता हुन सक्तैन। आत्मामा कर्तृत्वविधान 'एष हि द्रष्टा, श्रोता, मन्ता, बोद्धा, कर्ता र विज्ञानात्मा पुरुष' श्रुतिद्वारा स्पष्टै छ।

विहारोपदेशात् ।३४।

'स ईयतेऽमृतो यत्र कामम्' इच्छा अनुसार चल्छ, स्वप्नमा विहारोपदेशले आत्मा कर्ता हो भन्ने बुझाउँछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपादानात् ।३५।

जीवप्रक्रियामा उपादान संकीर्तन छ 'विज्ञानेन विज्ञानमादाय' बुद्धि (आत्मा) ले आत्मालाई लिएर 'प्राणलाई लिएर' इत्यादि श्रुति जीव कर्ता हो भन्ने देखाउँछन् ।

व्यपदेशाच्च क्रियायां न चेन्निर्देशविपर्ययः ।३६।

'विज्ञानं यज्ञं तनुते' यहाँ क्रियामा कर्तृत्व- निर्देश हुनाले कर्ता जीव हो । शङ्का होला- यहाँ विज्ञान बुद्धि हो जीव होइन न चेत् अर्थात् जीव होइन भने, परिहार छ 'निर्देशविपर्ययः' अर्थात् बुद्धिविज्ञान भए 'तदेषां प्राणानां विज्ञानेन विज्ञानमादय' अर्थात् बुद्धिविज्ञान भए तदेषां प्राणानां विज्ञानेन विज्ञानमादाय जस्तै विज्ञानेन यज्ञं तनुते विपर्ययरूपमा भनिनुपर्ने, भनिएको छ । समानाधिकरणतामा 'विज्ञानं यज्ञं तनुते' । यसरी कर्तृसमानाधिकरणनिर्देश बुद्धिव्यतिरिक्त आत्माकै कर्तृत्वसूचक हो । अतः दोष छैन ।

कर्ता जीव नै हो भने आफ्नो हित नहुने कर्ममात्र गर्नुपर्ने र अहित नहुने कर्म नगर्नुपर्ने कदाचित् अहितकर्म पनि देखिन्छ । उत्तर छ–

उपलब्धिवदनियमः ।३७।

आत्मा उपलब्धिमा जसरी स्वतन्त्र छ स्वतन्त्र भए पनि इष्ट र अनिष्ट प्राप्त गर्छ, यसमा देश, काल र निमित्तविशेष सवै सहायक हुन्छन् । सहायक हुन्छन् भन्दैमा कर्ताको कर्तृत्व निवृत्त हुँदैन । सहकारिवैचित्र्यबाट इष्ट, अनिष्ट अर्थक्रियामा अनियमेन प्रवृत्ति आत्माको हुने कुरामा विरोध छैन । अतः अनियमेन इष्ट र अनिष्टको सम्पादन गर्छ ।

शक्तिविपर्ययात् ।३८।

बुद्धि कर्ता हुने हो भने- कारणशक्तिको बुद्धिमा कर्तृत्व र कर्तृत्वशक्तिको जीवमा करणत्व रहला । शक्तिको स्थितिमा उल्टोपाल्टो पर्ला, यस हेतु पनि जीव कर्ता हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाध्यभावाच्च ।३९।

औपनिषद्आत्मज्ञानका लागि वेदान्तमा समाधिको उपदेश छ 'आत्मा वा अरे द्रष्टव्यः' 'ओम् भनेर आत्माको ध्यान गर' इत्यादि । यो कुरा कर्तृत्व आत्मामा नरहे मिल्दैन । त्यसकारण, पनि कर्ता जीव हो ।

इति कर्तृ-अधिकरणम् ।

तक्षाधिकरणम् १५

साङ्ख्यमतको निरास पछि आत्मामा कर्तृत्व स्वाभाविक हो भन्ने पक्षको निरसनका लागि यो अधिकरण हो ।

यथा च तक्षोभयथा ।४०।

पूर्वाधिकरणमा साधित कर्तृत्व पारमार्थिक हो कि काल्पनिक हो ? यो संशयमा अपवादहेतु नभएकाले स्वाभाविक अर्थात् पारमार्थिक हो, यो छ पूर्वपक्ष । सिद्धान्त छ– आत्माको कर्तृत्व स्वाभाविक होइन, स्वाभाविक भएत मोक्ष नहुने प्रसङ्ग आउँछ । अग्निको उष्णता जस्तो, त्यसकारण, आत्माको कर्तृत्व उपाधिनिमित्तक हो, कल्पित हो । कल्पिततामा 'ध्यायतीव' ध्यानगरे जस्तो, इन्द्रियमनयुक्त आत्मा भोक्ता भनिन्छ इत्यादि श्रुति छन् सोपाधिक आत्मा भोक्ता हो भन्छन् । विवेकीको दृष्टिमा परमात्मा भन्दा, अलग कर्ता वा भोक्ता केही हुँदैन । दृष्टान्त छ यहाँ तक्षा । तक्षा शिल्पी, ताछ्ने आदि काममा आफ्नै अपेक्षाले ताछ्ने औजार बसिला आदि चाहिने बेला कर्ता हुन्छ । आफ्नो शरीरले अकर्ता हुन्छ, यस हिसाबले दुवैरूपमा उपदेश गरिन्छ । त्यस्तै असङ्ग आत्मा स्वतः अकर्ता हो, बुद्धयादिअध्यासवशात् कर्ता, यसरी दुवै किसिमबाट कर्तृत्व उपपन्न गरिन्छ, उक्त दुवै प्रक्रिया भ्रान्त्या कर्तृत्व निर्देश गर्ने हुन् । परमार्थमा त जीव अकर्ता नै हो ।

कसैको भनाइ छ, बाधक नहुनाले आत्मगत कर्तृत्व वास्तविक हो, यो ठीक छैन, 'असङ्गो ह्ययं पुरुष' पुरुष असङ्ग हुन्छ छ, श्रुति नै पुरुषमा असङ्गता छ भन्छन् । अनि कहाँ हुन्छ कर्तृत्व ? अर्थात् हुँदैन । अविद्यासिद्ध कर्तृत्वकै आधारमा विधिशास्त्र कर्तव्यको उपदेश गर्छन्, आत्मामा कर्तृत्व-प्रतिपादन गर्दैनन् । दुवै कुरा विधिशास्त्रले गर्छन् भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा स्वीकार्दा वाक्यभेद हुन्छ। मीमांसाशास्त्रमर्यादामा वाक्यभेद ठूलो दोष हो। व्यापक आत्मा छ भन्ने मान्यतामा परिस्पन्दात्मक्रिया नै आत्मामा हुँदैन, त्यसकारण परिच्छिन्न बुद्ध्यादिसम्बन्धका लागि आरोपित कर्तृत्व आत्मामा मानिएको हो। अतः काल्पनिक कर्तृत्व आत्मामा छ भन्ने सिद्ध छ।

इति तक्षाधिकरणम्।

परायत्ताधिकरणम् १६

औपाधिक भए पनि पूर्वोक्त कर्तृत्व ईश्वरायत्त हो भन्ने प्रदर्शनार्थ यो अधिकरण हो।

परात्तु तच्छ्रुतेः ।४१।

जीवगतकर्तृत्व ईश्वरापेक्ष छ कि ? रागादिअपेक्ष छ ? यो संशयमा कृषिकर्ममा गोरुको व्यापारमा अरूको सहायता नचाहिए जस्तै ईश्वरसहाय निरपेक्षकर्तृत्व हो भन्ने पूर्वपक्ष छ। सिद्धान्त छ, ईश्वराधीन छ। सर्वकर्माध्यक्ष सर्वभूताधिवास साक्षिरूप परमात्माको अनुज्ञाले जीवको कर्तृत्वभोक्तृत्वरूप संसारसिद्धि हुन्छ। कसरी ? उत्तर- 'तच्छ्रुतेः' 'एष ह्येव साधु कर्म कारयति' राम्रो न राम्रो जस्तो भए पनि परमेश्वर काम गराउँछ इत्यादि श्रुतिमा जीवकर्तृत्व ईश्वराधीन हो भन्ने स्पष्ट निर्देश छ। गोरु आदि जस्तै ईश्वरप्रत्यक्ष नभए पनि लोकप्रसिद्धि र श्रुतिप्रमाणवाट हेतुकर्तृत्व ईश्वरमा मानिन्छ। सौत्र 'तु' शब्द पूर्वपक्ष व्यावृत्यर्थ हो।

त्यसो भए ईश्वरमा वैषम्य र नैर्घृण्य दोष होला नि त ? यो आशङ्का समाधानार्थ सूत्र-

कृतप्रयत्नापेक्षस्तु विहितप्रतिषिद्धावैयर्थ्यादिभ्यः ।४२।

उक्त आशङ्का व्यावृत्तिका लागि 'तु' शब्द हो। आफ्नो प्रयत्नलेआर्जित जीवका जस्ता धर्माधर्म छन्, तिनैका अपेक्षाले फरक नपर्ने गरी ईश्वरले फल दिलाउँछ, कहीं फरक देखिनु त जीवकै पुण्यपापरूप निमित्तले हो भन्ने बुझ्नु पर्छ। प्रयत्न गरेकालाई फल दिलाउँछ भन्ने अंश सूत्रकार आफैं उपपादान गर्छन् 'विहितप्रतिषिद्धावैयर्थ्यादिभ्यः'।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'स्वर्गको इच्छा हुनेले यज्ञ गर्नु' विहित कर्मको लोप नगर्नु र ब्राह्मण नमार्नु जस्ता प्रतिषेध को अवैयर्थ्य हेतुबाट प्रयत्न गरेका प्राणी अपेक्षाले ईश्वर काम गर्छ भन्ने बुझिन्छ। 'राम्रो काममा लाउँछ' आफ्नो सुखको ज्ञान जन्तुलाई हुँदैन। स्वर्ग वा नरक ईश्वरले जहाँ पठाउँछ त्यहीं जान्छ इत्यादि श्रुति र उक्त अर्थकै स्मृतिबाट समेत विहित र प्रतिषिद्ध कर्मको फलप्राप्तिमा जीव अत्यन्त परतन्त्र छ भन्ने देखिन्छ।

विधि र प्रतिषेधकै आधारमा फल हुने सट्टा आफूखुशी ईश्वरले ती ती फलको निमित्त नियोजन गर्ने हो भने विधिनिषेधबाट प्राप्त हुने फल, ईश्वरले खटाएको धर्माधर्मनिरपेक्ष फल होला, अनि त सोझै विधिनिषेध सबै अनर्थक होलान्। त्यस्तो नहोस् भन्नाका लागि परमेश्वरले दिने फल धर्माधर्मसापेक्ष नै हुन्छ। त्यसो हुँदा विहितकर्म गर्नेलाई अर्थसंयोजन र निषिद्ध कर्म गर्नेलाई अनर्थसंयोजन ईश्वरले गराई दिन्छ।

धर्माधर्मको वास्तै नगरी ईश्वरले मात्र संयोजन गर्दा त विहतकर्म गर्नेलाई अनर्थ र निषिद्ध कर्म गर्नेलाई अर्थसंयोजन कदाचित् हुन सक्ला, त्यसो भयो भने त वेदमा अप्रामाण्य प्रसङ्ग आउँछ, त्यो नहोस् भन्ने हेतुले ईश्वरकर्ममा धर्माधर्मसापेक्षता मान्नुपर्छ भन्ने 'अर्थवैयर्थ्यादिभ्यः' सूत्रभित्रको आदिपदबाट प्राप्त छ।

इति परायत्ताधिकरणम्।

अंशाधिकरणम् १७

जीवमा आरोपित कर्तृत्व ईश्वरायत्त छ भन्ने निरूपण भयो। निर्धारित योग्यताको जीव ब्रह्मभन्दा अभिन्नै हो भन्ने प्रतिपादन अब हुन्छ। तदर्थ सूत्र–

अंशो नानाव्यपदेशादन्यथा चापि दाशकितवादित्वमधीयत एके ।४३।

जीव र ईश्वरमा प्रयोज्यप्रयोजकभावको कुरा भएको छ। सम्बद्धंमामात्र हुन्छ असम्बद्धमा हुँदैन। अब त्यो सम्बन्ध कस्तो हो, स्वामिभृत्यको जस्तो हो कि, अथवा घटाकार र मठाकार जस्तो अंशाशिभाव सम्बन्ध हो ? यो छ संशय, स्वामिभृत्यभावको सम्बन्ध भन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मिल्छ, किनभने, त्यहाँ ईश र ईशितव्यभाव छ, यो कुरा लोकप्रसिद्धै छ, यो हो पूर्वपक्ष ।

सिद्धान्तबाट उत्तर छ– 'अंशो नानाव्यपदेशात्' अंश जस्तो अंश हो, निरवयवआत्माको अंशाशिभाव नहुनाले मुख्य अंश भन्न मिल्दैन । निरवयव वस्तु त त्यही हो भने भयो नि त किन अंश जस्तो भन्ने ? उत्तर छ- 'नाना व्यपदेशात्' 'आत्मा खोज्नुपर्छ आत्मा बुझ्नुपर्छ' 'आत्मा जानेपछि मुनि हुन्छ' यस्ता खाले निर्देश भेद नभए हुँदैन । यस्तो नाना व्यपदेश काल्पनिक हो वास्तविक होइन भन्ने पनि निर्देश सूत्रैबाट 'अन्यथा चापि' अर्को किसिमबाट पनि व्यपदेश हुन्छ, नाना होइन भन्ने प्रतिपादन गर्न । अथर्वाका कुनै शाखामा ब्रह्मदाशा ब्रह्मदासा ब्रह्मैवेमे कितवाः' ब्रह्मसूक्त छ । दाशको अर्थ कैवर्त हो र दासको अर्थ नोकर हो त्यस्तै कितव हो जुहाडे, ती सबै हीन जन्तु हुन् । तिनको उदाहरणद्वारा नामरूपकार्यकारणसङ्घात अनेक उपाधिप्रविष्ट जीव ब्रह्म नै हो भन्ने बुझाइएको छ । सृष्टि गरेर आफैं पस्यो 'त्यो तिमी हौ जस्ता श्रुति जीवब्रह्ममा एकता बुझाउँछन् । अतःस्वामिभृत्यको सम्बन्ध जीवब्रह्मको होइन ।

अंश जस्तो अंश हो भन्नेमा अर्को हेतु सूत्रद्वारा-

मन्त्रवर्णाच्च ।४४।

'यसको धेरै महिमा छ । अतः ठूलो पुरुष हो' इत्यादि मन्त्रवर्णले जीवब्रह्ममा अंशाशिभाव देखाएका छन् ।

अंशत्वमा अर्को हेतु-

अपि च स्मर्यते ।४५।

जीव मेरै अंश हो सनातन हो, गीतामा प्रतिपादित यो स्मृतिवाक्य जीवब्रह्ममा अंशाशित्व प्रदर्शक हो ।

ईश्वरांश जीव हो भन्ने मान्यतामा जीवगत सांसारिक दुःखभोगले अंशी ईश्वरमा पनि दुःखित्व होला । अङ्गभूत हस्तपादादि दुःखले अङ्गी देवदत्तादिमा दुःख हुन्छ, त्यस्तै त्यसरी दुःखप्राप्तिको स्थितिभन्दा त बरु पूर्वावस्था नै राम्रो । संसारै राम्रो, यसो हुँदा त सम्यग्दर्शन अनर्थक नै ठहर्छ, यस्तो समाधान गर्दै सूत्रकार भन्छन्–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशादिवन्नैवं परः ।४६।

जीवब्रह्ममा एकता भए पनि कल्पितभेदले परमेश्वर जीव जसरी दुःखभोग गर्दैन, उदाहरण छ 'प्रकाशवत्' सूर्य चन्द्र आदिको तेज आकाश ढाकेर रहेको हुन्छ। अङ्गुल्यादिबाट छेकिए बाङ्गोटिङ्गो प्रतीत हुन्छ, त्यसरी प्रतीत हुँदैमा वास्तविक बाङ्गोटिङ्गो त्यो हुँदैन त्यस्तै ईश्वर पनि। अतः जीवदुःखले परमेश्वर दुःखी हुँदैन।

श्रुतिले जस्तै स्मृतिले पनि अनुमान बाधित छ–

स्मरन्ति च ।४७।

जीवदुःखले परमेश्वर दुःखी हुँदैन भन्नेमा व्यासादि उक्ति छन् परमात्मा नित्य छ निर्गुण छ। कमलपत्रमा पानीद्वार लिप्त नभएझैं कर्मफलले परमेश्वर लिप्त हुँदैन। त्यस अतिरिक्त जुन कर्मात्मा छ त्यो बन्धमोक्षभागी हुन्छ, सत्र अवयवको लिङ्ग शरीराभिमानी हुन्छ, इत्यादि। सूत्रको 'च' शब्द क्रियापदअध्याहारका लागि अर्थात् भनेका छन् भन्ने अर्थमा हो। अतः प्रत्यग्ब्रह्ममा संसारलेप हुँदैन।

प्रत्यगात्मा परमेश्वर हो जीवभावेन अवस्थान त्यसैको छ। यो कसरी ? एकै परमेश्वर जीव र अनंश हुँदा विधिप्रतिषेधव्यवस्था नहुनुपर्‍यो, तत्सम्बन्धी उत्तर-

अनुज्ञापरिहारौ देहसम्बन्धाज्ज्योतिरादिवत् ।४८।

'ऋतुकालमा भार्यागमन गर्नु' यो अनुज्ञा हो, 'गुरूपत्नीगमन नगर्नु' यो परिहार हो। 'अग्निषोमीय पशु संज्ञपन गर्नु' यो अनुज्ञा हो। 'कुनै भूतको हिंसा न गर्नु' यो परिहार हो।

लौकिक र वैदिक अनुज्ञापरिहार अर्थात् विधिप्रतिषेध परमेश्वर एकै भए पनि देहसम्बन्धका आधारमा हुने गर्छन्। देहकासाथ सम्बन्ध देहसम्बन्ध हो। त्यो सम्बन्ध आध्यासिक हो, असङ्ग र कूटस्थ परमात्माको सम्बन्ध कार्यकारणसङ्घातरूप देहमा हुनसक्तैन। अर्थात् संयोगसम्बन्ध ती दुईको हुनसक्तैन, अयुतसिद्ध नहुनाले देह र आत्माको सम्बन्ध समवाय पनि हुँदैन। उपर्युक्त युक्तिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देहादिउपाधिसम्वन्धकृत शरीरित्वादि हो। संसारित्व हो, स्वतः एकत्व छ, उक्त उपाधिसम्वन्धकृतत्वका आधारमा अनुज्ञापरिहारसम्भव हुन्छन्। यसमा दृष्टान्त छ- ज्योति एकै भए पनि गृह्यअग्निग्रहण गरिन्छ, श्मशानको अग्निग्रहण गरिँदैन अथवा मूत्र, पुरीष गाईको ग्रहण गरिन्छ। अरू जातिको ग्रहण गरिँदैन।

कर्मादिसाङ्कर्य समाधानार्थ सूत्र-

असन्ततेश्चाव्यभिचारः ।४९।

शरीरविशेषसम्बन्धबाट अनुज्ञा र परिहार सम्भव भए पनि संसारसाङ्कर्यले भोगमा तलमाथि पर्छ कि ? उत्तर- गर्छन्, पर्दैन। किन? 'असन्तते': कर्ता र भोक्ता आत्माको सन्तति अर्थात् सबै शरीरसाथ सम्वन्ध रहँदैन। उपाधिसन्तति नरहनाले जीवसन्तान हुँदैन। वुद्धिभेदले भोक्ताको भेद हुने भएकाले कर्मसाङ्कर्य वा फलसाङ्कर्य केही हुँदैन। आद्यसूत्रमा जीव अंश हो भन्ने कुरा अवच्छेदवुद्धि अनुसार भएको छ। अव 'रूपं रूपम्' इत्यादि श्रुतिअनुसार प्रतिविम्व पक्ष उपस्थापन हुन्छ –

आभास एव च ।५०।

परमात्माको आभास जीव हो, जलमा प्रतिविम्वित सूर्यजस्तै। सूर्यको प्रतिविम्व धेरै जलाशयमा पर्छ ती मध्ये एक जलसूर्यमा कम्पन भए पनि वाँकी जलको कम्पन हुँदैन, त्यस्तै यहाँ पनि फलसङ्कर हुँदैन।

आफ्नो सिद्धान्तमा साङ्कर्यपरिहार भएको छ। त्यस्तो परिहारसम्भावना मतान्तरमा देखिँदैन। त्यही कुरा सूत्रबाट-

अदृष्टानियमात् ।५१।

व्यापक जीवात्मा अनन्त छन् भन्नेहरूका लागि फलसाङ्कार्यदोष छ। नियामक अदृष्ट छँदैछ नि त्यसैले फलसाङ्कर्य आउँदैन, यस्तो भन्न युक्तिले मिल्दैन। किन मिल्दैन ? उत्तर- अनियमात् आत्मा धेरै छन् व्यापक छन् प्रत्येक शरीरमा वाहिरी र भित्रीरूपमा सन्निहित छन्। मन, बचन शरीरका आधारमा धर्म र अधर्मको उपार्जन गर्छन्। ती मध्ये यो आत्माको अदृष्ट हो भनेर छुट्याउने नियामक हेतु छैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले यो फल प्राप्त गरेँ, यो निराकरण गर्छु, भन्ने हिसावले संयमित व्यक्तिका गतिविधि चल्छन् यसो गर्छु जस्ता अभिसन्धि आत्मैपिच्छे रहन्छन्। अदृष्ट र ती आत्मामा स्वस्वामिभाव सिद्धै छ। नियमन तिनैबाट भइहाल्छ नि, यो पक्षको समाधानमा सूत्र-

अभिसन्ध्यादिष्वपि चैवम् ।५२।

'म यस्तो गर्छु' जस्ता अभिसन्धिआदि जुन प्रतिआत्मामा छन् ती अदृष्टनियामक हुनसक्तैनन्। तिनीहरूमा आत्ममनः संयोग सर्वात्मामा हुन्छन्, अनि कसरी रहन्छ नियामकत्व, अर्थात् प्रत्यात्माका निमित्त नियामकहेतु नै हुँदैन। अतः पूर्वोक्तदोषबाट उन्मुक्ति छैन।

प्रकारान्तरले असाधारण्यशङ्का र निराकरण-

प्रदेशादिति चेन्नान्तर्भावात् ।५३।

शरीरप्रदेशयोग्य आत्माको संयोग अभिसन्धिनियामक हो भन्नु ठीक छैन, किनभने- 'अन्तर्भावात्' सबै आत्माको विभुत्व उस्तै हो, उस्तै हुनाले सबैआत्मा सबै शरीरभित्र हुन सक्छन् विशेष शरीरावच्छिन्न भए पनि आत्मप्रदेशको कल्पना गर्नसकिँदैन। आकाशादि विभुत्व ब्रह्मवादमा असिद्ध छ, आकाश पनि कार्य नै हो। अतः आत्मा एकमात्र हो भन्ने पक्ष सर्वदोष युक्त र असंस्पृष्ट छ भन्ने सिद्ध भएको छ।

ब्रह्मसूत्रविवरण द्वितीय अध्याय तृतीयपाद सकियो।

चतुर्थपाद

आकाशादिविषयक श्रुतिप्रतिषेधको तृतीयपादमा परिहार भएको छ। अब प्राणविषयको श्रुतिविरोध परिहार हुन्छ, चतुर्थ पादका चार अधिकरणमा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणोत्पत्ति अधिकरणम् १

तथा प्राणा : ।१।

प्राणको उत्पत्ति हुन्छ वा हुँदैन ? यो संशयमा- 'त्यसले तेज सृष्टि गऱ्यो' यस प्रकरणमा उत्पत्ति श्रवण नहुनाले 'ऋषि प्राण हुन्' यो श्रुतिवाट सृष्टि- प्राक् कालमा प्राणको अवस्थान श्रवणले अनादि हो भन्ने वुझिन्छ। अतः अनुत्पन्न हो। 'यसवाट प्राण जन्मन्छ' श्रुति जन्य हो भन्छ उक्त उभयश्रुतिविरोध भएकाले अनुत्पन्न हो भन्ने पूर्वपक्ष छ।

सिद्धान्तबाट उत्तर छ- 'तथा प्राणाः' जसरी आकाश आत्मावाट उत्पन्न भएको हो त्यस्तै प्राण अर्थात् इन्द्रिय पनि हुन्। कसरी हुन् ? इन्द्रियभूतकार्य हुन् अन्नमय मन र आपोमय प्राण हो श्रुतिवाट इन्द्रियजन्मश्रवण भएको छ। 'आत्मावाट प्राण र सवै इन्द्रिय हुन्छन्' श्रुति पनि इन्द्रियको कार्यत्ववोधक हो। श्रुतत्वअविशेषले आकाशादि जस्तै प्राण अर्थात् इन्द्रिय पनि हुन्।

विरोधवादी संझाइएका छन्, अब पालो गौणवादीको

गौण्यसम्भवात् ।२।

यो सूत्र एकपदको हो। गौण सम्भव छैन भन्ने अर्थमा गौण्यसम्भवपदको संयोजन भएको हो। प्राणोत्पतिश्रुति गौणी होइन, गौणी हो भन्ने मानेमा के जानेपछि सबै जानिन्छ भन्ने प्रतिज्ञाहानि प्रसङ्ग आउला।

सृष्टिपूर्वकालको प्राण छ भन्ने श्रवण त्यो अवान्तर सृष्टिविषयक हो। अप्राण अमना र शुभ्र श्रुतिवाट मूलकारणमा प्राणादि समस्त विशेष साहित्यश्रवण छ। अतः उत्पत्तिश्रुति गौणी होइन।

फेरि त्यही कुरा-

तत्प्राक्श्रुतेः ।३।

यसवाट प्राण जन्मन्छ। यहाँ 'जायते' पद पहिले आएको छ, त्यही पदको अनुवृत्ति उत्तरका इन्द्रियमा हुन्छ। एक शब्द एकपटक उच्चरित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धेरैसँग सम्बन्ध हुँदा, कहीँ मुख्य कहीँ गौंण हुन्छ भन्नसकिन्न, त्यसो गर्दा विरूपताप्रसङ्ग आउँछ ।

जुन तेजःसृष्टिप्रकरणमा प्राणको उत्पत्तिश्रवण छैन भन्ने कुरा थियो- अब त्यसको उत्तर-

तत्पूर्वकत्वाद्वाचः ।४।

तेज, जल र अन्नलाई व्रह्मप्रकृतिक भनिएको छ, वाक् प्राण र मन पनि तेज जल र अन्न सामान्य नै हुन् । त्यसैले सबै प्राणमा व्रह्मप्रभवत्व सिद्ध छ ।

इति प्राणोत्पत्ति अधिकरणम् ।

सप्तगति अधिकरणम् २

मुख्य प्राणदेखि भिन्न इन्द्रियको विचार प्रस्तुत छ-

सप्तगतेर्विशेषितत्वाच्च ।५।

इन्द्रिय सात हुन् कि एघार । पूर्ववादी भन्छन् इन्द्रिय सातै हुन् । प्रमाण अघिसार्छन् 'सात प्राण हुन्छन्' श्रुतिवाट सात सङ्ख्या बुझिन्छ । फेरि पनि शीर्षका प्राण सात हुन् भनेर शिरोभागका सात छिद्रका आधारमा प्राण विशेषित भएकाले पनि सातै प्राण मान्नुपर्छ ।
सिद्धान्तवादीको उत्तर छ, सूत्रैवाट-

हस्तादयस्तु स्थितेऽतो नैवम् ।६।

सातभन्दा बढी हातआदि प्राणचर्चा 'हात ग्रह हो' इत्यादि श्रुतिवाट भएको छ । अतः हीनसङ्ख्याको अन्तर्भाव अधिकसङ्ख्यामा हुन्छ, त्यसैले थोरै कल्पनाका आधारमा सात प्राण हुन् भन्ने ठान्नु हुँदैन । वरु 'दशप्राण हुन्छन् आत्मा एघारौं' श्रुतिमार्गद्वारा एघार प्राण हुन् भन्ने वुझ्नु पर्छ । आत्मशव्दको अर्थ यहाँ मन हो । कार्यका हिसाबले एघार नै विषय हुन्छन् । ती मध्ये शव्दस्पर्शरूपरसगन्ध पाँच विषयका आधारका पाँच बुद्धि हुन्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनका लागि पाँच भूतेन्द्रिय हुन्। वचन, आदान, विहार, उत्सर्ग र आनन्द पाँच कर्मभेद हुन्, तिनका लागि पाँच कर्मेन्द्रिय हुन्। सर्वार्थविषयक तीनै कालमा रहने मन एक हो, अनेक स्थानमा जान सक्ने उसको सामर्थ्य हो। कार्यजातवशात् इन्द्रिय एकादश हुन् भनिएको हो।

अर्को प्रकारले सूत्रद्वयको योजना-

प्राण सात हुन् सातैको गतिश्रवण छ त्यो उत्क्रान्त हुँदा प्राण पछि पछि लाग्छ, प्राणको उत्क्रमण भएपछि सवै प्राण त्यसकै पछि लाग्छन् यस अर्थवाला श्रुतिमा। यहाँ सर्वशब्द पनि छ। कसरी प्राण सातमात्र भए त ? सर्वशब्द उद्देश्यानुसारी हुन्छ, जस्तै सवै ब्राह्मणलाई भोजन गराउ भन्दा निमन्त्रित जतिलाई गराउने अर्थसङ्कोच सर्वशब्द को हुन्छ। त्यसैगरी यहाँ प्रसङ्गका सातप्राण नै सर्वशव्दले बुझाउँछ, अरू बुझाउँदैन यो पक्षोत्थापनका साथै उत्तर दिने क्रम छ।

हस्तआदि को चर्चा 'हस्तो वै ग्रहः' इत्यादिमाध्यमवाट भएकाले सातमात्र प्राण होइनन् ग्रहको अर्थ वन्धन हो शरीरभित्र घुम्न ग्रह भनिने वन्धन हो भन्ने बुझ्नुपर्छ। मोक्षभन्दा पहिले ती ग्रहबाट छुटकारा हुँदैन। श्रुत्यन्तरमा हस्तादि चर्चित छन् पूर्वोक्तरीतिले एघार प्राण चर्चित छन्। 'सर्वे प्राणाःमा' आएको सर्वशब्द प्रकरणवशात् एघारै प्राण भन्नेमा प्रयुक्त हो, सात मात्र होइन। सातको प्रकरण हुँदैमा सातमा टुङ्गो लाग्दैन। प्रकरण भन्दा शब्द नै वलवान् हुन्छ। सवै ब्राह्मणलाई भोजन गराउ भन्दा पृथिवी भरीका ब्राह्मण-भोजन गराउने अर्थ आउँछ, तापनि त्यो नसकिने हुनाले निमन्त्रितमा सङ्कोच गर्नुपर्‍यो।

यहाँ त त्यसरी सर्वशब्दको सङ्कोच गर्नुपर्ने कारण केही छैन। त्यसकारण, सर्वशव्दले अशेषप्राण- (इन्दिय) को सङ्ग्रह हुन्छ। सातबाट अनुक्रम त प्रदर्शनार्थ हो। अतः शब्दबाट र कार्यबाट एघार नै प्राण भन्ने सिद्ध भएको छ।

इति सप्तगति अधिकरणम्।

प्राणाणुत्व अधिकरणम् ३

साङ्ख्यमतमा इन्द्रिय र अहम् आहङ्कारिक हुन्, जगत्मण्डलव्यापी हुनाले व्यापक हुन्। तिनका वृत्तिमा शरीरदेशता रहनेहुदा प्रादेशिकी र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनैका गति र अगति हुने स्थितिमा गतिश्रुति समन्वित हुन्छन्, तिनको मतखण्डनार्थ सिद्धान्तमुखेन सूत्र–

अणवश्च ।७।

इन्द्रिय व्याप्त हुन् कि मध्यमपरिमाण हुन् भन्ने संशयमा व्याप्त हुन् भन्ने साङ्ख्यमतको निरासका लागि- 'अणवश्च'। प्राकृत प्राण अणु हुन्। मध्यमपरिमाणको शरीरमा भए पनि उत्क्रान्तिआदिमा प्रत्यक्षतः दृश्यत्व नरहने हुँदा अणु भनिएको हो। अणु भन्नाले सूक्ष्म र परिच्छिन्न बुझ्नुपर्छ परमाणु जस्तो होइन, परमाणु जस्तो भए त शरीरवर्ती सबै कार्यको उपपत्ति नहुनुपर्ने। देहावच्छिन्नवृत्तिमद्भाग देहमध्ये प्राण रहेको देहबाट अशेषव्यवहार सिद्ध हुन सक्छ, त्यसो हुँदाहुँदै वृत्तिरहित इन्द्रिय कल्पनामा गौरवदोष छ। अतः साङ्ख्यमत अनुपपन्न छ।

इति प्राणाणुत्व अधिकरणम्।

प्राणश्रैष्ठ्याधिकरणम् ४

पूर्वाधिकरणको अतिदेश मा सूत्र-

श्रेष्ठश्च ।८।

परमेश्वरले प्राणसृष्टि गऱ्यो श्रुतिनिर्दिष्ट सृज्य प्राण अनादि हो कि सादि यो संशयमा पूर्वपक्ष-नासदीय सूक्त 'अनीदंवातं' द्वारा सृष्टि प्राक्कालमा प्राणचेष्टाश्रवण छ। अतः अनादि हो।

सिद्धान्तवादी भन्छन् अनादि होइन, मुखनासिकासञ्चारी वायु मुख्य प्राण हो, त्यो श्रेष्ठ अर्थात् अरूभन्दा ठूलो छ। त्यसको जन्म परमेश्वरबाट हुन्छ, परमेश्वरबाट हुँदैन भन्ने हो भने पूर्वोक्त प्रतिज्ञाहानि होला। 'आनीत्' शब्दले प्राणव्यापारलाई बुझाउँदैन, 'अवातम्' पदबाट प्रतिषेध भएको छ। वरू यसै परमेश्वरबाट मन र सबै इन्द्रिय प्राण जन्मन्छन् भन्ने प्रत्यक्ष निर्देश श्रुतिद्वारानै भएको छ। त्यसैले 'प्राणो वाव ज्येष्ठश्च श्रेष्ठश्च कण्ठतः श्रुतिघोष छ। गुणाधिक्यले प्राण श्रेष्ठ भएको हो।

इति प्राणश्रैष्ठ्याधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वायुक्रियाधिकरणम् ५

मुख्यप्राणोत्पत्तिचिन्तन पछि प्राणस्वरूप चिन्ता अबको अधिकरणमा–

न वायुक्रिये पृथगुपदेशात् ।९।

मुख्यप्राण वायु हो कि इन्द्रियव्यापार वायु हो अथवा अरू कुनै वायु हो ? संशयस्वरूप हो यो । 'जुन प्राण हो त्यो वायु हो' श्रुतिअनुसार वायु प्राण हो, यो छ पूर्वपक्ष-

साङ्ख्यसिद्धान्तको उत्तर छ- करणव्यापार प्राण हो, यी दुवै प्राप्तिको निराकरण गर्दै सूत्रकार स्वसिद्धान्तप्रदर्शन गर्छन्- 'न वायुक्रिये' वायु प्राण होइन, करणव्यापार पनि प्राण होइन । किन होइन ?

उत्तर छ- 'पृथगुपदेशात्' प्राण ब्रह्मको चौथो पाउ हो, त्यो वायु र ज्योतिले भान हुन्छ, तपन गर्छ । श्रुतिबाट प्राणभन्दा भिन्नै निर्देश वायुको छ । त्यस्तै वागादिकरणवाट अनुक्रम गर्दै प्राणको अनुक्रम अलग भएकाले करणव्यापारभन्दा भिन्न हो । वृत्ति र वृत्तिमान्मा भेदै हुन्छ। यसैवाट प्राण, मन र सबै इन्द्रिय जन्मन्छन् उक्तश्रुति मुख्यप्राण र इन्द्रियको पृथक् जन्मप्रदर्शनमा प्रवृत्त भएको स्पष्टै छ । अतः वायु र क्रियाभन्दा भिन्न प्राण हो ।

त्यसो हो भने जीव जस्तै कुनै प्राण यो देहमा स्वतन्त्र नै हुन सक्छ। श्रेष्ठत्वादिगुणयोग प्राणमा छदैछ । यो पक्ष अयुक्त भन्दै सूत्रकार–

चक्षुरादिवत्तु तत्सहशिष्ट्यादिभ्यः ।१०।

'तु' शब्दले प्राणको स्वतन्त्रता- व्यावर्तन गर्छ । राजकर्मचारी जस्तै जीवका कर्मचारी इन्द्रिय हुन् जीवभोगार्थ करण हुन् । स्वतन्त्र होइनन् । त्यस्तै राजाको प्रधानमन्त्रीजस्तो मुख्यप्राण हो, जीवलाई भोगका लागि सबै अर्थनिर्वाहक उपकरणभूत प्राण हो। स्वतन्त्र होइन। उपकरणभूत प्राण कसरी हो ?

उत्तर छ- 'सहशिष्ट्यादिभ्यः' इन्द्रिय र प्राणसंवादमा उत्कर्षका हिसावले प्राण बाँकी रहन्छ । इन्द्रिय र प्राणको सहशासन पनि ती दुई थरी समानधर्मा हुन् भन्ने सूचक हो । बृहत् र रथन्तर जस्तै, अर्थात् यी सामभेद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्, सँगै उपदिष्ट छन् । शिष्ट्यादिको आदि पद संहतत्व, अचेतनत्व जस्ता प्राणको अस्वातन्त्र्य हेतुको सम्वाहक हुन् ।

प्राण करण हो भने, वाहौं करण हुनुपर्‍यो, पहिले करणभावमा परिगणित एघार छन् । यसको उत्तर दिँदै सूत्रकार-

अकरणत्वाच्च न दोषस्तथाहि दर्शयति ।११।

बार्‍हौं करण मान्नु पर्ने दोष यहाँ प्रसक्त छैन, प्राण करण हुँदै होइन । चक्षुरादि इन्द्रियझैं प्राण करण मानिँदैन । त्यसो भए प्राणको काम छैन त ? उत्तर हो- काम छ, शरीरधारणरूप कार्य प्राणकै त हो नि, शिष्ट्यादिको श्रुतिले नै देखाएको छ- मोहमा नपर मनै आफूलाई पाँच भागमा बाँडेर यो बाणलाई थामेर धारणा गर्छु भन्ने प्राणको उक्तिरूपमा । बाणशब्दको अर्थ यहाँ शरीर हो । उत्क्रान्ति र प्रतिष्ठा प्राणनिमित्तक नै हुन्छ । अतः प्राण करण नभए पनि निरर्थक छैन, आयतनरूपमा स्थित छ ।

यतिमात्र होइन, प्राणका काम अरू पनि छन् ।

पञ्चवृत्तिर्मनोवद्व्यपदिश्यते ।१२।

प्राणको विशेष काम, जुनकारणले पञ्चवृत्तिप्राणको व्यपदेश हुन्छ । श्रुतिमा 'प्राण, अपान, व्यान, उदान, समान' नामवाट । यो कामको आधारको वृत्तिभेद हो । ती ती वृत्तिले फरक फरक काम गरेका हुन्छन् प्राण र अपानको सन्धीमा तिर्यक्कर्म हेतु व्यान, ऊर्ध्ववृत्ति उत्क्रान्ति आदिको हेतु उदान र सबै अङ्गमा अन्नरस लैजान्छ । जसले त्यो समान हो, यसरी पञ्चवृत्ति प्राण भनिन्छ, । 'मनोवत्' यो उदाहरण हो । श्रोत्रादि पाँच बहिरिन्द्रियनिमित्तक शब्दादि पाँच विषय ग्रहणका निमित्त पाँचविषयको मन हुन्छ त्यस्तै पूर्वोक्त कामका निमित्त प्राण पञ्चवृत्तिक भएको हो । मनको उदाहरण उपकरणार्थमा पनि लाग्न सक्छ । पञ्चवृत्यात्मक मन जीवको उपकरण भएजस्तै पञ्चवृत्यात्मक प्राण पनि त्यस्तै हो भन्ने अर्थ संयोजन गर्नुपर्छ ।

इति वायुक्रियाधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रेष्ठाणुत्वाधिकरणम् ६

मुख्यप्राणको स्वरूप र स्वभावविशेष निरूपण भएको छ, परिमाण अतिदेशबाट निरूपण गर्दै-

अणुश्च ।१३।

इन्द्रिय जस्तै मध्यमपरिमाण प्राणको हो कि विभुको यो संशयमा पूर्वपक्ष छ मशक, हात्तीको समान चर्चाले विभु प्राण हो ।

सैद्धान्तिक उत्तर छ- 'अणुश्च' अणु हो । अर्थात् मध्यम परिमाणको हो । इन्द्रियपरिमाण जस्तै सौक्ष्म्य र परिच्छेद हो, परमाणुतुल्यता होइन । उत्क्रमणमा पार्श्वस्थलाई थाहा न हुने भएकाले अणु भनिएको हो । आधिदैविक हिरण्यगर्भप्राण समष्टि र व्यष्टिभावमा रहने भएकाले व्यापक हो, वायु नै समष्टि र वायु नै व्यष्टि भन्ने श्रुति अनुसार उक्त कुरा सिद्ध छ । आध्यात्मिकभावमा त परिच्छन्न नै हो, व्यापक होइन ।

इति श्रेष्ठाणुत्वाधिकरणम् ।

ज्योतिराद्यधिकरणम् ७

आध्यात्मिक प्राण आधिदैविक आदित्यादिका अपेक्षाले स्व-स्व चेष्टामा लाग्छन् भन्ने यो अधिकरणगत अर्थ हो-

ज्योतिराद्यधिष्ठानन्तु तदामननात् ।१४।

इन्द्रियको प्रवृत्ति स्वतन्त्र हो कि ? देवताधीन हो ? यस्तो संशयमा आफ्नो पक्षप्रदर्शन गर्छन् पूर्वपक्षी प्रवृत्ति स्वतन्त्र हो भनेर ।

सिद्धान्तवादीको उत्तर छ– देवताधिष्ठित इन्द्रियको प्रवृत्ति हुन्छ स्वतन्त्ररूपमा हुँदैन । यसमा हेतु छ 'तदामननात्' अर्थात् श्रुति स्वयं त्यो कुरा भन्छन् अग्नि वाक् भएर मुखमा प्रवेश गऱ्यो इत्यादि, यस्तै किसिमबाट इन्द्रियका तत्तदभिमानिनी देवताद्वारा अधिष्ठित इन्द्रिय नै आ-आफ्नो काम गर्छन्, स्वतन्त्र प्रवृति हुँदैन ।

त्यसो भए भोक्तृत्व ती ती देवतामा होला जीवको न होला भन्नेमा उत्तर दिँदै सूत्रकार -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणवता शब्दात् ।१५।

इन्द्रियको अधिष्ठातृभाव देवतामा भए पनि कार्यकरण स्वामी शारीरआत्मासँगै सम्बन्ध इन्द्रियको हुन्छ भन्ने कुरा श्रुतिद्वारा नै निर्दिष्ट छ। त्यो चाक्षुष पुरुष दर्शनका लागि इत्यादि श्रुतिद्वारा त्यही कुरा बुझ्नुपर्छ। अतः भोक्ता जीव हो।

तस्य च नित्यत्वात् ।१६।

शारीर आत्मा नित्य छ, अर्थात् आध्यात्मिक पुण्यपापलेशका आधारमा जीवात्मा नै नियत भोक्ता हुन्छ, देवता हुँदैनन्। किन भने, सुखदुःखसम्वन्ध जहाँ हुन्छ त्यो भोक्ता हुन्छ। देवतामा सुखादिसम्वन्ध छैन, शरीरमैं छ। अतः शरीर भोक्ता हो।

इति ज्योतिराद्यधिकरणम्।

इन्द्रियाधिकरणम् ८

इन्द्रियभएमात्र तिनका अधिष्ठातृदेवताको हुन्छ चिन्ता, प्राणवृत्तिदेखि भिन्नरूपमा इन्द्रिय मान्नै पर्दैन। अतः प्राणवृत्ति नै एकादश इन्द्रिय हुन्, तत्त्वान्तर होइनन्, यस्तो आक्षेप समाधानार्थ प्रस्तुत अधिकरण हो–

त इन्द्रियाणि तद्व्यपदेशादन्यत्र श्रेष्ठात् ।१७।

एकादश इन्द्रिय मुख्यप्राणका वृत्तिभेद हुन् कि ? तत्त्वान्तर हुन् ? यो संशय छ। यसैका सबै रूप भएका हुन् यो अर्थवाला श्रुति अनुसार इन्द्रिय पनि प्राणशब्दबाट व्यवहृत हुने गरेकाले प्राणकै वृत्तिभेद इन्द्रिय हुन्। यो छ पूर्वपक्ष।

उत्तर छ- सिद्धान्तबाट वागादि इन्द्रिय प्राणभन्दा भिन्नै हुन्, प्राणवृत्ति होइनन्। किन ? उत्तर छ- 'तद्व्यपदेशात्'। व्यपदेश के छ ? श्रेष्ठलाई छोडेर बाँकी एघार इन्द्रिय रहन्छन्। श्रुतिको उक्ति त्यस्तै छ 'एतस्मात् इन्द्रियाणि च' यसैबाट प्राण इन्द्रिय र मन जन्मिन्छन् इत्यादि। प्राण भिन्नै इन्द्रिय भिन्नै रूपमा निर्दिष्ट छन् उक्त श्रुतिमा। अतः प्राणवृत्तिभन्दा तत्त्वान्तर इन्द्रिय हुन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्त्वान्तरमा अर्को हेतु-

भेदश्रुतेः ।१८।

सर्वत्र वागादि प्राणको हुन्छ श्रवण 'तिनले वाक्लाई भने' बाट उपक्रम गरेर बागादि सबै असुरद्वारा विध्वस्त भए भन्ने कुरा देखाउँदै उपसंहार गरेर 'यसपछि हेयसामान्य प्राणलाई भने' भनेर असुरविध्वंसीभन्दा अलग मुख्यप्राण को उपक्रम छ।

फेरि पनि तत्त्वान्तर हेतु–

वैलक्षण्याच्च ।१९।

मुख्यप्राणको विलक्षणता इन्द्रियमा छ, यसबाट पनि इन्द्रिय प्राणवृत्तिभन्दा अलग हुन् भन्ने मान्नुपर्छ।

वागादि इन्द्रिय सुते पनि मुख्यप्राण जागै बस्छ। त्यो एक मात्र मृत्युबाट जोगिएको छ, अरू जोगिएका छैनन्। यही हो वैलक्षण्य प्राण र इन्द्रियमा। 'यसैका सबै रूप हुन्' भन्ने जुन कुरा छ त्यो त उक्त वैलक्षण्य भएकाले तदनुसार वागादिको परिस्पन्द प्राणाधीन हो र प्राणरूप भएको हो भन्ने हिसाबबाट व्याख्या गर्नुपर्छ। अतः प्राणभन्दा अलग तत्त्व इन्द्रिय हुन् भन्ने सिद्ध छ।

इति इन्द्रियाधिकरणम्।

संज्ञामूर्तिक्लृप्त्यधिकरणम् ९

उत्पत्ति र उत्पादन दुई व्यापार हुन् क्रमशः उत्पद्यमान र उत्पादकमा रहन्छन्, तीमध्ये जगदुत्पत्तिश्रुतिविरोध बितेका दुई पाउबाट निरस्त भएको छ। अब उत्पादनश्रुतिविरोधको निरसन हुन्छ। त्यसमध्ये पनि भूतसूक्ष्मको उत्पत्ति परमेश्वरबाट नै हुने कुरा श्रुतिमा विवाद छैन। भौतिक अर्थात् स्थूलभूतको उत्पादनमा श्रुतिविप्रतिपत्ति देखिन्छ। त्यहीको निरासका लागि प्रस्तुत अधिकरण हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संज्ञामूर्तिलृप्तिस्तु त्रिवृत्कुर्वत उपदेशात् ।२०।

सूक्ष्मपञ्चभूत परमेश्वरबाट सृष्टि भइसकेपछि दृश्यमान भौतिक नामरूपात्मक जगत्को स्रष्टा जीवात्मा हो कि ? परमेश्वर हो ? संशय, जीव हो भन्छन् पूर्वपक्षवादी 'जीवरूपले प्रवेश गरेर नामरूपले व्याकृत गरे' श्रुतिद्वारा कर्तृत्वबोध जीवमा हुन्छ। अतः भौतिक सृष्टिकर्ता जीव हो।

सिद्धान्तमा त्यो मिल्दैन। 'तु' ले पक्षव्यावृत्त गरेको छ। संज्ञामूर्ति क्लृप्ति नामरूप व्याक्रिया हो, त्यो काम गर्ने परमेश्वर हो। किन हो परमेश्वर ? उत्तर छ– 'त्रिवृत्कुर्वत उपदेशात्'। छान्दोग्य श्रुति अनुसार त्रिवृत्प्रकरणमा निरपवाद कर्तृत्वस्थापना परमेश्वरमा छ। त्यसैले नामरूपव्याकृतिमा पनि त्यही कर्ता हो। गिरिनदीसमुद्रादि निर्माण र समुचित सन्निवेशशक्ति परमेश्वरमा छ त ?

यस्तो शङ्का हुन सक्तैन, ईश्वर सर्वशक्तियुत छ, 'परा शक्ति विविधा छ भन्ने सुनिन्छ' श्रुतिसिद्ध पनि हुँदै हो उक्त कुरा। पुनरपि 'ती देवताले ईक्षण गरे' बाट 'उपक्रमित प्रसङ्ग व्याकृत गर्छु' यस्तो उत्तमपुरुषप्रयोग परमेश्वरपक्षमा समञ्जस छ। बाह्यत्रिवृत्करण - निरूपण लगत्तै आध्यात्मिकत्रिवृत्करण प्रमाणरूपमा उपस्थापन गर्दै उत्तरसूत्रसङ्गति प्रदर्शन भएको छ।

मांसादि भौमं यथाशब्दमितरयोश्च ।२१।

उत्तरसूत्रशेषरूपमा विषयप्रदर्शनमुखेन भाष्यकारले यो सूत्रको व्याख्या गरेका छन्। त्रिवृत्करण भएको भूमिबाट धान, जौ आदि अन्न उब्जन्छन्। ती अन्न नारी, पुरुष सबैले खान्छन्। त्यसबाट रसरक्तादिक्रमले मांस आदि कार्य हुन्छन्। तिनैलाई सङ्ग्रह गर्न भौम भनिए को हो। त्यो कार्य यथाशब्द अर्थात् श्रुतिद्वारा नै निश्चित भएको छ। खाएको अन्नको तीन भाग हुन्छ, स्थूल भाग विष्टा, मध्यभाग मांस र सूक्ष्म भाग मन यसरूपमा यही रीतिले जल र तेजको कार्य पनि बुझ्नु पर्छ। अर्थात् मूत्र, लोहित र प्राण जलको कार्य, अस्थि मज्जा र वाक् तेजका कार्य हुन्।

त्रिवृत्करण पछि सबै सबै हुन सक्छन्। अनि केको लागि यो पृथिवी, यो जल, यो तेज भन्नु पर्ने ? त्यस्तै अध्यात्ममा पुरीष, मांस, मन, मूत्र, लोहित प्राण र अस्थि, मज्जा, वाक् तीन तीन भागमा व्यवहार किन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैशेष्यात्तु तद्वादस्तद्वादः ।२२।

'तु' शब्दले उत्थापित दोषको अपवाद भएको छ। विशेषको भाव यहाँ वैशेष्य हो, धेरै भन्ने अर्थ बुझाउन प्रयुक्त हो। त्रिवृत्करण भएर नै स्थूलभूतको हुन्छ सृष्टि अर्थात् अभिव्यक्ति, धेरैका आधारमा ती ती व्यवहार हुन्छन्। अग्निमा तेजोभूयस्त्व छ, जलमा जलभूयस्त्व छ, पृथिवीमा पृथिवीभूयस्त्व छ, जहाँ जुन धेरै छ, त्यसलाई त्यही भनिन्छ। यी पृथिवी हुन्, यो जल हो, यो तेज हो यस्ता प्रतीतिनियामकता भूयस्त्वमा रहन्छन् भन्ने मानिएको छ।

त्रिवृत्करणबाट पञ्चीकरण पनि बुझ्नुपर्छ। वियदधिकरणमा तैत्तिरीयकश्रुतिबाट उपक्रमित छ। सूत्रभाष्यकारको अभिप्राय पञ्चीकरणमा रहेको तथ्य उक्त उपक्रम हो। केवल छान्दोग्यबाट त्रिवृत्करणको ग्रहण भएको छ। केको लागि त्यसो भएको त भने नामरूपव्याकृतिमा कारण अविद्योपाधिक प्रत्येक ईश्वरकर्तृत्वप्रतिपादनका लागि। आकाश र वायु न भई व्यवहार हुँदैन, यो वाध्यता पनि पञ्चीकरणको उपपादक हो पञ्चीकरण भएका आकाश वायुमा आकाश र वायुकै भूयस्त्व छ। महत्व र चक्षुसम्वन्ध रहेपनि आकाश र वायुको चाक्षुष प्रत्यक्ष हुँदैन। किन भने त्यहाँ रूपवत्त्व र महत्व अनुद्भूत छन्। कुनै पनि वादीको मतमा आकाश को चाक्षुष ज्ञान हुँदैन। पञ्चीकृत पञ्च महाभूत सबै विराट् हो भन्ने शास्त्रविद् को मान्यता छ। यस आधारले पनि पञ्चीकरण मान्नै पर्छ।

'तद्वादस्तद्वादः' यो पदाभ्यास अध्यायपरिसमाप्तिको सूचक हो।

इति संज्ञामूर्ति क्लृप्ति अधिकरणम्।

लिङ्गशरीर- श्रुतिको विरोध परिहार गर्ने चौथो पाद सकियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीय अध्याय
साधनम्
प्रथमपाद

ब्रह्मसूत्र शाङ्करभाष्यानुसारी विवरण–

श्रुतिस्मृतिन्याय विरोध निरासपूर्वक निरपवाद ब्रह्ममा समन्वय सिद्ध भएको छ। तदनन्तर साधनचिन्ता प्रसङ्गागत, छ अतः हेतुहेतुभद्भाव सङ्गति यहाँ रहेको छ। जीवको उपकरणभूत भौतिक- जन्मनिरूपण पछि तदुपहित जीवको संसारप्रकार यहाँ निरूपित हुन्छ। प्रसङ्गतः प्राप्त हुने अवान्तर विषय यथास्थानमा आउने छन्।

तदन्तरप्रतिपत्ति अधिकरणम् १

उपकरणोपहित जीवको संसारमा गति र अगति हुन्छ, यो गतिप्रदर्शन हो।

तदन्तरप्रतिपत्तौ रंहति सम्परिष्वक्तः प्रश्ननिरूपणाभ्याम् ।१।

प्रथमपादमा पञ्चाग्नि विद्याका आधारमा वैराग्यसाधनको चिन्ता छ। अब यो अधिकरणगत विषय छ। 'यी प्राण जान्छन्' बाट आरम्भ गरी अर्को कल्याणतररूप बनाउँछ सम्म संसारप्रकरणका श्रुतिबाट प्राणसहित जीवात्मा जान्छ। मन र इन्द्रियसँगै हुन्छन्, विद्या र कर्मले पनि सहायता गर्छन्। त्यो स्थितिमा जीव शरीरान्तरमा जान्छ भन्ने बुझिन्छ।

अब संशय उठछ भूतसूक्ष्मले परिष्वक्तकै भावमा जान्छ कि अपरिष्वक्तभावमा 'स एताः' बाट करणोपादान भएझैं भूतोपादान श्रुत छैन। अतः अपरिष्वक्तजीव जान्छ भन्ने पूर्वपक्ष छ।

सिद्धान्तमा उत्तर-तदन्तरप्रतिपत्तौ, यो देहबाट देहान्तरमा देहबीजभूत भूतसूक्ष्मले सम्परिष्वक्तकै भावमा जान्छ। किन त्यसरी जान्छ ? उत्तर- 'प्रश्ननिरूपणाभ्याम्'। प्रश्न छ तिमीलाई थाहा छ पाँचौं आहुतिको जल कसरी पुरुष भनिन्छ ? त्यसको निरूपण अर्थात् प्रतिवचन छ। यही त हो पाँचौं आहुतिमा अप् पुरुष भनिएको। अतः भूतसूक्ष्मले परिवेष्टित जीव

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रंहति जान्छ भन्ने सिद्ध छ। यस बारेका मतान्तरश्रुति अनुकूल नहुनाले अग्राह्य छन्।

गतप्रसङ्गमा अप्शब्दको श्रवण छ। त्यो स्थितिमा भूतसामान्यले परिवेष्टित जान्छ भन्ने कसरी सिद्ध हुन्छ ? अतः उत्तर–

त्र्यात्मकत्वात्तु भूयस्त्वात् ।२।

सौत्र 'तु' शब्दले उठेको आशङ्काको उच्छेद गरेको छ। तेज जल र अन्न कार्यभूत शरीरमा उपलब्ध छ। त्यसैले त्र्यात्मक भनिएको हो। अप पनि त्रिवृत्करणश्रुति अनुसार त्र्यात्मकै हो। तीन स्वीकृत भएपछि बाँकी दुई पनि त्यहाँ मान्नुपर्ने हुन्छ, अप्बाहुल्यले अपशब्द प्रयोग भएको हो।

प्राणगतेश्च ।३।

त्यो उत्क्रमित हुँदा प्राणको अनूत्क्रमण हुन्छ अनि सबै प्राणकै पछि लाग्छन् इत्यादि श्रुतिमा प्राणको गति श्रवण छ। तिनको गति आश्रय वेगर हुन सक्तैन, अतः भूतसूक्ष्माश्रित प्राणकै गति हो भन्ने बुझ्नुपर्छ।

अग्न्यादिगतिश्रुतेरिति चेन्न भाक्तत्वात् ।४।

मृतपुरुषको वाक् अग्निमा जान्छ, इत्यादि श्रुतिमा प्राणादिको अग्निमा गतिश्रवण छ। अतः देहान्तरमा जाँदा जीवका साथ इन्द्रिय जाँदैनन् भन्ने पक्ष छ, त्यो अयुक्त हो।

त्यो प्रयोग भाक्त = औपचारिक हो। लोम ओषधिमा, केश वनस्पतिमा भने जस्तै अग्निको कुरा पनि हो, उपचारप्रायःमा आएकाले उपचारै प्रयोग हो। प्रयाणकालमा वागादिको प्रयोजन रहँदैन। त्यही हिसाबले वागादिको अग्न्यादिगमनको प्रसङ्ग आएको हो।

भूतान्तरगतजलगतिबारे चर्चा भइसकेको छ, ती पुरुष किन भनिन्छन् भन्ने कुरा आक्षेपपूर्वक समाधान सूत्रबाट–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रथमेऽश्रवणादिति चेन्न ता एव ह्युपपत्तेः ।५।

श्रद्धा, सोम, वृष्टि, अन्नरेतोरूप होमद्रव्य, होमाधार अग्नि, द्युलोक, पर्जन्य, पृथिवी, पुरुष, योषित् र अग्नि मध्ये प्रथम अग्निमा देवताले श्रद्धाहोम गर्छन् भनेर श्रद्धा होमद्रव्यमा लिइएको छ । चित्तप्रसादरूप श्रद्धा होमको उपयोगी द्रव्य होइन, सोमादिमा त जलवाहुल्य रहन्छ । यस हेतु अप्शव्दको उपपत्ति हुनसक्ला तर श्रद्धामा त कुनै स्थितिमा पनि उपपत्ति छैन । त्यसैले अप् परिवेष्टित जान्छ भन्नु ठीक होइन ।

यसको उत्तर दिन्छन् 'न' होइन । 'ता एव' अप्नै श्रद्धाशव्दले भनिएको छ । कसरी भनिएको छ ? उत्तर छ 'उपपत्तेः' । आदि, मध्य र अवसान सङ्गति मिलाउँदा उक्त आकुलता देखिँदैन । अतः त्यो भनाइ अनाकुल छ, तरलभावका जल श्रद्धा जस्तै हुन् त्यसैले श्रद्धाशव्दले भनिएका हुन् । 'श्रद्धा वा आप :' इत्यादि तैत्तिरीयप्रयोगका आधारमा जलमा श्रद्धाशव्द उपपन्न छ ।

आद्यसूत्रमा 'जलपरिवेष्टित जीव जान्छ' भन्ने प्रतिज्ञा छ । त्यो ठीक होइन भन्दै परिहारमा सूत्र-

अश्रुतत्वादिति चेन्नेष्टादिकारिणां प्रतीतेः ।६।

पञ्चमी आहुतिमा जल पुरुषाकार होओस्, जल जस्तै जीवको गमन-प्रतिपादन अश्रुत छ । त्यसैले जलवेष्टित जीवको रंहति हुन्छ भन्नु ठीक छैन । यसरी उठेका कुराको प्रत्याख्यान गर्ने सूत्रांश-

'इष्टादिकारिणां प्रतीतेः' । ग्राममा जसले इष्टापूर्त गर्छबाट उपक्रमित आकाशबाट चन्द्रमा पुग्ने कुरा गर्दै 'यो सोमराजा हो' मा उपसंहृत प्रसङ्ग नै यहाँ पनि हो । 'त्यही यो अग्निमा देवता श्रद्धा होम गर्छन् त्यो आहुतिबाट सोमराजा हुन्छ' यो श्रुतिसामान्यबाट उक्त कुरा सिद्ध छ । अतः आहुतिमयजलबाट परिवेष्टित जीव स्वकर्मफलभोगका लागि सोमलोक जान्छ ।

'यो सोमराजा हो, देवताको अन्न हो त्यसलाई देवता खान्छन्' 'तिनीहरू चन्द्रमामा पुगेपछि अन्न हुन्छन्' इत्यादि श्रुतिअनुसार धूम प्रतीकबाटोबाट स्वार्जितपुण्यफल भोगका लागि चन्द्रमा चढेका इष्टादिकारी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाघले वाखा खाए झैं खाइने भए, अनि के हुन्छ फलभोग ? अर्थात् नहुने नै भयो । यो समस्यासमाधानमा सूत्र-

भाक्तं वाऽनात्मवित्त्वात् तथाहि दर्शयति ।७

सूत्रको 'वा' शब्द उक्त आशङ्का निरासार्थ हो । अन्नको कुरा भाक्त हो । मुख्य होइन, मुख्य नै भए त स्वर्गकामीले यज्ञ गरोस् भन्ने श्रुतिको उपरोध होला । चन्द्रमण्डलमा इष्टादिकारी खाइने हुन् भने त आयासपूर्वक कर्म गरेर त्यहाँ पुग्नु नै अनर्थ हुनेछ । राजाका अन्न वैश्य हुन् इत्यादि अनन्नमा पनि अन्नशब्द उपचरित भएको देखिएको छ । त्यसकारण, पुत्रादि जस्तै गुणभावमा पुग्दा तिनका माध्यमले देवताको सुखविहार हुन्छ, यही अर्थमा देवताको अन्न देवताले खान्छन् भनिएको हो । लडडू, रोटी आदि खाद्य वस्तु चपाए झैं चपाउँछन् भनिएको होइन । त्यसैले त देवता खाँदैनन्, पिउँदैनन् भन्ने श्रुतिवाक्य अन्वित छ ।

इष्टादिकारी अनात्मंवित् हुन् । ती त देवताका अन्न अर्थात् नोकर हुन्छन् । त्यस्तै देखाइएको पनि छ जो देवता अर्कै हो भनेर उपासना गर्छ, यो अर्कै हो, मँ अर्कै हूँ भन्ने ठान्छ, त्यसले केही बुझ्नेन, पशुजस्तै हो, त्यही देवताको भोग्य हो इत्यादि ।

इति तदन्तरप्रतिपत्ति अधिकरणम् ।

कृतात्ययाधिकरणम्- २

जलपरिवेष्टित जीवगतिसम्वन्धी चर्चा भएको छ । अब स्वर्गवाट ओर्लनेको आगतिचर्चा प्रस्तुत छ–

कृतात्ययेऽनुशयवान्दृष्टस्मृतिभ्यां यथेतमनेवञ्च ।८।

इष्टादिकर्मप्रभावले फलभोगका लागि चन्द्रमा पुगेकाको फेरि अवरोह- श्रवण छ– यही वाटो फेरि फर्कन्छ, जुन वाटो गएको थियो । यो हो विषय ।

संशय छ- कर्मफल पूरै भोग गरेर फर्कन्छन् कि सानुशय फर्कन्छन् । यो लोकवाट फलभोगका निम्ति अर्को लोकमा जानु सम्पात हो, सम्पात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्नाले कर्माशय बुझिन्छ। 'यावत्' विशेषण सम्पातमा छ, त्यसैले कर्मफलभोग सकेर निरनुशय फर्कन्छन् यो हो पूर्वपक्ष।

सिद्धान्तबाट उत्तर छ- 'कृतात्यये' गरिसकेको इष्टादिकर्म त्यसको फलोपभोग गरिसकेपछि सानुशय नै फर्किन्छन्। किन त्यसरी फर्किन्छन् ? उत्तर छ- दृष्टस्मृतिभ्याम् राम्रो आचरणका राम्रो योनिमा जान्छन्, इत्यादि प्रत्यक्षश्रुति दृष्टशव्दले बुझिन्छ। स्मृतिशव्दले वर्ण र आश्रमका व्यक्ति स्वकार्यनिष्ठ भए मृत्युपछि राम्रो फल भोग गर्छन् इत्यादि बुझिन्छन्। अनुशय शब्द पनि स्वर्गादिलोकमा कर्मफलभोग गरेपछि बाँकी यहीं लोकको कर्मफल वुझाउँछ, पहिले गरेको कर्म- फल- भोग स्वर्गमा बाँकी छ भन्ने बुझाउँदैन। यावत्सम्पातश्रुति पनि इष्टादि कृतकर्मको फल स्वर्गादिमैं हुन्छ भन्ने सङ्कुचितवृत्तिबाट बुझ्नुपर्छ। जति सम्पात होलान्, जति प्राणीका सम्पात होलान्, इष्टादिकारिका ती सम्पात भोगद्वारा क्षीण हुन सक्तैनन्। एकको सम्पात अर्कोले भोगगर्ने स्थितिमा अतिप्रसङ्ग दोष आउँछ। अशेष भुक्त कर्माशयको चन्द्रमण्डलभोगले क्षय हुँदैन। अतः सिद्ध छ अनुशयी नै फर्कन्छन्।

कुन वाटो ओर्लन्छन् त ? जुनवाटो गएका थिए त्यही बाटो। अनेवम् त्यसको विपरीतवाटोबाट पनि ओर्लन सक्छन् ओर्लदा धूम र आकाशको सङ्कीर्तन छ त्यसैले वाटो भन्ने आउँछ। रात्रि आदिको सङ्कीर्तन छैन मेघादि को गणना छ, यसबाट 'अनेवम्' अर्को वाटो भन्ने बुझ्नु नै पर्छ।

अव श्रुतिघटक चरणशब्दको स्पष्टीकरण सूत्रैबाट-

चरणादिति चेन्नोपलक्षणार्थेति कार्ष्णाजिनिः ।९।

रमणीयचरणका ब्राह्मणादि रमणीययोनिमा जान्छन् इत्यादि श्रुतिको चरणशब्द आचारबोधक हो र कर्मानुशयबोधक होइन भन्ने पक्षको उत्तर–चरणश्रुति को अर्थ अनुशयमा पुग्छ। कसरी पुग्छ ? सर्वभूतमा अद्रोह, त्यो पनि कर्म, मन र वचनबाट, अनुग्रह र शास्त्रार्थज्ञान यी समष्टिलाई शील भनिन्छ। उक्त शील सबै कर्मको अङ्ग हो। तद्बोधक चरण पद हो, त्यही नै अङ्गी श्रौतादिकर्मको लक्षक हो, कर्मकै उत्तरावस्था धर्माधर्म भनिन्छ। अपूर्व भनिन्छ, कर्मलक्षणया तत् अभिन्न अपूर्व भनिने अनुशयको हुन्छ सिद्धि। अतः अनुशय उपलक्षणार्था चरणश्रुति हो भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्ष्णाजिनि आर्चायको मान्यता छ। यसबाट सानुशयकै अवरोहण भन्ने सिद्ध छ।
कार्ष्णाजिनि मान्यतामा शङ्कासमाधान-

आनर्थक्यमिति चेन्न तदपेक्षत्वात् ।१०।

शीलबाची चरणशव्द हो। त्यसलाई लक्षणया अनुशयवाची हो किन भन्ने ? साधु र असाधुरूप शील नै योनिमा जाने कारण मान्नु उचित हो नत्र त शील अनर्थक नै होला, यो शङ्काको समाधान-

'तदपेक्षत्वात्' 'आचारहीनलाई वेदले चोख्याँउदैनन्' इत्यादि न्यायद्वारा इष्टादिकर्म गर्नेका लागि पनि शीलको अपेक्षा रहन्छ। अतः शील अनर्थक होइन। पुनरपि- कर्म सर्वार्थकारी हो भन्ने श्रुतिस्मृति प्रसिद्ध छ, त्यसकारण, कर्म नै शीलोपलक्षित अनुशय हुन्छ, यो न्यायापत्तिमा कारण त्यही हो, कार्ष्णाजिनि आचार्य यही मान्यतामा स्थिर छन्। कर्मको अभावमा शीलवाट योनिमा जाने कुरा मिल्दैन। त्यो त गोडाले हिँड्न नसक्ने मान्छे घुँडाले हिँड्छ भने जस्तै हुन्छ। अतः कार्ष्णाजिनिको मत उपयुक्त छ।

लक्षणाद्वारा अर्थ वुझ्नु पर्दैन साक्षात् नै वुझ्ने पुग्छ भन्ने बादरिआचार्यको मुख्य सिद्धान्त-

सुकृतदृष्कृते एवेति तु बादरिः ।११।

चरणशब्द सुकृतवाची हो भन्छन् बादरिआर्चाय। चरणम् अनुष्ठानम् वा कर्म हो। त्यसैले त इष्टादिकर्म गर्नेलाई लौकिक व्यक्ति धर्म गरेको भन्छ। आचार पनि धर्मविशेष हो, कर्म र चरणभेदेन प्रयोग त ब्राह्मणपरिव्राजकन्यायबाट मान्न सकिन्छ। अतः रमणीयचरण प्रशस्तकर्म हो कपूयचरण निन्दित कर्म हो, यही छ निर्णय।

इति कृतात्ययाधिकरणम्।

अनिष्टादिकार्यधिकरणम् ३

पुण्यात्माको गति आगति चिन्ताबाट वैराग्यनिरूपण भएको छ। अव पापीको त्यही चिन्ताद्वारा वैराग्यनिरूपण हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनिष्टादिकारिणामपि च श्रुतम् ।१२।

इष्टकारी जस्तै अनिष्टकारी चन्द्रमामा पुग्छ कि ? पुग्दैन ? यो छ संशय। इष्टादिकारी मात्र चन्द्रमण्डलमा जान्छन् भन्ने कुरा छैन। यो लोकवाट जो जान्छ चन्द्रमण्डलमैं जान्छ भन्ने अविशेषेण श्रवण छ। यसवाट अनिष्टकारी पनि चन्द्रमण्डल जान्छ भन्ने सिद्ध छ। यो पूर्वपक्ष हो।

अव सिद्धान्तसूत्रवाट उत्तर-

संयमन त्वनुभूयेतरेषामारोहावरोहौ तद्गतिदर्शनात् ।१३।

'तु' शव्दवाट पक्षव्यावर्तन भएको छ। इष्टकारी जस्तो अनिष्टकारी चन्द्रमण्डल जाँदैनन् तिनको त्यहाँ भोग हुँदैन। अनिष्टकारी त संयमन अर्थात् यमालय जान्छन्। आफ्नो कर्मानुरूप फल भोग्छन्। यमयातना सहन्छन्। फेरि यसलोकमा ओर्लन्छन्। किन त्यस्तो छ ? उत्तर 'तद्गतिदर्शनात्' पापीजन यमराजका वध्य हुन्छन् भन्ने श्रुति छ- धनलोभले प्रमादी मान्छे दृष्कृती हो, मूढ हो, उसको परलोक छ भन्ने दृष्टि हुँदैन, त्यस्ता प्राणी मानी हुन्। पटक-पटक मेरो वंशमा पर्छन् इत्यादि नचिकेताका लागि यमको उक्ति। यस्ता अनेक यमवश्यता प्राप्तिका हेतु छन्।

स्मरन्ति च ।१४।

मनु, व्यास आदि शिष्ट संयमनात्मक यमपुरमा दृष्कृतीको कर्मविपाकनिमित्तक यातना निरूपण गर्छन् नचिकेतोपाख्यान आदिमा।

अपि च सप्त ।१५।

फेरि पनि दृष्कृतफलभोगभूमिका रूपमा रौरवादि सात नरकको स्मरण पौराणिक ले गरेका छन्। ती नरकमा अनिष्टकारी कसरी पुग्छन् ? त्यस्ता अनिष्टकारी कसरी पुग्लान् चन्द्रमण्डलमा ? अर्थात् पुग्दैनन् भन्ने अभिप्राय हो। पापीका यातना यमका अधीन छैनन्। चित्रगुप्त आदिको पनि त अधिष्ठातृत्व त्यहाँ छ भन्ने कुरा होइन सूत्रैबाट-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्रापि तद्व्यापारादविरोधः ।१६।

उक्त सातै यातनाभूमिरूपनरकका अधिष्ठाता यमराज नै हुन्। अधिष्ठातृत्व- विरोध यहाँ छैन, चित्रगुप्त आदि त यमराजकै कार्यकर्ता हुन्, यमले अह्राएकै काम गर्छन्। मार्गद्वयभ्रष्टका लागि तृतीयस्थानको कुरा छ। यसबाट समेत अनिष्टकारी चन्द्रमण्डलमा जाँदैनन् भन्ने बोध हुन्छ, सूत्र-

विद्याकर्मणोरिति तु प्रकृतत्वात् ।१७।

पञ्चाग्निविद्यामा "तिमीलाई थाहा छ त्यो लोक किन भरिँदैन ?' यस प्रश्नको उत्तरका वेला दुई मार्गमध्ये कुनैबाट जो जाँन्दैनन्, तिनीहरू क्षुद्र हुन् बारम्बार यहीं घुम्ने गर्छन् भनिएको छ। दुईमार्ग भन्नाले विद्या र कर्म दुई बुझ्नु पर्छ। किन दुवै मार्गबाट जाँदैनन् त ? उत्तर छ- 'प्रकृतत्वात्'।

विद्या-साधनाबाट देवयानमार्गमा अधिकार नभएका र कर्मसाधनाले पितृयाणमार्गमा अधिकार नभएकाहरू क्षुद्रजन्तु हुन्। धेरै पटक आउने जाने गर्ने त्यस्ताका लागि तेस्रोबाटो छ। यसबाट पनि अनिष्टकारीले चन्द्रमा प्राप्त गर्दैनन् भन्ने बुझिन्छ। परलोक किन भरिँदैन ? भन्ने प्रश्नको उत्तर हो, फर्किन्छन् त्यसैले भरिँदैन, तर यो श्रुतिसिद्ध कुरा होइन, श्रुति त तृतीयस्थानसङ्कीर्तनद्वारा नभरिने कुरा देखाउँछ। यो तेस्रो स्थान छ त्यसैले त्यो लोक भरिँदैन यसप्रकार। त्यसकारण, अनिष्टकारीको आरोहण हुँदैन त्यसैले त्यो लोक भरिँदैन। यही भन्नु उपयुक्त छ। नत्र त अवरोह इष्टादिकारीको पनि हुन्छ। यस आधारमा नभरिएको कुरा गर्दा त तृतीयस्थान -सङ्कीर्तन निरर्थक होला।

देहलाभका लागि अनिष्टकारी पनि त चन्द्रमण्डलमा जानु पर्ला, 'पाचौं आहुतिमा' यसरी आहुति सङ्ख्यानियम देखिन्छ । त्यसवारे–

न तृतीये तथोपलब्धेः ।१८।

तृतीयस्थानमा देहलाभका लागि पाँचआहुतिको नियम लाग्दैन। किन ? उत्तर -'तथोपलब्धेः' जन्ममरण यही हो तेस्रोस्थान। पाँचौ आहुतिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुरुष भनिन्छ। यो त मनुष्यशरीराभिप्रायेण हो कीरा फट्याङ्ग्राका हिसावले होइन, मनुष्याभिप्रायेण पुरुषशब्द प्रयोग हुन्छ।

पुनश्च- पञ्चमीआहुतिमा जल पुरुष हुन्छ भन्ने उपदेश हो, पाँच आहुति नभए पुरुष हुँदैन भन्ने प्रतिषेध होइन। त्यस्तो अर्थ वैयर्थ्यदोष प्रसक्त हुन्छ। जसको आरोह र अवरोह हुन्छ, त्यस्तो पाँच आहुतिमा पुरुष हुन्छ। अरूको आहुति सङ्ख्याविना नै भूतान्तरोपसृष्ट जलबाट शरीरारम्भ हुन्छ।

आहुति- सङ्ख्यामा नियम नभएको कुरामा स्मृति -

स्मर्यतेऽपि च लोके ।१९।

स्मरण गर्छन् ऋषिहरू लोकमा द्रोण, घृष्टद्युम्न आदि तथा सीता, द्रौपदी आदि अयोनिज हुन् भनेर। द्रोणको योषित् आहुति छैन, द्रौपदी घृष्टद्युम्नको योषित् र पुरुष दुई आहुति छैनन्। जसरी त्यहाँ आहुति सङ्ख्या आदर छैन। त्यसैगरी अन्यत्र पनि हुन सक्छ। वलाका पनि रेतःसेक विना नै गर्भधारण गर्छे भन्ने लोकरूढि छ।

दर्शानाच्च ।२०।

चार किसिमका भूतग्राम छन्, ती जरायुज, अण्डज, स्वेदज र उभिद्ज्ज हुन्। ती मध्ये स्वेदज र उभिद्ज्जको ग्राम्यधर्म विना नै उत्पत्ति देखिएकाले आहुति सङ्ख्यामा आदर चाहिँदैन। यस्तै अन्यत्र पनि हुनसक्छ।

अण्डज, जीवज र उद्भिज्ज गरी तीन किसिमका बीजचर्चा श्रुतिमा छ, अब कसरी भूतग्राम चार भनेर प्रतिज्ञा भयो ? यसको उत्तर-

तृतीयशब्दावरोधः संशोकजस्य ।२१।

उपर्युक्त चारभूतग्राम मध्ये तेस्रो उभिद्ज्जशब्दबाट स्वेदजको पनि सङ्ग्रह भएको छ। स्वेदज र उभिदज्ज दुवै भूमि र उदकभेदनबाट हुने हुन् अतः तुल्य छन्। स्थावरोद्भेदभन्दा जङ्गमोद्भेद विलक्षण छ , यस आधारमा स्वेदज र उद्भिज्जभेदवाद चलेको हो।

इति अनिष्टकारि अधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साभाव्यापत्यधिकरणम् ४

इष्टादिकारीको अवरोहमा के विशेषता छ ? त्यसवारेको अधिकरण –

साभाव्यापत्तिरुपपत्तेः ।२२।

इष्टादिकर्म गर्ने चन्द्रमण्डलमा पुग्छन्, तिनको अवरोह हुन्छ। त्यो कसरी हुन्छ ? किन हुन्छ ? यस सम्वन्धी परीक्षणमा सूत्र हो।

'यही बाटो फेरि फर्कन्छन्, पहिले आकाश त्यहाँवाट वायु अनि धूम हुन्छन्' यो छ विषय। त्यहाँ संशय छ- ओर्लनेक्रममा आकाशादिस्वरूपै हुन्छन् आकाशसम हुन्छन्।

पूर्वपक्ष उत्थान-'वायुर्भूत्वा' इत्यादि वाक्यबाट तादात्म्य स्पष्ट छ, त्यस आधारमा 'आकाशम्' यो पनि तादात्म्यवोधक हो भन्नेमा केही बाधा छैन। अतः आकाशादिस्वरूप प्रतिपत्ति (तादाम्य) - परक हो, यसरी गर्छन्।

उत्तर सिद्धान्तमुखेन 'साभाव्यापत्तिः' = समानभाव समानरूप त्यसको भाव गर्दा साभाव्य भएको हो। अर्थात् सारूप्य वा सादृश्य हो। तदापत्तिःसाभाव्यापत्तिः। कसरी अर्थ हुन्छ ? उत्तर 'उपपत्तेः' यो तर्कसिद्ध छ कि अर्कोवस्तु अर्को भावमा जाँदैन, अर्कोभाव मुख्य हुँदैन।

आकाशदिस्वरूप हुने हो भने वायुआदि क्रमवाट ओर्लन्छन् भन्न मिल्दैन। आकाश विभु हुनाले परिच्छिन्नको सम्वन्ध आकाशमा हुन्छ। त्यो सधैं नै भइरहन्छ। अव आकाशस्वरूप नै हुने स्थितिमा त अन्यसम्वन्ध घट्तैनन्। जव श्रुतिको यथाश्रुतअर्थमा सङ्गति मिल्दैन अनि लक्षणावाट अर्थ मिलाउनु न्यायसङ्गत हुन्छ। अतः आकाशादि भावको अर्थ आकाशतुल्य भन्ने सिद्ध हुन्छ।

इति साभाव्यापत्ति अधिकरणम्।

नातिचिराधिकरणम् ५

पूर्वपूर्वसादृश्य उत्तरोत्तरमा अविलम्वेन हुन्छ भन्नेमा अधिकरणगत सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नातिचिरेण विशेषात् ।२३।

आकाशादिभावमा पुगेपछि व्रीह्यादिभाव नहुँदै बीचको अवस्था यहाँ विषय हो। यसैमा संशय- धेरै कालसम्म पूर्वसादृश्यमा बसेर उत्तरसादृश्यमा जान्छ कि ? अथवा थोरै थोरै काल पूर्वसादृश्यमा बसेर उत्तरसादृश्यमा जान्छ। त्यसमा नियम छैन। किन भने नियमकारिशास्त्र यहाँ छैन, यो हो पूर्वपक्षप्रस्तुति।

उत्तर सिद्धान्तवाट- 'नातिचिरेण' थोरै थोरै काल आकाशादिभावमा बसेर, वर्षाको धारासँगै यो लोकमा आइपुग्छ। यो कुरा कसरी ? उत्तर 'विशेषदर्शनात्'। व्रीह्यादिभावमा आएपछि विशेष कुरा गर्छन् 'अतो वै खलु दुर्निष्प्रपतरम्' वैदिक प्रक्रियामा एक तकार लुप्त छ। अर्थात् दुर्निष्प्रपततरम् व्रीह्यादि भावबाट निष्क्रमण हुन थोरै धेरैभन्दा धेरै गाह्रो छ। यहाँ गाह्रो देखाएर योभन्दा पहिले सुखनिष्प्रपतनसङ्केत गरेको छ। निष्प्रपतनगत सुखदुःखको कुरा धेरै र थोरै काल निमित्तक हो। जहाँ शरीर निष्पत्ति हुँदैन त्यहाँ भोग हुँदैन, व्रीह्यादिभावमा शरीर निष्पत्ति नहुँदा भोग हुँदैन। भोगाधिकारीको अशरीरता ठूलो दुःख हो भने सशरीरता तदपेक्षया सुख हो। अतः व्रीह्यादिभावापत्तिपूर्व थोरै कालमात्रै अवरोह हुन्छ।

इति नातिचिराधिकरणम्।

अन्याधिष्ठिताधिकरणम् ६

अवरोहवाक्यको अवशिष्ट वाक्यैकदेशविचारार्थ अधिकरणगतसूत्र हो।

अन्याधिष्ठिते पूर्ववदभिलापात् ।२४।

अवरोहवाक्यमा प्रवर्षण लगत्तै, तिनीहरू यहाँ धान, जौ, औषधि, वनस्पत्ति र तिलमाष आदिको रूपमा जन्मिन्छन् श्रुति यस्तो छ। विषय यही हो।

त्यस अवधिमा स्थावरजात्यापन्न अनुशयी स्थावरकै सुखदुःखभागी हुन्छन् कि ? अथवा क्षेत्रज्ञान्तरअधिष्ठित स्थावरशरीरमा संश्लेषमात्रमा रहन्छन् ? यो हो संशय। के प्राप्त भयो त ?

स्थावरजात्यापन्न अनुशयी जीव स्थावरकै सुख- दुःखभागी हुन्छन्। किन हुन्छन् ? 'जायन्ते' यो जनिधातु छ, त्यसको मुख्यार्थता यहाँ छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुतिस्मृति सबै शास्त्र स्थावर पनि भोगस्थान हो भन्छन्। यही प्राप्त भयो भन्छन् पूर्ववादी।

सिद्धान्तवादमा त्यो अर्थ प्राप्त छैन। अन्यजीवले अधिष्ठित ब्रीह्यादिमा अनुशयी जीवको संश्लेषमात्र छ। त्यसैले स्थावरगतसुखप्राप्ति वा भोग अनुशयीमा हुँदैन। पूर्ववत्- जसरी वायु धूमादिभावमा अनुशयीको संश्लेष मात्र छ त्यस्तै यहाँ पनि संसर्गमात्र हो। जनि यहाँ मुख्यार्थमा छैन उपभोगस्थानत्व पनि स्थावरमा छैन। हामीले यहाँ स्थावरमा उपभोगस्थानता प्रत्याख्यान गरेका होइनौं। यो प्रकरण चन्द्रमण्डलबाट अवरोहण गर्नेको हो। प्रकरणानुसारी अर्थ हुनुपर्छ। स्थावर उपभोगस्थानै होइन भनिएको होइन। अपुण्यसामर्थ्यले स्थावरभावमा पुगेकाहरूको उपभोगस्थान स्थावर हुन्छ, तर, चन्द्रमण्डलबाट अवरोहण गर्ने अनुशायीको उपभोगस्थान स्थावर हुँदैन भन्ने अर्थ प्राप्त छ।
परमतको अनुवाद गर्दै निरसन गर्ने सूत्र-

अशुद्धमिति चेन्न शब्दात् ।२५।

पशुहिंसासम्बन्धले इष्टादिआध्वरिक कर्म अशुद्ध हुन्। तत्फलभोगका लागि इष्टादिकारी स्थावरभावमा जान्छन् भन्ने कुरा छ। त्यसको प्रत्याख्यान गर्दै सूत्रकार भन्छन् 'न', त्यो कुरा होइन।

किन होइन ? उत्तर छ शब्दात् शब्द यहाँ शास्त्र हो। धर्माधर्मविज्ञानको हेतु शास्त्र हो, यो धर्म हो यो अधर्म हो भन्ने विज्ञानमा कारण शास्त्र नै हो। धर्माधर्म अतीन्द्रिय हुन्। अनियतदेशकाल निमित्तत्व तिनमा छ। जुन देशकालनिमित्तमा जुन अनुष्ठान धर्म हुन्छ त्यही अनुष्ठान देशकालनिमित्तान्तरमा अधर्म हुन्छ। त्यसकारण, शास्त्रलाई छोडेर धर्माधर्मविषयक ज्ञान कहींबाट कसैलाई पनि हुँदैन। कुनै भूतको हिंसा नगर्नु यो उत्सर्ग हो 'अग्नीषोमीयपशु आलम्भन गर्नु' यो अपवाद हो। उत्सर्ग र अपवादमा व्यवस्थितविषयत्व छ। त्यसकारण विशुद्ध वैदिक कर्म शिष्टले गरिआएको र अनिन्द्य हुनाले अशुद्ध होइन। त्यसबाट स्थावरत्व प्राप्त हुँदैन, पशुयोनिमा र ब्रीह्यादिमा पनि जन्म हुँदैन इष्टादिकारी अनुशयीको जन्म दुःखभोगका लागि स्थावरमा हुन्छ भन्ने पूर्वपक्ष निरस्त भएको छ। अतः चन्द्रमण्डलबाट स्खलित अनुशयीको ब्रीह्यादिमा संस्लेषमात्र हो, तद्भावापन्न भन्ने भनाइ उपचार मात्र हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीह्यादिसंसर्गले शरीरलाभ हुँदैन, भक्ष्य अन्नगत अनुशयी रेतःसेक पछि गर्भप्रविष्ट हुन्छ, अनिमात्र भोगयोग्य शरीरनिष्पत्ति हुन्छ त्यससम्वन्धी कुरा सूत्रैबाट ज्ञान हुन्छ ।

रेतः सिग्योगोऽथ ।२६।

तद्भावको अर्थ ब्रीह्यादिसंसर्गमात्र हो, त्यो कारण हो, ब्रीह्यादिभावानन्तर अनुशयीको रेतःसेचनसामर्थ्य । त्यो आम्नात हो । जो जो अन्न खान्छ, जो रेतःसेचन गर्छ, प्रायः त्यस्तै हुन्छ इत्यादि । मुख्य रेतःसेचनसामर्थ्य यहाँ सम्भव छैन । जन्मिने बित्तिकैको बालक रेतःसेक समर्थ हुँदैन, जन्मेको धेरैपछि प्रौढयौवनप्राप्ति पछिमात्र समर्थ हुन्छ। त्यसकारण, रेतःसकभाव रेतःसेकयोग जस्तै ब्रीह्यादिभाव पनि अनुशयीको संसर्गमात्र हो ।

यसै किसिमले अनुशयीको सर्वत्र संसर्गमात्र हो त ? त्यसो भए 'रमणीयचरणा' राम्रो काम गर्ने राम्रै योनिमा जान्छन् इत्यादि शास्त्र पनि संसर्गबोधक मात्र होलान् -

योनेः शरीरम् ।२७

रेतःसिग्भावानन्तर योनिमा रेतःसेचन गरेपछि अनुशयफलभोगकां लागि अनुशयी योनि अनुरूप शरीर लिन्छ । शास्त्र यही भन्छ रमणीयचरण भएका रमणीययोनिमा, कपूयचरण भएका कपूययोनिमा जान्छन् इत्यादि । यसकारण, पनि बुझिन्छ कि ब्रीह्यादिभावापन्नतामा ओलंदा ब्रीह्यादिशरीरगत सुखदुःखले अन्वित अनुशयी हुँदैन । अतः ब्रीह्यादिमा संश्लिष्ट अनुशयीको जन्म हुन्छ भन्ने सिद्ध भएको छ ।

इति अन्याधिष्ठिताधिकरणम् ।

इतिःगत्यागतिचिन्तया वैराग्यनिरूपणाख्यः प्रथम पादः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तृतीयाध्याय
द्वितीयपाद

प्रथमपादमा वैराग्यनिरूपण भएको छ, तत्त्वंपदार्थविवेक वाक्यार्थज्ञानसाधन यस पादमा निरूपण हुनेछ। अतः हेतुहेतुमद्भावसङ्गति पादद्वयको छ–

सन्ध्याधिकरणम् १

देहान्तरारम्भमा गत्यागतिचिन्ता सकिएको छ, त्यसवाट जाग्रदवस्था पनि निरूपित भएको छ, तदनन्तरको स्वप्नावस्था विचार अव प्राप्त छ। त्यही विचारप्रवर्तन पूर्वसूत्रवाट गरिएकोछ।

सन्ध्ये सृष्टिराह हि ।१।

स्वप्नावस्थामा 'रथ र रथको वाटो सृष्टि गर्छ' यसरी रथादिसृष्टिको चर्चा छ। रथमा योजन हुने रथयोग अश्व हुन्, ती सवै स्वप्नसृष्टि हुन्। यहाँ विचारणीय विषय यही हो। अव संशय छ- यो सृष्टि पारमार्थिकी हो कि मायामयी ?

यसमा पूर्ववादी भन्छन् -'सन्ध्ये' यो सन्धिस्थानको सृष्टि तथ्य नै हो। किन हो? 'हि' अर्थात् प्रमाण सिद्ध हुनाले। प्रमाणभूता श्रुति 'अथ रथान् 'इत्यादि छ। स्वप्नसृष्टि सत्य हो, निर्मित हुनाले, जाग्रत्निर्माण जस्तै यस अनुमानको पोषण गर्दै सूत्र-

निर्मातारञ्चैके पुत्रादयश्च ।२।

वेदका कुनै एक शाखी सन्ध्यस्थानमा कामनिर्माताको कुरा गर्छन्- सवै सुतेका वेला यो जागा हुन्छ, त्यसैले अनेक काम निर्माण गरिरहेको हुन्छ यसरी। यहाँ कामको अर्थ पुत्रपौत्रादिमा अभिप्रेत छ, 'काम्यन्ते इति कामाः' जे इच्छा गरिन्छन् ती काम हुन्। शयवर्ष आयुका छोरा, नाति मागवाट सुरु गरी तिमीलाई चाहिएका पूरा गर्छु, भनेर पुत्रादिका निमित्त कामशव्द प्रयोग गरिएको छ। अतः स्वाप्निकसृष्टि पारमार्थिकी हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक्त पद्धतिबाट दुईसूत्रमा उपस्थापित पूर्वपक्षको अनुवाद गर्दै सिद्धान्त उपस्थापन कतिपय सूत्रद्वारा–

मायामात्रन्तु कात्र्स्न्येनानभिव्यक्तस्वरूपत्वात् ।३।

सौत्र'तु' शब्द पक्षव्यावर्तक हो। यसबाट सन्ध्य-सृष्टिमा पारमार्थिकत्व व्यावृत्त भएको छ। सन्ध्यसृष्टि माया नै हो परमार्थगन्ध पनि त्यहाँ छैन। किन छैन ? कात्र्स्न्येनानभिव्यक्तस्वरूपत्वात् परमार्थ वस्तुमा रहने धर्मको सम्पूर्णरूपमा अभिव्यक्ति स्वाप्निक पदार्थमा हुँदैन। के हो त यहाँ कात्र्स्न्य अर्थात् सम्पूर्णता ? देशकालनिमित्तसम्पन्नता र अवाध कात्र्स्न्य हो। परमार्थवस्तुविषयक देशकालनिमित्त र अबाध स्वप्नमा सम्भव छैन। संवृतदेहदेशमा रथ, घोडा, रथोचितमार्ग कहाँ अवकाश पाउँछन् ? अर्थात् त्यो सम्भव छैन। शरीर वाहिर स्वप्नदर्शन हुन्छ भन्नु पनि युक्तिसङ्गत छैन, सुतेको व्यक्ति सैकडौं किलोमिटर हिँडेको, देशान्तरमा गएको अनुभव गर्छ त्यस्ता अनुभवआदि प्रातिभासिक हुन्, किनभने, ऊ शरीरमै स्वप्न देखेर शरीरमै विउँझन्छ।

स्वप्नमा आफू देशान्तरमा गएको राजा भएको वा कुनै ठूलै अभ्युदय काममा लागेको भने पनि पार्श्ववर्तिहरूले त्यहीं सुतिरहेको देख्छन्। स्वप्नमा काल- विसंवाद पनि हुन्छ राति देखेको स्वप्न दिन नै ठान्छ। मुहूर्तमात्रको स्वप्नमा पचासौं वर्ष पनि बिताउँछ स्वप्नका जुन निमित्त हुन्छन् कर्म वा बुद्धिका लागि उचित तिनी हुँदैनन्। करण सबै उपसंहृत भएका हुनाले रथादिग्रहणका लागि चक्षुरादि इन्द्रिय पनि हुँदैनन्। जाग्रत्को त के कुरा स्वप्नमैं पनि स्वाप्निक पदार्थ कदाचित् बाधित हुन सक्छन्, स्वप्नको आदि र अन्तमा त व्यभिचार छँदैछ, कुनै स्वप्नमा यो रथ हो भन्ने निश्चय भयो एकै छिनमा त्यही भइदिन्छ। मान्छे म मनुष्य हुँ भन्छ फेरि एकै छिनमा वृक्ष भइदिन्छ।

स्वप्नमा रथादिको अभाव शास्त्रले सुनाएको छ- त्यहाँ रथ, घोडा, बाटो हुँदैनन् इत्यादि। अतः स्वप्नदर्शन मायामात्र हो।

स्वप्न मायामात्र हो, स्वप्नसूचित शुभाशुभफल- निर्देशक शास्त्र अप्रमाण होला, यसको उत्तर–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूचकश्च हि श्रुतेराचक्षते तद्विदः ।४।

सूचक हो स्वप्नभावी साधु असाधु फलको । 'काम्य कर्ममा स्वप्नमा स्त्रीदर्शन भए समृद्धि हुन्छ भन्ने जान्नु' त्यस्तै कालो, कालै दाँत भएको पुरुष स्वप्नमा देखिए देख्ने मान्छे मर्छ जस्ता श्रुति छन् । स्वप्नाध्याय वादीको भनाइ पनि छ स्वप्नमा हात्ती चढ्नु राम्रो हो, भने गधा, चढ्नु नराम्रो इत्यादि । स्वप्न मिथ्या भए पनि सूचक हो, अतः मायामात्र हो भन्नेमा विरोध छैन ।

आकाशादिसर्गमा पनि त आत्यन्तिक सत्यता छैन । जुन प्रतिपादन भएको छ 'तदनन्यत्वमारम्भणशब्दादिभ्यः' (२।१।१४) सूत्रभाष्यमा समस्त प्रपञ्चको मायामात्रत्व । ब्रह्मत्वदर्शनपूर्वकालमा मात्र वियदादिप्रपञ्च व्यवस्थितरूपको बुझिन्छ । सन्ध्याश्रय प्रपञ्च भने प्रतिदिन वाधित हुन्छ । अतः स्वप्नप्रपञ्चको मायामयता विशेष हो ।

योग्यनिमित्त नहुनाले स्वप्न मिथ्या हो भन्नमिल्दैन, किनभने, जीवसङ्कल्प नै त्यहाँ निमित्त छ भन्ने आशङ्काको समाधानमा -

पराभिध्यानात्तु तिरोहितं ततो ह्यस्य बन्धविपर्ययौ ।५।

जीव ब्रह्मकै अंश हो, भए पनि जीव र ब्रह्ममा वरावरी धर्म हुँदैन । यद्यपि जीवमा धर्म छ, तर अविद्यादिबाट व्यवहित छ, तिरोहित छ । तिरोहित ब्रह्मधर्म, परमेश्वरको अभिध्यानबाट पापनाश भएपछि आविर्भाव हुन सक्छ । त्यो पनि समानरूपमा सबैलाई हुँदैन । औषधिबाट आँखाको रतन्धो रोग हटेर देख्नेशक्ति प्राप्त भएजस्तै, साधनसिद्ध कुनै व्यक्तिलाई ईश्वरप्रसादबाट आविर्भाव हुने कुरा छ, स्वभावतः हुने कुरा छैन । किन यस्तो ?–

'ततः' अर्थात् ईश्वररूपहेतुवाट जीवको वन्ध र मोक्ष हुन्छ । ईश्वरस्वरूपको अपरिज्ञानवाट बन्ध हुन्छ भन्ने ईश्वरस्वरूपपरिज्ञानवाट मोक्ष हुन्छ । यसवारे श्रुति- देव जानेपछि सबै पापको हानि हुन्छ, सर्वक्लेश क्षीण भएपछि जन्ममृत्यु नाशिन्छ । उसैको अभिध्यानबाट आप्तकाम हुन्छ इत्यादि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ज्ञान ऐश्वर्यको आविर्भाव जीवमा स्वतः हुँदैन। त्यसैले जीवमा सङ्कल्पमात्र रहन्छ, स्रष्टृत्व रहँदैन त्यसो हुँदा हेतु यहाँ असिद्ध छ भन्ने शङ्काको उत्तरमा–

देहयोगाद् वा सो ऽपि ।६।

जीवको ज्ञान- ऐश्वर्यको तिरोभाव किन हुन्छ त ? 'देहयोगाद्' देहसम्वन्धले इन्द्रिय, मन, बुद्धि विषयवेदनादियोगले तिरोभाव हुन्छ। जस्तै- दहन र-प्रकाशसमर्थ अग्नि हो। त्यही अग्नि अरणिमा हुँदा दहन र प्रकाशन तिरोहित हुन्छन्, खरानीले ढाकेको बेला पनि तिरोहित हुन्छन्। त्यसैगरी अविद्याद्वारा प्रत्युपस्थापित नामरूपदेहादि उपाधिसम्वन्धले भएको अविवेकात्मक भ्रमकृत हो, जीवको ज्ञान ऐश्वर्य तिरोभाव। जीव र ईश्वरमा अनन्यत्वशङ्का निराकरणार्थ 'वा' शब्द हो। उपर्युक्त युक्तिले जीव र ईश्वरमा अनन्यत्व छ, देहयोगले ज्ञानैश्वर्यको तिरोधान हो, त्यसैले साङ्कल्पिकी जीवसृष्टि घट्‌दैन।

जागरित देश श्रुतिले स्वप्नसत्य हो भन्छ। यो पनि सत्यत्वाभिप्रायक होइन। त्यसो गर्दा स्वयं ज्योतिष्टको विरोध हुन्छ। श्रुतिद्वारा नै रथादिको अभाव स्वप्नमा निर्देशित छ। जागरितवासना प्रभावको हिसावले स्वप्नलाई जाग्रत्‌तुल्यतामा राखिएको हो। अतः स्वप्न मायामात्र हो भन्ने उपपन्न छ।

इति सन्ध्याधिकरणम्।

तदभावाधिकरणम् २

बाह्यकरणको उपरम स्वप्न हो, आत्माको स्वयंज्योतिष्ट्वका लागि निरूपण भएको हो। अन्तः करणको उपरम सुषुप्ति हो, त्यो ब्रह्म हो, भन्ने निरूपणका लागि यो अधिकरण पुरःस्थापित छ-

तदभावो नाडीषु तच्छ्रुतेरात्मनि च ।७।

अब सुषुप्ति-अवस्था- परीक्षा छ। कहीं नाडीबाट अनुक्रम नाडीमा सम्पन्न हुन्छ - श्रवण छ, कहीं भने अनुक्रम नाडीबाटै भए पनि नाडीबाट हटेर पुरीतत्‌मा सुत्छ यस्तो श्रवण छ। अन्यत्र 'सुषुप्तिमा सत्सम्पन्न हुन्छ' भन्ने बुझिन्छ। यसरी नाडी, पुरीतत, परमात्मा तीनस्थान सुषुप्तिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवका देखिएका छन्। उक्त तीन स्थानको विकल्प हो कि समुच्चय यो संशय स्वाभाविक छ।

प्राप्त के छ त ? विकल्प छ। किन विकल्प ? एकार्थभएकाले। एकप्रयोजनसाधन गर्नेमा समुच्चय हुँदैन। परस्परअपेक्षा रहँदैन व्रीहियवादिमा जस्तै। अतः विकल्प मान्नुपर्छ। यो पूर्वपक्ष हो।

अब सिद्धान्त छ 'तदभाव', प्रकृतस्वप्नदर्शनको अभाव सुषुप्ति हो। नाडी र आत्मा कण्ठत : प्राप्त छन् 'च' शब्दबाट पुरीतत्नाडी समुच्चित छ, यसबाट यहाँ विकल्प होइन भन्ने सुबोध छ। कसरी छ ? 'तच्छ्रुतेः'। त्यसबेला नाडीमा हुन्छ, जब सुत्छ स्वप्न कुनै देखिँदैन त्यतिबेला प्राणमैं एकत्र त हुन्छ, यसप्रकार सुप्तिमा नाडी र प्राण को समुच्चय श्रुतिले सुनाएको छ। प्राणलाई प्राणस्तथानुगमात्को समुच्चय श्रुतिले सुनाएको छ। प्राणलाई 'प्राणस्तथानुगमात्' (१-२-२८) मा ब्रह्म भनिएको हो। विकल्प मान्दा उक्तार्थको बाध हुन्छ।

एकार्थ भएकाले विकल्प हुने कुरा पनि मिल्दैन एकविभक्ति निर्देशमात्र एकार्थता र विकल्पार्थमा पर्याप्त छैन। घरमा सुत्छ 'पलङ्मा सुत्छ' इत्यादि अनेकार्थ र समुच्चयार्थमा पनि एक विभक्तिनिर्देश देखिन्छ।

फेरि पनि पुरीतत्मा सुत्छ, यहाँ पुरीतत्को अर्थ हृदयवेष्टन हो, त्यसभित्रको हृदयाकाशमा रहने जीवात्मा त्यहाँ सुत्छ भनिन्छ। हृदयाकाशलाई दहराधिकरणमा ब्रह्म भनिएको छ। 'प्राज्ञ आत्माले सम्परिष्वक्त बाहिरी र भित्री केही जान्दैन', त्यो बेला सत्सम्पन्न हुन्छ यो श्रुतिद्वयबाटनिर्दिष्ट प्राज्ञ र सत् ब्रह्म हुन् भन्ने सिद्ध छ।

उपरि चर्चित श्रुतिमा सुषुप्तिस्थान तीन निर्दिष्ट छन्- नाडीहरू, पुरीतत् र ब्रह्म। ती मध्ये नाडी द्वारमात्र हुन् पुरीतत् पनि द्वारै हो पुरीतत्वेष्टित ब्रह्म हो। सुषुप्तिस्थान त्यही हो, यही सिद्ध हुन्छ।

यहाँ दुई पक्ष प्रस्तुत भए विकल्प र समुच्चय। विकल्प पूर्ववादीको र समुच्चय सिद्धान्तवादीको। पूर्वपक्षमा नाडी पनि सुषुप्तिस्थान हुन्छ, मिथ्याज्ञान विकृति भए पनि ब्रह्मभाव हुँदैन। त्यसै हुनाले मूल अज्ञान-विवृत्ति भए पनि ब्रह्मभाव हुँदैन भन्ने श्रुतिको अभिप्राय हो भने ब्रह्मात्मभावरूप मोक्षफलका निमित्त साधन कर्म नै हुनुपर्छ।

समुच्चय पक्षमा नाडी र पुरीतत्द्वारा परमात्मा नै सुप्तिस्थान हो। सुप्तिमा विपरीत ज्ञान निवृत्त हुन्छ त्यो स्थितिमा जीवको ब्रह्मात्मभाव सिद्ध भएको हुन्छ। मूल अविद्या निवृत्त नभएकाले फेरि उठ्छ मूल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अज्ञाननिवृत्तिका लागि ब्रह्मात्मैक्यज्ञान नै साधन हुनुपर्छ, कर्म होइन, यो हो उभयपक्ष को फलविवेक ।

प्रबोधको अपादान ब्रह्म हो, ब्रह्मबाटै जीव बिउँझन्छ, त्यसैले सुप्तिस्थान ब्रह्म हो, त्यही कुरा सूत्रबाट बोधित हुन्छ ।

अतःप्रबोधोऽस्मात् ।८।

सुप्तिस्थान आत्मा नै भएकाले नित्य नै त्यही आत्माबाट प्रबोध हुन्छ । स्वापाधिकारमा शिक्षा छ- 'यो कहाँबाट आयो' । यस प्रश्नको उत्तर दिने क्रममा जस्तै अग्निका सानासाना झिल्का उड्छन् त्यस्तैगरी यही आत्माबाट सबैप्राण, त्यस्तै सत्बाट आएर बुझ्दैनन्, हामी सत्बाट आएको भनेर इत्यादि ।

सुप्तिस्थानको विकल्प भए त कहिले नाडीबाट, कहिले पुरीतत्बाट र कहिले आत्माबाट आउँछ भन्नुपर्थ्यो त्यस्तो भनिएको छैन, आत्माबाटै आउँछ भनिएको छ । अतः सुषुप्तिस्थान आत्मा नै हो भन्ने सिद्ध छ ।

इति तदभावाधिकरणम् ।

कर्मानुस्मृतिशब्दविध्यधिकरणम् ३

सुप्तदेखि अन्यत्रबाट पनि प्रबोध सम्भव छ, ती अन्य स्थान नाडी आदि हुन सक्छन् । यसबारेको समाधानार्थ -

स एव तु कर्मानुस्मृतिशब्दविधिभ्यः ।९।

जुन सत्सम्पन्न हो त्यही व्युँझन्छ कि ? त्यही वा अर्को बिउँझन्छ ? भन्ने संशयमा- जलराशिमा प्रक्षिप्त जलबिन्दु निकाल्न नसके जस्तै सत्सम्पन्न त्यही बिउँझन्छ भन्न सकिन्न, यो छ पूर्वपक्ष ।

जुन सत्सम्पन्न हो त्यही बिउँझन्छ यो हो सिद्धान्त । कसरी त्यही बिउँझन्छ ? उत्तर- 'कर्मानुस्मृतिशब्दविधिभ्यः' पहिले आरम्भकै बाँकी काम सुप्तोत्थितले गर्छ, हिजो देखेको हो भनेर सम्झन्छ पनि । श्रुति- सबै प्रजा दिनदिनै ब्रह्ममा पुग्छन् पनि सुप्तकै उत्थिति देखाउँछन् । अर्कै उठ्ने मान्यतामा त कृतनाश अकृताभ्यागम दोष आउँछ । अतः उही बिउँझन्छ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन सुतेको हो। कर्म विद्याविवेक आदिको फरकले जलविन्दु दृष्टान्त मिल्दैन।

फेरि पनि जीव भन्नु परमेश्वरभन्दा फरक होइन, जुन जलराशिवाट जलविन्दु अलग गर्न नसके जस्तो होस्। सत् नै उपाधिसम्पर्कले जीव भनिएको कुरा धेरै पटक ठाउँ ठाउँमा व्यक्त भइसकेको छ।

यसो भएपछि बन्धको अनुवृत्ति उपाधिमा भए एकजीववाद र बन्धानुवृत्ति अनेक उपाधिमा भए अनेकजीववाद हो। यो उपाधि स्वाप र प्रबोधमा बीजाङ्कुरन्यायले सञ्चरित छ। अतः जुन सत्सम्पन्न हो, त्यही बिउँझन्छ भन्नु उपयुक्त छ।

इति कर्मानुस्मृतिशब्दविधि अधिकरणम्।

मुग्धाधिकरणम् ४

अवस्थात्रयको निरूपणपछि मूर्च्छा नामको अवस्थानिरूपणमा अधिकरण प्रवृत्त छ।

मुग्धेऽर्धसम्पत्ति : परिशेषात् ।१०।

मूर्छावस्था जाग्रदादिभन्दा भिन्न हो कि होइन ? यो संशयमा पूर्ववादीको भनाइ छ- लोकप्रसिद्धि नभएकाले यो कुनै जाग्रदादिभन्दा अलग पाँचौं अवस्था होइन।

सिद्धान्तवादीको उत्तर छ- मूर्छावस्था अर्धसम्पन्न हो, सम्पन्न मुग्ध हो। कसरी हो ? उत्तर- 'परिशेषात्' इन्द्रियद्वारा विषयनिरीक्षण नहुनाले जाग्रत् होइन, निःसंज्ञ हुनाले स्वप्न देख्दैन, प्रायः ऊष्मा बाँकी रहेकाले मृत होइन, कम्प र प्रसन्न मुखाकृति नभएकाले सुषुप्त होइन, परिशेषतः अर्धसम्पत् हो।

वास्तवमा मरणद्वार यसलाई मान्न सकिन्छ, उसको कर्म सावशेष रहेछ भने वाक् र मन यथापूर्व नै आउँछन्, निरवशेष कर्म रहेछ भने प्राण र ऊष्माले पनि छोड्छन्। त्यसकारण, पनि ब्रह्मविद्हरू मूर्छालाई अर्धसम्पन्न मान्छन्।

पाँचौं अवस्था हुँदैन, जुन भनियो त्यो पनि सदोष नमान्न सकिन्छ। कहिले कहीं मात्रको यो अवस्था हो जाग्रदादि जस्तो सधैंको होइन। त्यसैले प्रसिद्ध नभएको हुन सक्छ। लोक र चिकित्साशास्त्रमा यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अवस्था प्रसिद्ध छ। अर्धसम्पत् स्वीकार गरिएकाले पाँचौं अवस्था होइन कि भन्नु पनि अनुपयुक्त देखिँदैन।

इति मुग्धाधिकरणम्।

उभयलिङ्गाधिकरणम् ५

उद्देश्यभूत त्वमर्थपरिशोधन भएको छ। अब विधेय तदर्थशोधन आरम्भ गर्दै शास्त्र (सूत्र) अवतीर्ण हुन्छ।

न स्थानतोऽपि परस्योभयलिङ्गं सर्वत्र हि ।११।

उपाधिको उपशम पछि जीव सत्सम्पन्न हुन्छ भन्ने निरूपण भयो। त्यो सत्पद सविशेष र निर्विशेष ब्रह्मबोधक हो ? अथवा सविशेषको बोधक हो ? अथवा निर्विशेष ब्रह्मकै बोधक हो ? यो चिन्तनको चिन्ताविषय छ। 'सर्वकर्मा हो, सर्वगन्ध हो ब्रह्म' यो सविशेषता ब्रह्ममा छ, स्थूल होइन, अणु होइन, यो निर्विशेषता ब्रह्मको हो। उभयलिङ्गत्वश्रवण भएकाले ब्रह्म उभयात्मक हो। एकत्र उभयरूपत्व घट्न सक्तैन। त्यस अर्थ ब्रह्म सविशेष हो। यो अभिप्राय पूवपक्षीको हो।

सिद्धान्ती यो कुरा मान्दैनन्। सूत्रांशको उपस्थापन गर्छन् न 'स्थानतोऽपि' स्थान यहाँ उपाधि हो, उपाधियोगले उभयरूप ब्रह्म हुँदैन। स्वच्छ स्फटिक अलक्तादियोगले रातो देखिँदा अभ्रान्तले स्फटिक रातो ठान्दैन। स्वतः उभयात्मकता ब्रह्ममा हुँदैन, उभयधर्मको परस्परविरोध स्पष्टै छ। त्यसो भए ब्रह्म सविशेषै होस् न त यसो भन्नु पनि शब्दस्पर्शरूप नरहने अव्यय ब्रह्म हो भन्ने श्रुतिविरोध हुन्छ। अन्यतर लिङ्गग्रहणबाट पनि समस्त विशेषरहित निर्विकल्प ब्रह्मकै उपस्थिति हुन्छ : तद्विपरीत सविशेषको हुँदैन। अशब्द आदि उक्त श्रुतिमा समस्तभेदनिवृत्त निर्विशेष ब्रह्मको उपदेश गरिन्छ।

पूर्वोक्त कुराकै आक्षेपपूर्वक समाधान तलको सूत्रले पनि गरेको छ।

न भेदादिति चेन्न, प्रत्येकमतद्वचनात् ।१२।

निर्विकल्प एकलिङ्ग ब्रह्म हो। उपाधिभेदले भेद हुँदैन, उभयलिङ्ग पनि होइन भन्ने उक्ति उचित होइन। किनभने, विद्यापिच्छे नै ब्रह्ममा भेदश्रवण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। आकारभेदको निर्देश छ, चतुष्पाद ब्रह्मको चर्चा र कतै 'षोडशकल ब्रह्म', कतै भने 'वामनी र भामनी' रूपको उल्लेख छ। वैश्वानर ब्रह्मलाई त्रैलोक्यशरीर भनिन्छ, त्यसैले सविशेष मान्नुपर्छ, पूर्वपक्ष यसरी छ।

सिद्धान्तमा यो मान्य छैन। किन मान्य छैन ? उत्तर छ- 'प्रत्येकमतद्वचनात्' प्रत्येक उपाधिभेदले अभेदै ब्रह्ममा छ भनेर सुनाउँछन् शास्त्र यो पृथिवीमा तेजोमय, अमृतमय पुरुष छ जुन अध्यात्मशारीर तेजोमय, अमृतमय पुरुष छ, जुन अध्यात्मशरीर तेजोमय अमृतमय पुरुष हो त्यो यही आत्मा हो, इत्यादि। अतः ब्रह्मको भिन्नाकार योग शास्त्रीय हो भन्न सकिन्न। भेदोपदेश त उपासनाका लागि हो। भेदाधिष्ठानै उपासना हुन्छ, तात्पर्य अभेदमा छ। ब्रह्मतत्व निर्विशेषै हो भन्दै सूत्रान्तर-

अपि चैवमेके ।१३।

कुनै एकशाखी भेदको निन्दा गर्दै अभेद नै ब्रह्म हो भन्ने प्रतिपादन गर्छन्। मनद्वारा नै जान्नुपर्छ यहाँ नाना केही छैन, मृत्युबाट मृत्युमैं पुग्छ जो नाना देख्छ, इत्यादि रूपमा। त्रिविध ब्रह्म मैले भनेको भोक्ता भोग्य र प्रेरिता हो, यसरी समस्तभोक्तृ- भोग्यनियन्तृस्वरूप प्रपञ्च ब्रह्मैकस्वभाव हो भन्ने अठोट छ।

निराकार नै ब्रह्म कसरी ? सविशेष वचन पनि धेरै देखिन्छन्, यसको उत्तरमा सूत्र अवतीर्ण छ।

अरूपवदेव हि तत्प्रधानत्वात् ।१४।

रूपादि आकाररहित ब्रह्म हो भन्ने निश्चय गर्नुपर्छ, रूपादिमत् हो भन्ने बुझ्नु हुँदैन। किन? उत्तर 'तत्प्रधानत्वात्' 'अशब्द, अरूप, अव्यय' 'आकाश नाम हो, नाम र रूपको रचयिता जसको वीचमा नाम रूप छन् त्यो ब्रह्म', 'दिव्य अमूर्त पुरुष वाहिर र भित्र छ, त्यो अज हो' त्यो ब्रह्म अपूर्व अनपर, अबाह्य यही आत्मा सबैले अनुभव गरेको इत्यादि वाक्य निष्प्रपञ्च ब्रह्मात्मतत्त्व प्रधान छन् अर्थान्तरप्रधान छैनन्। यो कुरा 'तत्तु समवन्वयात्' सूत्रको शाङ्करभाष्यमा प्रतिष्ठापित भएको छ। विशेष जिज्ञासुले त्यहींबाट बुझ्नुपर्छ। आकारवद् ब्रह्मप्रतिपादक वाक्य उपासनाविधिपरक हुन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विरोध नभए यथाश्रुत नै अर्थ हुन्छ, विरोध भए आकारप्रतिपादक भन्दा अनाकारप्रतिपादक श्रुति बलवान् हुन्छन्, यो हो विनिगमनाहेतु। दुवै किसिमका श्रुतिप्रतिपादित मध्ये अनाकार ब्रह्म नै निश्चय गरिन्छ ब्रह्मको आकारवत्त्व मानिदैन।

त्यसो भए आकारप्रतिपादक श्रुतिको कस्तो गति हुन्छ त ?-

प्रकाशवच्चावैयर्थ्यात् ।१५।

आकाशव्यापी सूर्यको तेज अङ्गुली आदि उपाधिसम्वन्धले वाङ्गो - टिङ्गो देखिन सक्छ, सहीरूपमा बाङ्गो टिङ्गो हुँदैन। त्यस्तै पृथिव्यादि उपाधिसम्वन्ध तत्तदाकारमा भए जस्तो देखिन्छ, गणेश, विष्णु आदि भेदमा आकार भएजस्तो प्रतीत हुन्छ, त्यो उपासनाको लागि हो। त्यसैले आकारवोधक श्रुति व्यर्थ छैनन्। यसै किसिमले ब्रह्मको आकारवोधक श्रुतिको अर्थसङ्गमन गर्नुपर्छ।

उक्त दुवै श्रुति हुन् र श्रुतिमा कुनै प्रमाण नहुने हुँदैन। अपेक्षामात्र फरक पर्छ। पहिले प्रतिज्ञात कुरा उपाधियोगले पनि ब्रह्ममा उभयलिङ्गत्व रहँदैन, त्यसको यहाँ विरोध भयो नि त? विरोध छैन। उपाधि, वस्तुधर्म नै होइन। अविद्याप्रत्युपस्थापित मात्र हो, नैसर्गिक अविद्याका अवस्थामा लोकवेदव्यवहार हुन्छ भन्ने चर्चा ठाउँठाउँमा भएको छ।

कस्तो छ त निर्विशेष ब्रह्म ? यसको उत्तर निम्न सूत्रबाट –

आह च तन्मात्रम् ।१६।

जस्तो नून सबैतिर एकैरस हुन्छ बाहिर भित्र फरक हुँदैन। आत्मा त्यस्तै हो अनन्तर, अवाह्य सवै प्रज्ञानघन नै। यसको अभिप्राय-आत्माको भित्र वा वाहिर चैतन्यभन्दा अर्को रूप छैन। यसको निरन्तरस्वरूप चैतन्यमात्र हो। जस्तो- सैन्धवघनको भित्र वाहिर नूनिलो रसमात्र निरन्तर हुन्छ, रसान्तर हुँदैन। त्यस्तै यहाँ पनि बुझ्नु पर्दछ। सैन्धवघन भनेको सीधे नूनको सारो डल्लो हो।

अन्यनिषेधमुखेन निरूपित हुनाले विशेषशून्य ब्रह्म हो, विशेषवत्तानिरूपण ब्रह्मा हुँदैन, विशेषवत्ताको निरूपण हुने हो भने, प्रतिपाद्यत्व ब्रह्ममा आउँछ, अनि इतरव्यावृत्ति व्यर्थ हुन जान्छ। यही कुरा सूत्रद्वारा प्रदर्शित छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शयति चाथो अपि स्मर्यते ।१७

परप्रतिषेधले नै ब्रह्मप्रदर्शन श्रुतिले गर्छन् । अव आदेश छ– न इति न इति जानेको भन्दा अर्कै र नजानेको भन्दा माथि जहाँ पुग्नै नसकी, मनसहित वाक् फर्किन्छन् इत्यादिरूपमा । वाष्कलिले वाध्वलाई (वाहव) ब्रह्म सोधे वाध्वले (वाहव) न वोली ब्रह्म भने भन्ने छ । उनले भने– भन्नुहोस् तर, उनी चूपनै लागे दोस्रो र तेस्रो पटक फेरि सोधे, अनि उनले भने- भनौंला, तर तिमी जान्दैनौ । 'आत्मा त उपशान्त छ' यसरूपमा पनि ।

स्मृति पनि त्यसै भन्छन् ज्ञेय जुन हो, त्यो म भन्छु, जुन जान्नाले अमृत हुन्छ । ब्रह्म त अनादिमत् हो, पर हो, त्यो सत् वा असत्भन्दा भिन्नै हो । त्यस्तै विश्वरूपधारी नारायणले नारदलाई भनेको कुरा स्मरण गर्न लायक छ । मलाई जसरी देख्छौ मैले सृष्टि गरेकै मायाबाट देखेका छौ । म त वास्तवमा सर्वभूतगुण युक्त छु, त्यो भावमा चाहि तिमी बुझ्न सक्तैनौ इत्यादि ।

ब्रह्मको निर्विशेषतामा विशिष्ट दृष्टान्त यस्तो छ-

अत एव चोपमा सूर्यकादिवत् ।१८।

जुन कारण यो आत्मा निर्विशेष चैतन्यमात्ररूप हो । त्यसैले जलसूर्य उपमा घट्छ । म विवस्वान् ज्योति आत्मा छु, तर अनेक जलरूप उपाधिको पछि लाग्दा धेरै हुन्छु । त्यस्तै यो अज आत्मा सर्वक्षेत्र (शरीर) रूप उपाधि अनुगत हुँदा भेदरूपमा व्यवहृत छ । यस रीतिको दृष्टान्त निर्विशेषतामा शास्त्रप्रदत्त छ ।

यसबारे पूर्ववादी सूत्रका माध्यमले भन्दछन्–

अम्बुवदग्रहणात्तु न तथात्वम् ।१९।

जलसूर्यको जस्तो ब्रह्म होइन, जल र सूर्य झैं ब्रह्म र उपाधिको विप्रकृष्टत्वेन ग्रहण हुँदैन, किनभने, ब्रह्म सर्वगत अर्थात् व्यापक हो । अतः जलसूर्यदृष्टान्त अयुक्त छ ।

यसरी उठेको पूर्वपक्षमा प्रतिविधान (प्रत्युत्तर) यस प्रकार छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वृद्धिह्रासभाक्त्वमन्तर्भावादुभयसामञ्जस्यादेवम् ।२०।

उक्त दृष्टान्त सर्वथा ठीक छ। सर्वसारूप्य दृष्टान्तमा रहनुपर्दैन। सबै मिल्ने हो भने त दृष्टान्त दार्ष्टान्तिकभाव नै हुँदैन। दृष्टान्तको केही अंशमात्र दार्ष्टान्तिकमा आउनु पर्छ। जलको वृद्धि वा ह्रासमा सूर्यप्रतिविम्वको वृद्धि वा ह्रासभागिता परमार्थ सूर्यको होइन। त्यस्तै ब्रह्म पनि उपाधियोगमा उपाधिगत वृद्धिह्रासभावमा प्रतीत हुन्छ। त्यसले परमार्थ ब्रह्ममा दोष पुग्दैन। मूर्त, अमूर्त आदि सारूप्य नभए पनि उक्त रीतिले दृष्टान्तदार्ष्टान्तिकमा विरोध छैन। अर्थात् दृष्टान्त दार्ष्टान्तिकमा सामञ्जस्य छ।

पूर्वसूत्रद्वारा अनुमानको बाधनिरसन भएको छ। आगमविरोधरूप दोषान्तरप्रदर्शन अब हुँदैछ छ-

दर्शनाच्च ।२१।

ब्रह्मको देहादि उपाधिभावप्रदर्शन श्रुतिबाटै भएको छ। द्विपात् पहिले बनायो, चतुष्पाद पहिले बनायो, चक्षुरादि अभिव्यक्त हुनुभन्दा पहिले पक्षी अर्थात् लिङ्गशरीर भएर स्वनिर्मित शरीरमा पस्यो, जीवस्वरूप भएर आत्मा पस्यो, यस भङ्गीमा। त्यसकारण, 'अत एव चोपमा सूर्यकादिवत्' यो दृष्टान्त सर्वथा ठीक छ। अतः निर्विकल्प एकलिङ्ग ब्रह्म हो उभयलिङ्ग पनि होइन, विपरीतलिङ्ग पनि होइन। यो कुरा सिद्ध भएको छ।

कतिपयले यसलाई दुई अधिकरण मानेका छन्। यस प्रसङ्गमा नियोगोपदेशीयत्व र वस्तुमात्र पर्यवसायित्वको उद्भावना ब्रह्मवाक्यमा गरिएको छ र अन्य अवान्तर प्रसङ्ग पनि उठेका छन् विस्तृत ऊहापोह सहित पूर्वोक्त अर्थ नै प्रतिष्ठापित भएको छ। विशेष जिज्ञासाशमन शाङ्करभाष्य बाटै हुनसक्ने छ।

इति उभयलिङ्गाधिकरणम्।

प्रकृतैतावत्त्वाधिकरणम् ६

ब्रह्म निर्विशेष चिन्मात्र हो भन्ने प्रतिपादन भएको छ। अब सर्वनिषेधको अवधि भएकाले सद्रूप हो भन्ने प्रतिपादन हुन्छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतैतावत्त्वं हि प्रतिषेधति ततो ब्रवीति च भूयः ।२२।

जुन जुन श्रुतिवाट ब्रह्मनिरूपण भयो, ती श्रुति त ब्रह्मनिषेध गर्ने हुन् । यो आशङ्का उत्थापन गर्दै निरसनोपायनिरूपणाधिकरणमा प्रस्तुत हुनेछ । श्रुतिको आदेश नेति नेति हो । विषय यही हो । त्यहाँ संशय छ- प्रकृतरूपद्वय वासनासहित ब्रह्म सबैको निषेध हो ? अथवा ब्रह्ममात्रको निषेध हो ? किं वा वासनारूपद्वयको निषेध हो ? ब्रह्म परिशेष हो ।

संशयोत्तर पूर्वपक्ष छ, श्रुतिमा दुई पटक 'न' प्रयोग छ, प्रकृत मूर्त्तत्वादि निषेध एउटा 'न' ले गरेको छ भने अर्को 'न' ले ब्रह्मको निषेध गरेको छ । ब्रह्मको निषेध होइन भन्ने आधार छैन, विशेषको निषेध भएपछि निर्विशेष सामान्य बाँकी रहँदैन । त्यसो हुँदा मूर्तामूर्तत्वादिरूपवद् ब्रह्मको निषेध दोस्रो 'न' ले गरेको हो । सामान्य त्यही हो अथवा वाङ्मनसातीत हुनाले ब्रह्मकै निषेध हो, प्रत्यक्षसिद्ध प्रपञ्चको होइन । यो पक्ष प्राप्ति पछि-

उत्तर आएको छ सिद्धान्तवाट- 'प्रकृत एतावत्त्वं हि' । प्रकृत जुन एतावत्ता हो इयत्तापरिच्छिन्न ब्रह्मरूप मूर्तामूर्तस्वरूप निषेध त्यसैको हो । त्यही नै प्रकृत छ 'द्वे वाव'। ब्रह्मका दुई रूप छन् मूर्त र अमूर्त इत्यादि । दुई प्रतिषेधले यथासङ्ख्यन्यायले त दुवै मूर्तामूर्तको प्रतिषेध गर्छन् ।

अथवा पहिलो 'न' ले भूतराशिको प्रतिषेध गर्छ भने, दोस्रो 'न' ले वासनाराशिको प्रतिषेध गर्छ ।

अथवा नेति नेति यो वीप्सामा हो । वीप्सा भएकाले इतिवाट जे जति उत्प्रेक्षित छन् संसारमा ती कुनै पनि होइनन्, यो अर्थ आउँछ । त्यसकारण, कल्पितरूपको प्रतिषेध गर्छ नद्वयले, परिशेष हुन्छ प्रत्यग्ब्रह्म ।

अर्थनिर्णय यसप्रकार छ -

प्रतिषेधोत्तर श्रुतिवचन छ 'अन्यत्परंमस्ति' अर्को ठूलो छ। मूर्तामूर्तनिषेध पछि तदपेक्षित ब्रह्मसामान्यको निषेध हुँदैन । दर्पणकृपाणादि उपाधि हटेपछि ती तीमा प्रतिविम्वित मुखभाव हुँदैन, प्रतीति पनि हुँदैन । सन्निहित पनि सर्वप्रतिषेधभित्र पर्दैन । भावाश्रय विना प्रतिषेध हुन पनि सक्तैन ।

'वाङ्मनसी तु' श्रुति पनि अविषयान्तःपाती प्रत्यगात्मभूत नित्य, शुद्ध, मुक्तस्वभाव ब्रह्म हो भन्नेमा चरितार्थ छ, प्रत्यग्ब्रह्म अभाव हो भन्नेमा छैन । नत्र त तिमीलाई ब्रह्म भन्छु यो उपक्रम बिग्रला ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'असद्ब्रह्म जान्यो भने' इत्यादि निन्दाको पनि विरोध होला र 'अस्ति भनेरै जान्नुपर्छ' यो अवधारणाको पनि विरोध होला, त्यसो भएमा सर्ववेदान्तव्याकोप हुन्छ। त्यसकारण, ब्रह्मावसान यो प्रतिषेध हो, अभावावसान होइन।

ग्रहण नहुनाले ब्रह्म छ भन्न सकिन्न यसको निराकरण यस्तो छ -

तदव्यक्तमाह ।२३।

त्यो अव्यक्त छ = अनिन्द्रिय ग्राह्य हो, किन ? सर्वदृश्यको साक्षी हो त्यसैले। चक्षुले ग्रहण हुँदैन र वाक्‌ले पनि हुँदैन इत्यादि श्रुतिनिर्देशित अर्थ त्यही हो।

आत्मा नै ब्रह्म हो अविद्याले आवृत छ। आवृत भएकाले कहिले पनि ग्राह्य नहोला भन्ने आशङ्कामा, समाधानार्थसूत्र-

अपि च संराधने प्रत्यक्षानुमानाभ्याम् ।२४।

अर्को प्रस्तुति- निरस्तसमस्तप्रपञ्च अव्यक्त आत्मा संराधनकालमा योगीहरू देख्छन्। संराधान भन्नाले भक्तिध्यानप्रणिधानादि अनुष्ठान हो। शास्त्रसंस्कृत मनःसंराधन र भक्ति, ध्यानादिवाट प्रत्यगात्माको चित्तमा धारणा गर्नु वा राख्नु प्रणिधान हो। संराधनकालमा देखिन्छ भन्नेमा कारण श्रुति स्मृत्ति र प्रत्यक्षानुमान हुन्। अनात्मग्राही इन्द्रिय स्वयम्भूले बनायो अर्थात् हिंसा गऱ्यो। हिंसा त्यो हो जहाँ असदर्थ विषयमा समर्पण हुन्छ। त्यसैले भित्र देख्तैन। कुनै धीरले चाहिं देख्छ। अन्तःकरणप्रसाद भएपछि विशुद्धसत्व पछि ज्ञानप्रसादले देख्छ इत्यादि धेरै श्रुति छन्। ती प्रत्यक्ष भनिन्छन्। अनुमान भनिने स्मृति पनि यसवारे 'सनातन भगवान् योगीहरूले देख्छन्' इत्यादि।

संराध्यसंराधकभावले जीवेश्वरभेदवादको दृढीकरण हुन्छ त ? यसमा उत्तर सूत्रैबाट-

प्रकाशादिवच्चावैशेष्यं प्रकाशश्च कर्मण्यभ्यासात् ।२५।

आदिपदद्वारा आकाश सविताआदिको ग्रहण हुन्छ जस्तै-प्रकाश, आकाश, सविता आदि अङ्गुलिमा असिना जल आदिमा प्रतिविम्वित वा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिबन्धित हुँदा सविशेषजस्ता लाग्छन् । तर, तिनको स्वाभाविकता हराएको हुँदैन । त्यस्तै उपाधिनिमित्तक आत्मभेदको प्रतीति हो, स्वतः त आत्मा एकै छँदैछ । त्यसैले त वेदान्तमा जीवप्राज्ञको अभेदप्रतिपादन पटक-पटक हुने गरेको हो ।

भेद औपाधिक हो भन्दै सूत्रकार सूत्र बनाउँछन्-

अतोऽनन्तेन तथाहि लिङ्गम् ।२६।

अतः= अभेद स्वाभाविक भएकाले, भेद अविद्याकृत भएकैले जीवात्मा प्राज्ञ अनन्तका साथ एकतामा जान्छ । यसबारे लिङ्ग श्रुति जसले परमब्रह्म जान्दछ, आफू पनि ब्रह्म नै हुन्छ, ब्रह्म भएर नै ब्रह्ममा पुग्छ इत्यादि देखिन्छन् ।

यहाँसम्म जीवब्रह्मको आत्यन्तिक ऐक्य प्रतिपादन भएको छ । अब सूत्रद्वयकामाध्यमले भेदाभेदवादको उपस्थापन हुन्छ ।

उभयव्यपदेशात्त्वहिकुण्डलवत् ।२७।

'त्यसपछि त्यसलाई देख्छ' यहाँ भेदव्यपदेश छ । 'तत्त्वमसि' तिमी त्यै हौ, यहाँ अभेदव्यपदेश छ । त्यसैले अहिकुण्डल जस्तै जीवब्रह्ममा भेदाभेद मान्नु उपयुक्त छ । 'अहिः' यो अभेदमा र 'कुण्डलम्' यो भेदमा व्यपदेश छ । त्यस्तै यहाँ पनि ।

भेदाभेदकै विधान्तर-

प्रकाशाश्रयवद् वा तेजस्त्वात् ।२८।

अथवा प्रकाशाश्रय जस्तो यसलाई बुझ्ने । जस्तै प्रकाश सविताको हो प्रकाशाश्रय सविता हो । प्रकाश तदाश्रयका आधारमा भेद र तेजस्त्वका अविशेषका आधारमा अभेद छ । त्यस्तै यहाँ पनि संयोजन गर्नुपर्छ ।

भेदाभेदवादलाई दूषित सिद्ध गर्दै स्वसिद्धान्तको प्रतिष्ठापन गरिन्छ -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्ववद् वा ।२९।

पहिले प्रस्तुत 'प्रकाशादिवच्चावशेष्यम्' सूत्रभाष्यबाट जे निर्णय भएको छ, यहाँ पनि त्यही हो। बन्ध अविद्याकृत हो र विद्याले मोक्ष हुन्छ भेदाभेदवाद श्रुतिसम्मत भए त बन्ध पनि पारमर्थिक हुन जान्छ, पारमार्थिक वस्तु तिरस्कृत नहुने भएकाले मोक्षशास्त्र व्यर्थ हुन जाने पनि दोष छ। श्रुतिले त प्रतिपाद्यत्वेन निर्देश अभेदकै गरेको छ। प्रसङ्गतः पूर्वसिद्ध भेदको अनुवाद मात्र भएको छ। त्यसकारण, प्रकाशादि सूत्रको निर्णय नै उपयुक्त छ।

आफ्नो सिद्धान्तमा हेत्वन्तर -

प्रतिषेधाच्च ।३०।

'योभन्दा द्रष्टा अर्को छैन' परमात्मा बाहेक अर्काको प्रतिषेध भएकोले अभेदनै परमार्थ हो। अर्थात् आदेशो नेति नेति यसबाट ब्रह्ममात्र परिशिष्ट छ, अतः यही नै सिद्धान्त हो।

इति प्रकृत एतावत्त्वाधिकरणम्।

पराधिकरणम् ७

ब्रह्मातिरिक्त सबै निषेध्य हो भन्ने कुरा ठीक छैन। सेत्वादिव्यपदेशबाट वस्त्वन्तरसत्ता मान्नुपर्ने देखिन्छ। द्युभ्वादिमा सेतुसम्बन्धी प्रसङ्ग उठे पनि भेदादिव्यपदेशगति नबुझी आशङ्का उपस्थापन भएको छ, सूत्रैमा-

परमतः सेतून्मानसम्बन्धभेदव्यपदेशेभ्यः।३१।

कतिपयश्रुतिवाक्यको अर्थज्ञान आपातिक मात्र हुनसक्छ, त्यस्तो स्थितिमा ब्रह्मभन्दा अर्को वस्तु प्रतिभास हुनु स्वभाविक हो, त्यस्तो भ्रमनिराकरण गर्ने उद्देश्यको यो प्रयत्न हो।

ब्रह्मभन्दा अर्को तत्त्व छ, त्यो हो विषय। छ वा छैन यो भयो संशय।

Jayatu Sanskrïtam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अव पूर्वपक्ष उठ्छ- अतः = अन्यत्= अर्को ब्रह्मभन्दा अर्को तत्त्व छ। कसरी छ? सेतुव्यपदेश, उन्मानव्यपदेश, सम्वन्धव्यपदेश र भेदव्यपदेशका आधारमा।

'आत्मा सेतु हो धारण गर्छ' आत्मालाई लौकिक सेतु भनेर 'सेतु तरेर' यो प्रयोग गरिएको छ, यसबाट आत्माभन्दा अर्को असेतुमा पुग्ने कुरा वुझिन्छ, यो हो सेतुव्यपदेश।

यो ब्रह्म चार पादयुक्त छ, यसले उन्मान देखाएको छ कार्षापणादि जस्तै ब्रह्मभन्दा भिन्नै वस्तु हो भन्ने वुझिन्छ, उन्मानव्यपदेश यो हो। 'एकादिभानं सङ्ख्या स्यादुन्मान्तु तुलादिकम्' भनेर मापकहरूको वर्गीकरण अन्यत्र गरिएको छ। त्यतिबेला सत्ले सम्पन्न हुन्छ, यहाँ जीव र प्राज्ञको सम्बन्ध झल्किन्छ परिमितको सम्वन्ध हुन्छ, यसबाट ब्रह्मभन्दा अन्य अपरिमित वस्तुको सत्ता वुझिन्छ। सम्वन्धव्यपदेशको स्थिति हो यो।

आदित्यमा यो भित्र छ, श्रुतिले भेदेन ईश्वरद्वयको सङ्कीर्तन गरेको छ, ब्रह्म भन्दा अर्को तत्त्व रहेछ भन्ने वुझ्नुपर्छ।

यसरी सेतु आदि चार व्यपदेशका आधारमा ब्रह्मभन्दा अलग वस्तु छ भन्ने पूर्वपक्षमा सिद्धान्त- प्रतिपादन यसरी भएको छ -

सामान्यात्तु ।३२।

'तु' शब्दले प्रदर्शित व्याप्ति रोकेको छ। ब्रह्मभन्दा अर्को सद्वस्तु छ भन्नेमा प्रमाण छैन। ब्रह्मव्यतिरिक्त कुनै 'अज' वस्तु छैन। 'अग्रकालमा सत्मात्र थियो एकमात्र अद्वितीय' यस श्रुतिद्वारा अवधारण भएकाले।

आत्मामा सेतुशव्दप्रयोग निदर्शनगर्भित हो, जगत्को मर्यादासामान्यका हिसावको सेतुशब्दको प्रयोग हो। 'सेतु तरेर' यसको तर्ने अर्थ सम्भव नहुँदा प्राप्त गर्छ भन्ने अर्थ हो। जस्तै 'व्याकरणमा पारङ्गत' भन्यो भने व्याकरण प्राप्त गरेको हुन्छ, त्यस्तै यहाँ पनि।
द्वितीयहेतु - निरसनकालागि -

बुद्ध्यर्थः पादवत् ।३३।

उन्मानव्यपदेश पनि ब्रह्मव्यतिरिक्त वस्तुमा अस्तित्व वुझाउन सक्तैन। त्यसो भए किन त? वुद्ध्यर्थः=अर्थात् उपासनार्थ हो। चारपाद,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठ खुर, सोन्हकलारूपा बुद्धि । यो ब्रह्ममा कसरी स्थिर हुन्छ? स्थिरताका लागि विकारमाध्यमले ब्रह्ममा उन्मानको कल्पना गरिन्छ । मन्द, मध्यम र उत्तम बुद्धि सवैद्वारा समानरूपमा अविकार, अनन्त ब्रह्ममा स्थापन हुन सक्तैन । त्यसैले मन्दानुग्रहार्थ मन र आकाशका वागादि र अग्न्यादि चार चार पादकल्पना भए जस्तै यहाँ पनि पादकल्पना हो भन्ने बुझ्नुपर्छ । सम्वन्धव्यपदेश र भेदव्यपदेश दुई हेतुको उत्तर यो हो-

स्थानविशेषात्प्रकाशादिवत् ।३४।

'सम्पन्न छ' यहाँ सम्वन्धव्यपदेश हो । एकै वस्तुको स्थानविशेषापेक्षाले सम्वन्ध र भेद दुई व्यपदेश हुनेगर्छन् । सम्बन्धव्यपदेश वुद्ध्यादिस्थानविशेषयोगवाट उद्भूतविशेष विज्ञान उपाधि उपशम पछि शान्त हुन्छ । त्यो सम्वन्ध परमेश्वरमा हो भन्ने दृष्टि उपाधिअपेक्षाले भएको हो परिमितत्वापेक्षाले भएको होइन । जलमा सूर्यविम्वसम्वन्ध हो भन्ने विज्ञान, जलको उपशम पछि उक्त विज्ञान स्वतः शान्त हुन्छ ।

त्यस्तै भेदव्यपदेश पनि व्रह्मको उपाधिभेदापेक्षाले उपचरित हो, स्वरूपभेदापेक्षाले होइन । प्रकाशादिवत् उपमा हो । जस्तै सौर वा चान्द्र तेज उपाधियोगले विशेषरूपमा भान हुन्छ, जुन उपाधिले विशेष भासित भयो त्यो उपाधिको भेदले भेद भासित हुन्छ । उपाधियोगले विशेषता भए उपाधि उपशमबाट सम्वन्धव्यपदेश उपाधिभेदबाट भेदव्यपदेश हुने गरेको हो । अथवा सूची, पाश र आकाशादि उपाधिको उपगममा तद्गतमा प्रकाशसम्वन्ध रहन्छ, त्यसै किसिमबाट भेदव्यपदेश पनि ।

सम्बन्ध र भेद मुख्य नै हुन् औपचारिक किन हुन्छन् । उपरि चर्चित कुरा वस्तुतथ्य हुनसक्तैन । किनभने एकीभावकै सम्बन्धरूपमा कथञ्चित् व्याख्या भएको छ, मुख्यरूपमा भएको छैन, यो कुरा को परिहार सूत्रैबाट भएको छ-

उपपत्तेश्च ।३५।

उक्त सम्बन्धकै उपपत्ति छ, अरूको छैन । आफैं गएको हुन्छ यहाँ स्वरूपससम्बन्ध भनिन्छ, स्वरूप अनपायी हुन्छ, नरनगरन्याय यहाँ घट्तैन । उपाधिकृतस्वरूप तिरोभाव भए आफैंमा गएको हुन्छ, श्रुति उपपन्न हुने हो,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नत्र स्वरूप नै गायब होला । त्यो कल्पना उपयुक्त होइन । हो भने वहुतर श्रुतिप्रसिद्ध एकेश्वरबादमा विरोध होला ।

एकै आकाश, भेदेन व्यपदेशमा श्रुति- पुरुष भन्दा बाहिर आकाश,पुरुषभित्र आकाश, अन्तर्हृदयमा आकाश इत्यादि । अतः भेद पनि अन्यादृश सम्बन्ध हुन सक्तैन ।

स्वपक्षमा हेत्वन्तर-

अन्य प्रतिषेधबाट पनि ब्रह्मभन्दा अर्को वस्तु छैन भन्ने वुझ्नु पर्छ । 'त्यो नै तल छ', 'म नै तल छु', 'आत्मा नै तल छ' सबैले त्यसलाई पराकरण गर्लान् आत्माबाहेक अरू सबै जसले बुझ्ला, 'यहाँ केही पनि नाना छैन', 'सबै ब्रह्म हो, सबै आत्मा हो', 'पर र अपर केही छैन' ब्रह्म अपूर्व अनपर अबाह्य हो इत्यादि अनन्त श्रुतिवाक्य ब्रह्मेतर - वस्तुप्रतिषेधमा देखिन्छन् । सर्वान्तरश्रुति पनि परमात्माभन्दा अन्य अन्तरात्मा होइन भन्ने निश्चित अर्थमा छ ।

अद्वितीय ब्रह्म सर्वगत र सर्वात्मा कसरी हुन्छ ? त्यसबारे सूत्र –

अनेन सर्वगतत्वमायामशब्दादिभ्यः ।३७

सेतु आदि व्यपदेशनिराकरण र अन्य प्रतिषेधसमाश्रयणले आत्मा सर्वगत हो भन्ने सिद्ध भएको छ, नत्र, सर्वगतत्व सिद्ध न होला ।

सेत्वादिव्यपदेशको मुख्यता स्वीकार्दा आत्मा परिच्छिन्न हुने र सेत्वादि नै आत्मा हुने स्थिति आउँथ्यो । त्यस्तै अन्य प्रतिषेध नभए वस्त्वन्तरबाट वस्तुव्यावृत्त हुने कुरा मान्नु पर्थ्यो, त्यसले पनि आत्मा परिच्छिन्नै हुने स्थिति आइपर्थ्यो, त्यसैले सेत्वादिमा औपचारिकता र अन्यप्रतिषेधमा अतद्व्यावृत्तता अङ्गीकार वस्तुगत मर्यादानुसार हो ।

आयामशब्दबाट सर्वगतता 'जति यो आकाश छ' इत्यादिबाटै स्पष्ट छ । आदि पदबाट नित्य, सर्वगत इत्यादि स्मृतिसङ्ग्रह हुन्छ । अतः सर्वगत अन्तरात्मा ब्रह्म हो भन्नेमा श्रुति, स्मृति र न्याय अनुगत छन् ।

इति पराधिकरणम् ।

फलाधिकरणम् ८

ब्रह्मातिरिक्त अर्थनिषेध भएको छ ब्रह्मनिर्विशेष हो, फलदातृत्व त्यसमा हुँदैन यो आशङ्का हो । व्यवहारतः उपपादन गर्दै ब्रह्ममा फलदातृत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्ध गर्नु छ, त्यसका लागि र गत प्रक्रियाले तत्पदलक्ष्यको शोधन भएको छ। अबको प्रक्रिया तत्पदवाच्यार्थनिरूपणार्थ हो भन्ने कुरा सूत्रैबाट जान्न सकिन्छ।

फलमत उपपत्तेः ।३८।

ईशितृ र ईशितव्यको विभाग भएको व्यावहारिक अवस्थामा प्रकृत ब्रह्मको स्वभाव अर्कोखाले हुन्छ, त्यसको वर्णनमा यो अधिकरण हो। इष्ट, अनिष्ट, र मिश्र गरी तीन थरी फल हुन्छन्, तीनै संसारमै हुन्छन्। यो, हो यहाँ विषय। संसारवेलामा कर्मफलदातृत्व ब्रह्ममा छ कि कर्ममा छ ? कर्ममा फलदातृत्व छ भन्छन् कर्ममीमांसक। उनको सिद्धान्तमा फलदातृत्वेन ईश्वर स्वीकार्य छैन। त्यसमा अनादर गर्दै सिदान्ती- फल ईश्वरबाट हुन्छ। किन हुन्छ ? 'उपपत्तेः' ईश्वर नै देश काल निमित्तविशेषका आधारमा कर्मानुरूप फल कर्मानुष्ठातालाई दिन्छ भन्ने मान्नु नै युक्ति सिद्ध छ। कर्म त आशुतरविनाशी हो, प्रतिक्षण विनाशी कर्म कालान्तरभावी फल दिन सक्तैन। कर्म गरे पछि अपूर्व नामको अतिशयविशेष पैदा हुन्छ त्यसले फलमा पुऱ्याउँछ। अनि आफू निवृत्त हुन्छ भन्ने कल्पना पनि अनुपयुक्त छ। अचेतन काष्ठ, लोष्ठ जस्तो अपूर्वचेतनले प्रवर्तन नगर्दा चल्दैचल्दैन। अपूर्व छ भन्ने प्रमाण पनि छैन, तदर्थ अर्थापत्ति प्रमाण छनि त ? ईश्वर नित्य छ, स्थायी छ, कर्मद्वारा आराधित ईश्वरबाटै फल हुन्छ, केवल तर्क अपूर्वसाधक हुनसक्तैन। अतः ईश्वरबाट गतार्थ हुनाले अपूर्व अन्यथासिद्ध छ भन्ने बुझ्नुपर्छ।
श्रुतिसम्मत नहुनाले फलदातृत्व अपूर्वमा छैन-

श्रुतत्वाच्च ।३९।

उपपत्तिका आधारले मात्र फलदाता ईश्वर भनिएको होइन, श्रुतिले पनि ईश्वरलाई नै फलदातृत्वमा किटान गरेको छ। आत्मा महान् छ, अज छ अर्थीलाई अन्न धन दिन्छ। अन्न धनको प्राप्ति दुवै कर्मफल हुन्। अर्थात् भोगार्थीलाई भोग र अपवर्गार्थीलाई अपवर्ग ईश्वरले दिन्छ। यस्ता अनेक श्रुतिद्वारा।

पूर्वपक्षरूपमा कर्ममीमांसासिद्धान्त सूत्रद्वारा निरूपित हुन्छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नत्र स्वरूप नै गायब होला। त्यो कल्पना उपयुक्त होइन। हो भने वहुतर श्रुतिप्रसिद्ध एकेश्वरबादमा विरोध होला।

एकै आकाश, भेदेन व्यपदेशमा श्रुति- पुरुष भन्दा बाहिर आकाश,पुरुषभित्र आकाश, अन्तर्हृदयमा आकाश इत्यादि। अतः भेद पनि अन्यादृश सम्वन्ध हुन सक्तैन।

स्वपक्षमा हेत्वन्तर-

अन्य प्रतिषेधबाट पनि ब्रह्मभन्दा अर्को वस्तु छैन भन्ने वुझ्नु पर्छ। 'त्यो नै तल छ', 'म नै तल छु', 'आत्मा नै तल छ' सवैले त्यसलाई पराकरण गर्लान् आत्मावाहेक अरू सबै जसले बुझ्ला, 'यहाँ केही पनि नाना छैन', 'सबै ब्रह्म हो, सबै आत्मा हो', 'पर र अपर केही छैन' ब्रह्म अपूर्व अनपर अबाह्य हो इत्यादि अनन्त श्रुतिवाक्य ब्रह्मेतर - वस्तुप्रतिषेधमा देखिन्छन्। सर्वान्तरश्रुति पनि परमात्माभन्दा अन्य अन्तरात्मा होइन भन्ने निश्चित अर्थमा छ।

अद्वितीय ब्रह्म सर्वगत र सर्वात्मा कसरी हुन्छ ? त्यसबारे सूत्र –

अनेन सर्वगतत्वमायामशब्दादिभ्यः ।३७

सेतु आदि व्यपदेशनिराकरण र अन्य प्रतिषेधसमाश्रयणले आत्मा सर्वगत हो भन्ने सिद्ध भएको छ, नत्र, सर्वगतत्व सिद्ध न होला।

सेत्वादिव्यपदेशको मुख्यता स्वीकार्दा आत्मा परिच्छिन्न हुने र सेत्वादि नै आत्मा हुने स्थिति आउँथ्यो। त्यस्तै अन्य प्रतिषेध नभए वस्त्वन्तरबाट वस्तुव्यावृत्त हुने कुरा मान्नु पर्थ्यो, त्यसले पनि आत्मा परिच्छिन्नै हुने स्थिति आइपर्थ्यो, त्यसैले सेत्वादिमा औपचारिकता र अन्यप्रतिषेधमा अतद्व्यावृत्तता अङ्गीकार वस्तुगत मर्यादानुसार हो।

आयामशब्दबाट सर्वगतता 'जति यो आकाश छ' इत्यादिबाटै स्पष्ट छ। आदि पदबाट नित्य, सर्वगत इत्यादि स्मृतिसङ्ग्रह हुन्छ। अतः सर्वगत अन्तरात्मा ब्रह्म हो भन्नेमा श्रुति, स्मृति र न्याय अनुगत छन्।

इति पराधिकरणम्।

फलाधिकरणम् ८

ब्रह्मातिरिक्त अर्थनिषेध भएको छ ब्रह्मनिर्विशेष हो, फलदातृत्व त्यसमा हुँदैन यो आशङ्का हो। व्यवहारतः उपपादन गर्दै ब्रह्ममा फलदातृत्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्ध गर्नु छ, त्यसका लागि र गत प्रक्रियाले तत्पदलक्ष्यको शोधन भएको छ। अबको प्रक्रिया तत्पदवाच्यार्थनिरूपणार्थ हो भन्ने कुरा सूत्रैबाट जान्न सकिन्छ।

फलमत उपपत्तेः ।३८।

ईशितृ र ईशितव्यको विभाग भएको व्यावहारिक अवस्थामा प्रकृत ब्रह्मको स्वभाव अर्कोखाले हुन्छ, त्यसको वर्णनमा यो अधिकरण हो। इष्ट, अनिष्ट, र मिश्र गरी तीन थरी फल हुन्छन्, तीनै संसारमै हुन्छन्। यो, हो यहाँ विषय। संसारवेलामा कर्मफलदातृत्व ब्रह्ममा छ कि कर्ममा छ ? कर्ममा फलदातृत्व छ भन्छन् कर्ममीमांसक। उनको सिद्धान्तमा फलदातृत्वेन ईश्वर स्वीकार्य छैन। त्यसमा अनादर गर्दै सिदान्ती- फल ईश्वरबाट हुन्छ। किन हुन्छ ? 'उपपत्तेः' ईश्वर नै देश काल निमित्तविशेषका आधारमा कर्मानुरूप फल कर्मानुष्ठातालाई दिन्छ भन्ने मान्नु नै युक्ति सिद्ध छ। कर्म त आशुतरविनाशी हो, प्रतिक्षण विनाशी कर्म कालान्तरभावी फल दिन सक्तैन। कर्म गरे पछि अपूर्व नामको अतिशयविशेष पैदा हुन्छ त्यसले फलमा पुऱ्याउँछ। अनि आफू निवृत्त हुन्छ भन्ने कल्पना पनि अनुपयुक्त छ। अचेतन काष्ठ, लोष्ठ जस्तो अपूर्वचेतनले प्रवर्तन नगर्दा चल्दैचल्दैन। अपूर्व छ भन्ने प्रमाण पनि छैन, तदर्थ अर्थापत्ति प्रमाण छनि त ? ईश्वर नित्य छ, स्थायी छ, कर्मद्वारा आराधित ईश्वरबाटै फल हुन्छ, केवल तर्क अपूर्वसाधक हुनसक्तैन। अतः ईश्वरबाट गतार्थ हुनाले अपूर्व अन्यथासिद्ध छ भन्ने बुझ्नुपर्छ।
श्रुतिसम्मत नहुनाले फलदातृत्व अपूर्वमा छैन-

श्रुतत्वाच्च ।३९।

उपपत्तिका आधारले मात्र फलदाता ईश्वर भनिएको होइन, श्रुतिले पनि ईश्वरलाई नै फलदातृत्वमा किटान गरेको छ। आत्मा महान् छ, अज छ अर्थीलाई अन्न धन दिन्छ। अन्न धनको प्राप्ति दुवै कर्मफल हुन्। अर्थात् भोगार्थीलाई भोग र अपवर्गार्थीलाई अपवर्ग ईश्वरले दिन्छ। यस्ता अनेक श्रुतिद्वारा।

पूर्वपक्षरूपमा कर्ममीमांसासिद्धान्त सूत्रद्वारा निरूपित हुन्छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मं जैमिनिरत एव ।४०।

जैमिनि आचार्य फलदाता धर्मलाई मान्छन्। अतएव श्रुति र उपपत्तिबाट, यो अर्थमा श्रुति स्वर्गकामी यज्ञ गरोस् इत्यादि। यो विधिश्रुति हो, विषयभावको यस्ता श्रुतिले निर्देश गर्छन्। यसबाट स्वर्गफलको उत्पादक याग हो भन्ने बुझिन्छ। यस्तो कुरा नमान्ने हो भने त याग अननुष्ठातृक होला, श्रुतिको उपदेश पनि व्यर्थ होला।

अनुक्षणविनाशी कर्म हुनाले फल दिनसक्तैन। अतः यो पक्ष परित्यक्त हो भन्नु पनि सर्वथा नमिल्ने देखिन्छ,। धर्मको फलदातृतामा श्रुति नै प्रमाण छ। श्रुति प्रमाण हो भन्ने मान्यतामा श्रुतिबाट कर्मफलसम्बन्धबारे जस्तो व्यवस्था छ त्यस्तै मान्नुपर्छ। क्षणविनाशी कर्म अपूर्व पैदा नगरी कालान्तरभावी फल दिनसक्तैन। अतः कर्मको सूक्ष्म कुनै उत्तरावस्था अथवा फलको पूर्वावस्था अपूर्व नामको केही छ भन्ने मान्नु पर्ने हुन्छ। उक्त प्रकारले चर्चित अर्थ उपपन्न छ। ईश्वर फलदाता हो भन्ने पक्ष ठीक छैन। अविचित्र र एकस्वभावका कारण विचित्र अनेकस्वभावको कार्य उत्पादक हुनसक्तैन, वैषम्य नैर्घृण्यदोष हुन्छ, कर्मानुष्ठानवैयर्थ्य पनि हुन्छ। त्यसकारण धर्मबाटै फल हुन्छ भन्ने निश्चित छ।

सिद्धान्तपक्ष-

पूर्वन्तु बादरायणो हेतुव्यपदेशात् ।४१।

बादरायणआचार्य पूर्वोक्त ईश्वर फलहेतु हो भन्छन्। केवल कर्मबाट वा केवल अपूर्वबाट फल हुन्छ भन्ने पक्ष सूत्रको 'तु' शब्दले व्यावर्तन गरेको छ। कर्मको अपेक्षाबाट वा अपूर्वको अपेक्षाबाट फल हुन्छ भन्ने मान्यताको सट्टा ईश्वरबाट फल हुन्छ भन्ने मान्यता सिद्धान्त हो। कसरी हो ? उत्तर- हेतुव्यपदेशात्। धर्माधर्मको हेतु ईश्वर कारयितृत्वेन हो भने फलको हेतु दातृत्वेन हो। एतदर्थपोषक श्रुति यो नै साधु कर्म गराउँछ, जसलाई यो लोकबाट माथि लानुछ। उही नै असाधु कर्म गराउँछ जसलाई तलतिर लानुछ,आएका छन्। स्मृतिपनि मेरा जुन जुन तनुको श्रद्धापूर्वक अर्चन गर्ने भक्त छ ती ती भक्तलाई त्यही अचला श्रद्धा हुने गराइदिन्छु। त्यस्तो श्रद्धायुक्त ईश्वर आराधना चाहन्छ भने त्यस्ताका सम्पूर्ण कामना पूरा हुन्छन् ती सबै म बाटै प्रेरित हुन् इत्यादि छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै वेदान्तमा ईश्वर नै सृष्टिकर्ता मानिएको छ। त्यही नै ईश्वरको फलहेतुता हो जुन स्वकर्मानुरूप प्रजाको सृष्टि गर्छ विचित्र कार्यानुपपत्तिरूप पूर्वोक्त दोष प्रयत्नकर्ताको अपेक्षाले फलहुने हुँदा ईश्वरमा त्यो लागू हुँदैन।

इति फलाधिकरणम्

तृतीय अध्याय
तृतीयपाद

विज्ञेय ब्रह्मतत्वको व्याख्या भयो। तत्प्रसङ्गमा तात्त्विक र अतात्त्विक दुईरूप ब्रह्मकै हुन् भन्ने पनि आएको छ। अब यस पादमा विशेषतः ब्रह्मज्ञानसाधनीभूत उपासनास्वरूपप्रदर्शनपूर्वक विचार्य छ।

सर्ववेदान्तप्रत्ययाधिकरणम् १

प्रतिवेदान्त विज्ञानभेदाभेदचिन्ताको प्रवर्तन गर्दै सूत्रकार-

सर्ववेदान्तप्रत्ययं चोदनाद्यविशेषात् ।१।

पूर्वापरभेदरहित ब्रह्म एक छ, एकरूप छ, तद्विषयक विचार पनि तद्रूप नै हो, अनि त विज्ञानभेदाभेदचिन्ताको अवसर नै देखिंदैन। त्यसोभए के गर्ने त? सगुणब्रह्मविषयक र प्राणादिविषयक चिन्ता हुनसक्छ भन्ने कुरा प्रतिपादन गर्ने। कर्मजस्तै उपासनामा पनि भेद हुनसक्छ, कर्म जस्तै उपासना पनि दृष्टफल र अदृष्टफल दिने हुन्छन्। क्रममुक्तिफल दिने कुनै हुन्छन् भने कुनै सम्यग्ज्ञानको उत्पत्तिमा माध्यम हुन्छन्, यस्ता विषयमा चिन्ता हुनु स्वाभाविकै हो। अब संशय छ- प्रतिवेदान्त विज्ञान भिन्नै हुन् कि, होइनन्। प्रतिवेदान्त विज्ञान भिन्न हुन् तत्तत् स्थानमा नामभेद, रूपभेद, धर्मभेद र पुनरुक्ति आदि भेद देखिन्छन्। अतः प्रतिवेदान्त विज्ञानभेद छ, यो पूर्वपक्षयुक्ति हो।

सिद्धान्तीको उत्तर छ- सर्ववेदान्तप्रत्यय एकै विज्ञान हो। किन हो ? उत्तर छ- चोदनादयविशेषात्। आदिपदले शाखान्तराधिकरणसिद्धान्तसूत्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'एकं वा संयोगरूपचोदनाख्याविशेषात्'मा प्रतिपादित अभेदहेतु यहाँ आकर्षण गर्नुपर्छ भन्ने बुझाँउछ। चोदना भन्नाले पुरुषप्रयत्न आउँछ। शाखाभेद भए पनि चोदना उस्तै हुन्छ- हवन गरोस् जस्ता। त्यस्तै यहाँ पनि प्राणज्येष्ठतावारेको ज्ञानविषयक पुरुषप्रयत्न, जुनसुकै शाखामा त्यो समान नै हुन्छ।

त्यस्तै प्राणको ज्येष्ठत्व, श्रेष्ठत्वआदि फलसंयोग पनि उस्तै हो, शाखाभेदले भेद हुँदैन। जस्तै यागमा एक शाखागतरूप द्रव्य, देवता जुन हुन्छन्, शाखान्तरमा पनि तिनै हुन्छन्। त्यस्तै ज्ञान पनि एकत्व, प्राण र ज्येष्ठत्वादिविषयक हो। शाखान्तरमा त्यही हो। सामाख्या पनि फरक पर्दैन एक शाखामा भनिएको प्राणविद्या शाखान्तरमा प्राणविद्या नै हुन्छ। उपर्युक्त अनेक युक्तिले सबै वेदान्त प्राणविज्ञान, एक वेदान्तमा जस्तै अन्य वेदान्तमा पनि हो भन्ने सिद्ध भएको छ।

कठादि नाम भेद पनि विद्याभेदको प्रयोजक होइन। प्रवचनका आधारमा नाम हुन् काठक आदि, ती पौरुषेय हुन्, अतः उपासनाका विषय होइनन्।

पूर्वतन्त्रन्यायले प्रतिवेदान्तविद्या एकै हो भन्ने मान्नुपर्ने स्थितिमा प्रस्तुत अधिकरण किन त ? आशङ्कामा यहाँ पनि विशेष छ भन्दै सूत्र–

भेदान्नेति चेन्नैकस्यामपि ।२।

विज्ञानगत गुणभेद हुनाले सर्ववेदान्तप्रत्ययविज्ञान एक हुनसक्तैन। वाजसनेयी, 'अग्नि अग्नि हो भनेर छैटौं अग्नि भन्छन्।' अब यिनै पाँच अग्नि जान्दछ भन्छन् छन्दोग पाँचैमात्र, यसरी देखिने रूपभेदले विद्याभेदलाई बुझाँउछ भन्ने पक्षको उत्थापन भएको छ।

उत्तर दिँदै भन्छन्- एकै विशेष्यको रूपभेदले विशेष्यभेदको सिद्धि गर्दैन। दुवै शाखामा साम्पादिक अग्निको समता छ। छैटौं अग्निको कुरा त उपास्यबाहिरको हो। अतः विद्या एकै हो।
अब धर्मभेदनिराकरण हुन्छ-

स्वाध्यायस्य तथात्वेन हि समाचारेऽधिकाराच्च सववच्च तन्नियमः ॥३॥

आथर्वणिकको शिरोव्रत छ। शिरोव्रतादिधर्मविशेषले विद्याभेद हुन्छ भन्ने पक्ष निराकरण गर्दै भन्छन्- शिरोव्रत आदि स्वाध्यायधर्म हुन्, विद्याधर्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होइनन् । कसरी ? उत्तर- तथात्वेन हि समाचार, त्यही धर्मरूपमा वेदोपदेशपरकग्रन्थले व्याख्या गरेको छ ।

पुनः 'अचीर्णव्रतीले पढ्दैन' यो श्रुतिले अधिकार देखाएको छ । अधिकृतविषयक एतत्शब्दबाट र अध्ययनशब्दबाट आफ्नो शाखागत वेदाध्ययनधर्म नै यो हो भन्ने निश्चय गर्नुपर्छ ।

'सववच्च तन्नियमः' यो उदाहरण हो । सव यज्ञविशेष हो । सप्त सौर्यादि सव शत ओदनसम्म हुन्छन्, त्यस्ता सव वेदप्रतिपादित त्रेताग्निसम्वन्धी हुँदैनन्, केवल अथर्वप्रतिपादित एकाग्नि सम्वन्धी हुन्छन्, यसले सोझै त्यस्ताकाम आथर्वणिकका लागिमात्र हुन् भन्ने टुङ्गो लाग्छ। त्यस्तै यहाँ प्रस्तुत धर्म स्वाध्यायविशेषसम्वन्धी हुनाले स्वाध्यायकै धर्म हो भन्ने टुङ्गो लाग्छ । त्यसकारण पनि विद्यामा एकता छ भन्ने कुरा निष्कलङ्क छ ।

वेद्यमा अभेद छ, त्यसैले विद्या पनि एकै हो, सूत्र यस्तो छ–

दर्शयति च ।४।

वेदले नै विद्यामा एकता देखाएको छ । सबै वेदले जुन पदको आमनन गर्छन् । त्यस्तै यसैको खोजी ठूलो उक्थमा ऋग्वेदीले गर्छन्, यजुर्वेदीहरू अग्निमा खोज्छन्, सामवेदी महाव्रतनामक छन्दोविशेषमा खोज्छन् । फेरि 'बज्र उठाउँने देखि ठूलो डर छ' भन्ने ईश्वरगुण भयको, भेददर्शन निन्दाप्रसङ्गमा परामर्श भएको छ । त्यस्तै वाजसनेयी श्रुतिले प्रादेशमात्र भनिएको वैश्वानर छान्दोग्यले सिद्धवत् ग्रहण गरेको छ । विद्याको एकता निर्गुण ब्रह्मसम्बन्धी हो तापनि तत्सन्निधिपाठका हिसावले सगुणविद्यामा पनि एकता छ भन्ने सिद्ध भएको छ । साथै सर्ववेदान्तप्रमाणकत्वेन उपासनामा पनि प्रायदर्शनन्यायले एकता सिद्ध भएको छ ।

इति सर्ववेदान्तप्रत्ययाधिकरणम् ।

उपसंहाराधिकरणम् २

सबै शाखामा विद्या एकै हो भन्ने चिन्ताको फलप्रदर्शनार्थ यो अधिकरण हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपसंहारोऽर्थाभेदाद्विधिशेषवत्समाने च ।५।

पूर्वविचारफल यस सूत्रबाट आउँछ। त्यसैले प्रयोजनसूत्र यो हो। विद्याको एकत्व फल हो। एकशाखामा प्रतिपादित विद्यागुणको उपसंहार शाखान्तरमा समानविद्यामा हुने गरेको छ। त्यो किन हुने गरेको हो ? उत्तर छ- 'अर्थाभेदात्'। 'विधिशेषवत्' यो निदर्शन हो, जस्तै विधिशेष अग्निहोत्रादि धर्मको एकै अग्निहोत्र हो भनेर अन्यत्र उपसंहार गरिन्छ, त्यस्तै यहाँ विज्ञानबारे पनि विज्ञानभेद हुने भए त विज्ञानान्तरमा निवद्धगुण प्रकृतिविकृति नहुने भएकाले उपसंहार हुने थिएन। विज्ञान एकै हो भन्ने सिद्धान्तमा त्यस्तो कुरा छैन। यही प्रयोजनसूत्रको प्रपञ्च 'सर्वाभेदात्' (ब्र.सू. ३।३।१०) बाट हुनेछ।

इति उपसंहाराधिकरणम्।

अन्यथात्वाधिकरणम् ३

'चोदनाद्यविशेषात्' यो उत्सर्ग हो यसको अपवादार्थ यो अधिकरण हो ।

अन्यथात्वं शब्दादिति चेन्नाविशेषात् ।६।

तिनीहरूबाट यो प्राणले उद्‌गान गऱ्यो वाजसनेयमा यस्तो छ, छान्दोग्यमा भने 'जुन यो मुख्यप्राण हो त्यसलाई उद्‌गीथरूपमा उपासना गरे' यस्तो, उक्त दुईविद्या एक हुन् वा पृथक् यो छ संशयको रूप। सिद्धान्तवीज लिएर एकविद्यावादी निराकरण गर्छ अन्यथात्वम् पूर्वोक्तन्यायले विद्या एउटै हो।

पुनः शङ्का-एकतिर प्राणलाई उद्‌गीथकर्ता र अर्कोतिर उद्‌गीथ यो भेद भएकैले विद्या एक होइन।

यसको उत्तर छ- 'न' उक्त कुरा होइन। किन ? उत्तर 'अविशेषात्' मुख्य प्राणको आधारले असुरविध्वंसनादि श्रुत छन्। त्यसैले छान्दोग्यको उद्‌गीथवाक्य पनि तत्कर्तृत्वमा लक्षित वुझ्नुपर्छ। त्यसहेतु विद्या एकै हो। यसको उत्तर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

न वा प्रकरणभेदात्परोवरीयस्त्वादिवत् ।७।

विद्या एकै हो भन्नु यहाँ न्यायसङ्गत होइन, यहाँ त न्यायसङ्गत विद्याभेद नै हो। किन? प्रकरणभेदात् प्रक्रमभेद भएकाले। छान्दोग्यमा-ओमअक्षरको उपासना अद्गीथरूपमा गर यस्तो उद्गीथको अवयव ओम्को छ प्रस्तुति। प्रस्तुतिका आधारमा उद्गीथ अवयव ओंकारमा प्राणदृष्टि गर्ने वाजसनेयकमा त्यस्तो कुनै कारण छैन त्यसैले सकलभक्तिको हुन्छ निर्देश। 'परोवरीयस्त्वादिवत्' यो उदाहरण हो। जस्तै उपासनामा साम्य भए पनि विशेषगुणयोगले भिन्न हुनजान्छ। आदित्यान्तर्गत हिरण्यश्मश्रुत्वादिविशिष्ट उद्गीथ र परोवरीयस्त्वगुणविशिष्ट उद्गीथ भिन्न हुन्। त्यसैले ती दुई उपासना पनि भिन्न हुन्। त्यस्तै यहाँ पनि बुझ्नु पर्दछ।

संज्ञा एकै हुनाले एकै हो भन्ने पूर्वपक्षको उद्भावन गर्दै दूषण प्रदर्शित गर्छन्-

संज्ञातश्चेत्तदुक्तमस्ति तु तदपि ।८।

नाम एकैहुनाले विद्या एकै हो भन्नु ठीक छैन। त्यसको उत्तर पूर्वसूत्रवाटै भइसकेको छ। पुनरपि श्रुतिको अर्थक्रममा अक्षरपर्यालोचनसिद्ध अर्थ नै अर्थ हुन्छ। त्यो अर्थभेदप्रत्यय हो। अन्तरङ्ग त्यही हो। संज्ञाएकत्वको कल्पना त व्यवहार गर्ने मान्छेबाट भएको हो। त्यसैले श्रुतिवाह्य हो। बाह्य भएकाले वहिरङ्ग हो पौरुषेय भएकाले सापेक्ष पनि हो। अवयवरूपमा प्रसिद्ध भेदगत परोवरीयस्त्वादि उपासनामा संज्ञा एकत्व छ। संज्ञैकत्व भए पनि त्यो अप्रयोजक भएकाले विद्याको एकतासाधक हुँदैन भन्ने चर्चा पूर्वसूत्रमा नै भइसकेको छ। जहाँ यस्तो प्रकारको भेदहेतु हुँदैन त्यस्तो ठाउँमा संज्ञैकत्वबाट विद्यैकत्व हुन्छ। जस्तो संवर्गविद्यामा। यहाँ भने हेतु छैन।

इति अन्यथात्वाधिकरणम्।

व्याप्त्यधिकरणम् ४

प्रक्रमभेदले विद्याभेद हुन्छ भन्ने निर्धारण भएको छ। अब अक्षर र उद्गीथमा विशेष्यविशेषणभावको निरूपणमा यो अधिकरण प्रवृत्त छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्याप्तेश्च समञ्जसम् ।९।

'ओम् यो अक्षर उद्‌गीथको उपासना गर' यहाँ अक्षर र उद्‌गीथशब्दको सामानाधिरकण्य प्रतीत हुन्छ । सामांनाधिकरण्यमा अध्यास, अपवाद, एकत्व र विशेषण गरी चारपक्षको हुन्छ प्रतिभास । अतत्‌मा तद्‌बुद्धि अध्यास हो । अव अक्षरमा उद्‌गीथ बुद्धि हुन्छ कि ? उद्‌गीथमा अक्षरबुद्धि । बाध अपवाद हो । अब अक्षरबुद्धिले उद्‌गीथवुद्धि निवृत्त हुन्छ कि उद्‌गीथबुद्धिले अक्षरवुद्धि निवर्तित हुन्छ । एकत्व हो वास्तविक अभेद, त्यो त अक्षर र उद्‌गीथशब्दमा अनतिरिक्तवृत्ति हो । विशेषण व्यावर्तक हो, उद्‌गीथ जुन ओम्‌कार हो त्यसको उपासना गर भन्ने अर्थ आउँछ । यसरी सामानाधिरण्य वाक्यविचारगर्दा उक्त चारपक्ष प्रतिभास हुन्छन् । तीमध्ये एकको निर्णय गर्ने कारण नभएकाले अर्थको टुङ्गो यहाँ लाग्दैन भन्ने उत्थित आशङ्काको समाधानार्थ सूत्र हो-

व्याप्तेश्च समञ्जसम् ।

सूत्रको 'च' शब्द 'तु' को सट्टामा आएको हो । त्यसले पूर्वपक्षको प्रसङ्गका चारपक्षमध्ये तीन पक्षको व्यावर्तन गरेको छ । तीनपक्ष यहाँको अर्थमा असङ्गत हुनाले अग्राह्य हुन् । विशेषणपक्षमात्र निर्दुष्ट हो र ग्राह्य छ । प्रत्येक ऋक्‌मा र यजुका प्रत्येक अनुवाक्‌मा ओमको छ व्याप्ति । यो स्थितिमा कुन ओम्‌को ग्रहण गर्ने ? दुविधा पर्न जान्छ, । यस्तो अपेक्षा पूरा गर्छ उद्‌गीथले यर्थात् उद्‌गीथशब्द अक्षरको विशेषताबोधक हो ।

उद्‌गीथको अवयवभूत ओङ्कार किन लिने? यस पक्षमा पनि त लक्षणा गर्नैपर्छ, उद्‌गीथपदले तदवयवभूतओङ्कार लक्षित भएकै छ । यो कुरा सत्य त हो, तर, यहाँ मिल्दैन, लक्षणा भन्दैमा सबै एकै हुँदैनन् । सन्निकर्ष र विप्रकर्ष लक्षणामा पनि हुन्छ । अध्यासपक्षमा अर्थान्तरबुद्धि अर्थान्तरमा लानुपर्छ त्यसो गर्दा विप्रकृष्टा लक्षणा हुन जान्छ । विशेषणपक्षमा त अवयविवाचकशब्दले अवयव लिनुपर्ने हुन्छ । त्यसैले सन्निकृष्टा लक्षणा हो । समुदायका निमित्त प्रयुक्त शब्द अवयवमा पनि लागेका देखिएका छन् पट ग्राम आदिमा । व्याप्तिरूप हेतुले ओम्‌भनिनेअक्षर यसमा उद्‌गीथम् हो । यो विशेषण हो भन्ने स्वीकार्दा सबै समञ्जस् हुन्छ र यही कुरा अनिन्दनीय र अनालोच्य छ ।

इति व्याप्ति अधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वाभेदाधिकरणम् ५

उद्गीथविशेषणक ओम् उपास्य हो भने जस्तै तत्तम्गुणविशिष्ट प्राणको उपासना हुन सक्छ भन्ने पक्ष निराकरणका लागि यो अधिकरण हो-

सर्वाभेदादन्यत्रेमे ।१०।

संमत अर्थ विषयरूपमा प्रस्तुत छ। वाक्‌मा वसिष्ठत्व छ, वाग्मी सुखपूर्वक बस्छ चक्षुको प्रतिष्ठा गुण हो, चक्षुष्मान्‌को पादप्रतिष्ठा देखिन्छ। श्रोत्र सम्पद्‌गुणयुक्त हो। श्रवणबाट सबै अर्थ बुझिन्छन्। आयतनगुणक मन हो। त्यसको वृत्तिद्वारा सर्वभोग्याश्रयता रहन्छ। यस्तो हुँदाहुँदै पनि प्राण श्रेष्ठ हो भन्ने निश्चय गरेर वागादिद्वारा आफ्नो अस्तित्व प्राणमा अर्पित भयो भन्ने वाजिश्रुति र छन्दोगश्रुतिको संमत अर्थ छ।

उक्त उभयश्रुतिगत विषय अनुसार 'म श्रेय हुँ' भनेर आफ्नो कल्याणार्थ विवाद गर्ने, इत्यादिको उपसंहार कौषीतकिको प्राणसंवादमा हुन्छ कि हुँदैन ? यो संशय उत्थित भएको छ, यस पछि जुन यसप्रकार विद्वान् यस्तो वाजसनेयि ब्राह्मणघटक एवं शब्द प्रयोगले प्रकृतसम्बन्ध बुझाउँछ, त्यसैले कौषीतकि प्राणसंवादमा यसको उपसंहार हुनसक्तैन भन्ने अभिप्राय छ, पूर्वपक्षमा।

सिद्धान्ती उक्त कुरा मान्दैनन्। उक्त वसिष्ठत्वादि गुणको उपसंहार अन्यत्र पनि हुनसक्छ भन्छन्। किन हुन्छ ? उत्तर छ- सर्वाभेदात् सबै श्रुतिमा प्रतिपादित प्राणविज्ञान अभिन्नरूपमा बुझिन्छ। किनभने, प्राणसंवादआदिमा उस्तै उस्तै स्थिति छ। बाजिश्रुतिको एवकार कौषीतकिमा उपसंहारको बाधक हो भन्न मिल्दैन। किनभने एवकारले सन्निहितशब्दको मात्र परामर्श गर्दैन, अपि तु 'यत्' शब्दले बुझाएको अर्थभित्र सबैको परामर्श हुन्छ। जस्तै जसको पर्णमयी जुहू हुन्छ त्यसले पापको कुरा सुन्दैन। यो श्रुति छ। जुहूभन्ने वस्तु यज्ञमा चाहिन्छ, जूहूवाक्य यज्ञपदघटित छैन। नभए पनि बुद्धिसन्निधापित क्रतुको हुन्छ उपस्थिति। त्यस्तै यहाँ पनि एवशब्दबाट बुझिने उत्कृष्ट गुण नै हो। त्यसमा स्वशाखा वा परशाखाभेद मान्नुपर्दैन। एकशाखामा श्रवणभएका गुण सर्वत्र श्रवणभएका मानिन्छन्। जहाँ गुणवान्‌को भेद हुँदैन। शौर्यादिगुणले स्वदेशमा प्रसिद्ध देवदत्त देशान्तरमा जाँदा त्यहाँकाले थाहा नपाए पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शौर्यादिगुणहीन हुँदैन । बरु परिचय पाएपछि विशेष रूपमा समादृत हुन्छ। त्यस्तै प्रतिपादनशैलीविशेषले एक शाखामा प्रतिपादित गुण शाखान्तरमा सञ्चरित हुनसक्छन् ।अतः एक प्रधानसँग सम्वन्धित धर्म एकठाउँमा भनिएका भए पनि सर्वत्र उपसंहार हुनसक्छन् ।

इति सर्वाभेदाधिकरणम् ।

आनन्दादिअधिकरणम् ६

प्राण सविशेष हो, त्यसैले शाखान्तरमा उपसंहार हुन सक्ला । ब्रह्म त निर्विशेष हो तत्प्रमिति स्वशाखाबाटै हुनसक्छ, शाखान्तर उपसंहार व्यर्थ छ । यसमा उत्तर निम्न सूत्र हो -

आनन्दादयः प्रधानस्य ।११।

ब्रह्मप्रतिपादन गर्ने श्रुतिमा आनन्दरूप, विज्ञानघन, सर्वगत, सर्वात्मा यस्ताखाले ब्रह्मका धर्म हुन् भनेर कहिले कतै सुनिन्छन् । अब ती धर्म तत्तत् ठाउँमामात्रै मान्ने हो कि सवैधर्म सवैतिर मान्ने हो भन्ने सशंय छ ।

प्राणको विशेषता जस्तो विशेषता ब्रह्ममा छैन, तदर्थशाखान्तरगत गुणको उपसंहार ब्रह्ममा गर्नु पर्दैन, अभिप्राय यो पूर्वपक्षको हो ।

सिद्धान्त त्यस्तो होइन, प्रधान ब्रह्म हो आनन्दादि सबै गुण प्रधानकै हुन्, यही मान्नुपर्छ । किन मान्ने ? उत्तर छ- पूर्वसूत्रवाट अनुवृत्त सर्वाभेदात् । सर्वत्र प्रधानब्रह्म हो त्यसको भेद कुनै शाखामा पनि हुँदैन । निर्विशेषब्रह्ममा गुणोपसंहार कसरी होला? सत्य ज्ञान, आनन्दादिपदको अर्थ अनृत जड दुःखात्मकता र भ्रान्तिव्यावर्तन गर्नेमा टुङ्गिन्छ, ती ती पदले अखण्ड एकरस ब्रह्मोपपादनमा सहयोग गर्छन् । अतः पूर्वाधिकरणन्यायले उक्त गुणोपसंहार ब्रह्ममा हुने कुरा सिद्ध छ ।

त्यसो भए प्रियशिरस्त्वादिको प्रसक्ति ब्रह्ममा होला भन्ने शङ्का समाधान गर्दै सूत्रकार-

प्रियशिरस्त्वाद्यप्राप्तिरुपचयापचयौ हि भेदे ।१२।

आनन्दमयाधिकरणमा प्रतिपादित प्रियशिरस्त्वादिको प्राप्ति ब्रह्ममा छैन । अप्राप्तिमा हेतु छन्- प्रियता, मोद, प्रमोद र आनन्द । यस्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मपरम्परा अपेक्षाले घट्ने बढ्ने हुन्छन् र घट्ने बढ्ने भन्ने कुरा भेदमा लागू हुन्छ। ब्रह्म निर्भेद छ, निर्विशेष छ, एक छ र अद्वितीय छ भन्ने निर्देश श्रुतिको नै छ। ती ब्रह्मधर्म किन हुँदैनन् ? भन्ने विवरण आनन्दमयोभ्यासात् सूत्रविवरणमा भएको छ।

जहाँ जहाँ ज्ञेय ब्रह्मनिरूपण हुन्छ त्यहाँ सत्यकामत्वादि प्राप्त छन् भन्दै सूत्र–

इतरेत्वर्थसामान्यात् ।१३।

ब्रह्मप्रतिपादनका लागि भनिने आनन्दादिधर्म अर्थसामान्यका आधारमा धर्मी एकै ब्रह्म भएकाले सबैधर्म सबैतिर सम्बन्धित हुन्छन्। फलतः सत्यत्व, ज्ञानत्व, आनन्दत्व, आत्मत्व र पूर्णत्व यी पाँच पदार्थ ज्ञानाधिकारमा सर्वत्र उपसंहार हुनैपर्छ भन्ने सिद्ध छ।

इति आनन्दादिअधिकरणम्।

आध्यानाधिकरणम् ७

अनुपसंहार्य अर्थादिपरत्वरूप धर्ममा ब्रह्मप्रमिति-उपायत्वको प्रदर्शन गर्दै-

आध्यानाय प्रयोजनाभावात् ।१४।

'इन्द्रिय भन्दा अर्थ पर, अर्थभन्दा मन पर, मनभन्दा वुद्धि पर' भन्दै पुरुषभन्दा पर केही छैन त्यो अन्तिम हो, परा गति पनि त्यही हो भनिएको छ। यहाँ अर्थादि प्रत्येकमा परत्व विवक्षित छ कि पुरुषमा छ। प्रत्येकमा परत्वको आख्यान वाक्यभेदको सूचक हो। अतएव विद्याभेदजस्तै वाक्यभेद यहाँ छ। वाक्यभेदले नै अर्थादि प्रत्येकमा परत्वनिर्धारण गरेको छ भन्ने अर्थ पूर्वपक्षबाट प्राप्त छ।

उत्तर दिन्छन्- त्यस्तो होइन। किन होइन ? परत्व पुरुषमा मात्र भएकोले होइन। अर्थादिमा परत्वज्ञानको कुनै प्रयोजन छैन। पुरुषमा परत्वज्ञानको प्रयोजन छ। आत्मा वुझेपछि मृत्युको मुखबाट छुट्छ। यसप्रकार श्रुतिले नै पुरुषज्ञानको फल मुक्ति हो भन्ने देखाएकै छ।

पुनः परप्रतिषेध र काष्ठाशब्दले पुरुषविषयक आदर अभिव्यक्त गर्दछ। पुरुषको ज्ञान अपरिहार्य हो भन्नैका लागि पूर्वपूर्वका अपेक्षा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरोत्तरमा परत्वप्रदर्शन गर्दै पुरुषमा गएर विश्रान्त छ। यही कुरा सूत्रबाट ध्वनित छ 'आध्यानाय'। ध्यानपूर्वक सम्यग्दर्शनका लागि प्रवाह उक्ति हो आध्यानका लागिमात्र होइन। आध्यान यहाँ आनुषङ्गिक हो प्रधान होइन।

सबैभन्दा पर पुरुष हो भन्नेमा अर्को हेतु-

आत्मशब्दाच्च ।१५।

'यो सर्वभूतमा रहन्छ, गूढ भएर यो आत्मा हो बाहिर थाहा हुँदैन,' इत्यादि श्रुति आत्मशब्द घटित छ, यसले यहाँ जुन पुरुष हो त्यो आत्मा हो भन्ने इङ्गित गरेको छ र पुरुष वाहेकलाई अनात्ममा राखेको छ। त्यो आत्मा दुर्विज्ञेय छ संस्कृतमतिगम्य छ, त्यो जान्न वाक् र मनको नियन्त्रण हुनुपर्छ भन्ने पनि प्रदर्शन गर्दै आध्यानविधान गरेको छ। यसको विवरण 'आनुमानिकमप्येकेषाम्' सूत्रभाष्य छ। 'बाटोपार जान्छ' श्रुति अनुसार वाटो कुन हो? आकाङ्क्षा उठ्छ, तत्शमनका लागि अर्थादिमार्ग देखाउँदै विष्णुको परमपदरूप लक्ष्यप्राप्तिसम्म पुऱ्याएको छ। त्यसकारण, परमपदज्ञानका निमित्त नै यो आयास हो भन्ने निश्चय हुन्छ।

इति आध्यानाधिकरणम्।

आत्मगृहीति अधिकरणम् ८

अर्थादिवाक्यमा अर्थादिप्रतिपादकता नभएजस्तै ऐतरेयको 'यो सबै आत्मा हो' बाट उपक्रमित प्रसङ्गमा प्रजापतिका रेत देवता भनिएको छ। यो प्रजापतिवाक्य र पहिलेको 'आत्मा नै पहिले थियो' भन्ने वाक्य अलग हुन्, अत आत्मा यो सबै भने आत्मवाक्यमा ब्रह्मपरता छैन। त्यसैले दृष्टान्तपूर्वक पूर्वपक्षको खण्डनका लागि यो अधिकरण हो।

आत्मगृहीतिरितरवदुत्तरात् ।१६।

आत्मा एकमात्र पहिले थियो, यो ऐतरेय श्रुति हो। विशेषवान्आत्मा यहाँ आत्मशब्दको अर्थ हो कि ? अरू नै हो ? यो छ संशयको रूप। वाक्यान्वयदर्शनबाट परमात्मा होइन भन्ने बुझिन्छ। के छ त वाक्यान्वय ? स्रष्टा परमात्मा भए महाभूतसृष्टि पहिले हुनुपर्ने यहाँ त लोकसृष्टिको कुरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ 'अदोऽम्भः' इत्यादिबाट । परमेश्वरबाट अधिष्ठित अर्कैले लोकसृष्टि गर्छ । यसबारे श्रुतिस्मृति अनुगत छन् पुरुष जस्तो आत्मा थियो श्रुति र त्यो नै पहिले शरीरी हो, त्यो नै पहिलो पुरुष हो पहिले भएको ब्रह्म हो स्मृति, यस्ता अनन्त श्रुति र स्मृतिले विशेषवान् आत्मा हो भन्ने बुझाएको छ । अतः विशेषवान् आत्मा यहाँ आत्मशब्दको अर्थ हो । यो हो पूर्वपक्षको प्रस्तुति ।

उत्तरवादी यसको प्रतिवाद गर्छन् र भन्छन् परमात्मानै यहाँ आत्मशब्दले बुझाएको छ । कसरी बुझाएको छ ? उत्तर-'इतरवत्' अन्त जस्तै बुझाएको छ । तैतिरीय सृष्टि 'त्यो योबाट आकाश भयो' इत्यादिवाक्यमा परमात्माको ग्रहण छ । लौकिक आत्मशब्दप्रयोगमा प्रत्यगात्मानै बुझिने चलन छ, त्यस्तै यहाँ पनि हुनुपर्छ । परमात्मामा जहाँ विशेषवत्ता स्मरण छ, त्यस्तो ठाउँमा विशेषआत्मा बुझे पनि फरकपर्दैन । जहाँ परमात्मामा मिल्नेगरी विशेषता स्मरण छ 'उसले ईक्षण गऱ्यो लोकसृष्टि गर्छु भनेर' यस्तामा परमात्माकै ग्रहण हुन्छ, परमात्मा बाहेक पुरुषाधिष्ठित पुरुषान्तर सृष्टिकर्ताको ग्रहण हुँदैन ।

पूर्वपक्षबीजको अनुवाद गर्दै दोष दिन्छन् -

अन्वयादिति चेत् स्यादवधारणात् ।१७

वाक्यान्वयकाआधारमा परमात्मा हो भन्न सकिन्न भन्ने भनाइ अनुपयुक्त हो । त्यो कुरा यहाँ प्रतिपादित हुन्छ । के छ त यसमा युक्ति? उत्तर छ- 'अवधारणात्' । आत्मपदले परमात्माको ग्रहण भएमात्र उत्पत्तिपूर्वकालमा आत्मामात्र थियो भन्न मिल्छ । नत्र त आत्मामात्र भएको सिद्ध गर्ने आधार हुँदैन । त्यसैले ऐतरेयको 'उसले यी लोकको सृष्टिगऱ्यो' वाक्य उक्त अवधारणामा मिल्ने गरी संयोजन गर्नुपर्छ । त्यो संयोजन श्रुत्यन्तरप्रसिद्ध महाभूतसृष्टि पछि लोकसृष्टिसम्भवको कुरा हो ।

द्वितीय वर्णकम्

सूत्रद्वयको अर्को योजना छ । वाजसनेयश्रुतिमा कुन आत्माबाट भएको हो भन्ने उपक्रममा आत्मशब्दको श्रवण छ । छान्दोग्यको सत् पहिले थियो एक मात्र अद्वितीय वाक्यमा आत्मश्रवण छैन भन्ने आशङ्कामा उत्तरस्वरूप यो अधिकरण हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छान्दोग्यको सत्वाक्यबाट आत्मग्रहण हुन्छ भन्ने अर्थद्योतन 'आत्मगृहीतिः' सूत्रांशबाट भएको छ। त्यसमा उदाहरण 'इतरवत्' वाजसनेयश्रुतिमा आत्मा कुन हो ? वाक्यको आत्मपरकत्व अर्थनिर्णय जसरी भएको छ, यहाँ त्यसैगरी । किन ? 'उरात्' तादात्म्योपदेश भएकाले । सत् र आत्मामा तादात्म्योपदेश छान्दोग्यश्रुतिले नै गरेको छ 'स आत्मा' इत्यादिरूपमा ।

'अन्वयात् चेत् स्यात्' उपक्रममा मिल्नेगरी उपसंहार हुनुपर्छ। छान्दोग्यको उपक्रममा आत्मशब्दको श्रवण छैन। अतः आत्मा लिन सकिंदैन । यो पक्ष प्रतिपादन गर्दै भन्छन् उत्तरवादी- 'जुन नसुनेको सुनेको हुन्छ' इत्यादि वाक्याभिप्रेत आत्मा हो त्यसको ज्ञाननै ज्ञान हो भन्ने अवधारणाबाट सत्पदले आत्माको ग्रहणभएको कुरा सिद्ध छ, यही कुरा बुझाउन । 'आत्मगृहीति' सूत्रांश हो। अब उपक्रम र उपसंहारगत अर्थ नमिलेकाले आत्मग्रहण हुनसक्तैन भन्ने पक्ष परास्त भएको छ।

त्यसकारण, यस्ताखाले वाक्यका प्रतिपादनप्रकारमा भेदभए पनि प्रतिपाद्य अर्थमा अभेद नै हुन्छ भन्ने सिद्ध भएको छ ।

इति आत्मगृहीति अधिकरणम् ।

कार्याख्यानाधिकरणम् ९

'आचमन्ति' वर्तमानापदेश हो। 'शेषादशिष्यन्नाचामेत्' यो विधिको उपदेश हो। पहिले जस्तै यहाँ पनि उपसंहारश्रुतिका आधारमा भोजनको आदि र अन्तमा आचमन विधितःप्राप्त हो, यो नै निर्णय हुनुपर्छ भन्ने पक्षको निराकरण गर्दै सूत्र अवतीर्ण हुन्छ -

कार्याख्यानादपूर्वम् ।१८।

त्यसकारण, यो जान्नेले खानेवेला र खाइसकेपछि आचमन गरोस्। 'यसो गरेमा त्यो अन्न अनग्न हुन्छ' यो श्रुतिले विषयोपस्थापन गरेको छ। अब यहाँ उठ्छ संशय - आचमन र अनग्नता चिन्तन दुवैको विधान हो कि आचमनकै विधान हो ? कि त अनग्नताचिन्तनकै विधान हो, त्रिपक्षकता यहाँ छ। पूर्वपक्ष आचमन र अनग्नताचिन्तन दुवैको विधान हो, श्रुतिले दुवैको विधानगरेको छ। अथवा स्पष्टविधिका आधारमा आचमनकै विधानगरेको भने पनि फरक पर्दैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्तपक्षमा उक्त वाद मान्य छैन। किनभने, यहाँ कार्यभूत आचमनको आख्यान हो त्यो पनि शुद्धिका निमित्त, प्रयत्नवालाको भावप्रायत्य हो। प्रायत्य भन्नाले शुद्धि बुझिन्छ। त्यसैले विधेयताको उपपत्ति आचमनमा हुँदैन। स्मृतिप्रसिद्ध प्राप्त आचमनको अन्वाख्यान मात्र हो। विहितसकलकर्माङ्गतया शुद्ध्यर्थ आचमनविधान स्मृतिले गरेको छ। कर्माङ्गतया विहित आचमनको अनुवाद गर्दै अपूर्व अनग्नताध्यानको विधान हो भन्ने सूत्रार्थ हो। प्राणविद्यासम्बन्धित्वले अनग्नता अपूर्व हो, अपूर्वकै विधान हुन्छ। त्यसैले विधान त्यसैको हो आचमन पुरुषमात्रसम्बन्धी हो। श्रुतिको विषय हो प्राणविद्या भिन्नविषय हुनाले आचमन स्मृतिको मूल प्रस्तुत श्रुति हुनसक्तैन। अतः अनग्नताचिन्तन भन्नु वासोविज्ञान हो। विधान त्यसैको हो, आचमनको होइन। यही कुरा न्यायसङ्गत छ।

इति कार्याख्यानाधिकरणम्।

समानाधिकरणम् १०

यस अधिकरणमा विचार्य भावका दुई वाक्य छन्। ती मध्ये कुन वाक्यविधि हो र कुन वाक्य अनुवाद हो भन्ने अनिश्चय छ। उक्त अनिश्चयले नै दुवै वाक्य विधि हुन् भन्ने कुरा प्रत्याख्यान गर्दै सूत्रकार-

समान एवञ्चाभेदात् ।१९।

वाजसनेयको अग्निरहस्यमा मनोमय आत्माको उपासना गरोस् भन्ने पाठ पछि त्यसै श्रुतिको बृहदारण्यकमा यो पुरुष मनोमय हो भनिएको छ।

यहीं छ संशयको उत्थान- उक्त दुई विद्यामा भेद छ। गुणोपसंहार पनि हुँदैन अथवा अभेद छ। गुणोपसंहार पनि हुन्छ। उक्त दुई विद्यामा भेद छ गुणको उपसंहार पनि हुँदैन। पुनरुक्ति पनि छ गुणको समाता छ। यो हो पूर्वपक्ष।

यसको निराकरणमा सूत्र 'समान' हो। समान एकै शाखामा छन् दुवैविद्या। अतः भेद छैन, गुणोपसंहार पनि छ। किनभने, यहाँ उपास्यभेद छैन। मनोमयत्वादिरूपको ब्रह्म उपास्य हो। त्यो दुवैतिर समान छ। विद्याको रूप उपास्य हो। पुनरुक्ति भएकाले विद्याभेद हो भन्ने पूर्वपक्षको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिव्यक्ति असङ्गत छ। किन छ असङ्गत ? प्रयोजन फरक भएकाले। एकत्र विद्याविधान छ र अर्कातिर गुणविधान छ। समानगुणको स्थितिले विद्या एकै हो भन्ने सङ्केतगरेको छ। उपर्युक्त सबै युक्तिका आधारमा समानशाखागत विद्या एकै हो, गुणोपसंहार पनि हुन्छ भन्ने उपपन्न छ।

इति समानाधिकरणम्।

सम्बन्धाधिकरणम् ११

विद्या एकै भएकामा गुणोपसंहारनिरूपण पछि विद्या एकै हुँदापनि गुणोपसंहार नहुने स्थलको उदाहरणप्रदर्शन गर्दै पूर्वपक्षको उत्थिति छ -

सम्बन्धादेवमन्यत्रापि ।२०।

बृहदारण्यकको सत्यविद्यामा 'त्यसको उपनिषत् अहः हो,' यो अधिदैवत र 'त्यसको उपनिषत् अहम् हो' यो अध्यात्मको छ श्रवण। उक्त दुवै उपनिषत् दुवैस्थानमा अविभागेन ध्येय हुन् कि ? स्थानभेदेन व्यवस्थाअनुसार ध्येय हुन्? यो छ संशय ।

पूर्ववादी सूत्रैद्वारा उपक्रम गर्दै आफ्नो पक्ष राख्छ। जस्तै- विभागेनअधीत शाण्डिल्यविद्यामा गुणोपसंहार हुने मानिएकोछ। त्यसैले त्यस्ताखाले उपनिषत्मा त्यसै हुनु उपयुक्त छ र एकविद्यासम्वन्ध पनि छ। अतः दुवै उपनिषत्को प्राप्ति दुवै तिर छ।

यसरी प्राप्त पूर्ववादको प्रतिविधान (खण्डन, निरसन या उत्तर)-

न वा विशेषात् ।२१।

दुवै उपनिषत्को दुवैतिर प्राप्ति छैन। किन ? उत्तर छ- विशेषात्। उपासनाका स्थानसम्वन्ध फरक छन्। 'जुन यो पुरुष आदित्यमण्डलमा छ' यस आदित्यपुरुषको रहस्य नाम त्यसको उपनिषत् अह, यसरी श्रवण छ। 'जुन यो पुरुष दाहिने आखाँमा छ'। यो अक्षिपुरुषको रहस्य नाम 'त्यसको उपनिषत् अहम्' यसरी प्राप्त छ अर्थात् प्रत्यगात्मरूपमा प्राप्त छ। त्यसैले उक्त दुई उपनिषत्को स्थानसम्बन्धका आधारमा व्यवस्था छ।

उक्त दुवै उपनिषत् व्यवस्थित हुन् भन्नेमा अतिदेशलिङ्ग यो हो-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शयति च ।२२।

'त्यसको त्यही रूप हो जुन लोकान्तरमा छ' यो अतिदेश लिङ्ग हो, विद्याभेदमा प्रयोग हुन्छ अतिदेश अभेदमा हुँदैन। कसरी हुन्छ अतिदेश लिङ्ग ? अक्षि र आदित्य भिन्न स्थानः हुन्। परस्परमा परस्परधर्मको उपसंहार हुनसक्तैन। यसलाई आकलन गरी आदित्यपुरुषका धर्म अक्षिपुरुषमा उपसंहार भएकाछन्। त्यसको त्यही रूप हो, यसरूपमा। अतः पूर्वोक्त दूई उपनिषत् व्यवस्थित छुन्।

इति सम्वन्धाधिकरणम्।

सम्भृत्यधिकरणम् १२

आयतनभेदमा गुणोपसंहार हुँदैन। यो प्रस्तुति पछि त्यही न्यायद्वारा सम्भृतिप्रभृति गुणको उपसंहार विद्यान्तरमा हुँदैन भन्ने प्रस्तुति यसअधिकरणको हो।

सम्भृति द्युव्याप्त्यपि चातः ।२३।

राणायनीयखिलश्रुति– ब्रह्मज्येष्ठवीर्य निर्विघ्नभावमा वढेकाछन् त्यो ज्येष्ठ ब्रह्मले देवता उत्पत्तिपूर्वकालमा नै स्वर्गादि बनायो इत्यादि। यहाँ कार्यसम्भृति द्युनिवेश आदि ब्रह्म विभूतिका रूपमा श्रुत छन्। तिनैका उपनिषत्मा शाण्डिल्यविद्या जस्ता ब्रह्मविद्या पनि छन्। ती शाण्डिल्यजस्ता ब्रह्मविद्यामा उक्त ब्रह्मविभूतिको उपसंहार हुन्छ कि हुँदैन ? भन्ने विचार प्रकृत हो। ब्रह्मसम्बन्ध हुनाले वीर्यसम्भृति आदिको उपसंहार शाण्डिल्यविद्या जस्तामा हुन सक्छ भन्छन् पूर्वपक्षी।

सम्भृतिद्युव्याप्तिप्रभृतिविभूति शाण्डिल्यविद्या जस्ता ब्रह्मविद्यामा उपसंहृत हुँदैनन् भन्छन् सिद्धान्ती। अतः आयतन विशेषयोग नै उपसंहार नहुनामा हेतु हो, 'यो आत्मा भित्री हृदयमा यसरी हृदयस्थाननिर्देश आत्माको छ। सम्भृतिद्युनिवेश आदि आधिदैविक विभूति हुन्। ब्रह्मसम्वन्धले मात्र स्थान भएपछि एक स्थानको अन्यत्र उपसंहार हुँदैन। विद्याभेदमा पनि उपसंहार हुँदैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्म एकै भए पनि विभूतिभेदले अनेक विधामा उपास्य हुन्छ। परोवरीस्त्वादिभेदले भेद भए जस्तै यहाँ पनि हो। अतः वीर्यसंभृति आदि ब्रह्म विभूतिको उपसंहार शाण्डिल्य जस्ता विद्यामा हुँदैन।

इति सम्भृति अधिकरणम्।

पुरुषविद्याधिकरणम् १३

देशभेदवर्ती विद्यामा गुणोपसंहार नभए जस्तै कालभेदवर्ती विद्यामा पनि गुणोपसंहार हुँदैन भन्दै सूत्र-

पुरुषविद्यायामिव चेतरेषामनाम्नानात् ।२४।

ताण्डि र पैङ्गिको रहस्यब्राह्मणमा पुरुषविद्या छ। त्यहाँ पुरुष यज्ञरूपमा कल्पित छ। त्यसको आयु तीनभाग लगाएर तीन सवन कल्पित छन्। अरू धर्म आशीर्मन्त्रप्रयोगादि पनि साथै छन्। तैत्तिरीयकमा पनि कथञ्चित् पुरुषयज्ञ कल्पित छ।

अब शाखात्रयगत पुरुषविद्यावारे संशय शाखान्तरगत पुरुषयज्ञका धर्म तैत्तिरीयक पुरुष यज्ञमा उपसंहार हुन्छन् कि हुँदैनन् ?

सबैतिर पुरुषयज्ञता समान भएकाले तैत्तिरीय पुरुषयज्ञमा उपसंहार हुन सक्छन् भन्ने पूर्वपक्षको उत्तरदिँदै भन्छन् –

उपसंहार हुँदैन। किन हुँदैन ? तद्रूपप्रत्यभिज्ञान नभएकाले हुँदैन। विद्या एक हुन वेद्य एक हुनुपर्छ त्यो यहाँ छैन। यो अर्थमा सूत्र- पुरुषविद्यायामिव। ताण्डि र पैङ्गिले जसरी पुरुषविद्याको आम्नान गरेकाछन्, त्यसैगरी तैत्तिरीयले गरेकाछैनन्। तैत्तिरीयमा 'विदुषो यज्ञस्यमा समानाधिकरणमा षष्ठी होइन, व्यधिकरणषष्ठी हो' 'विदुषो यज्ञस्तस्य' यस्तो रूपमा। पुरुषको यज्ञसम्वन्ध हुन्छ यज्ञ नै पुरुष हुँदैन यो मुख्य अर्थ हुन्छ, सम्भव भएसम्म मुख्य अर्थ लिनुपर्छ। गौण लिनु हुँदैन। व्यधिकरणषष्ठीमा मात्र मुख्य अर्थ आउने हो, समानाधिकरणमा आउँनुहुँदैन।

'आत्मा यजमान हो' यसरी समानाधिकरण प्रयोग पनि वैयधिकरण्येन अर्थ बुझाउन प्रयोग भएको हुन्छ। ताण्डि र पैङ्गिमा विद्वान् जुन पुरुष त्यो यज्ञ भनेर समानाधिकरणप्रयोग छ उसको विवक्षा पनि त्यसैमा छ। यसको फल आयुअभिवृद्धि हो। त्यस अर्थ पनि ज्ञानाङ्ग होइन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तैत्तिरीयको पुरुषविद्या ज्ञानाङ्ग हो। उपर्युक्तमीमांसाका आधारमा शाखान्तरमा अधीत पुरुषविद्याधर्म आशीर्मन्त्रादिको प्राप्ति तैत्तिरीयमा हुँदैन ।

इति पुरुषविद्याधिकरणम् ।

वेधाद्यधिकरणम् १४

विद्यासान्निध्यवाट विद्याङ्ग तैत्तिरीय पुरुषविद्यामा भएजस्तै प्रवर्ग्यमा पनि विद्या सान्निध्य छ। त्यो पनि ज्ञानाङ्ग हुनुपर्‍यो । यो आशङ्का उन्मथन गर्दै यसको उपसंहार अन्यत्र हुँदैन। ज्ञानाङ्ग पनि प्रवर्ग्य होइन भन्ने अर्थमा यो अधिकरण-

वेधादयर्थभेदात् ।२५।

आथर्वणिकको उपनिषत्आरम्भमा मन्त्रसमाम्नाय छ। सवै भेदन गर्दै हृदयप्रभेदन गरेर धमनी विगारेर शिर फुटाएर तीन भागमा टुक्रियोस् इत्यादि । ताण्डिको–सविता देव यज्ञ प्रसव गर इत्यादि । शाट्यायनि श्वेतो घोडा वाहन भएका इन्द्र हरितमणि जस्तै नील छौं तैत्तिरीयको हामीलाई सुखदिने होऊ । वाजसनेयीको उपनिषत्आरम्भमा प्रवर्ग्य ब्राह्मण छ 'देवता सत्रमा वसे' इत्यादि । कौषीतकिको अग्निष्टोमब्राह्मण अग्निष्टोमब्रह्म नै हो । जुन दिन गरिन्छ त्यो पनि ब्रह्म हो । त्यसकारण, यस दिन गरिने कर्म जो गर्छन्, अनुष्ठान गर्छन् ती ब्रह्मसाधनद्वारा ब्रह्ममै पुग्छन् क्रमेण अमृतत्वमा प्राप्त हुन्छन् ।

उक्त प्रविध्यादि सबै मन्त्र प्रवर्ग्यादि कर्म विद्यामा उपसंहृत हुन्छन् ? अथवा उपसंहृत हुँदैनन् ? मीमांसा हुन्छ। प्रतिभान के हुन्छ त ? उपसंहार हुन्छ भन्ने प्रतिभान हुन्छ। किन हुन्छ त? विद्याप्रधान उपनिषद्ग्रन्थ समीपमा पाठ भएकाले हुन्छ ।

त्यसमा सिद्धान्त छ- उक्त मन्त्रको उपसंहार विद्यामा हुँदैन । किन ? 'वेधाद्यर्थभेदात्' हृदय- प्रभेदन गर्ने मन्त्रको अर्थानुसार ब्रह्मविद्यामा सम्वन्ध त्यस्तामन्त्रको हुँदैन। उक्तमन्त्रको विषय आभिचारिक हो। त्यसैले आभिचारिक कर्ममैं सम्वन्ध हृदयप्रभेदन गर्ने मन्त्रको हुन्छ। देवसवितमन्त्रको सम्वन्ध पनि यज्ञ कर्ममै हो । विशेषसम्वन्धको अनुसन्धान प्रमाणान्तरबाट गर्नुपर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँकी अरूमन्त्रको पनि कुनैको लिङ्गवाट, कुनैको वचनवाट, कुनैको प्रमाणान्तरवाट अर्थान्तरमा भएकोहुन्छ विनियोग। त्यसैले रहस्यमा पाठ भए पनि सन्निधिमात्रको भरले ब्रह्मविद्याशेष हुन त्यस्ता मन्त्र सक्तैनन्। सन्निधि त श्रुत्यादिभन्दा दुर्वल हुन्छ। यो कुरा पूर्वतन्त्रमा श्रुतिलिङ्गवाक्यप्रकरणस्थानसमाख्या मध्ये पर परको दुर्वल हुन्छ, अर्थविप्रकर्ष हुनाले यसरी आएको छ। त्यस्तै अन्यत्र विनियुक्त प्रवर्ग्य पनि विद्याशेष हुँदैनन्। विद्यासम्वन्धी एकार्थता कुनै कुरामा छैन। त्यसैहुनाले यस्ताखाले मन्त्र वा कर्ममा सन्निधिपाठका आधारले विद्याशेष हुन सक्ने आशङ्का कहिले नगर्नु। वनमा पढ्नुपर्ने धर्म मिलेकालेमात्र सन्निधिपाठ हुनपुगेको हो भन्ने बुझेर सन्तोष गर्नुपर्छ।

इति वेधाद्यधिकरणम्।

हान्यधिकरणम् १५

हेय र उपादेय संसारमा दुई वस्तु हुन्छन्। सन्निधिले मात्र उपादेय नभए जस्तै। कहीं हेयसन्निधिमा श्रुत उपादेय उपायन हुँदैन। हान भने सम्भव हुन्छ। यस स्थितिमा उपायनको उपपत्ति हुन सक्तैन। त्यसै हुनाले विद्यामा उपसंहार हुँदैन, यो अशङ्कामा उत्तर यस्तो छ-

हानौ तूपायनशब्दशेषत्वात्कुशाच्छन्दस्तुत्युपगानवत्तदुक्तम्।२६।

ताण्डिश्रुति छ- घोडा जसरी पुराना रोम झारेर निर्मल हुन्छ, त्यस्तै म पनि पाप पखालेर निर्मलचित्त हुन्छु। यद्वा राहुग्रस्तचन्द्रमा राहुमुक्ति पछि स्पष्ट हुन्छ त्यस्तै शरीर टकटकाएर अर्थात् देहाभिमानमुक्त भएर, कूटस्थब्रह्म प्रत्यक्ब्रह्म हुन्छु। त्यस्तै आथर्वणिक श्रुति नदी, समुद्रमा मिसिएपछि जसरी नामरूप छोड्छन् विद्वान्मा पनि नामरूपको अभिमान रहँदैन। त्यस्तै शाट्यानि-मृत्युपछि पुत्रले धन लिन्छन्। मित्रले असलकामको फल लिन्छन् पापकृत्यको फल शत्रुले लिन्छन् त्यस्तै अर्थमा कौषीतकि- सुकृत र दुष्कृत हल्लाउँछ। प्रियज्ञातिले सुकृत लिन्छन्, अप्रियले दृष्कृत इत्यादि।

उक्त श्रुतिमध्ये कहीं सुकृतदुष्कृतको हान छ कहीं सुकृतदुष्कृतकै विभागपूर्वक प्रिय र अप्रियले लिनेकुरा छ, कहीं फेरि हान उपायन दुवै परित्यागको कुरा छ। जहाँ दुवैपरित्याग छ त्यहाँ भन्नु केही छैन। जहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपायनश्रवण छ, हान छैन त्यहीँ पनि हानप्राप्ति अर्थतः भइहाल्छ। जहाँ हानमात्र श्रवण छ, त्यहाँ उपायन अर्थसिद्ध छ कि छैन भन्ने विचिकित्सा हुन्छ। श्रवण नभएकाले अर्थसिद्ध छैन भन्ने वुझ्झाँउछ। त्यसैले हानमा उपायनको सन्निपतन हुँदैन भन्ने प्राप्ति पूर्वपक्षरूपमा भएको छ। यो प्राप्ति अस्वीकृत गर्दै उत्तर दिन्छन् 'हानौ तु' इत्यादि।

हानि त एकशाखामा श्रवण छ भने पनि शाखान्तरमा समेत उपायन आउनसक्छ। हेतु छ तच्छेषत्वात् कौषीतकिरहस्यमा उपायनको अनुवृत्ति अवश्य हुन्छ। हान र उपायनको चर्चा विद्यास्तुतिरूपअर्थवाद हो, प्रवर्तन अर्थवादको काम हो।

यसप्रकार महाभागा विद्या जसको सामर्थ्यले विद्वान् का पुण्यपाप जुन संसारका कारण हुन् ती समेत विचलित हुन्छन् र मित्र र शत्रुमा जान्छन् भन्ने छ। स्तुतिसङ्कीर्तन यसरी भएपछि हान पछि मात्र हुने उपायन कहीं श्रवण भएको वाट अन्यत्र हान श्रवण भए उपायनको अनुवृत्ति हुन्छ भन्नु स्तुतिप्रकर्ष प्राप्तिका लागि हो। शाङ्करभाष्यमा ऊहापोह धेरै छ, निष्कर्षमात्र उक्त प्रस्तुति हो।

उक्तार्थमा दृष्टान्त 'कुशाच्छन्दस्तुत्युपगानवत्' भाल्लविशाखामा 'कुश वानस्पत्य हो' भनेर सामान्यरूपमा प्रर्दशन छ, त्यसैमा शाट्यायनिले औदुम्बर विशेषण दिएका छन्। उभयवाक्य मिलाउंदा वानस्पत्य मध्ये औदुम्वर वर्गमा पर्ने कुश भन्ने बुझिन्छ।

कहीं देव र असुर छन्दमा सामान्यतः पूर्वापरीभावटुङ्गो नलागे 'देवच्छन्द पहिले हुन्' वाक्यार्थद्वारा टुङ्गो लगाउन पैङ्गी ब्राह्मणको सहारा लिनुपर्छ।

अर्को षोडशिस्तोत्रमा कुनै कालविशेषको अप्राप्ति पछि छ- समय अध्युषित भएपछि अर्थात् समय अलि बितेपछि भन्ने कालको प्रतीति हुन्छ।

अब उपर्युक्त प्रसङ्गको पर्यालोचनबाट अर्थनिष्कर्ष- उपरि चर्चित कुशादिमा विशेषान्वय भएजस्तै हानिमा उपायनको अन्वय मान्नुपर्छ। त्यसको सट्टा श्रुत्यन्तरविशेषता श्रुत्यन्तरमा नमान्दा विग्रन्छ। के बिग्रन्छ त ? सर्वत्र विकल्प हुन्छ, त्यस्तो हुनु अन्याय्य हो, यो उल्लेख द्वादशलक्षणीमा छ। 'अपि तु वाक्यशेषः स्यादन्याय्यत्वाद्विकल्पस्य विधीनामेकदेशः स्यात्'। श्रुतिमा विधिनिषेध समानरूपमा प्राप्त भए विकल्प हुन्छ। विकल्पका आठ दोष हुन्छन्। यस स्थितिमा सम्भव भएसम्म विकल्प

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मान्नु हुँदैन। प्रस्तुत यहाँको प्रसङ्गमा अनेक शाखागत श्रुत्यर्थमा विकल्प मान्नु हुँदैन भन्ने हो। त्यसो भए कसरी मिल्छ त ?

नञ्को अर्थ पर्युदास मान्दा विकल्प हुँदैन, यहाँ वाक्यशेष हुन्छ। पर्युदास हुन्छ, त्यसकारण श्रुत्यन्तर्गत विशेषता श्रुत्यन्तरमा मान्नै पर्छ। यस अर्थसूचनका लागि उक्त द्वादश लक्षणीसूत्रको अपि 'तु' अंश हो। नञ्को प्रतिषेध अर्थमा उक्त दोषप्रसङ्ग हुनसक्छ भन्ने अभिप्राय सूत्रको हो।

द्वितीयवर्णकम्

सूत्रको अर्को व्याख्या 'घोडाले झैं रौं झारेर' इत्यादि श्रुति छ। झारने अर्थमा 'विधूननम्' शब्द प्रयोग भएको छ। विधानको चलाउनु अर्थ हो वा छोड्नु हो, यो छ संशयको स्थिति। पूर्ववादी भन्छन् 'ध्वजा हल्लिछन्' अर्थमा 'दोधूयन्ते' प्रयोग हुन्छ। अतः हल्लिनु अर्थ हो, नाश अर्थ होइन।

उत्तर दिन्छन् सिद्धान्ती- 'हानौ...'। विधूनन को प्रयोग हानिकै लागि हो चालनका लागि होइन। किन ? उपायन शब्द शेष हुनाले एकमा सङ्गृहीत सुकृत त्यसमा नाश नभएसम्म अर्काले कसरी लिन सक्ला ? फलतः नाशोत्तर जाने कुरा बुझ्ने हो, धातुका अनेक अर्थ हुने मर्यादा अनुसार स्मरण हुने भन्ने अर्थको विरोध पर्दैन मित्रले सुकृत र शत्रुले दुष्कृत संझन्छन् भन्ने उक्त श्रुतिको अभिप्रेत अर्थ हो। घोडाले रौं झार्ने भन्नाले जीर्णरोम, धूलो सबै झार्छ, यो अर्थ बुझ्न धातुकोधेरै अर्थ भनिएका हुन् भन्ने शङ्काले। भाष्यमा दिएका छन्। विधूनन को अर्थ हानि हो भन्ने सिद्ध भएपछि केवल हानि प्रयोग भएकामा उपायनको उपसंहार भन्ने सिद्ध भएको छ। यो कुरा जैमिनि सूत्रबाट गतार्थ छ।

इति हानिअधिकरणम्।

साम्परायाधिकरणम् १६

हानिले उपायनको उपसंहार गर्छ भन्ने प्रतिपादन भयो, त्यो नै सिद्ध छैन बीचवाटोमैं सकिने कर्मक्षयमा विद्याहेतुकत्व सिद्ध हुँदैन, यो आशङ्कामा सूत्र अवतीर्ण हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साम्पराये तर्तव्याभावात्तथा ह्यन्ये ।२७

देवयानमार्गबाट पर्यङ्कस्थ ब्रह्ममा हिंडेकाको सुकृत र दुष्कृतवियोग वाटैमा हुन्छ भन्छन् कौषीतकिहरू । पर्यङ्कविद्यामा छ 'त्यो देवयानमार्ग प्राप्त गरेर अग्निलोकमा आउँछ' वाट उपक्रम र अनि विरजानदीमा आउँछ र मनवाट त्यो नदी अतिक्रम गर्छ, त्यो सुकृत र दुष्कृत पनि छोड्छ विश्राम ।

अब संशय देवयानमार्गावलम्वीको बीचैमा पुण्यपापक्षय हुन्छ कि ? देहत्यागका वेला हुन्छ ? विरजानदी मनवाटै तर्छ पुण्यपाप पनि जान्छ, भनिएकोले मार्गमध्यमा नै पुण्यपापक्षय हुन्छ भन्छन् पूर्वपक्षी ।

सिद्धान्त त्यस्तो होइन, देहाभिमान छोडेपछि सुकृत र दुष्कृत जानेहुन्, सूत्रांश छ 'सांपराये' । किन ? उत्तर- तर्तव्याभावात् विद्याप्रभावले ब्रह्मप्रेप्सुको सुकृतदुष्कृतबाट कुनै फल प्राप्त गर्नुपर्ने हुँदैन । पाठक्रमभन्दा अर्थक्रम वलवान् हुन्छ । अतएव गमनकालमा नै सुकृतदुष्कृतको क्षय हुन्छ, पछि पढिएकोमात्र हो । शाखान्तरवाट यो प्रसङ्ग रूपान्तरेण उठ्नमा कारण यही हो । शाट्यायनि र ताण्डि घोडाले रोमछोडेझैं इत्यादिरूपमा पुण्यपापको त्यागप्रदर्शन गर्छन् ।

विद्याफल ब्रह्मलोक प्राप्ति भएजस्तै देहत्यागपछि नै कर्मक्षय हुनुपर्ने भनाइ उपेक्षा गर्दै सूत्रकार -

छन्दत उभयाविरोधात् ।२८।

साधकावस्थामा छन्दतः इच्छानुसार- शक्ति अनुसार यमनियमादि अनुष्ठान हुनसक्छ, देहपातोत्तर त्यो सम्भव हुँदैन, त्यसैले गमनसमयपूर्व नै सुकृतदुष्कृतको हान मान्नुपर्छ । यसो हुँदा निमित्तनैमित्तकको तालमेल मिल्छ । ताण्डि र शाट्यायनि श्रुतिको पनि सङ्गति मिल्न जान्छ ।

इति साम्परायाधिकरणम् ।

गतेरर्थवत्त्वाधिकरणम् १७

सुकृतहानादिसन्निधानले देवयानगति उपायन जस्तै सबैका लागि हो भन्ने कुरा वुझ्नु हुँदैन भन्दै सूत्रकार -

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गतेरर्थवत्त्वमुभयथाऽन्यथाहि विरोधः ।२९।

हानिबाट उपायनकल्पना जस्तै देवयानमार्ग अविशेषेण प्राप्त हुन्छ कि ? फरकरूपमा कहींमात्र प्राप्त हुन्छ ? भन्ने संशयमा हानबाट उपायन प्राप्त भएजस्तै अविशेषेण देवयानमार्गको सन्निपतन हुन्छ भन्छन् पूर्वपक्षानुयायी ।

सिद्धान्त छ- गतिमा अर्थवत्ता उभयथा विभागव्यवस्थानुसार हुन्छ, अविशेषरूपमा हुँदैन अर्थात् कहीं हुन्छ, कहीं हुँदैन । अविशेषेण गति मानेमा विरोध हुन्छ निरञ्जन परमसमतामा पुग्छ श्रुतिनिर्दिष्ट निरञ्जनको गमन हुँदैन । गति हो देशान्तरमा पुग्नु वा पुर्‍याउनु । अगन्ता निरञ्जन कसरी पुग्छ देशान्तरमा । गन्तव्य हो परमसाम्य देशान्तरमा यो प्राप्य छैन । गति र परमसाम्य सर्वथाविरुद्ध हुन्, गतिश्रुतिको विरोध त्यसैले यहाँ आउँछ ।

निर्गुणविद्यामा गति व्यर्थ हो, विशेषरूपेण प्रतिपादन भयो, पर्यङ्कविद्याजस्ता सगुण विद्यामा गति व्यर्थ हुँदैन भन्दै सूत्र-

उपपन्नस्तल्लक्षणार्थोपलब्धेर्लोकवत् ।३०।

उभयथाभाव सर्वथा ठीक छ। किन ठीक छ ? उत्तर– तल्लक्षणार्थोपलब्धेः गतिकारणीभूत अर्थ पर्यङ्कविद्या जस्ता सगुणविद्याप्रयुक्त उपासनामा प्राप्त छ । तत्शब्दले गति बुझाउनुपर्छ । पर्यङ्कविद्यामा पर्यङ्कमा चढ्नु त्यहाँको ब्रह्मसँग कुरा गर्नु विशिष्ट गन्धादिप्राप्ति आदि देशान्तरमा मिल्ने फलश्रवण छ , त्यसमा गतिको अर्थवत्ता छ ।

सम्यग्दर्शनमा उक्त कुराको सम्भव नै छैन, आत्मैकदर्शी आप्तकाम हो त्यसका त यहीं सबै क्लेशबीज आरब्ध र सञ्चित कर्म दग्धभइसकेका हुन्छन्, प्राप्तव्य केही बाँकी हुँदैन अनि त्यसलाई गति के काम ? अनर्थिका नै हो । लोकमा पनि मिल्छ एउटा गाउँमा पुगेपछि अर्को गाउँ जाने बाटो अपेक्षित हुन्छ । आरोग्यप्राप्तिको अपेक्षा हुँदैन । अझ स्पष्ट र विस्तार चौथो अध्यायमा हुनेछ ।

इति गतेरर्थवत्त्वाधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनियमाधिकरणम् १८

सगुणनिर्गुणविद्यामा गतिभाव र अभावव्यवस्था जस्तै सगुणविद्यामध्ये पनि व्यवस्था छ कि ? यस्तो समस्यासमाधानमा सूत्र यो हो -

अनियमः सर्वासामविरोधः शब्दानुमानाभ्याम् ।३१।

सगुणविद्यामा गतिश्रवण छ। जस्तै पर्यङ्कविद्या, उपकोशलविद्या, पञ्चाग्नि विद्या र दहरविद्यामा। मधुविद्या, शाण्डिल्यविद्या, षोडशकलविद्या र वैश्वानरविद्यामा गतिश्रवण छैन। अब संशय उठ्छ- पर्यङ्कविद्यामा श्रुत गति मधुविद्यामा सम्वन्धित हुन सक्छ कि सक्दैन ? प्रकरणबलद्वारा अर्थ गर्नुपर्छ, तदनुसार जहाँ गतिश्रवण छ त्यहीं सम्वन्ध हुन्छ श्रवण नभएकामा हुँदैन। यो हो पूर्वपक्षको प्रस्तुति।

सिद्धान्त छ- सबै विद्यामा जहाँ देवयानपन्थाको श्रवण छ, त्यहींमात्र मिल्छ अन्यत्र मिल्दैन भन्ने कुनै नियम छैन।

त्यसो गर्दा प्रकरणविरोध होला नि त ? त्यो पनि हुँदैन। किन हुँदैन ? उत्तर छ, शव्दानुमानाभ्याम् श्रुति, जसले यसप्रकार जान्यो यसरी पञ्चाग्निविद्यावान्को देवयानगतिनिर्देशिका छ। साथै 'वनमा श्रद्धातप भनेर उपासना गर्छन्' श्रुतिले विद्यान्तरवित्को पनि पञ्चाग्निविद्याजान्नेकै गति देखाएको छ। श्रद्धा र तप नभए पनि विद्यावलले यो गति हुने देखिन्छ, कामनिर्मुक्त साधकविद्या बलले उत्तरगतिमा जान्छ। दक्षिणमार्गका अधिकारी अविद्वान् र अतपस्वी यो मार्गबाट जाँदैनन्, श्रुतिबाट उक्त कुरा प्रमाणित भएको छ। श्रद्धातपशब्दले अरू विद्या बुझ्नुपर्छ।

वाजसनेय श्रुतिनिर्दिष्ट पञ्चाग्निवित्को पनि देवयानमार्गनै हो। दक्षिण र उत्तर मार्गद्वयभ्रष्टरूपमा जसले दुईबाटा जान्दैनन् तिनीहरू कीरा, फट्याङग्रा, पुतली, दन्दशूक (सर्प) हुन्छन् श्रुतिद्वारा निर्देशित छन्। यिनलाई छोडेर यसैअध्यायमा निर्दिष्ट दुईथरीलाई मात्र श्रुतिले दुईमार्गमा अन्तर्भाव गराएको छ। यहाँ अपशीलित त्यस्तो विद्यापरिशीलीको पनि उत्तर अर्चिरादिमार्गमा अन्तर्भाव हो भन्ने बुझ्नुपर्छ। भाष्यको सङ्केत छ। तत्रापि विद्या विशेषादेषां प्रतिपत्तिः विद्याविशेषले त्यहाँ अधिकृत हुनसक्छ। संसारीका दुई गति शाश्वत छन् शुक्ल र कृष्ण। एकबाट फर्कदैन,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्कोबाट फर्कन्छ, भनी प्रतिपादन गर्ने भगवद्गीता स्मृति पनि उक्त कुरामा प्रमाण हो ।

इति अनियमाधिकरणम् ।

यावदधिकाराधिकरणम् १९

निर्गुणा विद्या पनि कालान्तरफलदायी हो, त्यस हेतु गतिको अर्थवत्ता निर्गुणविद्यामा पनि हुनुपर्ने । यस आशङ्काको निवर्तनार्थ सूत्र-

यावदधिकारमवस्थितिराधिकारिकाणाम् ।३२।

सगुणविद्याको चिन्ता पछि निर्गुणविद्यामा चिन्तन हुन्छ। ब्रह्मैक्यज्ञानीको मुक्ति पाक्षिकी अर्थात् कहिले हुने र कहिले नहुने होकि होइन भन्ने संशयोत्तर पूर्वपक्ष

अपान्तरतमा वेदाचार्य व्यासरूपेण जन्मनुपऱ्यो, ब्रह्मका मानसपुत्र सनत्कुमार कार्तिकेयरूपमा प्रादुर्भूत भए। यसरी समधिगतसकलवेदार्थ महात्माको पूर्वजन्म श्रवण छ । अतः मुक्ति पाक्षिकी हो ।

उत्तर छ, होइन अपान्तरतमा आदिको मुक्ति पाक्षिकी होइन। वेदप्रर्वतन गर्ने अधिकार त्यस्ता महात्मालाई मात्र छ, अरूले सक्तैनन्, तदर्थ ज्ञानीभए पनि रहनुपरेको छ । ती सम्यग्दर्शी भए पनि उनीहरूको कर्मबाँकी छ, त्यसैहुनाले आफ्नो अधिकारकालसम्म उनीहरूको स्थिति हो । अधिकार सकिनेवित्तिकै मुक्त हुन्छन् । अज्ञानको पुनरूद्भव उनीहरूमा हुँदैन,। किनभने, प्रत्यक्षफल दिने ज्ञान हो । प्रत्यक्ष नभएको स्वर्गादिमा आशङ्का हुनसक्ला, हुन्छ कि हुँदैन ? भन्ने संशय पनि होला, अनुभवानारूढ त्यो हो । ज्ञानफल त अनुभवारूढ हो । श्रुति नै छ साक्षात् अपरोक्ष ब्रह्म हो इत्यादि । सम्यग्दर्शन हुनेवित्तिकै अज्ञाननिवृत्ति र आत्मरूपमा प्रत्यगात्मज्ञान हुन्छ । अतः विद्वान्को आत्यन्तिकी मुक्ति हुन्छ, पाक्षिकी होइन, यो कुरा सिद्ध छ ।

इति यावदधिकाराधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अक्षरधी अधिकरणम् २०

तत्तत्प्रकरणअधीत निषेधबाट उपलक्षणतया सर्वद्वैतनिषेध हुनसक्छ। अब शाखान्तरगत निषेधमा ब्रह्मप्रमितिहेतुता किन मान्ने आशङ्कामा सूत्र-

अक्षरधियान्त्ववरोधः सामान्यतद्भावाभ्यामौपसदवत्तदुक्तम् ।३३।

बृहदारण्यकको 'अस्थूलअनणु' इत्यादि निषेध गार्गीब्राह्मणमा ब्रह्मबोधका निमित्त प्रस्तुत भएका छन्। अशब्द अस्पर्श इत्यादि निषेध कठवल्लीका हुन्। उक्त अनेक श्रुतिगत निषेधसमन्वय एकत्र हुन्छ, कि हुँदैन ? यो संशय हो। श्रुतिभिन्न भएकाले एकत्र समन्वय हुँदैन यो हो पूर्वपक्ष।

सिद्धान्तबाट उत्तर- 'अक्षरधियाम्' हो। अक्षरविषयक विशेष प्रतिषेधको उपसंहार जुनसुकै श्रुतिमा हुन्छ। कसरी हुन्छ ? उत्तर छ, 'सामान्यतद्भावाभ्याम्' ब्रह्मप्रतिपादनका निमित्त विशेष निराकरणप्रकार सर्वत्र वरावर छ। तद्भावः प्रतिपाद्यब्रह्मको ब्रह्म भाव, त्यसको स्वरूप पनि सर्वत्र एकरूप नै बुझिन्छ। उदाहरण छ, 'औपसदवत्' जामदग्नी अहीन याग छ, तत्सम्बन्धी इष्टिमा प्रयोग हुने पुरोडाशप्रदानमन्त्र 'अग्नेर्वेर्होत्रम्' इत्यादि हुन्। ती मन्त्र सामवेदका हुन्। भए पनि अध्वर्यु यजुर्वेदी हुन्छ। त्यसै सँगसम्बन्ध उक्त साममन्त्रको मान्नुपर्छ। त्यसैगरी यहाँ पनि अक्षरतन्त्र विद्या हो, अक्षरसम्बन्धी विशेषण जहाँका भए पनि अक्षर सम्बन्धी नै हुन्छन्। पूर्व तन्त्रमा छ- 'गौण र मुख्यमा व्यतिक्रम भयो भने समीहित अर्थका अनुरोधले मुख्यसँगै वेद सम्बन्ध हुन्छ' इत्यादि।

इति अक्षरधी अधिकरणम्।

इयदधिकरणम् २१

प्रतिपादयभेद्बाट विद्याभेदहोला भन्ने आशङ्कामा सूत्र आउँदछ।

इयदामननात् ।३४।

'द्वा सुपर्णा' इत्यादि अध्यात्माधिकारमा उक्त मन्त्र आथर्वणिक प्रस्तुत गर्छन् श्वेताश्वतर पनि गर्छन्। कठहरू पनि 'ऋतं पिवन्तौ' इत्यादि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्र उक्त अधिकारमा अघि सार्छन् । यहाँ विद्या एक हो, कि नाना हो ? भन्ने संशय छ । के यहाँ प्राप्त छ त ? नानात्व प्राप्त छ । 'पिबन्तौ' द्विवचनले जीव र ब्रह्ममा भोक्तृत्वज्ञान एकै स्थानमा भएको छ । अन्यत्र 'नखाइकन देख्छ' मात्रैबाट अभोक्ताको रूपमा चित्रित छ । अतः विद्याभेद छ पूर्वपक्षमा ।

सिद्धान्तमा यो कुरा मिल्दैन नानात्व होइन विद्यामा एकत्व हो । किन हो ? उत्तर- 'इयदामननात्' यहाँ दुई आत्माको कुरा छ, दुईवटैमा इयत्तापरिच्छिन्न वेद्यत्व प्रदशर्न छ । 'द्वा सुपर्णा' मन्त्रमा नखाईकन हेर्छ भन्ने प्रस्तुति सोपाधिक आत्माको अन्तःकरणगत भोक्तृत्वनिवारक हो । ऋत पानमन्त्रमा पनि बुद्धिरूप उपाधिसम्वन्धले परमात्मा नै जीवभावमा पुगेको हो र कल्पित भोक्ता भएको हो । त्यो भोक्तृत्व परमात्माको पनि हो भन्ने कुरा छत्रिन्यायका आधारमा द्विवचनको सङ्गति मानिएको हो औपचारिकरूपमा ।

परमात्मप्रकरण हो यो । धर्माधर्मबाट उपक्रमित प्रकरणमा 'यःसेतुः' इत्यादि वाक्यशेष छ । यसको विस्तार 'गुहां प्रविष्टौ' इत्यादि सूत्रमा भएको छ । त्यसैहुँदा यहाँ वेद्यभेद छैन, वेद्यभेद नभएकैले विद्याभेद पनि छैन ।

उक्त तीन वेदान्तवाक्यको पर्यालोचनगर्दा परमात्मविद्या नै हो भन्ने बुझिन्छ । जीवोपादान त परमात्मामा तादात्म्यविवक्षाले हो अर्थान्तरविवक्षाले होइन । परमात्मविचारमा भेदाभेदविचार गर्नु ठीक होइन, जुन कुराको विवरण भइसकेको छ । अतः विद्या एकै हो भन्ने सिद्धछ ।

इति इयदधिकरणम् ।

अन्तरत्वाधिकरणम् २२

मन्त्रको अर्थाभेदप्रसङ्गले ब्राह्मणमा पनि तुल्यार्थताप्रदर्शन गर्दै सूत्र-

अन्तरा भूतग्रामवत्स्वात्मनः ।३५।

वाजसनेयीब्राह्मणमा 'जुन साक्षात् अपरोक्ष ब्रह्म हो', जुन आत्मा सबैभित्र छ त्यो मलाई भन्नुहोस् । यसरी लगातार दुई पटक उषस्ति र कहोलको प्रश्नरूपमा छ । त्यसमा छ संशय उक्त दुई एकै विद्या हुन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कि ? भिन्नै हुन् ? अर्थ एक भए पनि विद्या एक होइन, एकै विद्यामा अभ्यास व्यर्थ हुन्छ, यो हो पूर्वपक्षको अभिव्यक्ति ।

यसमा उत्तर दिन्छन् सिद्धान्ती- भिन्नीभावभङ्गी फरक नपरेकाले आत्मविद्या एकै हो । दुवैतिर सर्वान्तरआत्माको पृच्छा र उत्तर छ। एक देहमा दुईआत्मा सर्वान्तर हुन पनि सक्तैनन्। एकको सर्वान्तरताकल्पना सजिलो पनि हुन्छ । पञ्चमहाभूतमा पृथिवीभन्दा जल भित्र, जलभन्दा तेज भित्र, यसक्रमबाट वढे पनि मुख्य सर्वान्तर कुनै पनि हुन सक्तैनन् त्यस्तै यहाँ पनि । अथवा भूतग्रामवत् यो निदर्शन हो श्रुत्यन्तरनिदर्शन एकै देव हो। सर्वभूतमा हो, सर्वव्यापी हो । सर्वभूतको अन्तरात्मा हो । यस मन्त्रमा समस्त भूतसमुदायमा एकमात्र सर्वान्तर भनिएकोछ। त्यस्तै यहाँका ब्राह्मणद्वयको पनि अर्थनिष्कर्ष हो। अत: वेद्य एक भएकाले विद्या एकै हो ।

पूर्वपक्ष उठाउँदै दोष देखाउँछन् -

अन्यथा भेदानुपपत्तिरिति चेन्नोपदेशान्तरवत् ।३६।

विद्या एकै भए आम्नातभेद नहुनु पर्ने भन्नेको आशङ्कापरिहार गर्दै उत्तर दिन्छन्- उपदेशान्तरवत्, अन्यत्रको उपदेशजस्तै यहाँ पनि मान्नुपर्छ । जस्तै ताण्डिकोपनिषत्मा 'तत्त्वमसि' को नौपटक उपदेश छ, विद्याभेदछैन त्यस्तै यहाँ पनि । त्यसोभए नौपटक उपदेश किन त ? शिष्यबुद्धि अनुरोधले नौपटक भएको हो । स्वत:एकार्थप्रतिपादनै त्यो प्रसङ्ग हो भन्ने कुरा उपक्रम र उपसंहारको एकार्थताले स्पष्ट गरेकै छ। त्यस्तै यहाँ प्रश्नरूपमा फरक छैन । वरु दोस्रो प्रश्नमा 'यदेव' यसरी एवकार प्रयोगगरी पूर्वपश्नकै अर्थ उत्तर- अनुकर्षण गरेको बुझिन्छ। पूर्वप्रश्नमा कार्यकारणातिरिक्त आत्मसद्भाव उत्तर छ र उत्तरप्रश्नमा त्यही आत्मा अशनायादि संसारधर्मातीत हो भनिएको छ। यी दुवै अर्थ एकात्ममा टुङ्गोलागेका छन्, अत: विद्या एकै हो ।

इति अन्तरत्वाधिकरणम् ।

व्यतिहाराधिकरणम् २३

एकत्ववादी श्रुतिवाक्यान्तरतात्पर्यको निरूपण गर्नेक्रममा आउँदछ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यतिहारो विशिंषन्ति हीतरवत् ।३७

जीव र ईश्वर परस्पर विशेषणविशेष्यभाव आध्यानरूप उभयबुद्धि व्यतिहार हो । त्यो जुन हो म त्यही हुँ, मँ जुन हुँ त्यो त्यही हो, ऐतरेयश्रुति र तिमी महूँ, भगवान् देवता मनै तिमी हौ, जावालश्रुति छन् । त्यहाँ छ संशय- व्यतिहारवाट उभयरूपमा बुद्धि हुन्छ कि ? एकरूपमा हुन्छ ? जीवलाई ईश्वर भन्न सकिन्छ, जीवभन्दा ठूलो ईश्वर हो, ईश्वरलाई जीवभन्न सकिन्न ईश्वरभन्दा सानु जीव हो । लोकमा पनि सानालाई ठूलो भन्न हुन्छ ठूलालाई सानु भन्नु हुँदैन । त्यसो गर्दा ईश्वरमा निकृष्टता देखिन्छ । त्यसकारण, एकरूपकै बुद्धि हुन्छ यो हो पूर्वपक्ष ।

उत्तर छ सिद्धान्तको– उक्त व्यतिहार आध्यानका लागि हो । उदाहरण इतरवत् त्यहाँ पनि हो । जस्तै- परिष्कर्ताहरू उभय उच्चारण 'तिमी म हूँ म तिमी हौ' जस्ता गर्छन् । यसले दुवै किसिमको वुद्धि सप्रयोजन हो भन्ने आउँछ । नत्र त दुई किसिमबाट भन्नुपर्ने काम थिएन, एकै भनाइबाट कुरा पुगिहाल्थ्यो । यस्तै हिसाबमा देहादिरहित ब्रह्मको हिरण्यश्मश्रुत्वादि गुण हो भन्दा पनि अपकर्ष हुँदैन । श्रुतिबलात् ब्रह्मसंसारी हो भन्नु अपराध ठहिरदैन । व्यतिहारोपासनाका प्रभावले ब्रह्म र जीवको एकता दृढीकरण हुन्छ भने त्यो त ईप्सितै हो । त्यो निवारण गर्नुपर्ने कुनै कारण छैन । उपासनाकै लागि सत्यकाम आदि गुणको उपसंहार हुँदा तद्गुण ईश्वर हुन्छ भनिन्छ । यो व्यतिहार आध्यानार्थ हो, समानविषयमा जहाँको जहाँ पनि उपसंहार गर्न सकिन्छ ।

इति व्यतिहाराधिकरणम् ।

सत्याद्यधिकरणम् २४

यस लोकमा विजय हुन्छ, पापनाश हुन्छन्, यसरी फलोक्ति भेदले विद्याभेद होला नि त भन्ने आशङ्कासमाधानमा आएको सूत्र-

सैव हि सत्यादयः ।३८।

वाजसनेयश्रुति व्यापक पूज्य भौतिक मध्येप्रथमज सत् त्यत् भनिने सत्य ब्रह्म हिरण्यगर्भको उपासना जुन अधिकारीले गर्छ त्यसको फल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकजय हो, छ, त्यसपछि उक्तपूज्यत्वादिगुणक आदित्यमण्डल र आँखामा जुन पुरुष छ त्यसको क्रमशः 'अह' अनि 'अहम्' यी नामद्वयज्ञानवाट पापक्षय हुन्छ। अब संशय छ- उक्त दुईविद्या दुई विद्या नै हुन् कि एकै विद्या हो। पूज्यत्वबोधक वाक्यको लोकजय फल हो आदित्यवाक्यको फल पापक्षय हो। यी दुईको फलभेद छ फलभेद भएकाले विद्याभेद हो पूर्वपक्षमा।

सिद्धान्तमा त्यस्तो होइन। युक्ति छ, 'सैव' इत्यादि। 'तद्यत् तत् सत्यम्' यहाँ तत्सत्यम् पदको अनुकर्षण भएको छ। सूत्रको 'हि' पदले अनुकर्षण अर्थ सूचित भएको हो। पूर्वविद्यासम्वन्ध भएकै सत्य उत्तरत्र आर्कषण भएको छ, ब्रह्म र आदित्यको सत्य एकै हो अतएव सत्यविद्या एकै हो। फलभेद हुनाले विद्याभेद हो भन्नु पनि ठीक छैन। त्यसको उपनिषत् अह र अहम् अरू अङ्गउपदेशको स्तुतिप्रदर्शनका निमित्त पलान्तरश्रवण मात्र हो। अर्थवादबाट कल्पना हुने फलविद्या एकै भएको स्थितिमा अवयवमा जति धेरै फल कल्पनाभए पनि अवयवीभूत विद्यामा नै उपसंहृत हुन्छन्। त्यसो हुनाले सत्यविद्या एकै हो। ती ती विशेषणयुक्ततामा आम्नात हुन्। अतः सत्यादि सबै गुणको उपसंहार एउटै प्रयोगमा गर्नुपर्छ।

इति सत्यादयधिकरणम्।

कामाद्यधिकरणम् २५

कहीं आकाशमा उपास्यताश्रवण छ त कतै आकाशाश्रयमा ज्ञेयताश्रवण छ। यसरी रूपभेद हुंदा गुणोपसंहार हुँदैन भन्ने मान्नु पर्छ। यस्तो आशङ्कागर्दै समाधानगर्ने क्रममा सूत्र बनेको छ -

कामादीतरत्र तत्र चायतनादिभ्यः ।३९।

छान्दोग्यमा 'अन्तराकाश दहर हो' इत्यादिबाट सत्यकामत्वादि दहरगुणश्रवण छन्। बाजसनेयमा यो जुन हृदयभित्र आकाशबाट प्रारभ्भ श्रुति हृदयाकाशरूप गुणाख्यान गर्छ। अब संशयको उद्गम हुन्छ। उक्त दुई गुणको परस्परमा उपसंहार हुन्छ कि हुँदैन ? धेरै समता छ, तर दहराकाशको श्रवण उपास्यत्वेन छ र हृदयाकाशकोश्रवण ज्ञेयत्वेन छ। यसैले दुईविद्या भिन्न हुन् परस्परमा गुणोपसंहार हुन सक्तैन यो पूर्वपक्ष हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्ती उत्तर दिन्छन् कामादी इत्यादि। कामादि भन्नाले सत्यकामादि गुण बुझ्नु पर्छ। सत्यभामालाई भामा र देवतत्तलाई दत्तमात्र भनेजस्तो हो। त्यसकारण, छान्दोग्यको सत्यकामादि वाजसनेयको अन्तर्हृदय आकाशमा र वाजसनेयको वशित्वादि छान्दोग्यको दहराकाशमा उपसंहार हुन्छ। यहाँ हेतु के छ? उत्तर– **आयतनादिहेतुभ्यः** दुवैतिर आयतनमा समता छ। आकाशशब्दवाच्य आत्मा दुवैतिरको आयतन हो। दहराकाश आत्मा हो भन्ने कुरा दहराधिकरणमा स्पष्ट छ। हृदयाकाश आत्मा भएको चाहिं त्यो यो महान् अज आत्मा हो भन्ने उपसंहारबाट बुझिन्छ।

उक्त दुई श्रुतिमा फरक पनि केही छ। छान्दोग्यमा सगुणब्रह्मविद्याको उपदेश प्रायेण गरिन्छ। जो यहीं आत्मा र कामना बुझेर जान्छन् यसरी आत्मा जस्तै सत्यकामना पनि बुझ्नु पर्नेमा राखिएका छन्। वाजसेनेयमा त्यस्तो छैन, बरु त्यहाँ यसमाथि मोक्षकै लागि भन 'पुरुष असङ्ग छ' यस्ता प्रश्नप्रतिवचन छन्। वशित्वादिसङ्कीर्तन त स्तुतिका लागि हो जुन कुरा अगाडि 'नेति नेति' होइन, होइन भनेर निर्गुण ब्रह्मकै उपसंहार गरिएको छ। यसप्रसङ्गले बुझिन्छ वाजसनेयबृहदारण्यकोपनिषत् निर्गुणपरब्रह्मकै प्रायः उपदेश गर्ने श्रुति हो। सगुण, निर्गुणभेदका उक्त श्रुतिद्वयको परस्परगुणोपसंहार भन्नु केही असमञ्जस् होला, तथापि, यो विषय, हृदयाकाशको स्तुतिका निमित्त सत्यकामादि सम्बन्ध र दहराकाशको उपासनाका लागि सत्यकामवशित्वादिसम्बन्धमान्दा समञ्जस हुन्छ। त्यसैले शङ्कराचार्य स्पष्टतः गुणवद् ब्रह्म एकै हो त्यसको विभूतिप्रदर्शन यहाँ भएको छ उपासनाको निर्देश छैन, भन्छन्। अर्थात् ब्रह्म एकै भए पनि सगुणताका अपेक्षाले ध्यान र निर्गुणताका अपेक्षाले स्तुतिभन्ने सङ्केत शास्त्रकारले गर्दै आएका छन्।

इति कामाद्यधिकरणम्।

आदराधिकरणम् २६

निर्गुणको उपास्तिलोप भए पनि स्तुति हुन सक्छ भने जस्तै भोजनलोप भए पनि प्राणाग्निहोत्रलोप हुँदैन भन्ने पक्ष उत्थापना गर्दै सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदरादलोपः ।४०।

छान्दोग्यको वैश्वानरविद्यामा पहिलो आहुति 'प्राणाय स्वाहा' भनेर गर्नु क्रमैसँग पाँच आहुति चर्चित छन् । यहाँ कुनै प्रसङ्गले भोजनलोपभएको खण्डमा प्राणाहुतिलोप हुन्छ कि हुँदैन, भन्ने संशय छ ।

पूर्ववादी भन्छन् प्राणाहुतिलोप हुँदैन । पाहुनाभन्दा पहिला खानु भनेर आदर देखाइएको छ । यसले प्राणाहुतिको आदर गरेको छ, जल, दूध आदिले भए पनि गर्नैपर्छ । अतः लोप हुँदैन ।
यसको प्रतिवाद गर्दै सिद्धान्ती-

उपस्थितेऽतस्तद्वचनात् ।४१।

भोजनीय द्रव्य उपस्थित भएपछि, अतः त्यही द्रव्यबाट पहिले प्रांणाग्निहोत्र गर्नुपर्छ । किन पर्छ ? 'तद्वचनात्' भात आएपछि पहिले त्यो होम गर्नुपर्छ, भोजनकै भातबाट होम गर्ने कुरा छ । भात उपलक्षण हो जे खाने हो त्यही अन्नभन्ने यसको अर्थ हो । कुनै परिस्थितिले भोजनलोप हुँदा भातआदि द्रव्यनै हुँदैनन् आहुतिलोपहुने यहाँ सुबोधै छ । आदरको कुरा त भोजनगरेको पक्षमा हो । त्यहाँ प्राथम्यविधान हो । अतः भोजनलोपमा प्राणाहुतिको लोप हुन्छ ।

इति आदराधिकरणम् ।

तन्निर्धारणाधिकरणम् २७

प्राणाग्निहोत्रको अनित्यत्व जस्तै कर्मासङ्गी ज्ञानमा पनि अनित्यत्व प्रसङ्ग हुन्छ भन्ने प्रश्नमा-

तन्निर्धारणानियमस्तद्दृष्टेः पृथग्ध्यप्रतिबन्धः फलम् ।४२।

'ओम् यो अक्षरउग्दीथको उपासना गर' इत्यादि । उद्गीथ कर्माङ्गको रूपमा प्रतिमा जस्तै प्रतीक - भूत देवताको उपासना हुने गर्छन् । त्यस्ता कर्माङ्गोपासना नियत हुन् कि ? कर्ममा अनियत हुन् ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उक्त संशयको उत्तर- जसको पर्णमयी जुहू हुन्छ इत्यादि र प्रसङ्गतः प्राप्त जुहूआदि जस्तै जुन विद्वान्ले उद्गान गर्छ, सामगान जुन विद्वान्ले गर्छ, जस्ता उक्ति उद्गीथमाध्यमले क्रतुसम्बन्धलाई सिद्ध गर्छन् भन्नेमा छन्। त्यसैले त्यस्ता उपासनाकर्ममा नियत हुन् भन्छन् पूर्वपक्षबाट-

सिद्धान्तको उत्तर 'तन्निर्धारणानियमः' कर्ममा त्यस्ता उपासना हुनै पर्छ भन्ने निर्धारण छैन। किन ? 'तद्दृष्टेः' श्रुतिले त्यस्ता उपासनाको नियतता देखाएको छैन। काम दुवैले गर्छन् बुझ्ने र नबुझ्नेले तथापि यो वाक्यशेषमा उपासनाको अनाधार कर्मानुष्ठानको प्रतीति स्पष्ट छ।

बरु यस्ताखाले उपासनाधार कर्मको फल देखिन्छ। के हो त त्यो फल? कर्मफलसिद्धिमा अप्रतिबन्ध फल हो अर्थात् समृद्धि धेरै हुनु फल हो। जुन काम बुझेर गरेको छ श्रद्धा र रहस्यज्ञानपूर्वक त्यो नै बढी प्रभावशाली हुन्छ। यहाँ तरप्प्रत्यय छ, त्यसले नबुझीगर्नेको काम पनि व्यर्थ हुँदैन भन्ने देखाएकै छ। वीर्यवान् फल दिने त्यो पनि हुन्छ। विद्यायुक्तका कर्म वीर्यवत्तर हुन्छन् अर्थात् उसको फल बढी ओजिलो हुन्छ भन्ने नै हो।

उपासनाको श्रुतफल परित्याग गरेर क्रतुको अङ्ग जुहूजस्तो अश्रुत फलको कल्पना गर्नु न्यायसङ्गत होइन। जहाँ व्यापारोत्पादकता हुँदैन, त्यहाँ साधनता पनि हुँदैन। व्यापारोत्पत्तिमत्ले मात्र फलमा पुऱ्याउँछ, यो वचन छ। अव्यापारीमा फलसाधनता न हुनाले व्यापार न हुने जुहू आदिमा फलको निमित्त क्रतुका अङ्ग हुन्छन् भन्नु न्यायसङ्गत होइन।

उपासना त व्यापारात्मा हुन्। व्यापारको फलसम्बन्ध त हुन्छ। 'चमसले जलप्रणयन गर्नु' यसरी विहित जलप्रणयन कर्माङ्गको आश्रयले विधान गरिएको गोदोहन अप्रणयन जस्तै पुरुषार्थताको हुन्छ उपपत्ति। अब त्यहाँबाट बुझ्नुपर्छ गोदोहनादि पुरुषार्थ हुनाले अनियत हुन्। त्यसैगरी कर्माङ्गको आश्रयले विधानगरिने उपासना नित्य होइनन् यो सिद्ध छ।

इति तन्निर्धारणाधिकरणम्।

प्रदानाधिकरणम् २८

फलपृथक्त्व जस्तै उपगमनपृथक्त्व वस्तुभेदसाधक हो भन्नेमा सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रदानवदेव तदुक्तम् ।४३।

छान्दोग्य संवर्गविद्यामा अधिदैव वायु उपास्य हो भनिएको छ र अध्यात्ममा प्राणलाई उपास्यमा राखिएको छ। यहाँ संशयबीज- वायुप्राण एकीकरणरूपमा चिन्तन गर्ने कि ? पृथक् यो हो। वायुकै कार्य प्राण हो, कार्यकारणमा अभेद छ। अभेदाभिप्रायेण एकीकरणरूपमा चिन्तन गर्ने मान्यता पूर्वपक्षको छ।

उत्तर सिद्धान्तबाट वायु र प्राण अलग हुन्। किन हुन्? उत्तर प्रदानवत्। इन्द्रराजालाई एघार कपालको पुरोडाश इन्द्र अधिराजालाई इन्द्र स्वराजालाई भनेर त्रिपुरोडाशिकत्व विधान इष्टिमा छ। वास्तविक इन्द्र एकै हो ता पनि राज्यादिगुणभेदले भिन्नाभिन्नै पुरोडाश दिनुपर्छ। त्यस्तै वायु र प्राणमा एकत्व भए पनि कार्यत्व र कारणत्वको अवस्थाभेदले पृथक् चिन्तन गर्नु नायसङ्गत मान्नुपर्छ।

तत्त्वमा अभेदभए पनि ध्येयपृथक्त्वले ध्यानपृथक् हुन्छ भन्ने अभिप्राय हो। सङ्कर्षमा 'पृथक ज्ञानबाट देवता नाना हुन्छन्' भनिएकै छ। जहाँ उत्पत्तिवाक्यमा नै द्रव्यदेवताकर्म दृष्ट छन् त्यहाँ देवतादिभेद हुन्छ। जहाँ उत्पत्तिवाक्यमा नै कर्म एकै हो भन्ने बुझिन्छ। त्यस्तो देवताभेद भए पनि कर्मभेद हुँदैन अग्निहोत्रमा जस्तै। सायंकाल र प्राप्तःकालमा देवताभेद अग्निहोत्रमा हुन्छ। भए पनि अग्निहोत्रकर्म एकै हो। त्यस्तै यहाँ प्राण र वायु देवता पृथक् भए पनि विद्या एकै हो।

त्यस्तै उपक्रम र उपसंहार अध्यात्म र अधिदेव उपदेशमा विद्या एकै हो भन्ने हो भन्ने प्रतीति हुन्छ। विद्या एकै भए पनि अध्यात्म र अधिदैवभेदले प्रवृत्तिभेद हुन्छ, अग्निहोत्रमा जस्तै सायं प्रातः कालभेदले यो सबै कुरा विचार प्रदानवदेव भनेर सूत्रित भएको हो।

इति प्रदानाधिकरणम्।

लिङ्गभूयस्त्वधिकरणम् २९

साम्पादिक अग्निविद्याको चिन्तन अब हुन्छ। त्यो उपक्रमसिद्धान्तबाट हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिङ्गभूयस्त्वात्तद्धि बलीयस्तदपि ।४४।

वाजसनेयअग्निरहस्य विद्यामा छ- 'मनले चयनगरेका छत्तीसहज्जार मनोमयअग्नि देख्यो,' यसको अर्थ- मान्छेको एकसय वर्ष हुन्छ आयु, सय वर्षको आयुमा छत्तीसहज्जार दिन हुन्छन् । ती एक एक दिनको मनोवृत्ति एकएकअग्नि हुने भन्ने दृष्टिबाट ध्यानभए ध्यातव्यअग्नि छत्तीस हज्जार पुग्छन् ती सबैको ध्यान प्रत्यगात्माको रूपमा गर्ने कुरा हो यो ।

उक्त मनश्चित् अग्नि क्रियानुप्रवेशी हुन् कि स्वतन्त्रविद्यात्मक हुन्, यस्तो संशयमा प्रकरणबाट क्रियानुप्रवेशी हुन् पूर्वपक्षको भनाइमा ।

सिद्धान्तमा स्वतन्त्र विद्या हुन् । किन हुन् ? उत्तर- लिङ्गभूयस्त्वात् विद्यात्मक हुन् भन्नेमा धेरै लिङ्ग यो ब्राह्मणमा छन् । ती सबै यस्ता हुन् सर्वप्राणीले चयन गर्दागर्दै पनि सुत्छन् यस प्रकारका । सुतेकामा समेत चयन हुने भन्नाले जीवनभरी उनीहरूबाट चयन भइरहेको छ । यसले विद्यामा स्वातन्त्र्यप्रदर्शनगरेको छ ।

कर्ममा जीवनभरि नैरन्तर्य हुँदैन, क्रियानुप्रवेश मान्दा कर्मशेष तिनी हुन्छन् । यसैले मनश्चित् अग्निको पनि नैरन्तर्य हुँदैन । प्रकरणले पनि कर्मशेष मान्नु उचित हुँदैन, त्यसैले सूत्रांश भन्छ 'तद्धि बलीयः' प्रकरणभन्दा लिङ्ग बलवान् हो । त्यो चर्चा यही पनि भएको छ । पूर्व तन्त्रकाण्डको सूत्र हो श्रुतिलिङ्गवाक्यप्रकरणस्थानसमाख्या एकत्र हुँदा पर परको दुर्बल हुन्छ अर्थमा विप्रकर्ष हुनाले ।

सिद्धान्तबाट उपक्रमगरी पूर्वपक्षको उत्थान निम्नलिखितरूपमा छ-

पूर्वविकल्पः प्रकरणात्स्यात्क्रिया मानसवत् ।४५।

पूर्वसिद्ध जुन क्रियामयअग्नि हुन् तिनको विकल्प हो, विशेष उपदेश हो यो, स्वतन्त्रविद्यारूप अग्नि होइन । किन ? उत्तर- 'प्रकरणात्' क्रियाप्रकरणभएकाले क्रियानुप्रवेशी हुन् । लिङ्गबलीयस्त्वको कुरा पनि साम्पादिक अग्निको प्रशंसाका लागि हो, गुणवादमात्र भएकाले त्यसले प्रकरण वाधित हुँदैन । उदाहरण छ मानसवत् दशरात्रयागको दशमदिनमा पृथिवीपात्रले समुद्रको सोम उठाएर प्रजापति देवतालाई ग्रहण आसादनादि काम मानस हुन्छन् । त्यो मानस नै भए पनि ग्रहण गरेजस्तै हो, क्रियाकल्प

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नै हो, त्यसो हुँदा क्रियाशेष नै हो स्वतन्त्र होइन। यहाँको अग्निकल्प पनि त्यस्तै हो।

मनश्चित्अग्नि क्रियाशेष हुन् भन्नेमा प्रकरण पछि अतिदेशरूपेण लिङ्गान्तरप्रदर्शन-

अतिदेशाच्च ।४६।

उक्तअग्निको क्रियानुप्रवेशित्व- प्रर्दशक अतिदेश छ- छत्तीसहज्जार अग्नि अर्क हुन् ती एक-एक त्यति छन् जति त्यो सूर्य छ। यसले इष्टकाअग्निको साम्पादिक अग्नि उपदेश गर्दै ती अग्नि क्रियाशेष हुन् भन्ने देखाएकोछ।

उक्त दुईसूत्रहरूबाट पूर्वपक्ष उपपादन भएको छ। अव उक्त पूर्वपक्ष निराकरण गर्दै सिद्धान्त सूत्र-

विद्यैव तु निर्धारणात् ।४७।

सूत्रको 'तु' शब्द पक्षव्यावर्तक हो। मनश्चिचदादिअग्नि विद्यात्मक हुन् स्वतन्त्र हुन् क्रियानुप्रवेशित्वेन क्रियाशेष होइनन्। किन ? उत्तर- 'निर्धारणात्' ती अग्नि विद्याचित हुन् र यो विद्या जो जान्दछ त्यसले ती अग्निचयन गरेको हुन्छ इत्यादि। यसले क्रियानुप्रवेशित्वपरक व्याख्या आभासीकृत भएका छन्।

श्रुतिबाट होइन लिङ्गबाट पनि प्रकरण बाधित छ भन्नेमा सूत्र -

दर्शनाच्च ।४८।

मनश्चित्अग्नि स्वतन्त्र हुन्। विद्यात्मक हुन् भन्नेमा लिङ्ग छ। त्यो कुरा 'लिङ्गभूयस्त्वात्' सूत्रमा विवृत भइसकेको छ।

अर्थान्तरप्राप्तिमा लिङ्ग पनि साधक हुँदैन भन्ने पक्षको निराकरण भएको छ। अब प्रकरणसामर्थ्यले मनश्चित् अग्निमा क्रियाशेषत्व छ भन्ने पक्षको निराकरणमा सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुत्यादिबलीयस्त्वाच्च न बाधः ।४९।

प्रकरणसामर्थ्यले मनश्चितअग्निको स्वातन्त्र्यपक्ष वाधित हुँदैन। श्रुत्यादि यहाँ बलशाली छन् ।। प्रकरणभन्दा श्रुतिलिङ्गवाक्य वलवान् हुन्। यो विषय श्रुतिलिङ्गसूत्रमा निश्चित भइसकेको छ। 'श्रुति ती विद्याचित् कुन' हो। लिङ्ग- सधैं सवै भूतको चयनमा पनि सुत्छ हो। विद्या जानेमा मनश्चित् अग्निचयन गरेको हुन्छ, वाक्य यो हो।

श्रुति, लिङ्ग र वाक्यले प्रकरण बाधित भएको छ। अतः मनश्चित् अग्नि स्वतन्त्र हुन् विद्यात्मक हुन् यो सिद्ध भएको छ।

लिङ्गप्रदर्शन गुणवाद हो भन्ने पक्ष अयुक्त छ। कुनै विहितकर्मको प्रशंसा विधेयभावेन शब्दले गर्छ। अर्थवादसामर्थ्यले विधिको अनुमान हुने पक्षमा फलप्रतिपादक वाक्यको रात्रिसत्रन्यायले अधिकारीमा हुन्छ पर्यवसान। त्यो स्थितिमा सबै यी ब्राह्मणविधि रूप नै हुन पुग्छ। अनि विधिको उद्देश्यगतताका आधारमा लिङ्गको प्रबलता सोझै देखिन्छ। अतः स्वतन्त्र पक्षकै विजय छ।

स्वातन्त्र्यमा हेत्वन्तरप्रदर्शन गर्न सूत्र-

अनुबन्धादिभ्यः प्रज्ञान्तरपृथक्त्ववद् दृष्टश्च तदुक्तम् ।५०।

प्रकरणको उपमर्दन गरेर मनश्चित्अग्निको स्वातन्त्र्य बुझ्नुपर्छ। स्वातन्त्र्यमा हेतु छन् अनुवन्धादि। जहाँबाट विद्यासंस्कार स्थिर हुन सक्छ त्यो अनुबन्ध हो। कहाँबाट हुन्छ त त्यो संस्कार ? अध्ययनग्रहणस्तवनसंशनादि विक्रिया अवयवसमूहको मननादिव्यापारबाट हुन्छ। त्यसैले त्यस्तोसमूहको मननादिव्यापार अनुबन्ध हो। श्रुतिबाट मनले आधान गरिन्छन्। मनले ग्रहको ग्रहण हुन्छ। मनले नै सुन्छ इत्यादि वाक्यमा ठूलो वाक्यमा ठूलोअनुबन्ध भएको तथ्य उद्घाटित भएको छ।

पुनरपि उद्गीथादि जस्तै क्रियाङ्गको आश्रयले त्यसमा यो नामको सम्बन्ध हुनुपर्छ भन्ने वचन छैन। अतः क्रियानुप्रवेशकल्पना गर्न सकिन्न। त्यसैले अनुबन्धादि हेतुबाट मनश्चिदादि स्वातन्त्र्य छन् भन्ने आउँछ।

अतिदेशवाट क्रियानुप्रवेशित्व छ भन्नु पनि गलत छ। 'पहिले जति अग्नि छन्' त्यति प्रत्येक मनश्चित् छन्। यसबाट क्रियाङ्ग अग्निको माहात्म्य ज्ञानमय अग्नि प्रत्येकमा अतिदिष्ट छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनश्चिदादिको स्वातन्त्र्यमा निदर्शन- 'प्रज्ञान्तर पृथक्त्वात्'। प्रज्ञान्तर शाण्डिल्यविद्या आदि आ-आफ्ना अनुबन्धले अनुवन्धित छन्। अनुवन्धित भएकैले कर्मान्तर र प्रज्ञान्तरवाट स्वतन्त्र छन् त्यस्तै यहाँ पनि। दृष्ट पनि छ राजसूयभन्दा अवेष्टिको उत्कर्ष, त्यो भनिएको छ तन्त्रकाण्डमा क्रत्वर्थायामिति चेन्न, वर्णत्रयसंयोगात्। क्षत्रिय राजाको मात्र अधिकार भएको राजसूय अन्तर्गत अवेष्टिमा वर्णत्रयको अधिकार छ। यस आधारमा राजसूयको अपेक्षा अवेष्टिको उत्कर्ष हो। यस्तै प्रकरणवाट क्रियानुप्रवेशी भन्दा मनश्चिदादिको उत्कर्ष भएको बुझ्नुपर्छ। पूर्ववादीको दृष्टान्त भञ्जनार्थ सूत्र -

न सामान्यादप्युपलब्धेर्मृत्युवन्नहि लोकापत्तिः ।५१।

मानसवत् यो दृष्टान्त दृष्टान्त हुन सक्तैन किन ? सामान्याद्युपलब्धेः मानसग्रहणसामान्यवाट मनश्चित्आदिमा क्रियाशेषत्वको कल्पना हुन सक्तैन। पूर्वोक्त श्रुत्यादि हेतुवाट केवल पुरुषार्थता सिद्ध भएको छ। केही कुनै कहींवाट सामान्य हुँदैन भन्नसकिँदैन। त्यसो हुँदा मानसत्वसामान्यले वहुतरवैषम्य निवृत्त हुन्छ भन्नमिल्दैन। दृष्टान्त छ- 'मृत्युवत्'। आदित्यमण्डलमा जुन पुरुष छ त्यो मृत्यु हो अग्नि मृत्यु हो यी दुई आदित्य र अग्नि पुरुषसमान भए पनि मृत्युशब्दप्रयोगमा अत्यन्त साम्य छैन।

जस्तै त्यो लोक अग्नि हो, आदित्य त्यसको समिधा हो यहाँ आदित्यलाई समिधादि सामान्यमा राखे पनि लोक अग्नि हुँदैन। मनश्चिदादि मानसभए पनि मानससमुद्रग्रहणमा समता छैन केवल विद्यात्मकता छ। अतः मनश्चिदादि क्रियाशेष होइनन्।

परोक्त उदाहरणको दूषण गर्ने एककार्य छ, साथै पूर्वोक्तर ब्राह्मणमा विद्याविधान छ। यस्तो स्थितिमा मध्यवर्ती ब्राह्मणको पनि स्वतन्त्रविद्या विधि हो भन्ने सन्देश न्यायले समेत देखाउँछ। तदर्थ सूत्र -

परेण च शब्दस्य ताद्विध्यं भूयस्त्वात्त्वनुबन्धः ।५२।

मानसिकअग्निब्राह्मणको उत्तरब्राह्मणमा शब्दको ताद्विध्य चित्याग्निमा लोकदृष्टिस्वरूप स्वतन्त्र विद्याविधिकै हुन्छ प्रतीति। सूत्रको चशब्दले पूर्वोक्त ब्राह्मणद्वारा समेत मण्डलपुरुषोपासनारूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वतन्त्रविद्याविधिको प्रदर्शन हो भन्ने सूचना गरेको छ। त्यसैले शव्दको प्रयोजन विद्याविधिमा लक्षित छ, शुद्धकर्माङ्गविधिमा छैन। पूर्व र उत्तरब्राह्मणको विद्याविधिमा चरितार्थता, तन्मध्यपतितब्राह्मण मानसाग्निप्रतिपादक स्वतन्त्रविद्या हो भन्नेमा हुन्छ। मध्यब्राह्मणमा विद्याबाट त्यहाँ आरोह हुन्छ, जहाँ कुनै कामना हुँदैनन्। दक्षिणमार्ग अधिकारी अविद्वान् र अतपस्वी त्यो बाटो जादैनन् यो स्रोत छ। यसले कर्मनिन्दागर्दै विद्याप्रशंसा गरेको छ। पहिले पनि 'मण्डलतपन जसले गर्छ भनिएको छ । उत्तरब्राह्मणमा त्यो अमृत हुन्छ। मृत्यु त्यसको आत्मा हुन्छ भन्ने छ। सर्वत्र विद्याप्राधन्येन उपक्रमगर्दै विद्याप्राधान्यमै टुङ्ग्याएकोछ। तत्सामान्यले यहाँ पनि त्यस्तै मान्नुपर्छ।

त्यसोभए, क्रियाग्निमा सहपाठ किन त ? यसको उत्तर- 'भूयस्त्वात्त्वनुबन्धः' । 'तु' शङ्कानिरासका लागि हो। मानसाग्निविद्यामा धेरै कर्माङ्ग सम्पाद्य छन्। त्यसैले विद्याको सहपाठ क्रियाग्निले अनुवन्धित हो। त्यसकारण मानसाग्निविद्या स्वतन्त्रपुरुषार्थहेतु हो भन्ने सिद्ध छ।

इति लिङ्गभूयस्त्वाधिकरणम्।

ऐकात्म्याधिकरणम् ३०

मनश्चिदादि पुरुषार्थ हुँदैनन्। त्यसो हुन पुरुष चाहिन्छ, देहातिरिक्त पुरुष सिद्ध छैन भन्ने आक्षेप समाधानमा सूत्र-

एक आत्मनः शरीरे भावात् ।५३।

यस अधिकरणमा देहातिरिक्त आत्माको सद्भावप्रदर्शन हुन्छ। बन्धमोक्षाधिकारिताका लागि समेत आत्मास्तित्वप्रदर्शन आवश्यक छ। त्यो नभए त परलोक फलका विधि व्यर्थ होलान्। कसलाई तिमी ब्रह्म हौ भनेर उपदेश गर्ने ?

चैतन्यविशिष्ट देह आत्मा हो कि ? देहादिव्यतिरिक्त अर्को कुनै हो ? संशयमा पूर्ववादीबाट आफ्नो पक्ष उपस्थापनमा उनीहरू भन्छन् 'एक आत्मनः'। लौकायतिक चार्वाक देहभन्दा भिन्न आत्मा मान्दैनन् र भन्छन्- भिन्न आत्मसाधक प्रमाण छैन। देहभिन्न आत्मा छैन भन्नु नै आत्माको अभावमा अभाव प्रमण छ भन्नु हो त्यसैले प्रतिज्ञा नै हेतुगर्भ हो। 'शरीरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावात्' अर्को हेतु हो, चेष्टा, प्राण, चैतन्यस्मृति जस्ता धर्म शरीर भए हुन सक्छन्, नभए हुँदैनन् । हित, अहितादि व्यापार शरीराधीन छ त्यही चेष्टा हो त्यो शरीरधर्म भएको सबैलाई थाहा छ । श्वासप्रश्वासात्मा प्राण हो । त्यो पनि शरीर धर्म हो । इच्छादिमा यद्यपि प्राकट्य छैन तैपनि शरीर भिन्न अर्को आश्रय तिनको देखिंदैन । शरीर भए मात्र शरीरभित्रका ती हुने हुन् नत्र हुँदैनन् । पृथिवी आदि पञ्चभूतमा चैतन्य अलग अलग न देखिए पनि ती मिलेर शरीर बनेपछि चैतन्य त्यहीं उब्जिन्छ, सुपारी नागवेलीचूर्ण आदिबाट मदशक्तिजस्तै मान्नु पर्छ । 'अहम्' म अनुभवमा पनि गोरो, कालो, मोटो, दुब्लो आदि मानिने चलन छ त्यो शरीरमा रहने हो । अतः देह नै आत्मा हो ।

यसरी प्राप्तपूर्वपक्षमा सिद्धान्तप्रतिपादक सूत्र-

व्यतिरेकस्तद्भावाभावित्वान्नतूपलब्धिवत् ।५४।

अव्यत्तिरिक्त आत्मा होइन, व्यत्तिरिक्त नै हो देहादिभन्दा । किन हो ? उत्तर- 'तद्भावभावित्वात्' जुन देहधर्म रूपादि छन्, ती देह रहेसम्म रहन्छन् । शरीरमा रूपादि रहेझैं प्राणचेष्टादि शरीरी रहे पनि मृतावस्थामा रहँदैनन् । देहधर्मरूपादिको ज्ञान अरूलाई पनि हुन्छ आत्मधर्म चैतन्य स्मृत्यादिको ज्ञान अरूलाई हुँदैन । सङ्ख्यापरिमाणादि जस्तै इच्छादिसामान्य गुण होइनन् त्यो भए त देह रहेसम्म रहने संयोगादि जस्तै देहधर्म हुन् भन्ने पक्का हुन्थ्यो ।

त्यसैबाट रूपादि जस्तै चैतन्यादि यदि विशेषगुण शरीरमा रहलान्, त्यसो हो भने त रूपादि भूतविशेष गुण हुन्, भूतरहुन्जेल रहन्छन् इच्छादि पनि त्यसैगरी भूत रहेसम्म रहनुपर्‍यो, त्यस्तो उपलब्धि छैन अर्थात् भूत रहेसम्म इच्छादि रहेको देखिँदैन । त्यसकारण देहमा रहेका जस्ता भान हुने देहमा रहेका होइनन्, जहाँ रहेका हुन् त्यो अधिष्ठान हो । त्यही नै देहातिरिक्त आत्मा हो भन्ने सिद्ध भएको छ ।

चेष्टाप्राणचैतन्यइच्छादि सबै अदृष्टाधीन छन् । अदृष्ट विशेषगुण हो । विशेषगुणाश्रय शरीर मान्दा आश्रय रहेसम्म उक्त गुणको अनुवृत्ति भइरहनुपर्‍यो । तदर्थ मृतशरीरमा रहनु नै पर्‍यो । यो परिस्थितिमा प्राणसम्बन्ध शरीरबाट छुट्यो भन्ने बुझाउने केही रहँदैन । यस्ता समस्या

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आइनपर्नाका लागि उक्त अदृष्टको आश्रय देहव्यतिरिक्त बुद्धि उपाधिक प्रत्यगात्मानै हो भन्ने पक्कारूपमा बुझ्नुपर्छ ।

'उपलब्धिवत्' यो दृष्टान्त हो । उपलब्धि जसले ग्रहण गर्छ त्यो नै प्रमाण हो । यसबाट उपलब्धिरूप आत्मा पनि शरीरभन्दा भिन्नै हो भन्ने बुझ्नुपर्ने नै कुरा आउँछ । उपलब्धिरूप आत्मा स्वयंप्रकाश छ, स्वयंप्रकाश भएकाले आत्मामा भूतधर्म रहँदैन, भूतधर्म नरहेकाले नै आत्मा भूतभन्दा पृथक् हो ।

भूतधर्म रूपादि जड हुन् त्यसैले विषय हुन्, विषयी होइनन् । फेरि आशङ्का, हुनसक्ला, कुनै परिस्थितिवश विषय पनि विषयी हुन सक्छन् यसो भन्न मिल्दैन । आँफूमा आफैं रहन्छ, भन्नु सर्वथा विरुद्ध हो । सबै जड हुन् भन्ने मान्यतामा संसारै अन्धकार होला । त्यसो नहुन विषयी उपलब्धि हो ज्ञानरूप हो र स्वयंप्रकाश हो भन्ने मान्नै पर्छ ।

अप्रत्यक्षप्रमाण होइन भन्ने कुरा ठीक छैन । के हो त्यसको अर्थ ? अनुमानादिको अप्रामाण्य प्रत्यक्षबाट ग्रहण हुन्छ भन्ने हो कि ? वा अनुमानबाट ? पहिलो पक्ष ठीक छैन यो प्रत्यक्ष हो । यहाँ हेतु छ, यो व्यभिचारी हो त्यसमा प्रामाण्य वा अप्रामाण्य के छ भन्ने छुटयाउने सामर्थ्य त्यहाँ हुँदैन । दोस्रो पक्ष झन् ठीक छैन, प्रमाणवाट अप्रमाण्य सिद्ध गर्न खोज्नु हास्यास्पद हो । आफूले प्रयोग गर्ने र न गर्ने घाँस आदिको विवेक गर्दै इष्टमा प्रवृत्ति अनिष्टमा निवृत्ति पशुको पनि देखिन्छ । यसरी पशुले समेत मानेको अनुमान नमान्ने चार्वाक पशुको पनि पशु हो ।

शब्दप्रमाण नमान्ने चार्वाक त निरन्तर मूक नै हुनुपर्‍यो । योगीलाई छोडेर प्रत्यक्षद्वारा आत्मज्ञान सामान्यतः कसैलाई पनि हुँदैन भन्ने कुरा अन्वयव्यतिरेकसिद्ध छ । चार्वाकको प्रत्यक्ष भ्रान्त हो । अतः स्वर्ग र अपवर्गप्रयोजनसिद्धिका लागि कर्म र ज्ञान दुई काण्डमा प्रतिपादित धर्म र ज्ञाननिष्पत्ति अपरिहार्य छ । तद्भागिता अनात्मामा रहँदैन । भोक्तृत्व र अपवर्गित्व प्रयोजनद्वयसङ्गत्यर्थ देहादिव्यतिरिक्त आत्मा सिद्ध छ ।

शारीरकमीमांसाको प्रथम अध्याय प्रथमपादमा नै शास्त्रफलोपभोक्ताका रूपमा देहव्यतिरिक्त आत्मा चर्चित नै थियो, तथापि त्यो चर्चा भाष्यकारको मात्र थियो, सूत्र त्यसवारे थिएन । यहाँ स्वयं सूत्रकारले नै आत्मावारे आक्षेपपूर्वक निणर्यमा सूत्रप्रणयन गरेकाछन् । भाष्यकारले आत्मास्तित्वमा उपपत्ति र नास्तित्वमा अनुपपत्ति देखाउँदै आत्मास्तित्वलाई धेरै महत्व दिएका छन् । पूर्वतन्त्रमा समेत आत्मास्तित्वमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्र छैन। त्यसैहुनाले मीमांसाभाष्यकार शबरस्वामीद्वारा ब्रह्ममीमांसाको सूत्र त्यहाँ लगेर प्रमाणलक्षणमा वर्णित छ। अझ उपवर्षले आत्मास्तित्वको अभिधान हुनुपर्ने प्रसङ्गमा पूर्वतन्त्रमैं शारीरकमीमांसाको विवरण प्रसङ्गमा भन्ने छु भनेर यहीं कुराको उद्धार गरेका छन्। अतः पूर्वोत्तरमीमांसामा आत्मास्तित्वविचारपरक अधिकरण यही मात्र हो।

इति ऐकात्म्याधिकरणम्।

अङ्गावबद्धाधिकरणम् ३१

प्रासङ्गिक विषयान्तर सकिएकोछ। अब प्रकृत साधनसम्बन्धी चर्चा छ। अवान्तरप्रसङ्ग उपासना -

अङ्गावबद्धास्तु न शाखासु हि प्रतिवेदम् ।५५।

'ओम्'यो अक्षरउद्गीथको उपासना गरोस्। उद्गीथ विभिन्नः शाखामा छन्, वेदभेदेन स्वर- भेद पनि त्यहाँ छ। लोकमा पाँचविध सामको उपासनागरोस्। यसरी पृथिव्यादिलोकमा पृथिव्यादि दृष्टिले पृथिवी, हिंकार, अग्नि, प्रस्ताव, अन्तरिक्ष, उद्गीथ, आदित्य, प्रतिहार, द्यौ, निधन आदि यसप्रकार कर्माङ्ग उद्गीथ आदित्यादि ज्ञान जहाँबाट हुन्छ त्यही मात्र मान्ने कि ? शाखान्तर उद्गीथमा पनि मान्ने ? यो हो संशय।

शरीर र आत्मामा भेद भएर आत्मधर्मको सम्भव शरीरमा नभए जस्तै शाखागत उद्गीथधर्मको भिन्नशाखागत उद्गीथमा प्राप्ति छैन। सन्निधिबलले स्वशाखागत उद्गीथादिमा आदित्यादिप्रत्यय सम्भव छ। त्यस्तै ऐतरेयको उक्थशास्त्रमा पृथिवीदृष्टि ऐतरेयमैं सीमित हुन्छ। कौषीतकि उक्थ शास्त्रमा उक्त ऐतरेयकगतपृथिवीदृष्टि जानसक्तैन भन्ने पूर्वपक्ष हो।

सिद्धान्तछ, 'अङ्गावबद्धास्तु' यहाँ तुले पक्षव्यावर्तन गरेको छ। अङ्गमा आवद्धप्रत्यय आफ्नो शाखागत वेदमा नियत हुन्छन् भन्ने मान्नु पर्दैन। सबै शाखामा समानरूपमा जानसक्छन्। किन ? उद्गीथ श्रुति फरक नभएकाले आफ्नो शाखाव्यवस्थामा उद्गीथ उपासनागरोस्। सामान्यश्रुतिप्रवृत्ति अविशेषण समानरूपमा छ। त्यस्ता श्रुतिको विशेषमा प्रवृत्ति छ। यस्तो भनाइ बाधित हुन्छ। त्यसरी बाधित हुनु न्याय्य होइन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किनभने, सन्निधिका अपेक्षा श्रुतिमा बलवत्ता छ। जहाँको भए पनि उद्गीथको अनुवृत्ति सर्वत्र हुन्छ भन्ने निरूपण भएको छ। अब यही अर्थ उदाहरणद्वारा प्रदर्शित हुन्छ।

मन्त्रादिवद्वाऽविरोधः ।५६।

मन्त्रगुणकर्म शाखान्तरोत्पन्नको पनि शाखान्तरमा उपसंहार देखिन्छ। त्यस्तै उद्गीथादिमा पनि एकत्र विहितप्रत्यय अन्यत्र अनुवृत्त हुन सक्छ, यसमा कुनै विरोध छैन। जसको शाखामा 'कुटरुदसि' मन्त्र आम्नात छैन तिनलाई पनि कुक्कुटोसीत्यश्मानमादत्ते कुटरुदसीति वा यस्तो विनियोग गरिन्छ। त्यस्तै जसका प्रयाज आम्नात छैनन् तिनका निमित्त पनि गुणविधि आम्नात छ। 'ऋतुहरू नै प्रयाज हुन् समानरूपले होम गर्नुपर्छ' यसरी। त्यसकारण, यस्ताखालका कर्माङ्गको अनुवृत्ति जस्तै कर्माश्रित प्रत्ययको अनुवृत्ति हुन्छ भन्ने सिद्ध छ।

इति अङ्गावबद्धाधिकरणम्।

भूमज्यायस्त्वाधिकरणम् ३२

उद्गीथादि उपासनाजस्तै वैश्वानरोपासना पनि तत्तदङ्ग विशेषमा अवलम्बित छैन भन्ने यो अधिकरण-

भूम्नः क्रतुवज्ज्यायस्त्वं तथाहि दर्शयति ।५७।

वैश्वानरविद्यामा विराट्पुरुष वैश्वानरको द्युलोक, सूर्यवायु, आकाश, जल र पृथिवी, क्रमेण, मूर्धा, चक्षु प्राण, मध्यशरीर र मूत्रस्थानरूपमा ध्यातव्य अवयंव निरूपित छन्। 'त्यो वैश्वानर पुरुषको इत्यादिरूपमा समस्तरूप प्रदर्शित छन्। अब आशङ्का छ- उक्त विषयको व्यस्तोपासना र समस्तोपासना दुवै गर्नुपर्छ कि ? समस्तोपासना ? 'दिवकै भगवान्' इत्यादि प्रत्येकमा उपासनां- श्रवण छ प्रत्येकको फलाख्यान पनि छ, साथै समस्तोपासनाको पनि फलश्रवण छ। अतः प्राप्ति उभयोपासनाको छ, यो हो पूर्वपक्ष।

अब सिद्धान्त छ- 'भूम्न': सकल अवयव मिलेको सर्वात्मा वैश्वानरको उपासना श्रेष्ठ हो प्रत्येक अवयवोपासना अवयविउपासनाबाट गतार्थ छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदाहरण छ- 'क्रतुवत्' दर्शपूर्णमासप्रभृति क्रतुमा सबै अङ्ग पुगेको एकै क्रतुको हुन्छ विवक्षा, भिन्नाभिन्नै प्रयाजादिको विवक्षा हुँदैन केही अङ्गमात्र प्रयोग गरिने क्रतुको पनि विवक्षा हुँदैन, त्यस्तै यहाँ पनि। किन अवयवीमा मात्र नियतता? 'भूमा ज्यायान्' धेरै नै उत्कृष्ट हो। त्यसबारे प्रदर्शन 'तथाहि दर्शयति' श्रुतिले भूमालाई श्रेष्ठ भनेको छ। यो कुरा उपक्रम र उपसंहारगत एकवाक्याताबाट निश्चित हुन्छ। हाम्रो आत्मा कुन हो ? ब्रह्म के हो ? बाट उपक्रमित प्रसङ्ग समस्तमैं उपास्यत्वको अभिप्रायको छ। उपसंहारमा 'त्यसको' इत्यादिले समस्तोपासना विष्पष्टरूपमा प्रतीत हुन्छ। अवयवउपासना पनि हो भन्ने स्थितिमा वाक्यभेद हुन्छ वाक्यभेदलाई ठूलो दोषकोरूपमा शास्त्रले चित्रित गरेको छ।

अवयवोपासनाको फलश्रवण सुतं प्रसुतं इत्यादि छ, त्यो कैमुतिकन्यायले समुदायोपासना स्तुतिका लागि हो। 'तिम्रो शिर खस्ला' इत्यादि निन्दाश्रवण अवयवोपासनामा छ। त्यसकारण, वैश्वानरविद्यामा निर्दिष्ट उपासना समस्तोपासना हो भन्ने सिद्ध छ।

इति भूमज्यायस्त्वाधिकरणम्।

शब्दादिभेदाधिकरणम् ३३

सर्वोपास्तिपरक भिन्न श्रुतिको समस्तोपासना श्रेष्ठ छ भन्ने अभिप्राय हो त? भन्ने आशङ्काको समाधानमा यो अधिकरण-

नाना शब्दादिभेदात् ।५८।

छान्दोग्यको दहरविद्या, शाखान्तरका शाण्डिल्यविद्या, मधुविद्या आदि समस्तोपसनायोग्य हुन् ? अथवा होइनन् ? यो संशय छ। वेद्य ब्रह्म एकै हो त्यसैले विद्या पनि एकै हो। अतः समस्तोपासनामा उक्तविद्याको अभिप्राय छ, यो छ पूर्वपक्ष।

सिद्धान्त छ- नाना वेद्यभेद नभए पनि यस प्रकारका विद्या नाना हुन् उक्त उपासना मिसाएर गरिदैनन् प्रत्येकको उपासना हुन्छ। त्यस्तो हेतु के छ? हेतुगर्भ उत्तर छ 'शब्दादिभेदात्' शब्दभेद देखिन्छ, 'वेदम्' 'उपासीत' 'क्रतुं कुर्वीत' इत्यादि। शब्दभेदलाई कर्मभेदमा हेतु मानिएको छ शब्दान्तरे कर्मभेदः कृतानुबन्धात् यो सूत्रभाष्यमा। त्यस्तै यहाँ पनि शब्दभेद विद्याभेदमा हेतु मान्नु पर्छ। शब्दादिको आदिपदले यथासम्भव गुणादिलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि भेदहेतु मान्नुपर्छ भन्ने सूचना गरेको छ। यस सम्वन्धी विवरण पूर्वतन्त्र द्वादशाध्यायीको दोस्रो अध्यायमा स्पष्ट छ।

फेरि शङ्का 'यजति', 'ददाति' इत्यादिमा अर्थभेद छ। अर्थभेदको अनुबन्धले शब्दभेदको हुन्छ उपपत्ति, उपपत्तिसिद्ध शब्दभेद कर्मभेदको हेतु हो। 'वेद' 'उपासीत' इत्यादिमा शब्दभेद त छ, तर अर्थभेद छैन। यसको निराकरण गर्दै प्रत्युत्तर दिन्छन्।

मनोवृत्त्यात्मक अर्थभेदले पनि अनुबन्धभेद हुन्छ। त्यसैले वेद्यभेद भए विद्याभेद उपपन्न हुन्छ नै। गुणभेदले पनि ब्रह्मभेद उपपन्न छ। त्यसैले समस्त उपासनाको कारण विद्या एक होइन। अतः विद्या नाना सिद्ध भएको छ।

शब्दादिभेदकृत विद्याभेद हुन्छ भने सर्ववेदान्तप्रत्ययाधिकारणमा विद्या एकै हो भन्ने कुरा कसरी सङ्गत हुन्छ ? शब्दादिभेदवाट विद्याभेद हुन्छ भन्ने सिद्ध भएपछि सर्वशाखागत तत्तद् ब्रह्मज्ञान भिन्नै होलान् भन्ने शङ्का अनुत्थानका लागि सर्ववेदान्तर्गत ब्रह्मज्ञान एकै हो भनिएको हो। उक्त अधिकरणमा, त्यसैले यस अधिकरणको पादादिमै आर्थिकी सङ्गति छ। यहाँ त प्रसङ्गतः विषयोत्थान भएको मात्र हो।

इति शब्दादिभेदाधिकरणम्।

विकल्पाधिकरणम् ३४

विद्याभेदनिरूपण पछि तदनुष्ठानभेदको प्रदर्शन गर्ने क्रममा पहिले अहङ्ग्रहोपासनानुष्ठानप्रकाशदर्शनमा यो अधिकरण हो।

विकल्पो ऽविशिष्टफलत्वात् ।५९।

विद्याभेद हुन्छ भन्ने पक्का भएपछि विचार गर्नुपर्छ शाण्डिल्यादि अनेक ब्रह्मविद्या छन्। ती विद्योपासनामा समुच्चय छ कि ? विकल्प छ ? अथवा अनियम छ ? कि विकल्प नियम छ ? समानफलक स्वर्गादिसाधन कर्ममा जस्तै यहाँ पनि उपासनामा कुनै नियम छैन वा समुच्चय प्राप्ति छ, पूर्वपक्षबाट।

सिद्धान्तवाट यो कुरा मिल्दैन। के मिल्छ त ? विकल्प, यहाँ विकल्पनियम मिल्छ, काम्यानुष्ठान जस्तो यो होइन। समुच्चय पनि आवश्यक छैन। किन ? 'अविशिष्ट फलत्वात्' शाण्डिल्यादि जुन विद्याको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि फल एकै हुन्छ विद्या नै पिच्छे फरक फरक फल हुँदैनन्। विद्योपासनाको फल हो उपास्यसाक्षात्कार, त्यो फल जुनसुकै ब्रह्मविद्याबाट पनि हुन्छ। एकै विद्याबाट ईश्वर वा आत्माको साक्षात्कार भए पछि अर्को विद्या निरर्थक हुन्छ नै। असम्भव पनि छ, एकै विद्याबाट उपास्यसाक्षात्कार भएपछि विद्यान्तरको प्रयोजन रहँदैन, बरु चित्तविक्षेपको कारण हुन्छ, चित्तविक्षेपले आत्मत्वभावना दृढ हुँदैन, फलतः पुरुषार्थसिद्धिको प्रतिबन्धक नै हुन जान्छ। विद्याफल साक्षात्करण हो भन्नेमा श्रुति– जसलाई कुनै विचिकित्सा हुँदैन, 'देव भएर देवमा पुग्छ' स्मृति पनि सधैं त्यो भावबाट भावित इत्यादि। अतः एकै फलका प्रत्येक सबै विद्या हुन्। धेरैमध्ये एकविद्याबाट ईप्सित फल प्राप्त हुन्छ। पुरुषार्थसाधकता एकमा हुन्छ। अतः समुच्चय पक्ष होइन विकल्पपक्ष ठीक छ।

इति विकल्पाधिकरणम्।

काम्याधिकरणम् ३५

अहङ्ग्रहोपासनाको अनुष्ठानप्रकारको प्रतिपादन पछि प्रतीकोपास्तिप्रकारको निरूपणार्थ यो अधिकरण हो।

काम्यास्तु यथाकामं समुच्चीयेरन्न वा पूर्वहेत्वभावात् ।६०।

'अविशिष्टफलत्वात्' यसको प्रत्युदाहरण हो यो। अहङ्ग्रहोपासनाका शाण्डिल्यविद्यादिमा जस्तै, 'जसले नामब्रह्म भनेर उपासनागर्छ' इत्यादि काम्यप्रतीकोपासनामा विकल्प हो कि ? यथाकाम्य हो ? यो संशय छ।

पूर्वपक्ष-अविशिष्टफलत्वन्यायले विकल्प हो। सिद्धान्त छ, 'काम्यास्तु'। 'तु' शब्द पक्षव्यावर्तक हो। काम्या प्रतीकोपासना कामनानुसार समुच्चित हुन्छन्। यहाँ पनि धेरैको समुच्चय गरी कामनानुसार प्रतीकोपासना गर्ने कि ? समुच्चय नगरी विकल्पले एकको मात्र उपासना गर्ने ? यसमा उत्तर छ-

विकल्पले एकमात्र उपासना गर्नु। किन ? उत्तर छ 'पूर्वहेत्वभावात्' ब्रह्मसाक्षात्कारको फल यहाँ हुँदैन, अर्थात् प्रतीकोपासनाबाट आत्मसाक्षात्कार सम्भव छैन। देव भएर देवमा पुग्छ, यो उक्ति जीवात्मा देवताभावनाप्रकर्षवशात् देवतासाक्षात्कार गर्न सक्छ भन्ने हो। देवतासाक्षात्कारयोग्य व्यक्ति मृत्युपछि देवता हुन्छ अनि जहाँसम्म नामको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गति छ त्यसैसम्म नामब्रह्मोपासक पुग्छ श्रुतिबाट नामब्रह्मोपासकको फलभोगको श्रवण भए अनुसार उक्त फल भोगाधिकारी हुन्छ। यहाँ कुनै किसिमको विचिकित्सा छैन भन्ने जस्ता शण्डिल्यविद्या आदिमा साक्षात्कारफलबारे जस्ता प्रमाण छन्। त्यस्ता प्रमाण प्रतीकोपासक ब्रह्मसाक्षत्कारको अधिकारी हो भन्ने बारे छैनन्। त्यसकारण, अन्य कुनै आनर्थक्यविक्षेप आदि प्रसङ्ग यहाँ रहँदैन, कामना अनुसार अनुष्ठान सिद्ध हुन्छ।

इति काम्याधिकरणम्।

आश्रयभावाधिकरणम् ३६

अङ्गावबद्धोपास्तिको प्रसङ्ग यस अधिकरणमा प्रस्तुत छ।

अङ्गेषु यथाश्रयभावः ।६१।

प्रतीकोपासना निर्णीतभएको छ। अब कर्मावबद्ध उपासनाको निर्णय हुन्छ। कर्माङ्ग उद्गीथादिमा आश्रित वेदत्रयविहित प्रत्यय ती सबैको समुच्चय हुन्छ कि ? कामनानुसार हुन्छन् ? यो संशय छ। पूर्ववादी भन्छन् अङ्गेषु उद्गीथादिमा आश्रयभूतमा रहने, अर्थात् त्यस्ता हुन् स्तोत्रादि, ती सबै मिलेर काम गर्छन्, प्रत्यय पनि त्यस्तै हुन्। किनभने ती सबै आश्रयका अधीन हुन्छन्।

अङ्गोपास्ति अनुष्ठान समुच्चयबाटै हो भन्ने-

शिष्टेश्च ।६२।

स्तोत्रशास्त्रादि तीनै वेदमा रहन्छन् र त्यस्तै प्रत्यय पनि। उपदेशबाट पनि अङ्गमा र तदाश्रयप्रत्ययमा कुनैकिसिमको विशेषताको आधान हुँदैन। सूत्रार्थसंयोजन शिष्टि शासन हो। विधान हो, शासनको केही विधान छैन। त्यसो हुँदा विशेष केही हुँदैन। अनि त सोझै अङ्ग र प्रत्ययमा समुच्चय नियमसिद्ध छ।

समुच्चयानुष्ठानमा हेत्वन्तर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाहारात् ।६३।

सर्ववेदोदितप्रत्ययोपसंहारसूचना श्रुतिले नै गरेको छ। त्यसकारण, समाहारले उपसंहारको स्थिति अभिव्यक्तगरिदिन्छ। के हो त त्यो ? दुरुक्तै भए पनि वेदान्तरोदित उद्‌गीथ औद्‌गात्रादि कर्ममा उत्पन्न क्षति, होतृषदनबाट दुरुद्‌गीथलाई परिमार्जन गर्छ, यो वाक्यमा प्रणव उद्‌गीथमा एकत्व विज्ञान माहात्म्यले वेदान्तरोदितप्रत्ययसमाहार देखिन्छ। त्यसैले समाहित भएको छ। अतः सूत्रोक्त अर्थ उपपन्न छ। वेदद्वययुक्त प्रणव र उद्‌गीथ ऐक्यज्ञानको यो फल हो भन्नु सबैवेदका प्रत्ययको सबैतिर उपसंहार समुच्चय हुन्छ भन्ने सूचना गर्नु हो। सबै उपासनामा वेदान्तरोक्त प्रत्ययको वेदान्तरोक्तपदार्थका साथको सम्वन्ध सर्वत्र समान हो भन्ने बुझ्नुपर्छ।

ॐ कार उपास्यसाधारण हो, तदाश्रित ध्यानको समुच्चय गरेर उपासना गरे पनि हुन्छ भन्नेमा हेत्वन्तर–

गुणसाधारण्यश्रुतेश्च ।६४।

ॐ कार विद्यागुण हो, विद्याश्रय पनि हो र वेदत्रयसाधारण हो। त्यस आधारमा त्रयीविद्या हो ओम भनेर आश्रावण, ओम् भनेर संशन, ओम् भनेर उद्‌गान हुन्छ श्रुति वेदत्रयसाधारण्यबोधक हो। यसबाट बुझिन्छ, आश्रयसाधारण्यका आधारमा आश्रितसाधरण्यको निर्धारण हुन्छ। यो अन्वयविधा जस्तै व्यतिरेकविधा 'गुणत्रयसाधारण्यश्रुतेः'। यदि कर्मगुण उद्‌गीथादि सबै सर्वप्रयोग साधारण नभए तदाश्रय प्रत्ययको सद्‌भाव हुनेथिएन। परन्तु ती उद्‌गीथ सर्वाङ्गग्राहिप्रयोग वचनद्वारा सबै प्रयोग साधारण सुनाइन्छन्। अतः आश्रयसहभावबाट प्रत्ययसहभाव सिद्ध छ।

यहाँसम्म चारसूत्रबाट उपस्थापित पूर्वपक्ष हो यसको प्रतिवादमा सिद्धान्ती भन्छन्। जुन उपासनामा जसको अभिरुचि छ त्यो त्यसमा लाग्छ, सर्वोपासनाको समुच्चय हुन्छ भन्नेमा कुनै प्रमाण छैन, तत्सम्बन्धी सूत्र–

न वा तत्सहभावाश्रुतेः ।६५।

न वा ले पक्षव्यावर्तन गरेको छ। आश्रित उपासना आश्रयानुसारी हुँदैनन् किन हुँदैनन् ? उत्तर छ,- तत्सहभावाश्रुतेः। जस्तै त्रिवेदीविहित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्गस्तोत्रादिको सहभाव- श्रवण छ, ग्रह-ग्रहण गरेर चमस उठाएर स्तोत्रको उपाकरण गर्छ,, अनुशंसन गर्छ । प्रस्तोता साम गान गर, होता यो यज्ञ गर इत्यादि यहाँको सहभावमा उपासनाश्रवण छैन । विकल्प समुच्चय केही छैन । प्रयोगवचन नै सहभावप्रापक भन्न मिल्दैन-उपासना पुरुषार्थ हो, उद्गीथादि उपासना क्रत्वर्थ हुन्, तथापि गोदोहन जस्तै पुरुषार्थ हुन सक्ने हुन् 'पृथग्घ्यप्रतिबन्धः फलम्' सूत्रमा विवरण भएको छ । अङ्गेषु सूत्रार्थको निराकरण भएको छ ।

अब शिष्टेश्वसूत्रार्थविघटन गर्दै उपदेशाश्रय यही नै विशेष हो अङ्ग र तदालम्बन उपासनामा एकतिर क्रत्वर्थत्व छ भने अर्कोतिर पुरुषार्थता छ, अर्थात् अङ्गमा क्रत्वर्थता र उपासनामा पुरुषार्थता छ ।

समाहार र गुणसाधारण्यश्रुति सूत्रद्वयको दूषण गर्दै भन्छन् उपासनासहभावमा लिङ्गद्वय कारण हुँदैन, त्यसबारे श्रुतिन्याय केही छैन ।

गुणसाधारण्यको व्यतिरेक व्याख्यानमा छ प्रति प्रतिप्रयोग सर्वाश्रय उपसंहारबाट आश्रितको पनि उपसंहार हुन्छ भन्न सकिन्न । किन सकिन्न ? उपासना अतत्प्रयुक्त हो । अर्थात् उपासना आश्रयाधीन हुँदैन । आश्रयप्रयुक्तत्वाभाव भए आश्रयाश्रितत्व उपासनामा कसरी सिद्ध हुन्छ त ? त्यो नै आश्रितको आश्रयतन्त्रता हो आश्रय रहेमात्र वृत्ति रहन्छ आश्रय नरहे वृत्ति रहँदैन । अर्थात् अङ्गव्यापकता रहँदैन । काम अनित्य भएकाले तदुपबन्धी उपासनामा पनि अनित्यत्व नै रहन्छ, यस अर्थ यहाँ वृत्ति रहन्छ नै भन्ने होइन । संयोग नित्य हुन सक्तैन । अतः आवृत्ति हुँदैन भन्नेमात्र हो । यो अर्थ सहभावाश्रुतिबाटै सिद्ध छ । उपर्युक्त सबै युक्तिले सिद्ध छ । उपासनाको अनुष्ठान आफ्नो इच्छानुसारै हुन्छ र साथै समुच्चयविकल्प व्यवस्था अधिकारीअनुरूप हुने तथ्यगत कुरा हो ।

विद्वान् ब्रह्माले अरू ऋत्विक्को परिपालन गर्छ तर सबै उपास्तिको सहप्रयोग अर्थात् सर्वविज्ञानको उपसंहारबुद्धि हुँदैन भन्दैसूत्र अवतीर्ण हुन्छ -

दर्शनाच्च ।६६।

प्रत्ययको असहभावप्रदर्शन श्रुतिबाटै भएको छ । यस्तो जान्ने ब्रह्मा यज्ञ, यजमान सबै ऋत्विक्को रक्षा गर्छ इत्यादि । सर्वप्रत्ययको सबैतिर उपसंहार हुने भए ऋत्विक्, यजमान लगायत सबै, सबै कुरा जान्ने हुन्थे यो स्थितिमा विशेष जान्ने ब्रह्माले परिपालन गर्नुपर्ने अवस्था यजमान ऋत्विक्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै पनि हुने थिएनन् अनि श्रुतिद्वारा परिपाल्यत्वसङ्कीर्तन पनि हुने थिएन, यो सबै भएको छ। श्रुतिलिङ्गादिसूत्रगत लिङ्ग र अनुमानबाट सिद्ध अर्थ उपसंहार यथाकामोपासनाको समुच्चय वा विकल्प हो।

तृतीयअध्यायको तृतीय पाद सकियो।

अब चतुर्थपाद

औपनिषद आत्मतत्वज्ञान अपवर्गसाधनतया पुरुषार्थ हो कि ? क्रतुप्रयोगापेक्षितकर्तृप्रतिपादक हुनाले क्रत्वर्थ हो ? भन्ने कुरा यहाँको विचार्य हो। प्रथमतः ब्रह्मज्ञानमा कर्माङ्गताक्षेप र समाधान।

पुरुषार्थाधिकरणम् १

पहिले पर र अपर ब्रह्मविद्याको गुणोपसंहारनिरूपणद्वारा परिमाणनिरूपण भएको छ। अब कर्मनिरपेक्षविद्या पुरुषार्थसाधन हो भन्ने प्रतिपादन हुन्छ-

पुरुषार्थोऽतः शब्दात्-इति बादरायणः ।१।

आत्मविज्ञान विषय हो। आत्मविज्ञान क्रत्वर्थ हो कि ? पुरुषार्थ हो, यो संशयको स्वरूप छ। सिद्धान्तबाट उत्तर छ- 'पुरुषार्थोऽतः शब्दात्'। अतः वेदान्तविहित आत्मज्ञानबाट पुरुषार्थ सिद्धि हुन्छ यो मान्यता हो बादरायणचार्यको, उक्त आत्मज्ञानमा कर्मको अपेक्षा छैन स्वतन्त्र नै हो। किन मान्छन् बादरायण आचार्य ? उत्तर छ -'शब्दात्' आत्मवित्ले शोक तर्छ, यो श्रुतिशब्द हो र प्रमाण हो। त्यस्तै परब्रह्म जसले बुझ्छ उ स्वयं ब्रह्महुन्छ यो पनि श्रुतिप्रमाण हो, यस्ता श्रुति धेरै छन्। जुन श्रुति केवल विद्यामा पुरुषार्थहेतुता प्रदर्शन गर्छन्।

सिद्धान्तबाट भएको उपक्रममा पूर्वपक्ष-

शेषत्वात्पुरुषार्थवादो यथाऽन्येष्विति जैमिनिः ।२।

कर्त्तृत्वेन आत्मा कर्मशेष हो, ब्रीहिप्रोक्षणादि जस्तै तद्विज्ञान पनि विषयतया कर्मसम्बन्धी नै हो, आत्मनिज्ञानबाट पुरुषको शोकनिवृत्ति श्रवण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ त्यो अर्थवाद हो, यो मान्यता जैमिनि आर्चायको रहेको छ। द्रव्यसंस्कारकर्ममा जसको जूहू पर्णमयी छ, इत्यादि स्थलको फलश्रुति अर्थवाद भएजस्तै यहाँ पनि बुझ्नुपर्छ।

जन्मादिसूत्रदेखि साधित असंसारी जगत्कारण आत्मस्वरूप ब्रह्म कसरी अपलपित हुन सक्ला? अर्थात् सक्तैन, त्यसैले त्यही ब्रह्म संसारी आत्माको पारमार्थिक स्वरूप हो, उपनिषत् त्यसैको उपदेश गर्छन्।

वास्तविक कुरो त त्यही हो, प्रसाधन भएको छ। भए पनि दृढीकरणका लागि त्यही फलद्वारा आक्षेपसमाधान स्थूणानिखननन्यायले भएको छ।

विद्याका साथै कर्माचरण जनकादिको देखिन्छ। अत: केवल विद्या मोक्षहेतु होइन। यसरी स्वतन्त्र नहुनाले विद्या कर्माङ्ग हो भन्नेबारे–

आचारदर्शनात् ।३।

'वहुदक्षिण यज्ञ जनकले गरे' 'म यज्ञ गर्न चाहन्छु' इत्यादि श्रुतिमा अन्यपरक वाक्यवाट ब्रह्मविद्को पनि कर्मसम्वन्ध देखिन्छ। उद्दालक आदि ब्रह्मविद्ले पुत्रानुशासन गरेका छन्। यसले गार्हस्थ्य सम्वन्ध प्रदर्शन गरेको छ। केवल विद्यावाट पुरुषार्थसिद्धि हुने भए धेरै दु:खसाध्य कर्म तिनीहरू किन गर्थे ? अत: कर्मशेषभूत नै विद्या हो।

तृतीयश्रुतिले पनि विद्यामा कर्माङ्गत्व प्रदर्शनगरेको छ।

तच्छ्रुतेः ।४।

विद्याले जुन हुन्छ श्रद्धा रहस्यज्ञानपूर्वक त्यो नै बलशाली हुन्छ श्रुति, सो झै ज्ञानमा कर्मशेषता वोधक हो।

पुनरपि विद्या स्वतन्त्र होइन -

समन्वारम्भणात् ।५।

त्यसको आरम्भ विद्या र कर्मले गर्छन् श्रुति विद्या र कर्म मिलेर आरम्भ गर्छन् भन्नेमा छ। यस्तो दर्शन विद्यास्वातन्त्र्यबाधक हो।

विद्याको अस्वातन्त्र्यमा हेत्वन्तर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तद्वतो विधानात् ।६।

आचार्यकुलबाट वेद पढेर विधि अनुसार गुरुको काम गरेर फर्केपछि बन्धुवर्गयुक्त घरको शुचि देशमा वसेर स्वाध्यायाध्ययन गर्छ श्रुति, समस्त अध्ययनगरिसकेको निमित्त कर्मविधान गर्छ, यसले विद्या स्वतन्त्र होइन भन्ने बुझाउँछ ।

स्वतन्त्रविद्या पुरुषार्थसाधन होइन भन्ने हेत्वन्तर-

नियमाच्च ।७।

कर्म गर्दै शयवर्ष बाँच्ने इच्छा गरोस् । वृद्ध र मरण नभएसम्म अग्नि होत्र गर्नु भन्ने श्रुति अनुसार यस्ताखाले नियमले समेत विद्या कर्मशेष हो भन्ने स्पष्ट्याएको छ ।

कर्तृत्वबाहिरको असंसारी आत्मा कर्मशेष हुनसक्तैन । कर्मशेषता आत्मामा नभएकैले विद्यामा कर्माङ्गत्व छैन भन्दै सिद्धान्ती भन्छन्-

अधिकोपदेशात्तु बादरायणस्यैवं तद्दर्शनात् ।८।

'तु' शब्दले उक्त ६ वटा सूत्रद्वारा उपस्थापित पूर्वपक्ष अस्वीकार गरेको छ । शेषभएकाले पुरुषार्थवादता हो भन्नु उपपत्तिसिद्ध छैन । किन छैन ? उत्तर छ - 'अधिकोपदेशात्' देहव्यतिरिक्त आत्मा कर्ता, भोक्ता हो भन्ने ज्ञानको उपदेश वेदान्तले गरेको भए विद्या कर्मशेष हुन्थ्यो, त्यसो गरिएको छैन । त्यसोभए कस्तो उपदेश वेदान्तले गरेकोछ त? अधिक उपदेश छ ।

जीवमा कर्तृत्व छैन । ब्रह्मक्षत्रादिरूप जीवात्माका होइनन् परमेश्वरस्वरूप ब्रह्म हो भनेर अधिकब्रह्म भनिएको छ । जीवात्मा र परमात्मामा आत्मत्वेन एक हो भन्ने उपदेश वेदान्तले गरेको छ । त्यस्तो ज्ञान कर्मको निवर्तक हुन्छ प्रर्वतक हुँदैन- यसप्रकारको ज्ञानमा स्वातन्त्र्य छ । स्वातन्त्र्य भएकैले अधिकरणको आरम्भमा प्रतिपादित भगवान् वादरायणको जुन मान्यता हो त्यही मान्यता स्थिररूपमा रहेको छ । वस्तुतः परमेश्वरको जुन रूप हो शारीरको पनि पारमार्थिकरूप त्यही हो 'त्यो तिमी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हौ' 'यसभन्दा भिन्न द्रष्टा छैन' इत्यादि श्रुति त्यही भन्छन्। यो प्रसङ्ग ठाउँ ठाउँमा विस्तारका साथ वर्णन भएकै छ।

आचारदर्शनबाट विद्याकर्म शेष हो भन्ने पक्षको निराकरणका लागि-

तुल्यं तु दर्शनम् ।९।

उक्त आशङ्काको उत्तर, अकर्मशेषमा पनि आचारदर्शन उस्तै छ। कावषेय ऋषि भन्छन् हामी किन पढ्छौं इत्यादि, यो आत्मा बुझेर भिक्षा गर्छन् इत्यादि। सबै आचार दर्शन हो। अकर्मनिष्ठ याज्ञवल्क्य आदिको पनि अकर्मनिष्ठता देखिन्छ। यहाँसम्म अमृतत्व इत्यादिबाट।

पुनश्च 'म यज्ञ गर्न चाहन्छु' इत्यादि जुन लिङ्गदर्शन कर्मशेषमा भनिएको छ वैश्वानरविद्यामा त्यो पनि सोपाधिक ब्रह्मविद्यामा कर्मसाहित्यदर्शन, त्यतिले कर्माङ्गता आउँदैन। अतः विद्यामा कर्मशेषत्व छैन। प्रकरण पनि त ब्रह्मकै हो, कर्मशेषताको होइन।

जुन कर्म बुझेर गर्छ, नबुझी गरेको भन्दा बलशाली हुन्छ। श्रुति अनुगत तच्छुतेः सूत्रको प्रत्याख्यानमा।

असार्वत्रिकी ।१०।

उक्त 'यदेव' इत्यादि श्रुतिको विषय सबै विद्याहोइन, यो त प्रकृत उद्‌गीथविद्याविषयकमात्र हो। विद्या र कर्मले मिलेर गर्छन् भन्ने श्रुति अनुगत समन्वारंभ सूत्रार्थको निराकरणमा निम्न सूत्र हो।

विभागः शतवत् ।११।

विद्या र कर्मले आरभ्भ गर्छन् भन्ने श्रुतिको अर्थ विभागशः बुझ्नुपर्छ। त्यो विभाग यहाँ हो विद्या र कर्म। जस्तै दुई जनालाई एकसय रूपयाँ दिनु भन्ने आज्ञांको अर्थ एकजनालाई पचास र अर्कोलाई पनि पचास हो दुइटै लाई शय, शय होइन। त्यस्तै यहाँ पनि। उक्त समन्वारम्भवचन मुमुक्षुविषयक होइन, किनभने, 'इति नु कामयमानः' कामीकानिमित्त हो मा उपसंहार भएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'अथाकामयमान,' कामना नहुनेका लागिबाट मुमुक्षुको उदेश पृथक्रूपमा छ, उपक्रमित छ। तीनमध्ये संसारीविषयमा उद्गीथादिविद्याविहित र नग्नस्त्रीदर्शनादिविद्याप्रतिसिद्धा हो, यसमा केही विशेष छैन। कर्म पनि सन्ध्यावन्दनादिविहित र लशुन- भक्षणादि हो त्यो यथाप्राप्तको अनुवाद हो। यो हो विभाग, अविभागले पनि समन्वारम्भवचनको कल्पना प्रतिषिद्ध हुन सक्छ।

पुनः तद्वतो विधानात् सूत्रार्थप्रत्याख्यान–

अध्ययनमात्रवतः ।१२।

आचार्यकुलबाट वेद पढेर, इत्यादि श्रुतिबाट अध्ययनमात्रको श्रवण छ त्यसबाट कर्माधिकार बुझिन्छ, उपनिषत्को अध्येतालाई कर्मविधि छैन। कर्मावबोधपर्यन्त जुन अध्ययन हुन्छ त्यसको उपयोग कर्ममा हुन्छ, उपनिषद्अध्ययनको उपयोग कर्ममा हुँदैन भन्ने तात्पर्य यो सूत्रको हो।

'नियमाच्च' सूत्रबाट उत्थापित पक्षको खण्डनमा सूत्र अवतीर्ण छ-

नाविशेषात् ।१३।

कामगर्दै बाँच्न चाहोस् श्रुतिवाक्यमा विद्वान् भन्ने उल्लेख न भएकाले अविद्यावद्विषयक हो र उक्त कर्माधिार हो भन्ने निश्चित छ।

काम गर्दै सय वर्ष बाँच्ने इच्छा गरोस् श्रुति विद्वद्विषयक पनि हुनसक्नेमा व्याख्यान्तर-

स्तुतयेऽनुमतिर्वा ।१४।

प्रकरणसामर्थ्यात् विद्वद्विषयक, काम गर्दै इत्यादि श्रुति- वाक्य हो तैपनि विद्यास्तुतिका लागि कर्मानुज्ञान हो भन्ने मानिन्छ। ज्ञानीमा कर्म लेपन हुँदैन यो श्रुति उक्तार्थपोषक हो। यसको अर्थबोध यसप्रकार छ-

जीवनभर कर्म गरे पनि विद्वान् ज्ञानीको कर्मको उसमा लेपन हुँदैन। विद्यासामर्थ्य उसमा रहेको हुन्छ भनेर यसरी विद्याको स्तुति गरिन्छ। गुणवत्त्वेन अभिधान स्तुति हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वपक्षहेतुको उन्मथन यहाँ सम्म भएको छ । अव आफ्नो पक्षमा हेत्वन्तर उपन्यस्त हुछ-

कामकारेण चैके ।१५।

बह्मात्मत्वैकत्वविद्याको फल प्रत्यक्ष नै हुन्छ भने कर्मको फल कालान्तरमा हुन्छ, यस आधारमा पनि क्रियाशेष विद्या होइन । कतिपय विद्वान्हरूले विद्याको फल प्रत्यक्ष गरिसकेका हुन्छन् । विद्या प्रत्यक्षीकृत भइसकेकाले फलान्तरसाधन प्रजादिको परित्याग उनीहरूबाट भइसकेको हुन्छ । यससम्वन्धी श्रुति- पहिलेका विद्वान् प्रजाकामी थिएनन् प्रजाले के गर्ने ? हाम्रो निमित्त तिनले गर्छन् इत्यादि । यो श्रुतिको अर्थ यस्तो छ- ब्रह्मविद्वान् प्रजाको इच्छा गर्देनन् । किन ? उत्तर छ- 'किं प्रजया' प्रजाले के गर्ने ? हाम्रो आत्मा अपरोक्ष छ, यो लोकप्रत्यक्ष फल हो । अनि प्रजावाट हामीले के लिने, के गर्ने ? अर्थात् प्रयोजन छैन यस्तो निश्चय गरेर अग्निहोत्रादि कर्म उनीहरूले गरेनन् ।

विद्याफल अनुभवारूढ हुन्छ, क्रियाफल जस्तो कालान्तरभावी हुँदैन भन्नेकुरा धेरै पटक आइसकेको छ । यसहेतु पनि विद्यामा कर्मशेषत्व हुँदैन । त्यस्तै तद्विषयविद्याको फलश्रुति अयथार्थ हो भन्ने आधार पनि भेटिँदैन ।

'अधिकोपदेशात्' यस सूत्रमाध्यमले आत्मा अशनादि अतीत हो, त्यसैले तद्बुद्धि कर्माङ्ग हुँदैन भन्ने निरूपण भएको छ । अव अशेषक्रियोपर्मदकता पनि कर्माङ्गव्यावर्तक हो भन्ने कुरा सूत्रद्वारा प्रतिपादित हुन्छ ।

उपमर्दञ्च ।१६।

ब्रह्मविद्याले समस्त क्रियाकारकफल विभागको उपमर्दन हुन्छ भनिन्छ । श्रुति जसको दृष्टिमा सबैआत्मा भइसकेको छ इत्यादिद्वारा । वेदान्त उदित आत्मज्ञानपूर्वको कर्माधिकारसिद्धिको इच्छा गर्नेका हिसाबले त कर्माधिकारको उच्छेद नै हुन्छ । यसअर्थ पनि विद्या स्वतन्त्र छ ।

विद्यास्वातन्त्र्यमा हेत्वन्तर पनि छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊर्ध्वरेतःसु च शब्दे हि ।१७

ऊर्ध्वरेताको आश्रममा ब्रह्मविद्याको श्रवण हुन्छ। त्यहाँ कर्माङ्गत्व विद्यामा छैन, परमहंसाश्रममा कर्म हुँदैन, किनभने त्यहाँ अग्निहोत्रादि कुनै कर्म हुँदैनन्। ऊर्ध्वरेताको आश्रम हुँदैन भन्ने आशङ्का आउला तर आशङ्काको स्थान छैन, किन ? वैदिकशब्द नै उक्त आश्रमबोधक छन् सूत्रांश छ 'शब्दे'। प्रव्राजिक लोक इच्छा गर्दै प्रव्रजन गर्छन् श्रुतिरूप शब्दप्रमाण हो उक्ताश्रमवारे। उक्ताश्रम बोधकतामा त्यस्ता श्रुति धेरै छन् 'तीन धर्मस्कन्ध छन्' जसले अरण्यमा श्रद्धा तप भनेर उपासना गर्छ 'तप र श्रद्धाकै लागि अरण्य बस्छु' इत्यादि।

गार्हस्थ्यमा समर्पित होस् या नहोस् ऋणत्रयको अपाकरण गरेको होस् या नहोस् जोसुकै अधिकारसिद्ध व्यक्ति ऊर्ध्वरेता हो भन्ने श्रुतिस्मृति प्रसिद्ध छ। यसवाट पनि विद्या स्वतन्त्र हो भन्ने सिद्ध हुन्छ।

इति पुरुषार्थाधिकरणम्।

परामर्शाधिकरणम् २

पूर्वाधिकरण ऊर्ध्वरेतासूत्रप्रसङ्गसङ्गतिले सन्यासमा आक्षेपसमाधि अधिकरणगत विषय हो।

परामर्शं जैमिनिश्चोदना चापवदति च ।१८।

'तीन धर्मस्कन्ध छन्' 'जसले अरण्यमा श्रद्धातप भनेर उपासन गर्छ,' ती सबै पुण्यलोकका भागी हुन् ब्रह्मसंस्थ अमृतत्वमा पुग्छ प्रव्राजिको लोक इच्छा गर्दै प्रव्रजन गर्छन् इत्यादि वेदान्तमा संशय छ ऊर्ध्वरेता परमहंस आश्रमको प्रतीति हुन्छ कि हुँदैन ? पूर्ववादी भन्छन्- 'परामर्शं जैमिनिः' उक्त वेदान्त परमहंसआश्रम हुन्छ भन्दैनन्। किन भन्दैनन् ? परामर्शमात्र उक्त शब्दको भएको हो परमहंसको आश्रमविधि होइन। किनभने यहाँ कुनै विधि लिङ्गादि छैनन्। प्रत्येकको अर्थान्तरमा तात्पर्य छ, प्रसङ्ग प्रणव- ब्रह्मको हो प्रणवसंस्थत्व प्रशंसार्थ आश्रमान्तरको परामर्श भएको हो। सबै यिनी पुण्यलोकभागी ब्रह्मसंस्था अमृत्वमा पुग्ने इत्यादि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिङ्गादि कुनै चोदना शब्द पनि छैन भन्दै सूत्रांश 'अचोदना च' स्मृतिप्रसिद्धि आचारप्रसिद्धि भए पनि प्रत्यक्षश्रुति विरोध छ, त्यसैले अप्रमाण छ भन्दै सूत्रांश- 'अपवदति'। जसले अग्नि उद्वासन गर्छ (छोड्छ) वीरहत्यादोष त्यसलाई लाग्छ आचार्यलाई प्रिय धन दिएर प्रजातन्तुको छेदन नगर इत्यादि प्रत्यक्षश्रुतिविरुद्ध संन्यास हो।

श्रुतिविरोध भए स्मृति आचार केही प्रमाण हुनसक्तैनन्, यो विषय विरोधे त्वंनपेक्षम् (जै. मीमांसा १।३।३) सूत्रभाष्यमा उपपादन भएको छ। त्यस्तै प्रव्राजिलोक इच्छा गर्ने परिव्रजन गर्छन् श्रुति पनि लोकसंस्तुति हो परिव्राज्यविधि होइन। 'ब्रह्मचर्यबाट प्रव्रजन गरोस्' श्रुति त झन् कर्ममा अधिकार नभएका पङ्गु बधिर आदिका लागि हो। अतः आश्रमान्तर परिव्राजकको प्राप्ति सर्वथा छैन।

यसरी उपस्थापन भएको पूर्वपक्षको प्रतिक्षेप गर्दै सिद्धान्ती भन्छन्-

अनुष्ठेयं बादरायणः साम्यश्रुतेः ।१९।

आश्रमान्तर अर्थात् परिव्राजकआश्रय छ भन्छन् बादरायण आचार्य। परिब्राज्यको विधान वेदले गरेको छ। अग्निहोत्रादि अवश्य अनुष्ठेय हुन्। त्यहाँ अधिकार नभएका पङ्गुबधिरादिका लागि पारिव्राज्य हो भन्ने शङ्कानिराकरण गर्ने उद्देश्यले गृहस्थजस्तै आश्रमान्तरको इच्छा हुनेले त्यो आश्रममा जानपाउनुपर्छ भन्दै– सूत्रकार। किन ? उत्तर छ,– साम्यश्रुतेः। गार्हस्थ्य जस्तै आश्रमान्तर देखाउने काम श्रुतिबाटै भएको छ। अर्थात् आश्रमान्तर परामृष्ट छन्।

'तीन धर्मस्कन्ध हुन्' इत्यादि श्रुतिमा यज्ञादिलिङ्गक गृहस्थाश्रम एक धर्मस्कन्ध हो। 'तपः' भन्नाले तपःप्रधान वानप्रस्थाश्रम दोस्रो धर्मस्कन्ध हो। 'ब्रह्मचारी आचार्यकुलवासी' ब्रह्मचर्याश्रमबोधक श्रुति हो यो तेस्रो धर्मस्कन्ध हो। 'ब्रह्मसंस्थ अमृतमा पुग्छ' श्रुति परिशेषतः परिव्राड्कै बोधक मान्नुपर्छ। उपर्युक्त युक्तिबाट अन्यपरक श्रुति पनि गृहस्थादि जस्तै भिक्षुबोधक पनि हुन् भन्ने कुरा देवताधिकरणन्यायद्वारा प्रतीत हुन्छ।

प्रत्यक्षश्रुतिविरोध हुनाले परिव्राज्यश्रुति बाधित छ भन्नु पनि शास्त्राशय नबुझ्नु हो। 'वीरहा' श्रुति त अधिकारप्राप्तिमा पनि प्रमाद वा अज्ञानबाट गृहस्थाश्रम परिग्रह गर्नेका लागि हो। विषयव्यवस्थया विरोधसिद्ध भएपछि आश्रमपरामर्शबाट आश्रमान्तरमा शास्त्रान्तरविधिको कल्पना हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै जो उपवीत हुन्छ त्यो देवचिन्ह्चारी हुन्छ यो उपवीतपरक विधिवाक्य हो। यसवाक्यले शास्त्रान्तरसिद्ध, निवीत मनुष्यको र प्राचीनावीत पितृको हो वाक्यजन्य निवीत र प्राचीनावीतको परामर्श हुन्छ। त्यस्तै यहाँ पनि हुन्छ विवरण भइसकेको छ।

कर्ममा अनधिकृत अन्धादिविषयक परिव्राज्यविधि भन्नु पनि ठीक छैन। अव्रती, स्नातक, अस्नातक उत्सन्नाग्निक र अनग्निक सबैका लागि वैराग्य दृढ हुने बित्तिकै त्यसैदिन सन्यासमा जाने आदेश देखिन्छ। उक्त वाक्यमा गृहस्थकै लागि सन्यासविधान छ।

परामर्शका आधारमा अनुष्ठेत्व उपपादन भएको छ, यो विधि नै हो भन्ने पक्षको प्रदर्शन गर्दै सूत्र-

विधिर्वा धारणवत् ।२०।

आश्रमान्तरको विधि नै हो परामर्श मात्र होइन। पुण्यलोकफलभागी तीन धर्मस्कन्ध र ब्रह्मसंस्थ अमृतफलभागी भएकाले एकवाक्यता यहाँ छ, विधि मान्दा उक्त एकवाक्यता प्रतीत हुँदैन तापनि, आफ्नो आश्रम बाहेकको आश्रम पूर्वसिद्ध छैन, असिद्धको परामर्श हुँदैन। अपरामृष्टको स्तुति पनि हुँदैन, अनि त्यस्तामा एकवाक्यता कल्पना सम्भवै हुँदैन, अनि प्राप्त हुन्छ अपूर्वता, त्यस्तोमा कि विध्यन्तर देखिनु पर्छ नदेखिए विष्पष्ट आश्रमान्तरप्रत्यय भएका कारण गुणवाद हुँदैन। यस स्थितिमा अर्थमर्यादानुसार अगत्या विधायक मान्नैपर्छ।

निदर्शन छ, धारणवत्- जस्तै महापितृपक्षमा तलतिर समिधा धारण गर्दा माथितिर यादगर्नु माथि देवताका लागि धारण गर्नुपर्छ, यहाँ अधोधारणामा उपरिधारणाको एकवाक्यता छ। एकवाक्यता प्रतीति हुँदाहुँदै पनि उपरिधारणामा विधि मान्नुपर्छ। त्यसबाट अपूर्वता सिद्ध हुन्छ। पूर्वतन्त्र विधिधारणमा छ। अपूर्वता हुनाले (मी.सं.३।४।५) सूत्रभाष्य उक्तार्थमा अनुगत छ। त्यस्तै यहाँ पनि आश्रमपरामर्शश्रुतिबाट विधिकै हुन्छ कल्पना। यो हो एकवर्णकानुसारी विवरण।

वर्णकान्तरम्।

परामर्शाधिकरणघटक सूत्रत्रय भावान्तरमा पनि व्याख्या गरिन्छन्। अब त्यो विवरण यहाँ प्रस्तुत छ- पहिलो वर्णकमा चारआश्रमको अनुवाद 'तीन धर्मस्कन्ध' श्रुतिबाट भएको छ। त्यसको सामर्थ्यले अन्यत्र विधि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथवा सोझै यहीं विधि भनिएको हो । अब आउने वर्णकमा वाक्यान्तरप्राप्त आश्रमान्तरको अनुवादले ब्रह्मसंस्थता- श्रवणभएको हो, श्रुतिसामर्थ्यले त्यसैलाई विधान गरिन्छ भन्ने प्रतिपादन हुनेछ ।

प्रकृत गृहस्थादि मध्ये कुनै ब्रह्मसंस्थ भनिन्छ कि ? अथवा अप्रकृत परिव्राट् ब्रह्मसंस्थ भनिने हो ? यस सशंयमा पूर्ववादी भन्छन्-

परामर्शं जैमिनिरचोदना चापवदति हि ।२१।

तपःशव्दले ग्रहण हुने वैखानस हो । त्यही तपःशव्दले परिव्राजकको परामर्श हुन्छ भन्छन् जैमिनि आचार्य । शौच, अष्टग्रास र भोजनादि नियमपरिपालनका हिसाबले वानप्रस्थ जस्तै भिक्षु पनि तपःप्रधान नै हो । तपःशव्दले परिव्राजक पनि ग्रहण हुँदा प्रकृत प्रसङ्गका चार आश्रमका निमित्त त्रय–तीन यो पद पनि ग्रास भोजनादि प्रकृतार्थानुसारी नै हुन्छ । अथवा तपःशव्दले वानप्रस्थ र सन्यासीलाई एकरूपमा बुझाउँछ, यो स्वीकार्दा त्रित्व पनि हुन्छ । अव सिद्ध छ तीन आश्रम अव्रह्मसंस्थ हुन् पुण्यलोकभागी हुन्छन् । यी मध्येको जुन ब्रह्मसंस्था हो त्यो अमृतत्वमा पुग्छ भन्ने जैमिनिमतमा श्रुत्यक्षरको अन्वय हो ।

त्यसो भए गृहस्थादि ब्रह्मसंस्थ हुनसक्तैनन् भन्ने आशङ्कामा 'अचोदना च' । पुनरपि ब्रह्ममा संस्था छ जसको, यो सर्वनामश्रुति प्रकृत सबै ब्रह्मसस्थ हुन् भन्नेमा देखिन्छ, साथै अप्रकृत परिव्राजकग्रहण गर्न अपवाद पनि गर्छ, अतः परिव्राट् अप्रकृत होइन ।

यस पूर्वपक्षमा सिद्धान्ती भन्छन्-

अनुष्ठेयं बादरायणः साम्यश्रुतेः ।२२।

गृहस्थ ब्रह्मसंस्थ हुन सक्तैनन्, किनभने उनीहरूले प्रत्येक कर्मको असाधारणरूपमा अनुष्ठान गर्नुपर्छ । यो मान्यता हो बादरायण आचार्यको । यज्ञ, अध्ययन र दान गृहस्थपरामर्शी हुन् । तपः, वानप्रस्थ र आचार्यकुलवासी ब्रह्मचारीपरामर्शी हुन् । उपर्युक्त पर्यालोचनवाट असाधारण धर्मले उपसंहार भए पनि ब्रह्मसंस्थारूप असाधारणधर्मसाम्य श्रुतिबाट ब्रह्मसंस्थत्व असाधारण धर्मले यतीकै ग्रहण हुन्छ भन्नु उपयुक्त देखिन्छ । असाधारण यज्ञादिबाट उपक्रंम र साधारणतपले उपसंहार भएका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थानमा तप सन्यासी वानस्थको साधारण हुँदैन। तप त वनस्थकै असाधारण हो ग्रीष्ममा पञ्चाग्नि ताप्ने स्मृतिप्रसिद्ध तप वानप्रस्थकै असाधारणधर्म मान्नुपर्छ। अष्टग्रासादि तप होइन। त्यसोभए त वत्तीसग्रासका हिसावले गृहस्थी पनि तपस्वी होलान्। तप त शौचादि अरू पनि छन्। त्यसकारण, 'त्रयो धर्मस्कन्धाः' परिव्राजकपरामर्शी होइन।

श्रुतिको अक्षरान्चय पनि पूर्वपक्षीले भनेको मिल्दैन, जस्तै- त्यहाँ 'यः' भनेर भिक्षुलाई छोडेर गृहस्थ लिने हो भने भन्नुपर्छ- तपःशव्दले भिक्षु ग्रहणगरिन्छ कि गरिंदैन ? ग्रहण गरिन्छ भने तापसका साथ भिक्षु पनि आउँछ। 'एते' यसको पनि परामर्श हुने भएकाले 'त्रयः' शव्दले भिक्षुलाई छोडेर बाँकी तीन लिन सकिंदैनन्।

तपःशव्दले भिक्षुग्रहण नहुने भए त्रयः शव्दले तीन समेत निर्देशित हुन्छन्। त्यो स्थितिमा एतत् शव्दले परामृष्ट तीनको पुण्यलोकभागिता छ भन्ने भनाइले पुण्यलोकभागिता होला। त्यो सर्वथा ठीक छैन। त्यो त ब्रह्मसंस्थताभित्र परेकै छ।

ब्रह्मसंस्थको मात्र पुण्यलोकभागित्व छ भन्नु झन् मिल्दैन वैरूप्यप्रसङ्ग आउँछ। गृहस्थी विहितकर्मानुष्ठानमा आसक्त हुन्छन् अनि ब्रह्मसंस्थतामा अनियमितता आउँछ। अतः जुन बेला ब्रह्मसंस्थ हुन्छ त्यही बेला अमृतत्व हुन्छ भन्नु पर्छ। भिक्षुको व्यवधायक आफ्नै आश्रम हो, श्रवणादिमा आसक्त हुँदा पनि तिनीहरू ब्रह्मसंस्थ नै हुने भएकाले ब्रह्मसंस्थ अमृतमा पुग्छन् भन्ने कुरा तिनमा लागू हुनसक्छ। अब भिक्षु अप्रकृत हो अप्रकृतको परामर्श हुँदैन। विहित कर्म नगरे गृहस्थी प्रायश्चित्ती हुन्छन् तसर्थ ब्रह्मसस्थ होइनन्। परिशेष प्रमाणका आधारमा अप्रकृत परिबाट ब्रह्मसंस्थ हो भन्ने प्राप्त हुन्छ।

निषेध नभएकाले गृहस्थ पनि ब्रह्मसंस्थ हुन सक्छन् यो भनाइ पनि मिल्दैन। निषेध नभए पनि काल छैन। कहिले काहींको ब्रह्मसंस्थताले अमृतत्व हुँदैन। परिव्राजकको त ब्रह्मसंस्थता बाहेक अरू कामै छैन। श्रवणादि कर्म ब्रह्मसंस्थताका व्यवधायक होइनन्। असन्मुख यति त शाला वृकलाई दिइन्छन् भन्ने निन्दाश्रवण छ। व्यापारान्तरको निवारण पनि सन्यासीलाई गरिएको छ।

ब्रह्ममा संस्था छ जसको भन्ने यस प्रकारको सर्वनामश्रुति अप्रकृत परिव्राजकमा ब्रह्मसंस्थत्ववारक हो भन्नु पनि अनुपयुक्त छ। सत्य यौगिकशव्द प्रकृतमा सम्भव भएसम्म त्यसको अतिक्रम गर्दै अप्रकृतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाँदैन सम्भव नभए अथवा प्रमादबाट नै अप्रकृतमा जान्छ। सम्भवको कुरा पहिले देखाइएको छ। पहिलेको 'तिष्ठति' को अर्थ समाप्ति हो। अन्यनिष्ठताको स्थिति ब्रह्ममा समाप्ति होइन, फेरि अर्कोमा सम्वन्धित हुन सक्छ। यहाँ त ब्रह्मसंस्थ शब्द पङ्कजशब्द जस्तै भिक्षुमा रूढ हो। अश्वकर्णशब्द जस्तो केवल रूढ होइन त्यस्तो मान्दा त सन्यासाश्रमप्राप्तिमात्रले अमृतभावमा पुग्ला अनि अमृतभावका लागि ब्रह्मज्ञान न चाहिएला, न चाहिने भए त 'मुक्तिका लागि ज्ञानबाहेक अरू मार्ग छैन' श्रुतिको विरोध होला।

तथापि यज्ञोपवीत र शिखापरित्यागको कुरा मिल्दैन, ती धारणविना विहित कर्म गर्न मिल्दैन अनि कसरी हुन्छन् एकदण्डी परमहंस परिव्राजक र तिनका आश्रमसिद्धि ? यस सम्बन्धी समाधान यो हो-

विधिर्वा धारणावत् ।२३।

जसरी श्रौत र स्मार्त कर्माङ्गभूत यज्ञोपवीतशिखादि धारणविधि छ त्यस्तै कर्मसन्यासवेलामा यज्ञोपवीतादिपरित्यागको विधि छ। 'वा' शब्द एवकारको लागि हो। त्यसैले भन्छन् आथर्वणिक शिखासहित वपनगरी बहिःसूत्र परित्याग गर्नु शिखासमेत वपनगर्ने वचन शिखा राख्ने अर्थमा मिलाउनु हुँदैन। जसको ज्ञानै शिखा हो, अग्निको शिखाजस्तो त्यस्तो विद्वान्लाई शिखी भनिन्छ केशधारीलाई होइन। ज्ञान नै तिनको उत्कृष्टता हो इत्यादि वाक्यशेषमा शिखाको उपेक्षा गर्दै ज्ञानलाई नै शिखा भनिएको छ।

कर्माङ्ग सबै त्यक्त भैसकेका अवस्थामा गायत्रीजपादि कर्म त्यक्तप्रायः नै हुन्। अनिमात्र हुन्छन् त्रिदण्डी ब्रह्मसंस्थ। भिक्षुले सबै छोडोस् यो प्रैष नै सर्वत्यागको सूचक हो, अनेक स्मृतिवचन अनुसार परमहंस भिक्षुकमा ब्रह्मसंस्थत्व सम्भव छ।

परमहंससम्वन्धमा विष्णु, काण्वायनस्मृति, व्यासस्मृति, कल्पसूत्र, लिङ्गपुराण र यी सबैको मूलभूता श्रुति समेत स्पष्ट छन्। ती सबै परमहंस परिव्राजक नै ब्रह्मसंस्थ हुन् भन्नेमा एकमत छन्।

यहाँसम्मको प्रबन्धले सन्यास सिद्ध गरेको छ, सन्यासीका आश्रममा हुने कुरा प्रामाणिकरूपमा उपस्थापनपूर्वक निर्णय गरेको छ। परमहंसपरिव्राजक ब्रह्मसंस्थ हो भन्ने निष्कर्ष गरेको छ। त्यस्तामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विहितभएकैले विद्याको स्वातन्त्र्य सिद्ध भएको छ। अन्धवधिरादिको निमित्त सन्यास भन्ने कुरा त झन् 'शरीरं मे विचर्षणम् जिव्हा मे मधुमत्तमा। 'कर्णाभ्यां भूरिविश्रुतम्' शरीर क्रियाशील रहोस्, जिब्रोले सधैं साधु कुरा बोलोस्, कान सधैं राम्रो सुन्नमा लागून् यो आशीर्मन्त्रले सोझै निराकरण गरेको छ।

इति परामर्शाधिकरणम्।

स्मृतिमात्राधिकरणम् ३

जुह्वादिस्तुतिश्रुति जस्तै रसतमत्व श्रुतिको अर्थप्रतिष्ठा कहाँ ? भन्ने प्रदर्शनमा यो अधिकरण सक्रिय छ-

स्तुतिमात्रमुपादानादिति चेन्नापूर्वत्वात् ।२४।

'यो रसको रसतम हो' इत्यादिमा उद्गीथावयव ओम्कारमा रसतमत्वादि गुण श्रुत छन्। यो रसतमत्वादि स्तुति हो कि ? विधेय हो ? यो छ संशय।

पूर्वाधिकरणगत साम्यश्रुति आश्रमान्तरविधायक हो त्यस किसिमको रसतमत्वविधान गर्ने श्रुति यो होइन। उद्गीथकर्माङ्गको श्रवणभएको छ, यो हो पूर्वपक्ष। सिद्धान्त छ- 'अपूर्वत्वात्' विध्यर्थतामा अपूर्वार्थ विहित हुन्छ। स्तुत्यर्थतामा व्यर्थ हुन्छ। प्रकरणादिमा एकवाक्यता भए स्तुति हुन सक्छ, नत्र हुँदैन, 'मीमांसासूत्र छ' विधिना त्वेकवाक्यत्वात् स्तुत्यर्थेन विधीनां स्युः। अर्थात् स्तुत्यर्थ विधिमा मिले एकवाक्य हुन्छ। प्रकरणपठित उद्गीथादिका साथ उपनिषत्पठित रसतमत्वादिस्तुतिको एकवाक्यता हुँदैन। अतः यस्ताखाले शब्द विध्यर्थकै हुन्छन्।

विधि यहाँ कल्प होइन कृल्प्त छ भन्दैसूत्र भन्छ-

भावशब्दाच्च ।२५।

'उद्गीथ उपासना गरोस्' 'म उक्थ हुँ भन्ने जानोस् यी श्रुतिमा स्पष्टतः विधिशब्द छन्। यिनको प्रयोजन स्तुतिमात्र होइन। त्यस स्थितिमा 'कुर्यात्' इत्यादिमा श्रुतविधिको व्याघात होला। प्रतिप्रकरण फलभेद पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ। अतः उद्गीथादि श्रुति स्तुत्यर्थक होइनन्। उद्गीथादि उपासनाविधानार्थ हुन्। विधेयार्थ हुन्।

इति स्तुतिमात्राधिकरणम्।

पारिप्लवाधिकरणम् ४

आख्यान परिप्लवशेष हुन्। विद्याशेषभन्दा पारिप्लवशेष मान्नु श्रेष्ठ हो ? यो शङ्काको उन्मथन गर्दै स्वसिद्धान्त स्थापनामा यो अधिकरण प्रवृत्त छ-

पारिप्लवार्था इति चेन्न विशेषितत्वात् ।२६।

अश्वमेधमा पुत्रादिपरिवृतराजालाई नाना किसिमको आख्यानकथन गर्ने 'पारिप्लवमाचक्षीत' पारिप्लवको आख्यान गरोस् भन्ने विधि छ सोही विधिअनुसार सुनाउनुपर्छ। यसै विषयको उपस्थापन- 'याज्ञवल्क्यका दुई भार्याहरू थिए- मैत्रेयी र कात्यायनी' 'दिवोदासका पुत्र प्रतर्दन इन्द्रको प्यारो धाममा गए' जनश्रुतिपुत्रपौत्रायण श्रद्धासाथ दिने, धेरै पकाउने थिए, इत्यादि वेदान्तपठित आख्यान हुन्।

'जनक वैदेहले आगन्तुकलाई आसन दिए' इत्यादि आख्यान विशेष परिप्लवका निमित्त हुन् कि ? विद्यास्तुतिका निमित्त हो ? यो छ संशय। अश्वमेधका रात्रिमा राजा (सोम) लाई शकट (गोरुगाडा) मा राखेर त्यसका अगाडि वैदिक आख्यान अध्वर्युले सुनाउनु पारिप्लव हो। जति आख्यायिका छन् सवै त्यही कामका लागि हुन् भन्छन् पूर्वपक्षी।

सिद्धान्ती- यसमा सहमत छैनन्। किन ? उत्तर छ- 'विशेषितत्वात्' अश्वमेधको पहिलो दिन मनुर्वैवस्वतो राजा द्वितीय दिन 'यमो वैवस्वतोराजा' तेस्रो दिन 'वरुण आदित्य' गरी प्रतिदिन भिन्ना भिन्नै आख्यान छन्। उक्त वाक्यले आख्यान विशेषित गरिन्छन् अर्थात् उक्त वाक्यमा भिन्ना भिन्नै आख्यानमा भिन्ना भिन्नै विशेषण हुन्छन्। आख्यानसामान्य भए त सवैको सवै दिन ग्रहण हुन्थ्यो। प्रत्येक विशेषण अनर्थक हुन पुग्थे, त्यस्तो देखिँदैन।

त्यसो भए आख्यानको उपयोग कहाँ ? यस्तो आशङ्का गर्दै विशेषणश्रवणले सर्वश्रुति खण्डित भएपछि विद्यासन्निहित आख्यान निर्बाधरूपमा विद्यामैं नियोजित हुन्छन् भन्दै सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथाचैकवाक्यतोपबन्धात् ।२७

आख्यानको प्रयोजन पारिप्लवमा नभए पछि सन्निहितविद्याप्रतिपादनमा यसको उपयोगिता नै न्याय्य छ। एकवाक्यतारूप उपलवन्ध विद्यामा छ। कथाप्रतिपादकग्रन्थमा जस्तै आख्यानमा प्ररोचनाहेतुता छ। प्ररोचना स्तुति हो, त्यो विधिशेष हुन्छ भने निन्दा निषेधशेष हुन्छ। 'सोऽरोदीत्' त्यो रोयो इत्यादि निन्दारूप अर्थवाद हो वर्हियोगमा रजतदक्षिणा नदिनु निषेध वाक्यमा अर्थवादात्मक उक्त रोदनवाक्यको शेषत्वेन अन्वय हुन्छ। अतः उक्त आख्यान पारिप्लवार्थ होइनन् तर सन्निहितविधिस्तुत्यर्थ हुन्।

इति पारिप्लवाधिकरणम्।

अग्नीन्धनाद्यधिकरणम् ५

प्रसङ्गागत अर्थनिरूपण अधिकरणत्रयले गरेको छ। अब पुरुषार्थाधिकरणको फलनिरूपणमा अधिकरण प्रवृत्त छ-

अत एव चाग्नीन्धनाद्यनपेक्षा ।२८।

मोक्षसाधनीभूतब्रह्मविद्यामा कर्मको सहकारिता छ ? अथवा छैन ? यो संशयमा 'यज्ञले' इत्यादि श्रुति विविदिषा अङ्गकर्म भन्ने बुझाएकोछ। सर्वदुःखप्रहाणरूप मोक्षमा पुरुष इच्छाविषयत्व रहँन सक्तैन। यो स्थितिमा, मोक्षसम्म पुऱ्याउने प्रयोजनसिद्धिका लागि यज्ञादिको साक्षात् मोक्षसाधनतामा अन्वय हुनुपर्छ। अतः ज्ञानमा कर्मको अपेक्षा छ भन्छन् पूर्वपक्षी।

सिद्धान्ती त्यो कुरा मान्दैनन्। विद्या क्रतुको उपकारक होइन पुरुषार्थको उपकारक हो। त्यसैकारण, अग्नि इन्धनादि आश्रमकर्म विद्याको स्वार्थसिद्धिमा अपेक्षित छैनन्। कर्म साक्षात् मोक्षसाधन हुने भए त, ज्ञान इच्छामा कारण हुन्छ, त्यसो हुँदा 'यज्ञेन' यो तृतीया श्रुति वाधित हुने सोझै देखिन्छ। रुचि जस्तै इच्छा पनि पुरुषार्थ हो, त्यसैले अन्तःकरणको शुद्धिद्वारा यज्ञादि ज्ञान र इच्छामा हेतु हुन सक्छन्। सकेकैले विविदिषाका अङ्गभूतमा पनि इच्छाविषयता रहनसक्छ। उपर्युक्तशास्त्रानुगत युक्तिवाट कर्ममा मोक्षसाधनसहकारिता साक्षात् हुन सक्तैन भन्ने सिद्धभएको छ।

इति अग्नीन्धनाद्यधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वापेक्षाधिकरणम् ६

ब्रह्मविद्या आफूले फल दिन कर्मको अपेक्षा गर्दैन। त्यसो भए स्वोत्पत्तिमा पनि कर्मको अपेक्षा नरहला। यो आशङ्काको समाधानमा सूत्र-

सर्वापेक्षा च यज्ञादिश्रुतेरश्ववत् ।२९।

'तमेतम्' त्यो, यो इत्यादि श्रुतिवाक्यनिर्दिष्ट यज्ञादि चित्तशुद्धिद्वारा ज्ञानसहकारी हुन्छन्। त्यो उपपन्न छ कि छैन ? संशयमा ब्रह्मविद्या स्वफलमा कर्मापेक्षी छैन। त्यसैगरी आफ्नो उत्पत्तिमा पनि कर्मको अपेक्षा गर्दैन। अतः ब्रह्मज्ञानोत्पत्तिमा कर्म चाहिँदैन। यो पूर्वपक्ष हो।

सिद्धान्त छ- 'सर्वापेक्षा च'। उत्पन्न विद्या स्वफलसिद्धिमा कर्मको अपेक्षा राख्दैन। आफ्नो उत्पत्तिको निमित्त त चित्तशुद्धिका लागि टाढैबाट यज्ञादि सर्वकर्मको अपेक्षा छ। किन छ ? उत्तर- यज्ञादिश्रुतेः। प्रकृत आत्मालाई वेदानुवचनद्वारा ब्राह्मणहरू जान्न चाहन्छन्- यज्ञद्वारा दानद्वारा र अनाशक तपद्वारा इत्यादि श्रुतिका आधारमा ज्ञान इच्छामा हेतु अन्तःकरणशुद्धिद्वारा हो, अतः यज्ञ हुन्छन्। 'अश्ववत्' यो योग्यतानिदर्शन हो। योग्यता अनुसार घोडा खेतबारी जोत्ने काममा लगाइदैन, रथआदि तान्ने काममा लगाइन्छ। त्यस्तै ज्ञानफलसिद्धिका लागि विनियोजन नहुने कर्म ज्ञानोत्पत्तिका लागि टाढैबाट विनियोजित छन्।

ज्ञानोत्पत्तिका बहिरङ्ग निरूपित भएकाछन् ज्ञानोत्पत्तिकै अन्तरङ्गको निरूपणमा सूत्र प्रवृत्त छ-

शमदमाद्युपेतः स्यात्तथापि तु तद्विधेस्तदङ्गतया तेषामवश्यानुष्ठेयत्वात् ।३०।

अरू जे भए पनि विद्यार्थी शमादियुक्त हुनै पर्छ। किन पर्छ ? उत्तर छ- 'तद्विधेः' त्यो विधि छ। त्यसकारण, शान्त, दान्त, वाह्यविषयबाट उपरत तितिक्षु समाहित भएर रहे आफैं आत्मा देख्छ, श्रुति विद्या साधनका रूपमा शमादि विधान गर्छ। सूत्रांश छ– 'तेषामवश्यानुष्ठेयत्वात्' विहित शमादिको अनुष्ठान अपरिहार्यमैं गर्नुपर्छ भन्ने सूत्रार्थ हो। उक्त श्रुतिमा पश्यति- देख्छ, यो विधि होइन भन्न हुँदैन। उक्त श्रुतिको तस्मात्- त्यसकारण पदबाट प्रकृत आत्मज्ञानको प्रशंसा बुझ्नुपर्छ, प्रशंसा भएकाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधित्वको अनुमान हुन्छ। काण्वपाठको अर्थसंयोजन यसरी गर्नुपरे पनि माध्यन्दिन पाठमा त्यस्तो गर्नुपर्दैन, त्यहाँ 'पश्यति' को स्थानमा 'पश्येत्' पद नै छ त्यसको विधि अर्थ नै सोझै हुन्छ। त्यसकारण, यज्ञादिको अपेक्षा नहुँदा पनि शमादिको अपेक्षा राख्नैपर्छ। यज्ञादिको अपेक्षा चाहिं यज्ञादिश्रुतिको उक्तिका आधारमा हो।

यज्ञादिमा विविदिषा- संयोगको अपूर्वता छ, अपूर्वताले 'विविदिषन्ति' बुझ्न इच्छा गर्छन् वर्तमान उपदेश भए पनि विधिको हुन्छ अनुमान। पूषादेवता पीठोको भागी हो त्यसका दाँत छैनन् यो श्रुतिले अपूर्व अर्थ देखाएको छ, तसर्थ विधिकै अनुष्ठान यहाँ हुनुपर्छ भन्ने पूर्वमीमांसामा साधित छ।

धातुदोषले दुग्धादिमा अरूचि भए अरूचिनिवर्तक औषधि चिकित्सकले दिन्छ। त्यस्तै ब्रह्मज्ञानमा अरूचि भए ब्रह्मज्ञानोत्पादक अरूचिनिवर्तकरूपमा कर्म चित्तवृत्तिको प्रत्यक्प्रवणत्वफलक मानिन्छ। प्रत्यक्प्रवणता भइसकेपछि कर्मत्यागको स्थिति आउँछ। यसप्रकारको अर्थदृष्टि गीतामा 'आरुरुक्षे उच्यते' साधककानिमित्तं कर्म कारण हुन्छ। सिद्धका निमित्त शम नै कारण हुन्छ।

उपर्युक्त अर्थलाई हृदयङ्गम गर्दै यज्ञादिकर्म र शमादि आश्रमअनुसार योग्यतानुसार सबै आश्रमकर्म विद्याको उत्पत्तिमा अपेक्षित छन्। ती मध्ये पनि प्रत्यासन्नविद्यासाधन शमादि हुन्। विविदिषा संयोगको अपेक्षा राख्ने हुनाले यज्ञादिकर्म बाह्यमा पर्छन्। अर्थात् चाहिन्छन् भन्ने विवेक गर्नुपर्छ।

इति सर्वापेक्षाधिकरणम्।

सर्वान्नानुमति अधिकरणम् ७

प्रसङ्गात् विद्यासन्निधि उक्त सर्वान्नमा पनि अभ्यनुज्ञा होला भन्ने आशङ्कामा सूत्ररूपको उत्तर-

सर्वान्नानुमतिश्च प्राणात्यये तद्दर्शनात् ।२९।

प्राणसंवादमा छ 'यसरी जान्नेका लागि अनन्न केही हुँदैन', प्राणोपासकका लागि खानअयोग्य केही हुँदैन यो श्रुतिको अर्थ हो।

अब छ यहाँ संशय- शमादि जस्तै सर्वान्न अनुमति विद्याको अङ्ग हो अथवा स्तुतिका लागि हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वान्नभोज्यता प्रमाणान्तरप्राप्त छैन, प्राणोपासकका लागि सर्वान्नभोज़नको विधि छ, यो हो पूर्वपक्ष ।

सिद्धान्तबाट उत्तर छ- 'सर्वान्न' प्राणविज्ञानप्रशंसार्थक अनुवाद हो विधि होइन। विधि नभएकैले सर्वान्नानुमति छैन। त्यो देखाउँदै 'सर्वान्नानुमतिश्च प्राणात्यय' :। प्राणात्यय भन्नाले ठूलैआपत् वुझ्नुपर्छ, त्यो स्थितिमा मात्रै सवै खान हुनेमा गनिन्छन्, सधैं होइन। किन ? उत्तर- 'तद्दर्शनात्' त्यस्तै देखिएको छ। रातोखाले कीराले वालीनाली खाएपछि कुरुदेशमा अनिकाल भयो। त्यसैवेला आफ्नी सानी पत्नीसहित चाक्रायण हिँडे, हात्तीपालुवा इभ्यगाउँमा पुगे, हात्तीपालुवाले खाएर बाँकीरहेको जुठो 'कुल्माष' मागेर खाए अनि पत्नीलाई दिए। पत्नी आपत्मा नभएकीले उनले भोलिलाई राखिन् पतिलाई त्यही भोलि विहान दिइन्। चाक्रायणलाई ईभ्यले पानी दिन खोज्दा जुठो भनेर लिएनन्। ईभ्यले भन्यो कुल्माष जुठो नहुने पानी जुठो ? चाक्रायणले उत्तर दिए पानी त नदी, तलाउ जहाँ पनि पाइन्छ, कुल्माष नखाए त प्राणै जाने स्थिति थियो। त्यो खाएर राजाकहाँ गएपछि उनको यज्ञमा प्रस्तोतृ आदिलाई आक्षेप गर्दै प्राणादि प्रस्तावादि देवताको उपदेश गरे त्यहाँवाट धन प्राप्त गरेर बसे।

अनापत्मा त्यस्तो खानहुँदैन भन्ने त्यहींवाट देखिन्छ, पानी खाएनन् कुल्माष नखाए त प्राणै जाने, पानी त इच्छानुसार प्राप्त नै छ। इत्यादि

अप्राप्तमा प्रमाणान्तरवाट विधिकल्पना गर्नुहुँदैन, यो भन्न मिल्दैन- भक्ष्याभक्ष्यशास्त्रविरोध हुन जान्छ, यही प्रदर्शन छ।

अबाधाच्च ।३२।

सर्वान्नभोजन अर्थवाद होइन त्यो मान्दा 'आहारशुद्धिवाट वुद्धि शुद्ध हुन्छ' इत्यादि भक्ष्याभक्ष्यशास्त्र वाधित हुन पुग्छन्, त्यस्तो हुनुहुँदैन, अवाधित हुनुपर्छ। आपत्अवस्थामा अभक्ष्यभक्षणवारे शास्त्रको आदेश यस्तो छ-

अपि च स्मर्यते ।३३।

आपत्मा सर्वान्नभक्षणको स्मरण गरिन्छ भने अनापत्मा अभक्षणीयत्वको 'विद्वान् अविद्वान् सवैका लागि जीवितसङ्कटमा जहाँवाट भए

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि अन्न खानु'। हिलाको कमल हिलाले लिप्त नभएझैं पापले लिप्त हुँदैन भन्छ स्मृति। मदिरा भने ब्राह्मणले खानै हुँदैन। 'रक्सी खाने ब्राह्मणलाई तातो पानी खन्याइ देऊ' 'सुरापी ब्राह्मण जन्मान्तरमा कृमि हुन्छ' इत्यादि निन्दा मद्यवर्जनमा छन्।
स्मृतिप्रामाण्यमा तन्मूलक श्रुति-

शब्दश्चातोऽकामकारे ।३४।

निषिद्ध अन्नमा यथेच्छप्रवृत्ति हुनु हुँदैन त्यसबाट निवृत्ति हुनुपर्छ। यसबारे कठसंहिता त्यसकारण ब्राह्मण मदिरा नपिओस्। अतः कामनारहित आपत्कालमा सर्वान्नभक्षणमा अनुमति छ तर विधि होइन, अर्थवाद हो भन्ने सिद्ध छ।

इति सर्वान्नानुमति र अधिकरणम्।

आश्रमकर्माधिकरणम् ८

नित्यत्वश्रुतिविरोधले यज्ञस्तुत्यर्थ विद्या भन्न मिल्दैन। यो पक्षको निराकरण गर्नका लागि सूत्र–

विहितत्वाच्चाश्रमकर्मापि ।३५।

यज्ञादिलाई विविदिषाङ्गत्वप्रतिपादक श्रुतिवाक्य विधि हो कि ? स्तुति ? भन्ने संशय छ। शास्त्रान्तर विरोधले सर्वान्नवचन स्तुति भएजस्तै यज्ञादिको पनि नित्यत्वश्रुतिविरोधले विद्यार्थत्ववचन स्तुति मान्नु पर्छ पूर्वपक्षमा।

सिद्धान्तमा विधि हो। जीवनभरि अग्निहोत्र गर्छ यो विधान हो, आहिताग्निका लागि अग्निहोत्र कर्म नित्य हो, नगरे दोष लाग्छ। मुमुक्षु, अमुमुक्षु सबैले त्यो गर्नुपर्छ।

मुमुक्षुले त विद्यासाधनको रूपमा समेत गर्नुपर्छ, यसबारे सूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहकरित्वेन च ।३६।

विद्यासहकारीका रूपमा नित्यकर्मलाई लिनुपर्छ भन्ने श्रुति आत्मा वेदानुवचनद्वारा जान्न इच्छा गर्नुपर्छ इत्यादि छ । नित्यानित्यसम्वन्धविरोधले विधि हुन सक्तैन भन्ने 'तमेतम्' श्रुति हो त ? यो पनि होइन, कर्ममा अभेद भए पनि संयोगको विरोध छैन । नित्यमा विद्याफलसंयोग हुँदैन 'तमेतम्' बाट विहितमा विद्याफलसंयोग हुन्छ, । यस अर्थ संयोगविरोधन्यायले अविरोध मानिन्छ । जस्तै-एकै खादिर (काष्ठ) नित्यसंयोगले क्रत्वर्थ हुन्छ भने अनित्यसंयोगले पुरुषार्थ हुन्छ । यो कुरा 'एकस्योभयार्थत्वे संयोगपृथक्त्वम्' पूर्वतन्त्र सूत्रमा स्पष्ट छ ।

उक्त कर्ममा उभयार्थत्व कसरी ? यसबारे सूत्र-

सर्वथापि त एवोभयलिङ्गात् ।३७।

सर्वथा आश्रमकर्मत्व पक्षमा र विद्यासहकारित्वपक्षमा तिनै अग्निहोत्रादि कर्म हुन्छन् । यहाँको एव शब्दले नित्याग्निहोत्र र मासाग्निहोत्रमा जस्तै यहाँ भेद छैन भन्ने सूचना भएको छ । किन छ ? उत्तर-'उभयलिङ्गात्' श्रुतिलिङ्ग र स्मृतिलिङ्गबाट भन्ने अर्थ हो । 'तमेतम्' सिद्धैको उपादान यज्ञादिको श्रुतिलिङ्ग हो अनाश्रितः कर्मफलम् इत्यादि स्मृतिलिङ्ग हो । अभेद निश्चय यस अर्थ साधु हो ।

ब्रह्मचर्यादि आश्रमकर्म विद्योदयमा हेतु हुन् तदर्थ सूत्र-

अनभिभवञ्च दर्शयति ।३८।

सहकारित्वकै अभिवृद्धि गर्ने लिङ्गदर्शन यो हो । ब्रह्मचर्यादि साधन सम्पन्नमा रागादिक्लेशले विद्या अभिभूत हुँदैन यसमा । यो आत्मा नष्ट हुँदैन जुन ब्रह्मचर्यबाट बुझेको छ श्रुति छ । अतः यज्ञादि आश्रमकर्म विद्यासहकारी हुन्छन् भन्ने निश्चित भएको छ ।

इति आश्रमकर्माधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधुराधिकरणम् ९

अनाश्रम कर्मको उपयोग विद्यामा छैन त? उत्तरका लागि सूत्र नै प्रवृत्त छ -

अन्तरा चापि तु तद्दृष्टेः ।३९।

स्नातक, विधुरादि द्रव्यरहित केही गृहस्थ कुनै आश्रम नभएका अन्तरालवर्ती सवै चित्तशुद्ध्यर्थ कर्म गर्लान्, तिनको अधिकार ब्रह्मविद्यामा छ वा छैन ? यो छ संशय ।

तिनको आश्रम नभएकाले कर्म हुँदैन, कर्म नहुँदा चित्तशुद्धि हुँदैन, त्यसैले त्यस्ताको अधिकार ब्रह्मविद्यामा छैन भन्ने पूर्वपक्ष हो ।

सिद्धान्तबाट उत्तर छ- अन्तरा चापि तु अनाश्रमी नै भए पनि ब्रह्मविद्यामा अधिकारी हुन्छ। कसरी हुन्छ ? उत्तर- तद्दृष्टौ रैक्व वाचक्नवीगार्गीप्रभृतिमा ब्रह्मवित्त्वप्रदर्शन गर्ने श्रुति उपलब्ध छन् ।

यसबारे स्मृति पनि छ-

अपि च स्मर्यते ।४०।

संवर्त आदिको नग्नचर्यादियोगबाट आश्रमकर्म नहुँदा पनि उनीजस्ता महायोगी हुन् भन्ने आख्यान महाभारत आदि इतिहासमा पाइन्छ ।

श्रुतिस्मृतिप्रसिद्ध हेतु यहाँ प्रदर्शन भए, प्राप्ति के हो त ? त्यसबारे-

विशेषानुग्रहश्च ।४१।

विधुरादि पनि कुनै आश्रमका अविरोधी पुरुषमात्रसम्वन्धी जप उपवास, देवताराधन आदि धर्मविशेषबाट हुने विद्याको अनुग्रहले अनुगृहीत हुन सक्छन् । यसवारे स्मृति- ब्राह्मण अरू काम गरे पनि नगरे पनि जपबाटै सिद्ध हुन्छ । यसमा संशय छैन, यसरी आश्रमकर्मान्तरमा अधिकार नहुनेको पनि अधिकार जपमा देखाइएको छ । जन्मान्तरानुष्ठित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आश्रमकर्मबाट पनि विद्याको अनुग्रह हुन सक्छ। गीतास्मृति स्पष्टै छ अनेक जन्मबाट प्राप्त सिद्धिले परगतिमा जान्छ। यसरी जन्मान्तरानुसञ्चित संस्कारविशेषयुक्तमा समेत विद्याको अनुग्रह देखाइएको छ।

विद्या दृष्टार्थ हो। धर्म जस्तो अदृष्टार्थ होइन। विद्या त प्रतिषेधाभावले अधिकारीमा अर्थित्व सम्पन्न गर्न समर्थ छ। अतः विधुरादिको पनि अधिकार विद्यामा छ भन्नु कुनै, कतै, केही विरोध देखिँदैन। वर्णेबाट विद्याधिकार छ भने आश्रम व्यर्थ हो त ? यसको समाधान गर्दै सूत्र प्रवृत्त हुन्छ-

अतस्त्वितरज्ज्यायो लिङ्गाच्च ।४२।

विद्यासाधनामा अनाश्रमी अन्तरालवर्ती भन्दा आश्रमी नै श्रेष्ठ छन्। श्रुतिस्मृति सबै त्यस अर्थको पोषण गर्छन्। श्रुतिलिङ्ग छ- 'त्यसकारण, ब्रह्मवित् पुण्यकृत् तैजस्को उत्तमगति हुन्छ'। त्यस्तै एक दिनमात्र पनि ब्राह्मणले विनाआश्रम वस्नुहुँदैन 'र' एकवर्षसम्म अनाश्रमी भए कृच्छ्रचान्द्रायणरूप प्रायश्चित्त गर्नुपर्छ। यो पनि स्मृति रूपलिङ्ग हो। अतः विद्याधिकारमा अनाश्रमी भन्दा आश्रमी नै श्रेय हो।

इति विधुराधिकरणम्।

तद्भूताधिकरणम् १०

पूर्वाश्रमप्राप्त आरूढपतितका कर्म के होलान् ? त्यसको उत्तरमा सूत्र प्रवृत्त हुन्छ-

तद्भूतस्य तु नातद्भावो जैमिनेरपि नियमातद्रूपाभावेभ्यः ।४३।

आरोह जस्तै अवरोह कहिलेकहीं ऊर्ध्वरेताको पनि होला कि ? भन्ने शङ्कानिराकरण गर्न यो अधिकरण हो। आश्रमको अवरोह हुन्छ ? अथवा हुँदैन ? यो हो संशय। ब्रह्मचर्य सकेर गृही हुने, गृहबाट वनी हुने अनि प्रवजन गर्ने, श्रुतिअनुसार पुरुषको इच्छामा आरोह भएको छ। त्यस्तै अवरोह पनि रागवशात् हुन सक्छ किन कि पूर्वाश्रमश्रद्धाले हुनसक्ने देखिन्छ, यो हो पूर्वपक्ष।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्त यसरी आएको छ- 'तद्भूतस्य' ऊर्ध्वरेतोभाव अर्थात् सन्न्यासमा पुगे पछि, न 'अतद्भाव' कुनै पनि वहानामा त्यसवाट ओर्लनु हुँदैन। गृहस्थ आदि कुनै आश्रममा फर्कनु हुँदैन। किन ? उत्तर छ- 'नियमात्' तद्रूपाभावेभ्यः। ऊर्ध्वरेता जुन आश्रम अर्थात् सन्न्यासमा पुगेको छ, त्यहाँबाट माथि जानुपर्छ, विविदिषु भए विद्वत्संन्यासमा जानुपर्छ तर विविदिषासन्न्यासवाट कुनै परिस्थितिमा वा वहानामा गृहतिरका आश्रममा ओलर्नु हुँदैन। यस्ताप्रकारका नियम तपको अभाव अर्थात् संन्यास नभएको अर्कोआश्रममा गए प्रच्युति भनिन्छ। त्यो नहुन ऊर्ध्वरेतालाई श्रुतिको आदेश छ। 'तेभ्यः' आश्रमप्रच्युतिरूप अभावहेतुवाट आश्रमको प्रत्यवरोह (ओर्लनु) सम्भव हुँदैन। यसमा संमति जैमिनिको पनि छ भन्ने स्पष्टताका लागि अपिपद हो।

रागप्रभावले पूर्वाश्रममा फर्किने कुरा गर्नु पनि शास्त्रको अभिप्राय नबुझ्नु हो। किनभने, राग मिथ्याज्ञानबाट हुन्छ, अनि तन्मूलक अवरोह नहुने स्वतः सिद्ध छ। श्रद्धाले पनि अवरोह हुन सक्तैन। त्यस्तो श्रद्धा तामसी हो, सात्विकी धर्ममूलक श्रद्धा चाहिन्छ। उत्तर- आश्रमबाट पूर्वाश्रममा फर्कन धर्म होइन त्यसो गर्नु अविहित हो। अविहित धर्म हुँदैन। विहितमात्र धर्म मानिन्छ। चाण्डालप्रत्यवसित सबै धर्मबहिष्कृत हुन् यो स्मृति अनुसार आरूढपतितमा समेत पातित्य रहेको छ। त्यसैले आरूढपतित धर्मबहिस्कृत हो। त्यस्ताको कर्म निष्फल हुन्छ। ज्ञानाङ्गको त टाढाको कुरा। अतः त्यस्ताका कर्म सर्वथा निष्फल हुन् भन्ने सिद्ध छ।

इति तदभूताधिकरणम्।

आधिकारिकाधिकरणम् ११

प्रमादात् प्रत्यवरोहको प्रायश्चित्त कथञ्चित् हुन सक्नेमा अधिकरण जागरुक छ -

नचाधिकारिकमपि पतनानुमानात्तदयोगात् ।४४।

प्रत्यवरोह शास्त्रीय होइन भन्ने निरूपण भएको छ। कथञ्चित् प्रत्यवरोह भए प्रायश्चित्त छ ? अथवा छैन ? भन्ने संशयमा पूर्वपक्षको उत्थान छ- ब्रह्मचारी अवकीर्णीले नैर्ऋत गर्दभपशु आलम्भन गर्नु यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रायश्चित छ अवकीर्णीका लागि। यसबाट नैष्ठिक पनि अवकीर्णी भए, त्यसको प्रायश्चित्त हुने पनि बुझ्नुपर्छ।

यसको उत्तर छ- अधिकारिलक्षणमा प्रायश्चित्तको निर्णय भएको छ, मीमांसा ६।८।२१ मा त्यो पनि नैष्ठिकको होइन उपकुर्वाणकको मात्र हो। किन त्यस्तो ? उत्तर छ- 'पतनानुमानात्' पतन प्रतिपादकस्मृति भएकाले। स्मृति हो नैष्ठिकधर्ममा आरूढ अवकीर्ण भए त्यसको प्रायश्चित्त छैन त्यो ब्रह्मधाती हो, शुद्ध हुँदैन अप्रतिसमाधेय प्रायश्चित्तविधायक हो छिन्नशिरस्कको जस्तै प्रतिक्रिया यसमा छैन। उपकुर्वाणकको त प्रायश्चित्त हुन सक्ने व्यवस्था छ।

पूर्वपक्षसूत्रबाट उत्थापन भएकोमा उत्तर दिँदै सिद्धान्तसूत्र-

उपपूर्वमपित्वेके भावमशनवत्तदुक्तम् ।४५।

उपकुर्वाणक जस्तै नैष्ठिकको पनि प्रायश्चित्त हुने देखिन्छ। गुरुदारव्यत्तिरिक्तमा ब्रह्मचर्य्यभङ्ग भएको खण्डमा प्रायश्चित हुने किन त?

ब्रह्मचारित्वमा फरक छैन दुवै ब्रह्मचारी हुन्। अवकीर्ण भए दुबैमा त्यो पनि समान हो। उदाहरण छ 'अशनवत्'। मधुमांसाशन भए व्रतलोपनिमित्तक प्रायश्चित्त दुवैमा बराबर हो। त्यो प्रायश्चित्त छ पुनरुपनयन, यहाँ पनि उस्तै हो उक्त स्मृतिको 'न पश्यामि' पद त प्रायश्चित्त गौरवार्थ हो। अतः प्रायश्चित्त छ भन्नु नै ठीक छ।

प्रमाणलक्षणमा 'समा विप्रतिपत्तिः' शास्त्रस्था वा तन्निमित्तत्वम् इति सूत्रद्वयको अर्थ यसरी संयोजन गर्नुपर्छ- आचार्यको मतभेद भएन भने वराबर हुन्छ विशेषता नभएको स्थानमा, अथवा शास्त्रको जे प्रसिद्धि छ त्यही लिनुपर्छ। सबै व्यवहारमूल शास्त्रै हो।

ब्रह्मचारी जस्तै वानप्रस्थ र भिक्षुको भ्रंशमा पनि प्रायश्चित छ भन्ने नै अतिदेश हो। वानप्रस्थको दीक्षाभेद भए द्वादशरात्रीको कृच्छ्र गर्नु। महाकक्ष वढाउनु 'भिक्षुको दीक्षाभेद भए सोमवर्ज माहाकक्ष वढाउनु'। महाकक्ष वढाउनु को अर्थ मलजल गरेर वृक्ष वनस्पति झारपात आदि सबै वढाउनु भन्ने नै हो। इत्यादि प्रायश्चित्तस्मरण शास्त्रनिर्दिष्ट छ।

इति आधिकारिकाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बहिरधिकरणम् १२

आरूढपतितले प्रायश्चित्त गरे पनि शिष्टव्यवहार्य हुँदैनन्। यससम्बन्धी तथ्य सूत्रैबाट प्रतिपादित छ-

बहिस्तूभयथापि स्मृतेराचाराच्च ।४६।

नैष्ठिकको प्रायश्चित्त छ भन्दै वानप्रस्थ र भिक्षुको पनि अतिदिष्ट प्रायश्चित्त विहित देखिएको छ ।

उक्तप्रायश्चित्ती व्यवहारयोग्य हुन् ? कि होइनन् ? यो संशयमा पूर्ववादी- प्रायश्चित्तले दोषनिवारण हुन्छ। तसर्थ व्यवहारयोग्य हुन्छ भन्छन् ।

त्यो कुरा मान्दैनन् सिद्धान्ती- भन्छन् 'बहिः' ऊर्ध्वरेता आफ्नो आश्रमबाट च्युत हुनु महापातक, उपपातक जेहोस्, शिष्टले त्यस्ताको बहिष्कार गर्छन् । किन गर्छन् ? उत्तर छ- स्मृतेः आचाराच्च 'नैष्ठिकधर्ममा आरूढ जो पतित हुन्छ, त्यसको प्रायश्चित्त म देख्दिनँ जुन प्रायश्चित्तबाट शुद्ध हुन सकोस्' त्यस्तै आरूढपतित विप्रमण्डलबाट निष्कासन भएको, हतकडी लगाउनेखालको अपराधी विषालु कीराले डसेको विप्रलाई स्पर्श गरे चान्द्रायण गर्नुपर्छ । यस्ताप्रकारका अतिशयनिन्दाप्रतिपादक स्मृतिका आधारमा ।

शिष्टाचार पनि त्यस्तै छ, त्यस्तालाई यज्ञ अध्ययन विवाहादिशुभकार्यमा सहभागी गराउन वा संसर्गी गराउनुहुँदैन। त्यस्ता व्यक्ति स्वयं परकार्यमा जानु पनि हुँदैन। स्वाभ्युदयार्थ भने इच्छानुसार शास्त्रोक्तविधिको काम गर्न सक्छन् ।

इति बहिरधिकरणम् ।

स्वाम्यधिकरणम् १३

अङ्गोपासनासम्बन्धी कर्तृत्वनिर्णयार्थ यो अधिकरण हो। पहिले पूर्वपक्ष उपस्थित छ-

स्वामिनःफलश्रुतेरित्यात्रेयः ।४७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अङ्गोपासनामा संशय छ ती कर्म यजमानका हुन् कि ऋत्विक्का ? तीमध्ये प्रापश्चित्त गरेको व्यक्ति संव्यवहार्य हुन्छ भन्ने उत्सर्ग निन्दातिशयवचनले बाधित हुन्छ, त्यस्तै आश्रय अङ्गानुष्ठानताको आश्रित उपास्तिकर्तृत्व उत्सर्ग हो 'वर्षा हुन्छ त्यसलाई जसले उपासना गर्छ' इत्यादि वचनवलात् यजमानकर्तृत्वेन बाधित हुन्छ भन्छन् पूर्वपक्षी। यज्ञाङ्गावबद्ध उद्गीथादि उपासनामा यजमानस्वामी कै अधिकार मान्नु न्याय्य छ। अत उपासना याजमान नै हो भन्छन् आत्रेय आचार्य।
अङ्गोपासना याजमान हुन् स्वातन्त्र्यता तिनमा छैन भन्नेमा सिद्धान्त-

आर्त्विज्यमित्यौडुलोमिस्तस्मै हि परिक्रीयते ।४८।

उक्त कुरा होइन, ऋत्विक्कार्य उपासना हुन् यस्तो मान्यता राख्छन् औडुलोमि आचार्य। किन यस्तो मान्यता ? उत्तर छ- तस्मै हि परिक्रीयते। अङ्गसहित कर्मसम्पन्न गर्न ऋत्विक् किनिएको हुन्छ, त्यसैभित्र पर्ने उद्गीथादि उपासना हुन्। अधिकृत अधिकार भित्रका हुन्। त्यसकारण, गोदोहनादि नियम जस्तै ती अङ्गसम्बन्धी कर्म ऋत्विक्बाटै हुन्छन्। अब यसरी सिद्ध छ- तिनलाई वकदाल्भ्यले बुझे। त्यो त नैमिशीयहरूको उद्गाता भयो। श्रुतिविज्ञानमा उद्गातृकर्तृत्व देखाउँछ। कर्तृआश्रय फल हुनुपर्छ भन्ने पक्ष कसरी मिल्छ त ? उत्तर छ- मिल्छ, ऋत्विक्कर्म परार्थ हुन्छ। विशेषवचनबाट प्राप्त भएकोमा बाहेक ऋित्वक्कर्म सम्बन्ध ऋत्विक्मा हुँदैन, यजमानमा हुन्छ।

ऋत्विक्को कर्मफल यजमानगामी हो भन्नेमा श्रुति जागरुक छ-

श्रुतेश्च ।४९।

ऋृत्विक्ले यज्ञमा जे फल माग्छन् ती सबै यजमानकै लागि माग्छन् यस्तो श्रुति छ। यसबाट अवगत छ ऋत्विक्कर्तृक उपासनाको फल यजमानमा पुग्छ। अतः अङ्गोपासना ऋत्विक्कर्म हुन् भन्ने सिद्ध भएको छ।

इति स्वामिअधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहकार्यन्तरविध्यधिकरणम् १४

प्रसङ्गतः अधमधीसाधनको निर्धारणोत्तर पुनः उत्तम धीसाधनकै निरूपणमा शास्त्रप्रवृत्ति छ।

सहकार्यन्तरविधिः पक्षेण तृतीयं तद्वतो विध्यादिवत् ।५०।

अतःब्राह्मण पाण्डित्यसम्पादन पछि बालभावमा रहोस् बाल्य र पाण्डित्य सम्पन्नता पछि मुनि हुन्छ कहोलब्राहमणमा यो विषय छ। यसको अर्थ- ब्रह्मभाव परमपुरुषार्थ हो, त्यसैले ब्रह्म हुन चाहनेले उपनिषत्तात्पर्यनिर्णयरूप पाण्डित्य निःशेषरूपमा सम्पादन गरी बालक जस्ता रागद्वेषशून्य भएर असम्भावनाको निराकरणका लागि युक्तिचिन्तन गर्दै रहने इच्छा गर्नुपर्छ। यसरी पाण्डित्य र बाल्य राम्ररी सम्पादन भएपछि मुनि हुन्छ।

यसरी भएको विषयोपस्थापनमा संशयोत्थान यसरी भएको छ-

मौनको विधान भएको हो ? अथवा होइन ? भन्ने संशयमा त्यसकारण, एवंवित् उद्गाता वोलोस् तिम्रो कामना पूरा गरौं यो वाक्यशेषबाट जसरी उपासना ऋत्विक्कर्तृक हो, त्यस्तो नहोस् भन्ने विधिरहित वाक्यशेषबाट विधि होइन भन्ने निश्चय भएको छ भन्छन् पूर्ववादी।

सिद्धान्तवादी यो कुरा स्वीकार गर्दैनन्। किन ? सहकार्यन्तर अपूर्वत्व रहने भएकाले विद्यासहकारी मौनमा पनि बाल्य र पाण्डित्य जस्तै विधि छ भन्ने मान्नै पर्छ। 'मन ज्ञाने' धातुबाट हुने मुनिशब्द ज्ञानार्थक हो, त्यो त पण्डित्यपदबाट गतार्थ छ। अनि किन मान्नु पऱ्यो मुनिशब्द अपूर्वार्थक भनेर? यो शङ्का स्वाभाविक भए पनि पाण्डित्यबाट गतार्थ मुनि छैन। ज्ञानातिशयवाची मुनिपद हो। 'मननात् मुनिः' यो व्युत्पत्ति समेत उक्तार्थानुगत छ। त्यसैहुँदा पाण्डित्य र बाल्यका अपेक्षा मौन तेस्रो हो छुट्टै विधान यसलाई चाहिन्छ। किन चाहिन्छ? उत्तर छ- 'तद्वतः' विद्यावान् सन्यासीको। आत्मा बुझेर पुत्रादि एषणाबाट उठेर भिक्षाचर्य गर्छन् भन्नु संन्यसीका धर्मको आख्यान गर्नु हो। त्यस्तो हुनु यहाँ सङ्गत छ प्रकृतसन्यासी नै हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यावाक्यबाट ज्ञानातिशय सिद्धै छ अनि किन चाहिन्छ मौनविधि ? भन्ने पक्ष निराकरण गर्दै भन्छन् 'पक्षेण' । जुनपक्षमा श्रवणवलबाट कुनैलाई अपरोक्षज्ञान भए पनि अविद्यावासनाजनित भेददर्शनले ज्ञानप्राप्त हुन सकेन, त्यो स्थितिमा विद्याको अतिशय हुँदैन । त्यस्ताका लागि विधि आवश्यक छ । अतः 'विध्यादिवत्' यो निदर्शन हो ।

दर्शपूर्णमासविधि आदिमा तत्सहकारितारूपले अग्न्याधानको हुन्छ विधान । त्यस्तै विद्यासहकारितामा निदिध्यासनरूप मौनको हुन्छ विधान । अतः अविधिप्रधान प्रस्तुत विद्यावाक्यमा मौनविधि रहेको मान्नुपर्छ ।

बाल्यपाडित्यादिविशिष्ट श्रुतिमान् संन्यासी श्रवणादिकोअधिकारी हो भन्ने प्रतीति हुन्छ । यो स्थितिमा अभिसमावृत्य कुटुम्वःभनेर छान्दोग्यले किन गृहस्थमा उपसंहार गरेको हो ? त्यसरी उपसंहार गर्दै गृहस्थ विषयकै आदर भएको होला भन्ने कुरामा उत्तर सूत्रैबाट आउँदछ-

कृत्स्नभावात्तु गृहिणोपसंहारः ।५१।

'तु' शब्द विशेषणार्थ हो । सबै यज्ञ गृहस्थमैं सम्भव छन् । अरू आश्रमका अहिंसा इन्द्रियसंयम आदि धर्म हुने सम्म सकेसम्म परिपालन गर्नुपर्छ । यो अभिप्रायले छान्दोग्यश्रुतिमा 'कुटुम्वे' भनेर गृहस्थमा उपसंहार देखिएको हो । अतः उपसंहारविरोधी होइन ।

मौन र गार्हस्थ आश्रमरूपमा दुवै देखिएका छन्, त्यस्तो हुँदा प्रसिद्ध अरू आश्रम नहोलान् कि ? मन्दवुद्धिलाई यस्तो शङ्का हुन सक्छ, तन्निरासका लागि निन्नलिखित सूत्र हो-

मौनवदितरेषामप्युपदेशात् ।५२।

मौन र गार्हस्थ्य दुई आश्रम सुनिएकाछन् त्यस्तै ब्रह्मचारी र वनस्थ पनि पूर्व उदाहृत श्रुतिबाट बुझिएकै छन् । उपदेश चारै आश्रमको छ, महत्व पनि आफ्नोक्षेत्रमा सवैको छ घटीबढीभाव पनि छैन । तिनमा विकल्पसमुच्चयका आधारमा बरावरभावले आदर गर्दा वहुवचनको प्रयोग गर्ने गरिन्छ । गायत्र उपकुर्वाणक र नैष्ठिकका भेदले ब्रह्मचारी धेरै छन्, वैखानसादिभेदले वानप्रस्थी पनि अनेक छन् । गृहस्थ र सन्यासीका समेत अवान्तर भेद रहेकै छन्। अवान्तरभेदको विवक्षाले श्रवण, मननको विधि भए जस्तै निदिध्यासन अर्को नामको मौनमा विधि छ भन्नु असङ्गत छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाष्यकारले पनि विद्यासहकारी मौनको बाल्यपाण्डित्य जस्तै विधि हुनुपर्छ भनेर सूत्रव्याख्यानकै वेला स्पष्ट गरेकाछन्।

आत्मोपासनामा विधि छ कि छैन ? भन्ने धेरै चिन्ता छ। अपूर्वविधि त छैन नै विवरणकार नियमविधि मान्छन्। भामतीकार विधि नै मान्दैनन्। यस्ता अनेक पक्ष भाष्यैबाट उत्थान भएका हुन्। विधिबारे ब्रह्ममीमांसासमन्वयसूत्रभाष्य र बृहदारण्यक उपनिषत् आत्मा 'इत्येव उपासीत' १।४।७ मा वृहत् चर्चा छ।

इति सहकार्यन्तरविध्यधिकरणम्।

अनाविष्काराधिकरणम् १५

बाल्यमा विधि छ भन्ने मान्य भयो। के हो त्यो बाल्य ? त्यसैबारे सूत्रद्वारा स्पष्टीकरण हुन्छ-

अनाविष्कुर्वन्नन्वयात् ।५३।

बालभावमा रहोस् यो श्रुतिको बालभाव के हो ? कामचार हो कि धीशुद्धि हो। बालकचेष्टा वा भाव बाल्य हो। कसैको उमेर स्वाधीन हुँदैन। आफूखुसी गर्न सक्तैन। तसर्थ मूत्रपुरीषादि कामचारलाई बाल्य भन्छन् पूर्वपक्षानुयायी।

सिद्धान्त छ 'अनाविष्कुर्वन्' ज्ञान, अध्ययन, दान र धार्मिकत्व आदिबाट आफ्नू ख्यापन नगर्नु र रागादि नहुनु बाल्य हो। बाल अप्ररूढइन्द्रिय भएकैले आफ्नो प्रभाव अरूलाई देखाँउदैन। फलतः शुद्धि बुद्धि हो। त्यस्तै शुद्ध बुद्ध ज्ञानी हो। आत्मज्ञानप्रतिपादक वाक्यमा शुद्धबुद्धित्व आदिको अन्वय गर्नुपर्छ। नत्र कामाचारादि बाल्य स्वीकार्दा त्यसको बुद्धि शुद्ध नहुने भएकाले र रागादिग्रस्त हुनाले अनिष्ट- परिहार सम्भव छैन। अनि त अनर्थ नै प्राप्त हुने हो। अतः धीशुद्धिरागादि साहित्य वाल्य हो।

इति अनाविष्काराधिकरणम्।

ऐहिकाधिकरणम् १६

अब विद्या-जन्म-कालको निरूपणमा प्रस्तुत अधिकरणप्रवृत्त हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐहिकमप्यप्रस्तुतप्रतिबन्धे तद्दर्शनात् ।५४।

'सर्वापेक्षा च यज्ञादिश्रुतेरश्ववत्' (ब्र.३।४।२६) बाट आरम्भ गरी धेरथोर विद्यासाधननिरूपण भएका छन् । तत्फलविद्या कहिले सिद्ध हुने हो । श्रवणादिकोअनुष्ठानबाट यही जन्ममा विद्या सिद्ध हुने हो कि ? जन्मान्तरमा, यो संशय हो, कर्मको फल अहिले पाउने धेरैको इच्छा हुन्छ । श्रवणादिबाट अपरोक्ष ज्ञान हुन्छ भन्ने मान्यता वेदान्तको हो । अपरोक्ष ज्ञान नै मुक्ति हो तसर्थ यसै जन्ममा विद्या सिद्ध हुन सक्छ, यो मान्यता पूर्वपक्षको हो ।

सिद्धान्त छ- 'ऐहिकम्' । यसै जन्ममा हुन सक्छ, तर प्रतिबन्ध नभए । शास्त्रको अभिप्राय यस्तो छ- चलेको विद्यासाधनमा कुनै किसिमको प्रतिबन्ध भएन भने साधनविपाक हुन्छ, साधनविपाक भइसकेपछि फल आउन ढिलो हुँदैन, तत्कालै यसै जन्ममा हुन्छ । साधनमा प्रतिबन्ध भयो भने साधनपरिपाक रोकिन्छ, अनि जन्मान्तरमा फल हुन्छ । कर्मको विपाक कहिले हुन्छ ? भन्ने टुङ्गो लगाउन असर्वज्ञले सक्तैन । देशकालनिमित्तविपाकज्ञान झन् गाऱ्हो छ । त्यसो हुनाले फल कहिले प्राप्त हुन्छ, त ? भन्ने आंकलन हुँदैन । शास्त्रले त यो कर्मको यो फल मात्र भनिदिने हो । देशकाल निमित्तसङ्कीर्तन शास्त्रले गर्दैन । यसै जन्ममा विद्या होस् भनेर साधना त गरेको होला । गर्दैमा हुँदैन । साधनपरिपाक हुनै पर्छ । अहिले नभए जन्मान्तरमा भए पनि होला यस्तो अभिसन्धि चाहिँ निरङ्कुश हो ।

श्रवणादिबाट अपरोक्ष ज्ञान यही जन्ममा हुने कुरामा सूत्रांश छ- 'तद्दर्शनात्' फलोपकारक मनन निदिध्यासन वासनासहितश्रवणबाट उत्पन्न हुने वस्तु प्रतिबन्धक्षय भएमात्र उत्पन्न हुन्छ भन्ने दर्शन छ । श्रुति- धेरै श्रवणले पनि प्राप्त भएन सुनेर धरैले बुझेनन् । यो आश्चर्य छ । अनुशिष्ट (श्रोता) पनि कुशल चाहिन्छ, ज्ञाता पनि कुशलै हुनुपर्छ इत्यादि । जन्मान्तरमा नुष्ठितसाधनले जन्मान्तरमा ज्ञानलाभको चर्चा पनि श्रुतिले गरेको छ । गर्भमा वस्दै बामदेवले यो तत्त्व जाने इत्यादि । यसमा अनेकस्मृति गीतादर्शन आदिको संवाद छ । अतः साधनबाट विद्याजन्म ऐहिक वा पारलौकिक जन्म वा जन्मान्तरको प्रतिबन्धक्षयापेक्षाले हुन्छ । अनियत विद्याजन्म हो यो सिद्ध छ ।

इति ऐहिकाधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्तिफलाधिकरणम् १७

विद्याफलमोक्षमा कुनै विशेष नियम छैन भन्ने अर्थ निरूपक अधिकरण अब आउँछ-

एवं मुक्तिफलानियमस्तदवस्थावधृतेस्तदवस्थावधृतेः ।५५।

साधनपरिपाक कृताकृतले फलमा विशेष नियम भएजस्तो मुक्तिरूपफलमा पनि विशेष नियम छ कि ? उत्तर- 'मुक्तिफलानियमः ।'

विषयोपस्थापन छ उपरि चर्चित । त्यसमा छ संशय-मुक्ति सातिशया हो कि निरतिशया हो । साधनवीर्यविशेषले फल अनियत भएजस्तै ब्रह्मलोक भनिने मोक्षमा सालोक्य, सारूप्य, सामीप्यरूप फरकफरक हुन्छन् भन्ने पूर्वपक्ष हो ।

सिद्धान्त हो 'एवम्' मुक्तिसम्वन्धमा कुनै त्यस्तो विशेष नियम होला कि भनेर शङ्का गर्नु पर्दैन । किन ? 'तदवस्थावधृतेः' मुक्तिरूप सबै वेदान्तले एकै किसिमको भन्छन् अवगति पनि त्यस्तै हो । मुक्तावस्था भनेकै व्रह्मभाव हो । ब्रह्ममा अनेकाकारतानिराकरण श्रुतिबाटै भएको छ । त्यो कुरा 'प्रकृतैतावत्त्वं हि प्रतिषेधति' (ब्र ३।२।२२) सूत्र मै विस्तार भएको छ । मुक्तिसाधनभूत विद्यामा कर्ममा जस्तो भेद छैन । सगुण विद्यामा मनोमय प्राणशरीर इत्यादिमा गुणसम्वन्ध र असम्वन्धले भेदको उपपत्ति हुन्छ । उपासना त्यसै अनुसारको हुन्छ । गुणभेदेन फल भेद पनि हुन्छ कर्म भेदेन कर्मफल भएजस्तो हो त्यो । जस्तो जस्तो उपासना गर्छ त्यस्तै हुन्छ श्रुति पनि उक्तार्थपोषकतामा देखिन्छ । निर्गुणविद्यामा त्यस्ता कुरा केही हुँदैनन् । त्यहाँ कुनै गुणै छैन। त्यसैले त ठूलो वा धेरै गति कसैको छैन । गुण रहेको स्थितिमा अतुल्यता अर्थात् उत्कर्षअपकर्षको स्थिति हुने हो स्वतः केही हुँदैन । तदवस्थावधृतेः, तदवस्थावधृतेः त्यो अवस्थाको निश्चय भएकाले यो पदाभ्यासले त्यो अवस्था निश्चय भएकाले अध्यायको समाप्ति जनाएको छ । अतः मुक्ति निरतिशय भएकाले कर्मसाध्य होइन भन्ने यो सिद्ध भएको छ । पुरुषार्थाधिकरणको सार्थकता पनि यहींबाट सिद्ध छ ।

इति मुक्तिफलाधिकरणम् ।

यसरी चतुर्थपाद सकियो ।

तृतीय अध्यायको निर्गुणविद्यासम्बन्धी अन्तरङ्गबहिरङ्गसाधनविचार गरेको यो चतुर्थपाद हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्थ अध्याय

साधननिरूपणात्मक तेस्रो अध्याय सकिएको छ। साधनमध्ये पनि मोक्षमा प्रतिनियमाभावगत अन्तिम अधिकरणको प्रदर्शन भएको छ, अब केही साधनविशेषकै निरूपण केही अधिकरणसम्म चल्ने छ।

आवृत्ति अधिकरणम् १

तृतीय अध्यायमा परापरविद्यासाधनको निरूपण गरेर अहिले फलविचार आरम्भ भएको छ, तथापि केही अधिकरण साधननिरूपणमैं छन्।

आवृत्तिरसकृदुपदेशात् ।१।

विद्यासाधनश्रवणादि एक पटक अनुष्ठान भए पुग्छन् अथवा फलप्राप्तिपर्यन्त आवृत्ति गर्नुपर्छ। यो संशयमा एककोटिक पक्ष छ। एकपटकको शास्त्रार्थ सधैंलाई हुन्छ न्यायअनुसार प्रयाजादि जस्तै श्रवणादि एक पटकभए हुन्छ।

अर्को कोटिबाट सिद्धान्तगत उत्तर- श्रवणादिको आवृत्ति गर्नुपर्छ। किन ? उत्तर 'असकृदुपदेशात्' श्रवण, मनन, निदिध्यासन जस्ता कुराले प्रत्ययावृत्तिको सूचना गर्छन्, एक पटकको शास्त्रार्थ सधैं हुने न्याय त अदृष्टार्थमा लाग्न सक्ला। श्रवणादि दृष्टार्थ हुन् ब्रह्मसाक्षात्काररूप फल एक पटकमा असम्भव हुने भएकाले अवधातादिमा जस्तै फल नभए सम्म अनुष्ठान भइरहनुपर्छ।

यसैमा हेत्वन्तर-

लिङ्गाच्च ।२।

लिङ्ग पनि प्रत्ययावृत्तिसूचक हो। जस्तै उद्गीथविज्ञान- आदित्य उद्गीथ यो ज्ञान एकपुत्रता दोषबाट उपेक्षा गरेर रश्मी तिमिलाई फर्काओस् यो रश्मिवहुत्वविज्ञानमा बहुपुत्रताविधान गर्दै प्रत्ययावृत्तिसूचन गर्छ। तत्सामान्याधारमा सर्वप्रत्ययको आवृत्ति सूचित भएकोछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रकारले त प्रत्यावृत्ति स्वीकार गर्दै श्रवणादिक्रमले निदिध्यासनबाट अपरोक्षतानुभवरूप अतिशय मानेका छन्, त्यही ठीक होइन र ? त्यसो गर्दा सहकार्यन्तर (३।४।४७) सूत्रविरोध हुन्छ। अतः त्यति मात्र होइन। त्यसो भए आवृत्ति किन चाहियो त? एकपटकको तत्त्वमसि वाक्यले ब्रह्मात्मैक्यबोध गराउन नसक्ला, तसर्थ आवृत्ति आवश्यक छ।

आवृत्ति भए पनि न बुझाउला, मनननिदिध्यासनादिसहकृत श्रवण पनि ब्रह्मसाक्षात्कारमा सामर्थ्य राख्दैन। एकपटकमा बोध नभएको विषय आवृत्तिमा बोध हुने कुरा पनि युक्तिसिद्ध देखिंदैन। अस्थूलादिवाक्यबाट निराकृत प्रपञ्चोत्तर 'अथ' इत्यादि वाक्यबोध्य निर्विशेष प्रतिपत्तिविशेष कसरी हुन सक्छ ? निर्विशेष प्रतिपत्ति भइहाले पनि त्यसमा विशेषविज्ञानोत्पत्ति कसरी हुन सक्ला ? सविशेषदीर्घप्रपाठक ग्रहणादिमा श्रवणमननादि ध्यान आवृत्त भएपछि ग्रहणमा अतिशय होला सम्म भन्नु ठीक छ, त्यस अतिरिक्त ज्ञानोत्पत्तिमा श्रवणादि आवर्तन अनर्थक छ।

यसको उत्तरदिंदै भन्छन् शुद्धान्तःकरण भएको अधिकारी छ भने एकपटक सुनेको 'तत्त्वमसि' वाक्यबाट ब्रह्मात्मत्वको साक्षात्कार हुँदैन भन्न सकिंदैन। प्रतिपत्तिकाभेदले प्रतिपत्तिभेद हुन्छ। विचित्र संसारमा कहाँ, के कस्तो छ भन्न गाह्रो छ। यो प्रसिद्धि छ एकपटक सुनेर मात्र पिशाच जस्तै प्राप्त गर्छ।

जसले सक्छ त्यहाँ ठीक भए पनि जसले सक्दैन त्यसका लागि अनर्थ होला नि त आवृत्ति, यस्तो पनि तर्क दुस्तर्क हो, नसक्नेका लागि तत्त्वमस्यादिवाक्यको आवृत्ति चाहिन्छ, यो कुरा सूत्रकारले नै श्रवणआदिको आनर्थक्यपरिहारका लागि भनेका छन्। यही कुराबाट याथार्थ्यबोधका निमित्त सहकार्यन्तर सूत्रघटक 'पक्षेण' पदको छुट्टै विवरण भाष्यकारबाट भएको हो।

आवर्तन गरे पनि बुझाउन नसक्ने पक्ष पनि युक्तिहीन छ, एक पटक अलि अलि बुझेको ज्ञान फेरि सुन्दा बढ्दै जान्छ यो लोकसिद्ध हो। त्यही भएर छान्दोग्यमा 'तत्त्वमसि' नौपटक आवर्तन भएको हो। निर्विशेषब्रह्ममा पनि अविद्यावासनाबाहुल्यले वाक्यबाट अपरोक्षज्ञान भए पनि भेदवासनानिवृत्तिका लागि मनननिदिध्यासनादिसहकृत श्रवणको आवर्तन हुनैपर्छ भन्ने सिद्ध भएको छ।

इति आवृत्तिअधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मत्वोपासनाधिकरणम् २

निदिध्यासनकालमा प्रत्ययावृत्ति कसरी सम्भव छ ? यसको समाधानसूत्र निम्न लिखित हो-

आत्मेति तूपगच्छन्ति ग्राहयन्ति च ।३।

श्रुति र आचार्यवाट उपदिष्ट व्रह्म स्वाभाव्येन ग्राह्य हो कि ? अन्यरूपमा हो ? संशयमा पूर्ववादी भन्छन् अन्यतया हो, किनभने ईश्वर सुखदुःखरागद्वेषादिनिर्मुक्त छ, जीव रागादियुक्त छ।

सिद्धान्त छ- आत्मेति । 'तु' शव्दले पक्षव्यावर्तन गरेको छ । आत्मा नै परमेश्वर हो भन्ने वुझ्नुपर्छ । जावालले परमेश्वरप्रक्रियामा तिमी म हुँ, भगवन् देवता म तिमी हौ भनेका छन् । वेदवाक्यले त्यही ग्रहण गराँउछन् यो आत्मा सवैभन्दा भित्र छ, यो तिम्रो आत्मा अन्तर्यामी अमृत हो त्यो आत्मा हो त्यो तिमी हौ इत्यादि रूपमा ।

केहीको भनाइ छ प्रतिमामा विष्ण्वादिदर्शन भएजस्तैं एकत्वज्ञान उपचरित हो, त्यो भनाइ अनुपयुक्त छ, उपक्रमादिषड्विध तात्पर्य निर्णायक लिङ्गवलवाट वेदान्तको व्रह्मात्मैक्यमा तात्पर्य भएकाले उपचरित मान्न सकिंदैन ।

पुनरपि-आत्मशव्द प्रत्यगात्मामा रूढ छ परमात्मामा छैन भन्नु शास्त्र नवुझ्नु हो, परमेश्वर र जीवमा भेदशङ्का छैन । उदरको अन्तर जसले गर्छ त्यसलाई डर हुन्छ । यसरी भेदनिन्दा देखिन्छ । अतः जीवेश्वरभेद छैन भन्ने सिद्धभएको छ ।

यद्यपि यो विषय 'शव्दादेव प्रमितः' सूत्रविवरणमा जीवव्रह्मको एकता श्रुतिप्रतिपादित हो भन्ने निर्धारण भएको छ, तथापि तिनै श्रुतिमा विरुद्धार्थप्रतिपादकता छ भनेर शङ्का उठाएका छन् र एकत्ववोधकश्रुति उपचरित हो भन्छन् । त्यसको समाधान हुन प्रमिताधिकरणमा वाँकी थियो, त्यसैले पुनः प्रसङ्ग आएको हो ।

इति आत्मत्वोपासनाधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतीकाधिकरणम् ३

प्रतीकविशेषणक ईश्वर आत्मा हो भन्ने बुद्धि अनुसार प्रतीक पनि आत्मा होला यसको उत्तरमा सूत्र सूत्रित छ-

न प्रतीके न हि सः ।४।

ब्रह्म भनेर मनको उपासना गर इत्यादि प्रतीकोपासनामा आत्मबुद्धि गर्ने कि नगर्ने ? यो संशयमा प्रतीक पनि ब्रह्मविकार हुन् प्रतीकत्वनिराकरण पछि ब्रह्मत्व सिद्ध हुने भएकाले आत्मग्रह गर्नुपर्छ भन्ने पूर्वपक्ष छ ।

सिद्धान्त छ- 'न'। प्रतीकमा आत्मवुद्धि गर्नुहुँदैन उपासकले प्रतीकभन्दा अर्को आत्मा ठान्नु हुँदैन । प्रतीकत्वविकारको उपमर्दन भएपछि ब्रह्ममात्र बाँकी रहँन्छ भन्नु प्रतीकत्व नै नवुभ्नु हो, त्यसोगर्दा प्रतीकोपासना नै हुँदैन, त्यो त अहङ्ग्रहको उपासना हुन्छ । प्रतीकको स्वरूपमै उपमर्दन भए त त्यहाँ आत्मग्रह हुँदै हुँदैन, ब्रह्मदृष्टिको उपदेश छ भन्दैमा त्यहाँ आत्मत्वकल्पना हुन सक्तैन, कर्तृत्वनिराकरण भइसकेको छैन कर्तृत्वनिराकरण नहुँदा त अहम्ग्रह उपासनामा पनि सिद्ध हुँदैन । अतः प्रतीकमा आत्मदृष्टि गर्नुहुँदैन ।

इति प्रतीकाधिकरणम् ।

ब्रह्मदृष्टिअधिकरणम् ४

अहङ्ग्रह उपासनामा जस्तो प्रतीकोपासनामा अहङ्ग्रहेण अनुष्ठान हुँदैन भन्ने निरूपण भएको छ । अब प्रतीकोपासनामा कहाँ कुन दृष्टिको अध्यास गर्ने ? यस्तो शङ्कालुका निमित्त समाधानमा यो सूत्र हो-

ब्रह्मदृष्टिरुत्कर्षात् ।५।

'मनको उपासना ब्रह्मरूपमा गर' इत्यादि प्रतीकोपासनामा अर्को संशय छ- मनोदृष्टि ब्रह्ममा अध्यस्त हो कि ? ब्रह्मदृष्टि मनमा, उक्त दुईमध्ये अब्रह्मस्वरूप मनोदृष्टि ब्रह्ममा गरेर ब्रह्मको उपासना गर्ने, फलदिने ब्रह्म हो, मन होइन, फलप्रद उपास्य हुन्छ, यो पूर्वपक्ष हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्तमा त पूर्वोक्त कुरा मिल्दैन, मन आदिमा ब्रह्मदृष्टि गर्ने हो। किन हो ? उत्तर छ उत्कर्षात्। आदित्यादि उत्कर्षले हेरिन्छन्, उत्कृष्टदृष्टिको अध्यासन तिनमा हुन्छ। यस्ता कुरामा लोकमर्यादा अनुसरणीय हुन्छ, उत्कृष्टदृष्टि निकृष्टमा हुन्छ निकृष्टदृष्टि उत्कृष्टमा हुँदैन। जस्तै राजदृष्टि क्षत्रियमा हुन्छ, क्षत्रियदृष्टि राजामा हुँदैन। लौकिकन्यायले शास्त्रीयदृष्टि बाधित हुन्छ त ? यसमा उत्तर छ- निर्धारितशास्त्रार्थमा यो कुरा भए पनि सन्दिग्धार्थनिर्णयमा लौकिकन्याय सञ्चरित हुन्छ, यसमा कहीं कुनै विरोध पर्दैन। निकृष्टमा उत्कृष्ट दृष्टि अध्यासमा शास्त्रार्थनिश्चित भएपछि उत्कृष्टमा निकृष्टदृष्टि अध्यास गरे प्रत्यवायी हुन्छ, दोषी हुन्छ भन्ने अर्थ शिलष्ट छ।

इतिपद संश्लिष्ट छ तापनि उक्तार्थव्यवस्थापक हो आदित्यलाई ब्रह्म भनेर उपासना गर ब्रह्ममा इति पद छ,। अतएव आदित्यमा ब्रह्मकोअध्यास गरेर उपासना गर्ने पूर्वोक्त अर्थ दृढ भएको छ। अतः निकृष्टमा उत्कृष्टदृष्टि राम्रो हो भने उत्कृष्टमा निकृष्टदृष्टि नराम्रो हो भन्ने सिद्ध भएको छ।

इति ब्रह्मदृष्टिअधिकरणम्।

आदित्यादिमति अधिकरणम् ५

प्राथमिकआदित्यादिमा उद्‌गीथादि दृष्टि गरे के हुन्छ भन्नेमा उत्तर यो हो -

आदित्यमतयश्चाङ्ग उपपत्तेः ।६।

यो जुन ताप दिन्छ त्यस उद्‌गीथको उपासना गर इत्यादिमा संशय छ। आदित्यादिमा उद्‌गीथादि दृष्टि गर्ने हो कि ? उद्‌गीथादिमा आदित्यादि दृष्टि ? आदित्य र उद्‌गीथ दुवै ब्रह्मविकार हुन्, अन्यतर उत्कर्ष निश्चय नभएकाले अनियमप्राप्ति छ, यो पूर्वपक्ष हो। दुई मध्ये एक अन्यतर हो।

सिद्धान्त छ 'आदित्य' आदित्यादिमति नै अङ्गभूत उद्‌गीथादिमा गर्नुपर्छ। किन? उत्तर छ- उपपत्ते : अपूर्वसम्बन्ध भएकाले आदित्यबुद्धिद्वारा संस्कृत उद्‌गीथादिमा कर्मसमृद्धि उपपन्न छ। विद्याबाटमात्र गरेकोभन्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रद्धाले, रहस्यज्ञानले समेत गरेको कर्म वीर्यवत्तर हुन्छ। यसरी विद्यामा कर्मसमृद्धिहेतुता देखाइएको छ।

फलात्मक भएकोहुनाले पनि उद्गीथादिभन्दा आदित्यादिमा उत्कर्षको उपपत्ति हुन्छ। अतः अनङ्गाश्रया आदित्यादिमति उद्गीथादिमा प्रक्षिप्त हुनैपर्छ भन्ने सिद्ध छ।

इति आदित्यादिमतिअधिकरणम्।

आसीनाधिकरणम् ६

उपासनामा वस्नेआदि नियमसम्बन्धमा यो अधिकरण हो।

आसीनः सम्भवात् ।७।

कर्माङ्गावबद्ध उपासनामा कर्मतन्त्रता रहेकाले आसनचिन्ता भएन। वस्तुतन्त्र भएकाले सम्यग्दर्शनमा पनि आसनचिन्ता चाहिएन। अब बाँकी उपासनामा आसननियम छ कि छैन ? यो संशय मानसव्यापारात्मक उपासनामा अन्यविशेष अनुपयुक्त छन्। त्यसैले आसनचिन्ता चाहिँदैन भन्ने पूर्वपक्ष छ।

सिद्धान्त छ- आसीन बसेर उपासना गर्नुपर्छ। किन ? उत्तर छ 'सम्भवात्'। मानसप्रत्यय प्रवाहीकरण उपासना हो, हिँड्दा दौडदा त्यो हुन सक्तैन, गत्यादि चित्तविक्षेपक हुन्। उठेर पनि सम्भव छैन, धार्यवस्तु धारण हुँदैन, गतिमा व्यापृत मन सूक्ष्मवस्तुनिरीक्षणमा सामर्थ्य राख्दैन। सुतेर भन् हुँदैन बीचैमा निद्राले अभिभूत गर्दिन सक्छ। उक्त सबै दोषको परिहरण गर्न बसेरै सकिन्छ, परिशेषतः बसेर उपासना गर्न सम्भव छ।
पुनरपि-

ध्यानाच्च ।८।

समानप्रत्ययप्रवाहीकरण ध्यान हो। चित्त एकैविषयमा लागेको वेलामामात्र ध्यानसम्भव छ। 'पति परदेश गएकी पत्नी ध्यान गर्छिन्' इत्यादिमा त्यस्तो देखिन्छ। यसहेतु पनि उपासना बसेरै गर्नुपर्छ।
यसैबारे वैदिक लिङ्ग छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अचलत्वञ्चापेक्ष्य ।९।

पृथिवी ध्यान गरेझैं इत्यादिमा अचलत्वका अपेक्षाले ध्यायतिवाद हो । यो पनि बसेरै उपासना गर्नुपर्छ भन्ने हेतु हो ।
बाह्य र शारीर आसनस्मरण पनि नियम हो भन्नेमा सूत्र –

स्मरन्ति च ।१०।

उपासना अङ्गको रूपमा आसनस्मरण शिष्टवाट हुँदै आएको छ, भगवद्गीतामा- शुचि देशमा स्थिर आफ्नै आसन राखेर इत्यादि देखिएकै छ । त्यसैले योगशास्त्रमा पद्मकादि अनेक आसन उपदिष्ट छन् । अतः वसेरै उपासना सम्भव छ ।

इति आसीनाधिकरणम् ।

एकाग्रताधिरणम् ७

अनङ्गाश्रित उपासनामा आसननियम जस्तै दिगादिनियम पनि छ कि? यस्तो आशङ्काको समाधान गर्दै प्रस्तुत अधिकरण हो–

यत्रैकाग्रता तत्राविशेषात् ।११।

उपासनामा देशकालनियम छ अथवा छैन यो संशयमा पूर्वपक्ष छ । प्रायेण वैदिक आरम्भमा दिगादिनियम देखिन्छ, त्यस्तै यहाँ हुनुपर्छ ।

यसको उत्तर छ- 'यत्रैकाग्रता' । जहाँ एकाग्रता हुन्छ त्यहीँ बसेर उपासना गर्नु । पूर्वदिक् पूर्वाह्ण प्राचीप्रवणादि जस्तो विशेष श्रवण यहाँ छैन । इष्ट एकाग्रता हो त्यो जहाँ हुनसक्छ त्यहीं बस्नुपर्छ । दिङ्नियम यस्तो देखिन्छ- 'ब्रह्मयज्ञ गर्नेले पूर्वदिक् गाउँमा", दिक्जस्तै 'प्राचीन प्रवणकर्ममा' वैश्वदेवले यजन गर्नु यो देशनियम र 'अपराण्हमा पिण्डपितृयज्ञ गर्नु' कालनियम देखिन्छन्- यस्तो कुनै नियम सगुणोपासनामा छैन, मनको स्थिरताविना केही गर्न सकिँदैन । अत एव श्रुतिले नै योगाभ्यासका लागि प्रदेश निर्देश गरेको छ 'मन अनुकूल जहाँ हुन्छ' इत्यादि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि शङ्का हुन सक्ला सम्म बालुकाकण अग्नि केहीनभएको भन्ने पनि त श्रुतिनिर्देशै हो नि अनि त्यो पनि त चाहिएला ? उत्तरमा भन्छन्- यो ठीक हो, ती सबै दृष्टिसौकर्यका लागि हुन् भन्ने वाक्यशेषमा मनोनुकूलविशेषणबाट अर्थनिश्चय गर्नुपर्छ। अतः उपासनामा आसनादि नियम छैन ।

इति एकाग्रताधिकरणम् ।

आप्रायणाधिकरणम् ८

अहङ्ग्रहोपास्तिमा देहपातसम्म आवृत्तिको अपेक्षामा यो अधिकरण हो ।

आप्रायणात्तत्रापि हि दृष्टम् ।१२।

अभ्युदयफलका उपासना आफ्नो इच्छानुसार आवृत्ति गर्ने कि ? मुक्त नभएसम्म गर्ने यो छ संशय, आफ्नो इच्छानुसार केही कालको आवृत्ति पछि छोडिदिए हुन्छ, आवृत्ति अर्थ दिने उपासना शब्द त्यतिबाट चरितार्थ भइहाल्छ भन्छन् पूर्वपक्षवादी ।

सिद्धान्त छ- 'आ प्रायणात्' मुक्त नभएसम्म आवृत्ति गरीरहने। अन्तप्रंत्ययबाट अदृष्टफलप्राप्ति सम्म उपासना गर्दै रहनुपर्छ। जस्तै ज्योतिष्टोमादि कर्म अदृष्टद्वारेण अभ्युदयफलजनक हुन्। तिनको अनुष्ठान आमरण हुनुपर्छ त्यस्तै यहाँ पनि हो, जब कि, ज्योतिष्टोमादिकर्म आफू अनुरूपकै भावनाविज्ञानको आक्षेप प्रयाणकालमा गर्छन् । यसबारे श्रुति सविज्ञान नै हुन्छ, सविज्ञाननै अर्कोमा जान्छ जुन चित्तको छ त्यसैबाट प्राण आउँछ प्राण तेजोयुक्त भएर आत्माका साथ आफ्नो सङ्कल्पानुसारी लोकमा लैजान्छ इत्यादि छन् ।

कर्मको त यस्तो गति छ भने अनि के भन्नुपर्छ उपासना आमरण हुनुपर्छ भनेर यो अर्थ स्फुटबोधका निमित्त नै सूत्र 'तत्रापि दृष्टम्' को संयोजन भएको हो। 'तत्रापि' भन्नाले अग्निहोत्रकर्ममा पनि अर्थात् भावनाविज्ञानानुसारकै फल अग्निहोत्रादि कर्मको त हुन्छ भने उपासनाको त भावनाविज्ञान अनुसारकै फल हुने कैमुतिकन्यायसिद्ध छ।

अथवा प्रायणमा प्रत्ययावृत्ति गर्नुपर्छ भन्ने पनि श्रुतिवचन र स्मृतिवचन देखिन्छन् भन्ने अर्थकानिमित्त तत्रापि दृष्टम् सूत्रांश हो। 'जो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन सङ्कल्पबाट यो लोक छोड्छ' श्रुति र 'जुन जुन भाव स्मरण गर्छ त्यै भावमा जान्छ, शरीरछोडेपछि' स्मृति छन् ।

इति आप्रायणाधिकरणम् ।

तदधिगमाधिकरणम् ९

ब्रह्मविद्यामा कर्तव्यशेष केही हुँदैन, उत्पत्तिमात्रले अशेष पापक्षय हुन्छ भन्ने ब्रह्मसूत्र नै छ-

तदधिगम उत्तरपूर्वार्धयोरश्लेषविनाशौ तद्व्यपदेशात् ।१३।

गत अधिकरणसम्म साधनविशेषकै चिन्ता हो । साधनाध्यायमा विचार गर्नुपर्ने केही साधन, फलमा प्रत्यासन्नताका हिसाबले आठ अधिकरणले फलाध्यायमा विचार भएको हो । अब ब्रह्मात्मैक्यविज्ञानफलको विचार चल्छ ।

ब्रह्मविज्ञानवाट दुरितक्षय हुन्छ कि हुँदैन ? यो संशय छ । करोडौ कल्पसम्म पनि भोग नगरी कर्म सकिँदैन इत्यादि वचन र कर्ममा फलदायकत्व शक्तिविशेष छ भन्ने मान्यता रहेकाले दुरितक्षय हुँदैन, यो पूर्वपक्ष हो ।

सिद्धान्तमा मान्यता छ, तदधिगमे ब्रह्मात्मैक्यको अवगम भएपछि उत्तरका कर्मले छुदैनन् पूर्वका कर्म नाश हुन्छन् । किन ? उत्तर छ- 'तद्व्यपदेशात्' ब्रह्मविद्या- प्रक्रियामा सम्भावित सम्बन्ध आगामी वस्तु दुरितको अभिसम्वन्ध हुँदैन विद्वान्मा भन्ने देखाँउछ । जस्तै कमल, जलवाट श्लेष हुँदैन, त्यसैले ब्रह्मैक्यज्ञानीमा पापकर्म संश्लिष्ट हुँदैनन् श्रुतिले । त्यस्तै, ज्ञानीमा जस्तै कपास अग्निमा राखे जल्छ त्यस्तै ब्रह्मविद्मा सम्पूर्ण पाप नष्ट हुन्छन् । श्रुति नै सञ्चित् दुरितको विनाश हुन्छ आत्मैकत्वज्ञानीमा भन्छन् ।

कर्म भोग नगरी नाश हुँदैन भन्ने कुरा त सगुणनिर्गुणब्रह्मज्ञानरहित मान्छेमा लागू हुने हो । कर्मशक्तिको अवज्ञा गरेको पनि होइन, त्यसो भएत कर्मप्रतिपादकशास्त्र निन्दित हुने थियो । निन्दा देखाएको पनि छैन । अतः कर्म छ, कर्मशक्ति छ, प्रतिपादकशास्त्र पनि छ । हुँदा हुँदै पनि विद्यावाट अथवा कर्मान्तरले बाधित हुने हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्गुणब्रह्मविद्मा त पापलेशको शङ्का पनि हुँदैन, उसमा म गर्छु, गर्नेछु, गरें भन्ने तीन कालवर्ती भावना रहँदैन कर्तृत्वअभिमाननै त्यसमा रहेको हुँदैन ब्रह्मनै भईसकेको हुन्छ, अकर्तामा पापफल हुन्छ भन्ने त मन्दले पनि मान्दैन ।

सगुणब्रह्मविद्मा पनि वचनवलात् पापशङ्का उठ्दैन, भएका पाप समेत भाग्छन् । अतः ब्रह्मैक्य ज्ञान पछि दुरितक्षय हुन्छ, यो सर्वथा सङ्गत र शास्त्रानुकूल छ, विद्वदनुभवसिद्ध छ ।

इति तदधिगमाधिकरणम् ।

इतरासंश्लेषाधिकरणम् १०

पापनिवृत्तिको अतिदेश पुण्यनिवृत्तिमा गर्दै-

इतरस्याप्येवमसंश्लेषः पाते तु ।१४।

पापजस्तै पुण्य पनि आत्मैकत्वज्ञानबाट क्षीण हुन्छ कि हुँदैन ? भन्ने संशयमा, धर्म, शास्त्रीय हो, आत्मैकत्वज्ञान पनि शास्त्रीय हो शास्त्रीयज्ञानसित विरोध नभएकाले पुण्यक्षय हुँदैन, यो मान्यता पूर्वपक्षको हो ।

सिद्धान्त-छ 'इतरस्यापि' । पापदेखि इतर पुण्य हो । पुण्यको पनि असंश्लेष र विनाश आत्मैकत्वज्ञानीमा पापको भए जस्तै हुन्छ । किन हुन्छ त? पुण्य पनि फलहेतु हो, भएकैले ज्ञानप्रतिबन्धकता त्यसमा पनि छ । दुवैको असम्बन्ध श्रुतिनिर्दिष्ट नै हो, दुवै पुण्यपापबाट ज्ञानीको तरण हुन्छ इत्यादि श्रुतिबाटै सुकृत जस्तै दुष्कृत पनि विनश्यद्भावमा राखिएको छ ।

शास्त्रीय कर्म भए पनि अनर्थफलदातृत्वेन श्येन जसरी निन्दित छ, त्यस्तै मुमुक्षुकालागि संसार फलदातृत्वेन पुण्यकर्म पनि निन्दितै छ । अतः त्यसबाट पनि निवृत्ति नै श्रेयस्कर हो ।

'पाते तु' यहाँ तुशब्द अवधारणार्थक हो । उक्त व्यवस्थानुसार धर्म र अधर्म दुवै क्षीण भएपछि देहपात हुने वित्तिकै तुरुन्त मुक्ति हुन्छ, ज्ञानीको संसार हुँदैन अवश्य मुक्ति हुन्छ ।

इति इतरासंश्लेषाधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनारब्धाधिकरणम् ११

आरब्धकर्मका पूर्वाधिकरणार्थको अपवाद प्रदर्शन गर्दै नयाँ सूत्र-

अनारब्धकार्ये एव तु पूर्वे तदवधेः ।१५।

सञ्चित जस्तै प्रारब्ध कर्म नाश हुन्छ अथवा हुँदैन ? प्रारव्ध पनि सुकृतविशेष हो सुकृत नै भएकोले लय हुने कुरा प्राप्त छ।

उत्तर सिद्धान्तको- 'अनारब्ध' अप्रवृत्त फल पूर्वसञ्चित कर्म यसै जन्मका पनि ज्ञानोत्पति हुनुभन्दा पहिलेका कर्म, जेजति यस्ताकर्म छन् ती सबै ज्ञानोत्पति भएपछि भस्म हुन्छन्। ब्रह्मज्ञानको आयतनभूत वर्तमान शरीर जुन कर्मले आरम्भ भएको छ, फल पनि आधा जति भोगगरिसकेको छ त्यो कर्म ज्ञानले भस्म हुँदैन। ज्ञान भएपछि जन्म नहुने त यो शरीरको अपेक्षाले हो। उत्तर छ- जन्म नहुने हो, त्यसै हुँदा आत्मज्ञान प्रारब्ध कर्मको बाधक हुँदैन। किन हुँदैन ? उत्तर छ- तदवधे : 'तत्'शब्दको अर्थ पूर्वसूत्रगत शरीरपात हो, त्यही अवधि शरीरपात नै जीवनको अवधि हो, प्रारव्ध कर्मको समाप्ति पछि जन्मान्तरारम्भक कर्म रहँदैन। श्रुति आत्मैकत्वज्ञाताको त्यतिबेर मात्र ढिलो हो जो सम्पन्न हुँदैन शरीरपात, पछि आत्मा नै हुन्छ ब्रह्म नै हुन्छ इत्यादि छ।

अर्थसङ्क्षेप यसरी आकलनगर्नु पर्दछ-

आत्मैकत्वज्ञाताको मुक्ति विलम्ब नै भए पनि धेरै विलम्ब हुँदैन। परन्तु गर्भाधानकै बेलामा तोकिएको आयु भोग गर्नैपर्छ, बीचैमा क्षय हुँदैन। प्राणवियोग पछि कर्म पनि क्षीण हुन्छन् त्यतिसम्म विलम्व हुन्छ। त्यसपछि ब्रह्म नै हुन्छ।

हुन त ब्रह्मात्मैक्यज्ञान मिथ्याज्ञानलाई बाधित गर्दै कर्मको उच्छित्ति गर्छ, बाधितै भए पनि मिथ्याज्ञानको द्विचन्द्रादिज्ञान जस्तै संस्कारवशात् केही काल अनुवर्तन भइरहन्छ।

इति अनाराब्धाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्निहोत्राद्यधिकरणम् १२

अनारब्धकर्म पनि कुनैमा विद्याजन्य कर्मक्षयको अपवादप्रदर्शनार्थ यो सूत्र-

अग्निहोत्रादि तु तत्कार्यायैव तद्दर्शनात् ।१६।

अग्निहोत्रादि कर्म पाप जस्तै नाश हुन्छ कि हुँदैन ? यस संशयको उत्थानमा ब्रह्मात्मैक्यज्ञानबाट नाश हुन्छ भन्छन् पूर्वपक्षानुयायीहरू ।

सिद्धान्ती त्यो पक्ष मान्दैनन् । भन्छन्- 'अग्निहोत्रादि' । सूत्रको 'तु' शब्दले आशङ्काको निराकरण गरेको छ । जुन वैदिक नित्य कर्म हो, त्यही कामका लागि त्यो पनि हो । सूत्र छ- तत्कार्यायैव भवति अर्थात् ज्ञानको जे काम हो त्यही काम यसको पनि हो । कसरी हो ? उत्तर छ, 'तद्दर्शनात्', 'तमेतम्' त्यो आत्मा वेदानुवचन, यज्ञ दान अनाशक तपबाट जान्ने इच्छागरोस् यो श्रुतिले कर्ममा पनि ज्ञानकार्यत्व देखाएको छ । यहाँ नित्यकर्मसहकारिता सगुणब्रह्मज्ञानमा मानिएको छ, निर्गुणब्रह्मात्मैक्यज्ञानमा भने नित्यकर्मसहकारिता अमान्य छ । ब्रह्मात्मभावरूप मोक्ष नित्य हो, त्यो साध्य हुँदैन, अनि त सोझै कर्मसाध्य नहुने नै भयो । चित्तशुद्धिद्वारा त सबै कर्मप्रणाल्या ज्ञानप्रापकनै मानिन्छन् यसै हेतु मोक्ष कर्मसाध्य भनिएको हो । औपचारिक प्रयोग हो ।

साक्षाद् वेदान्तश्रवणसाधन कर्मसन्यास हो भन्नेकुरा विधिर्वा धारणवत् सूत्रमा स्वयं भाष्यकारले नै प्रतिपादन गरेका छन्, अनियोज्य आत्मा हो आत्मज्ञानोत्तर शास्त्रको कुनै विषय रहँदैन ।

उल्लेख छ– कर्मले पितृलोक हुन्छ इत्यादि श्रुतिसामर्थ्यले नित्यकर्म पनि काम्य जस्तै अनर्थहेतु हो भन्ने बुझिन्छ, त्यसो हुँदा ज्ञानोत्तर पाप जस्तै अश्लेष र विनाश नित्यकर्म पनि सिद्ध नै छ, यो वस्तुगतिमूलक कुरा हो, त्यस्तो हुँदाहुँदै पनि उपपत्ति भने यस्तो छ ।

भोगबाट उपक्षीण ब्रीह्यादिमा नाशव्यवहार देखिने गरेको छ, वस्तुतः नाश होइन चित्तशुद्धि गर्ने नित्य कर्म पनि विद्यामा उपक्षीण भनिन्छ । यो अर्थ नाशमा पुग्दैन नाशरूपमा वर्णन पनि हुँदैन । नित्यकर्म नाश हुन्छ भन्ने सूत्रकारको अभिप्राय उपरि चर्चित अर्थमा विश्रान्त छ भन्छन् भगवान् भाष्यकार ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सगुणविद्यामा पनि त्यसको दाय पुत्रले लिन्छन् श्रुतिमा सर्वकर्मको अविशेषेण नाश श्रवण छ। अनि कसरी सगुण विद्यामा नित्यकर्मानुष्ठानको स्थिति छ- यसको समाधानमा सूत्र अवतीर्ण हुन्छ-

अतो ऽन्यापि ह्येकेषामुभयोः ।१७

अग्निहोत्रादि नित्यकर्मको अर्को पनि राम्रो कृत्य छ फलको अभिसन्धि राखेर जुन गरिन्छ, विलय हुने त्यसैको हो, कुनै शाखामा चर्चा पनि त्यसै आधारको हो, सुहृद्ले साधुकृत्य लिन्छन् जस्ता। त्यसको नै यो पाप जस्तै अश्लेष र विनाश वचन हो नित्यकर्मसामान्यको होइन। यसमा जैमिनि र बादरायण दुवैआचार्यको सम्प्रतिपत्ति छ।

इति अग्निहोत्रादिअधिकरणम्।

विद्याज्ञानसाधनत्वाधिकरणम् १३

पूर्वोक्त नित्यादि विषय लिएर केही विचार चल्छ, तसर्थ विषयत्वसङ्गतिले अग्रिम प्रसङ्ग स्थित हुन्छ-

विद्याज्ञानसाधनत्वाधिकरणम्।

पूर्वोक्त अग्निहोत्रादिमा अङ्गाववद्धोपास्ति साहित्यको अनियमनिरूपणार्थ निम्न लिखित सूत्र र व्याख्या हो-

यदेव विद्ययेति हि ।१८।

यहाँ पूर्वपक्षमा केवल नित्यादि ज्ञान हेतु हुँदैनन् सिद्धान्तमा हुन्छन्, यही फलभेद हो।

नित्यादि कर्माङ्गाश्रित उपास्तिसहित अनुष्ठेय हुन् भन्ने नियम हो। विद्यासहित भन्ने नियम हो ? अथवा केवल कर्मोपास्ति नियम हो ? कुनै पक्ष प्रवल छैनन्। तसर्थ अनियम हो भन्ने संशयमा नियम हो भन्ने पूर्वपक्ष छ।

सिद्धान्त अर्कै छ। अनियम हो भन्नु युक्तिसङ्गत हो। जस्तै- 'जुन काम विद्याले हुन्छ श्रद्धा र रहस्यज्ञानयुक्त त्यही वीर्यवत्तर हुन्छ' यो श्रुति विद्यासहित कर्मलाई वीर्यवत्तर हो भन्छ, विद्याहीन कर्म वीर्यवत् हो भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथ्य उद्घाटन त्यही श्रुतिबाट भएको छ। त्यसो भन्नुमै केवलकर्म पनि ज्ञानहेतु हो भनेको हुन्छ भन्ने सिद्ध भएको छ।

इति विद्याज्ञानसाधनत्वाधिकरणम्।

इतर क्षपणाधिकरणम् १४

ज्ञानबाट निवृत्त नहुने आरब्ध शुभाशुभ कर्म कसरी निवृत्त हुन्छन्? तत्प्रकार तलको हो-

भोगेन त्वितरे क्षपयित्वा सम्पद्यते ।१९।

पूर्वपक्षमा विदेहकैवल्य असिद्ध छ तर सिद्धान्तमा सिद्ध छ, फलभेद यही हो। विषय तत्त्ववित् हो। तत्त्ववित्को प्रारब्ध क्षय भएपछि संसरण हुन्छ अथवा हुँदैन? यो संशयमा पूर्वपक्ष छ देहपात भन्दा पहिले संसार अनुवृत्ति भएजस्तै देहपात पछि पनि ब्रह्मवित्को संसार अनुवृत्ति हुन्छ भनी अनारब्धाधिकरणदृष्टान्तले उठेको हो।

सिद्धान्त छ- इतरे तु। 'तु' पदले पक्षव्यावर्तन गरेको छ। आरब्धपुण्यपाप भोगबाट सकिन्छन्, अनि विद्वान् हुन्छ । त्यसको त्यतिमात्र विलम्व हुन्छ जहाँसम्म भोगबाट मुक्त हुँदैन। त्यसपछि सत् सम्पन्न हुन्छ श्रुति त उक्तार्थप्रतिपादकतामा देखिन्छ। त्यस्तै अर्को श्रुति ब्रह्म भएर ब्रह्ममा पुग्छ इत्यादि छ। देहपातपूर्व त प्रारब्धकर्म बाँकी नै हुन्छ, बाँकी रहेकाले शरीर रहेसम्म कुमालेको चक्रभ्रमणन्यायले मिथ्याज्ञानरूप निमित्तनाश भए पनि कर्मसंस्कारको अनुवृत्ति भइरहन्छ। त्यस कर्मको भोग गरिसकेपछि भने अरू कुनै कर्म अवशेष हुँदैन। कर्म नभएकाले संसारमा अनुवृत्ति पनि हुँदैन। अर्थात् जन्ममरणचक्रमा जानु पर्दैन। अतः भोगबाट प्रारब्धकर्म नाश भएपछि विद्वान् आफ्नै आनन्दात्मस्वरूपमा प्रतिष्ठित हुन्छ अर्थात् स्वयंआत्मा नै हो त्यही वुझ्दछ। केवलीभावमा पुग्छ, अवश्य कैवल्य हुन्छ।

इति इतरक्षपणाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ अध्याय
द्वितीय पाद

अब सगुणब्रह्मसम्पत्ति कसरी हुन्छ ? त्यस क्रममा उत्क्रान्ति वेला वागादिको मनमा लयप्रक्रिया बताइन्छ ।

वागधिकरणम् १

ज्ञानफलानन्तर उपासनाफल भन्नु छ, त्यो अर्चिरादिमार्गप्राप्य छ, मार्गप्राप्ति उत्क्रान्तिलभ्य छ । अतः उत्क्रान्तिनिरूपण गरिन्छ-

वाङ्मनसि दर्शनाच्छब्दाच्च ।१।

यो पादमा विशेषतः सगुणविद्याफलप्राप्तिका लागि देवयानमार्गको चिन्ता छ । उत्क्रान्ति पछिमात्र अर्चिरादिमार्गको प्रतिपत्ति हुन्छ, त्यसैले पहिले उत्क्रान्तिचिन्ता हो ।

छान्दोग्यमा छ - प्रयाणका वेला पुरुषको वाक् मनमा, मन प्राणमा, प्राण, तेजमा तेज परदेवतामा इत्यादि । यहाँ वृत्तिसहित वाक्‌को मनमा लय हो कि ? वाक्‌वृत्तिको लय हो ? यस संशयमा वाक् मनमा यो श्रुतिमा वृत्तिशब्द छैन, त्यसैले स्वरूपकै लय हो भन्छन् पूर्ववादी ।

सिद्धान्तवादी भन्छन् 'वाङ्मनसि' बाक्‌वृत्ति मनमा मिल्ने हो, वृत्ति वृत्तिमत्‌मा अभेदोपचारबाट मनःशब्दले वृत्ति बुझ्नुपर्छ, यो विषय अविभागो वचनात् (ब्र. ४।२।१६) सूत्रमा स्पष्ट हुनेछ । वागादिको उपादान मन होइन, त्यसैले वागादिको लय मनमा हुन्छ भन्नु अपसिद्धान्त हो । वागादिवृत्ति त मनमा लीन हुन सक्छन् । त्यसै हुँदा वृत्तिलय मान्नु पर्छ । वृत्तिको उद्‌भव र अनुद्‌भव त अनुपादानको आश्रयमा पनि देखिन्छन् । पार्थिव इन्धनवाट तैजस अग्निको उद्‌भव र वृद्धि अनि जलमा उपशमन प्रसिद्धै छ । अव त्यो पक्षमा वाक् मनमा सम्पन्न हुने श्रुति कसरी मिल्छ त ? यसको उत्तर 'शब्दाच्च' हो । यस पक्षमा वृत्तिवृत्तिमत्‌को अभेदोपचार हो र तदनुसार श्रुत्यर्थ सम्पन्न छ ।

वाक्‌मा दर्शितन्यायको चक्षुरादिमा अतिदेश-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अत एव च सर्वाण्यनु ।२।

देहको उष्णता उपशान्त भएपछि मनमा सम्पन्न इन्द्रिययुक्त पूनर्जन्ममा जान्छ, यो प्रश्नोपनिषत्मा अविशेषरूपमा सबै इन्द्रियको मनमा लय श्रवण छ। अवएव=त्यसैहुनाले सवृत्तिक मनमा चक्षुरादि इन्द्रियको वृत्तिलोप देखिन्छ। तत्त्व अर्थात् तत्तत्इन्द्रिय प्रविलय सम्भव छैन। नभए पनि शव्द अर्थात् श्रुतिले लय हुने कुरा गरेको छ। अतः वृत्तिद्वारा सबै इन्द्रिय मनको अनुवर्तन गर्छन्। सबै करणको उपसंहार मनमा हुने कुरा फरक छैन, अनि वाक्को भिन्नै ग्रहण किन त ? भन्नेमा उत्तर छ- श्रुतिमा वाक् आएको छ। त्यसैले मात्र हो, श्रुति उदाहरणका हिसाबले। वस्तुतः वाक्ग्रहणको पृथक् प्रयोजन छैन।

इति वागधिकरणम्।

मनोऽधिकरणम् २

इन्द्रियवृत्तिलयाधारको मनमा मनको वृत्ति कहाँ लय हुने यसबारे-

तन्मनः प्राण उत्तरात् ।३।

वाक् मनमा लयको अर्थ वृत्तिलय हो भन्ने अर्थनिर्णय भएको छ। त्यसभन्दा उत्तरवाक्य मनप्राणमा छ। मनोवृत्ति प्राणमा विलय हुन्छ कि ? वृत्तिमन्मनको प्राणमा विलय हो ? यस्तो संशयमा- प्रकृतिविकृत्ति अभेदन्यायले अन्नमय मनको जलमयप्राणमा लय हुने देखिन्छ। अन्नको प्रकृति जल हो श्रुतिप्रमाणवाट नै यो सिद्ध छ। अतः वृत्तिविशिष्ट मनको लय प्राणमा हुन्छ, यस्तो पूर्वपक्ष छ।

सिद्धान्त छ- बहिरिन्द्रियको ग्रहण नगरी वृत्तिद्वारा प्राणमा मन विलीन हुन्छ, स्वयम् होइन। किन ? उत्तर छ- 'उत्तरात्' अन्नमा मन सम्पन्न हुन्छ अप्मा प्राण यो उत्तर वाक्य छ। त्यसैले वृत्तिद्वारक हुने भनिएको हो। यस वाक्यमा स्वकारणभूत अन्नमा मनको लयप्रतीति हुन्छ। अन्नको आफ्नु कारणभूत जलमा लय सुनिन्छ। प्राणमा लयको प्रसङ्ग छैन। त्यसैले, मनोवृत्तिकै प्राणमा लय हुन्छ, मनको धर्मीमा हुँदैन। प्राण, मनको उपादान होइन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पृथिवी र अप्‌विकार भएकाले स्वयोनि प्रणालिकाबाट मन र प्राण प्रकृति- विकारभाव मान्दै स्वोपादान प्राणमा मनोलय हुन्छ, त्यो मान्दा आफ्नै धर्मीमा लयभएको हुन्छ भन्ने पक्ष अयुक्त छ । कुनै प्रक्रिया मिलाएर ती दुईमा प्रकृतिविकृतिभाव छ भन्ने मान्यतामा साङ्कर्यदोष आउँछ अतिप्रसङ्ग पनि छ, मनोवृत्तिकै लय प्राणमा हुन्छ यो सिद्ध भएको छ ।

इति मनोऽधिकरणम् ।

अध्यक्षाधिकरणम् ३

प्राणमा मनोवृत्तिक लय हुन्छ त्यस्तै प्राणको लयाधार के हो ? उत्तर छ-

सोऽध्यक्षे तदुपगमादिभ्यः ।४।

जहाँबाट जसको उत्पत्ति हुँदैन त्यहाँ त्यसको वृत्तिलय मात्र हुन्छ स्वरूपलय हुँदैन भन्ने यो स्थिर भएको छ । अब उत्तरवाक्य छ- 'प्राणतेजमा' यहाँ प्राणको लय तेजमा हो ? अथवा जीवमा ? यो संशयोत्तर श्रुतिप्रमाणका आधारमा तेजमा लय हुन्छ भन्छन् पूर्वपक्षी ।

सिद्धान्ती भन्छन्- 'सोऽध्यक्षे' स यहाँ प्राण अध्यक्षमा लय हुन्छ । सर्वसाक्षीविद्याकर्मपूर्व प्रज्ञोपाधिक विज्ञानात्मा अध्यक्ष हो, प्राणवृत्तिको प्राधान्य त्यसैमा छ । किन छ? उत्तर छ- 'उपगमादिभ्यः' यसै किसिमले यो आत्मामैं अन्तकालमा सबैप्राण समेटिन्छन्, यसरी आत्मामा समेटिने कुरा देखिन्छ । सबै प्राण अर्थात् इन्द्रिंयहरू अझ विशेषरूपमा त त्यो उत्क्रमण गर्न लाग्दा प्राण अनूत्क्रमण गर्छ भनेर श्रुतिले नै पञ्चवृत्तिको प्राण अध्यक्षानुगामी हो भनेर प्रतिपादन गरेको छ । बाँकी अरू भने 'प्राणको पछिलाग्छन्' भनिएका छन् इत्यादिरूपमा ।

त्यसो भए प्राण तेजमा यो श्रुतिको गति के त ?

भूतेषु तच्छ्रुतेः ।५।

त्यो प्राणसंपृक्त अध्यक्ष देहबीजभूत तेजसहित भूतमा रहन्छ, त्यसैले तेजमा लय भनिएको हो । किन ? उत्तर- तच्छ्रुतेः ? प्राण तेजमा श्रुति हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ त तेज एकको श्रवण छ अनि कसरी तेजसहचरित भूत भन्न सकिन्छ ? त्यसको उत्तर-

नैकस्मिन् दर्शयतो हि ।६।

कार्यभूत शरीरमा अनेकात्मकत्व छ शरीरबाटै शरीरमैं जाने त्यसै हुनाले शरीरान्तरमा जाने बेला तेज एकमात्रमा जीव रहँदैन शरीरघटक सबै भूतमा रहन्छ 'यो कुरा प्रश्न प्रतिवचन' जल पुरुष भनिन्छन्- श्रुतिद्वारा भएको छ। भूतस्वरूपनिरूपण वैराग्यपादमा भइसकेको छ त्र्यात्मकत्वात्तु भूयस्त्वात् यहाँ ।

इति अध्यक्षाधिकरणम् ।

आसृत्युपक्रमाधिकरणम् ४

उक्त उत्क्रान्तिको अन्वय अपरविद्यामा हुन्छ; समन्वय गर्दै सूत्र-

समाना चासृत्युपक्रमादमृतत्वञ्चानुपोष्य ।७।

उक्त उत्क्रान्ति विद्वान् र अविद्वान्को समान हो ? अथवा होइन ? यो संशयमा- विद्वान्को अमृतत्वको श्रवण छ अविद्वान्को छैन। अतः अविद्वान्को उत्क्रान्ति हुन्छ, यस्तो छ पूर्वपक्ष ।

सिद्धान्त छ 'समाना च' विद्वान्अविद्वान् दुवैको उत्क्रान्ति समानै हो। आसृति उपक्रमबाट हुने हो आसृति दुवैमा उस्तै छ– समान छ, अविशेष छ। उत्क्रान्तिपछि विशेष छ, अविद्वान् देहका बीजभूत भूतसूक्ष्ममा आश्रित भएर कर्मप्रयुक्त देहग्रहणको अनुभव गर्दै संसारमा घुम्छ। विद्वान् चाहिँ ज्ञानप्रकाशित मोक्षनाडीद्वारको आश्रय लिन्छ, त्यसैभएकाले भनिएको हो-

आसृत्युपक्रमात् ।

विद्वान् त अमृत नै हुनुपर्ने, अमृतभावले त देशान्तरको अपेक्षा गर्दैन भने अब किन भूताश्रय र सृत्यूपक्रम विद्वान्मा- यसको उत्तर छ- 'अनुपोष्य चेदम्' अपरविद्यासामर्थ्यले प्राप्त हुने अमृतत्व आपेक्षिक हो, यस्तोमा भूताश्रयता र सृत्युपक्रम हुन्छ नै। अपरविद्यावत् विद्वान्मा अविद्यादिक्लेश दग्ध भइसकेको हुँदैनन्, त्यसैले त भूताश्रयत्वेन उत्क्रमित हुन्छन्। निराश्रय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राणको गति सम्भव पनि छैन । अतः पूर्वचोद्य यहाँ लाग्दैन । त्यसो हुँदा कुनै दोष छैन ।

इति आसृत्युपक्रमाधिकरणम् ।

संसारव्यपदेशाधिकरणम् ५

उक्त उत्क्रान्तिकालमा हुने सत्सम्पत्तिस्वरूपको निरूपणमा अधिकरण-

तदापीतेः संसारव्यपदेशात् ।८।

'तेज परदेवतामा' यहाँ शरीराध्यक्ष तेजःशव्दवाच्यको परदेवतामा सम्पत्ति आत्यन्तिकी हो अथवा होइन ? यस्तो संशयमा सबै जन्मने प्राणी स्वप्रकृतिमा मिल्ने स्थिति अनुसार आत्यन्तिकी हो भन्ने मान्यता पूर्वपक्षीको छ ।

सिद्धान्त छ- तत् तेज आदिभूतसूक्ष्म श्रोत्रादिकारणका आश्रय हुन् । ती भूतसूक्ष्म अज्ञाननिमित्तले संसारवाट मोक्ष नभएसम्म रहन्छन् । किन? 'संसारव्यपदेशात्' संसारव्यवहार भएकाले, शरीरका निमित्त केही देही जन्म लिन्छन् । केही स्थावरभावमा पुग्छन् त्यस्तो हुनु आफ्नै कर्म र विद्याको फल हो, यस प्रकार । त्यस्तो व्यवस्था नभएको भए त प्रायणसमयमा उपाधि सवैको अस्ताउँछ अनि त सवै ब्रह्म भइहाल्थे नि, त्यसरी ब्रह्म हुनेभए विधिशास्त्र, विद्याशास्त्र सबै अनर्थक हुनुपर्‍यो । त्यस्तो हुँदैन, मिथ्याज्ञाननिमित्तक बन्ध सम्यग्ज्ञान बाहेक यहींवाट खुस्कन सक्तैन । त्यसैले सत्सम्पन्नतावाट क्रममुक्तिको भागीभए पनि सुषुप्त र प्रलय जस्तै वीजभाव बाँकीरहेकै यो सत्सम्पत्ति हो भन्ने वस्तुगति छ ।

देहवाट उत्क्रमित हुँदा उपलब्ध किन हुँदैन र मूर्तान्तरवाट किन रोकतोक पर्दैन ? यो प्रदर्शन गर्दै सूत्र प्रमाणिंत छ-

सूक्ष्मं प्रमाणतश्च तथोपलब्धेः ।९।

भूतान्तरसहचरित तेज स्वरूपतः र प्रमाणतः दुवै भावमा सूक्ष्म छ । कसरी छ ? उत्तर छ- 'तथोपलब्धेः' । नाडीवाट निष्क्रमणश्रवण छ, त्यसो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनु सूक्ष्मता हो, सूक्ष्म नभए त नाडीमा सञ्चरित हुने स्थिति आउने थिएन। पार्श्वस्थले नदेख्नु पनि सूक्ष्मता- द्योतक हो। अतः स्वरूपतः पनि सूक्ष्म हो, यो सिद्धै छ।

सौक्ष्म्यवाट लाभान्तरप्रदर्शन सूत्रैबाट भएको छ-

नोपमर्देनातः ।१०।

सूक्ष्मभएकैले स्थूल शरीर उपमर्दित हुंदा वा दाहादि हुंदा अर्को सूक्ष्मशरीरलाई केही हुँदैन।

सूक्ष्मशरीर छ भन्नेमा ऊष्मा प्रमाण हो भन्दै सूत्रलेनै यसलाई प्रमाणित गर्दछ -

अस्यैव चोपपत्तेरेष ऊष्मा ।११।

स्थूलशरीरमा प्राप्त हुने तातो सूक्ष्मशरीरकै हो, जुन स्थूलशरीरस्पर्शबाट थाहा पाइन्छ। मृत शरीरमा उष्णता प्राप्त नहुने हुंदा प्राप्त ऊष्मा स्थूल शरीरको होइन भन्नुपर्छ। यो उपपत्तिले प्रसिद्ध शरीर अतिरिक्त भई अतिरिक्तमैं आश्रित ऊष्मा हो भन्ने सिद्ध छ।

इति संसारव्यपदेशाधिकरणम्।

प्रतिषेधाधिकरणम् ६

निर्गुणब्रह्मवादीको उत्क्रान्ति हुँदैन भन्दै-

प्रतिषेधादिति चेन्न शारीरात् ।१२।

अमृतत्वमा नपुगी- श्रुतिद्वारा- प्रयुक्त विशेषणले अमृतत्वमा पुग्नेको गति उक्रान्ति हुँदैनन् भन्ने मानिएको छ। त्यहाँ छ संशय ब्रह्मविद्का गति र उत्क्रान्ति सम्भव छन् ? अथवा छैनन् ? पूर्ववादी सिद्धान्तबीज अनुवाद गर्दै दोष दिन्छन् 'प्रतिषेधात्' ब्रह्म भएर ब्रह्ममा जान्छ भन्ने तिम्रो मान्यता हो नि त ? गति र उत्क्रान्ति ब्रह्मविद्मा प्रतिषिद्ध छन्, त्यसो हुंदा ब्रह्मविद्को गति उत्क्रान्ति केही हुँदैन भन्ने कुरा मान्न सकिन्न।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन ? उत्तर- 'शारीरात्'। शरीर अर्थात आत्मावाट प्राणको उत्क्रान्ति निषेध गरिएको हो, शरीरवाट निषेध गरिएको होइन। कहाँवाट बुझिन्छ यो कुरा ? शाखान्तरश्रुतिमा त्यसवाट प्राण उत्क्रमण गर्दैनन् पञ्चमी विभक्तिको प्रयोग छ। शरीरका अपेक्षाले उत्क्रान्ति प्रतिषेध भए त मृत्यु नै नहुने हुन्छ, त्यसकारण, उत्क्रमण हुन लागेको जीवात्मावाट प्राण निस्कदैनन्, सँगसँगै हुन्छन्।

सप्राण जीवात्मा उत्क्रमण गर्छ यो पूर्वपक्षपछि सिद्धान्ती-

स्पष्टो ह्येकेषाम् ।१३।

देहबाट उत्क्रान्तिप्रतिषेध गर्ने कुनै शाखाको भनाइ स्पष्टरूपमा प्राप्त छ। यहाँ जव पुरुष मर्छ, शरीरबाट प्राण उड्छन् कि उड्दैन' आर्तभागको प्रश्न पछि होइन भन्छन्, याज्ञवल्क्य । यसरी गति र उत्क्रान्ति निषेध गर्दै अनुत्क्रान्तिपक्ष स्वीकार गरिएको छ। अनुत्क्रान्ति हो भने मरेको भन्ने व्यवहार कसरी त ? यसको उत्तरमा याज्ञवल्क्य यहीं नै मिल्छन् यस्तो प्रतिज्ञा गर्छन् भन्ने प्रतिपादन श्रुतिले गरेको छ। प्रतिज्ञासिद्धिका लागि त्यो सास फेर्छ, आवाज निकाल्छ, आवाजनिकाल्दा निकाल्दै मर्छ, सुत्छ। सासफेर्नु र आवाज गर्नु देहका धर्म हुन्। ब्रह्मात्मैक्यविद्को त तातेको फलाममा जलबिन्दु हाले जस्तै देहबाट उत्क्रमणै नगरी देहमा बस्तैनन्, परन्तु त्यहीं लीन हुन्छन् भन्ने श्रुतितात्पर्य हो।

त्यसका प्राण उत्क्रमण गर्दैनन् श्रुति, जीववाट प्राणको उत्क्रान्तिप्रतिषेधक होइन, जीवसँगप्राण बसिरहने हो भने त मुक्तिको कुरै हराउँछ। शाखाभेदेन पञ्चमी र षष्ठीविभक्तिको अर्थ एकैमा टुङ्गिन्छ। अत यहाँ ब्रह्म हुन्छ जस्ताश्रुति ब्रह्मविद्मा गति र उत्क्रान्तिको अभाव सूचना गर्छन्।

ब्रह्मविद्को गति उत्क्रान्ति हुँदैन भन्नेमा हेत्वन्तर-

स्मर्यते ।१४।

स्मरण छ महाभारतमा- सर्वभूतको आत्मभूत सबैभूतलाई देख्ने त्यस्ता अपदको पद देख्ने प्रयत्नमा देवता पनि मोहमा छन् इत्यादि। शुकदेवको आदित्यमण्डलगमनको श्रवण त अशरीर होइन शरीरै हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

योगबलद्वारा त्यहाँ पुगेका हुन्। शुकदेव गएको सबैले देखेका थिए, अशरीरलाई कसैले देख्ने कुरा हुँदैन। त्यसकारण पनि, गति र उत्क्रान्तिको अभाव ब्रह्मविद्मा छ भन्ने सिद्ध छ गतिश्रुतिको विषयोपस्थापन अगाडि हुनेछ।

इति प्रतिषेधाधिकरणम्।

वागादिलयाधिकरणम् ७

परब्रह्मविद्को लय ब्रह्ममा हुन्छ भनियो, त्यो ठीक होइन पृथिव्यादिमैं तिनको लय सुनिन्छ। यस आशङ्काको उत्तर सूत्रवाटै हुन्छ-

तानि परे तथा ह्याह ।१५।

ब्रह्मात्मवित्का वागादि इन्द्रिय आ-आफ्ना कारणमा लय हुन्छन् कि ? परमात्मामा ? यो छ संशय- पन्ध्रैकला आफ्नै प्रतिष्ठामा पुगे श्रुतिअनुसार कला शब्द वाच्य प्राणादिको प्रतिष्ठा शब्दवाच्य स्वकारणमा लय हो यो छ पूर्वपक्षको अभिमति।

सिद्धान्ती त्यो होइन भन्छन्- 'तानि'। प्राण शब्दबाट बुझिएका इन्द्रिय र भूतवर्ग परब्रह्मविद्का त्यही परमात्मामा लीन हुन्छन्। कसरी हुन्छन् ? जस्तै श्रुति- यही किसिमले यस परिद्रष्टाका यी सोह्र कला पुरुषतिर अभिमुख छन् पुरुषमा पुगेपछि अस्ताउँछन्- अनुसार हुन्छन्।

पूर्वोक्त पन्ध्रकलाको लयसम्वन्धी विषय त लौकिक व्यवहारापेक्षाले हुन् ब्रह्मवित्का अपेक्षाले होइन। अतः जति कला छन् ती सबै परब्रह्मवित् ब्रह्मैमा पुग्छन् पूर्वोक्त कुनै दोष छैन।

इति वागादिलयाधिकरणम्।

अविभागाधिकरणम् ८

विद्वान्को जुन कलाको लय हुन्छ। त्यो निरवशेष हो भन्नका लागि यस अधिकरणको प्रावधान हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अविभागो वचनात् ।१६।

कलाप्रलय सावशेष हो कि? निरवशेष ? संशयोत्तर पूर्वपक्षको प्रलयसामान्यका हिसाबले सावशेष हो ।

उत्तरवादी भन्छन्- होइन । किन ? उत्तर छ- वचनात् त्यो 'अकल र अमृत हुन्छ ।' श्रुतिले अकल निर्देशन गरेको छ । अविद्यानिमित्तक कला हुन्, विद्याद्वारा अविद्यानिवृत्ति पछि कला रहँदैन । अत: अविभाग छ ।

इति अविभागाधिकरणम् ।

तदोकोऽधिकरणम् ९

अपर ब्रह्मवित्को पनि कुनै नाडीवाट प्राणनिष्क्रमण होला त ? भन्नेकुराको समाधान-

तदोकोग्रज्वलनं तत्प्रकाशितद्वारो विद्यासामर्थ्यात्तच्छेषगत्यनुस्मृतियोगाच्च

हार्दानुगृहीतःशताधिकया ।१७।

प्रसङ्गानुसारी परविद्यासम्वन्धी चिन्ता सकिएको छ । सगुणोपासक वा लौकिकको सृति उपक्रम अनुसारको गति समान छ । यो पनि निरूपित भएकै छ । अव मार्गोपक्रममा त्यसको हृदयाग्रमा भाविफलस्फुरण हुन्छ अर्थात् प्रद्योत हुन्छ त्यो प्रद्योतले यो आत्मा निस्कन्छ चक्षु मूर्धा वा शरीरका अन्यदेशबाट इत्यादि श्रुति छ । यो मार्ग विद्वान् अविद्वान् दुवैको समान हो कि ? केही विशेष छ ? यस संशयमा श्रुतिद्वारा केही विशेष प्रदर्शन भएको छैन, त्यसैले समान हो भन्छन् पूर्ववादी ।

सिद्धान्त छ- तदोकः । त्यसको स्थान । वागादि इन्द्रिय उपसंहृत, उत्क्रमण गर्न लागेको जीवको, ओकः अर्थात् आयतन, त्यो हृदय हो । त्यो यी तेजोमात्रा अर्थात् इन्द्रियग्रहण गर्दै हृदय अगाडि नाडीमुख हुँदै हृदयदेखि अवक्रम गर्छ, श्रुतिवाट हृदयाग्रको प्रद्योतन अर्थात् अग्रज्वलन हुन्छ भन्ने वुझ्नुपर्छ ।

अग्रज्वलन विद्वान् अविद्वान्को समानरूपमा हुन्छ, हृदयाग्रप्रद्योतन समानरूपमा भए पनि त्यो प्रद्योतनले जाने बाटो उज्यालो पारिदिन्छ विद्वान्का लागि । तत्प्रकाशित ढोका हुँदै विद्वान् मूर्धास्थानवाटै निस्कन्छ । अरू अविद्वान्हरू अन्य मार्गवाट निस्कन्छन् । त्यस्तो किन ? उत्तर छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यासामर्थ्यात् विद्यावान् विद्वान् पनि अन्यमार्गवाट निस्के त उत्तम लोक प्राप्त गर्दैनन्। अनि सगुणोपासनानिरर्थक हुने कुरा आउन सक्छ। अतः त्यहींबाट निस्कन्छ।

अर्को हेतु छ- तच्छेषगत्यनुस्मृतियोगाच्च सगुणविद्याशेषभूता मूर्धन्यनाडीसम्वद्धा जुन गति हो, त्यही गतिको अनुशीलन गर्नुपर्छ, सगुणविद्याविशेषमा त्यो विहित छ। त्यसैको अभ्यास गर्दै त्यही गतिले प्रतिष्ठित हुन्छ नै युक्ततर छ। उक्त उपलब्धि हृदयमा विराजमान ब्रह्मको अनुग्रह विना सम्भव छैन। उसको अनुग्रहले नै ब्रह्मभावमा पुग्न सकिन्छ। सुष्ठु उपासनाबाट उक्त अनुग्रह हुन सक्छ। यसरी अर्थबुझ्ने– पहिले राम्ररी श्रद्धापूर्वक ब्रह्मको उपासना हुनुपर्छ, उपास्य ब्रह्म हार्द हो, उपासनाबाट प्रसन्न ब्रह्मको अनुग्रह उपासकलाई हुन्छ। त्यो भएपछि हृदयको उज्यालोबाट प्रकाशित ढोका र विशेष मार्ग देखिन्छन्, त्यो देखेसम्म स्वयं ब्रह्मभावापन्न भएकै हुन्छ।

ब्रह्मभावापन्न विद्वान् हो। मूर्धन्यनाडीमार्ग उसले थाहा पाउँछ, एकशय एक नाडीमध्ये एकशय वाहिरको मूर्धन्या नाडी हो। शतातिरिक्ता त्यही नाडीबाट बाहिर निस्कन्छ। अरू अविद्वान् त्यस नाडीबाट निस्कदैनन्। शयभित्रका अरूबाट निस्कन्छन्।

हार्द विद्यालाई उद्देश्य गरी भनिने गरेको छ-

शय र एक हृदयका नाडीहरू छन् ती मध्ये माथितिर फर्केको एक नाडी छ मूर्धासम्म पुगेर त्यहीं विश्रान्त हुन्छ। मूर्धासम्म पुगेको त्यही नाडीबाट अमृतत्वमा पुग्छ, नानाप्रकारका अरू नाडीबाट अरू अविद्वान् निस्कन्छन्। ती अमृतत्वमा पुग्दैनन् इत्यादि।

इति तदोकोऽधिकरणम्।

रश्म्यधिकरणम् १०

नाडीद्वारा निस्कनेको राती पनि उज्यालै हुन्छ भन्दै सूत्ररूप युक्ति-

रश्म्यनुसारी ।१८।

यो शरीरबाट उत्क्रमण भएपछि यिनै रशिमबाट माथि जान्छ, श्रुति मूर्धन्या नाडीबाट निस्क्रमितको रशिमसम्बन्ध सुनिन्छ। दिउँसो मर्नेको त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा हो अथवा रात्रिमा मरेपनि त्यो हुने हो ? संशय पछि दिउँसो अर्थात् दिनमा मृत्यु हुनेको रश्म्यनुसारिता हो ? भन्छन् पूर्ववादी।

सिद्धान्त छ- रश्म्यनुसारी। उपासकको गति रश्म्यनुसारी हुन्छ। पूर्ववादीको अनुवाद गर्दै दोष दिन्छन्-

निशि नेति चेन्न सम्बन्धस्य यावद्देहभावित्वाद् दर्शयति च ।१९।

राति रश्मि रहँदैन नाडीरश्मिसम्वन्ध हुनसक्तैन, यो भनाइको प्रतिवाद गर्दै भन्छन्- नाडीरश्मिसम्बन्ध यावद्देहभावी हो। यावद्देहभावी शिराकिरण सम्पर्क रहन्छ भन्ने श्रुतिले नै देखाएको छ। आदित्यवाट फैलिन्छन् ती यिनै नाडीव्याप्त छन्, यी नाडीवाट फैलिएको आदित्यसम्म पुग्छन्- व्याप्त हुन्छन् यसरी। ग्रीष्मऋतुमा पनि गर्मीहुने भएकाले रश्मिको व्याप्ति रात्रिमा पनि हुन्छ भन्ने मान्नै पर्छ। अतः दिनरातै रश्मिअनुसारिता छ भन्ने सिद्ध छ, यही उपयुक्त पनि छ।

इति रश्मि अधिकरणम्।

दक्षिणायनाधिकरणम् ११

रात्रिमा जस्तै दक्षिणायनमा मृत्यु हुनेको गति उस्तै हो भन्नेमा सूत्र-

अतश्चायनेऽपि दक्षिणे ।२०।

दक्षिणायनमा मृत्यु हुने सगुण ब्रह्मंविद्‌को ब्रह्मलोक- प्राप्ति सम्भव छ ? अथवा छैन ? स्मृत्यादिले उत्तरायणकालनियम देखाएका छन्, सगुणब्रह्मविद् नै भए पनि ब्रह्मलोकप्राप्ति सम्भव छैन भन्छन् पूर्वपक्षानुयायीहरू।

उत्तर सिद्धान्तवाट- 'अतः' रात्रिमा रश्मिसम्भव भए जस्तै दक्षिणायनमा मृत्युभए पनि उत्तरायणाभिमानी देवता सम्वन्धसंभववाट दक्षिणायनमा मृत्यु हुनेको 'जतिकालमा मन पुग्छ त्यति कालमा आदित्यसम्म पुग्छ,' श्रुतिमा अनुदीक्षादर्शन छँदैछ। कालप्रतीक्षा सम्भव पनि छ। यस हेतु व्यवधान दृष्ट छैन ब्रह्मलोकप्राप्ति सम्भव छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अयनादिदेवताको सद्भावको 'आतिवाहिकस्तल्लिङ्गात्' (बं४।३।४।) सूत्रमा विवरण हुनेछ। भीष्मको कालप्रतीक्षा पितृप्रसादलब्ध स्वच्छन्दमरण र रव्यापनार्थ हो। उत्तरायणमरणको प्राशस्त्यको प्रसिद्धि अविद्वद्विषयक हो विद्वद्विषक होइन।

जुन कालमा अनावृत्ति हुन्छ इत्यादि गीतास्मृतिमा कालविशेषानुवृत्तिका लागि स्मरण हो भन्ने मान्यताको उत्तर -

योगिनः प्रति च स्मर्यते स्मार्ते चैते ।२१।

श्रौत दहरादि उपासकका निमित्त कालानपेक्षा देखाइएको छ। स्मार्तयोगीका लागि कालापेक्षा स्मृतिप्रयुक्त छ, यी दुईको अविरोधप्रदर्शन हुनुपर्छ। त्यसैले योगीका निमित्त अहरादि कालयोग अनावृत्तिका लागि स्मरण हुन्छन्। साङ्ख्य र योग दुवै स्मार्त हुन्, श्रौत होइनन्। दहरादि उपासक योगी श्रौत हुन्, स्मार्त होइनन्। भगवत् आराधनाबुद्धिले अनुष्ठित कर्म योग हो, स्मार्त हो। कर्मफलको इच्छाविना जसले कर्म गर्छ त्यो योगी सन्यासी हो। यो हो योगको उदाहरण। साङ्ख्य भन्नाले धारणापूर्वक अकर्तृत्वानुभव बुझ्नुपर्छ। उदाहरण, इन्द्रिय आफ्नै विषयसम्वन्धमा रहन्छन् भन्ने बुझ्नु हो, यो पनि स्मार्त हो।

श्रौत र स्मार्तमा विषयभेद छ, प्रमाणमा फरक छ, त्यसकारण, स्मार्त कालविनियोग श्रौतविज्ञानमा मिलाउनु हुँदैन।

फेरिशङ्का छ- गीतास्मृति पनि त अग्निज्योतिशुक्ल इत्यादि र धूमरात्रीकृष्ण इत्यादिद्वारा देवयान पितृयान दुवै श्रौतकै स्मरण गर्छन्। यसको उत्तर छ- त्यो काल भन्छु भनी कालप्रतिज्ञानविरोधको आशङ्का गरेर परिहार भएको छ। स्मृतिमा पनि अग्निआदि देवता आतिबाहिकरूपमा ग्रहण गरिन्छन्। त्यस पक्षमा भने कुनै विरोध छैन।

इति दक्षिणायनाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ अध्याय
तृतीयपाद

अपरविद्याफलका निमित्त देवयानपन्था अवतरण गर्नु थियो, त्यो भइसक्यो, तदङ्गभूत उत्क्रान्ति पनि निरूपित भएको छ। अब अङ्गी पन्थाको निरूपणका निमित्त पादान्तर हो।

अर्चिराद्यधिकरणम् १

पूर्वाधिकरणमा प्रायणकालनियमबाट विद्याफलको उपपत्ति हुनुपर्छ। त्यसको प्रतीक्षा उपयुक्त होइन। त्यसैले दक्षिणायनमा मृत्यु हुने विद्वान्लाई विद्याफल प्राप्त हुन्छ यो पनि निरूपण भइसकेको छ। अब प्रायणकालको हिसाबले हुने गति अनियत हो कि ? भन्ने आशङ्का समाधानार्थ सूत्र प्रवृत्त छ-

अर्चिरादिना तत्प्रथितेः ।१।

द्वितीयपादमा उत्क्रान्ति निरूपण भयो, अब यस तृतीययपादमा सगुणब्रह्मविद्ले मृत्युपछि उत्तरमार्ग प्राप्त गर्छ भन्ने चिन्ता हुन्छ। देवयानमार्ग अनेक प्रकारको छ ? अथवा एक भएर अनेक विशेषणक छ ? यो संशयमा- ती अर्चि हुन्छन् यसले एकै ठाउँ अर्चिरादिको कुरा कतै त्यो वायु हुन्छ यो अन्यत्र वायुआदिक कतै छ, यसरी अनेक परामर्श देखिन्छ। अतः एकै मार्ग होइन, अनेक मार्ग हुन् भन्ने पूर्वपक्ष छ।

सिद्धान्त छ- अर्चिरादिना जति ब्रह्मलोक जानेछन् ती सबै एकै अर्चिरादिमार्गबाट जान्छन्। के प्रमाण छ ? उत्तर- तत्प्रथितेः अनेकविशेषणयुक्त अर्चिरादिमार्ग एकै हो, अनेक होइनन्। पञ्चाग्नि विद्या वाक्यशेषमा प्रथित अर्थात् प्रसिद्ध छ। जसले यस्तो जान्दछ फेरि जो अरण्यमा श्रद्धा, तप, उपासना गर्छन् ती अर्चि हुन्छन् यी र श्रुत्यन्तरमा उक्तमार्ग गुणोपसंहारन्यायले संयोजन गर्न सकिन्छ। देवयानमार्ग एकै हो, तर त्यहाँ अर्चिरादि धेरै पर्व छन् र अरूमार्गमा थोरै पर्व हुन्छन्। धेरैमा थोरै अन्तर्भूत हुन्छन् धेरैको अनुरोधले थोरैको सङ्गति मिलाउनु नाय्य हुन्छ। यस अर्थले पनि 'अर्चिरादिना तत्प्रथिते :' भनिएको हो।

इति अर्चिराद्यधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वायु अधिकरणम् २

अर्चिको दोस्रो क्रममा वायु आउनु पर्ने भन्ने शङ्का निराकरणमा यो अधिकरण जागरुक हुन्छ-

वायुमब्दादविशेषविशेषाभ्याम् ।२।

कुन सन्निवेशविशेषको आधारमा गतिविशेषणको अन्वय गर्ने ? यस आकाङ्क्षाको शमन गर्न यो अधिकरण हो, सुहृद्भावमा आचार्य ग्रथन गर्छन् । श्रुति यस्तो छ ती अर्चि हुन्छन् । अर्चिबाट दिन, दिनबाट शुक्लपक्ष, शुक्लपक्षबाट षट् उदङ्मास, तीबाट सम्वत्सर, सम्वत्सरबाट आदित्य आदित्यबाट चन्द्रमा, चन्द्रमावाट विद्युत्, त्यहाँबाट ब्रह्ममा पुऱ्याउँछ अमानवपुरुषले । शखान्तरमा मार्ग पर्वको रूपमा सुनेको वायु अर्चिरादिपर्वमा कुनै पनि सन्निवेशले अन्तर्भाव हुन्छ वा हुँदैन ? यस्तो संशयमा यसभन्दा माथि वायुभन्ने क्रम नसुनेकैले, कल्पनाको आधार पनि नभएकाले कुनै पनि सन्निवेश अन्तर्भावप्रक्रियामा समेटिँदैन । अतः अन्तर्भाव सम्भव छैन ।

उक्त पूर्वपक्षको उत्तर दिँदै भन्छन् सिद्धान्ती- 'वायुमब्दात्' 'संवत्सरबाट आदित्य' यहाँ, संवत्सरभन्दा माथि र आदित्यभन्दा तल वायु हुन्छन् । कसरी ? उत्तर छ- अविशेषविशेषाभ्याम् । अविशेषरूपेण उपदिष्ट वायु श्रुत्यन्तरमा विशेषरूपेण बुझ्न सकिन्छ । त्यो वायुमा आउँछ त्यसलाई वायुले समादर गर्छ जस्तो रथचक्रको छिद्रजस्तैबाट माथि जान्छ अनि आदित्यमा पुग्छ इति । श्रुतिकोअर्थ निस्केपछि उपासक जब वायुमा आउँछ अनि त्यो वायुमण्डल छिद्रित जस्तो हुन्छ, त्यही रथच्छिद्र जस्तै सानु ठाउँबाट वायुमण्डलको उल्लङ्घन गर्दै आदित्यमण्डल सम्म पुग्छ भन्ने हो । यो प्रक्रियामा आदित्यभन्दा पहिले प्रतीति वायुकै हुन्छ । यस आधारले क्रमविशेषणको निर्णय गर्न सकिन्छ । के हुन्छ त सन्निवेश ? मासबाट संवत्सर, संवत्सरबाट वायु, वायुबाट आदित्य यसप्रकार सन्निवेश हुन्छ ।

इति वायु अधिकरणम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तडिदधिकरणम् ३

वायुसन्निवेश प्रदर्शित भएको छ। तदनन्तर वरुणको सन्निवेश अब प्रदर्शन छ।

तडितोऽधि वरूणः सम्बन्धात् ।३।

कौषीतकीशाखामा छ त्यो वरुणलोक इन्द्रलोक प्रजापतिलोकमा पुग्छ। अब यहाँ अर्चिरादिमार्गमा वरुणलोक सन्निविष्ट छ वा छैन ? नियम केही नभएकाले वायु जस्तै सन्निविशष्ट छैन भन्ने पूर्वपक्षमा उत्तर छ-

सिद्धान्तबाट 'तडितोऽधि'। चन्द्रमाबाट विद्युत् हुने कुरा छ, विद्युत्‌बाट वरुणलोक क्रमागत हो। त्यो वरुणलोकमा भन्ने कौषीतकि वाक्यबाट विद्युत्‌भन्दा माथि वरुणलोक अवगत हुन्छ। किन हुन्छ ? उत्तर- 'सम्बन्धात्'। विद्युत्पूर्वक वृष्टिगत जलको अधिपति वरुण हो तसर्थ विद्युत र वरुणको सम्बन्ध रहन्छ। इन्द्र र प्रजापतिको स्थानान्तर नभए पनि आगन्तुकको अन्त्यमा न्याय अनुसार वरुणलोकभन्दा माथि सम्बन्ध हुन्छ। अतः अर्चिरादिमार्ग व्यवस्थापित छ।

इति तडिदधिकरणम् ।

आतिवाहिकाधिकरणम् ४

क्रमनिरूपणानन्तर स्वरूपनिरूपण क्रमप्राप्त छ -

आतिवाहिकास्तल्लिङ्गात् ।४।

अर्चिरादिमार्ग चिह्न हुन् ? अथवा भोगस्थान हुन् ? अथवा नेता हुन् ? यो हो संशयको स्वरूप। गाउँबाट नदीमा पुग, त्यसपछि अमुक रूख आउँछ इत्यादि जस्तै मार्गका चिह्न अर्चिरादि हुन्।

अथवा ब्रह्लोक जाँदा विश्रामस्थानरूप भोगभूमि हुन्- वायुलोक, वरुणलोक आदि शब्दभोगभूमिवाचक हुनाले त्यो मान्नुपर्छ। अतः ती नेता हुन् भन्ने अर्थ हो, यसरी प्राप्ति छ पूर्वपक्षको।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धान्त हो 'आतिवाहिकाः' नेता यिनीहरू हुन् अर्चिरादि, त्यही युक्तिसङ्गत छ। कसरी छ ? उत्तर- 'तल्लिङ्गात्' त्यो यिनीहरूलाई ब्रह्ममा पुऱ्याउँछ। यसरी अन्तिममा सिद्ध भएकैनेतृत्व आदिमा देखाइएको छ, यसबाट उपसंहारमा सुनिएको अमानव पुरुष नेता हो भन्ने बुझिन्छ। उपक्रममा सुनिएका अर्चिरादि पनि नेता नै हुन् भन्नुपर्छ, उपसंहारको न्याय उपक्रममा समेत आकर्षित भएकैछ। किनभने, उपक्रममा विशेष श्रवण केही छैन।

उपर्युक्त अर्चिरादि लिङ्गमात्र हुन्, ती हुन् नेता भन्ने बुझाउने हेतु के छ ? न्यायतः केही छैन, यसको उत्तर यस्तो छ-

उभयव्यामोहात्तत्सिद्धेः ।५।

अर्चिरादि अचेतन हुन् भने त मार्ग र गन्ता दुवैमा व्यामोहको स्थिति देखिन्छ। यसरी अज्ञत्वको अवस्थामा ऊर्ध्वगति हुँदैन। अतः स्वयं प्रयत्नशून्यलाई अर्को चेतनले लानुपर्छ भन्ने लौकिक न्यायानुगृहीत लिङ्गबाट नेतृत्व सिद्ध छ।

अमानवपुरुष नेता हो भने वरुणादिमा त्यो सम्भव छैन। वरुणादि अमानवपुरुष होइनन्, यसबारे सूत्र प्रवृत्त हुन्छ-

वैद्युतेनैव ततस्तच्छ्रुतेः ।६।

विद्युत् हुनुभन्दा पहिले विद्युत् अनन्तरवर्ती अमानवपुरुषले वरुणादि लोक गराउँदै लैजान्छ। तलका लोक कटाएर छोडिदिन्छ अनि ब्रह्मलोक पुग्छन्। ती विद्युत्सम्म पुगेकालाई अमानवपुरुषले आफू गएर पठाइदिन्छ श्रुतिद्वारा पठाउने कुराको श्रवण छ। वरुणादि देवता मार्गावरोध हटाउँदै सहायता गर्छन्, अन्य पनि कुनै रूपमा अनुग्रह गर्न सक्छन् भन्ने नै प्रस्तुत विषयसङ्गति हो। अतः आतिवाहिक देवात्मा अर्चिरादि हुन्।

इति आतिवाहिकाधिकरणम्।

कार्याधिकरणम् ५

गतिनिरूपणानन्तर गन्तव्यनिरूपण गरिन्छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कार्यं बादरिरस्य गत्युपपत्तेः ।७।

त्यो यिनीहरूलाई ब्रह्ममा पठाउँछ, यहाँ जुन गन्तव्य ब्रह्म हो त्यो कार्यब्रह्म अर्थात् सोपाधिक हिरण्यगर्भ हो ? अथवा मुख्य नै परब्रह्म हो ? भन्ने संशयोत्थान हुन्छ ।

सिद्धान्तबाटै उपक्रम छ 'कार्यं बादरिः' कार्य अर्थात् सगुणब्रह्ममै अमानवपुरुषले पठाइदिन्छ, भन्ने मान्यता हो बादरिआचार्यको । किन ? 'गत्युपपत्तेः' गति भन्ने कुरा कार्यब्रह्ममा हुन्छ, गइन्छ जहाँ त्यो गति हो, गन्तव्यता त्यहीं रहन्छ जहाँ प्रदेशादिवत्ता हुन्छ, त्यो सम्भव कार्यब्रह्ममै हो परब्रह्ममा होइन, त्यहाँ त गन्तृत्व, गन्तव्यत्व र गति केही हुँदैनन्, सर्वगत हो त्यो ब्रह्म जो जान्छ जहाँ जान्छ, त्यो त्यसको प्रत्यगात्मा हो, त्यसको मात्र होइन, सबैको प्रत्यगात्मा हो ।

गन्तव्य कार्यब्रह्म हो भन्नेमा हेत्वन्तर उपन्यस्त हुन्छ-

विशेषितत्वाच्च ।८।

ब्रह्मलोक पठाउँछ त्यहाँ गएका धेरै काल बस्छन् यो श्रुत्यन्तरमा बहुत्वविशेषण छ, कार्यब्रह्म पक्षमा त्यो विशेषण घट्छ, त्यसका अवस्था धेरै हुन्छन् । एकै परब्रह्ममा बहुवचन प्रयोग मिल्दैन । त्यसकारण लैजानु कार्यब्रह्मसम्म पुऱ्याउनु हो ।

कार्य परिच्छिन्न हो भने त्यहाँ ब्रह्म शब्द प्रयोग कसरी हुन्छ त ? यसको उत्तर यस्तो छ-

सामीप्यात्तु तद्व्यपदेशः ।९।

'तु' शब्द शङ्कानिरासक हो । परब्रह्मकै नजीक भएकाले अपरब्रह्ममा पनि ब्रह्म शब्द प्रयोग गरिन्छ । त्यसै हुनाले परब्रह्म नै मनोमयत्वादिरूपमा उपास्य हुन्छ । मर्यादा यस्तो छ- वास्तवमा ब्रह्म एकै छ, त्यही परब्रह्ममा कुनै बेला कसैले विकारधर्म मनोमयत्वादि विशुद्ध उपाधिसम्बन्धका हिसाबले उपासनाका निमित्त उपदेश गर्दा अपरब्रह्म भनिने हो, नत्र स्वतः पर, अपर केही होइन, ब्रह्ममात्र हो, आत्मामात्र हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि आशङ्का छ- कार्यब्रह्म नै गन्तव्य हो भने अनावृत्तिश्रवण मिल्दैन। परब्रह्म बाहेक अन्यत्र नित्यत्व श्रवण छैन। देवयानपथबाट जानेको अनावृत्ति श्रुतिप्रोक्त हो, यो बाटो जानेहरू यो मनुमा फर्कंदैनन् इति, तिनको यहाँ पुनरावृत्ति हुँदैन। ब्रह्मनाडीबाट ऊर्ध्वगति हुनेको पनि अमृत्व हुन्छ। अतः कार्यब्रह्मको गन्तव्यतामा उक्त श्रुतिसङ्गति कसरी होला ? उत्तर छ-

कार्यात्यये तदध्यक्षेण सहातः परमभिधानात् ।१०।

कार्यब्रह्ममा पुगेकाहरू त्यो लोकको प्रलय हुने वेला त्यहीं रहँदा उत्पन्न समदर्शन अर्थात् आत्मज्ञान भइसकेको त्यहींको अध्यक्षसाथै विशुद्ध परमपदमा पुग्छन्। कसरी ? उत्तर- अभिधानात् क्रममुक्ति र अनावृत्तिको अभिधान छ, त्यसैले। त्यहाँपुगेकामध्ये उत्पन्न समदर्शन भएका जति फर्किन्छन्।

क्रममुक्तिमा स्मृति-

स्मृतेश्च ।११।

स्मृतिबाट पनि यो अर्थ प्रदर्शित छ। ब्रह्मलोकप्रलय हुँदा कृतात्मा जति ब्रह्मासँगै परमपदमा पुग्छन् इत्यादि।

कुन पूर्वपक्षबाट यो सिद्धान्त स्थापित भएको हो ? उत्तर छ- कार्य बादरिः बाट स्थापित भएको हो। यसैको दृढीकरणार्थ सिद्धान्तव्यावर्त्य पूर्वपक्ष सूत्रै द्वारा-

परं जैमिनिर्मुख्यार्थत्वात् ।१२।

जैमिनिआचार्य त त्यो ब्रह्ममा पुऱ्याउँछ श्रुति परब्रह्ममैं पुऱ्याउँछ भन्ने अर्थमा छ भन्छन्। किन ? उत्तर छ- 'मुख्यत्वात्' ब्रह्मशब्दको मुख्य अर्थ परब्रह्म नै हो अपर होइन। मुख्य र गौणमा निर्णय नभए मुख्यमा मान्नुपर्छ भन्ने पूर्वतन्त्रन्याय पनि यहाँ अनुगत छ। ब्रह्म शब्दको आलम्बन मुख्य नै ब्रह्म हो।

पुनरपि गन्तव्य मुख्य ब्रह्म हो-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शनाच्च ।१३।

ब्रह्मनाडीबाट ऊर्ध्वगति भए अमृतत्व हुन्छ यो श्रुति पनि गतिपूर्वकअमृतत्वप्रदर्शनमा कृतार्थ छ। अमृतत्वस्थिति परब्रह्ममै हो, अपरमा होइन, अपरकार्य हो कार्य त विनाशी हुन्छ। जो अर्को देख्छ त्यो थोरै हो, त्यो मर्त्य हो, यो प्रवचन यसमा प्रमाण छ। कठवल्लीमा पनि परविषयकै गति देखिन्छ, त्यहाँ विद्यान्तर प्रक्रम छैन। धर्मभन्दा अर्कै अधर्मभन्दा अर्कै यसरूपमा परविषयक नै प्रक्रम छ। त्यसकारण, पनि परविषयकै गति हो, अपरविषयक होइन।

ब्रह्मसभामा पुग्ने मरणकालको प्राप्तिसङ्कल्प अपरब्रह्मविषयक हो गन्तव्य त्यही हो। यो आशङ्का निराकरणमा ब्रह्मसूत्र नै जागरुक छ-

नच कार्ये प्रतिपत्त्यभिसन्धिः ।१४।

'प्रजापतिको सभामा वेश्ममा पुगौं' यो सङ्कल्प कार्यब्रह्म- विषयक होइन, नामरूपको निर्माता नाम र रूप जसको बीचमा छन् त्यो ब्रह्म भनेर कार्यविलक्षण ब्रह्मको आख्यान नै प्रकृत हो। अतः परब्रह्म विषयक गति श्रुति हो। यहाँ दुई पक्ष उपस्थापित भए। तीमध्ये गतिश्रुति अपरब्रह्मविषयक भन्ने सिद्धान्त र परब्रह्म विषयक पूर्वपक्षका रूपमा।

गतिश्रुतिको उपपत्ति कार्य ब्रह्मविषयमा भएपछि मुख्यब्रह्मपरकता आभासीकरणमा पुग्छ। यसअर्थ पहिलो सिद्धान्तपक्ष हो, दोस्रो पूर्वपक्ष। सम्भव नहुँदानहुँदै पनि मुख्य ब्रह्मविषयक नै गतिश्रुति हो भनेर आग्रह गर्नेका निमित्त उपायान्तर छैन। परविद्याप्रकरणमा पनि स्तुतिका निमित्त अर्थात् विद्यासम्बन्धसुषुम्नास्तुत्यर्थ अपरविद्याश्रय गतिको कीर्तन गरिन्छ। प्रजापतिसभोपावेशवाक्य त पूर्ववाक्यविच्छिन्न हुँदै वाक्यान्तरबाट अर्थबोधक भएको छ,। उपासनार्थ प्रयुक्त हो, अतः कार्यविषयक प्रतिपत्तिमा केही विरोध छैन। उपर्युक्त अनेक उपपत्तिले अपरब्रह्मविषयक नै गतिश्रुति हुन् भन्ने सिद्ध भएको छ।

यहाँ अर्को पक्ष छ। तिनीहरू भन्छन् पहिलेका पूर्वपक्षसूत्र हुन् र उत्तरका सिद्धान्तसूत्र। यसरी व्यवस्था गरे गतिश्रुति परविषयक हुन्छन्। यी सबै कुरा विस्तारपूर्वक उत्तरपक्षका माध्यमले उपपन्न भइसकेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यससम्वन्धी धेरै यसै अधिकरणको शाङ्करभाष्यमा छ, विस्तरभयात् यहाँ सम्भव छैन । विशेषजिज्ञासाशमन उक्त भाष्यवाटै हुन सक्छ ।

गतिश्रुतिको विषय के हो त ? सगुणविद्या हो, उपास्यत्व सगुणमै रहन्छ निर्गुणमा रहँदैन । गति परविषयक कहिले पनि हुँदैन । प्राण उत्क्रमण गर्दैनन्, ब्रह्मवित् पर प्राप्त गर्छ इत्यादि श्रुतिको स्वरूप प्रतिपत्तिपरक अर्थ भने टुङ्गो छ । त्यसकारण, 'कार्यं बादरिः' यही पक्ष स्थिरभएको छ, सिद्धान्त यही हो । 'परं जैमिनिः' यो पक्ष त पक्षान्तर प्रतिभानका लागि हो, प्रज्ञाविकासका लागि हो ।

इति कार्याधिकरणम् ।

अप्रतीकालम्बनाधिकरणम् ६

गन्तव्यविशेष निरूपणानन्तर गन्तृविशेषनिरूपणमा के अतिशय छ ? तत्प्रदर्शनार्थ सूत्र अवतीर्ण हुन्छ-

अप्रतीकालम्बनान्नयतीति बादरायण उभयथाऽदोषात्तत्क्रतुश्च ।१५।

गति कार्यविषयक हो, परविषयक होइन भन्ने अर्थ निर्णीत हो । प्रतीकोपासकलाई अरू विकारालम्बनोपासकजस्तै अमानवपुरुषले ब्रह्मलोक पुऱ्याउँछ कि पुऱ्याउँदैन ? यो छ संशय । ब्रह्मोपासक जस्तै प्रतीकोपासकलाई पनि अमानवपुरुषले ब्रह्मलोक पुऱ्याँउछ सबैमा अविशेष श्रवण छ, यस्तो भन्छन् पूर्वपक्षानुयायी ।

यसको प्रतिवाद गर्छन् सिद्धान्ती, 'अप्रतीक' इति । प्रतीकालम्बन उपासकलाई छोडेर अरू सबै विकारालम्बनोपासकलाई ब्रह्मलोक लैजान्छ भन्छन् बादरायण आचार्य । यो दुई किसिमको भाव मान्नुमा कुनै दोष छैन । के हो यो दुई किसिको भाव ?

पहिले अनियमाधिकरणमा तत्त्वविद्अतिरिक्त सबै उपासकको मार्गोपसंहार हुन्छ भनिएको थियो तर यहाँ अप्रतीक उपासकको मात्र मार्गको चर्चा छ, सबै विकारोपासकको छैन । त्यसो हुँदा दुईथरि कुरा भयो परस्परमा विरोध देखियो । यस भङ्गीले उपासक जति सबैको उत्तरमार्ग हुनुपर्छ भन्ने पूर्वपक्षको फल हो । त्यो हुँदैन उभयथाभाव अर्थात् दुईथरि नै हो भन्ने सिद्धान्तको फल हो । त्यस्तो व्यवस्थाबाट अनियमः सर्वेषाम् यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूत्रको सर्वशब्द प्रतीकोपासक बाहेकको मात्र सङ्ग्राहक हो भन्ने बुझ्नुपर्छ।

सबै उपासकमा अविशेषश्रवण छ भन्ने पूर्वपक्षमा उत्तर छ- त्यस्तो अविशेषश्रवण प्रतीकालम्वनोपासकमा होइन, तिनलाई छोडेर विकारालम्वनोपासक अरू सबैमा हो।

सूत्रको 'तत्क्रतुश्च' यो उक्त उभयथाभावको समर्थक हेतु हो। जो ब्रह्मक्रतु छ, त्यसलाई ब्राह्म ऐश्वर्य मिल्छ यो अर्थ तत्क्रतुमा अन्तर्निहित छ, जसले जे उपासना गर्छ त्यो त्यस्तै हुन्छ श्रुति पनि तत्क्रतुन्यायको पोषक नै हो। प्रतीकालम्बनमा ब्रह्मक्रतु हुँदैन। ती उपासना प्रतीकप्रधान हुन्।

फेरि शङ्का हुन सक्छ अब्रह्म क्रतु पनि ब्रह्ममा पुग्न सक्छ भन्ने पञ्चाग्निविद्यामा श्रवण छ- त्यसको समाधान गर्दै शास्त्रकार भन्छन् यो आहत्यवाद हो अर्थात् हुने र नहुने मिसाएर गरेको कुरा हो। विषयवर्गीकरणपूर्वक छुट्याएर फलको विचार गर्नुपर्छ मिसाएर हुँदैन। त्यसो गर्दा उत्सर्गसिद्ध हुन्छ अर्थात् प्रत्यक्षवचनद्वारा आहत्यवाद बाधित हुन्छ। तत्क्रतुन्याय प्रत्यक्षवचनसिद्ध हो। त्यसबाट प्रतीकोपासकगति बाधित हुन्छ। प्रतीकोपासक ब्रह्ममा पुग्छ भन्नु आहत्यवाद हो, त्यसबाट सिद्ध छ। ब्रह्मक्रतुले नै ब्रह्मप्राप्त गर्छन्, प्रतीकोपासकले गर्दैनन्।

प्रतीकोपासकको ब्रह्मगति हुँदैन, हेत्वन्तर यसमा जागरुक छ-

विशेषञ्च दर्शयति ।१६।

नामादिप्रतीकोपासनामा पूर्वपूर्वापेक्षया उत्तरोत्तरमा फलभूभिष्ठता प्रदर्शन, जहाँसम्म नामको गति छ त्यहाँसम्म नामोपासकको गति हुन्छ, नामभन्दा वाक् बढी जहाँसम्म वाक् पुग्छ, त्यहाँसम्म वागुपासक पुग्छ, वाक्भन्दा मन बढी इत्यादि श्रुतिबाट भएको छ। फलविशेष, उपासना विशेषले हुने हो, यस्ता उपासना सबै प्रतीकतन्त्र अर्थात् प्रतीकका अधीनका हुन् त्यसै हुँदा फलमा पनि प्रतीकोपासनानुसारिता रहन्छ।

ब्रह्मतन्त्र उपासनामा त्यस्तो हुँदैन अर्थात् प्रतीकोपासनाको जस्तो फल हुँदैन। ब्रह्मएकै भएकाले फलपदेन हुने स्वतःसिद्ध छ। त्यसकारण, प्रतीकालम्बनका उपासकको फल विकारोपासक अर्थात् ब्रह्मोपासक सरह हुँदैन।

इति अप्रतीकालम्बनाधिकरणम्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चतुर्थ अध्याय
चतुर्थपाद

चौथोअध्यायको पहिलोपादमा निर्गुणविद्याफलैकदेशवन्धको निवृत्ति, द्वितीयपादमा सगुणनिर्गुण फलप्राप्तिशेषको रूपमा तत्तद्ब्रह्मवित्को उत्क्रान्ति र अनुत्क्रान्ति, तृतीयपादमा सगुणविद्याफल उपयोगिताको रूपमा गति गन्तव्य र गन्तृविशेष निरूपित भएका छन्। अब चौथो पादमा परविद्याफलैकदेश ब्रह्मभावको आविर्भाव र सगुणविद्याफल सर्वेश्वरतुल्य भोग हो भन्ने विषयवस्तु प्रतिपादन हुनेछन्।

सम्पद्याविर्भावाधिकरणम् १

अपरविद्याफलनिरूपण पछि निर्गुणाविद्याप्राप्यको उदाहरणसहित प्रदर्शनगर्दै सूत्र-

सम्पद्याविर्भावः स्वेन शब्दात् ॥१॥

चतुर्थपादको पूर्वभाग निर्गुणब्रह्मविद्को विदेहकैवल्यप्रतिपादक हो भने उत्तरभाग सगुण- ब्रह्मवित्को ब्रह्मलोकसंस्थितिको प्रतिपादक हो। यो सम्प्रसाद यस शरीरबाट उठेर परज्योति भएर आफ्नोरूपमा अभिनिष्पन्न हुन्छ, यस्तो श्रुति छ। यसको अर्थ उपाधिनिवृत्ति पछि राम्री खुसी हुन्छ, जुन त्यो सम्पद्रसाद हो, जीवात्मा सम्प्रसाद हो। त्यो शरीरत्रयको अभिमान छोडेर परब्रह्म प्राप्त गरेर मुक्तरूपमा रहन्छ।

मुक्तरूप के हो ? स्वर्गादिमा प्राप्त गर्ने जस्तै नाम रूप हो अथवा पुरानो रूपको अभिव्यक्ति हो ? यस संशयमा अभिनिष्पत्तिवचन र फलत्वसङ्कीर्तनका आधारमा नयाँ रूप प्राप्ति हो भन्ने मान्यता पूर्वपक्षमा रहेको छ।

सिद्धान्ती भन्छन् सम्पद्य। परं ज्योति यहाँ परब्रह्म हो, परब्रह्म भएर अर्थात् केवल आत्मरूपमा आविर्भाव भएर। बुद्ध्यादि उपाधि निर्मुक्तिपछि केवल आत्मा बाँकी रहन्छ, त्यो भावमा आविर्भाव हुन्छ। कसरी हुन्छ ? 'शब्दात्' आफ्नोरूपमा अभिनिष्पन्न हुन्छ भन्ने अर्थ स्वशब्दबाट हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वशब्दले आफ्नो कार्यभूत अर्थ दिन्छ यस विशेषणको काम देखिँदैन। जुन रूप मुक्तिमा हुन्छ, त्यो त आफ्नै हो, अनि कसको व्यावृत्तिका लागि विशेषण ? स्वशब्द आत्मवाची हो भन्ने मान्यतामा स्वकीयत्वको व्यावृत्ति गर्ला, त्यो पनि काम लागेन, यहाँ प्रयोजन छ निष्पत्ति। त्यसको अर्थ हुन्छ- उत्पत्ति। आत्मा नित्यै हो, त्यसको उत्पत्ति मान्न मिल्दैन, त्यसो भए के त ?

त्यो हो आत्मज्ञान, आत्मज्ञानमा ब्रह्मत्वको आविर्भाव हुन्छ, त्यसैलाई यहाँ अभिनिष्पत्ति शब्दले अभिधान गरिएको हो। अतः कुनै आगन्तुकरूपको अभिनिष्पत्ति होइन स्वतः सिद्ध आत्मा हो, त्यहाँ रहेको आवरणध्वंस हो। अभिनिष्पत्ति त्यही हो।

संसारावस्था र मुक्तावस्थाको आत्मा एकै हो भने मुक्ति व्यर्थ होला नि त ? यसको उत्तर यस प्रकारको छ-

मुक्तः प्रतिज्ञानात् ।२।

अविद्याकल्पित सम्बन्धबाट छुटकारा हो मुक्ति, त्यसैलाई अभिनिष्पत्ति भनिएको छ। अवस्थान त पहिले पनि शुद्ध आत्मरूपमै हो। अब अहिले आएर मुक्त किन भन्न पऱ्यो त ? उत्तर छ- 'प्रतिज्ञानात्'। यसो हो भने म फेरि भन्ने छु यस्तो प्रतिज्ञा गरेर शरीर नहुनेलाई प्रिय र अप्रियले हुँदैन, बीचमा यस्तो भन्दै अन्तिममा पुगेपछि आफ्नो रूपमा अभिनिष्पत्ति हुन्छ, त्यो उत्तम पुरुषमा उपसंहार भएको छ। यो त पहिले भइराखेको अरोगलाई औषधीबाट विसेक भएपछि अरोगरूपमा तयार भयो भने जस्तै हो। अतः कुनै दोष छैन।

परंज्योतिमा उपसम्पन्न मुक्त हो भन्न सकिन्न यो आशङ्का निराकरण गर्नका लागि सूत्र नै प्रवृत्त छ-

आत्मा प्रकरणात् ।३।

'परज्योति भएर' यो श्रुतिको ज्योतिशब्द भौतिक ज्योतिवाचक हो, जसबाट अनात्माको मुक्ति शङ्का होस्। अर्थात् मुक्ति आत्माको हो अनात्माको होइन, भौतिक ज्योति अनात्मा भएकाले त्यस्को मुक्तिशङ्का उठ्तै उठ्तैन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्ति आत्माकै हुन्छ। किन ? उत्तर छ- प्रकरणात् प्रकरणबाट। जुन आत्मा हो पापनाश भएको हुन्छ। श्रुतिप्रकरणआरम्भमा छ। ज्योतिर्दशनात् (प्र१।३।४) सूत्रमा ज्योतिशव्दको ब्रह्मवाचकता सिद्ध गरिएको छ। फेरि शङ्का हुन सक्छ, मोक्ष त आत्मा नै हो त्यो पहिलेदेखि सिद्ध छ त्यस्तो वस्तु फल हुनसक्तैन।

यसको उत्तर छ- आत्मा पूर्वसिद्ध भए पनि निवृत्त अज्ञानत्वाकारेण पूर्वसिद्ध छैन। अतः पुरातन वस्तु आत्मा नै मुक्तिरूप हो भन्ने सिद्ध छ।

इति सम्पदिआविर्भावाधिकरणम्।

अविभागेन दृष्टत्वाधिकरणम् २

स्वरूपावस्थित विद्वान् ब्रह्मभिन्न नै हो भन्ने शङ्का समाधानार्थ अग्रिम सूत्र प्रवृत्त छ-

अविभागेन दृष्टत्वात् ।४।

पूर्वाधिकरणोक्त मुक्तस्वरूप परब्रह्मभन्दा भिन्नै हो अथवा अभिन्न हो संशयोत्तर परज्योति भएर इत्यादिमा कर्मकर्तृभावको व्यपदेश छ ब्रह्ममा त्यो छैन, तसर्थ ब्रह्म भिन्न मुक्तस्वरूप हो, यो छ पूर्वपक्ष।

सिद्धान्तीको भनाइछ- मुक्त पुरुष परमात्मादेखि अभिन्नरूपमा रहन्छ। कसरी ? उत्तर छ- 'दृष्टत्वात्' देखिएकाले। त्यो तिमी हौं, म ब्रह्म हूँ, जहाँ अरू देख्दैन इत्यादि अनेक श्रुतिमा जीवब्रह्ममा एकता प्रतिपादन देखिएको छ।

'भगवान् कहाँ प्रतिष्ठित छ- प्रश्नको उत्तर आफ्नै महिमामा प्रतिष्ठित छ श्रुतिमा जस्तै उक्त एकताप्रतिपादन हो।

भेदनिर्देश त अविद्यासिद्ध भेदका अपेक्षाले हो, स्वतः होइन। त्यसकारण, मुक्तस्वरूप ब्रह्मभन्दा अभिन्न हो।

इति अविभागेन दृष्टत्वाधिकरणम्।

ब्राह्माधिकरणम् ३

ब्रह्मात्मभावमा पुगे पनि जीवात्मा प्रपञ्चबाट मुक्त हुँदैन भन्दै पूर्वपक्षसूत्र प्रवृत्त छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मेण जैमिनि रुपन्यासादिभ्यः ।५।

यहाँ सम्म पूर्वाधिकरणगत अर्थबाट आफ्नो रूपले आत्मरूपले अभिनिष्पन्न हुन्छ,आगन्तुक अरूका रूपले होइन भन्ने सिद्धान्त स्थिर भएको छ। अब विशेष जान्ने उद्देश्य राखी अभिधान हुन्छ 'ब्राह्मेण' इति। स्वम् आफ्नो आत्माको आफ्नो रूप हुन्छ अपहतपाप्मादेखि सत्यसङ्कल्प पर्यन्त, त्यस्तै सर्वज्ञत्व र सर्वेश्वरत्व पनि आत्माकै रूप हुन् त्यस्ता ब्राह्मरूपले अभिनिष्पन्न हुन्छ भन्ने मान्यता राख्छन् जैमिनि आर्चायहरू।

किन राख्छन् त्यस्तो मान्यता ? उत्तर- 'उपन्यासादिभ्यः'। सत्यकामत्वादिवाटै आत्मत्वको प्रस्तुति छ। त्यस्तै त्यो त्यहाँ घुम्छ, खाँदै खेल्दै रमाउँछ, इत्यादि श्रुतिद्वारा ऐश्वर्यप्रदर्शन भएको छ। उपर्युक्त युक्तिबाट अपहतपाप्मत्वादि ब्रह्मगुण भावरूप हुन् स्वाभाविक हुन् परमेश्वरमैं रहन्छन्। ती गुण मुक्तमा आउँछन् भन्ने सम्मको अर्थ हो, ब्रह्मै हुन्छ भन्नुको तात्पर्य पनि त्यसैमा छ।

अर्को पूर्वपक्ष सूत्रैमा छ-

चिति तन्मात्रेण तदात्मकत्वादित्यौडुलोमिः ।६।

ब्रह्मस्वरूप चैतन्य हो निरस्त- समस्त- प्रपञ्चत्वेन- अव्यपदेश्य हो। ब्रह्ममा ती धर्म भेदेन निर्दिष्ट छन् स्वतःमुक्त ब्रह्ममा अपहतपाप्मत्वादिको कुनै प्रयोजन छैन। अतः त्यसरी आख्यान गर्नु शव्दविकल्पजालमात्र हो भन्छन् औडुलोमि आचार्य। त्यहाँ त पाप्मनिवृत्तिमात्र बुझ्ने हुन्छ। चैतन्यमात्र हुनाले स्वरूपेण अभिनिष्पत्तिमात्र भन्नु उपयुक्त हुन्छ। आत्मा वाहिर भित्रमात्र होइन, सम्पूर्णरूपमा प्रज्ञानधन छ, यस्ता श्रुति पनि उक्तार्थबाट अनुगृहीत हुन्छन् निष्प्रञ्चत्वसिद्धि तिनै श्रुतिले गरेका छन्।

सत्यकामत्वादि वस्तुस्वरूपेण यद्यपि धर्म भनिन्छन् ती पनि 'सत्य छन् काम जसका' यस प्रकार वहुव्रीहिसमासनिष्पन्न हुन्, तथापि सत्यकामत्वादि उपाधिसम्बन्धका आधारमा चल्छन्। त्यसअर्थ चैतन्यस्वरूप तिनीहरू होइनन्। ब्रह्ममा अनेकाकारत्व रहँदैन त्यस कुराको न स्थानतोऽपि परस्योभयलिङ्गम् (ब्र.३।२।११।) सूत्रमा प्रतिपादन भइसकेको छ। त्यसै हुँदा भक्षणार्थक र क्रीडार्थक श्रुति पनि दुःखाभावप्रदर्शनमा मात्र उपचरित छन् आत्मरति जस्तै।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकमात्ररूपमा रहने आत्मामा रति, क्रीडा र मिथुन जस्ता शब्दको अर्थ घट्तैन। तसर्थ गौण अर्थ मान्नुपर्छ। मुख्य अर्थ त दुईबाट निष्पन्न हुनेमैं घट्छ। त्यसकारण, निरस्त अशेष प्रपञ्च अव्यपदेश्य बोधद्वारा अभिनिष्पन्न हुन्छ भन्छन् औडुलोमि आचार्य। अब यो मान्यतामा विरूद्धभाव र अभाव दुईको एकैचोटि सम्वन्ध ब्रह्ममा हुँदैन, त्यसैले सत्यकामत्वादिशब्द विकल्पजाल हुन्। अतः अनादि र अविद्याकल्पित व्यवहार हुन्।

उक्तपूर्वपक्षद्वयको उत्तरदिँदै सिद्धान्ती-

एवमप्युपन्यासात्पूर्वभावादविरोधं बादरायणः ।७

एवमपि- पारमार्थिकचैतन्यस्वरूपमात्र माने पनि, व्यवहारापेक्षाले उपन्यासादि अर्थात् सत्यकामत्वादि प्रक्रमवाट पहिले नै जानेको ब्राह्म ऐश्वर्य प्रत्याख्यान नभएको हुनाले पूर्वपक्षोक्त विरोध वा शब्दजाल यहाँ मान्नुपर्दैन भन्छन्, बादरायण आर्चाय।

अधिकरणार्थ सङ्क्षेप पूर्वपक्षबाट उत्थापित सत्यकामत्व अपहतपाप्मत्वादि विकल्पजाल र उपाधिसम्बन्धित हुन् भन्नेमा मतभेद छैन, नभए पनि व्यर्थ भने होइनन् व्यावहारिक प्रमाणोपनीत त्यहाँ छँदैछ, त्यसले लोकसिद्ध छन्। अनिर्वाच्य भएकाले शास्त्रसिद्ध पनि छन् अनिर्वाच्यत्वबाटै लोकशास्त्रसिद्ध अनादि अज्ञान प्रवर्तित हुन् भन्ने बुझिन्छ। ब्रह्मैकत्वज्ञानबाट निवृत्त हुन्छन् भन्ने सिद्ध भएको छ।

इति ब्राह्माधिकरणम्।

सङ्कल्पाधिकरणम् ४

गत तीनअधिकरणमा परविद्याफल कैवल्यको निरूपण भएको छ। अपर अर्थात् सगुणविद्याफल ब्रह्मलोकगमनरूप मोक्षनिरूपणका लागि उपक्रम (प्रारम्भ) हो यो।

सङ्कल्पादेव तु तच्छ्रुतेः ।८।

हार्दविद्यामा श्रवण छ सङ्कल्पबाट उसका पितृ उठ्छन्। अर्चिरादिमार्गबाट ब्रह्मलोक पुगेकाहरूका लागि भोग्यसृष्टिमा बाह्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारणको अपेक्षा छ अथवा सङ्कल्पबाटै भोग्य सृष्टि हुन्छ। यो छ संशय। कल्पनामा दृष्टानुसारित्व चाहिन्छ, लोकदृष्टि अनुसार निमित्तान्तरको सन्निधानले नै भोग्यसृष्टि हुन्छ भन्छन् पूर्वपक्षी।

सिद्धान्त छ- 'सङ्कल्पादेव'। बाह्यसाधननिरपेक्ष पित्रादिको हुन्छ समुत्थान। कसरी हुन्छ ? उत्तर छ- 'तच्छ्रुतेः'। सङ्कल्पबाटै यसका पितृ उठछन् श्रुतिप्रतिपादित छ, त्यसैले। बाह्यसाधनको अपेक्षा छ भन्ने हो भने त समुत्थान श्रुतिबाधित होला। यतिमात्र होइन, बाह्यसाधनको अपेक्षा भए त ती साधनसंयोजन कार्योत्पत्तिपूर्व भइसक्नुपर्‍यो, त्यो भए त बन्ध्यसङ्कल्पत्वप्रसङ्ग आउँछ नै, मुक्तको सङ्कल्प बन्ध्य हुँदैन, त्यो त प्राकृत सङ्कल्प भन्दा विलक्षण नै हुन्छ।

विद्वान्को सङ्कल्प सत्य हुन्छ त्यसको लाभान्तर यो हो-

अत एव चानन्याधिपतिः ।९।

अतएव सङ्कल्प सत्य भएकाले विद्वान् अनन्याधिपति हुन्छ। अर्थात् जसको अधिपति अर्को छैन त्यो अनन्याधिपति हो। प्राकृत अत्यन्त साधारण व्यक्ति पनि सम्भव भएसम्म आफ्नै सङ्कल्पमा चल्न चाहन्छ, पराधीन हुन स्वेच्छाले चाहँदैन। यस्तो प्रदर्शनमा श्रुति यसपछि जो यहीं आत्मा बुझेर जान्छ उसले इच्छित वस्तु पाउँछ सबै लोकमा इच्छानुसार घुम्न पाउँछ इत्यादि। अतः ब्रह्मात्मैक्यविद् विद्वानको सङ्कल्पले मात्र सर्वैश्वर्यको प्राप्ति हुन्छ, यो सिद्ध छ-

इति सङ्कल्पाधिकरणम्।

अभावाधिकरणम् ५

एवकार जस्तै मनसा विशेषणले अन्ययोगव्यवच्छेदका आधारमा विद्वान्को देहादि अभाव हुन्छ भन्ने पहिलो पूर्वपक्ष सूत्रै बाट ज्ञात हुन्छ-

अभावं बादरिराह ह्येवम् ।१०।

यस अधिकरणमा वादीमध्यमैं विवाद छ। पूर्वपक्ष दुई छन्- ज्ञान ध्वस्त भएकाले देह इन्द्रिय आदि सबैको अभाव हुन्छ, यो एक पूर्वपक्ष हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्को पूर्वपक्ष छ- ज्ञानप्राप्त अमृतत्वले विद्वान्का देहादि नष्ट हुँदैनन्, सधैं रहन्छन्। यी दुवै पूर्वपक्षको क्रमैसँग हुन्छ उपपादान।

सङ्कल्पबाट यो श्रुतिबाट मन रहेछ भन्ने बुझ्नुपर्छ। विद्वान्को पनि। अब संशय छ- विद्वान्का शरीर इन्द्रियादि छन् अथवा छैनन्, जस्तै सङ्कल्पबाट नै अवधारणा श्रुतिले साधनान्तरको अपेक्षा गरेकै छैन, यस्तो ठान्छन् बादरि आर्चाय। अनपेक्षाले शरीर र इन्द्रियको अभावको स्पष्टतः सूचान गरेको छ। श्रुति पनि अग्रसारित गर्छन् मनले सबै काम्यवस्तु देख्दै प्रसन्न हुन्छ ब्रह्मलोकमा इत्यादि। विद्वान्को शरीरादि हुनेभए मनसा मनले यो अन्ययोगव्यवच्छेद अर्थ दिने विशेषण अनर्थक हुन जान्छ यो पक्ष हो एक।

दोस्रो पूर्वपक्ष यो हो-

भावं जैमिनिर्विकल्पामननात् ।११।

विद्वान्को मन जस्तै शरीर इन्द्रियको भाव अर्थात् सत्ता हुन्छ भन्छन् जैमिनि आचार्य। विद्वान् एकत्र हुन्छ, तीन भेद हुन्छन् इत्यादि श्रुतिद्वारा धेरै थोरै जे पनि हुन सक्ने विकल्प प्रदर्शित छ। शरीरभेद नभई अनेकविध हुनै सक्तैन, यो युक्ति पनि विकल्पसाधकतामा छ। एकधाभावको उपपत्ति उक्त युक्तिबाटै भएको छ। निर्गुणविद्याधिकारमा पठित विकल्पव्यवस्था स्तुतिमात्र हो कि ? भन्ने आशङ्का समाधान गर्दै भाष्यकारमा निर्गुणविद्यामा अनेकधाभाव विकल्प हो, भए पनि पहिलेकै सगुणविद्यागत ऐश्वर्यले निर्गुणविद्याकै स्तुति भएको हुन्छ भूमाविद्यास्तुत्यर्थ हो भन्ने बुझ्नुपर्छ। त्यसकारण निर्गुणज्ञानमा स्तुतित्वेन अनेकधाभावको अन्वय भए पनि विशिष्ट भोगसंसर्ग योग्य दहरादि उपासनामा फलत्वेन अन्वय हुन्छ यो अर्थ हो।

उक्त दुवै पूर्वपक्षको उत्तर, निम्नलिखित सूत्रद्वारा भएको छ-

द्वादशाहवदुभयविधं बादरायणोऽतः ।१२।

मनसा विशेषण र अनेकधाभावविकल्पको आमनन यी दुई लिङ्ग हुन्। त्यसैले विद्वान्को शरीरादि हुने र नहुने दुवै कुरा ठीकै छन्। जब शरीरादिको सङ्कल्प गर्छ अनि शरीर इन्द्रियआदि उसका हुन्छन्। त्यस्तो सङ्कल्प गरेन भने शरीर इन्द्रियादि हुँदैनन्। यसप्रकार दुवै ऐश्वर्य विद्वान्का

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छन् भन्ने मान्यता बादरायणआचार्यको रहेको छ। आर्चाय भन्छन् विद्वान्को सङ्कल्प सत्य हुन्छ र सङ्कल्पवैचित्र्य पनि। अतः उक्त उभयविधतामा कुनै असमञ्जस छैन, सन्देह छैन।

उदाहरण छ, 'द्वादशाहवत्' जस्तै ऋद्धिको इच्छा हुनेले द्वादशाहरूप उपाय अपनाउँछन्। यहाँ उपैतिमा विधि छ, विधिप्रयुक्त भएकाले द्वादशाह सत्र याग हो। प्रजाको इच्छा हुनेले द्वादशाहले यज्ञ गराओस् यहाँ अहर्गण भएर 'यजति' विधिमा पुगेको छ। त्यसैले यो अहीन याग हो। यसरी एउटैद्वादशाह विवक्षाभेदेन उभयविध भएको छ। त्यस्तै विद्वान्को सशरीरता र अशरीरता हो।

विद्वान्को शरीरादि नभए भोग कसरी ? उत्तर निन्नलिखित छ-

तन्वभावे सन्ध्यवदुपपत्तेः ।१३।

तनु अर्थात् शरीर अर्थात् इन्द्रियसहित शरीर नभएका वेला स्वप्नमा भोग हुन्छ तर त्यो जाग्रद्भोग जस्तो हुँदैन विलक्षण हुन्छ। किन त्यस्तो ? 'मनद्वारा नै काम्यवस्तु देख्दै रमाउँछ' यो श्रुतिले त्यही अर्थ देखाएको छ, यो उपपत्तिले त्यस्तो अर्थ सिद्ध छ। अतः मोक्षको विद्वद्भोग त्यस्तै हो।

देहाभावमा पनि भोग हुनेभए शरीरादिको सत्ता किन मान्ने व्यर्थ भएन र ? यसको उत्तर-

भावे जाग्रद्वत् ।१४।

शरीरादि भएका वेला विद्वान्को पनि भोग जाग्रद्को जस्तै हुन्छ, जाग्रत्अवस्थामा अरूको भोग जस्तो हो त्यस्तै विद्वान्को पनि, स्वप्नविलक्षणता त्यो भोगमा रहन्छ। अतः विद्वान् मुक्तको भोग उपपन्न छ।

इति अभावाधिकरणम्।

प्रदीपाधिकरणम् ६

विकल्प र आमननलिङ्गले विद्वान्का अनेक शरीर हुन सक्छन् भनिएको छ। त्यो व्यर्थ नै हो निरात्मक शरीरमा भोग सम्भव हुँदैन, आक्षेपसङ्गतिबाट। अतः निन्न सूत्र प्रवृत्त भएको हो-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रदीपवदावेशस्तथा हि दर्शयति ।१५।

अनेक देहमा भोगसिद्धि हुँदैन, एक देहमा नै भोग हुन्छ भन्ने पूर्वपक्ष हो । सिद्धान्तमा भने सर्वदेहमा भोग हुन्छ भन्ने हो ।

विद्वान्का सृज्यमान शरीर दारुयन्त्र जस्तै निरात्मक हुन् ? अथवा हाम्रो शरीर जस्तै सात्मक हुन् ? यो छ संशय-

एक शरीरमा आत्मा सम्वन्धित भएपछि अर्कोमा आत्मा सम्बन्धित हुन सक्तैन । त्यसकारण अन्य शरीर निरात्मक हुन् यो पूर्वपक्ष छ ।

सिद्धान्तको उत्तर छ- विद्वान्वाट तयार हुने अनेक शरीरमा आफ्नो आवेश उनीहरूको हुन सक्छ किनभने, त्यस्तो सामर्थ्य उनीहरूको सङ्कल्पमा रहेको हुन्छ, यो हो पूर्वपक्षको प्रतिवाद । उदाहरण छ 'प्रदीपवत्' । जस्तै बत्ती एकै भए पनि अनेक वत्तीमा प्रवेश गर्न सक्छ, त्यस्तै विद्वान् स्वयं एकै हुँदा पनि अनेक अन्तः कारणद्वारा अनेक देहमा प्रवेश गर्न सक्छ श्रुति छ- स-त्यो एक हुन्छ, पाँच हुन्छ, सात हुन्छ, नौ हुन्छ इत्यादि । दारूयन्त्र जस्तामा यो कुरा सम्भव छैन, जीवान्तरमा आवेश नहुने कुरा पनि मिल्दैन, अतः सबै शरीर सात्मक हुन् यो सर्वथा सिद्ध छ ।

फेरि शङ्का छ विद्वान् शरीरी हुँदैन, कसले कसलाई देख्छ, त्यसबाट अर्को विभक्त देख्छ ज्ञानी र अज्ञानीको वर्गीकरणपूर्वक उपस्थापन उक्त दुई श्रुतिबाटै भएको छ, ।

ज्ञानीमा विशेषविज्ञान रहँदैन इत्यादि आशङ्कामा उत्तर छ-

स्वाप्ययसम्पत्त्योरन्यतरापेक्षामाविष्कृतं हि ।१६।

स्वाप्ययः अर्थात् सुषुप्ति हो, 'आफैंमा गएको हुन्छ' श्रुतिले त्यही अर्थ प्रदर्शन गरेको छ ।। सम्पत्ति अर्थात् कैवल्य हो, ब्रह्म भएरै ब्रह्ममा जान्छ श्रुति कैवल्यरूप अर्थनिरूपणमा छ। सुषप्ति र परममुक्तिमध्ये एकमा लक्ष्यित हो विशेषज्ञानको अभाव हुने कुरा श्रवण । हि हेत्वर्थ हो । उक्त अर्थ प्रकरणबाट सिद्ध हो, आविष्कृत हो । त्यसबाट अर्को विभक्त देख्छ श्रुति परममुक्तिको अपेक्षाले हो भन्ने बुझ्नुपर्छ । यी दुवै श्रुति सापेक्ष्य हुन् निरपेक्ष्य होइनन् । अतः द्विरूप परमेश्वरमध्ये निर्गुणरूपमा नपुगी सगुण रहन्छन् त्यस्तै सगुणमध्ये पनि निरवग्रह ऐश्वर्य प्राप्त नगरी सावग्रह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐश्वर्यमै रहन्छन् । तसर्थ नै सगुणब्रह्मविद्को शरीरपरिग्रहमा कुनै वाधा छैन ।

इति प्रदीपाधिकरणम् ।

जगद्व्यापाराधिकरणम् ७

मनोदेहादिसंर्गसम्बन्धी ऐश्वर्य उत्कर्ष उपासकमा उत्सर्ग सिद्ध भएको यथार्थता निरूपण भएको छ । सङ्कल्पसिद्ध त्यस्तो ऐश्वर्य जगत्सृष्टयादि ईश्वरकर्म उपासकमा पनि छन् भन्ने प्रमाण छैन, तसर्थ उक्त उत्सर्गको अपवादमा यो अधिकरण हो ।

जगद्व्यापारवर्जं प्रकरणादसन्निहितत्वाच्च ।१७

यहाँ पूर्वपक्ष ईश्वरनानात्व हो र सिद्धान्त ईश्वर एकत्व हो भन्ने छ । सगुणब्रह्मोपासनाका प्रभावले मनसहित परमेश्वरको सायुज्यमा त्यस्ता उपासक पुगेका छन् । अब संशय छ तिनको ऐश्वर्य निरङ्कुश हो अथवा अतिशय युक्त हो ? अतिशय भनेको जसभन्दा बढी र उत्तम अर्को पनि हुनु हो ।

'स्वाराज्य प्राप्त गर्छ' उसलाई सबै देवताले वलिचढाउँछन्, ब्रह्मलोकमा पुगेको उपासकको सबै लोकमा कामचार हुन्छ इत्यादि श्रुतिप्रमाणबाट तिनको ऐश्वर्य निरङ्कुश हुन योग्य छ भन्छन् पूर्वपक्षीहरू ।

यसको उत्तर दिन्छन् सिद्धान्ती– जगद्वर्जम् जगत्को उत्पत्त्यादिलाई छोडेर अन्यत्र तिनको ऐश्वर्य उपपत्ति हुन्छ, त्यसले तिनको एश्वर्य सातिशय हो निरतिशय होइन । जसभन्दा उत्तम र व्यापक सुख आदि हुन्छन्, त्यो सातिशय हो । जसभन्दा उत्तम र व्यापक अर्को हुँदैन त्यो निरतिशय हो ।

जगद्व्यापार त परमेश्वरकै हो, सृष्टिवाक्यमा सर्वत्र परमेश्वरकै श्रवण छ, नित्य सिद्ध परमेश्वर नै हो, क्रममुक्त नित्यसिद्ध होइन । किन ? जगत्सृष्टिमा परमेश्वर प्रकृत अर्थात् प्रकरणप्राप्त हो र त्यो वाहेक सबै असन्निहित अर्थात् वाहिरका हुन् । सगुणोपासकयोगी परमेश्वरको अनुग्रहप्राप्त र अणिमादिऐश्वर्यशाली हुन् अनादिसिद्ध ऐश्वर्यशाली होइनन् । यसअर्थ पनि जगद्ंव्यापारमा सगुणोपासक योगी सन्निहित होइनन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैमा जगद्व्यापाराधिकार रहने हो भने त अनेक ईश्वरवाद होला, कुनैले सृष्टि र कुनैले प्रलयको तरखरगर्दा परस्परमा वैमनस्य होला अनि जगद्व्यवस्था नै असिद्ध होला। अतः परमेश्वरको अधीनका तिनीहरू हुन्, स्वतन्त्र होइनन्, वास्तविकता यही हो।

स्वाराज्य प्राप्त गर्छन् प्रत्यक्षश्रुतिको उपदेशबाट उपासकमा निरवग्रह ऐश्वर्य छ भन्ने पूर्व पक्षकोआशय अनुवाद गर्दै दोष दिन्छन्-

प्रत्यक्षोपदेशादिति चेन्नाधिकारिकमण्डलस्थोक्तेः ।१८।

श्रुतिबाट प्रत्यक्ष उपदेश भएकाले निरवग्रह ऐश्वर्यभागी हुन् ब्रह्मलोकी भन्न मिल्दैन, किन मिल्दैन ? सवितृमण्डलादिविशेष आयतनमा रहने अधिकारीपुरुष परमेश्वरले तोकेको मात्रै स्वाराज्यप्राप्ति उपासनाबाट त्यहाँ पुगेकालाई हुने हो। त्यसकारण स्वाराज्यश्रुतिको अर्थ ईश्वराधीन स्वाराज्यप्राप्ति हो, त्यही अर्थ प्रतिपादनपरता स्वाराज्यश्रुतिमा छ।

उपासनाबाट प्रसन्न परमेश्वर भोगका निमित्त उपासकलाई स्वाराज्य दिन्छ, त्यो भन्दैमा जगत्सृष्ट्यादि स्वातन्त्र्य उपासकलाई प्राप्त हुँदैन। माथि प्रतिपादित अर्थबाट स्वाराज्य प्राप्त गर्छ। श्रुतिको जुन सबै मनको पति हो पहिले नै सिद्ध भइसकेको छ। त्यो प्राप्त गर्छ यही अभिप्राय हो भन्ने बुझिन्छ।

यस अभिप्राय अनुसार अनन्तर श्रुतिमा वाक्पतिश्चक्षुष्पतिः श्रोत्रपतिः विज्ञानपति भनिएको छ। यस्तै किसिमबाट नित्य सिद्ध ईश्वर निर्दिष्ट नै उपासकको ऐश्वर्य हो, यही हो यर्थाथता। यसरी नै सर्वत्र अर्थसङ्गति हो भन्ने बुझ्नुपर्छ।

परमेश्वर निरतिशय ऐश्वर्यशाली हो। सगुणोपासनाबाट त्यहाँ पुग्नेको ऐश्वर्य सातिशय हुन्छ भन्नु उचित होइन। किनभने मुक्त पुरुष तदात्मा नै हुन्छ भनाइको विरोध भयो। यो छ आशङ्का-

उत्तरदाता भन्छन्- हो, ब्रह्ममा एकता होला त्यो प्राप्ति त सगुण उपासनाको फल हो। त्यतिले निर्गुणब्रह्मको प्राप्ति हुँदैन, त्यसो हुँदा उपासकको ऐश्वर्य सावग्रह हुन्छ भनिएको हो। उपर्युक्त सबै प्रतिपादन प्रमाण र युक्ति अनुगत छन् र तदर्थ ब्रह्मरूपको दिग्दर्शन सूत्रकारबाट हुँदैछ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकारावर्ती च तथाहि स्थितिमाह ।१९।

सवितृमण्डलादि आयतनवर्ती परमेश्वरको रूप विकारवर्ति होइन, तर किञ्चित् विकारगोचर हो । अर्थात् परमेश्वररूप विकारगोचरमात्र हुँदैन, फलतः द्विरूप हो । ब्रह्मका दुईरूप आम्नायले नै देखाएको छ ।

तावानस्य महिमा ततो ज्यायाँश्च पूरुषः । पादोस्य विश्वाभूतानि त्रिपादस्यामृतन्दिवि । 'त्यति यसको महिमा' पहिलो पाउवाट विकारमा रहनेरूपप्रर्दशन भएको छ । त्यसभन्दा धेरैठूलो पुरुष छ । यो दोस्रो पाउले व्रह्मको निर्विकाररूप देखाएको छ । यो विश्व त्यो पुरुषको एक पाउ हो यो तेस्रो पाउ विकारवर्तिरूप देखाउन प्रवृत्त छ । यस पुरुषका तीन पाउ अमृत हुन् ती द्युलोकमा छन् यो चौथो पाउ हो, यसवाट ब्रह्मको निर्विकाररूपको प्रदर्शन भएको छ । उक्त 'तावान्' इत्यादि श्रुतिका प्रथम र तृतीय पाउले विकारवर्तिरूप ब्रह्ममा देखाएका छन् भने र द्वितीय चतुर्थ पाउले विकारावर्तिरूप देखाएका छन् ।

सविकार अर्थात् सगुण ब्रह्म आलम्बनीभूता उपासना गर्ने कुनै पनि प्रकारले निर्विकार ब्रह्मरूप हुन सक्तैनन्, निरुपाधिक व्रह्ममा पुग्दैनन् । तिनको सङ्कल्प नै निर्विकारमा पुग्ने हुँदैन ती अतत्रूपमा पुग्दै नपुगी सगुणमामात्र रहन्छन् । त्यस्तै सगुणमा पनि निरवग्रह ऐश्वर्यप्राप्त गर्दैनगरी सावग्रह ऐश्वर्यमैं सीमित हुन्छन् । सगुणोपासक स्वतन्त्र हुँदैन, सधैं परतन्त्रै रहन्छ । अतः तिनको ऐश्वर्य- सावग्रह हुनु अतत्क्रतुप्रयुक्त हो, वस्तुगतिमा आवद्ध हो ।

विकारावर्तिरूप ब्रह्मको हुन्छ भन्नेमा श्रुतिस्मृतिनिदर्शनार्थ सूत्र अवतीर्ण हुन्छ -

दर्शयतश्चैवं प्रत्यक्षानुमाने ।२०।

परज्योति विकारावर्ती हो भन्नेमा श्रुति– त्यहाँ सूर्यको प्रकाश हुँदैन, चन्द्रताराको पनि हुँदैन विजुली त्यहाँ चम्किदैनन् अग्निको त के कुर ? छ, त्यस्तै स्मृति- सूर्यले उज्यालो पार्दैन चन्द्र र अगोले पनि पार्दैनन् । यसले विकारावर्ती परज्योति हो भन्ने सिद्ध छ ।

यहाँ यस्तो अभिप्राय छ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऐश्वर्यको द्विधाभाव सावग्रहत्व र निरग्रहत्व दुवै चर्चित भइसकेका छन्। परमेश्वरमा निरवग्रह ऐश्वर्य छँदैछ। अब सगुणोपासकले निरवग्रह ऐश्वर्य प्राप्त गर्नुपर्छ, उपास्यसमशीलता उपासनाको फल हो। उपास्यस्थित निरवग्रहता उपासकमा प्राप्त हुन कुनै व्यवधान देखिँदैन। यो हो शङ्काकर्ताको आपातिक दृष्टि।

उत्तरदाताको दृष्टि त्यस्तो छैन भन्छन् सविकार ब्रह्म उपास्यभावमा रहँदा त्यही ब्रह्ममा भएको निरवग्रहता र निर्विकाररूप उपासकले प्राप्त गर्दैन। किन गर्दैन त ? उपासक अतत्क्रतु भएकाले प्राप्त गर्दैन, उपासकले गुणको उपासना गरेको छ गुणप्राधान्येन उपासना गरेको छ, पुरुष वा आत्माको उपासना गरेको छैन, त्यसो हुनाले पुरुषको निरवग्रहत्वले निर्विकारत्व प्राप्त गर्न सक्तैन।

उपासकमा तत्क्रतु अर्थात् पुरुषक्रतुता किन हुँदैन त ? उत्तर छ- निरवग्रहनिर्विकार ब्रह्म उपासनाविधिले उपास्य हुँदैन, उपासनाविधिगोचरता निर्विकार ब्रह्मा रहँदैन। विधिअनुसार उपासना चल्छ। विधि अनुसार चल्नेमा पुरुषस्वातन्त्र्य हुँदैन, विधिनियन्त्रिततत्व रहन्छ, रहनु पनि पर्छ। नरहने हो भने त पुरुषमा स्वतन्त्रता रहन्छ, अनि त आफ्नो इच्छानुसार काम गर्छ त्यस्ता काम फलाधायी हुँदैनन्। यो स्थितिमा फलार्थ कर्मप्रतिपादन गर्ने शास्त्र निर्विषय होलान् व्यर्थ होलान्, उपासक फलोन्मुख हुन्छ, जस्तो सङ्कल्प गर्छ त्यस्तै फल प्राप्त गर्छ भन्ने श्रुतिले यही प्रमाणित गरेको छ। अतः अतत्क्रतु भएकाले निरवग्रह ऐश्वर्य उपासकलाई प्राप्त हुँदैन।

तत्त्वोपासना पुरुषक्रतुक हुन्छ, यहाँ विधिगोचरता रहँदैन कर्म क्षीण भइसकेका हुन्छन् फलोन्मुखता पनि रहँदैन। अनिमात्र ब्रह्मैव सन् ब्रह्माप्येति ब्रह्म भएर ब्रह्ममा पुग्छ श्रुति चरितार्थ हुन्छ। यसको अति सङ्क्षिप्त भाव यो हो।

जसरी ज्ञान नभए निर्गुणब्रह्मभावमा पुगिँदैन त्यसै गरी ध्यान नभए जगत्सृष्ट्यादि निरवग्रह ऐश्वर्य प्राप्त हुँदैन, विधिज्ञानाभावमा ध्यान पनि सम्भव छैन। विध्यनुसारी ध्यानबाट ध्यानानुकूल फल प्राप्त गर्छ,

सगुणब्रह्म अर्थात् ब्रह्मविद् निरवग्रह ऐश्वर्यशाली हुँदैन भन्नेमा हेत्वन्तर-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोगमात्रसाम्यलिङ्गाच्च ।२१।

विकारालम्बन उपासकलाई निरङ्कुश ऐश्वर्य मिल्दैन। अनादिसिद्ध परमेश्वर समान भोगमात्र प्राप्त हुन्छ। कार्यब्रह्ममा पुगेका उपासकलाई हिरण्यगर्भले भन्छ मेरासाथ अमृतरूप जल यिनलाई प्राप्त हुन्छ, भोग गर्छन्, तिम्रो पनि यो लोक अमृत उदकस्वरूपै हो इत्यादि। यो देवताको रक्षा सबै प्राणीले गर्छन् त्यस्तै एवंवित्को पनि सबै भूतले रक्षा गर्छन् रक्षा बलिहरण हो, इत्यादि। त्यस हेतु पनि यो देवताको सायुज्य र सलोकतामा जान्छ इत्यादि अनेक श्रुति ब्रह्मसमान भोगतः उपासकमा अभिव्यञ्जन गर्छन्।

उक्त श्रुतिगत सलोकतामा पनि हो भन्ने प्रयोग भएको हो। सायुज्य भन्नाले समानदेहता बुझ्नुपर्छ। क्रममुक्तिको अधिकारमा स्थित साधक नै हो भन्ने उक्त श्रुतिगत अर्थ हो। त्यसैले सायुज्य र सलोकतामा समुच्चय सिद्ध भएको छ।

निरङ्कुश ऐश्वर्य विद्वान्मा हुँदैन भन्नेमा दोषश्रवण छनि त ? सातिशय वस्तु अन्तवत् हुन्छ, विनाशी हुन्छ त्यस्ता ऐश्वर्यभागी साधकको आवृत्ति हुने देखिन्छ, यस्तो आशङ्कामा उत्तर वादरायणआचार्य पढ्छन्-

अनावृत्तिः शब्दात्–अनावृत्तिः शब्दात् ।२२।

ब्रह्मलोक पुगेकाको ऐश्वर्य सातिशय भए पनि पुनरावृत्ति हुँदैन, ओर्लनु पर्दैन। त्यहाँ पुगेको सबैको समानता भने हुँदैन साधनपरिपाक नभएका फर्किने पनि हुन्छन् तर सबैले अनिवार्यतया ओर्लनुपर्ने भने होइन।

पुनरावृत्ति नहुने कस्ताको हो त ?

नाडीसमन्वित अर्चिरादि पर्व हुँदै देवयानमार्गद्वारा शास्त्रोक्तविशेषणयुक्त ब्रह्मलोक जो जान्छन्, तिनको पुनरावृत्ति हुँदैन। ब्रह्मलोक विशेषण मर्त्यलोकदेखि तेस्रो स्वर्गलोक, त्यो भन्दा पनि माथि ब्रह्मलोकमा 'अरण्य' नामका समुद्र जस्तै दुई सुधाह्रद छन् अन्नमय मदकर सर त्यहाँ छ अर्कोएक अश्वत्थवृक्ष छ त्यहाँ बाट सधैं अमृत वर्षन्छ- एतादृशविशेषणविशिष्ट ब्रह्मलोक हो।

पुनरपि विशेषण त्यसै लोकमा अपराजिता नामको नगर छ, त्यहाँ प्रभुविमित घर (सामान्यदृष्टिले नभेटिने घर) छ, सुवर्णादिरत्नयुक्त छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसको उपाख्यान पुराणहरूले अनेक किसिमबाट गर्छन्। मन्त्रअर्थवादादिरूपमा त्यसको प्रपञ्च मीमांसाशास्त्रले गरेको छ। यस्ता अनेकविशेषणयुक्त ब्रह्मलोक पुगेका साधकको पुनरावृत्ति हुँदैन। चन्द्रलोकमा पुगेका फर्के जस्तो फर्किनु पर्दैन।

फर्कन किन पर्दैन ? उत्तर श्रुतिबाटै ऊर्ध्वनाडीबाट उत्क्रमण हुने अमृतत्वमा पुग्छन् र तिनको पुनरावृत्ति हुँदैन, 'यो बाटोबाट जानेहरू यो मानवमा फर्किंदैनन्' 'ब्रह्मलोकमा अभिसम्पन्न हुन्छन् 'पुनरावृत्ति हुँदैन इत्यादि शब्दमा छ।

पुनरावृत्ति नहुने चर्चा यहाँ भएको छ। 'इमं' 'मानवम्' यो कल्पमा नफर्कने भने उक्त विशेषणले बुझाउँछ। इह र इदम्विशेषणले यो कल्पमा गएकाहरू अर्को कल्पमा फर्किन्छन् भन्नु नै उपयुक्त ठहर्छ। ब्रह्मलोक जाने ईश्वरोपासकका अतिरिक्त अरू पनि छन् ती पञ्चाग्निविद्या र अश्वमेध दृढब्रह्मचर्यादिसाधनान्तरकाअनुष्ठाता हुन्। त्यसरी जानेहरू तत्त्वज्ञानी हुन् भन्ने प्रमाण छैन, तत्त्वज्ञान नभएका जति फर्कनै पर्ने हुन्छ।

दहरादि विद्योपासनाका प्रभावले जानेहरू भने सगुणविद्याफलको क्षय भए पनि निरवग्रह ऐश्वर्यशाली ईश्वरानुग्रहलब्ध आत्मज्ञानबाट मुक्त हुन्छन्। सावग्रह ऐश्वर्य अन्तवत् हो। अन्तवत् भए पनि त्यस्ता ऐश्वर्यशालीको आवृत्ति हुँदैन भन्ने विवरण, कार्यात्यये तदध्यक्षेंण सहात: परम् (ब्र. ४।३।१०) सूत्रमा भइसकेको छ।

सूत्रकारद्वारा सगुणब्रह्मविद्को अनावृत्तिक्रम अधिकारिभेदेन निरुपित भएको छ। निर्गुण ब्रह्मविद्को त अनावृत्तिक्रमप्रदर्शन भए पनि त त्यसमा के हेतु छ ? यो आशङ्का सम्यग् दर्शन अर्थात् निरुपाधिक ब्रह्मसाक्षात्काररूप तत्त्वदर्शनबाट दुवै किसिमको अविद्यारूप तम जसको ध्वस्त भैसकेको छ ती नित्यसिद्ध निर्वाणपरायण हुन् त्यस्ताको अनावृत्ति सिद्धै छ भन्ने उत्तरले समाहित भएको छ।

सगुणब्रह्मविद्को आवृत्ति हुनुपर्ने वस्तुगति हुँदाहुँदै पनि सम्यग्दर्शनको आश्रयले अनावृत्ति हुन्छ भन्ने साधित छ। अब स्वत:नै सम्यग्दर्शीको आवृत्तिशङ्काको अवतरण नै हुन नसक्ने कुरा छ। अर्थात् निरुपाधि ब्रह्मसाक्षात्काररूप तत्त्वदर्शीको अनावृत्ति कैमुत्तिकन्यायसिद्ध छ।

'अनावृत्तिः शब्दात् अनावृत्तिः शब्दात्' यस प्रकारको सूत्राभ्यास शास्त्रसमाप्तिको द्योतक हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्ममा श्रुतिसमन्वय प्रमुख प्रतिपाद्य हो, ब्रह्मात्मैक्यमा श्रुतिप्रमाण यहाँ उपपादितभएको छ। ब्रह्मात्मैक्यबोध वाक्यजन्यनिर्विकल्प अर्थज्ञानबाट सिद्ध छ। वाक्यजन्यनिर्विकल्पक अर्थबोधमा स्मृतितर्कादि सर्वप्रकारविरोधपरिहार भएकोछ। तदर्थ अपेक्षितसाधनसम्पत्तिपूर्णता निरूपित छ। यसरी विवेकादिसाधनसम्पन्न हुन्छ, अनि हुन्छ श्रवणादिको आवृत्ति, मननादि क्रम बढ्दै गएपछि समस्तप्रतिबन्धकको हुन्छ निवृत्ति, प्रतिबन्धक निवृत्त भइसके पछि अखण्ड आत्मसम्बोध हुन्छ, अखण्डआत्मसम्बोधोत्तर समूलबन्धध्वंस हुन्छ, अर्थात् बन्धकारणीभूत अज्ञान पूर्णरूपेण ध्वस्त हुन्छ।

अज्ञानको ध्वंस भइसके पछि निष्कलङ्क अनन्त स्वप्रकाश चिदानन्द आत्मा आविर्भूत हुन्छ। ज्ञातृज्ञान, ज्ञेयभाव रहँदैन, केवल आत्मना अवस्थिति हुन्छ। प्रक्रियागतरूपमा उक्त स्वरूप साधनादिनिरूपण शारीरकमीमांसाशास्त्रमा भएका छन्।

इति जगद्व्यापाराधिकरणम्।

चतुर्थअध्यायको ब्रह्मप्राप्तिब्रह्मलोकस्थितिनिरूपणात्मक चतुर्थपाद सकियो। यसरी शारीरकमीमांसाको शङ्करभाष्यानुसारी प्रा. दीर्घराज घिमिरेकृत नेपाली विवरण समाप्त भयो।

अनुवादग्रन्थ समाप्त।

Jayatu Sanskritam, Kathmandu; Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयतु संस्कृतं धर्मभूतये, जयतु संस्कृतं लोकभूतये ।
जयतु संस्कृतं राष्ट्रभूतये, जयतु संस्कृतं विश्वभूतये ।।

नेपाल सरकारबाट स्वीकृत प्राप्त सामाजिक एवं प्राज्ञिक गैर-सरकारी संस्था

जयतु संस्कृतम् का प्रकाशनहरू

१.	मङ्गलग्रहः (काव्यम्)	- डा. टीकाराम पन्थी
२.	कृष्णाभिसर्पणम् (काव्यम्)	-महाकवि भरतराज मन्थलीय
३.	मीमांसातर्कभाषा	-डा. काशीनाथ न्यौपाने
४.	चन्द्रप्रभा (काव्यम्)	- डा. टीकाराम अधिकारी
५.	संस्कृतकवितासङ्ग्रहः	- संयुक्त सम्पादन
६.	कलमाक्षरचरितकाव्यम्	- प्रा. तेजकेशरी शर्मा
७.	संस्कृतमा के छ ?	- संयुक्त लेखन
८.	जयतु संस्कृतम् (मुखपत्र)	- संयुक्त सम्पादन
९.	प्राकृतपोखरा (संस्कृतमा)	-अनु. डा. लक्ष्मीकान्त पन्थी
१०.	लङ्कावतारसूत्रम्	-अनु. डा. काशीनाथ न्यौपाने
११.	चार्वाक दर्शन	-प्रा.रेवतीरमण खनाल
१२.	गौतमन्यायसूत्रम्	-अनु. प्रा. पद्मप्रसाद भट्टराई
१३.	ब्रह्मसूत्रम्	-अनु. प्रा. डा. दीर्घराज घिमिरे
१४.	जयतु संस्कृतम्	- मुखपत्र

जयतु संस्कृतम्
केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
दूरभाष: ४-३७०३७१

Jayatu Sanskritam, Kathmandu, Nepal